# कर प्रणाली सुधार सम्बन्धी उच्चस्तरीय सुझाव समितिको प्रतिवेदन

नेपाल सरकार

अर्थ मन्त्रालय

समक्ष प्रस्तुत


अध्यक्ष विद्याधर मल्लिक

सदस्य लक्ष्मण अर्याल

सदस्य प्रा. डा. रामप्रसाद ज्ञवाली

सदस्य श्यामप्रसाद दाहाल


फाल्गुण २०, २०८०

# कर प्रणाली सुधार सम्बन्धी उच्चस्तरीय सुझाव समितिको प्रतिवेदन

फाल्गुण २०, २०८०

मितिः २०८०/११/२०

**माननीय अर्थमन्त्रीज्यू**
**अर्थ मन्त्रालय**
**सिंहदरबार।**

**बिषयः प्रतिवेदन बारे।**

माननीय अर्थमन्त्रीज्यूको मिति २०८० फागुन १ गतेको निर्णयानुसार गठित समितिले तयार गरेको प्रतिवेदन प्रस्तुत गरेका छौं।यो प्रतिवेदन समग्र राजस्व नीति, कर प्रणाली र राजस्व प्रशासन सुधारका लागि उपयोगी हुने अपेक्षा गरेका छौ।

नेपाल सरकार, अर्थ मन्त्रालयले समितिलाई यस्तो महत्वपूर्ण अवसर प्रदान गरेकोमा धन्यवाद व्यक्त गर्न चाहन्छौं। अध्ययनसँग सम्बन्धित कतिपय विषयमा विभाग र विकास साझेदारहरूबाट अध्ययन जारी रहेकाले तत् तत् विषयका अध्ययन प्रतिवेदन मन्त्रालयले पछि प्राप्त गर्ने नै छ।यो प्रतिवेदनलाई कार्यान्वयन गर्न बनाएको समयबद्ध कार्य योजना बमोजिम अर्थ मन्त्रालय सुधारका लागि प्रतिवद्ध रही कार्यान्वयन प्रक्रिया अगाडि बढाएमा राजस्व परिचालनमा वृद्धि, कर प्रणालीमा सुधार र लगानीमैत्री वातावरणको सुनिश्चितताको माध्यमबाट दीगो एवं फराकिलो आर्थिक वृद्धि, रोजगारी सिर्जना र सार्वजनिक वित्तको सवलीकरण हुने आशा लिएका छौं।

(विद्याधर मल्लिक)
अध्यक्ष

(श्यामप्रसाद दाहाल)
सदस्य

(प्रा.डा. रामप्रसाद ज्ञवाली)
सदस्य

(लक्ष्मण अर्याल)
सदस्य

# भूमिका

नेपाल सरकारको २०८० भाद्र २९ गतेको निर्णयानुसार चार सदस्यीय कर प्रणाली सुधार सम्बन्धी उच्चस्तरीय सुझाव समिति गठन गरिएको थियो। यस समितिको उद्देश्य अर्थतन्त्रका विभिन्न क्षेत्रहरूमा भएको परिवर्तनको प्रभाव र कर कानून, कर नीति, करका दरहरू, कर प्रशासन लगायत नेपालको राजस्व संरचनासँग सम्बन्धित विविध पक्षहरूको अध्ययन तथा विश्लेषण गरी विद्यमान आयकर, मूल्य अभिवृद्धि कर, भन्सार महसुल, अन्तःशुल्क र गैरकर लगायत समग्र कर प्रणालीमा गर्नुपर्ने सुधारका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने रहेको थियो।

समितिको सचिवालय आन्तरिक राजस्व विभागमा स्थापना गरी अर्थ मन्त्रालयले सचिवालयका लागि सहसचिवको नेतृत्वमा आवश्यक कर्मचारी परिचालन गरेको थियो। समितिले कर प्रणालीका विषयमा भएका विभिन्न अध्ययन र उपलब्ध सन्दर्भ ग्रन्थ/सामाग्रीको अध्ययन गरी अर्थ मन्त्रालयमा २०८० साल कात्तिक १ मा प्रारम्भिक प्रतिवेदन तथा २०८० फागुन १ गते अन्तरिम प्रतिवेदन पेश गरिसकेको छ। उक्त प्रतिवेदनहरूमा समाविष्ट विषयवस्तुलाई थप विस्तारित अध्ययन र परिमार्जन गरी समितिले यो प्रतिवेदन प्रस्तुत गरेको छ।

अध्ययनको क्रममा समितिले माननीय अर्थ मन्त्री डा. प्रकाशशरण महतज्यूबाट मार्गदर्शन प्राप्त गरेको थियो। अर्थ सचिव डा. कृष्णहरि पुष्कर र राजस्व सचिव डा. रामप्रसाद घिमिरेसँग अन्तरक्रिया गरी गहन सुझावहरू प्राप्त भएका थिए। समितिलाई अर्थ मन्त्रालय, राजस्व व्यवस्थापन महाशाखा, आन्तरिक राजस्व विभाग र भन्सार विभागले कर प्रणालीका सम्बन्धमा भए गरेका कार्यहरू समेटिएको वस्तुस्थितिको प्रतिवेदन Diagnostic Report हरू उपलब्ध गराएका थिए। समितिले केन्द्रीय स्तरमा नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ, नेपाल चेम्बर अफ कमर्स लगायत निजी क्षेत्रका अन्य विषयगत संघका पदाधिकारीहरू, निर्यात व्यापार, सूचना प्रविधि क्षेत्रसँग सम्बन्धित सरोकारवालाहरूसँग कर सुधारका सम्बन्धमा अन्तरक्रिया गरी सुझावहरू प्राप्त गरेको थियो।

यसैगरी कोशी र गण्डकी प्रदेशका माननीय मुख्यमन्त्री, राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष र पदाधिकारी, अख्तियार दुरूपयोग अनुसन्धान आयोगका माननीय प्रमुख आयुक्त र पदाधिकारी, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका माननीय अध्यक्षज्यू र पदाधिकारीहरू, महालेखा परीक्षकको कार्यालयका निमित्त महालेखा परीक्षक र पदाधिकारी, नेपाल सरकारका मूख्य सचिवज्यू, नेपाल राष्ट्र बैङ्कका गभर्नर र पदाधिकारी, महालेखा नियन्त्रक र सो कार्यालयका पदाधिकारी, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव र पदाधिकारी, राष्ट्रिय तथ्याङ्क कार्यालयका प्रमुख र पदाधिकारी लगायत सरकारी निकायका पदाधिकारीसँग परामर्श र अन्तरक्रिया गरेको थियो। यसका अतिरिक्त Computer Association of Nepal, Institute of Chartered Accountants of Nepal तथा अन्य विभिन्न पेशागत निकाय र विज्ञ व्यक्तित्वसँग छलफल गरी सुझाव सङ्कलन गरेको थियो। यसैगरी समितिले मधेश, सुदूरपश्चिम, बागमती, कोशी र गण्डकी प्रदेशहरूको स्थलगत भ्रमण गरी प्रदेश सरकारका अधिकारीहरू, स्थानीय तहका प्रमुख तथा अन्य अधिकारी, तहाँ स्थित नेपाल सरकारका राजस्व कार्यालयहरू एवं र निजी क्षेत्रका प्रतिनिधिमूलक संस्थाका प्रतिनिधिसँग

कर प्रणालीबारे निजी क्षेत्र र कर प्रशासनको सुझाव सङ्कलन गर्नुका साथै, संघ, प्रदेश तथा स्थानीय तह बिचको अन्तरसरकारी वित्त व्यवस्थापनका सवालहरूका सम्बन्धमा छलफल एवं अन्तरक्रिया गरेको थियो।

यस प्रतिवेदनमा मूलतः नेपालको समष्टिगत आर्थिक परिदृश्य र नेपालको राजस्व संरचना, विद्यमान राजस्व प्रणालीको अवस्था र सुधारका आयाम, सार्वजनिक खर्च प्रणाली तथा अन्तरसरकारी वित्त ब्यवस्थापन, कर नीति, कर प्रशासन र कर प्रणालीमा गरिनुपर्ने सुधारहरूबारे समितिको अध्ययन विश्लेषण, निष्कर्ष र सुझावहरू समेटिएका छन्।

यो प्रतिवेदन तयार गर्न मार्गदर्शन दिनुहुने माननीय अर्थ मन्त्री डा. प्रकाशशरण महतज्यू प्रति हार्दिक आभार प्रकट गर्दछौं। कोशी प्रदेशका माननीय मुख्यमन्त्री एवं आर्थिक मामिला तथा योजना मन्त्री श्री केदार कार्की ज्यू तथा गण्डकी प्रदेशका माननीय मुख्यमन्त्री श्री सुरेन्द्र राज पाण्डेज्यू प्रति अन्तर सरकारी वित्त ब्यवस्थापन तथा प्रदेश र स्थानीय स्तरका राजस्व प्रणाली वारे दिनु भएका सुझावहरूका लागि समिति हार्दिक आभार व्यक्त गर्दछ। राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष डा. मीन बहादुर श्रेष्ठज्यू, अख्तियार दुरूपयोग अनुसन्धान आयोगका माननीय प्रमुख आयुक्त श्री प्रेम कुमार राईज्यू प्रति गरिनुपर्ने सुधारहरूका विषयमा प्रदान गर्नुभएको सुझावको लागि हार्दिक आभार प्रकट गर्दछौं। नेपालको संघीय, प्रादेशिक र स्थानीय तहको वित्त व्यवस्थापन तथा राजस्व प्रणालीका बारेमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका माननीय अध्यक्ष श्री बालानन्द पौडेलज्यूले दिनु भएको सुझावको लागि हार्दिक आभार प्रकट गर्दछौं। साथै, महालेखा परीक्षकको कार्यालयका निमित्त महालेखा परीक्षक श्री महेश्वर काफ्लेज्यू र नेपाल सरकारका मुख्य सचिव डा. बैकुण्ठ अर्यालज्यूले समग्र नीतिगत तथा प्रशासनिक सुधारको विषयमा समितिलाई दिनु भएको सुझावको लागि हार्दिक आभार व्यक्त गर्दछौं। नेपाल राष्ट्र बैङ्कका गभर्नर श्री महा प्रसाद अधिकारीज्यू प्रति हार्दिक आभार प्रकट गर्दछौं।

नेपालको समग्र अर्थ ब्यवस्था र कर प्रणाली बारे आफ्नो दृष्टिकोण प्रस्तुत गरी समितिलाई सहयोग गर्नु भएकोमा अर्थ मन्त्रालयका विशेष आर्थिक सल्लाहकार डा. पोषराज पाण्डे, अर्थ सचिव डा. कृष्णहरि पुस्कर, राजस्व सचिव डा. रामप्रसाद घिमिरे र महालेखा नियन्त्रक श्री हरि प्रसाद मैनालीज्यूलाई हार्दिक आभार व्यक्त गर्न चाहन्छौं। साथै, औधोगिकरण र निजी क्षेत्र मैत्री राजस्व प्रणालीवारे उपयोगी सुझावहरू दिनु भएकोमा उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिवद्वय श्री मुकुन्द निरौला तथा श्री नारायण प्रसाद शर्मा दुवाडीलाई तथा नेपालको तथ्याङ्क प्रणाली वारे जानकारी प्रदान गर्नु भएकोमा राष्ट्रिय तथ्याङ्क कार्यालयका प्रमुख श्री तोयम रायज्यूलाई हार्दिक धन्यबाद दिन चाहन्छौं। समितिलाई सुझाव प्रदान गर्नु हुने नीजि क्षेत्रसँग आवद्ध सबै संघ संस्थाहरूप्रति आभार प्रकट गर्न चाहन्छौं। साथै, समितिको कार्यमा सहयोग गर्नु हुने राजस्व व्यवस्थापन महाशाखाका सहसचिव श्री रितेशकुमार शाक्य, उपसचिवहरू श्री युगजतन हुमागाई, श्री कमलकुमार भट्टराई तथा श्री ऋषिराम अधिकारी लगायत महाशाखाका अन्य कर्मचारीलाई हार्दिक धन्यवाद दिन चाहन्छौं। अर्थ मन्त्रालयका महाशाखा प्रमुखहरू, भन्सार विभाग र आन्तरिक राजस्व विभागका महानिर्देशक एवं पदाधिकारीहरू र मातहत कार्यालयका पदाधिकारीहरूले समितिलाई सुझाव उपलब्ध गराउनु भएकोमा धन्यबाद दिन चाहन्छौं।

सचिवालयमा रहि दिनरात मिहिनेत गर्नु हुने सहसचिव श्री महेश बराल, उपसचिव श्री होमकान्त भण्डारी, शाखा अधिकृतहरू श्री भीमकान्त न्यौपाने, बालकृष्ण अधिकारी एवं रूपक न्यौपाने र नायव सुब्वा सुवास पौड्याल विशेष धन्यवाद्का पात्र हुनुहुन्छ। यसैगरी, भन्सार विभागबाट सचिवालयका लागि खटिनु भएका निर्देशक श्री पूण्यविक्रम खड्का, शाखा अधिकृत श्री गोपालप्रसाद भट्टराई, भन्सारसँग सम्बन्धित विषयगत क्षेत्रमा तोकिनु भएका अधिकृतहरू तथा आन्तरिक राजस्व विभागका तर्फबाट सहयोग गर्नु हुने निर्देशक श्री

पदमकुमार श्रेष्ठ, श्री आनन्दकुमार गुप्ता र प्रमुख कर अधिकृत श्री हरिशचन्द्र ढकाल लगायतका कर्मचारी एवं सचिवालयमा विज्ञको रूपमा कार्यरत रही सहयोग गर्नु हुने श्री गोविन्दप्रसाद श्रेष्ठलाई समेत हार्दिक धन्यवाद दिन चाहन्छौं। साथै, कर्मचारी एवं लजिष्टिकको बन्दोवस्त गर्ने र समितिसँग सदैब निकट रही अन्तरक्रिया गर्ने आन्तरिक राजस्व विभागका निवर्तमान महानिर्देशक श्री दीर्घराज मैनाली, महानिर्देशक श्री भुपाल बराल एवं भन्सार विभागका महानिर्देशक श्री शोभाकान्त पौडेल प्रति समिति आभार व्यक्त गर्दछ। साथै, ब्यापार तथा निर्यात प्रबर्द्धन केन्द्रका कार्यकारी प्रमुख श्री शरद विक्रम राणा तथा South Asia Watch on Trade, Economics and Environment कार्यकारी निर्देशक श्री पारस खरेलले सरोकारवालाहरू र समितिका पदाधिकारीहरू वीच अन्तर्क्रिया कार्यक्रम आयोजना गरी समितिलाई उपयोगी सुझावहरू प्रदान गर्नु भएकोमा हार्दिक धन्यवाद दिन चाहान्छौ।

नेपाल सरकारका पूर्व सचिव श्री विमल वाग्लेले गैरकरका विषयमा, नेपाल राजस्व परामर्श समितिका पूर्व सदस्य तथा अर्थ मन्त्रालयका पूर्व सह-सचिव श्री निर्मलहरि अधिकारीले सार्वजनिक खर्च प्रणालीका विषयमा, पूर्व सहसचिव श्री अच्युतप्रसाद शिवाकोटी र पूर्व उपसचिव श्री कुलराज ज्ञवाली र पूर्व निर्देशक श्री मोहन खुजुम चोङ्गवाङले भन्सारको क्षेत्रमा, डा.महाराज कोईरालाले आयकर तथा मूल्य अभिवृद्धि कर र श्री षडानन्द गुरूङ्गले मूल्य अभिवृद्धि कर तथा बिद्युतीय अर्थतन्त्र र करको क्षेत्रमा अध्ययन गरी समितिलाई प्रतिवेदन तयारी समेतको कार्यमा सहयोग पुऱ्याउनु भएको थियो। उहाँहरू सबैलाई समिति हार्दिक धन्यबाद प्रकट गर्दछ। भन्सार विभाग र आन्तरिक राजस्व विभाग एवं विभिन्न भन्सार कार्यालय र आन्तरिक राजस्व कार्यालयका कार्यालय प्रमुख र अन्य कर्मचारीबाट प्राप्त सहयोगका लागि समिति धन्यवाद ज्ञापन गर्न चाहन्छ।

अध्ययनको क्रममा विकास साझेदारहरूको तर्फबाट समितिलाई प्राप्त पृष्ठपोषण र सहयोग उल्लेखनीय छ। यसै क्रममा विश्व बैंकको मुख्यालय वासिङ्टन डि.सि.बाट Technical Team को रुपमा आएका Senior Economist Cristian Oliver Lucas ले समितिलाई उपलब्ध गराएको पृष्ठपोषण र World Bank Country Office का अर्थशास्त्री डा. नयन कृष्ण जोशीले गरेको सहजीकरण र सहयोगका लागि हार्दिक आभार ब्यक्त गर्दछौ। त्यसै गरी विश्व बैंकका Senior Economist Dr. Govinda R. Timilsina र Mr. Arvind Nair ले समितिलाई पुऱ्याएको योगदान प्रति पनि हार्दिक आभार ब्यक्त गर्न चाहान्छौ। नेपालका लागि अन्तर्राष्ट्रिय मुद्रा कोषका आवासीय प्रतिनिधि Teresa Daban Sanchez लगायत Mission मा आएका कर विज्ञ Arbind Modi र Miss Maureen Kidd लाई सहयोगका लागि हार्दिक धन्यबाद दिन चाहन्छौ। एशियाली विकास बैंकको मुख्यालयबाट खटिएका Senior Public Management Specialist Mr. Sandeep Bhattacharya तथा अन्य सदस्यहरू र एशियाली विकास बैंकको Nepal Resident Mission बाट समितिलाई सहयोग र सहजीकरण गर्ने डा. समिर खतिवडा, अर्थशात्री अञ्जन पाण्डे र श्री कृष्ण पाठकज्यू प्रति हार्दिक आभार ब्यक्त गर्दछौ। साथै, जर्मन विकास संस्थाका Syed Mehdi Raza Rizvi तथा बरुण कोइरालालाई समेत हार्दिक धन्यबाद दिन चाहन्छौं।

कर प्रणाली सुधार सम्बन्धी उच्च स्तरीय सुझाव समिति

**विषय-सूची**


कार्यकारी सारांश ........ १

परिच्छेद -१ पृष्ठभूमि ........ १०

१.१ समितिको गठन ........ ११

१.२ अध्ययन विधि ........ १३

१.३ अध्ययनको सीमा ........ १४

परिच्छेद - २ नेपालको समष्टिगत आर्थिक परिदृष्य र नेपालको राजस्व संरचना ........ १६

२.१ नेपालको समष्टिगत आर्थिक परिदृष्य ........ १६

२.२ नेपालको राजस्व संरचना ........ २०

२.३ Buoyancy, Elasticity तथा Efficiency अनुपात ........ २२

परिच्छेद - ३ विश्व कर प्रणालीमा नेपाल ........ २८

परिच्छेद - ४ विद्यमान राजस्व प्रणालीको अवस्था र सुधारको आवश्यकता ........ ३८

परिच्छेद - ५ आयकर प्रणालीको अवस्था र सुधारका आयाम ........ ४४

परिच्छेद- ६ सामाजिक सुरक्षा योगदान कर ........ ६६

परिच्छेद- ७ मूल्य अभिवृद्धि कर प्रणालीको अवस्था र सुधारका आयाम ........ ७१

परिच्छेद- ८ अन्तःशुल्कको अवस्था र सुधारका आयाम ........ ९८

परिच्छेद- ९ भन्सार प्रणालीको अवस्था र सुधारका आयाम ........ १०५

परिच्छेद- १० विद्युतीय अर्थतन्त्रका नवीन आयाम र करारोपण ........ १२६

परिच्छेद- ११ हरित अर्थतन्त्र र करारोपण ........ १३५

परिच्छेद- १२ गैर कर राजस्व अवस्था र सुधारका आयाम ........ १४१

परिच्छेद- १३ करको अनुपालना र कर जोखिम व्यवस्थापन ........ १४७

परिच्छेद- १४ राजस्व संगठन र कर प्रशासन ........ १६१

परिच्छेद- १५ कर विवाद निरूपण तथा न्यायिक निरूपण ........ १६९

परिच्छेद- १६ सार्वजनिक खर्च प्रणाली ........ १८२

परिच्छेद- १७ अन्तरसरकारी वित्त व्यवस्थापन ........ १९२

परिच्छेद १८ कर प्रणाली सुधारको मार्गचित्र, नेपालको दीर्घकालीन सोच सहितको राजस्व नीति, आगामी पाँच वर्षको राजस्व प्रक्षेपण र कर प्रणाली सुधारका कार्य योजना ........ २१२

१८.१ कर प्रणाली सुधारको मार्गचित्र ........ २१२

१८.२ दीर्घकालीन सोच सहितको राजस्व नीतिको अवधारणा ........ २१५

१८.३ राजस्व प्रक्षेपण ........ २२०

१८.४ कर प्रणाली सुधार उच्चस्तरीय सुझाव समितिको सुझाव कार्यन्वयनको समयवद्ध कार्य योजना, २०८० ........ २३६

## रेखाचित्र तथा तालिका

**रेखा चित्रहरू** **पेज नं.**


चित्र नं. १: नेपालको राष्ट्रिय तथा गार्हस्थ वचत दर ........ १९
चित्र नं. २: नेपालको लगानी दर........ २०
चित्र नं. ३: कुल गार्हस्थ उत्पादन सँग कुल राजस्व र कर राजस्वको अनुपात ........ २१
चित्र नं. ४: कुल गार्हस्थ उत्पादनसँग कर राजस्वका शीर्षकको अनुपात........ २१
चित्र नं. ५: C-Efficiency Ratio ........ २६
चित्र नं. ६: VAT Efficiency Ratio ........ २७
चित्र नं. ७: कर राजस्वका शीर्षकहरूको कुल राजस्वमा हिस्सा ........ ३९
चित्र नं. ८: आयकर राजस्वको सापेक्षित महत्व........ ४६
चित्र नं. ९: व्यक्तिगत र संस्थागत आयकर बनोट........ ४६
चित्र नं. १०: कुल गार्हस्थ उत्पादन तथा बजेटसँग सामाजिक सुरक्षा खर्च तथा करको अनुपात ........ ६८
चित्र नं. ११: मूल्य अभिवृद्धि करको सापेक्षित महत्व ........ ७३
चित्र नं. १२ मूल्य अभिवृद्धि करमा आन्तरिक र पैठारीको सङ्कलन अनुपात ........ ७४
चित्र नं. १३ आन्तरिक मूल्य अभिवृद्धि करको बनोट ........ ७५
चित्र नं. १४: मूल्य अभिवृद्धि करका दर्ताको विवरण........ ७६
चित्र नं. १५: मूल्य अभिवृद्धि करको विवरण स्थिति........ ७७
चित्र नं. १६: मूल्य अभिवृद्धि कर विवरणको स्थिति........ ७८
चित्र नं. १७: मूल्य अभिवृद्धि करको डेबिट तथा क्रेडिट रकम ........ ७९
चित्र नं. १८: करछुट दिइएको वस्तुमा पैठारीमा भएको कर नोक्सानी रकम........ ८५
चित्र नं. १९: कुल गार्हस्थ उत्पादन र सङ्कलित VAT रकममा कर नोक्सानी रकम........ ८८
चित्र नं. २०: अन्तःशुल्क राजस्वको बनावट........ १०१
चित्र नं. २१: आन्तरिक अन्तःशुल्क राजस्वको बनोट ........ १०१
चित्र नं. २२: कर सूचना व्यवस्थापन प्रणाली (Tax Information Management System (TIMS)........ १५५
चित्र नं. २३: वास्तविक र प्रक्षेपित राजस्व........ २२३
चित्र नं. २४: वास्तविक र प्रक्षेपित आयकर ........ २२५
चित्र नं. २५ वास्तविक र प्रक्षेपित मूल्य अभिवृद्धि करको रेखाचित्र ........ २२८
चित्र नं. २६ वास्तविक र प्रक्षेपित मूल्य अभिवृद्धि करको रेखाचित्र ........ २३०
चित्र नं. २७ वास्तविक र प्रक्षेपित भन्सार राजस्व ........ २३२
चित्र नं. २८ दुइ विधिहरुका कुल राजस्व प्रक्षेपणको तुलनात्मक प्रस्तुती........ २३५


**तालिकाहरू:**


तालिका नं. १: संघ, प्रदेश र स्थानीय तहको राजस्व परिचालनको स्थिति........ २२
तालिका नं. २ प्रमुख करहरूको वोयन्सी कोफिसेन्ट ........ २४
तालिका नं. ३ प्रमुख करहरूको Elasticity Coefficient ........ २४
तालिका नं. ४: सन् २०२१ मा कुल कर राजस्वमा राजस्वको हिस्सा........ २८
तालिका नं. ५ : आयको वर्गिकरण अनुसारको Tax to GDP and Tax Structure ........ २९
तालिका नं. ६: सन् २०२३ मा नेपाल र छिमेकी मुलुकहरूको संस्थागत आयकरको दरको तुलना........ ३५
तालिका नं. ७: नेपालले दोहोरो कर मुक्ति सम्झौता गरेका मुलुकहरू........ ३६
तालिका नं. ८: भन्सारमा अग्रिम कर संकलन हुने करदाता र कर रकम ........ ५०

तालिका नं. ९ कारोबारको तह अनुसार करदाता संख्या तथा राजस्वमा योगदान ........................................... ७९
तालिका नं. १० मूल्य अभिवृद्धि कर बक्यौताको विवरण ............................................................................ ८०
तालिका नं. ११ मूल्य अभिवृद्धि करको Performance Indicators.................................................................. ८२
तालिका नं. १२ पैठारीमा मूल्य अभिवृद्धि करछुट/नोक्सानीको स्थिति ......................................................... ८४
तालिका नं. १३: करछुट दिइएको वस्तु तथा सेवाहरूमा भन्सार पैठारीमा भएको कर छुट प्रतिशतमा ................ ८५
तालिका नं. १४ कर छुट समूह ११ को अन्य वस्तु मात्र भाग अनुसार नीतिगत अन्तर.................................. ८६
तालिका नं. १५ कर छुटको सुन चाँदी मात्र.................................................................................................. ८६
तालिका नं. १६ कर छुटको बिक्री, निकासी, खरिद र पैठारी ......................................................................... ८७
तालिका नं. १७ कर छुट पैठारी मात्र ........................................................................................................... ८७
तालिका नं. १८ कुल गार्हस्थ उत्पादन र उपभोग.......................................................................................... ८७
तालिका नं. १९ कुल गार्हस्थ उत्पादन र संकलित मू.अ.करमा करको नीतिगत अन्तर .................................. ८७
तालिका नं. २० मूल्य अभिवृद्धि कर (VAT Gap) फरक .............................................................................. ८८
तालिका नं. २१ भन्सार दर अनुसारको भन्सार राजस्वमा योगदान ...........................................................१०९
तालिका नं. २२ पैठारीतर्फ राजस्वमा बढी योगदान भएका प्रमुख १० वस्तुहरू...........................................११०
तालिका नं. २३ साफ्टा सुविधा अन्तर्गतको छुट समायोजनको अवस्था.......................................................१११
तालिका नं. २४ आ व २०७९/८० मा सङ्कलन भएको गैर कर राजस्वको मुख्य शीर्षकको विवरण................१४१
तालिका नं. २५ अन्तर्राष्ट्रियस्तरमा बोर्डका सम्बन्धमा भएका व्यवस्थाहरू ..................................................१६२
तालिका नं. २६ प्रशासकीय पुनरावलोकनका निवेदनको स्थिति विवरणः .....................................................१७५
तालिका नं. २७ प्रदेश सम्बद्ध केही तथ्याङ्क..............................................................................................१९२
तालिका नं. २८ अन्तर तह विद्यमान आय अधिकारको विवरण .....................................................................१९७
तालिका नं. २९ अन्तर सरकारी वित्त हस्तान्तरणको प्रदेश र स्थानीय तहको एकीकृत विवरण......................१९९
तालिका नं. ३० प्रदेशगत बजेट र वित्तीय हस्तान्तरणको विवरण ...............................................................२००
तालिका नं. ३१ वास्तविक र प्रक्षेपित कुल राजस्व.....................................................................................२२२
तालिका नं. ३२ प्रक्षेपण गुणस्तर मापक तथ्याङ्क.......................................................................................२२२
तालिका नं. ३३ वास्तविक र प्रक्षेपित कुल आय कर .................................................................................२२४
तालिका नं. ३४ प्रक्षेपण गुणस्तर मापक तथ्याङ्क.......................................................................................२२५
तालिका नं. ३५ वास्तविक र प्रक्षेपित मूल्य अभिवृद्धि कर.........................................................................२२७
तालिका नं. ३६ प्रक्षेपण गुणस्तर मापक तथ्याङ्क.......................................................................................२२७
तालिका नं. ३७ वास्तविक र प्रक्षेपित मूल्य अभिवृद्धि कर.........................................................................२२९
तालिका नं. ३८ प्रक्षेपण गुणस्तर मापक तथ्याङ्क.......................................................................................२२९
तालिका नं. ३९ वास्तविक र प्रक्षेपित भन्सार राजस्व................................................................................२३१
तालिका नं. ४० प्रक्षेपण गुणस्तर मापक तथ्याङ्क.......................................................................................२३१
तालिका नं. ४१ वास्तविक र प्रक्षेपित अन्तःशुल्क तथा अन्यकरहरु .............................................................२३३
तालिका नं. ४२ वास्तविक र प्रक्षेपित गैरकर राजस्व.................................................................................२३३
तालिका नं. ४३ कुल राजस्वको उप शीर्षकगत प्रक्षेपण ..............................................................................२३४
तालिका नं. ४४ प्रतिवेदन कार्यान्वयनको कार्य योजना................................................................................२३७

## कार्यकारी सारांश

१. कोभिड १९ को महामारी, रूस युक्रेन युद्ध र आपूर्ति श्रृंखलाको अवरूद्धताले विश्व अर्थतन्त्रमा शिथिलता र असन्तुलन पैदा भई नेपालको अर्थतन्त्रमा परेको प्रभावका कारणले देखिएको न्यून आर्थिक वृद्धि र उच्च मुद्रास्फीतिको अवस्थाबाट समष्टिगत अर्थतन्त्र क्रमशः सुधारको लयतर्फ फर्किन थालेको देखिन्छ। तथापि, विगतमा लिइएका कतिपय संकुचनकारी नीतिहरूले गर्दा नेपालको आर्थिक वृद्धि दर, रोजगारी दर र सार्वजनिक वित्त परिचालनमा अपेक्षित सुधार हुन सकेको छैन। प्रभावकारी माग र लगानीको अवस्थामा सुधार हुन नसक्दा आर्थिक वृद्धि सुस्त रहेकोले राजस्व सङ्कलनमा संकुचन आएको छ। यस्तो अवस्थामा स्रोत र साधनको उपलब्धताको दायरामा रही खर्चको पुनर्संरचना र प्राथमिकीकरण गरी सार्वजनिक खर्च उत्पादनशिल र आर्थिक वृद्धि तथा रोजगारमैत्री बनाउन जरुरी छ। सार्वजनिक क्षेत्रको पुँजीगत खर्च गर्ने क्षमता वृद्धि र निजी क्षेत्रको लगानीलाई प्रोत्साहन गर्न आवश्यक छ।

२. सार्वजनिक वित्त प्रणालीलाई सबलीकरण र सुदृढ नगरी सरकारले विस्तारकारी वित्त नीतिको अवलम्बन गर्न सार्वजनिक वित्तको सिद्धान्तका दृष्टिले अनुकूल मानिदैन। ठूलो आकारको आर्थिक विस्तारलाई अहिलेको राजस्व स्रोत तथा आन्तरिक ऋणले धान्न सक्ने अवस्था रहेको छैन।

३. विश्व अर्थव्यवस्था र नेपालको अर्थतन्त्रको संरचनामा देखिएको परिवर्तन र शिथिलता र सोका कारण नेपालको राजस्व संकलनमा आएको सुस्तताको परिप्रेक्ष्यमा नेपालको समग्र राजस्व प्रणाली, कर नीति, कर संरचना र दरहरू, कर कानून, कर प्रशासन, संगठन र प्रकृयाहरू तथा विशेषतः आयकर, मूल्य अभिवृद्धि कर, अन्तशुल्क, भन्सार, संघीय राजस्व संरचना, डिजिटल र हरित अर्थतन्त्र र करारोपण तथा अन्तरार्ष्ट्रिय करका आयामहरू समेतको अध्ययन गरी समग्र कर प्रणालीमा सुधार गर्न सुझाव दिन नेपाल सरकारबाट उच्च स्तरिय समिति गठन भएको थियो। सो समितिले करिब पाँच महिनाको समयमा विभिन्न अध्ययन विधिहरूको प्रयोग गरी यो प्रतिवेदन प्रस्तुत गरेको छ।

४. यस प्रतिवेदनमा १८ वटा परिच्छेदहरू रहेका छन्। मुख्यतया यी परिच्छेदहरूमा समितिको गठन र अध्ययन विधि समेटिएको पृष्ठभूमि, नेपालको समष्टिगत आर्थिक परिदृश्य र राजस्व संरचना, कर प्रणालीको स्वरुप, विश्व कर प्रणालीको सन्दर्भमा नेपालको स्थिति र राजस्व प्रणालीका विविध क्षेत्र र आयामहरूलाई समेटिएका छन्। यस्ता क्षेत्रहरूमा आयकर प्रणाली, सामाजिक सुरक्षा योगदान कर, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क, भन्सार प्रणाली, विद्युतीय र हरित अर्थतन्त्रका आयामहरू तथा गैरकर राजस्वको क्षेत्र समेटिएको छ। यसै गरी करको अनुपालना, राजस्व संगठन र कर प्रशासन, कर विवाद निरुपण, सार्वजनिक खर्च प्रणाली तथा अन्तरसरकारी वित्त व्यवस्थापनका विषयहरूको विवेचना समेटिएको छ। प्रतिवेदनको अन्तिम परिच्छेदमा कर प्रणाली सुधारको मार्गचित्र, दीर्घकालीन सोच सहितको राजस्व नीति, सुधारको कार्ययोजना र राजस्व प्रक्षेपणको प्रस्तुतिकरण गरिएको छ।

५. प्रतिवेदनले इङ्गित गरेका राजस्व प्रणालीका केही मुख्य चुनौतीहरू निम्न छनः

(१) राजनैतिक तथा नीतिगत अस्थितरताले गर्दा लगानी र उत्पादनमुखी कर प्रणालीको विकास गर्न सकिएको छैन। करका दरहरू, कर कानुनका कानुनी प्रवन्धहरू र कर प्रणालीका सारभुत प्रक्रियागत व्यवस्थामा सालबसाली आर्थिक ऐनबाट गरिने परिवर्तनले कर प्रणाली अस्थिर बन्न

गएको छ। भन्सारका दरहरूलाई पुनर्संचना गर्न नसक्दा अप्रत्यक्षरूपमा नेपालको अर्थतन्त्रको लागत र उपभोगको लागतमा वृद्धि भएको छ।

(२) मूल्य अभिवृद्धि कर ऐन, आयकर ऐन, अन्तःशुल्क ऐन, भन्सार ऐनका समग्र कानुनी प्रवन्धको कार्यान्वयन हुन नसक्दा करको आधार र दायरामा वृद्धि हुन सकेको छैन। करका दरहरूको निर्धारण गर्दा कर तटस्थता, राजस्व जोखिम र अर्थतन्त्रमा पर्न सक्ने प्रभावको अध्ययन तथा आंकलन विना नै नीतिगत परिवर्तन हुने गरेकोले अर्थतन्त्रमा कर प्रणाली तटस्थ वन्न सकेको छैन। विश्व अर्थतन्त्र र अर्थतन्त्रको संरचनामा देखिएका संरचनात्मक परिवर्तनको आधारमा कराधारको संरक्षण, करको नयाँ क्षेत्रहरूको पहिचान गरी करको दायरा विस्तारको लागि कर कानुनहरूमा समय सापेक्ष रूपमा सुधार हुन सकेको छैन।

(३) अन्तशुल्कको सिद्धान्त भन्दा बाहिर गई वस्तुमा अन्तशुल्क लगाउदा कर प्रणाली बोझिलो र अर्थतन्त्रको लागत बढ्न गएको छ।

(४) भन्सारका दरहरू निकासी प्रवर्द्धन अनुकूल छैनन् र निकासी तथा पैठारी हुने माल वस्तुको मूल्य घोषणा समेत यथार्थपरक हुन सकेको छैन। सीमापार अनधिकृत चोरी निकासी पैठारी नियन्त्रण गर्न सकिएको छैन्। आर्थिक क्रियाकलापका सूचनाहरूको सङ्कलन भण्डारण तथा विश्लेषण गर्न एकीकृत करदाता सूचना प्रणालीको विकास हुन सकेको छैन। करदाताको एकीकृत जोखिम पत्ता लगाउने प्रणालीका लागि Artificial Intelegence को प्रयोग हुन सकेको छैन। फल स्वरूप कर जोखिम व्यवस्थापनमा सुधार हुन नसकि कराधारमा अपेक्षित विस्तार हुन सकेको छैन।

(५) कर प्रणालीमा करदाताको व्यवसाय दर्ताको एकीकृत प्रणालीको विकास नहुँदा र व्यवसाय दर्ता र बहिर्गमन वा समापनका कार्य अत्यन्त बोझिलो तथा झन्झटिलो भई नेपालको व्यवसायिक वातावरण लगानीमैत्री हुन नसकेको गुनासो यथावत नै रहेको छ। राजस्व शीर्षकहरूमा सुधार गरी एकल राजस्व खाता प्रणालीको विकास नहुँदा कर दाखिला र लेखाङ्कन प्रणालीमा सुधार हुन सकेको छैन।

(६) करदातालाई दिने सेवालाई विद्युतीय प्रणालीबाट पूर्णरूपमा दिन सकेको छैन। व्यापार सहजीकरण र सेवा प्रवाहलाई छिटो छरितो, गुणस्तरीय मर्यादित सेवाको रुपमा विकास गर्न सकिएको छैन। करका विवादको शीघ्र समाधानको उपाय र स्थायी समाधानको संयन्त्रको अभाव रहेको छ। करदाताका कर विवादको विषयको न्यायिक निरूपणले लामो समय लिएको छ।

(७) गैर कर सङ्कलनका लागी छाता नीति र कानुनको अभाव रहेको छ। गैर करको निर्धारण फाईदाको सिद्धान्त तथा तिर्न सक्ने क्षमता तथा लागत परिपूरुणको आधारमा बैज्ञानिक ढंगले तय गर्ने गरिएको छैन। समग्र राजस्व परिचालन गर्ने उद्देश्यले नेपाल सरकारका संस्थाहरू (SOEs) लाई कार्यशील पुँजीमात्र कोषमा राखी अन्य वचत रकम सरकारी प्राप्तिको रूपमा सरकारको सञ्चित कोषमा दाखिला गर्न सकिएको छैन।

(८) आधुनिक कर प्रशासनको व्यवस्थापन तथा सञ्चालन गर्ने विशिष्टिकृत संरचनाको अभाव रहेको छ। करदाता संख्या, कार्यबोझ र राजस्व सङ्कलनको करदेयी सम्भाव्यतासँग सामञ्जस्यता हुने गरी संगठन पुनर्संरचना हुन नसक्दा सेवा प्रवाहमा गुणस्तर कायम हुन सकेको छैन।

जनशक्ति विकास योजना र कार्यान्वयन पक्ष कमजोर छ। आन्तरिक अनुगमन र नियन्त्रण प्रणाली कमजोर देखिएको छ।

**सुधारका लागि समितिका सुझावहरूको सारांशः**

६. कर नीति र कर कानुनमा सुधारः तीव्रतम रुपमा प्रविधिमा भएको परिवर्तन र हरित तथा उत्थानशील विश्व अर्थव्यवस्थाका प्रभाव विश्व कर प्रणालीमा देखिई त्यसको प्रभावले नेपालको अर्थतन्त्रको संरचनामा पनि परिवर्तनका संकेत देखिन थालेका छन्। विद्युतीय अर्थतन्त्र तथा हरित अर्थतन्त्रले परम्परागत कर प्रणालीका धारणा र मान्यतामा परिवर्तनको माग गरेका छन्। कर प्रणाली सुधारको खाका तयार गर्दा यसलाई पनि मनन गर्नु पर्ने हुन्छ। लगानीमैत्री कर प्रणाली, करको आधार एवं दायराको विस्तार र राष्ट्रिय कराधारको संरक्षणका लागि नेपालको कर प्रणालीमा कर सुधारको निरन्तरताको खाँचो अझै पनि देखिन्छ। विगत केही वर्ष देखी अर्थतन्त्रको बाह्य क्षेत्र, सार्वजनिक वित्त र वित्तीय क्षेत्रमा देखा परेका दबाव र जटिलताले राजस्वका क्षेत्रमा देखापरेका समस्याको तत्काले, मध्यमकालमा र दीर्घकालमा गर्ने सुधारका लागि योजना बनाई कार्यान्वयन गरिनु आवश्यक छ।

७. करका दर, कर कानुनका कानुनी प्रवन्ध र कर प्रणालीका प्रक्रियागत व्यवस्थामा नीतिगत स्थिरता दिनु पर्ने देखिन्छ। समानता कायम गर्ने, उच्च आर्थिक वृद्धि र रोजगारी सिर्जना गर्ने कर नीतिको प्रमुख लक्ष्य निर्धारण गरी तदनुकुल संघीय राजस्व नीति र दीर्घकालीन कर सुधारको समयबद्ध कार्य योजना बनाई कार्यान्वयन गर्नु पर्ने देखिएको छ। वित्तीय उत्प्रेरणाका नीतिको कार्यान्वयन गर्दा अर्थतन्त्रको उत्पादन र उत्पादकत्वमा सुधार तथा कर तटस्थताको सिद्धान्तलाई अनुपालन गर्नु पर्दछ। उच्च करका दरबाट भन्दा व्यवसाय गर्न उत्प्रेरणा हुने उपयुक्त न्यून करका दरबाट आर्थिक वृद्धि गर्न सकिने मान्यताका आधारमा कर तथा भन्सारका दरको पुनर्संरचना गर्नु पर्दछ। मुख्य आर्थिक वृद्धिका सम्वाहक क्षेत्र (Key Growth Sector), हरित अर्थतन्त्रका विकासका क्षेत्र र व्यापक मात्रामा रोजगारी सिर्जना गर्ने व्यवसायमा सहुलियतपूर्ण करको दरको व्यवस्था गर्ने, खर्चको नोक्सानी सार्न पाउने सीमा हटाउने, ह्रास खर्च को लेखाङ्कन र अनुसन्धान तथा प्रदुषण नियन्त्रणका सवै खर्च सोही वर्ष नै गर्नुका साथै आयकरमा दिएका आवधिक छुटहरू हटाउने गरी कर कानूनहरूको पुनरावलोकन गर्न समिति सिफारिस गर्दछ।

८. घरजग्गा, शेयर र विभिन्न सम्पत्तिको खरिद बिक्री एवं सम्पत्ति निसर्ग बमोजिमको वार्षिक कारोबार अङ्क तथा कारोबारको पटक संख्याको सीमा निर्धारण गरी त्यस्तो विक्री/निसर्गवाट प्राप्त लाभलाई व्यावसायिक आय मानी करारोपण गर्न र प्राकृतिक व्यक्तिले वार्षिक रू.४० लाख भन्दा बढीको आयको अनिवार्य रुपमा आय विवरण दिने व्यवस्थाको अनुपालनामा जोड दिन सुझाव गरिएको छ।

९. मूल्य अभिवृद्धि करको दर विश्वको औसत मूल्य अभिवृद्धि कर दर भन्दा घटी भएता पनि आगामी पाँच वर्षसम्म यो एकल दरलाई स्थिर राख्ने एवं कर छुटको अनुसूचीमा रहेका वस्तु र सेवाको पुनरावलोकन गरी कर छुटहरू हटाई कराधारको विस्तार गरिनु पर्दछ। हाल कुल कर छुट करीब रु. २०० अर्व देखिएकोले तत्कालै समयबद्धरुपमा कर छुटको प्रणालीलाई न्यून करका दर र केही वस्तु तथा सेवामा कर खर्च प्रणालीमा लैजाने व्यवस्था गरी करको नीतिगत अन्तर कम गर्न सरकारले उच्च प्राथमिकतामा राख्नु पर्ने देखिन्छ। अबको पाँच वर्ष भित्रमा सबै प्रकारका कर

छुटका प्रवन्ध खारेज गर्नु पर्दछ। साथै, प्राकृतिक विपत्ति, महामारी, काबु बाहिरको परिस्थिति सिर्जना भएमा र समष्टिगत आर्थिक संकटहरू देखिएको अवस्थामा मात्र सरकारले कानुन बनाएर मात्र कर छुट दिन सक्ने गरी व्यवस्था गर्ने र हाल अभ्यासमा रहेको आर्थिक ऐनबाट दिइने सबै प्रकारका राजस्व छुटको व्यवस्थालाई हटाउनु पर्दछ।

१०. भन्सार महसुल दरबन्दीलाई आन्तरिक उत्पादनको संरक्षण गर्ने, अर्थतन्त्रको लागत कम गर्ने, व्यापार सहजीकरण एवं राजस्व जोखिम कम हुने गरी अध्ययन तथा विश्लेषणका आधारमा भन्सारका दर निर्धारण गर्ने, साफ्टाको प्रावधानबाट प्राप्त लाभ हानीको विश्लेषण गरी पुनरावलोकन गर्दै जाने र भन्सारका दरलाई निकासी प्रवर्द्धन हुने गरी मिलाउदै जानु पर्ने हुन्छ। बाह्य क्षेत्रको दबावलाई नियमन गर्न पैठारीमा प्रतिबन्ध लगाउनुको साटो विश्व व्यापार संगठनको दरबन्दीको सीमा भित्र रहेर भन्सार दरबन्दी वढाउने वा परिमाणात्मक वन्देज लगाउन उपयुक्त हुन्छ। भन्सार सहजीकरणलाई प्रत्याभूत गर्न भन्सारका प्रक्रियाहरूलाई Paperless, Contactless र Faceless गरी पूर्ण स्वचालित बनाउने र इन्टेलिजेन्समा आधारित जोखिम व्यवस्थापन अवलम्बन गर्न आवश्यक छ। स्वास्थ्य तथा वातावरणलाई हानी गर्ने र प्रकृतिजन्य वस्तुको संरक्षणका लागि अन्तःशुल्क वृद्धि गर्ने र अन्य वस्तुमा लागेको अन्तःशुल्क क्रमशः हटाउदै जाने नीति लिई कार्बन उत्सर्जन गर्ने वस्तुका अतिरिक्त अन्तःशुल्क लाग्ने वस्तु तथा सेवामा हरित करको अवधारणा बमोजिमको प्रणालीको विकास गर्ने र अन्तःशुल्क लागेका वस्तुलाई हरित करको क्षेत्रमा लैजानु पर्दछ।

११. कर कानुनको परिपालाना गराउने विधि र प्रक्रियामा थप सरलीकरण गरी कार्यान्वयन गर्ने क्षमतामा सुधार अत्यावश्यक देखिन्छ। कानुनी सुधारका लागि संघीय संसदमा विचाराधीन रहेको भन्सार विधेयक स्वीकृत गर्न, भन्सार महसुल कानुनको तर्जुमा र स्वीकृत गर्न, मूल्य अभिवृद्धि कर कानुनको सुधारको संशोधनको प्रक्रिया थाल्न आवश्यक भइसकेको छ। विगतको सालबसाली आर्थिक ऐनबाट सारभूत कानुन संशोधन गर्ने परिपाटी अन्त गरी नेपालको कर प्रणालीलाई सरल र राष्ट्रिय कराधारको संरक्षण गर्न सक्ने गरी सक्षम एवं सबल बनाउन थप कानुनी प्रवन्धका लागि आयकर कानुनमा समयानुकुल थप सुधार गर्नु पर्ने देखिन्छ। करमा गर्नु पर्ने दर्ता, कर विवरण दाखिला, कर भुक्तानी, कर फिर्ता र करदाता सेवाको कार्यान्वयन प्रक्रियामा सरलीकरण गर्न एकीकृत निर्देशिकाको तर्जुमा गरी कार्यान्वयन गर्नु पर्ने देखिन्छ।

१२. करका दरहरूमा स्थिरता सहित पुर्नसंरचनाः समष्टिगत आर्थिक स्थायित्वमा सुधार पश्चात हालका संस्थागत आयकरको दरलाई क्रमशः घटाउदै लैजानु पर्दछ। संस्थागत आयकरको दरलाई प्रत्येक वर्ष १ प्रतिशतले कम गरी हालको २५ प्रतिशतबाट २० प्रतिशतमा ल्याई १० वर्षको लागि यो करको दर स्थिर राख्ने नीति घोषणा गर्नु पर्दछ। लगानीमैत्री वातावरणको सिर्जना गरी मूल्य अभिवृद्धि कर, संस्थागत र व्यक्तिगत आयकरको दर, लाभांश कर, लगानीको आयकरको दर, सामाजिक सुरक्षा योगदान कर र करका सारभूत तथा लगानी प्रोत्साहित गर्ने प्रवन्धलाई स्थिर राख्नु पर्ने हुन्छ।व्यक्तिगत आयकरका तीनवटा दर कायम गर्ने गरी पुनरावलोकन गर्ने र व्यक्तिगत आयकरको अतिरिक्त कर (सरचार्ज) समेतको दर संस्थागत आयकरको दर भन्दा ५ विन्दुले मात्र बढी कायम गर्नुपर्ने देखिन्छ। मदिरा तथा सुर्तिजन्य र बैंक तथा वित्तीय संस्थालाई तोकिएको ३० प्रतिशतको संस्थागत करको दरलाई यथावत राखी यस वर्गमा रहेका अन्यको हकमा क्रमशः २५ प्रतिशतको दर कायम गर्नु पर्दछ। निर्यातमूलक व्यापार तथा व्यवसायलाई आयकरको दर १०

प्रतिशत र अन्य सबै व्यवसायको संस्थागत आयकरको दर २० प्रतिशत कायम गर्नु पर्दछ। प्राकृतिक व्यक्तिको रु.५० लाख भन्दा माथिको व्याज, लाभांश र दीर्घकालीन पुँजीगत लाभमा कर क्रमशः १० प्रतिशत पुऱ्याउनु पर्ने देखिन्छ। धितोपत्र खरिद बिक्रिको लाभमा ३६५ दिन भन्दा बढी अवधिको लागि ७.५ प्रतिशत र ३६५ दिन वा सो भन्दा घटी अवधिको हितको निसर्गमा १० प्रतिशत करको दर कायम गर्नुको साथै कुल कारोबारको २ प्रतिशतका दरले न्यूनतम वैकल्पिक कर लगाउने व्यवस्था शुरु गर्न सुझाव गरिएको छ। हाल कायम रहेको एक प्रतिशतको सामाजिक सुरक्षा करलाई खारेज गरी व्यक्तिगत आयको करयोग्य आयमा कर छुट बापतको रकम घटाई शुरुको १० वर्षसम्म ३ प्रतिशतबाट शुरु गरी त्यस पछि क्रमशः यसलाई ५ प्रतिशतको दरले सामाजिक सुरक्षा योगदान कर लगाई दिगो रुपमा सामाजिक सुरक्षा र संरक्षणका कार्यक्रम सञ्चालन गर्नु पर्दछ।

१३. नेपालका प्रमुख निकासीजन्य वस्तु जस्तैः चियाको पैठारीमा नेपालले लगाएको उच्च महसुल दर र सन्दर्भ मूल्य सूचीको कारणले अन्य मुलुकले पनि आफ्ना मालवस्तुको निकासीलाई प्रवर्द्धन गर्न नेपालको पैठारी विभिन्न तरिकाले अवरोध गर्ने सम्भावना पनि छ। हाम्रो पैठारी दरलाई पुनर्संचना गर्न विद्यमान ११ तहको भन्सार दरलाई ६ तहमा झार्ने र त्यस पछिका वर्षहरूमा तीन चरणमा गरी अन्तिममा ०, १० र २० स्लाबहरूमा सीमित राख्नु पर्ने देखिन्छ। यसरी भन्सार दरहरूको पुनःसंरचना गर्दा आन्तरिक राजस्वको कराधारमा सुधार हुने हुँदा आन्तरिक राजस्वको विधि र प्रणालीलाई सक्षम बनाउनु पर्ने हुन्छ। विद्युतीय सवारी साधन र गैर विद्युतीय सवारीसाधनको दरमा देखिएको उच्च अन्तर र विद्युतीय सवारी साधनको पैठारीको प्रयोगबाट प्राप्त हुने लाभको विश्लेषण गरी यसको पैठारी महसुल दरलाई क्रमश समायोजन गर्दै जानु पर्दछ।

१४. निर्दिष्ट दरबाट अन्तशुल्क लगाउनको सट्टामा मूल्यगत (Advalorem Rate) बाट अन्तशुल्कका दरहरू कायम गर्ने प्रणालीको विकास गर्नु पर्दछ।पैठारीमा लगाएको अन्तःशुल्क समान घरेलु उत्पादनमा पनि अन्तःशुल्क लगाउने नीति लिईनु पर्दछ।हरित करले समेटने वस्तुमा सोही कर लगाई अन्तःशुल्क लागिरहेको वस्तुहरू हटाउने गरी हरित कर प्रणालीको विकास गर्न उपयुक्त देखिन्छ। हरित करको सम्भावनाबारे अध्ययन भइरहेकोले सो अध्ययनको प्रतिवेदन प्राप्त भए पश्चात निष्कर्षमा पुग्न सुझाव गरिन्छ।

१५. गैर करका दर निर्धारण गर्दा आवधिक पुनरावलोकन गर्ने र लगानीको आर्थिक प्रतिफलको आधारमा दरहरू तय गर्नु पर्दछ। सार्वजनिक संस्थानहरूले जगेडा राख्नु पर्ने वैधानिक कोषहरूको लागि आवश्यक पर्ने रकम छुट्याई बाँकी सबै रकम लाभांश आयको रूपमा नेपाल सरकारले प्राप्त गर्न समितिले सुझाव गर्दछ। नेपाल सरकारको सम्पत्ति, दायित्व र लगानी व्यवसायिक रूपमा उच्चत्तम लाभ प्राप्त हुने गरी व्यवस्थापन गरिनु पर्दछ। सार्वजनिक-निजी साझेदारी वा निजी क्षेत्र मार्फत सञ्चालन हुने जलविद्युत आयोजनाको सम्झौता हुँदा आयोजनाको समाप्ति पछि प्राप्त हुने राजस्व र लाभको मूल्याङ्कन गरी नगद प्रवाह सञ्चित कोषमा दाखिला हुने गरी नीतिगत प्रवन्ध गर्नु पर्ने देखिन्छ।

१६. डिजिटल अर्थतन्त्रको विस्तार र कराधारको विस्तारः डिजिटल अर्थतन्त्रको विस्तार र यस क्षेत्रमा कराधारको विस्तारमा ध्यान दिनु पर्दछ। नेपाली वासिन्दा कम्पनीले सफ्टवेयर लगायतका विद्युतीय सेवाहरू विदेशमा निर्यात गरेमा त्यस्तो कारोबारको आयमा आगामी दश वर्ष सम्मलाई निकासी सरहको करका दर कायम गर्ने, विदेशमा रहेका नेपालीहरूले विकास गरेका सफ्टवेयर आदिको खरिदमा सरकारले प्राथमिकता दिने व्यवस्था गर्ने र बिद्युतीय माध्यमवाट सिधै वस्तु तथा सेवाको आपूर्ति गर्ने गैर बासिन्दालाई नेपालमा अनिवार्य दर्ता गर्नु पर्ने प्रवन्ध मिलाउनु पर्दछ। विद्युतीय सेवामा लाग्ने कर, मूल्य अभिवृद्धि कर र सूचना प्रवाहको आयतनको आधारमा विद्युतीय डाटा कर लगाउन र यस क्षेत्रमा लाग्दै आएको मौजुदा करको पुनःसंरचना गर्न सुझाव गरिएको छ। अन्तर्राष्ट्रिय भुक्तानी गेट-वे प्रणालीलाई सहज बनाउने र मोवाईल वालेट तथा फोन पेको अधिकतम सीमा तत्कालै बढाउनु पर्ने देखिन्छ।

१७. करका प्रक्रिया र प्रणालीमा सरलीकरणका लागि सूचना प्रविधिको उच्चतम उपयोग गरी कर प्रणाली सुधार गरिनु पर्दछ। अनौपचारिक अर्थतन्त्रलाई करको दायरामा ल्याउनका लागि भुक्तानी कार्डहरू, विद्युतीय माध्यम र चेकबाट गरिने भुक्तानीलाई प्रोत्साहित गर्नु पर्दछ। हालको दश लाख सम्मको नगद भुक्तानी गर्न पाउने रकमको सीमालाई पाँच लाखमा ल्याउनु पर्दछ। साथै, बैंकिङ कारोवारलाई प्रवर्द्धन गर्ने र बैंक खातामा अनिवार्यरुपमा स्थायी लेखा नम्वर लिने गरी प्रवन्ध गर्नु पर्दछ। मूल्याङ्कनलाई यथार्थपरक बनाउन मूल्याङ्कन डाटाबेसको निर्माण, इन्टेलिजेन्स र जोखिम व्यवस्थापनमा आधारित भई छनौट प्रणालीलाई प्रभावकारीरुपमा कार्यान्वयन गर्नु पर्दछ। निकासी हुने मालवस्तु पनि यथार्थ उत्पादन मूल्य प्रतिविम्बित हुने गरी घोषणाा गराउने गर्नु पर्दछ। झुट्टा वील विजकको प्रयोगबाट हुन सक्ने व्यापारिक छल नियन्त्रण गर्ने, सक्दो छिटो सुर्तिजन्य, मदिरा तथा वियर जस्ता अन्तःशुल्क लाग्ने वस्तुहरूको भौतिक परीक्षणको प्रयोजनका लागि दुर-नियन्त्रण प्रविधिहरूको प्रयोग बढाउनु पर्दछ।

१८. कर प्रशासन र राजस्व संगठनमा गर्नुपर्ने सुधारको कार्य तत्काल शुरू गर्नु पर्दछ। कर अनुपालनाको अन्तर बढी भएकोले तत्काल कर प्रणालीको आन्तरिक सुशासनमा जोड दिई कर सहभागिता बढाउने अभियान थाल्नु पर्ने देखिन्छ। कर प्रणालीको सुधार र सक्षमताको लागि राजस्व संरचना र प्रणालीमा तत्काल विशिष्टीकरणको आवश्यकता टड्कारो रूपमा देखिएको सन्दर्भमा संघीय राजस्व बोर्डको गठनको प्रक्रिया थाल्न ढीला भइसकेको छ। मनोवलयुक्त दक्ष जनशक्तिको थप व्यवस्थापन र संगठन भित्रका जनशक्तिको क्षमता विकास गर्न जरुरी देखिन्छ। नेपालको कराधारको क्षयीकरण रोक्न आन्तरिक राजस्व विभागमा विशिष्टकृत विज्ञ सहितको कार्यमूलक सक्षम संरचना स्थापना गर्नुपर्दछ।

१९. कर अनुपालना र कर जोखिम व्यवस्थापनको कार्यमा प्रणालीगत सुधार गर्नुपर्ने देखिन्छ। सबै प्रकारका आर्थिक गतिविधिका सूचनाको भण्डारण गरी कर सहभागिताको अनुपालना मापन गर्न सक्ने सक्षम करदाता सूचना व्यवस्थापन प्रणालीको सञ्चालिकरणको विकास गर्ने, करदाताको स्वैच्छिक कर अनुपालना बढाउन एकीकृत कर जोखिम व्यवस्थापन गर्न Artificial Intelligence-AI को प्रयोग गर्ने गरी आवश्यक डाटा प्रणालीको प्रयोगमा सुधार गरिनु पर्दछ। चोरी निकासी वा चोरी पैठारी नियन्त्रण गर्न राजस्व संकलन र राजस्व विचलन नियन्त्रणमा क्रियाशील निकायहरूको जिम्मेवारी कानूनतः किटान गरी परिचालन गर्न उपयुक्त हन्छ। कर परीक्षण एवं कर अनुसन्धानको माध्यमबाट राजस्व

परिचालनमा सुधार गर्न सम्पर्करहित परीक्षण प्रणाली (Faceless Audit System) पद्धतिलाई व्यवहारतः कार्यान्वयनमा ल्याउनु पर्दछ। एउटै निकायबाट एकीकृत व्यवसायको दर्ता, खारेजी वा व्यवसायको समापन गर्ने गरी विद्युतीय प्रणालीको विकास गर्नु पर्दछ। भन्सार तथा आन्तरिक राजस्वको स्वैच्छिक कर अनुपालनको ढाँचा वनाई कार्यान्वयन गर्ने, मूल्य अभिवृद्धि करको वस्तु वर्गिकरण सहितको विद्युतीय विलिङ्ग प्रणालीमा सुधार गरी १० करोड माथिका करदातालाई अनिवार्य गर्ने, अन्यका हकमा विद्युतिय क्यास मिशिनको प्रयोग गर्न अनिवार्य गर्ने र साना व्यवसायिलाई मोवाईल वालेट वा क्यू आर कोडबाट भुक्तानी लिन प्रोत्साहित गर्न समिति सुझाव गर्दछ। संगठितरुपमा भएका र गरिने व्यापारिक छली तथा अवैध व्यापारको नियन्त्रणमा कर अनुसन्धान गर्न सक्ने गरी राजस्व संरचनाको पुनर्संरचना गर्ने साथै यस्तो व्यवसायको निगरानी गर्न प्रविधिको प्रयोगमा जोड दिनु पर्दछ।

२०. कर विवादको निरुपणको लागि कानुनी तथा संस्थागत सवलिकरण गर्नु पर्ने हुन्छ। करदाता र सरकार दुवैको हित संरक्षण गर्न सक्ने गरी कर विवादको स्थायी समाधान गर्ने स्थायि संयन्त्रको स्थापना गर्ने, करदाताले कर चुहावट वा कम कर तिरेको महसुस गरी तत्कालै कर परीक्षण तथा अनुसन्धानका वखत नै समर्पण गर्न चाहेमा त्यस्तो कर विवादको समाधानको लागि विवादित कर रकम पूरै र व्याज तथा न्यूनतम शुल्क लिई कर विवादको समाधानको मौका करदातालाई दिने गरी कानुनी प्रवन्ध गर्न सुझाव गरिएको छ। कर विवादका न्यायिक निरुपणका विषयमा सुधार गर्नका लागि हालको प्रशासकीय पुनरावलोकन तथा भन्सार मूल्याङ्कन पुनरावलोकन समितिको संरचनालाई सुधार गर्ने र राजस्व न्यायधिकरणको कानुनी तथा सस्थागत प्रवन्धमा पुनरावलोकन गरी सक्षम र जवाफदेहि तथा स्थिर संरचना बनाउनु पर्दछ।

२१. सार्वजनिक स्रोतको विनियोजन दक्षता नबढाई र खर्चको वर्तमान संरचनामा आमूल परिवर्तन गरी खर्च प्रणालीलाई पुनः प्राथमिकीकरण नगरी कर प्रणाली मात्रको सुधारले सार्वजनिक वित्त प्रणालीमा देखिएका समग्र चुनौतिको समाधान नगर्ने भएकोले बजेट तथा खर्च प्रणालीमा गर्नु पर्ने महत्वपूर्ण सुझाव समेत यस प्रतिवेदनमा सिफारिस गरिएको छ। यसवाट सार्वजनिक खर्चबाट यथोचित राजस्व प्राप्त हुने, थप भौतिक निर्माण भई निजी क्षेत्रको लगानी आकर्षिक हुने, थप राजस्व परिचालन हुन सक्ने र तिरेको राजस्वको अधिक उपयोगिता र प्रतिफलबाट करदाताहरू कर तिर्न थप प्रोत्साहित हुन सक्ने अपेक्षा गरिएको छ।


२२. बजेटको विश्वसनियतामा बृद्धि, बजेट क्यालेन्डरको पालना, जग्गा मुआव्जा व्यवस्थाको पुनरावलोकन, सरकारी सम्पत्तिको लेखांकन र उपयोग, बजेट प्रणाली सुधार, कार्यान्वयनमा लैजान सकिने गरी पूर्व तयारीका कार्यहरू पुरा भएका विकास आयोजनाको लागि मात्र बजेट विनियोजन गर्ने पद्दति बसाल्ने, प्रशासनिक संरचनाको पुनरावलोकन, सामाजिक सुरक्षा खर्चको पुनरावलोकन, पेन्सन प्रणालीमा सुधार तथा अनुदान विनियोजनको पुनरावलोकन गर्न सुझाव गरिएकोछ।

२३. अन्तर सरकारी वित्त व्यवस्थापनमा प्रदेश र स्थानीय तहको लागि राजस्व परिचालन तथा सेवा सञ्चालन गर्न एकल कर संहिताको तर्जुमा गर्न नमूना कानुन बनाउनु पर्दछ। अन्तरतह समन्वयकारी संस्थाहरूलाई क्रियाशील बनाई नीतिगत सामञ्जस्यता कायम गर्नेमा तीनै तहका सरकारहरूले पहल गर्नु पर्दछ। प्रदेश र स्थानीय तहहरूको खर्च आवश्यकता र राजस्वको सम्भावना पहिचान गर्न र स्थानीय तहहरूको प्रति एकाई लागत समेत विश्लेषण गरी स्रोत परिचालन तथा

विनियोजन गर्न सुझाव गरिएको छ। रोयल्टीका दरहरूको निर्धारण गर्ने कानुनहरूमा पुन:लेखन तथा परिमार्जन गर्नु पर्दछ। अन्तर सरकार वित्त व्यवस्थापन कानुन समय सापेक्ष बनाउन र नेपालको राजश्व र खर्चको एकीकृत प्रतिवेदन प्रणाली व्यवस्थित गर्ने गरी प्रणाली विकास र कार्यान्वयनमा सुधार गर्न सुझाव गरिन्छ।

२४. समितिले गरेको राजस्व प्रक्षेपणका आधारमा सरकारले वित्त सन्तुलन कायम हुने गरी खर्चको पुनर्संरचनाको प्रस्ताव सहित प्राथमिकीकरण गरी आगामी वर्षहरूमा वजेट तर्जुमा गर्ने र चालू वर्षको खर्चमा पनि अनुशासन कायम गर्नु पर्ने देखिन्छ। समितिले आगामी पाँच वर्षका लागि कुल राजस्व प्रक्षेपण गरेको छ। यो प्रक्षेपण समितिका राजस्व सम्बन्धी सुझावहरू कार्यान्वयन भएमा सङ्कलन हुन सक्ने राजस्वको अनुमान हो। आर्थिक वर्ष २०७९/८० मा रू.१० खर्ब १० अर्ब सङ्कलन भएको आधारमा आर्थिक वर्ष २०८०/८१ मा रू.११ खर्ब ०२ अर्ब, आर्थिक वर्ष २०८१/८२ मा रू.१३ खर्ब २० अर्ब, आर्थिक वर्ष २०८२/८३ मा रू.१५ खर्ब ३६ अर्ब, आर्थिक वर्ष २०८३/८४ मा रू.१७ खर्ब ६१ अर्ब र आर्थिक वर्ष २०८४/८५ मा रू.१९ खर्ब ८७ अर्ब राजस्व सङ्कलन हुन सक्ने प्रक्षेपण रहेको छ।

यस अध्ययनको प्रारूपलाई तल चित्रमा देखाइएको छ।




| विवरण | २०७९/२०८० | २०८०/२०९० | २०९०/२१०१ |
|---|---|---|---|
| कुल ग्राहस्थ उत्पादनमा राजस्वको % | १७.८ | २३ | २७ |
| कुल ग्राहस्थ उत्पादनमा कर राजस्वको % | १६.१ | २१ | २४ |
| कुल राजस्वमा कर राजस्वको % | ९१.८ | ९२ | ९० |
| कर राजस्वमा प्रत्यक्ष करको % | २७.५ | ४५ | ५३ |
| कर राजस्वमा व्यक्तिगत आयकरको % | १४.८ | २२ | २९ |
| कर राजस्वमा संस्थागत आयकरको % | ११.९ | १८ | १८ |
| कर राजस्वमा सामाजिक सुरक्षा करको % | ०.८ | ५ | ६ |
| कर राजस्वमा अप्रत्यक्ष करको % | ७२.५ | ५५ | ४७ |
| कर राजस्वमा मूल्य अभिबृद्धि करको % | ३२.७ | ३७ | ३० |
| कर राजस्वमा अन्तशुल्क र अन्य अप्रत्यक्ष करको % | १९.८ | ८ | ७ |
| कर राजस्वमा भन्सार राजस्वको % | २०.० | १० | १० |
| कुल राजस्वमा गैर कर राजस्व र अन्य आयको % | ८.२ | ८ | १० |

२५. कर प्रणालीमा सिफारिस गरिएका सुझावहरूको कार्यान्वयन र कर प्रणाली सुधारको कार्यान्वयन गर्नको लागि कार्ययोजनाको मस्यौदा संलग्न गरिएको छ। कार्ययोजनाको कार्यान्वयन सुनिश्चित गर्न समितिले अर्थमन्त्रालयमा राजस्व सचिवको संयोजकत्वमा एक कार्यान्वयन सहजीकरण तथा अनुगमन

इकाई स्थापना गर्ने प्रस्ताव गरेको छ। कार्ययोजनामा उल्लिखित सुधारहरू कार्यान्वयन हुन सकेमा कर प्रणालीमा सुधार भई माथि प्रक्षेपण गरिएको राजस्वमा करीव रू.२ खर्ब ९१ अर्ब थप राजस्व संकलन हुने अनुमान छ।

## परिच्छेद -१ पृष्ठभूमि

१. नेपाल सरकारको २०८० भाद्र २९ गतेको निर्णयानुसार नेपालको कर प्रणालीमा समसामयिक सुधारको लागि सुझाव दिन पूर्व मन्त्री तथा पूर्व अर्थ सचिव श्री विद्याधर मल्लिकको अध्यक्षतामा चार सदस्यीय कर प्रणाली सुधार सम्बन्धी उच्चस्तरीय सुझाव समिति गठन भएको थियो। समितिका पदाधिकारीहरूलाई माननीय अर्थमन्त्री श्री डा. प्रकाशशरण महतज्यूले समिति गठन गर्नु पर्नाको आवश्यकता, समितिले कार्यसम्पादन गर्दा ध्यान दिनु पर्ने विषय, सरकारको समितिसँगको अपेक्षाको विषयमा मार्गदर्शन दिनुका साथै २०८० साल असोज १५ गते देखी कार्य प्रारम्भ गर्न सुझाव दिनु भएको थियो। सरकारले विक्रम सम्वत् २०५१, २०५९, २०७१ र २०८० सालमा करीब दश वर्षको अन्तरालमा कर प्रणाली सुधारको लागि गठन गरेको यो चौथो समिति हो। सरकारले कर प्रणाली सुधारका लागि अध्ययन गराई सुझाव लिन यो समिति गठन गरेको हो। समितिलाई दिएको कार्य जिम्मेवारीको अध्ययन पश्चात नेपाल सरकार अर्थ मन्त्रालयमा २०८० कात्तिक १ गते समितिले अध्ययनका विषय र कार्ययोजना संलग्न कार्य प्रारम्भ प्रतिवेदन (Inception Report) प्रस्तुत गरेको थियो। यसै प्रतिवेदनको आधारमा समितिले २०८० फाल्गुण १ गते माननीय अर्थमन्त्रीज्यू समक्ष अन्तरिम प्रतिवेदन प्रस्तुत गरेको थियो। यसै क्रममा समिति गठन भएपछि २०८० फाल्गुण २० सम्म अध्ययन गरिएका विषयहरूलाई समेटी प्रतिवेदन तयार गरिएको छ।

२. यस अवधिमा कर प्रणाली सुधार सम्बन्धी उच्चस्तरीय सुझाव समितिको सचिवालय स्थापना भई सह सचिवको नेतृत्वमा सचिवालयले काम शुरु गरेको थियो। सचिवालयमा आवश्यक जनशक्ति तथा विज्ञहरूको सेवा उपलब्ध गराइएको थियो। विभाग तथा निजी क्षेत्रबाट कर प्रणालीको सम्वन्धमा Diagnostic Report प्राप्त भएको थियो। कर प्रणाली सुधारका लागि अन्तर्राष्ट्रिय मुद्राकोष, विश्व बैङ्क र एशियाली विकास बैङ्क जस्ता संस्थाहरूले दिएका प्रतिवेदन र अन्य सान्दर्भीक प्रतिवेदनको समीक्षा गरिएको छ। अध्ययनको क्रममा अन्तर्राष्ट्रिय मुद्राकोषबाट सन् २०२३ को कर प्रणाली सरलीकरण प्रतिवेदनलाई यो समितिले समग्रमा ग्रहण गरेको छ र यसका निष्कर्शहरूलाई समयावद्ध कार्ययोजना बनाई कार्यान्वयनमा लैजान सिफारिस गर्दछ।

३. तीव्रतम रूपमा प्रविधिमा भएको परिवर्तन र हरित तथा उत्थानशील विश्व अर्थव्यवस्थाका प्रभावहरू विश्व कर प्रणालीमा देखिएका छन्। यसको प्रभावले नेपालको अर्थतन्त्रको संरचनामा पनि नवीनतम परिवर्तनका संकेतहरू देखिन थालेका छन्। कर प्रणालीको सुधारको खाका तयार गर्दा यसलाई पनि मनन गर्नु पर्ने हुन्छ। नेपालको कर प्रणालीलाई लगानीमैत्री र व्यवसायमैत्री बनाउन, करको आधार तथा दायराको विस्तार र राष्ट्रिय कराधारको संरक्षणका लागि निरन्तर कर सुधारको खाचो छ। विगतका केही वर्षहरू देखि अर्थतन्त्रको बाह्य क्षेत्र, सार्वजनिक वित्त र वित्तीय क्षेत्रमा देखा परेका दवाव र जटिलताले राजस्व प्रणालीमा देखापरेका समस्याहरूको तत्कालै, मध्यमकालमा र दीर्घकालमा गर्ने सुधारका लागि सुधारको योजना बनाई कार्यान्वयन गर्न आवश्यक छ। सरकारले विगतमा विभिन्न संस्थाहरू र आफैले अध्ययन गरे गराएका प्रतिवेदनहरूका सुझाव र यस प्रतिवेदनका सुझावहरूको सान्दर्भीकता हेरी निरन्तर कार्यान्वयनमा जोड दिनु पर्दछ। साथै, सरकारको आर्थिक वृद्धिमैत्री खर्च नीतिको अवलम्वन गर्दा स्रोत परिचालनको उपलव्धताको आधारमा खर्चको पुनर्प्रस्तावको (Repurposing of Spending) को लागि प्राथमिकीकरण गर्न जरुरी देखिन्छ। सार्वजनिक खर्चलाई उत्पादन तथा उत्पादकत्वको अभिवृद्धि, नागरिकलाई दिइने सेवा सुविधा, आर्थिक अनुशासन

र आर्थिक मितव्ययीतासँग आवद्ध गरी तत्कालै कार्यान्वयन गर्न आवश्यक देखिन्छ। करदातालाई आफूले तिरेको करको सदुपयोग भएको विषयमा सन्तुष्ट पार्ने र जनतालाई आश्वत पार्ने जिम्मेवारी सरकारको हो। सरकारले अर्थतन्त्रको समस्याको सम्बोधन गरिरहेको छ भन्ने विश्वाश नागरिक र निजी क्षेत्रले अनुभूत गर्न सक्नुपर्ने हुन्छ। सरकारका सबै नियामक संस्था र निकायहरूको बीचमा उच्चस्तरको समन्वय र समान सोचको साथ आर्थिक सुधारको लागि क्रियाशीलता बढाउनु पर्ने देखिन्छ।

४. कर प्रणालीमा करको नीतिगत अन्तर बढी नै देखिएकोले अबका दिनमा कर नीति र कानुनमा सुधार गरी करको आधार विस्तार र कराधारको संरक्षणलाई थप सुदृढ गर्नुपर्दछ। साथै, कर सहभागिताको अन्तर पनि बढि नै रहेकोले कर सहभागिताको अन्तर कम गर्न कर कानुनको कार्यान्वयनमा सक्षमता, सेवामा व्यवसायिकता र सदाचारका आयामबाट करका प्रशासन र जनशक्तिको परिचालन गर्नुपर्छ। करदातालाई पनि कर प्रणालीमा पारदर्शीता र जवाफदेहिताको अभिवृद्धि हुन थालेको छ भन्ने अनुभूति गराउने गरी कर सुधारको योजना बनाई कार्यान्वयन गर्नुपर्ने देखिन्छ। सरकारले गर्ने कर नीतिको तर्जुमा तथा कार्यान्वयनमा कर तटस्थता र नीतिगत र करका दरमा स्थिरता ल्याईनु पर्दछ।

५. कर कानुनको प्रभावकारी कार्यान्वयन गर्न मौजुदा करका विधि तथा प्रणालीलाई कमजोर हुन नदिने गरी कार्यान्वयन गर्न र कर व्यवहार गर्दा देखिएका विकृति र विसंगतिको निरूपण गर्न आन्तरिक अनुगमन तथा मूल्याङ्कन गर्ने प्रणालीलाई सुदृढ गरी कानुनको अनुपालनामा सुधार गर्नुपर्छ। विगतका वर्षहरूमा भन्दा घटिरहेको राजस्व सङ्कलनमा सुधार गर्न कर सहभागिता अभियान तत्कालै सञ्चालन गर्न आवश्यक देखिएको छ। साथै, सरकारले गर्ने व्यवहार र खर्च प्रणालीलाई पारदर्शी तथा जवाफदेही बनाउन जरुरी छ। विधिमा आधारित शासन प्रणाली र राज्यका संयन्त्रहरूको कार्यसम्पादनलाई नागरिक तथा करदाताले नजिकैबाट हेरिरहेको र त्यसको आधारमा कर परिपालना हुने हुँदा सरकार जिम्मेवार र मितव्ययी तथा प्रभावकारी बन्न सक्नु पर्दछ। साथै, वित्तीय संङ्घियताको कार्यान्वयनमा तीन तहका सरकारका बीचमा बजार संरक्षण र कर प्रणालीमा अधिक करारोपण तथा दोहोरो करारोपण नहुने गरी राज्यको कर नीतिको कार्यान्वयन गरिनु पर्दछ।

### १.१ समितिको गठन

६. विश्व अर्थव्यवस्था र नेपालको अर्थतन्त्रको संरचनामा देखिएको परिवर्तनको आलोकमा राजस्व नीति तथा समग्र कर प्रणालीको सुधारका लागि सुझाव प्रस्तुत गर्ने उद्देश्यले नेपाल सरकार, मन्त्रिपरिषदको २०८० भाद्र २९ गतेको निर्णयानुसार यो समिति गठन गरिएको हो।

**समितिको संरचनाः**

७. देहाय बमोजिमको कर प्रणाली सुधार सम्बन्धी उच्चस्तरीय सुझाव समिति गठन भएको थियो।

| | |
|---|---|
| क) श्री बिद्याधर मल्लिक, वरिष्ठ राजस्व विज्ञ | अध्यक्ष |
| ख) श्री लक्ष्मण अर्याल, कर सम्बन्धी विषय विज्ञ | सदस्य |
| ग) प्रा.डा. राम प्रसाद ज्ञवाली, अर्थशास्त्री | सदस्य |
| घ) श्री श्यामप्रसाद दाहाल, भन्सार क्षेत्रका विज्ञ | सदस्य |

**समितिको सचिवालयमा पूर्णकालिन रूपमा खटिने कर्मचारीहरूको विवरणः**

| **क्र.सं.** | **कर्मचारीहरूको नामावली** | **पद, संस्था** |
|---|---|---|
| (क) | श्री रितेश कुमार शाक्य (समिति सचिव मिति २०८०/०९/२३ सम्म) | सह सचिव, अर्थ मन्त्रालय |
| (ख) | श्री महेश बराल (समिति सचिव मिति २०८०/०९/२४ देखि) | सह सचिव, अर्थ मन्त्रालय |
| (ग) | श्री होमकान्त भण्डारी, | उपसचिव, अर्थ मन्त्रालय |
| (घ) | श्री भीमकान्त न्यौपाने | शाखा अधिकृत, अर्थ मन्त्रालय |
| (ङ) | श्री बालकृष्ण अधिकारी | शाखा अधिकृत, आन्तरिक राजस्व विभाग |
| (च) | श्री रुपक न्यौपाने | शाखा अधिकृत, आन्तरिक राजस्व विभाग |
| (छ) | श्री सुवास पौड्याल | शाखा अधिकृत, आन्तरिक राजस्व विभाग |
| (ज) | श्री देवत राज महतो | कम्प्युटर अपेरटर, अर्थ मन्त्रालय |
| (झ) | श्री लक्ष्मी भट्टराई | कार्यालय सहयोगी, आन्तरिक राजस्व विभाग |
| (ञ) | श्री मधुसुदन राउत | हलुका सवारी चालक, अर्थ मन्त्रालय |
| (ट) | श्री प्रेम तामाङ | हलुका सवारी चालक |

**समितिको कार्य शर्त निर्देश (**Term of reference**)**

(१) नेपाल सरकार (मन्त्रिपरिषद) को निर्णयानुसार गठित कर प्रणाली सुधार सम्बन्धी उच्चस्तरीय सुझाव समितिलाई देहाय बमोजिमको कार्य जिम्मेवारी सुम्पिएको छः-

(२) सरकारको कर नीतिको प्रभावकारिता अध्ययनका साथै विद्यमान कर प्रणाली, अन्तर्राष्ट्रिय मान्यता तथा नेपालले अन्तर्राष्ट्रिय एवं क्षेत्रीय संगठनमा गरेको प्रतिवद्धता अनुकूल रहे नरहेको सम्वन्धमा अध्ययन गरी कर नीति, कर संरचना र कर प्रणालीमा गर्नुपर्ने सुधारको बारेमा सुझाव दिने;

(३) मुलुकको समग्र अर्थतन्त्रको अध्ययन गरी सम्भावित राजस्व क्षमता (Potential Revenue Capacity) र वास्तविक राजस्व प्राप्ति (Actual Revenue Receipt) को विश्लेषण गरी राजस्व अन्तर (Revenue Gap) पत्ता लगाउने। प्रचलनमा रहेको प्रत्यक्ष वा अप्रत्यक्ष कर प्रणालीको सुधारबाट अर्थतन्त्रको औपचारिक तथा अनौपचारिक आर्थिक गतिविधिमा करको दायरा विस्तार, कराधारको संरक्षण र कर चुहावट नियन्त्रणका लागि ठोस सुझाव दिने,

(४) डिजिटल अर्थतन्त्र, अनलाईन व्यवसाय लगायतका आर्थिक कारोबार तथा गतिविधिलाई करको दायरामा ल्याई करारोपण गर्ने सन्दर्भमा वैश्विक कर प्रणालीमा भएका सुधारका प्रयास समेतको अध्ययन गरी नेपालमा त्यस्ता व्यवसायहरूलाई करारोपण गर्न आवश्यक पर्ने नीतिगत, कानुनी तथा कार्यगत ढाँचा वा प्रारूप सहितको सुझाव पेश गर्ने,

(५) मुलुकको अर्थतन्त्रको संरचनामा आएको परिवर्तन र नयाँ आर्थिक क्रियाकलापको अध्ययन गरी करारोपण गर्न सकिने करका नयाँ क्षेत्र पहिचान गरी नयाँ कर लागु गर्न वा विद्यमान कुनै कर खारेज गर्ने विषयमा उपयुक्त सुझाव दिने,

(६) छिटो छरितो रूपमा कर सम्बन्धी विवाद समाधान (Tax Dispute Settlement) गर्ने उपाय तथा संयन्त्रका बारेमा सुझाव दिने,

(७) मूल्य अभिवृद्धि कर, आयकर, भन्सार महसुल, अन्तःशुल्क र गैरकरको विद्यमान कानुन, करको दर, करयोग्य कारोबारको सीमा, कर भुक्तानी, कर छुट तथा सुविधा, सञ्चालन प्रक्रिया सुधारका लागि सुझाव दिने,

(८) राजस्व प्रशासनको समग्र संगठनस्वरूप तथा जनशक्तिको बारेमा विस्तृत अध्ययन तथा पुनरावलोकन गरी सुधारका लागि सुझाव दिने,

(९) विद्यमान कर नीतिको कारण निजी क्षेत्रको लगानी र कृषि एवं औद्योगिक क्षेत्रमा परेको प्रभाव तथा सो सम्बन्धमा देखिएका समस्याको अध्ययन गरी कृषि तथा औद्योगिक प्रवर्द्धन र लगानीमैत्री वातावरण सिर्जनाका लागि कर नीति तथा कर प्रणालीमा गर्नुपर्ने सुधारका लागि सुझाव दिने,

(१०) भन्सार मूल्याङ्कनका सन्दर्भमा देखिएका समस्या समाधान गर्न र यथार्थपरक, कारोबार मूल्यमा आधारित बनाउन गर्नुपर्ने सुधारका उपाय सम्बन्धी सुझाव दिने,

(११) कर प्रणालीमा करदाताको स्वैच्छिक सहभागिता बढाउन र सहभागिता लागत घटाउन गर्नुपर्ने नीतिगत, प्रणालीगत र प्रविधिगत सुझावहरू पेश गर्ने तथा व्यवसायको लागत र समय घटाई व्यापार सहजीकरणको माध्यमबाट स्वैच्छिक अनुपालन बढाउन गर्नुपर्ने सुधारका लागि सुझाव पेश गर्ने,

(१२) संघीय संरचना अनुसारका तीन तहका सरकारले सङ्कलन गर्ने राजस्वका सम्बन्धमा गर्नुपर्ने समन्वय, सहकार्य तथा प्रणाली स्थापना गर्न अवलम्वन गर्नुपर्ने विषयमा सुझाव पेश गर्ने,

(१३) राजस्व छुट तथा भन्सार महसुल दरका सन्दर्भमा नेपालले क्षेत्रीय तथा अन्तर्राष्ट्रियस्तरमा गरेका प्रतिवद्धता कार्यान्वयन गर्दा राजस्वमा पर्न सक्ने असर कम गर्न अपनाउनु पर्ने उपायका बारेमा सुझाव पेश गर्ने,

(१४) कर खर्च (Tax Expenditure) सम्बन्धी सुधारका लागि सुझाव पेश गर्ने,

(१५) कर सुधार सम्वन्धमा गरिनुपर्ने अन्य सान्दर्भीक विषयहरू,

### १.२ अध्ययन विधि

८. यो प्रतिवेदन तयार गर्ने सिलसिलामा समितिद्वारा नेपालमा कर सम्बन्धी प्रचलित ऐनहरू, नियमावलीहरू, निर्देशिका, परिपत्र, सम्बन्धित विभागले प्रकाशित गरेका बार्षिक प्रतिवेदनहरू तथा सरकारले आवधिक रूपमा गठन गरेका राजस्व सुधार सुझाव समितिका प्रतिवेदनहरू र सम्बन्धित क्षेत्रमा यस अघि भएका अध्ययनहरूको समीक्षा गरिएको छ। यस सिलसिलामा नेपाल सरकारले विभिन्न कालखण्डमा गठन गरेका कर प्रणाली पुनरावलोकन कार्यदलहरूको प्रतिवेदन अध्ययन

गरिएको छ। वि.सं. २०५२ मा प्रा.डा. मदन कुमार दाहालको संयोजकत्वमा गठित कर प्रणाली पुनरावलोकन कार्यदलको प्रतिवेदन, वि.सं. २०५९ सालमा डा. युवराज खतिवडाको संयोजकत्वमा गठित वित्तीय क्षेत्र कार्यदलको प्रतिवेदन र वि.सं. २०७१ सालमा डा. रूपबहादुर खड्काको संयोजकत्वमा गठित उच्चस्तरीय कर प्रणाली पुनरावलोकन आयोगका प्रतिवेदनहरू अध्ययन गरिएको छ। साथै, नेपाल राजस्व परामर्श विकास समितिको, २०७८ र २०७९ का प्रतिवेदनहरूको समेत अध्ययन गरिएको थियो। कर सम्बन्धी सैद्धान्तिक तथा अन्तर्राष्ट्रिय असल अभ्यासहरूको अध्ययन गरिएको छ। अन्तर्राष्ट्रिय मुद्रा कोष, बिश्व बैंक, एसियाली विकास बैंक र जर्मन विकास संस्था (GIZ) लगायतका संस्थाहरूले दिएका सान्दर्भीक प्रतिवेदनहरू अध्ययन गरिएको छ। साथै, ती संस्थाहरूवाट नेपाल आएका मिसन/प्रतिनिधिमण्डलहरू तथा विज्ञसँग कर प्रणालीका विविध आयामहरूका विषयमा छलफल गरिएको छ।

९. कर सम्बन्धी प्रचलित कानुनको कार्यान्वयनमा रहेका समस्याहरू पहिचान गर्न उद्योग वाणिज्यसँग सम्बन्धित निजी क्षेत्रका प्रतिनिधिमूलक संघ संस्थाहरूसँग अन्तरक्रिया गरिएको छ। ठूला करदाता कार्यालय, त्रि.वि. भन्सार कार्यालय, विरगञ्ज तथा विराटनगर स्थित भन्सार तथा आन्तरिक राजस्व कार्यालयहरूमा स्थलगत भ्रमण गरी कर तथा भन्सार अधिकारीहरूसँग छलफल गरिएको छ। साथै, अर्थ मन्त्रालयको राजस्व व्यवस्थापन लगायतका अन्य महाशाखा, आन्तरिक राजस्व विभाग र भन्सार विभाग तथा कार्यालयहरूवाट समितिलाई आर्थिक अवस्था र कर प्रणालीको सम्वन्धमा प्रस्तुतिकरण भएको थियो। सम्बन्धित विभागहरूले कर नीति र कर कार्यान्वयनमा देखिएका समस्याहरू र सुधारका क्षेत्रहरू पहिचान गर्न Diagnostic Report तयार गरी उपलब्ध गराएका थिए। राष्ट्रिय योजना आयोग, अख्तियार दुरूपयोग अनुसन्धान आयोग, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, महालेखा परीक्षकको कार्यालय, नेपाल सरकारका मूख्य सचिव र नेपाल राष्ट्र बैंकका पदाधिकारीहरूसँग समितिले छलफल गरेको थियो। कोशी तथा गण्डकी प्रदेशका मुख्यमन्त्री तथा आर्थिक मामिला तथा योजना मन्त्री र काठमाण्डौं पोखरा, बिराटनगर र विरगन्जका स्थानीय तहका प्रमुखहरूसँग पनि छलफल गरी सुझाव सङ्कलन गरिएको थियो। प्रतिनिधिमूलक संस्थाबाट समेत कर प्रणालीमा देखिएका समस्या र सुधारका लागि Diagnostic Report माग गरिएकोमा केही संस्थाबाट प्राप्त भएको सुझावहरूको अध्ययन गरिएको छ।

### १.३ अध्ययनको सीमा

१०. समितिले प्रतिवेदन पेश गर्ने चरण सम्ममा नेपालको समष्टीगत आर्थिक अवस्था र सार्वजनिक वित्तको समीक्षा तथा विश्लेषण गरिएको छ। साथै सार्वजनिक खर्च तथा राजस्वको समीक्षा सहितको विश्लेषण पनि गरिएको छ। कुल राजस्वमा योगदान गर्ने मुख्य क्षेत्रहरुः मूल्य अभिवृद्धि कर, व्यक्तिगत तथा संस्थागत आयकर, भन्सार तथा अन्तःशुल्क एवं विश्वव्यापी रूपमा वहसमा रहेका डिजिटल सेवामा कर तथा हरित अर्थतन्त्र जस्ता क्षेत्रहरू, साथै समग्र कर प्रशासनको जनशक्ति तथा संस्थागत क्षमता विकास, जोखिम व्यवस्थापन र विवाद व्यवस्थापन जस्ता विषयमा केन्द्रीत भई प्रतिवेदन तयार गरिएको छ। साथै, यो प्रतिवेदन सम्पूर्णतामा कार्यान्वयन होस भन्ने उद्देश्यले कर प्रणाली सुधारको मार्गचित्र, दीर्घकालीन सोच सहितको राजस्व नीतिको अवधारणा र राजस्व प्रशासन सुधारको विस्तृत अवधारणा तयार गरिएको छ। राजस्वको आगामी पाँच वर्षको प्रक्षेपण प्रतिवेदनमा समावेश छ। कर प्रणाली सुधारको लागि समयवद्ध कार्य योजना र यो प्रतिवेदनको कार्यन्वयनवाट राजस्व परिचालनमा हुने वृद्धिको खाका पनि अनुसूचीहरूमा समावेश गरिएको छ। राजस्वको आगामी

पाँच वर्षको प्रक्षेपण र कर प्रणाली सुधारको लागि समयवद्ध कार्य योजना प्रतिवेदनमा समावेश गरिएको छ। समितिलाई प्राप्त भएका सुझाबहरूको सारांशलाई प्रतिवेदनको अनुसूचीमा समावेश गरिएको छ।

११. तथ्यमा आधारित नीतिको तर्जुमा गर्न सहयोग गर्ने उद्देश्यले विकास साझेदारहरूको सहयोगमा मूल्य अभिवृद्धि कर तथा आयकरको छुट सम्बन्धी प्रावधानको असर तथा प्रभावको वारेमा गरिएको अध्ययनको संक्षिप्त सार प्रतिवेदनमा रहेको छ। यसको अन्तिम प्रतिवेदन आन्तरिक राजस्व विभागमा उचित समयमा प्राप्त हुने नै छ। भन्सारको सीमान्त प्रभावकारी करका दर (Marginal Effective Tax Rate) र भन्सारको स्वैच्छिक अनुपालना संरचना (Customs Voluntary Compliance Framework) को विषयमा एसियाली विकास वैंकवाट अध्ययन जारी रहेकोले त्यसको अन्तिम प्रतिवेदनहरू क्रमशः आन्तरिक राजस्व विभाग र भन्सार विभागलाई प्राप्त हुने नै छ। हरित अर्थव्यवस्था र हरित कर, विद्युतीय सवारी साधन र अन्य सवारी साधनमा लगाउन सकिने करको व्यवस्था वारे यो प्रतिवेदन तयार गर्ने समयसम्म विश्व वैंकका विज्ञहरूवाट अध्ययन भैरहेकोले सोको प्रतिवेदन/निष्कर्श अर्थ मन्त्रालयलाई प्राप्त हुने अपेक्षा छ। प्रतिवेदनका सुझावहरू नेपाल सरकारलाई उपयोगी हुने विश्वास समितिले लिएकोछ।

१२. समितिले कर प्रणाली सुधारको लागि आवश्यक महशूस गरेको नेपालको सीमान्त प्रभावकारी करका दर (Marginal Effective Tax Rate) को विस्तृत अध्ययन एवं समग्र अर्थतन्त्रमा अनौपचारीक अर्थतन्त्रको प्रभाव तथा समग्र कर राजस्वमा खुला सीमाको कारणले हुने व्यापार बीचलनको नेपालको अर्थतन्त्रमा रहेको मात्राको विषयमा छोटो समयको कारणले अनुसन्धान, अध्ययन तथा विश्लेषण सम्पन्न गर्न सकिएन। अनौपचारीक अर्थतन्त्रको विषयमा त्रिभूवन विश्व विद्यालय, अर्थशास्त्र केन्द्रीय विभागबाट गराएको अध्ययन प्रतिवेदनको सन्दर्भ सामग्रिको अध्ययन गरी त्यसको सारांशलाई प्रतिवेदनको अनुसूचीमा समावेश गरिएको छ। उक्त विषयहरूमा अर्थ मन्त्रालय, राष्ट्रिय तथ्याङ्क कार्यालय र नेपाल राष्ट्र वैक बाट अध्ययन गर्न समिति सिफारिस समेत गर्दछ।

१३. समितिलाई दिएको छोटो समय र उपलव्ध स्रोत साधन तथा जनशक्तिको सीमितताको कारण कार्य शर्तका केही विषयको विस्तृत अध्ययन गर्न सकिएन। समितिलाई प्राप्त कार्यक्षेत्रगत शर्तमा उल्लेख भएका विषयहरूमध्ये समितिले कर नीति र असल प्रशासनिक अभ्यास बारे अन्तर्राष्ट्रिय अनुभवहरूको पर्याप्त अध्ययन गर्न सकेन। साथै, नेपालले गरेका अन्तर्राष्ट्रिय प्रतिवद्धताको पूर्ण कार्यान्वयनबाट राजस्वमा पर्न सक्ने असर र अवसर वारे सुक्ष्म विश्लेषण समेत हुन सकेन।

## परिच्छेद - २ नेपालको समष्टिगत आर्थिक परिदृष्य र नेपालको राजस्व संरचना

### २.१ नेपालको समष्टिगत आर्थिक परिदृष्य

**आर्थिक वृद्धि दर**

१४. सन् २०२० मा विश्व अर्थतन्त्र २ दशमलब ८ प्रतिशतले ऋणात्मक भई संकुचन आएको थियो। अन्तरार्ष्ट्रिय मुद्राकोषको सन् २०२४ जनवरीको प्रतिवेदन अनुसार विश्व आर्थिक वृद्धि दर सन् २०२३ मा ३ दशमलब १ प्रतिशत रहने अनुमान छ। सन् २०२४ र २०२५ मा क्रमश ३ दशमलव १ र ३ दशमलव २ प्रतिशत रहनेछ। विकसित देशको सन् २०२३ मा आर्थिक वृद्धि १ दशमलव ६ प्रतिशत र न्यून आय भएका देशहरूको आर्थिक वृद्धि भने ४ प्रतिशत रहने अनुमान छ। विकसित देशको आर्थिक बृद्धि सन् २०२४ र २०२५ मा क्रमश १ दशमलब ५ र १ दशमलब ८ प्रतिशत रहने प्रक्षेपण छ। न्यून आय भएका देशको आर्थिक वृद्धि सन् २०२४ र २०२५ मा क्रमशः ५ प्रतिशत र ५ दशमलव ६ प्रतिशत रहने प्रक्षेपण रहेको छ। भारतको आर्थिक वृद्धि दर भने सन् २०२३ मा ६ दशमलव ७ प्रतिशत रहेको अनुमान छ र सन् २०२४ तथा २०२५ मा ६ दशमलव ५ प्रतिशत रहने प्रक्षेपण छ।

१५. नेपालको अर्थतन्त्र पनि सन् २०२० मा २ दशमलब ४ प्रतिशतले ऋणात्मक रहेकोमा सन् २०२१ मा ४ दशमलब २ प्रतिशतले विस्तार भएकोमा सन् २०२२ मा ५ दशमलब ८ प्रतिशतले बृद्धि भएको थियो र सन् २०२३ मा ४ दशमलब ४ प्रतिशतले बृद्धि भएको अनुमान छ। विश्व वजारमा प्रभावकारी मागको सिर्जना हुन नसक्दा उत्पादन एवम् आपूर्ति प्रणाली कमजोर भएको छ।यसका साथै इन्धन तथा उर्जा र खाद्यान्नको उच्च मूल्यबृद्धिले गर्दा उत्पादन लागतमा पनि बढोत्तरी भएको छ। नेपालको आर्थिक वर्ष २०७९/८० को आर्थिक वृद्धि दर आधारभुत मूल्यमा २ दशमलव १६ प्रतिशत र उत्पादकको मूल्यमा १ दशमलव ८६ रहेको अनुमान केन्द्रीय तथ्याङ्क विभागले गरेको छ। अर्थतन्त्रमा क्रमशः सुधारका संकेत देखिएको, लगानी योग्य पुँजीमा सुधार र व्याज दरमा देखिएको सुधारले यो वर्ष आर्थिक वृद्धिमा सुधार देखिन थालेको छ। अन्तर्राष्ट्रिय मुद्रा कोषको डिसेम्वर २०२३ को प्रतिवेदनले ३ दशमलव ५ प्रतिशतको आर्थिक वृद्धि दर चालु वर्षमा रहन सक्ने प्रक्षेपण गरेको छ। साथै, त्यस पछिका चार वर्षमा ५ प्रतिशत भन्दा माथि रहने प्रक्षेपण गरेको छ।

**मुद्रास्फीति**

१६. रुस तथा युक्रेन युद्धका कारणले विश्वभरी आपूर्ति श्रृंखलामा देखिएको अवरोध, खाद्यान्न एवं पेट्रोलियम पदार्थ र उर्जामा भएको उच्च मूल्य वृद्धि, विश्व अर्थतन्त्रको न्यून आर्थिक वृद्धि र उच्च मुद्रास्फीतिको असर नेपालको अर्थतन्त्रमा पनि पर्न गयो। आर्थिक वर्ष २०७९/८० मा नेपालको मुद्रास्फीतिको दर ७ दशमलव ७ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७८/७९ मा यस्तो दर ६ दशमलव ३ प्रतिशत रहेको थियो (ने.रा.बैंक,२०८० माघ)। चालु वर्षमा मुद्रास्फीतिमा सुधार भई पौष महिनामा वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति ५ दशमलव २६ प्रतिशत कायम भएको छ। अघिल्लो वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति ७ दशमलव २६ प्रतिशत रहेको थियो।(ने.रा.बैंक, २०८०)

**वैदेशिक व्यापार**

१७. आर्थिक वर्ष २०७९/८० मा वैदेशिक व्यापारमा कमि आएको छ। यो वर्ष कुल वस्तु निर्यातमा २१ दशमलव ४ प्रतिशतले कमी आई रू.१ खर्ब ५७ अर्ब १४ करोड कायम भएको छ भने कुल वस्तु आयातमा १६ दशमलव १ प्रतिशतले कमी आई रू.१६ खर्ब ११ अर्ब ७३ करोड कायम भएको छ। फलस्वरूप, गत वर्षको तुलनामा व्यापार घाटा १५ दशमलव ५ प्रतिशतले सुधार भई रु.१४ खर्ब ५४ अर्ब ५९ करोड रहन गएको छ। आर्थिक वर्ष २०८०।८१ को प्रथम ६ महिनामा कुल वस्तु निर्यात ७ दशमलव २ प्रतिशतले कमी आई रु.७४ अर्ब ९७ करोड कायम रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा निर्यातमा ३२ प्रतिशतले कमी आएको थियो। यसै गरी चालु आर्थिक वर्षको प्रथम ६ महिनामा आयात व्यापार ३ दशममलव १ प्रतिशतले कमी आई रु.७ खर्ब ६८ अर्ब १७ करोड कायम भएको छ। गत वर्षको यसै अवधिमा आयातमा २० दशमलव ७ प्रतिशतले कमी आएको थियो। (ने.रा.बैंक, २०८०)

**शोधनान्तर स्थिति**

१८. आर्थिक वर्ष २०७९/८० मा शोधनान्तर स्थितिमा सुधार आएको छ। आर्थिक वर्ष २०७९/८० मा शोधनान्तर स्थिति रु २ खर्ब ९० अर्ब ५२ करोडले बचतमा रहेको छ। तर चालु खाता भने रु.७२ अर्ब १६ करोडले घाटामा रहेको थियो। अघिल्लो आर्थिक वर्षको यसै अवधिमा चालु खाता रु.६ खर्ब २३ अर्ब ३८ करोड र शोधनान्तर स्थिति रु.२ खर्ब ५५ अर्ब ३६ करोडले घाटामा रहेको थियो। शोधनान्तर स्थितिमा सुधार देखिएकोले मौद्रिक नीतिमा क्रमशः खुकुलोपन हुन थालेको देखिन्छ। चालू आर्थिक वर्षको प्रथम ६ महिनामा शोधनान्तर स्थितिमा रु.२ खर्ब ७३ अर्ब ५२ करोडले बचतमा रहेको छ भने अघिल्लो आर्थिक वर्षको सोही अवधिमा रु.९२ अर्ब १५ करोड बचतमा रहेको थियो। साथै, चालु खाता रु.१ खर्ब ६१ अर्ब ६२ करोडले बचतमा रहेको छ भने गत आर्थिक वर्षको यसै अवधिमा रु.३५ अर्ब ५७ करोड घाटामा रहेको थियो (ने.रा.बैंक, २०८०, माघ)।

**विप्रेषण आप्रवाह**

१९. आर्थिक वर्ष २०७९।८० मा विप्रेषण आप्रवाह नेपाली रुपैयाँमा २१ दशमलव २ प्रतिशते वृद्धि भई विप्रेषण आय रू.१२ खर्व २० अर्ब ५६ करोड पुगेको छ। आर्थिक वर्ष २०७८।७९ मा विप्रेषण आप्रवाह कमी आएको थियो।आथिक वर्ष २०७९।८० मा कुल ग्राार्हस्थ्य उत्पादनको अनुपातमा विप्रेषण आय २२ दशमलव ६ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०८०।८१ को प्रथम ६ महिनामा विप्रेषण आप्रवाह २५ दशमलव ३ प्रतिशतले वृद्धि भई रू.७ खर्ब ३३ अर्ब २२ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह २४ दशमलव ३ प्रतिशतले बढेको थियो (ने.रा.बैंक, २०८० माघ)।

**सार्वजनिक ऋण**

२०. नेपाल सरकारको सरकारी अनिवार्य तथा प्रतिवद्ध खर्च आम्दानीको तुलनामा बढी हुँदै गएको कारणले वित्त प्रणालीमा चाप पर्न गई निरन्तर रूपमा घाटा वजेट प्रस्तुत हुँदै आएको छ। उच्च आकारको बजेट विनियोजन गर्ने तर प्रशोचन क्षमतामा सुधार ल्याउन नसक्दा बजेटको विश्वसनीयता माथि नै प्रश्न उठ्न गएको छ। यसबाट वित्त प्रणाली बोझिलो भई वजेटको उच्च आकारको कारण घाटा वजेट परिपूर्ति गर्नका लागि राजस्व परिचालनको लक्ष्य निर्धारणमा दवाब सृजना भएकाले

आन्तरिक तथा वाह्य ऋणको परिचालन क्रमिक रूपम बढदै गएको छ। लक्ष्य अनुसार राजस्व परिचालन पनि नहुने र बाह्रय ऋणको प्रतिवद्धताको तुलनामा प्राप्ति कम हुँदा आन्तरिक ऋण माथिको चाप पछिल्ला वर्षहरूमा बढदै गइरहेको छ। यसबाट प्रत्येक वर्ष सरकारले ऋणको साँवा र व्याज भुक्तानीको लागि ठूलो स्रोत परिचालन गर्नु पर्ने देखिएको छ। सन् १९७५ (विक्रम संवत् २०३२) मा कुल गार्हस्थ उत्पादनको अनुपातमा कुल ऋणको अनुपात ६ प्रतिशत मात्र रहेकोमा यो अनुपात क्रमशः वढेर सन् १९९१ (विक्रम सम्वत् २०४८) मा पुग्दा ६७ प्रतिशतसम्म पुगेको थियो। सन् २००८ (विक्रम संवत् २०६५) सम्म क्रमशः घट्दै गएर यो अनुपात ४४ प्रतिशत सम्म रहेकोमा सन २०१५ मा सबैभन्दा कम २२ प्रतिशत रहेको थियो। सन् २०२२ (२०७९) मा यो अनुपात पुनः बढेर ४० दशमलव ७ प्रतिशत रहन गएको छ। सन् २०२३ (२०८०) मा कुल गार्हस्थ उत्पादनको अनुपातमा कुल ऋणको अंश ४१ दशमलव २ प्रतिशत रहेको छ।


**सरकारी खर्च**

२१. नेपाल सरकार, अर्थ मन्त्रालय (महालेखा नियन्त्रक कार्यालय) का अनुसार आर्थिक वर्ष २०७८/७९ मा नेपाल सरकारको कुल खर्च रू.१३ खर्ब १० अर्ब रहेकोमा आर्थिक वर्ष २०७९/८० मा यस्तो खर्च रू.१४ खर्ब २९ अर्ब ५६ करोड रहेको छ। जसमा चालु खर्च, पुँजीगत खर्च र वित्तीय व्यवस्था बापतको खर्च क्रमशः रू.१० खर्ब ०५अर्ब ७६ करोड, रू.२ खर्ब ३३ अर्ब ७० करोड र रू.१ खर्ब ९० अर्ब ११ करोड रहेको छ (ने.रा.बैंक,२०८०)। आर्थिक वर्ष २०७९/८० मा संघीय सरकारको रु ९ खर्ब ५७ अर्ब १५ करोड राजस्व परिचालन भएको छ। सो तथ्याङ्क अनुसार आर्थिक वर्ष २०७९/८० मा राजस्व घाटा रू.४ खर्ब ७२ अर्ब ४१ करोड रहन गएको छ। संघीय सरकारको चालू खर्चको दायित्व निरन्तर वढ्दो छ। निवृत्तिभरण लगायतको सामाजिक सुरक्षा र संरक्षणमा ठूलो रकम खर्च हुने गरेको छ। बढ्दो आन्तरिक तथा वाह्य ऋणका कारणले साँवा व्याजको भुक्तानीमा ठूलो रकम खर्च हुने गरेका कारणले सरकारको वित्तीय दायरा संकुचन हुँदै गई विकास वित्तको लागि सरकारी स्रोतमा कमी देखिएको छ।

**वचत दर**

२२. विगतका केही वर्षहरूमा नेपालको राष्ट्रिय वचत दर (National Propensity to Save) मा कमी आएको छ। वचत दर GNP को आधारमा निकालिएको हो। आर्थिक वर्ष २०७५/७६ सालमा नेपालको राष्ट्रिय वचत दर ४१ दशमलव ७ प्रतिशत थियो। आर्थिक वर्ष २०७६/७७ मा आउँदा यो घटेर ३१ दशमलव ८ प्रतिशत भएको थियो भने आर्थिक वर्ष २०७७/७८ मा २८ दशमलव ८ प्रतिशतमा रह्यो र आर्थिक वर्ष २०७८/७९ मा ३१ दशमलव ४ प्रतिशत रहेको थियो।यस सम्बन्धी तथ्याङ्क अनुसूची-१ को १.१ मा राखिएको छ।

चित्र नं. १: नेपालको राष्ट्रिय तथा गार्हस्थ वचत दर





स्रोत: आर्थिक सर्वेक्षणको आँकडामा आधारित रहेर समितिले गरेको रचना

२३. यसरी विगतका चार वर्षमा राष्ट्रिय वचत दर ३१ प्रतिशतको हाराहारीमा रहेको छ। सोही परिदृष्य नेपालको गार्हस्थ वचत दर (Domestic Propensity to Save) मा पनि देखिन्छ। वचत दरमा आएको कमिले आर्थिक वृद्धिमा प्रतिकुल प्रभाव पार्दछ। यो वर्षको आर्थिक वृद्धि दरमा कमि आउनुको कारणहरूमा वचत दरको कमि पनि एक हो।यसर्थ नेपालको कर नीति वचतलाई प्रश्रय दिने खालको हुनु आवश्यक छ। वित्तीय वजार मार्फत वचत लगानीमा परिवर्तित हुने गर्दछ र वचत कम भए पछि लगानी पनि स्वत: नै कम हुन जान्छ।

**लगानीको दर**

२४. आर्थिक वृद्धिको संवाहकका रूपमा रहेको लगानीको परिदृष्य विगतका केही वर्षमा सन्तोषजनक देखिदैन। आर्थिक वर्ष २०७५/७६ मा नेपालको लगानीको दर ३१ दशमलव ८ प्रतिशत, आर्थिक वर्ष २०७६/७७ मा ३० दशमलव ५ प्रतिशत, आर्थिक वर्ष २०७७/७८ मा २९ दशमलव ३ प्रतिशत, आर्थिक वर्ष २०७८/७९ मा २८ दशमलव ५ प्रतिशत र आर्थिक वर्ष २०७९/८० मा आउंदा निरन्तर रूपमा घटि २५ दशमलव २ प्रतिशत रहेको छ। यो स्थितिमा सुधार नआएसम्म अझै पनि अर्थतन्त्र थप संकुचनमा जाने संकेत देखिन्छ। विगतका पाँच वर्षमा निजी क्षेत्रबाट भएको लगानीमा पनि लगातार रूपमा कमी नै आएको छ। आर्थिक वर्ष २०७५/७६ मा नेपालको निजी क्षेत्रको लगानीको दर २५ दशमलव ५ प्रतिशत थियो, यसमा क्रमश: कमी आई आर्थिक वर्ष २०७९/८० मा १९ दशमलव ४ प्रतिशतमा झरेको छ। निजी क्षेत्रको लगानीमा लगातार कमी आउनाले लगानीको वातावरणमा सुधार हुन नसकेको वा लगानीयोग्य पुँजी बाहिरिएको संकेत गर्दछ। सरकारी क्षेत्रको लगानीमा विगत सात वर्ष देखि निरन्तर रूपमा कमी आएको देखिन्छ। जुन तलको रेखाचित्रमा प्रष्ट देखिन्छ।

चित्र नं. २: नेपालको लगानी दर





स्रोत: आर्थिक सर्वेक्षणको आँकडामा आधारित रहेर समितिले गरेको रचना

## २.२ नेपालको राजस्व संरचना

### राजस्व परिचालन

२५. नेपालको कुल राजस्व अन्तर्गत कर राजस्व र गैरकर राजस्व पर्दछन्। कर राजस्व र कुल राजस्वको विगत ४९ वर्षको कुल गार्हस्थ उत्पादनसँगको अनुपातलाई चित्र नं. ३ मा प्रस्तुत गरिएको छ। नेपालले विगत ४९ वर्षको राजस्व परिचालनको विश्लेषण गर्दा राजस्व असुलीमा उल्लेख्य प्रगति हासिल गरेको देखिन्छ। नेपालको कुल गार्हस्थ उत्पादनसँगको (उत्पादक मूल्यमा) कुल राजस्वको अनुपात आर्थिक वर्ष २०४६/४७ मा ९ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७८/७९ मा आउदा यो अनुपात बढेर २१ दशमलव ६ प्रतिशत पुगेको छ। आर्थिक वर्ष २०७९/८० मा कमी आई १७.८ प्रतिशतमा झरेको छ। कुल राजस्वको ठूलो हिस्सा कर राजस्वले ओगटेको पाइन्छ। कुल गार्हस्थ उत्पादनसँग कर राजस्व अनुपात आर्थिक वर्ष २०४६/४७ मा ७ प्रतिशत मात्र रहेकोमा आर्थिक वर्ष २०७८/७९ मा आउंदा यो अनुपात बढेर २० प्रतिशत पुगेकोमा आर्थिक वर्ष २०७९/८० मा १६ दशमलव १ प्रतिशतले अर्थात एकै वर्षमा करिब ४ प्रतिशतले कमि आएको छ।

चित्र नं. ३: कुल गार्हस्थ उत्पादन सँग कुल राजस्व र कर राजस्वको अनुपात





स्रोतः आर्थिक सर्वेक्षणको आँकडामा आधारित रहेर समितिले गरेको रचना

**कर राजस्व र कुल गार्हस्थ उत्पादनको अनुपात**

२६. कर राजस्वका प्रमुख स्रोतहरूको कुल गार्हस्थ उत्पादनसँगको अनुपातलाई चित्र नं ४ मा देखाइएको छ। आर्थिक वर्ष २०६७/६८ पछिको परिदृष्य हेर्दा राजस्वमा प्रथम योगदान दिने करमा मूल्य अभिवृद्धि कर, दोस्रो योगदान दिनेमा आयकर, तेस्रोमा भन्सार र चौथोमा अन्तःशुल्क पर्दछन्। यी चारै किसिमका कर राजस्वहरूमा आर्थिक वर्ष २०७९/८० मा असामान्य कमि आएको देखिन्छ। मूल्य अभिवृद्धि करमा विगत दुई वर्षहरूमा लगातार कमी आएको देखिन्छ भने आयकरमा विगतका तीन वर्षहरूमा लगातार कमी आएको पाइन्छ। भन्सारमा विगत दुई वर्षहरूमा लगातार कमी आएको छ भने अन्तःशुल्कमा आर्थिक वर्ष २०७९/८० मा मात्र कमी आएको देखिन्छ।

चित्र नं. ४: कुल गार्हस्थ उत्पादनसँग कर राजस्वका शीर्षकको अनुपात

(प्रतिशत)




स्रोतः आर्थिक सर्वेक्षणको आँकडामा आधारित रहेर समितिले गरेको रचना

२७. आर्थिक वर्ष २०८०/८१ को प्रथम ६ महिनामा नेपाल सरकारको कुल राजस्व परिचालन रु.४९६ अर्ब ५० करोड भएको छ। गत आर्थिक वर्षको पहिलो ६ महिनामा १५.३ प्रतिशतले घटेको राजस्व, यो वर्षको ६ महिनामा ८.२ प्रतिशतले बढेको छ। यस अन्तर्गत कर राजस्व रु.४४३ अर्ब ५५ करोड र गैर कर राजस्व रु.५२ अर्ब ९५ करोड परिचालन भएको छ (ने.रा. बैंक, २०८०, माघ)।

२८. मुलुक संघीय संरचनामा गए पश्चात कुल गार्हस्थ्य उत्पादनमा तीन तहले संकलन गरेको कुल राजस्वको अनुपात आर्थिक बर्ष २०७५/७६ मा २४.७५ रहेकोमा आर्थिक बर्ष २०७९/८० मा सोको अनुपात २२.५९ मा झरेको देहायको तालिकाबाट देखिन्छ। आर्थिक बर्ष २०७९/८० मा कुल गार्हस्थ उत्पादनमा संघ, प्रदेश र स्थानीय तहले सङ्कलन गर्नेको राजस्वको अनुपात क्रमशः १८.७८, १.७९ र २.०३ रहेको देखिन्छ। साथै सोही बर्षमा तीन तहले संकलन गरेको कुल राजस्व रू.१२ खर्ब १५ अर्बमा, बाँडफाड अघिको संघको कुल राजस्व रू.१० खर्ब १० अर्व (८३.११ प्रतिशत), संघीय सरकारवाट हस्तान्तरित राजस्व वाहेकको प्रदेशको आन्तरिक राजस्व रू.९६ अर्व १५ करोड (७.९१ प्रतिशत) र संघीय सरकार तथा प्रदेश सरकारवाट हस्तान्तरित भई आएको राजस्व रकम वाहेक आफ्नो आन्तरिक स्रोतवाट स्थानीय तहले प्राप्त गरेको राजस्व रू.१ खर्व ०९ अर्व (८.९८ प्रतिशत) र रु. ५ अर्व ८६ करोड राजस्व वाडफाड हुन बाँकी रहेको देखिन्छ।

**तालिका नं. १: संघ, प्रदेश र स्थानीय तहको राजस्व परिचालनको स्थिति**

(रू.लाखमा)

| आर्थिक वर्ष | कुल गार्हस्थ्य उत्पादनसँग राजस्व अनुपात | तिन तहको कुल राजस्व | वाँडफाँड अघिको कुल राजस्व | संघको राजस्व | प्रदेशको राजस्व | | स्थानिय तहको राजस्व | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | राजस्व हस्तान्तरण | प्रदेशको राजस्व | राजस्व हस्तान्तरण | स्थानीय तहको राजस्व |
| २०७५/७६ | २४.७५ | ९५५२०९७ | ८२९६३३८ | ७३१३६६१ | ५३७६२० | १४९६०० | ५३७६२० | १०१३५९६ |
| २०७६/७७ | २३.१३ | ८९९५४९८ | ७९३७४६६ | ७०४७९११ | ४४५५२१ | २५८९९४ | ४४५५२१ | ७९७५५१ |
| २०७७/७८ | २४.७३ | १०७६४५१७ | ९३५८८७९ | ८२४९४६४ | ५५९०४८ | २९६९०१ | ५५९०४८ | ११०००५६ |
| २०७८/७९ | २४.७१ | १२१९२९८७ | १०६६३४६५ | ९३८२७८५ | ६४८२९७ | २६८८२० | ६४८२९७ | १२४४७८७ |
| २०७९/८० | २२.५९ | १२१५७१८५ | १०१०४३०६ | ८८७३६२० | ५८६०४१ | ९६१५१९ | ५८६०४१ | १०९१३६० |

स्रोतः सम्बन्धित आर्थिक बर्षको आर्थिक सर्वेक्षण, महालेखा नियन्त्रक कार्यालयवाट प्रकाशित वार्षिक आर्थिक विवरणहरू र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगवाट प्रकाशित वार्षिक प्रतिवेदनहरू।

नोटः

१. प्रदेश तहको आन्तरिक राजस्वमा संघको राजस्व हस्तान्तरणवाट प्राप्त राजस्वलाई समावेश गरिएको छैन।
२. वाँडफाँड अघिको संघको कुल राजस्व र संघको राजस्व आर्थिक सर्वेक्षणवाट लिईएको। आर्थिक बर्ष २०७९/८० को हकमा सम्पूर्ण तथ्यांक महालेखा नियन्त्रक कार्यालयवाट २०८० माघ १३ गते प्रकाशित एकिकृत आर्थिक विवरणको आधारमा लिईएको।

## २.३ Buoyancy, Elasticity तथा Efficiency अनुपात

२९. राजस्व परिचालनमा कमि आउने कारक तत्वको अध्ययन गर्नका लागि Buoyancy तथा Elasticity र Buoyancy Coefficient आधारमा समेत विश्लेषण गर्ने गरिन्छ। यस परिच्छेदमा गरिएको विश्लेषण दीर्घकालीन टाइम सिरिज तथ्याङ्क (Long run Time Series Data) मा आधारित भई गरिएको छ।

(१) **Buoyancy Coefficient**

३०. विभिन्न करहरूको वोयन्सी कोफिसेन्ट तालिका नं. २ मा देखाइएको छ।मूल्य अभिवृद्धि करको वोयन्सी कोफिसेन्ट १.२९३ छ। यसले नेपालको कुल उपभोगमा एक प्रतिशतले वृद्धि हुँदा मूल्य अभिवृद्धि करमा १.२९३ प्रतिशतले मात्र वृद्धि हुन्छ भन्ने देखाउदछ। नेपालको मूल्य अभिवृद्धि कर लचकदार देखिन्छ। अतः उपभोगमा आएको वृद्धि मूल्य अभिवृद्धि कर सङ्कलन लागि वढी प्रभावकारी हुने देखिन्छ। भन्सारको वोयन्सी कोफिसेन्ट ०.९१४ छ। यसले नेपालको आयातमा एक प्रतिशतले वृद्धि हुँदा भन्सारमा ०.९१४ प्रतिशतले वृद्धि हुन्छ भन्ने देखाउद छ। नेपालको भन्सार राजस्व अलि बढि अलचकदार देखिन्छ। अतः आयातमा आएको वृद्धिको प्रतिशत भन्दा भन्सारमा आएको वृद्धिको प्रतिशत कम हुने हुँदा भन्सारमा हुने मूल्य घोषणा सहि र यथार्थ नहुने वा अवैध व्यापारका माध्यमबाट आयात भएको कुराको संकेत गर्दछ। यसबाट पनि भन्सार राजस्वमा नीतिगत अन्तरको साथै अनुपालना अन्तर बढी भएको देखिन्छ। भन्सार राजस्वको राजस्व परिचालनमा योगदान कम भएता पनि यसबाट मुख्यतया मूल्यअभिवृद्धि कर र आयकरको दायरा घटाउने र यि दुई करको अनुपालना अन्तर बढाएको देखिन्छ। साथै मूल्य अभिवृद्धि कर मूलत आयातमा आधारित भएको र उत्पादनमा पनि कच्चा प्रदार्थ आयातमा निर्भर हुने भएकोले भन्सारका दर वा मूल्य घोषणा लगायतका वस्तुको मूल्य निर्धारण विधिमा सुधार गर्नु पर्ने देखिन्छ।

३१. कुल राजस्वको वोयन्सी कोफिसेन्ट १.१९८ रहेको छ। यसले नेपालको कुल गार्हस्थ उत्पादनमा एक प्रतिशतले वृद्धि हुँदा कुल राजस्वमा १.१९८ प्रतिशतले वृद्धि हुन्छ भन्ने देखाउछ। नेपालको कुल राजस्व लचकदार देखिन्छ। कुल गार्हस्थ उत्पादनमा आएको वृद्धिले कुल राजस्व सङ्कलनमा वढी योगदान दिने देखिन्छ। कुल गार्हस्थ उत्पादनमा आएको वृद्धि राजस्व वृद्धिको प्रमुख अधार वन्न सक्दछ।

३२. कर राजस्वको वोयन्सी कोफिसेन्ट १.२०२ रहेको छ। यसले नेपालको कुल गार्हस्थ उत्पादनमा एक प्रतिशतले वृद्धि हुँदा कर राजस्वमा १.२०२ प्रतिशतले वृद्धि हुन्छ भन्ने देखाउदछ।नेपालको कर राजस्व पनि लचकदार देखिन्छ। कुल गार्हस्थ उत्पादनमा आएको वृद्धिले कर राजस्व सङ्कलनमा पनि वढी योगदान दिने देखिन्छ। कुल गार्हस्थ उत्पादनमा आएको वृद्धि कर राजस्व वृद्धिको पनि प्रमुख अधार वन्न सक्दछ।

३३. अन्तःशुल्कको वोयन्सी कोफिसेन्ट १.१८४ रहेको छ। यसले नेपालको उपभोगमा एक प्रतिशतले वृद्धि हुँदा अन्त शुल्कमा १.१८४ प्रतिशतले वृद्धि हुन्छ भन्ने देखाउछ।

३४. त्यस्तै आयकरको वोयन्सी कोफिसेन्ट १.४६३ रहेको छ। यसले नेपालको आयमा एक प्रतिशतले वृद्धि हुँदा आयकरमा १.४६३ प्रतिशतले वृद्धि हुन्छ भन्ने देखाउछ। अन्य करको तुलनामाा आयकरको वोयन्सी कोफिसेन्ट उच्च देखिन्छ। आयमा सानो मात्र वृद्धि हुँदा पनि आय करमा ठूलो वुद्धि हुने यसले देखाउदछ। नेपालको आयकर लचकदार देखिन्छ। वोयन्सी कोफिसेन्टले सरकारले गरेको प्रशासनिक र नीतिगत परिवर्तनका कारणले कर राजस्वमा आएको सुधारलाई समेत समावेस गरेको हुन्छ।

### तालिका नं. २ प्रमुख करहरूको वोयन्सी कोफिसेन्ट

| Tax | VAT | Custom | Total Revenue | Tax Revenue | Excise | Income |
|---|---|---|---|---|---|---|
| Method | GLS | GLS | AR(1), MA(1) & ML | GLS | AR(1) &ML | AR(1), MA(1)&ML |
| Dep. Var ExplanatoryVar | Ln(VAT) | Ln(custom) | Ln(tor) | Ln(tax) | Ln(excise) | Ln(income) |
| Ln(Total Con) | 1.292*** | | | | 1.184*** | |
| Ln(Import) | | 0.914*** | | | | |
| Ln(GDPbp) | | | 1.198*** | 1.202*** | | 1.463*** |
| Ln(GDPpp) | | | | | | |
| Intercept | -4.275*** | -0.28*** | -4.615*** | -0.784*** | -6.566*** | -9.993*** |
| $R^2$ | 0.983 | 0.955 | 0.998 | 0.945 | 0.996 | 0.997 |
| F | 1470.9*** | 976.95*** | 10502*** | 793.17*** | 4154.4*** | 4540.5*** |
| DW | 1.72 | 2.07 | 1.92 | 1.72 | 2.105 | 1.90 |
| JB | 0.34(0.84) | 2.68(0.26) | 4.05(0.13) | 1.29(0.52) | 0.99(0.60) | 0.664(0.71) |
| $X^2$bp | 5.21(0.07)wh | 1.77(0.18) | 1.91(0.16) | 3.12(0.07) | 3.45(0.06) | 5.78(0.02) |
| Time Period | 2055-80 | 2033-80 | 2032-80 | 2033-80 | 2032-80 | 2032-80 |
| Remark | WN | WN | WN | WN | WN | Hetro, OK |

Note: GLS= Generalized difference equation estimated by OLS

*** Significant at one percent or better level ** Significant at five percent or better level

* Significant at ten percent or better level, WN = White Noise Tot.con= Total consumption

GDPbp= GDP at basic prices

स्रोतः आर्थिक सर्वेक्षणको आँकडामा आधारित रहेर समितिले गरेको गणना।

(२) **Elasticity Coefficient**

३५. विभिन्न करहरूको इलास्टीसिटी कोफिसेन्ट तालिका नं. ३ मा देखाइएको छ। मूल्य अभिवृद्धि कर, भन्सार, कुल राजस्व, कर राजस्व, अन्त शुल्क र आयकरको इलास्टसिटी कोफिसेन्ट तालिका नं. ३ प्रस्तुत गरिएको छ। यसको व्याख्या वोयन्सी कोफिसेन्टको जस्तै गर्न सकिन्छ। इलास्टीसिटी कोफिसेन्टले सरकारले गरेको प्रशासनिक र नीतिगत परिवर्तनका कारणले कर राजस्वमा आएको सुधारलाई समावेस गरेको हुदैन। अतः यसले करको आधारमा परिवर्तन हुँदा स्वत स्फूर्त रूपमा कर राजस्वमा के कति परिवर्तन हुन्छ भन्ने देखाउछ। वोयन्सी कोफिसेन्ट र इलास्टिसिटी कोफिसेन्टको अन्तरले प्रशासनिक र नीतिगत परिवर्तनले पारेको खुद प्रभावलाई दर्शाउछ।

### तालिका नं. ३ प्रमुख करहरूको Elasticity Coefficient

| Tax | VAT | Custom | Total revenue | Tax Revenue | Income | Excise |
|---|---|---|---|---|---|---|
| Method | AR(1) & ML | AR(1) MA(1) & ML | AR(1) MA(1) & ML | AR(1) MA(1) & ML | GLS | AR(1) &ML |
| Dep. Var Expla.Var | Ln(AVAT) | Ln(acustom) | Ln(ator) | Ln(atax) | Ln(aincome) | Ln(aexcise) |
| Ln(Tot.Con) | ०.५८१*** | | | | | ०.५०९*** |
| Ln(Import) | | ०.५६६*** | | | | |
| Ln(GDPbp) | | | ०.६१९*** | ०.६०१*** | ०.७१३*** | |
| Ln(GDPpp) | | | | | | |
| Intercept | ०.१७६*** | -०.००४ | ०.७७८ | ०.६५७ | -०.४२४** | -०.३९५ |
| $R^2$ | ०.९७६ | ०.९८४ | ०.९९४ | ०.९९ | ०.५४४ | ०.९८ |
| F | ३१७.२२*** | ६९१.९*** | २०५७.९*** | १४२९.८ | ५३.६८*** | ९६६.२*** |
| DW | १.४८ | १.९७ | १.८१ | १.८१ | १.६५ | १.९२ |
| JB | १.३१(०.५१)) | ०.३०(०.८९) | १.८६(०.३९) | १.५८(०.४५) | २.४०(०.३०) | ३.५७०.१६) |

| Tax | VAT | Custom | Total revenue | Tax Revenue | Income | Excise |
|---|---|---|---|---|---|---|
| $X^2$bp | ०.०००३(०.९८) | ०.२५(०.६१) | ६.५४(०.०१) | ३.९५(०.०५१) | २.६०(०.११) | १२.३९(०.००) |
| Time period | २०५४-८० | २०३३-८० | २०३३-८० | २०३३-८० | २०३३-८० | २०३३-८० |
| Remark | WN | WN | Hetro, OK | WN | WN | Hetro, OK |

Note: GLS= Generalized difference equation estimated by OLS ML= maximum likelihood

*** Significant at one percent or better level

** Significant at five percent or better level

* Significant at ten percent or better level;

WN = White Noise ln= Stands for natural log

AVAT= Adjusted VAT acustom= Adjuted custom ator=Adjusted total revenue

atax= adjusted tax revenue aincome= Adjusted income aexcise= Adjusted excise

Tot.con= Total consumption GDPbp= GDP at basic prices

स्रोतः आर्थिक सर्वेक्षणको आँकडामा आधारित रहेर समितिले गरेको गणना


३६. मूल्य अभिवृद्धि करको इलास्टिसिटी कोफिसेन्ट ०.५८१ छ। यसले नेपालको कुल उपभोगमा एक प्रतिशतले वृद्धि हुँदा मूल्य अभिवृद्धि करमा ०.५८१ प्रतिशतले वृद्धि हुन्छ भन्ने देखाउछ।नेपालको मूल्य अभिवृद्धि करको इलास्टिसिटी अलचकदार देखिन्छ।भन्सारको इलास्टिसिटी कोफिसेन्ट ०.५६६ छ। यसले नेपालको आयातमा एक प्रतिशतले वृद्धि हुँदा भन्सारमा ०.५६६ प्रतिशतले वृद्धि हुन्छ भन्ने देखाउछ। नेपालको भन्सारको इलास्टिसिटी अलचकदार देखिन्छ। स्वभावैले इलास्टिसिटी कोफिसेन्ट वोयन्सी कोफिसेन्ट भन्दा सानो छ। कुल राजस्वको इलास्टिसिटी कोफिसेन्ट ०.६१९ छ। यसले नेपालको कुल गार्हस्थ उत्पादनमा एक प्रतिशतले वृद्धि हुँदा कुल राजस्वमा ०.६१९ प्रतिशतले वृद्धिहुन्छ भन्ने देखाउछ। नेपालको कुल राजस्वको इलास्टिसिटी अलचकदार देखिन्छ। कर राजस्वको इलास्टिसिटी कोफिसेन्ट ०.६०१ छ। यसले नेपालको कुल गार्हस्थ उत्पादनमा एक प्रतिशतले वृद्धि हुँदा कर राजस्वमा ०.६०१ प्रतिशतले वृद्धिहुन्छ भन्ने देखाउछ। नेपालको कर राजस्वका इलास्टिसिटी पनि अलचकदार देखिन्छ। अन्त शुल्कको इलास्टिसिटी कोफिसेन्ट ०.५०९ छ। यसले नेपालको उपभोगमा एक प्रतिशतले वृद्धि हुँदा अन्त शुल्कमा ०.५०९ प्रतिशतले वृद्धि हुन्छ भन्ने देखाउछ। नेपालको अन्तशुल्क राजस्वको इलास्टिसिटी अलचकदार देखिन्छ।त्यस्तै आयकरको इलास्टिसिटी कोफिसेन्ट ०.७१३ छ। यसले नेपालको आयमा एक प्रतिशतले वृद्धि हुँदा आयकरमा ०.७१३ प्रतिशतले वृद्धि हुन्छ भन्ने देखाउछ। अन्यकरहरूको तुलनामाा आयकरको इलास्टिसिटी कोफिसेन्ट उच्च देखिन्छ।

**Efficiency Ratios बाट नेपालको मूल्य अभिवृद्धि करको अध्ययन:**

३७. नेपालको मूल्य अभिवृद्धि करको C- Efficiency अनुपातलाई चित्र नं. ५ मा प्रस्तुत गरिएको छ। यसले उपभोगको कति प्रतिशत रकमलाई मूल्य अभिवृद्धि करले समेटेकोछ भन्ने देखाउछ। आर्थिक वर्ष २०५३/५४ मा उपभोगको ३३.८२ प्रतिशत हिस्सालाई भ्याटले समेटेको थियो। भ्याटको सिइफिसियन्सी अनुपातमा आर्थिक वर्ष २०५९/६० सम्म खासै सुधार आउन सकेको देखिदैन। यो अवधिमा नेपालको भ्याटको दर १० प्रतिशत थियो। आर्थिक वर्ष २०६०/६१मा सिइफिसियन्सी अनुपातमा ठूलोमात्रामा कमि आएको थियो।२०६० साल माघ महिनामा नेपालमा भ्याटको दर १०

प्रतिशत बाट १३ प्रतिशत गरिएकोले कमि आउन गएको थियो। यस पछिका वर्षहरूमा यसमा क्रमश सुधार आउदै आर्थिक वर्ष २०७५/७६मा ऐतिहासिक उच्चतम बिन्दु ५६.५१ प्रतिशत हासिल गरको देखिन्छ।यसपछि आर्थिक वर्ष२०७६/७७ मा ४७ प्रतिशतमा कमि हुँदै २०७७/७८ मा ५३.२३ प्रतिशत पुग्यो। यसमा क्रमशः घट्दै जादा आर्थिक वर्ष २०७९/८० मा ४३.७१ प्रतिशतमा रहेको छ जुन असाधारण मानिन्छ।उपभोगमा कमी नआएको, मूल्य अभिवृद्धि करको दर यथावत रहेको, तर मूल्य अभिवृद्धि कर सङ्कलनमा कमी आएको तथ्यले यसलाई प्रमाणित गर्दछ।

**चित्र नं. ५: C-Efficiency Ratio**




स्रोतः आर्थिक सर्वेक्षणको आँकडामा आधारित रहेर समितिले गरेको गणना

**VAT Efficiency Ratio**


३८. नेपालको मूल्य अभिवृद्धि इफिसियन्सी अनुपातलाई चित्र नं. ६ मा प्रस्तुत गरिएको छ। यसले कुल गार्हस्थ उत्पादनको कति प्रतिशत रकमलाई मूल्य अभिवृद्धि करले समेटेको छ भन्ने देखाउछ। आर्थिक वर्ष २०५३/५४ मा कुल गा्रहस्थ उत्पादनको २९.१ प्रतिशत हिस्सालाई मूल्य अभिवृद्धि कर समेटेको थियो। यो करको इफिसियन्सी अनुपातमा आर्थिक वर्ष २०५९/६० सम्म खासै सुधार आउन सकेको देखिदैन। यो अवधिमा मूल्य अभिवृद्धि करको दर १० प्रतिशत रहेको थियो। आर्थिक वर्ष २०६०/६१मा यो करको इफिसियन्सी अनुपातमा निकै कमि आएको थियो। २०६० साल माघ महिनामा नेपालमा मूल्य अभिवृद्धि करको दर १० प्रतिशत बाट १३ प्रतिशत गरिएको थियो।

३९. यस पछिका वर्षहरूमा यसमा क्रमशः सुधार आइ आर्थिक वर्ष २०७७/७८ मा ऐतिहासिक उच्चतम बिन्दु ४९.८ प्रतिशत कायम भएको देखिन्छ। आर्थिक वर्ष २०७८/७९ मा ४९ प्रतिशत रही २०७९/८० मा ४०.९ प्रतिशत कायम भएको छ। उत्पादकको मूल्यको कुल गार्हस्थ उत्पादनमा मापन गरिएको मूल्य अभिवृद्धि करको घट्दो इफिसियन्सीले पनि राजस्वमा भएको चुहावट तथा कर सहभागिता अन्तरलाई उच्च रहेको देखाउदछ।

४०. स्वभाविक रूपमा सिइफिसियन्सी र मूल्य अभिवृद्धि करको इफिसियन्सीको तथ्यले देखाएको आधार र कारण समान प्रकृतिको देखिन्छ। मूलत मूल्य अभिवृद्धि कर उपभोगमा आधारित भएकोले

सिइफिसियन्सी अनुपातमा आधारित भएर गरिएको विश्लेषण वढी विश्वस्त मान्न सकिन्छ। विगतका दुई वर्ष देखिनै नेपालको यस कर सङ्कलनको दक्षतामा कमि आएको देखिन्छ।

**चित्र नं. ६: VAT Efficiency Ratio**



## परिच्छेद - ३ विश्व कर प्रणालीमा नेपाल

४१. **विश्व कर प्रणालीको वर्तमान अवस्थाः** सन् २००८ को वित्तीय संकट पछि सुस्त भएको अर्थतन्त्रले प्रायः सबै मुलुकहरूले संस्थागत आयकर र व्यक्तिगत आयकरमा कमी आई विकसित मुलुकको कुल गार्हस्थ उत्पादनसँग राजस्वको अनुपात तीव्र रूपले घटेको थियो। सन् २०१० पछि विस्तारै पुनर्स्थापित भएको राजस्व सन् २०१५ सम्म आइपुग्दा वित्तीय संकट भन्दा अगाडिको अवस्थामा पुगेको थियो। सन् २०१५ पछि विश्व अर्थतन्त्र तथा कर प्रणालीमा विभिन्न सुधारका योजना कार्यान्वयन भएका थिए। राष्ट्रिय कराधारको संरक्षण गर्दै कर प्रणालीलाई व्यवसाय र लगानीमैत्री बनाउन विश्व कर प्रणालीमा विद्युतीय प्रणालीको विकास र करको स्वैच्छिक कर परिपालनामा कर सुधारका एजेन्डा अघि बढिरहेका थिए। आर्थिक उदारीकरण पछि देखा परेका आर्थिक असमानतालाई समन्यायिक वनाउन प्रगतिशील करका दरहरूलाई समायोजन गर्न थालिएको थियो।संस्थागत करको दरलाई भने अर्थतन्त्रको विस्तारको प्रतिस्पर्धामा निरन्तररूपमा घटाउन थालिएको थियो। वस्तु र सेवामा सबै देशहरूले एकल वा बहुदरका कर लगाई कर प्रणालीलाई आधुनिकिकरण गर्ने प्रयास भएका थिए। यस्ता कर सुधारको कारण सबै देशको कुल गार्हस्थ उत्पादनसँग कर राजस्वको अनुपात कोभिड १९ को संक्रमण अघि बृद्धि भईरहेको थियो। नेपालमा पनि यो समयमा कर सुधारका विभिन्न कार्यक्रमबाट कुल गार्हस्थ उत्पादन सँगको कर राजस्वको अनुपात एसिया प्रशान्त क्षेत्रका देशहरूको हाराहारिमा पुगेको थियो भने सार्क देशहरूको तुलनामा माथि नै रहेको थियो।

४२. कुल गार्हस्थ उत्पादनसँगको कर राजस्वको अनुपात, कुल कर राजस्वमा व्यक्तिगत आयकर, संस्थागत आयकर, सामाजिक सुरक्षा कर, मूल्य अभिवृद्धि कर, अन्तशुल्क, भन्सार र अन्य राजस्वको हिस्सा ओईसीडी समूह र एसिया प्रशान्त क्षेत्रका देशहरूको औसत अनुपात एवम् चीन लगायत सार्क देशहरूको तुलनामा नेपालको अवस्था देहाय अनुसारको रहेको छ। यस अनुसार सन् २०२१ मा कुल गार्हस्थ उत्पादनसँग राजस्व अनुपात OECD मा ३४.१, एसिया प्रशान्त क्षेत्रका राष्ट्रमा औषत १९.८ र नेपालमा झन्डै २० प्रतिशत थियो। दक्षिण एशियाली मुलुकहरूमा नेपालको कुल गार्हस्थ उत्पादन र राजस्वको अनुपात सबभन्दा बढी थियो।

**तालिका नं. ४: सन् २०२१ मा कुल कर राजस्वमा राजस्वको हिस्सा**

(प्रतिशतमा)

| देशको नाम | कुल गार्हस्थ उत्पादन सँग राजस्व अनुपात | व्यक्तिगत आयकर | संस्थागत आयकर | सामाजिक सुरक्षा योगदान | मूल्य अभिवृद्धि कर | अन्य वस्तु तथा सेवामा लाग्ने कर | अन्य राजस्व |
|---|---|---|---|---|---|---|---|
| ओईसिडी औषत | ३४.१ | २४.१ | ९.० | २६.६ | २०.२ | ११.९ | ८.२ |
| एशिया फ्यासिफक औषत | १९.८ | १६.५ | १८.२ | ६.९ | २५.६ | २६.० | ६.८ |
| आसियान | १४.५ | ११.६ | २६.१ | ७.० | २२.३ | २५.४ | ७.६ |
| ल्याटिन अमेरिकी देशहरूको औषत | २१.७ | ९.४ | १५.४ | १७.० | २९.९ | २०.१ | ८.२ |
| अफ्रिका | १६.० | N/A | N/A | ८.१ | २७.८ | २२.६ | ३.८ |
| चिन | २१.० | ५.८ | २०.२ | २८.६ | २७.८ | २२.६ | ७ |
| नेपाल | १९.९९ | १०.१५ | १२.०१ | ०.७८ | ३२.९९ | ३८.७३ | ४.८३ |
| पाकिस्तान | १०.३ | ४१.७ | २२.३ | N/A | N/A | N/A | ३.१ |

| देशको नाम | कुल गार्हस्थ उत्पादन सँग राजस्व अनुपात | व्यक्तिगत आयकर | संस्थागत आयकर | सामाजिक सुरक्षा योगदान | मूल्य अभिवृद्धि कर | अन्य वस्तु तथा सेवामा लाग्ने कर | अन्य राजस्व |
|---|---|---|---|---|---|---|---|
| भूटान | १०.० | ९.२ | ५३.२ | २.९ | N/A | N/A | ३.६ |
| माल्दिभ्स | ११.५ | N/A | १७.१ | N/A | ५२.५ | २८.९ | N/A |

स्रोत: OECD Revenue Statistics in Asia and the Pacific 2023 तथा आ.रा.वि, वार्षिक प्रतिवेदन।

४३. सन् २०२० मा विश्वका विभिन्न न्यून आय, मध्यम आय र उच्च आय भएका देशहरूको प्रतिव्यक्ति आय र कुल गार्हस्थ उत्पादनसँग कर राजस्वको संरचनागत अवस्था देहाय बमोजिम रहेको छ। जस अनुसार उच्च आय भएको देशहरूमा कुल गार्हस्थ उत्पादनसँग राजस्वको अनुपात सन् २०२० मा ३२.३ प्रतिशत थियो भने सो अनुपात मध्यम आय भएको देशहरूको हकमा १८.६९ र निम्न आय भएका देशहरूको हकमा १३.०४ प्रतिशत मात्र थियो। तर नेपालको कुल गार्हस्थ उत्पादनसँग राजस्वको अनुपात १८ प्रतिशत थियो। जुन झण्डै मध्यम आय भएको देशहरू सरह छ।

**तालिका नं. ५ : आयको वर्गिकरण अनुसारको Tax to GDP and Tax Structure**

(प्रतिशतमा)

| आयको वर्गीकरण | कुल गार्हस्थ उत्पादन सँग कर राजस्वको अनुपात | व्यक्तिगत आयकर | संस्थागत आयकर | सामाजिक सुरक्षा कर | वस्तु तथा सेवाको कर | सम्पत्ति कर |
|---|---|---|---|---|---|---|
| नेपाल | १८.०० | ८.९३ | १४.१६ | ०.९९ | ३४.०८ | ०.०१ |
| LICs | १३.०४ | १७ | १८ | ८ | ५६ | १.३३ |
| MICs | १८.६९ | १४ | १९ | ११ | ५१ | २.३३ |
| HICc | ३२.३१ | २३ | १० | २४ | ३५ | ५.२६ |

स्रोत: OECD Global Revenue Statistics Database /2020

LICs- Low-income Countries, MICs – Middle Income Countries and HICs- High Income Countries

४४. विश्व कर प्रणालीमा सुधारका वर्तमान प्रवृत्तिः हालका वर्षहरूमा देखा परेको राजस्व परिचालनमा कमिका कारण वित्तीय असन्तुलन हटाउन, आर्थिक संकटबाट अर्थतन्त्रलाई पुनर्जीवित गर्न तथा वित्तीय सबलीकरण (Fiscal Consolidation) का लागि अपेक्षित रूपमा आर्थिक वृद्धि हासिल गर्न कर प्रणालीमा सामयिक सुधार अपरिहार्य हुन्छ। यिनै उद्देश्य परिपूर्तिका लागि विश्वका प्राय मुलुकहरू आ-आफ्ना कर प्रणालीमा सुधारका लागि सक्रिय रहिरहेको पाइन्छ। विश्व कर प्रणालीमा देखापरेका सुधारका वर्तमान प्रवृत्तिहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छः

(१) कर प्रणाली सुधारका लागि दीर्घकालीन सोच सहितको नीति र कर सुधारको योजना तर्जुमा गरी सोही अनुरूपका लक्ष्य, उद्देश्य र रणनीति एवं कार्यनीतिको अवलम्बन गरिएको छ।

(२) नागरिक तथा करदातामा कर प्रणाली प्रतिको विश्वासमा बृद्धि हुदै गएको र कर प्रणालीका अवयवहरूमा थप पारदर्शिता र जवाफदेहिता अभिवृद्धि भएका छन्।

(३) विकसित मुलुकहरूमा वित्त सन्तुलन र आर्थिक वृद्धिलाई कर प्रणाली सुधारको प्रमुख उद्देश्यको रूपमा निर्धारण गरिएको पाइन्छ।

(४) संस्थागत करका दरहरूमा क्रमशः कटौती गरी करको आधार एवं दायरा विस्तारमा जोड दिइएको छ भने व्यक्तिगत करका दरहरूलाई समता र व्यक्तिको एकिकृत आयमा कर

लगाउने अभ्यास भएका छन्। व्यक्तिगत आयकरमा Horizontal Equity र Vertical Equity दुवैमा जोड दिएको पाइन्छ।

(५) कर राजस्वको दिगो स्रोतको व्यवस्थापनका लागि प्रत्यक्ष कर भन्दा उपभोगमा आधारित वस्तु र सेवाको कर सङ्कलनमा प्राथमिकता दिइएको छ।कतै करका बहुदरको उच्च दर र कतै कर सुधार तथा कर सक्षमता बढाई न्यून करका दरबाट पनि राजस्व परिचालन बृद्धि गर्ने गरिएको छ। वस्तु तथा सेवामा आधारित करको रूपमा मूल्य अभिवृद्धि कर विश्वव्यापीकरण भएको छ।

(६) दिगो विकास र वातावरण संरक्षणको उद्देश्य परिपूर्तिका लागि वातावरण करको विस्तार हुँदा राजस्वको परम्परागत स्रोत परिचालनमा कमि आई राजस्व परिचालनका अन्य स्रोतहरूको खोजि र खर्च पूर्तिको लागि करका दरमा बृद्धि गर्न थालिएको छ।

(७) कर परिपालनामा प्रोत्साहन र लागत न्यूनीकरणका लागि सूचना प्रविधिमा आधारित कर प्रणालीलाई उच्च प्राथमिकताका साथ कार्यान्वयन गरिएको छ।

(८) कर परिपालनाको सुधारको लागि जोखिममा आधारित कर अनुसन्धान तथा कर परीक्षण पद्धतिको प्रभावकारी कार्यान्वयन गरी राष्ट्रिय कराधारको संरक्षण गरिएको छ। गम्भीर प्रकृतिका कर छली र योजनाका सम्बन्धमा बहुउद्धेश्यीय साझा सहकार्यको थालनी भएको छ।

(९) सामाजिक सुरक्षा योगदानलाई कर सङ्कलनको प्रमुख आधारको रूपमा विकास गरिएको छ। साथै, नगद कारोबारलाई निरुत्साहित गर्न वित्तीय कारोबारमा कर लगाउन शुरु गरिएको छ।

(१०) वासिन्दा मुलुक र आयको स्रोत रहेको मुलुक बीचको कर लगाउने अधिकारको विषय थप पेचिलो हुँदै गएको छ। साविकको स्थायी संस्थापनको अवधारणालाई विधुतीय अर्थतन्त्र र भुक्तानी प्रणालीले गर्दा पुर्नपरिभाषित गर्नुपर्ने अवस्था रहेको छ। करको आधारलाई खल्बलिन नदिन करारोपणको अधिकारको बाँडफाँट, सूचना आदान-प्रदान र आपसी समन्वय एवं सहकार्य गरी करको आधार संरक्षण गरी नाफाको हस्तान्तरणमा कानूनको माध्यमबाट राष्ट्रिय कराधारभित्र ल्याउन खोजिएको छ। विद्युतीयरूपमा हुने वस्तु र सेवाको कारोबारले गर्दा अन्तर्राष्ट्रिय कर मिलान गर्न दिने वा नदिने विषयहरूको पुनर्विचार गर्न थालिएको छ। साथै स्रोत र वासिन्दा व्यक्तिको आधारमा कर लागिरहेको विगतको सोचमा क्रमश परिवर्तन हुन थालेको छ।

(११) कर विवादको शीर्घ समाधानको लागि वेग्लै सक्षम संयन्त्र र छिटो न्याय निरूपणको प्रवन्ध गर्न थालिएको छ।

(१२) कर प्रणालीको सुधारमा मूलतः कानुनी, विद्युतीय कर प्रणाली, सक्षम तथा व्यवसायिक जनशक्ति र कार्यमूलक संगठन संरचनाको सुधारमा ध्यान दिएको छ।

(१३) डिजिटल अर्थतन्त्रलाई वैदेशिक नियन्त्रक निकाय, कारोबार स्थलको फरक स्थान तथा कृत्रिम स्थायी संस्थापन, लाभांशको बाँडफाँटमा योजना, कर सम्झौताको Treaty Shopping, मूल्यको हस्तान्तरण जस्ता माध्यमबाट हुने कर छली र योजनाका विरुद्धमा अन्तर्राष्ट्रिय एवं क्षेत्रीय सहकार्यहरूको थालनी भएको छ।

४५. **अन्तर्राष्ट्रिय कर प्रणालीमा आयकरको प्रवृति र अवस्था:** आयकरतर्फ रोजगारीमा आधारित आयकर नै प्रमुख स्रोतको रूपमा रहेको छ जसले विकसित मुलुकहरूमा कुल कर राजस्वको करिब आधा हिस्सा ओगटेको देखिन्छ। समाजमा समन्यायिक रूपमा समता कायम गर्ने उद्देश्य बोकेको व्यक्तिगत आयकरमा समेत विकसित मुलुकहरूले करको दर घटाउँदै लगेको देखिन्छ।

४६. सन् २००० मा OECD मुलुकहरूमा औषत ४४.३ प्रतिशत व्यक्तिगत आयकरको दर रहेकोमा सन् २०२२ मा ४२.५ प्रतिशत रहेको छ। हालको आर्थिक संकटको समयमा धेरै मुलुकहरूले अस्थायी रूपले उच्च आय हुने व्यक्तिहरूलाई व्यक्तिगत आयकरको दर बढाएर वा सरचार्ज लगाएर खर्च व्यवस्थापन गरेको भएपनि केही मुलुक बाहेक अन्य देशहरूमा स्थायी रूपले करको दर बढाएको देखिंदैन।

४७. विश्वब्यापी सन् २०१० पछि संस्थागत आयकरलाई आर्थिक वृद्धिमा सबैभन्दा धेरै नकारात्मक प्रभाव पार्ने करको रूपमा लिई करको दर घटाउने प्रतिस्पर्धा नै चलेको थियो। अझ कतिपय मुलुकहरूले संस्थागत आयकरको कराधारमा विभिन्न भौतिक पूर्वाधार, वातावरण संरक्षण र अनुसन्धान तथा विकास जस्ता कुरामा कर सहुलियतको उपाय समेत अबलम्बन गरेका थिए। विश्वको सन् २०२२ मा औषत संस्थागत आयकरको दर २३.३७ प्रतितशत, र जी २० का देशको २६.७७ प्रतिशत, OECD देशहरूको २३.५७ प्रतिशत,एशियाको १९.५२ प्रतिशत र साउथ अमेरिकाको सबै भन्दा बढि २८.३८ प्रतिशत रहेको छ। सन् २०२३ मा वेलायत ६ प्रतिशत र श्रीलंकाले ६ प्रतिशतले संस्थागत आयकरको दरमा वृद्धि गरेका छन् भने दक्षिण अफ्रिकाले १ प्रतिशतले घटाएको छ भने वंगलादेशले सन् २०२२ मा रहेको ३० प्रतिशतबाट २.५ प्रतिशतले कम गरी २७.५ प्रतिशतमा ल्याएको छ। यसै गरी युएईले ९ प्रतिशतको दरले सस्थागत आयकर लगाउन शुरु गरेको छ। युरोपियन तथा OECD मुलुकहरूमा सन् २००० मा संस्थागत आयकरको दर औसत ३२ प्रतिशत रहेकोमा सन् २०२३ मा २३.६ प्रतिशतमा ल्याएका छन्। एसिया प्रशान्त क्षेत्रका देशहरूले संस्थागत आयकरको दरलाई पनि घटाई सन् २००० मा ३० प्रतिशत रहेकोमा सन् २०२३ मा २०.२ प्रतिशतमा ल्याएका छन्। नेपालले पनि सबै प्रकारका आवधिक विषयक्षेत्रगत आयका आयकर छुटहरू हटाई हालको संस्थागत करको वहुकरका दरलाई समायोजन गरी क्रमश यो करको दरलाई क्रमश एशिया प्यासिफिकको औषत दरमा ल्याउनु पर्ने देखिन्छ।

४८. डिजिटल अर्थतन्त्रले ल्याएको परिवर्तन र विश्व अर्थतन्त्रमा देखिएको अन्तरनिर्भरताले गर्दा संस्थागत आयकरको संरचनामा ध्यान दिनुपर्ने अवस्था छ। खासगरी विश्वव्यापीकरण र बढ्दो आर्थिक अन्तरनिर्भरताले गर्दा कर प्रणालीमा करको बाँडफाँटको रूपमा रहेको आयको बासिन्दा र स्रोतको अवधारणालाई असाध्यै जटिल र पेचिलो बनाइदिएको छ। बहुराष्ट्रिय कम्पनीहरूको बढ्दो लगानी र प्रभावले गर्दा करारोपणको अधिकारको बाँडफाँट गर्ने सम्बन्धमा बासिन्दा र स्रोतको अवधारणा आफैमा विवादित रहँदै आएकोमा अहिलेको विधुतीय व्यापार र सहज भुक्तानी प्रणालीको जटिल बन्दै गएको छ। अपर्याप्त कानुनी प्रवन्ध, आर्थिक क्रियाकलापको सूचनाको आदान प्रदानको अभाव, कर प्रशासनको सांगठनिक एवं जनशक्तिको क्षमताको अभावमा राष्ट्रिय राजस्वको संरक्षण गर्ने कार्य जटिल बनिरहेको छ। नियन्त्रित वासिन्दा निकाय, विकासोन्मुख एवं विकासशील देशहरूको बाह्य क्षेत्रमा हुने कारोबार, दोहोरो करमुक्ति सम्झौताको दुरूपयोग, विद्युतीय अर्थतन्त्रमा (Digital Economy), निकायका हितहरूको निसर्गमा कृत्रिम संस्थापन तथा अन्तर्निहीत स्वामित्व जस्ता

विषयले अन्तर्राष्ट्रिय कर प्रणालीमा क्रमशः गम्भीर प्रकृतिका कर जटिलताहरू देखापरेका छन्। कर नियोजनको तीव्र प्रतिस्पर्धा र नियोजन गराउने देशगत प्रतिस्पर्धा देखिंदा विश्वको वित्तीय रूपरेखा (Global Fiscal Framework) पनि भत्कन सक्ने अवस्था देखिन्छ। मूल्यको हस्तान्तरण, आयको खण्डिकरण, स्थायी संस्थापनका नियमन गरी कराधारको संरक्षण, कर नियोजन र अन्तर्राष्ट्रिय कारोबारको कर सहभागिता जस्ता विषय कर कानून कार्यान्वयनका चुनौति कै रूपमा रहेका छन्। आगामी दिनमा कर कार्यान्वयन गर्ने सरकारी संस्थाहरूको बीचमा अर्थपूर्ण सहकार्य एवं कराधारको बाँडफाँटमा एउटा साझा कार्यप्रणाली व्यवस्थित गरी अन्तर्राष्ट्रिय रूपमा कर परिपालनालाई व्यवस्थित गर्दै बजारमा कर स्वच्छता, तटस्थता र दक्षता ल्याउन अन्तर्राष्ट्रिय साझा सहकार्य सहितको कर प्रणाली सुधारको कार्यसूची बन्दै गएको छ। नेपाल पनि अन्तर्राष्ट्रिय सहयोग र सहकार्यमा सहभागि भई राष्ट्रिय क्षमता बढाउन ढिला भई सकेको छ। नेपालले विश्व कर प्रणालीमा विकास भएका प्रवृति र विकास गर्न खोजिएको विषयको राष्ट्रिय सोचको आधारमा अन्तर्राष्ट्रिय कर प्रणालीमा आवद्धता भई कर सुधारमा ध्यान दिनु पर्दछ।

४९. बहुराष्ट्रिय कम्पनीहरूले कारोवार र लगानीमा निरन्तर विस्तार गरिरहेका छन्। सीमा विहिन विद्युतीय कारोबारको बढ्दो चुनौतिलाई मध्यनजर गर्दै OECD देशहरूले दुइ पिलर (Two Pillars) नियमहरूलाई G20 को २०२३ भएको बैठकबाट अनुमोदन गरी लागू गरेका छन्। विगतको उत्पतिको र बासिन्दा व्यक्तिको आम्दानीमा कर लगाउने सिद्धान्तले अहिलेको अर्थतन्त्रको Digitalization and Profit Shifting को चुनौतिलाई सम्बोधन गर्न नसकेको सन्दर्भमा प्रस्तावित पहिलो पिलरले Market Jurisdiction लाई आधार लिई नाफा बाँडफाँडको नियम बनाएको छ। दोश्रो पिलरले बहुराष्ट्रिय कम्पनीले करका दर न्यून भएका मूलुकहरूमा गर्ने Base Erosion and Profit Shifting को प्रवृत्तिलाई अन्त्य गर्न विश्वभरी नै सबै देशले वैदेशिक लगानीको आम्दानीमा न्यूनतम करको दर १५ प्रतिशत कायम गर्ने गरी नियम बनाइएको छ। यद्यपी यसबाट देशहरूको आफ्नो कर लगाउने सार्वभौम अधिकारमा अंकुश लगाउने हुँदा यी नियमहरूको परिपालना हुने नहुने विषयमा नयाँ वहसहरू भइरहेका छन्। साथै, अन्तर्राष्ट्रिय कर सम्बन्धी नीति निर्माणमा विकासशिल राष्ट्रहरूको सहभागिताको विषय कमजोर भएको पनि विकासशिल देशहरूले आवाज उठिरहेका छन्। अबको केहि दशकमा बहुराष्ट्रिय कम्पनीहरूको करारोपणमा दुई स्तम्भको (Two Pillars) समाधानको नियमहरू अन्तर्राष्ट्रिय करारोपणको लागि महत्वपूर्ण विषय बन्ने हुँदा नेपालले पनि कराधार संरक्षणका लागि डिजिटल कारोबारमा करारोपणको आधार निर्माण गर्नुपर्ने देखिएको छ। अन्तर्राष्ट्रिय तहमा हुने करको आधार र स्रोतको क्षयीकरण तथा नाफाको खण्डिकरण (Base Erosion and Profit Shifting) लाई रोक्नका लागि अन्य देशहरूसँग कर सम्वद्ध सूचनाहरूको आदान प्रदान गर्न सक्ने गरी कर प्रणालीमा कानुनी र संस्थागत प्रवन्धमा सुधार गर्नु पर्दछ।

५०. **विश्वकर प्रणालीमा अप्रत्यक्ष करको प्रवृत्ति र सुधारको अवस्था :** कोभिड १९ को संक्रमण अघिसम्म मूल्य अभिवृद्धि करलाई आर्थिक वृद्धिमा कम प्रभाव पार्ने करको रूपमा लिइएको थियो। अन्तर्राष्ट्रिय कर प्रतिस्पर्धाले गर्दा संस्थागत आयकर बढाउन भन्दा उपभोक्तामा आधारित अप्रत्यक्ष करमा बृद्धि गर्ने गरिएको छ। यूरोपेली देशहरूले मूल्य अभिवृद्धि करको दरमा वृद्धि गरेका थिए। मूल्य अभिवृद्धि करको बहुदर भएका यूरोपेली देशहरूले एकल दरमा जानुका साथै कर सहभागिता र कर सङ्कलन लागत घटाउनमा जोड दिएको पाइन्छ। सन २०२३ जुन सम्ममा विश्वका १७५ देशहरूमा यो कर लगाईएको छ। लामो समयको अध्ययन पछि भारतमा पनि २०१७ को जुलाई देखि बहुदरको

वस्तु र सेवामा आधारित मूल्य अभिवृद्धि कर लगाउन शुरु गरिएको छ। युरोपियन तथा OECD मुलुकहरूमा मूल्य अभिवृद्धि करको दर सन् २००० मा औषत १९.२ प्रतिशत, सन् २०१० मा औषत २१.६ प्रतिशत, रहेकोमा सन् २०२२ र २०२३ सम्म मूल्य अभिवृद्धि करको दर स्थिर रहि १९.२ प्रतिशतको दरमा स्थिर राखेका छन्। एसिया प्रशान्त क्षेत्रका देशहरूको औषत करको दर १२.५ प्रतिशत, सार्क देशहरूको औषत करको दर १४ प्रतिशत रहेकोमा नेपालमा करको दर शुरुका वर्षमा १० प्रतिशत भएता पनि सम्वत् २०६२ को माघ देखि १३ प्रतिशत कायम गरिएको थियो। तत्कालमा बढ्दो सार्वजनिक खर्च धान्नको लागि यो करको दरमा वृद्धि गरिएको भएता पनि हालसम्म यसलाई स्थिर नै राखिएको छ। युरोपेली तथा अन्य केही देशहरूमा यो कर बहुदरमा आधारित भएता पनि हाल एकल करको दर कायम गर्ने प्रचलन बढदै गएको छ। जापान र सिङ्गापुरले विगतमा रहेको एकल दरको करलाई हाल वृद्धि गरी क्रमशः १० र ९ प्रतिशत पुऱ्याएका छन।

५१. अप्रत्यक्ष करमा जोड दिने क्रममा अन्तःशुल्कको दर धेरै देशहरूले बृद्धि गरेका छन्। डेनमार्क, इक्वेडर, फिनल्याण्ड, घाना, आयरल्याण्ड, माल्टा, नेदरल्याण्ड, नर्वे, रसिया, स्वीडेन आदि देशहरूमा सुर्तीजन्य पदार्थमा लागेको अन्तःशुल्कको दर उच्च नै रहेका छन्। नर्वे, तान्जानिया आदि देशहरूमा मदिराजन्य पदार्थमा समेत उच्च रूपले दर वृद्धि गरिएको पाइन्छ। सुर्तीजन्य र मदिराजन्य पदार्थका अलावा स्वास्थ्यसँग सम्बन्धित उत्पादनहरूमा अन्तःशुल्क लगाउन थालिएको छ।स्वास्थ्यको लागि हानिकारक तयारी खानाहरूमा Snacks Tax/Sugar tax लगाउन थालिएको छ। वित्तीय कारोबारमा अप्रत्यक्ष कर लगाउने सन्दर्भमा भने विभिन्न देशहरूमा त्यत्ति एकरूपता देखिंदैन। अप्रत्यक्ष कर प्रणालीमा देखापरेको प्रमुख चुनौती भनेको विधुतीय प्रणालीबाट हुने कारोबारलाई कसरी कर प्रणालीमा व्यवस्थापन गर्ने रहेको छ। त्यसले गर्दा स्थानीय विक्रेता र विदेशी विक्रेता बीचको प्रतिस्पर्धाले अर्थतन्त्रमा समस्या (Distortion) आउने र व्यवसायदेखि उपभोक्तासम्म (Business2Consumer) को कारोबारबाट प्राप्त हुने मूल्य अभिवृद्धि करमा प्रभाव परिरहेको छ। व्यवसायदेखि उपभोक्तासम्मको विद्युतीय सेवाको आपूर्तिको स्थान कहाँ हुने भन्ने सम्बन्धमा हालै यूरोपेली युनियनले एउटा नियम बनाएको छ जसअनुसार जहाँ उपभोक्ता स्थापित छ वा बासिन्दा छ, त्यहाँ नै करारोपण हुनुपर्ने न कि जहाँ आपूर्तिकर्ता स्थापित छ। यसको अर्थ विदेशी सेवा आपूर्तिकर्ताले नै उपभोक्ता भएको मुलुकमा दर्ता भई मूल्य अभिवृद्धि कर बुझाउनु पर्ने भएको छ। यो व्यवस्था जापान, दक्षिण कोरिया जस्ता मुलुकहरूले लागु गरेका छन्।सेवा क्षेत्र तथा विद्युतीय व्यवसायमा यस्तो अवस्था आउन सक्दछ। नेपालको कर प्रशासनले यस क्षेत्रको राजस्व संरक्षण गर्न कानूनमा सुधार गरी कर अभिवृद्धि गर्ने प्रणाली विकसित गर्नुपर्दछ। नेपालको सेवा क्षेत्र क्रमशः खुला हुँदै जानुका साथै विश्व बजारसँग सूचना प्रणालीको अन्तर आवद्धता बढ्दै गएको छ। तसर्थ, त्यस्तो सेवाका उपभोक्ताहरू नेपाल भित्र छन् भने त्यसमा उपभोगमा आधारित करारोपण गर्ने अधिकार नेपालले राख्ने गरी कर प्रणालीमा सुधार गर्नुपर्ने देखिन्छ।

५२. **वैदेशिक व्यापारमा आधारित कर:** धेरै मुलुकहरूले अन्तर्राष्ट्रिय व्यापारमा उदार नीति अपनाएको कारणले आयात र निर्यातमा लाग्दै आएको कर माथिको निर्भरता घटाउँदै लगेका छन्। विकसित मुलुकहरूमा वैदेशिक व्यापारमा आधारित करको योगदान नगन्य छ। विकासोन्मुख र अल्प-विकसित मुलुकहरूमा भने यसको योगदान यद्यपि उल्लेखनीय नै छ। विकासोन्मुख र अल्प-विकसित मुलुकहरूमा समेत निर्यातलाई प्रोत्साहन गर्न निर्यातमा आधारित करको दर न्यून गरिएको

छ। आयातमा आधारित करको योगदान समेत घटिरहेको छ। अन्तर्राष्ट्रिय व्यापारमा आधारित करको योगदान घट्दै जाने र आन्तरिक राजस्वले त्यसको परिपूर्ति गर्न नसक्ने अवस्था सिर्जना भएमा वित्त संरचनामा गम्भीर असर पर्न सक्दछ। तसर्थ, विकासोन्मुख र अल्प विकसित मुलुकहरूमा वैदेशिक व्यापारमा आधारित करको योगदान घट्दै जाँदा आन्तरिक राजस्व परिचालनलाई राजस्वको दिगो स्रोत व्यवस्थापनको रूपमा विकास गर्ने विषय चुनौतीको रूपमा देखिएको छ।

५३. **विश्व कर प्रणालीमा नेपालको अवस्थाः** विश्व कर प्रणालीको वर्तमान परिदृश्यसँग नेपालको कर प्रणालीलाई तुलना गरी हेर्दा नेपालको समग्र कर प्रणाली समयानुकूल आधुनिक एवं विकसित हुँदै गएको पाइन्छ। सन् १९९० को दशकमा आएको विश्वव्यापीकरण तथा उदारीकरणको प्रभाव विश्व व्यापार संगठन, साफ्टा, विमेस्टेक लगायतका अन्तर्राष्ट्रिय एवं क्षेत्रीय संगठनहरूमा भएको आवद्धता र सन् १९९० को दशकपछिको पहिलो चरणको आर्थिक सुधारपछि आधुनिक कर प्रणालीको विकास भएको छ। आयकरतर्फ स्वयंकर निर्धारण पद्धतिलाई थप व्यवस्थित बनाउँदै लगिएको छ। आयकरका अन्तर्राष्ट्रिय सामयिकताका सिद्धान्तहरू अवलम्बन गरिएको आयकर ऐन, २०५८ कार्यान्वयनमा रहेको छ। त्यसैगरी, अप्रत्यक्ष करतर्फ साविकमा रहेका बिक्री कर लगायतका विभिन्न करहरूलाई प्रतिस्थापन गरी २०५४ साल मंसिर देखि मूल्य अभिवृद्धि कर लागु गरिएको छ, जुन अहिले नेपालको कर राजस्वको सबैभन्दा ठूलो स्रोतको रूपमा स्थापित भएको छ। अन्तःशुल्कतर्फ २०५८ सालमा नयाँ ऐन कार्यान्वयनमा आएसँगै भौतिक नियन्त्रण प्रणालीको सट्टा अधिकांश वस्तुहरूमा स्वयं निष्काशन प्रणाली र हालका वर्षमा सुर्तिजन्य वस्तुमा नियन्त्रित स्वयम निष्काशन प्रणाली अवलम्बन गरी कार्यान्वयन भइरहेको छ। भन्सारतर्फ वस्तु वर्गीकरण तथा भन्सार मूल्याङ्कनका आधुनिक पद्धतिहरू अवलम्बन भएको भन्सार ऐन, २०६४ कार्यान्वयनमा छ। यसका कारण अन्तर्राष्ट्रिय व्यापार सहजीकरण, सामाजिक सुरक्षा एवं राजस्व सङ्कलनमा ठूलो सघाउ पुग्न गएको छ।

५४. माथि उल्लेख गरिएका कानुनी सुधारका अतिरिक्त समयबद्ध रूपमा भइरहेका संगठनात्मक सुधार तथा कर प्रणालीका प्रक्रियामा विद्युतीय प्रणालीको अवलम्बनका कारण कर प्रणाली सरल एवं सहज हुन गई करदाता र कर प्रशासन बीचको अवैयक्तिक पहुँच अभिवृद्धि भएको छ। यसबाट करदाताको कर परिपालना लागत र कर प्रशासनको कर सङ्कलन लागत अझै बढि भएता पनि दुवै विगतको तुलनामा क्रमश कम हुँदै गएको छ। विश्व कर प्रणालीमा पछिल्लो दशकहरूमा भएको संरचनात्मक परिवर्तनको प्रभाव नेपालको राजस्व प्रणालीमा पनि देखिन्छ। कर प्रणाली सुधार गर्ने क्रममा विगतमा भन्सार महसुल र घरजग्गा रजिष्ट्रेशन कर राजस्वको प्रमुख हिस्सा रहेकोमा हाल ती करहरूको हिस्सा क्रमशः कम हुँदै गएको छ। मूल्य अभिवृद्धि करपछि आयकर, भन्सार महसुल र अन्तःशुल्क राजस्वका मुख्य स्रोतका रूपमा रहेका छन्।

५५. **करका दरहरूको तुलनाः** तालिका नं. ६ ले नेपाल र छिमेकी मुलुकहरूको संस्थागत आयकरको दरको तुलना गरेको छ। नेपालको संस्थागत आयकरको दर सार्क मुलुकहरूको तुलनामा सबैभन्दा कम भए पनि OECD र Asia Pacific को औषत दर तथा चीन र सिंगापुरको तुलनामा भने उच्च नै रहेको देखिन्छ। नेपालमा केही सेवा र मदिरा तथा सुर्तिजन्य क्षेत्रमा संस्थागत आयकरको दर ३० प्रतिशत छ। तथापि, उत्पादनमूलक, सेवा र निर्यातमूलक उद्योगहरूलाई संस्थागत आयकरमा न्यून दर (Reduced Rate) लगाइएको र कर छुट लगायतका विशेष सुविधाहरू (Tax Incentives) पनि

प्रदान गरिएको छ। विकसित मुलुकहरूमा आयकरको संरचनामा व्यक्तिगत आयकरले प्रमुख हिस्सा ओगट्ने भएपनि नेपालको आयकरको संरचनामा भने संस्थागत आयकरको हिस्सा क्रमशः बढ्दै आर्थिक वर्ष २०७९/८० मा ४७.१० प्रतिशत पुगेको छ। संस्थागत आयकरतर्फ नेपालले विगत २१ वर्षदेखि करको दरलाई स्थिर राख्ने नीति लिएको छ। साथै आयकर छुटका प्रवन्धले गर्दा राज्यको करको आधार अर्को देशमा वा देश भित्रका लगानीकर्तालाई हस्तान्त्रण भने हुन गएको छ।

**तालिका नं. ६: सन् २०२३ मा नेपाल र छिमेकी मुलुकहरूको संस्थागत आयकरको दरको तुलना**

| क्र.सं. | मुलुकको नाम | संस्थागत आयकरको दर |
|---|---|---|
| १ | बंगलादेश | २७.५ |
| २ | चीन | २५ |
| ३ | भारत | ३० |
| ४ | मलेसिया | २५ |
| ५ | सिंगापुर | १७ |
| ६ | श्रीलंका | २४ |
| ७ | थाईलैण्ड | २० |
| ८ | नेपाल | २५ |
| ९ | एसिया प्रशान्त क्षेत्र औषत | २०.२ |
| १० | ओइसिडि औषत | २३.६ |

स्रोतः सम्बन्धित देश र निकायको वेवसाइट।

५६. कर राजस्वमा वैदेशिक व्यापारमा आधारित करको हिस्सा विश्वव्यापी रूपमा घट्दै गएको भए पनि नेपालको भने भन्सार महसुलको हिस्सा आर्थिक वर्ष २०७९/८० मा २०.०४ प्रतिशत रहेको छ। विभिन्न अन्तर्राष्ट्रिय तथा क्षेत्रीय प्रतिवद्धता अनुरूप भन्सारका दरहरू समायोजन गर्दै लगेकाले भन्सार राजस्वको योगदान घट्दै गएको भएता पनि आर्थिक क्रियाकलापहरू आयातमा अत्याधिक निर्भर भएकाले अप्रत्यक्ष करका अन्य मुख्य स्रोतहरू मूल्य अभिवृद्धि कर र अन्तःशुल्कको ठूलो हिस्सा अझै पनि भन्सार बिन्दुबाट नै सङ्कलन हुने गर्दछ। नेपालको अन्तर्राष्ट्रिय व्यापार लागत र करको अवस्थालाई हेर्दा भन्सार महसुल दर अझै पनि उच्च नै रहेकोले भन्सारका दरहरू कम गरी घटाउनु पर्ने नै छ। अन्तर्राष्ट्रिय व्यापारको लागि लाग्ने समय र लागतमा सुधार आउन सकेको देखिंदैन। तसर्थ, अन्तर्राष्ट्रिय व्यापार सहजीकरणका लागि आधुनिक प्रणाली र प्रविधिको उपयोग गरी प्रक्रियागत सरलीकरण गर्नेतर्फ विशेष ध्यान दिनुपर्ने देखिन्छ।

५७. **दोहोरो करमुक्ति सम्झौता:** नेपालले आयकर ऐन, २०५८ बमोजिम संसारका विभिन्न मुलुकहरूसँग दोहोरो कर मुक्ति सम्बन्धी सम्झौता गर्दै आएको छ। हालसम्म विश्वका ११ वटा मुलुकहरूसँग यस्तो सम्झौता भएका मुलुकहरूको सूची तालिका नं ७ मा उल्लेख गरिएको छ।

**तालिका नं. ७: नेपालले दोहोरो कर मुक्ति सम्झौता गरेका मुलुकहरू**

| क्र. सं. | देशको नाम | सम्झौता मिति | कैफियत |
|---|---|---|---|
| १ | भारत | १७ नोभेम्बर २०११ | नयाँ सम्झौताबाट पुनर्स्थापित |
| २ | नर्वे | १३ मे १९९६ | |
| ३ | थाइलैण्ड | २ फेब्रुअरी १९९८ | |
| ४ | श्रीलङ्का | ६ जुलाई १९९९ | |
| ५ | मौरीसस | ३ अगष्ट १९९९ | |
| ६ | अष्ट्रिया | १५ डिसेम्बर २००० | |
| ७ | पाकिस्तान | २५ जनवरी २००१ | |
| ८ | चीन | १४ मे २००१ | |
| ९ | दक्षिण कोरिया | ५ अक्टोवर २००१ | |
| १० | कतार | १५ अक्टोवर २००७ | |
| ११ | वंगलादेश | ५ मार्च २०१९ | |

स्रोतः अर्थ मन्त्रालय, राजस्व व्यवस्थापन महाशाखा।

५८. **नेपालको कर प्रणालीले सिक्नु पर्ने र गर्नु पर्ने सुधारका क्षेत्रहरू :**विश्व कर प्रणालीसँग नेपालको कर प्रणालीलाई तुलना गर्दा पछिल्ला समयमा भएका परिवर्तन अनुरूप नै नेपालको कर प्रणाली पनि क्रमशः आधुनिक र विकसित हुँदै गएको देखिन्छ। नेपालको समग्र कर प्रणालीमा पछिल्लो दुई दशकमा भएका सुधारका कारण अर्थतन्त्रका कतिपय परिसूचकहरू कमजोर रहेको अवस्थामा समेत राजस्व सङ्कलन उत्साहजनक रूपमा वृद्धि भई कुल गार्हस्थ उत्पादनसँगको राजस्वको अनुपात उल्लेखनीय रूपमा वृद्धि हुन पुगेको थियो। यसबाट बजेट घाटा कम हुनुका साथै सार्वजनिक खर्चलाई सन्तुलित तुल्याउन महत्त्वपूर्ण योगदान पुगेको थियो। नेपालको संविधानका सबै प्रवन्धको क्रमश कार्यान्वयन गर्न, वित्तीय संघीयताको थप कार्यान्वयन, निरन्तर बढिरहेको चालू खर्च तथा अनिवार्य दायित्व, ऋण सेवाको बढिरहेको भुक्तानी र शुरु गरिएका विकास आयोजना सम्पन्न गर्न आवश्यक पर्ने स्रोतको लागि थप राजस्व परिचालन गर्नु चुनौति छ।अत नेपालको सुदृढ वित्त सरंचनाको लागि कर प्रणालीलाई सामयिक सुधार गरी सक्षम एवं उत्पादनशील बनाउनुका लागि कर सुधारको दीर्घकालीन रणनीति आवश्यक देखिन्छ।

५९. प्रत्यक्ष करतर्फ संस्थागत आयकरको दरमा कटौतीको विश्वव्यापी प्रतिस्पर्धा अनुरूप नेपालले पनि क्रमशः करका दरमा समायोजन गर्दै लगानीको वातावरणका लागि प्रयास गर्नुपर्ने हुन्छ। व्यक्तिगत आयकरमा समन्यायिकता हासिल गर्न करका दरहरूलाई समायोजन गर्दै लैजानुपर्ने देखिन्छ। विश्वव्यापीरूपमा आर्थिक कारोबार बढ्दै गएका सेवा क्षेत्र लगायतका आय आर्जनका नयाँ क्षेत्रहरूको पहिचान गरी करको दायरा विस्तार गर्नेतर्फ विशेष जोड दिनुपर्ने देखिन्छ। विद्युतीय अर्थतन्त्रलाई वैदेशिक नियन्त्रक निकाय, कारोबार स्थलको फरक, एकल तथा कृत्रिम स्थायी संस्थापन, लाभांशको बाँडफाँटमा योजना, Treaty Shopping, मूल्यको हस्तान्तरण जस्ता माध्यमबाट हुने कर छली र योजना नियन्त्रणका लागि आवश्यक कानुनी एवं नीतिगत सुधारका अतिरिक्त कर प्रशासनको क्षमता अभिवृद्धिमा विशेष जोड दिनुपर्ने देखिन्छ। त्यसैगरी बढी आर्थिक क्रियाकलाप हुने देशहरूसँग दोहोरो करमुक्ति सम्झौता गर्ने कार्यलाई राष्ट्रिय कराधारको अधिकारलाई र लगानीको बीचमा सन्तुलन

कायम गरी गर्नुपर्ने हुन्छ। कर उन्मुक्ति योजना विरुद्ध सूचनाको आदान प्रदान गर्ने विषयलाई सम्झौतामा समावेश गर्नुपर्ने देखिन्छ। बढ्दो सामाजिक सुरक्षा खर्च धान्ने गरी दिगो स्रोतको सुनिश्चितता गर्न सामाजिक सुरक्षा करसम्बन्धी विद्यमान साघुँरो व्यवस्थाको सट्टा अन्तर्राष्ट्रिय अभ्यासमा रहेको जस्तो सामाजिक सुरक्षा कर लागु गर्न आवश्यक छ।

६०. नेपालको कर प्रणालीमा अन्तर्राष्ट्रिय करका क्षेत्रमा आयकर र भन्सार कानुनहरूमा रहेका सीमित कानुनी प्रवन्धले विश्व वजारमा खुला भएको पुँजी, प्रविधि, श्रम र व्यापारलाई नियमन तथा सहजीकरण गर्न सक्दैन। यसका लागि नेपालको राष्ट्रिय आर्थिक हितलाई प्रवर्द्धन गर्ने र कराधारको संरक्षण गर्न सक्ने गरी कर कानून र कर प्रणालीलाई सुदृढ गर्नु पर्ने देखिन्छ। साथै विद्युतीय व्यापारले ल्याएको वस्तु तथा सेवाको उपयोग बापत हुने विद्युतिय भुक्तानीको चुनौतिको सम्बोधन गर्न मूल्य अभिवृद्धि कर कानूनमा पनि अन्तर्राष्ट्रिय असल अभ्यासका आधारमा कानुनी सुधार र संस्थागत सहयोगका अवधारणा समेतको कानुनी प्रवन्ध गर्नु पर्ने हुन्छ। माथि विश्लेषण भएका विषयहरूको आधारमा कर सम्झौताहरूको र विद्यमान आयकर कानूनको कार्यान्वयनको प्रभावकारिताको आलोकमा कर सम्झौताहरूको अध्ययन गरी पुनरावलोकन गर्नु बाञ्छनीय छ। नेपालको कराधारको संरक्षणका लागि कराधिकारको बाँडफाँट, करको दर र छुट दिने पद्धतिबारे नेपालको आर्थिक हित अनुकूल हुने गरी दृष्टिकोण तय गरिनु पर्दछ। साथै सूचनाको आदान प्रदान तथा कर विवादको समाधानको लागि गरिने पारस्पारिक सम्झौताको कार्यविधिको बारेमा नेपालले विज्ञ जनशक्ति र संस्थागत प्रवन्धमा सुधार गर्नु पर्दछ।

६१. विश्वव्यापी रूपमा वस्तु तथा सेवामा आधारित करलाई राजस्व सङ्कलनका दृष्टिले सबैभन्दा भरपर्दो र अनुमानयोग्य करका रूपमा लिने गरिन्छ। नेपालले वस्तु तथा सेवामा आधारित करको रूपमा मुख्य गरी मूल्य अभिवृद्धि करलाई विगत २६ वर्षदेखि अवलम्बन गर्दै आएको छ। राजस्व सङ्कलनका दृष्टिले सबैभन्दा ठूलो स्रोतको रूपमा रहेको मूल्य अभिवृद्धि करको दायरा विस्तार गर्नु सबैभन्दा ठूलो चुनौतीको रूपमा देखापरेको छ। तसर्थ, कर छुटका वस्तु तथा सेवाको सूचीलाई क्रमशः घटाउँदै लगि करको दायरामा नरहेका वस्तु तथा सेवा क्षेत्रहरूलाई समेत क्रमशः करको दायरामा ल्याउनुपर्ने आवश्यकता देखिन्छ।

६२. अप्रत्यक्ष करको अर्को महत्त्वपूर्ण करको रूपमा रहेको अन्तःशुल्कलाई विशेष किसिमका वस्तु तथा सेवामा मात्र सीमित गरी सूचना प्रविधिको उपयोगको माध्यमबाट क्रमशः पूर्णरूपमा स्वयं निष्काशन प्रणालीमा लैजान उपयुक्त हुन्छ। भन्सार महसुलतर्फ भन्सारका दरहरूलाई दीर्घकालमा तीनवटा स्ल्याबमा ल्याउनुपर्ने देखिन्छ। खुला सीमानका कारण हुन सक्ने चोरी पैठारीलाई नियन्त्रण गरी औपचारिक अन्तर्राष्ट्रिय व्यापारको परिमाण बृद्धि गर्न आवश्यक देखिन्छ।


६३. नेपालको कर प्रणालीलाई विश्व कर प्रणाली अनुरूप सुधार गर्दै लैजान माथि उल्लेखित नीतिगत एवं कानुनी सुधारका अतिरिक्त प्रकियागत एवं प्रशासनिक सुधारको पनि आवश्यकता पर्दछ। आधुनिक प्रविधि एवं विद्युतीय माध्यमको उपयोगबाट कर प्रशासनको प्रक्रियागत सरलीकरण गर्नुका साथै सूचना सञ्जालको निर्माण गरी सूचनामा आधारित अनुसन्धान एवं परीक्षण पद्धतिको उपयोग गर्न सकिएमा करदाताको कर परिपालना लागत तथा अन्तर्राष्ट्रिय व्यापार लागत घट्नुका साथै कर प्रशासनको कर सङ्कलन लागतमा समेत कमी आई नेपालले अवलम्बन गरेको स्वयंकर प्रणालीलाई थप प्रभावकारी बनाउँदै लैजान सघाउ पुग्ने देखिन्छ।

## परिच्छेद - ४ विद्यमान राजस्व प्रणालीको अवस्था र सुधारको आवश्यकता

६४. नेपालको राजस्वको प्रमुख स्रोतको रूपमा कर राजस्व रहेको छ। विगत ४५ वर्ष देखि कर संरचनाको अध्ययन गर्दा विक्रम सम्वत् २०५० पछि करका संरचनामा अनुकूल सुधार भएको देखिन्छ। यस पछिका वर्ष देखि नेपालको कर प्रणाली विश्व कर प्रणाली अनुकूल हुँदै करको आधार र दायराहरू फरकिलो हुँदै गएको थियो। विगत तीन वर्षको तथ्याङ्क विश्लेषण गर्दा नेपालको कुल राजस्वको ९० प्रतिशत भन्दा वढी अंश कर राजस्वले ओगटेको देखिन्छ भने बाँकी हिस्सा गैर कर राजस्वले लिएको छ। कर राजस्वका प्रमुख स्रोतहरूमा मूल्य अभिवृद्धि कर र त्यसपछि आयकर, भन्सार तथा अन्तःशुल्क रहेका छन्। कुल गार्हस्थ उत्पादनसँग कर राजस्वका प्रमुख स्रोतहरूको अनुपातलाई माथि चित्र नं. ४ मा देखाइएको छ। विक्रम संवत् २०६८ साल पछिको परिदृष्य हेर्दा राजस्वमा प्रथम योगदान दिने करमा क्रमशः मूल्य अभिवृद्धि कर, आयकर, भन्सार र अन्तःशुल्क रहेको छ। यी चारै किसिमका कर राजस्वहरूमा आर्थिक वर्ष २०७९/८० मा असामान्य रूपमा कमि आएको देखिन्छ। विगतका दुई वर्ष देखि मूल्य अभिवृद्धि करको सङ्कलनमा कमी आएको देखिन्छ। साथै, आयकर विगतका तीन वर्ष देखि लगातार कम सङ्कलन हुँदै आएको पाइन्छ। भन्सार राजस्वमा पनि विगत दुई वर्षमा लगातार कमि आएको छ भने अन्तःशुल्कमा समेत पछिल्ला वर्षमा न्यून राजस्व परिचालन भएको देखिन्छ। यसरी कर राजस्वको परिचालनमा कमी हुनुमा कोभिड-१९ पछिको अवस्था र विश्व अर्थतन्त्रमा देखिएको संकटको असरको प्रभाव नेपालको अर्थतन्त्रमा समेत देखिएकोले ऐतिहासिक रूपमा गत वर्ष राजस्व परिचालन कमजोर देखिएको छ। साथै, विगत तीन चार वर्ष देखि समष्टिगत अर्थतन्त्रमा आएका नकारात्मक असरको कारणले पनि यस्तो प्रभाव पर्न गएको हो।

६५. **कर राजस्वमा आएको संरचनात्मक परिवर्तनलाई** तलको चित्र नं ८ मा प्रस्तुत गरिएको छ। विगतमा कुल राजस्वमा ३४ दशमलव ६ प्रतिशत (वि.सं.२०३६) योगदान गरेको भन्सार राजस्व हाल २० प्रतिशतमा रहेको छ। विगतमा ४ दशमलव ७ प्रतिशत (२०३२) योगदान रहेको आयकर हाल आएर कुल राजस्वमा २६ दशमलव ७ प्रतिशत रहेको छ। मूल्य अभिवृद्धि कर लागु भएको साल (२०५४) मा यसको कुल राजस्वमा योगदान २६ दशमलव ९ प्रतिशत रहेकोमा आर्थिक बर्ष २०७९/८० मा ३२ दशमलव ७ प्रतिशत रहेकोले यो कर राजस्व परिचालनको प्रमुख स्रोतको रूपमा रहेको छ। यसरी कर राजस्वमा संरचनात्मक परिवर्तनले राजस्व परिचालनको दिगो आधार लिदै गएको देखिन्छ। आर्थिक उदारीकरण तथा निजीकरणको नीतिको कार्यान्वयनबाट अर्थतन्त्रको विस्तार र कर सुधारका चरणवद्ध कार्यक्रमको कार्यान्वयनले राजस्व परिचालनमा उल्लेख्यरूपमा संरचनात्मक परिवर्तन ल्याएको छ। यो संरचनात्मक परिवर्तन सकारात्मक नै रहेको छ। बिक्रीकर लगायतका अन्य करलाई मूल्य अभिवृद्धि करले प्रतिस्थापन गर्नु, आधुनिक आयकर प्रणालीको लागि गरिएको कानुनी सुधार र प्रशासनिक सुधारका कारणले मूल्य अभिवृद्धि कर र आयकरको राजस्व परिचालनमा योगदान वढेको देखिन्छ।

**चित्र नं. ७: कर राजस्वका शीर्षकहरूको कुल राजस्वमा हिस्सा**




स्रोतः आर्थिक सर्वेक्षणको आँकडामा आधारित रहेर समितिले गरेको रचना

६६. **गैर कर राजस्वको** योगदान कुल राजस्वमा आर्थिक वर्ष २०५९/६० सम्म १५ देखि २६ दशमलव ९ प्रतिशत सम्म रहेको देखिन्छ। यसपछिका वर्षहरूमा क्रमशः राजस्वमा कम योगदान रहदै आएकोमा आर्थिक वर्ष २०७७/७८ सालमा ६ दशमलव ८ प्रतिशत र आर्थिक वर्ष २०७९/८० मा ८ दशमलव २ प्रतिशत रहेको छ।

६७. कर प्रणालीमा रहेका कमी कमजोरीहरूमा निरन्तर सुधारको आवश्यकता रहन्छ। समग्र राजस्व तथा कर प्रणालीको प्रभावकारी कार्यान्वयनमा देखिएका विभिन्न नीतिगत, प्रणालीगत, संरचनागत, व्यवहारगत लगायतका समस्याहरूलाई देहायमा उल्लेख गरिएको छ:

(१) राजनैतिक तथा नीतिगत अस्थितरताले गर्दा लगानी र उत्पादनमुखी कर प्रणालीको विकास गर्न सकिएको छैन।

(२) करका दरहरू, कर कानुनका कानुनी प्रवन्धहरू र कर प्रणालीका सारभुत प्रक्रियागत व्यवस्थामा सालबसाली आर्थिक ऐनबाट परिवर्तन हुने एवं एक पटकको संशोधनले कानुन नै संशोधन गर्ने गरेकोले कर प्रणालीका सुधारका प्रयासहरू सार्थक बन्न सकेका छैनन्। यसबाट कर प्रणाली अस्थिर बन्न गएको छ। यस्तो अभ्यासले गर्दा जनप्रतिनिधित्वको अनुमोदनबाट मात्र कर लगाउने संवैधानिक मान्यतामा समेत असर पर्न गएको छ।

(३) व्यक्तिगत आयकरका दर र संस्थागत करका छुट दरलाई स्थिर बनाउन सकिएको छैन। भन्सारका दरहरूलाई पुनर्संचना गर्न नसक्दा अप्रत्यक्षरूपमा नेपालको अर्थतन्त्रको लागत र उपभोगको लागतमा वृद्धि भएको छ।

(४) मूल्य अभिवृद्धि कर ऐन, आयकर ऐन, अन्तःशुल्क ऐन, भन्सार ऐन लगायतका कानुन तथा नियमहरू लागु भएको लामो समयसम्म पनि ऐनद्वारा व्यवस्था गरिएका समग्र कानुनी प्रवन्धको कार्यान्वयन हुन नसक्दा करको आधार र दायरमा वृद्धि हुन सकेको छैन।

(५) करका दरहरूको निर्धारण गर्दा कर तटस्थता, राजस्व जोखिम र अर्थतन्त्रमा पर्न सक्ने प्रभावको अध्ययन तथा आंकलन विना नै नीतिगत परिवर्तन हुने गरेकोले अर्थतन्त्रमा कर प्रणाली तटस्थ वन्न सकेको छैन। यसबाट सरकार प्रति नीजिक्षेत्र र नागरिकको विश्वाशमा वृद्धि हुन सकेको छैन।

(६) विश्व अर्थतन्त्र र अर्थतन्त्रको संरचनामा देखिएका संरचनात्मक परिवर्तनको आधारमा कराधारको संरक्षण, करको नयाँ क्षेत्रहरूको पहिचान गरी करको दायरा विस्तारको लागि कर कानुनहरूमा समय सापेक्ष रूपमा सुधार समयमै हुन सकेको छैन।

(७) नेपालभित्र आयात हुने वस्तु र नेपालमा उत्पादन हुने औद्योगिक र अन्तःशुल्कजन्य वस्तुहरूको मूल्य, उत्पादन र लेवलिङ्ग सम्बन्धी राष्ट्रिय मापदण्डको अभाव रहेको र कार्यान्वयन पक्ष कमजोर रहेको। साथै अन्तशुल्कको सिद्धान्त भन्दा बाहिर गई वस्तुमा अन्तशुल्क लगाउदा कर प्रणाली बोझिलो र अर्थतन्त्रको लागत बढ्न गएको छ।

(८) भन्सार महसुल दरवन्दीलाई आन्तरिक उत्पादनको संरक्षण, अर्थतन्त्रको लागत कम गर्ने, राजस्व जोखिम कम हुने गरी अध्ययन तथा विश्लेषणका आधारमा भन्सारका दरहरू निर्धारण गर्न सकिएको छैन। भन्सारका दरहरू निकासी प्रवर्द्धन अनुकूल बनाउन र निकासी तथा पैठारी हुने माल वस्तुको मूल्य घोषणा समेत यथार्थपरक हुन सकेको छैन। सीमापार अनधिकृत चोरी निकासी पैठारीलाई नियन्त्रण गर्न सकिएको छैन्।

(९) आर्थिक क्रियाकलापका सूचनाहरूको सङ्कलन भण्डारण तथा विश्लेषण गर्न एकीकृत करदाता सूचना प्रणालीको (Tax Information Management System -TIMS) विकास हुन सकेको छैन। करदाताको वास्तविक अवस्था थाहा पाउने गरी करदाताको एकीकृत जोखिम पत्ता लगाउने प्रणाली र Artificial Intelegence –AI प्रयोगको प्रणाली र विधिको शुरु गर्न नसक्दा कर जोखिम व्यवस्थापनमा सुधार र कराधारमा वृद्धि हुन सकेको छैन।

(१०) कर प्रणालीलाई राष्ट्रिय कराधार संरक्षण तथा विस्तार गर्न सक्ने गरी सुदृढ गर्न नसक्दा अपेक्षित राजस्व सङ्कलन हुन सकेको छैन। आर्थिक कारोबारका भुक्तानीलाई नगदमा हुने भुक्तानी (Cashless) लाई कम गरी वैकिङ्ग प्रणालीबाट भुक्तानी हुने गरी सुधारको प्रयास शुरुवाती अवस्थामा रहेको हुँदा अनौपचारिक अर्थतन्त्रलाई करको दायरामा ल्याउन सकिएको छैन।

(११) कर प्रणालीमा करदाताको व्यवसाय दर्ताको एकीकृत प्रणालीको विकास नहुँदा र व्यवसाय दर्ता र बहिर्गमन वा समापनका कार्य अत्यन्त बोझिलो तथा झन्झटिलो भई नेपालको व्यवसायिक वातावरण लगानीमैत्री हुन नसकेको गुनासो यथावत नै रहेको छ। यसबाट कर प्रणालीलाई थप पारदर्शी र जवाफदेही पनि बनाउन सकिएको छैन।

(१२) राजस्व शीर्षकहरूमा सुधार गरी एकल राजस्व खाता प्रणालीको विकास नहुँदा कर दाखिला र लेखाङ्कन प्रणालीमा सुधार हुन सकेको छैन। करदाताको बढी रकम समय मै फिर्ता पाउने तथा तिर्नु पर्ने कर रकममा मिलान गर्न नपाउदा करदाताको व्यवसायिक लागत बढेको र

राजस्व सङ्कलन र क्षेत्रगत राजस्व सङ्कलनको अध्ययन विश्लेषण गरी राजस्वको प्रक्षेपण गर्न सकेको छैन।

(१३) करदातालाई दिने सेवालाई मानव सम्पर्करहित बनाई विद्युतीय प्रणालीबाट पूर्णरूपमा दिन सकेको छैन। करदाताले अपेक्षा गरे अनुरूपको व्यापार सहजीकरण, सेवा प्रवाहलाई छिटो छरितो, गुणस्तरीय मर्यादित सेवाको अनुभूति गर्न सकेका छैनन्।

(१४) करका विवादको शीघ्र समाधानको उपाय र स्थायी समाधानको संयन्त्रको अभाव रहेको छ। करदाताका कर विवादका विषयहरूको न्यायिक निरूपणले लामो समय लिएको र निरूपण भएका विषयको फछ्र्यौटको कार्य समयमै सम्पन्न हुन सकेको छैन।

(१५) कर प्रणालीमा करदाताको दर्ता र करको बक्यौता सङ्कलनको कार्य प्रभावकारी हुन नसक्दा कर अनुपालनामा यसले प्रभावकारिता वृद्धि गर्ने कार्यमा कर प्रणालीको ठूलो कमजोरी रहेको देखिन्छ।

(१६) गैर कर सङ्कलन गर्ने सम्वन्धमा आवश्यक पर्ने छाता नीति र कानुनको अभाव रहेको छ। गैर करका दरहरू निर्धारण गर्ने नीति र दरहरूलाई सामयिक गर्ने कार्य आवधिकरूपमा भएको पाईदैन। गैर करको निर्धारण फाईदाको सिद्धान्त तथा तिर्न सक्ने क्षमता तथा लागत परिपूरुणको आधारमा बैज्ञानिक ढंगले तय गर्नु पर्ने कार्यको शुरु नै भएको छैन।

(१७) समग्र राजस्व परिचालन गर्ने उद्देश्यले नेपाल सरकारका संस्थाहरू (SOEs) लाई कार्यशील पुँजीमात्र कोषमा राखी अन्य वचत रकम सरकारी प्राप्तिको रूपमा सरकारको सञ्चित कोषमा दाखिला गर्न सकिएको छैन।

(१८) सार्वजनिक वस्तुको अनुमति तथा नियामक निकायबाट दिईने अनुमतिका दस्तुर पनि अध्यावधिक समय सापेक्ष हुन सकेका छैन। साथै, यस प्रकारका अनुमति दिदा वोलकोबलको प्रतिस्पर्धाका माध्यमबाट उपलव्ध गराउने कार्य हुन सकेको छैन।

(१९) गैर करको सङ्कलनका लागि विशिष्टिकृत निकायको र आवश्यक जनशक्तिको अभाव रहेको छ।

(२०) संविधान विपरितका कोषहरू सञ्चालन गर्न दिएको र त्यस्ता कोषमा अत्यधिक रकम वचत भएको देखिन्छ। वचत रकम सरकारको प्राथमिकताको क्षेत्रमा विकास वित्तको रूपमा लगानी हुन सकेको छैन। कानुन भन्दा बाहिर गई गैर करका दरहरू निर्धारण हुने गरेको छ। यस्ता कोषका रकमहरू सरकारी ऋणपत्रमा भन्दा बैंकको मुद्धति निक्षेपमा लगानी भएकोले सरकारले विकास वित्तको लागि प्रयोग हुन नसकेको र कति रकम छ भन्ने हिसाव पनि यकिन भएको छैन।

(२१) आधुनिक कर प्रशासनको व्यवस्थापन तथा सञ्चालन गर्ने विशिष्टिकृत संरचना, ज्ञान, सीप र शैक्षिक योग्यता भएको जनशक्ति भर्ना गर्ने प्रणाली र कर संगठनमा टिकाई राख्ने नीतिको अभाव रहेको छ।

(२२) करदाता संख्या, कार्यबोझ र राजस्व सङ्कलनको करदेयी सम्भाव्यतासँग सामञ्जस्यता हुने गरी कर्मचारीको दरवन्दी र कार्यविशिष्टिकरणको लागि संगठन पुनर्संरचना हुन नसक्दा सेवा प्रवाहमा गुणस्तर कायम हुन सकेको छैन्। जनशक्ति विकास योजना र कार्यान्वयन पक्ष कमजोर छ।

(२३) कर प्रणालिको सरलिकरणको लागि र कर जोखिम व्यवस्थापन गर्ने सूचना प्रविद्यी र कर प्रणाली सुधारका क्षेत्रका कार्यक्रममा र भौतिक पूर्वाधारमा लगानी कमि हुँदा कर प्रणालीका सुधारका कार्य कमजोर भएका छन्।

(२४) विगतमा राजस्व परिचालन वृद्धि तथा कर प्रणालीलाई जवाफदेही र उत्तरदायी बनाउन शुरु गरिएको कार्यसम्पादन प्रणालीका आधारमा सञ्चालन गरिएको नवप्रवर्तनमा आधारित संगठन प्रणाली र सो को लागि कर्मचारीलाई नतिजामा आवद्ध भई दिएको कार्यसम्पादन प्रोत्साहन प्रणाली वन्द गर्दा कर प्रणाली भित्र खस्किदो सदाचार र नतिजाको सुनिश्चितताहरू समेत विग्रिएका छन्।

(२५) जनशक्तिको क्षमता विकास हुन सकेको छैन। जनशक्ति वजार सँग प्रतिस्प्रर्धी भई कर व्यवहार गर्न सक्षम वन्न सकेको छैन। कर्मचारीको काम प्रतिको उत्प्रेरणा कमजोर भएको छ। शिथिल कर्मचारीको कारण कर प्रणाली क्रमश बोझिलो बन्न गएको छ।

(२६) आन्तरिक अनुगमन र नियन्त्रण प्रणाली कमजोर देखिएको छ। अनुगमन तथा मूल्याङ्कनबाट औंल्याइएका सकारात्मक पृष्ठपोषणलाई कार्यान्वयन गर्ने तत्परता पनि देखिएको छैन्।

६८. नेपालको कर प्रणालीको आधुनिक विकासको क्रमदेखि नै धैरै प्रकारका विषयगत क्षेत्रका कर संरचनाको विकास गरिएको भएता पनि विक्रम सम्वत् २०४८ पछिको आर्थिक सुधारको प्रारम्भ देखि नै कम करका शीर्षकमा कर लगाई करको उत्पादकत्व र कर दक्षता अभिवृद्धि गरिएको थियो। हालका केहि वर्ष देखि समान स्वरूपको करको उद्देश्य भएता पनि अर्को कुनै प्रकारको कर तथा शुल्क लगाउने गरिएको छ। नेपाल सन् २०२६ मा अल्पविकसित देशबाट स्तरोन्नती हुने र सन् २०३० भित्र नै दिगो विकास लक्ष्य हासिल गर्ने राष्ट्रिय लक्ष्य रहेको छ। साथै, जतिसक्दो छिटो नै मध्यम आय भएको मुलुकमा पुग्ने गरी राष्ट्रिय विकासको गन्तव्य निर्धारण समेत गरिएको छ। यस सन्दर्भमा कर नीति र कर सुधारका योजना बनाउँदा दिगो तथा फराकिलो राजस्व आधार निर्माण गर्नु पर्दछ। कर प्रणालीलाई सरल र अनुमानयोग्य बनाउने, कर सङ्कलनको लागत कम गर्ने, धैरै करका शीर्षकबाट भन्दा कम करका शीर्षकबाट कर लगाउने, तिन तहका सरकारका बीचमा करहरू एकआपसमा नदोहोरिने गरी सहकार्य गर्ने र तिनै तहका सरकारले न्यायोचित करका दरबाट नेपालको वित्त संरचनालाई सुदृढ हुने गरी करको स्वरूपको निर्धारण गर्न उपयुक्त हुन्छ। मौजुदा कानुनी व्यवस्थाको कर प्रणालीको स्वरूपलाई अर्को १० वर्ष सम्म कार्यान्वयन गर्ने र त्यस पछिका वर्षमा यसको अध्ययन गरी थप सुधार गर्न सकिन्छ।

६९. तीब्ररूपमा आर्थिक विस्तार गरी नेपालको अर्थतन्त्रको आकारलाई आगामी ५ वर्षमा रू. ८३ खर्ब ३६ अर्ब (स्रोतः स्रोहो योजनाको अवधारणा पत्र) आधारमा अर्को १५ वर्ष भित्रमा करिब रु २०० खर्ब पुऱ्याउने गरी वृद्धि गर्नु पर्ने भएकोले अन्तर्राष्ट्रिय व्यापारबाट कर सङ्कलन गर्ने हालको नीतिमा परिवर्तन गरी उत्पादन र लगानीको आयबाट राजस्व परिचालन गर्ने नीतिको विकास गर्न जरुरी देखिन्छ। राजस्व परिचालनको हालको अवस्थामा कर परिपालनामा समेत सुधार नभएको, अनौपचारिक अर्थतन्त्रको आकारमा कम हुने गरी पनि परिवर्तन समेत नआएको र स्वैच्छिक कर परिपालनामा समेत अपेक्षित सुधार नभएकोले समग्र कर नीति, प्रणाली र प्रशासनमा दिगो र प्रभावकारी सुधार गर्न संघीय, प्रादेशिक तथा स्थानीय कर नीति समाहित गरी एक राष्ट्रिय कर नीतिको निर्माण गर्नु आवश्यक छ। फराकिलो दिगो र उच्च आर्थिक वृद्धिका लागि अर्थतन्त्रको लागत कम गर्ने गरी अन्तर्राष्ट्रिय व्यापार र वस्तु र सेवामा लाग्ने अप्रत्यक्ष करका दरहरूमा

पुनरावलोकन गरी घटाउदै लैजानु पर्ने हुन्छ। सबै प्रकारका वस्तु र सेवालाई उचित करका दरहरूको माध्यमबाट करको दायरामा ल्याउनु पर्ने हुन्छ। वित्तीय पहुँच बढाई सबै प्रकारका आर्थिक कारोबारको भुक्तानीलाई पूर्णत नगद विहिन बनाई अर्थतन्त्रको औपचारिकिकरण गर्ने गरी वित्तीय क्षेत्रको सुधार गर्नुपर्ने हुन्छ। संघको राजस्व सङ्कलनको मूल आधार व्यक्तिगत आयकर. संस्थागत आयकर, सामाजिक सुरक्षा योगदान र मूल्य अभिवृद्धि करलाई बनाउनु पर्दछ। यसका साथै सरकारले सामाजिक सुरक्षा र वातावरणको संरक्षणको लागि यस क्षेत्रमा लगाउने करका सक्षमता पनि पुनरावलोकन गरी दिगो आन्तरिक वित्तको लागि राजस्वको स्रोत बनाउनु पर्दछ। नेपालले उच्च मध्यम आयमा पुग्ने गरि राष्ट्रिय विकासको लक्ष्य लिएको छ। यो लक्ष्य हासिल गर्न पुग्ने गरी संघीय का साथै प्रादेशिक र स्थानीय कर नीतीहरूको संरचना (framework revenue policy) तर्जुमा गरिनु पर्दछ। यस्तो राष्ट्रिय राजस्व नीतिले एकिकृत कर प्रशासन तथा दोहोरो नपर्ने गरी करको दायराको विस्तार गर्दै संविधानको भावना अनुकूल तीन तहका सरकारहरू बीच पारस्परिक सहयोग र कर साझेदारीलाई प्रोत्साहन हुने गरी नीतिहरू तय गर्नु पर्दछ।

७०. नेपाल हाल न्यून आयको अवस्थामा रहेकोले अबको ७ वर्ष भित्रमा न्यून मध्यम आय भएको देश र त्यस पछिको ५ वर्षमा मध्यम आय भएको देश र त्यपछिको ८ वर्ष भित्रमा उच्च मध्यम आयमा पुग्ने किसिमको आर्थिक नीति र सोहि अनुरूपको कर प्रणालीको विकास गर्नु पर्दछ। नेपालले विश्वमा विकास भएको प्रविधि र खुला भएको पुँजी र प्रविधिको उपयोग गरी छोटो समयमा नै अर्थतन्त्रको आकारमा उच्च तथा दिगोरूपमा वृद्धि गर्न सक्नु पर्दछ। पछिल्लो समयमा नेपालको राजस्व परिचालनको अवस्थामा कमि आएको देखिएता पनि अघिल्ला करिब १५ वर्षहरूमा राजस्व परिचालनको दिगो आधारको विकास भएको थियो।

# परिच्छेद - ५ आयकर प्रणालीको अवस्था र सुधारका आयाम

## पृष्ठभूमि

७१. कुनै पनि व्यक्ति (प्राकृतिक र कानुनी) ले रोजगारी, व्यवसाय र लगानी लगायतका क्रियाकलापमा संलग्न भई वा नभई आर्जन गरेको रकमलाई मुनाफा, लाभ वा आय भनिन्छ। आयमा लाग्ने करलाई नै आयकर भनिन्छ। यसका साथै कुनै प्रतिफलको आस गरी वा नगरी गरिएको लगानीबाट समेत कुनै आकस्मिक लाभ भएमा पनि त्यो लाभमा आयकर लाग्दछ। नेपालमा विक्रम संवत् २०१६ सालबाट मुनाफा र पारिश्रमिक आयमा कर लगाउन शुरु भएको देखिन्छ। आयकर ऐन, २०१९ र आयकर नियमावली,२०२० लागु भए पछिका वर्षहरूमा कानुनमा आधारित भएर उच्च संस्थागत र व्यक्तिगत करका दरहरूबाट कर असुल उपर गर्ने गरिएको थियो। आयकर ऐन,२०३१ देखि न्यायिक मन भएको कर कानुनको तर्जुमा र कार्यान्वयन, प्रगतिशीलताका लागि उच्च करका दरहरू, कर विवाद निरूपणको लागि कानुनी तथा संस्थागत प्रवन्ध, कर परीक्षकको नियमनकारी भूमिका, आधुनिक अनुमानयोग्य कर नीतिको पूर्व तयारी, स्वैच्छिक कर अनुपालनाका लागि स्वयं कर निर्धारण प्रणाली, सक्षम कर प्रणालीको लागि व्यवसायिक संगठन संरचना र जनशक्तिको कार्य विशिष्टिकरण, लगानीमैत्री कर प्रणाली निर्माणका लागि कर सुधारको चरणमा बहु करका दरहरूको कटौति र करका दरहरूको विवेकपूर्ण छनौट जस्ता विधिको उपयोग गरी कर सुधारमा जोड दिएको थियो। समकालीन विश्व कर प्रणाली अनुरूपको आयकर ऐन, २०३१ तथा आयकर नियमावली, २०३९ को सामयिक कानुनको रूपमा कार्यान्वयन गरी आयकर प्रणाली लाई आर्थिक वर्षमा आवद्ध गरिएको थियो। आर्थिक वर्ष २०३४/३५ मा आयकरको कर गणना प्रयोजनका लागि कर छुटको सीमामा (Standard Deduction) एकल र दम्पती छनौटको व्यवस्था गरिएको पाईन्छ। यस समयमा आयकरका दरहरू १०, १५, २०, २५, ३०, ४०, ५० र ५५ प्रतिशत सम्मका ८ वटा दरबाट कर सङ्कलन गरिएको थियो। आर्थिक समायोजनको कार्यक्रममा नेपाल समावेश भए पश्चात आर्थिक सुधारको कार्यक्रम कार्यन्वयनमा ल्याउनुको साथै कर प्रणाली सुधारले पनि उच्च प्राथमिकता पाएको देखिन्छ।

७२. पुँजी बजारको विकासको लागि आर्थिक वर्ष २०४३/४४ मा सेक्यूरिटि खरिद बिक्री केन्द्रमा दर्ता भएका कम्पनी तथा सरकारी संस्थानलाई ४० प्रतिशत संस्थागत आयकरको दर तोकिएको थियो। २०४८ सालको आर्थिक ऐनबाट सरकारी संस्थान र पब्लिक लिमिटेड कम्पनीलाई स्वयं कर निर्धारण प्रणालीमा आबद्ध गरिएकोमा आयकर ऐन, २०३१ को संशोधन मार्फत आर्थिक वर्ष २०४८/०४९ बाट आयकरमा स्वयं कर निर्धारण गर्ने प्रणालीको शुरुवात गरिएको थियो। आर्थिक वर्ष २०४९/५० मा प्राईभेट कम्पनीलाई पनि व्यक्तिगत आयकर सरहको प्रगतिशील करको दर रहेकोमा आर्थिक वर्ष २०५०/५१ देखि संस्थागत करको दर अनुसार कर लगाउने गरिएको थियो। साझेदारी फर्मलाई आर्थिक वर्ष २०५२/५३ देखि व्यक्तिगत करको दरको सट्टामा संस्थागत आयकर लगाउन थालियो। आर्थिक वर्ष २०४९/५० मा उच्च दरका आयकरका दरहरू घटाउने क्रममा व्यक्तिगत आयकरको दरलाई ५० प्रतिशतबाट घटाई ४० प्रतिशत र संस्थागत आयकरको दरलाई ४० प्रतिशतबाट घटाई ३५ प्रतिशत कायम गरिएको थियो। यसै समयबाट नै आय कर सङ्कलनको लागत कम गर्ने उद्देश्यले अग्रिम आयकर कट्टी गर्ने प्रणालीको थालनी गरियो। साथै आर्थिक वर्ष २०५४/५५ देखि चालु वर्षमा कर तिर्ने प्रणाली लागु गरिएको थियो। यस समयमा

आर्थिक सुधारका कार्यक्रम लागु भएकाले आधुनिक कर प्रणालीको विकासको लागि सुधार योजनाका पूर्व तयारीसँग सम्बन्धित कार्यहरू भएको पाईन्छ।

**कर सुधारका आयामहरू:**


७३. विश्व कर प्रणालीसँग सामञ्जस्यता कायम हुने गरी नयाँ आयकर ऐन, २०५८ र आयकर नियमावली, २०५९ कार्यान्वयनमा ल्याईएको थियो। यो कानुन राष्ट्रिय कराधारको संरक्षण गर्न सक्ने सक्षम कानुनको रूपमा स्थापित हुनुको साथै राष्ट्रिय कराधारको संरक्षण र करका अधिकारको बाँडफाँटका लागि विभिन्न देशहरूसँग कर सम्झौता गरीकार्यान्वयनको थालनी पनि गरिएको छ। आयकर प्रणालीमा सूचना प्रविधिको प्रयोग गरी करमा दर्ता, कर विवरण दाखिला र विद्युतीय भुक्तानीमा आधारित कर प्रणालीको थालनी, कर जोखिम व्यवस्थपनको लागि एकीकृत कर परीक्षण तथा अनुसन्धान प्रणालीको विकास, कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणालीको व्यवस्था, गुणस्तरीय करदाता सेवाको सुनिश्चितता, राजस्व परिचालनको विद्यमान अवस्थामा सुधार, अनुमानयोग्य कर फिर्ता प्रणालीको शुरुवात, विभिन्न करका विषयहरूको कार्यान्वयनमा सहजीकरणको लागि प्रक्रियागत सरलीकरण, ठूलो कारोबार भएका करदाताको सेवाको लागि छुट्टै व्यवस्था, आन्तरिक राजस्वको परिचालनमा सुधार गर्न आन्तरिक राजस्व विभागको संगठनको पुर्नगठन गरिएको थियो। आन्तरिक राजस्वका संगठनहरूलाई आर्थिक केन्द्रहरूमा विस्तार, जनशक्तिको व्यापक वृद्धि, करका पूर्वाधारमा ठूलो लगानी, राजस्व प्रशासनको नेतृत्वको लागि राजस्व सचिवको व्यवस्था, निजी तथा सरकारी संयन्त्रको रूपमा राजस्व परामर्श समितिको व्यवस्था गरिएको थियो। यस समयमा भएका कर प्रणालीका सुधारले गर्दा कुल गार्हस्थ उत्पादनसँग राजस्व तथा कर राजस्वको अनुपात दक्षिण एशियामा नै सबै भन्दा बढी र एशिया प्रशान्त क्षेत्रमा पनि नेपालको कर राजस्व परिचालन उच्च नै रहेको पाईन्छ। संस्थागत तथा व्यक्तिगत आयकर दुवैको दर २५ प्रतिशत रहेकोमा पछिल्ला वर्षमा समता एवं प्रगतिशील कर प्रणालीको विकास र विस्तारको लागि व्यक्तिगत आयकरको दरमा वृद्धि गरी ३९ प्रतिशत सम्म पुर्‍याइएको छ। यसै समयमा नेपालमा पनि सामाजिक सुरक्षा करको अवधारणा शुरु गरिएको थियो।

७४. कर प्रशासनको सक्षमता अभिवृद्धिका लागि कर जोखिम व्यवस्थापन गर्न जोखिम सूचकको व्यवस्था र सूचकका आधारमा जोखिम रणनीतिको कार्यान्वयन, करका लागि आवश्यक पर्ने आर्थिक सूचनाको सङ्कलन र उपयोग, कर चुहावट नियन्त्रणको लागि सुदृढ अन्तर निकाय समन्वय एवं सहकार्य, स्वैच्छिक कर अनुपालनाको अभिवृद्धिको लागि उच्चस्तरको करदाता सेवाको व्यवस्था, करको विवाद निरूपणको लागि तीन तहको कानुनी व्यवस्था, करको दर्ता, कर विवरणको दाखिला, करको भुक्तानी, करका प्रतिवेदन र कर फिर्ता जोखिमको व्यवस्थापन गर्न प्रभावकारी कानुन र सक्षम संगठन, अन्तर्राष्ट्रिय कर प्रणालीका स्पष्ट कानुनी व्यवस्था र बढ्दो अन्तर्राष्ट्रिय सहकार्य तथा साझेदारीमा गरिएको प्रयासबाट नेपालको कर प्रणालीको विश्व कर प्रणालीसँग सामाञ्जस्यता कायम हुन सकेको छ। कर सुधारलाई निरन्तरता दिई कर प्रणालीलाई सक्षम र जवाफदेही बनाउन जरुरी देखिन्छ। विश्व कर प्रणाली तथा आर्थिक क्षेत्रमा देखिएका नवीनतम परिवर्तनलाई नेपालको कर प्रणालीले आत्मसात गर्दै जानु पर्ने नै हुन्छ।

### आयकर प्रणालीको स्थिति विश्लेषण

७५. **आयकर राजस्वको सापेक्षित महत्व:** विगत १० वर्षमा संस्थागत तथा व्यक्तिगत आयकर सङ्कलनको प्रवृतिको विश्लेषणका क्रममा आर्थिक वर्ष २०७०/७१ मा कुल गार्हस्थ्य उत्पादनसँग आयकर राजस्वको अनुपात ३ दशमलव ४९ प्रतिशत, कुल राजस्वमा आयकर सङ्कलनको सापेक्षित महत्व २१ दशमलव ८६ प्रतिशत, कर राजस्वमा २५ दशमलव ३ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७९/८० मा यस्तो अनुपात क्रमशः ४ दशमलव ६४ प्रतिशत, २६ दशमलव ८ प्रतिशत र २८ दशमलव ८३ प्रतिशत रहेको छ। नेपालको कर प्रणालीको शुरुवातको चरणमा यस्तो अनुपात अत्यन्त कम रहेको थियो। कर प्रणालीमा विगतमा गरिएका सुधारले गर्दा आयकर राजस्व परिचालनको प्रमुख स्रोतको रूपमा क्रमशः स्थापित हुँदै गएको छ।


**चित्र नं. ८: आयकर राजस्वको सापेक्षित महत्व**




स्रोत: आर्थिक सर्भेक्षण तथा आन्तरिक राजस्व विभाग

७६. **आयकर राजस्वमा संस्थागत र व्यक्तिगत आयकरको** अनुपात हेर्दा व्यक्तिगत आयकरको अनुपात क्रमशः बढदै गएको देखिन्छ। यसलाई देहायको चित्रमा प्रस्तुत गरिएको छ।

**चित्र नं. ९: व्यक्तिगत र संस्थागत आयकर बनोट**




स्रोत: आर्थिक सर्भेक्षण तथा आन्तरिक राजस्व विभाग

**नेपालको प्रचलित आयकरको व्यवस्थाः**

७७. आयकर ऐन, २०५८ ले समग्र आयमा आधारित भएर कर लगाउने व्यवस्था गरेको भएतापनि यसलाई पूर्ण रूपले अङ्गिकार गर्न नसकिएकाले नेपालको कर प्रणालीलाई समग्र प्रणालीतर्फ उन्मुख मिश्रित प्रणालीको रूपमा लिन सकिन्छ। आयका ४ वटा शीर्षकमध्ये रोजगारी, व्यवसाय र लगानीका शीर्षकबाट भएका आयलाई समग्र आयमा आधारित भएर कर लगाइएको छ भने देशभित्र आर्जित पुँजीगत लाभकर, ब्याज कर, लाभांश कर, बहाल आयकर, आकस्मिक लाभकर शीर्षकबाट भएका आयमा स्रोतगत आधारमा कर लगाउने व्यवस्था रहेको छ।

**लगानीमैत्री करको अवस्था र आयकर छुटका व्यवस्थाः**

७८. मुलुकको समग्र आर्थिक तथा सामाजिक पक्षलाई ध्यान दिई आयका विभिन्न शीर्षकमा वा निश्चित प्रकृतिको व्यवसाय वा स्थान विशेषलाई ध्यानमा राखि निश्चित मापदण्डका आधारमा कर छुट दिने व्यवस्था विश्वव्यापी रूपमा प्रचलनमा रहेको छ। आयकर ऐन, २०५८ ले तत्कालीन समयमा कार्यान्वयनमा रहेका करीब पन्ध्र प्रकारका ऐनका प्रावधानलाई पूर्ण वा आंशिक रूपमा खारेज गरी आयकरमा दिइने कर छुट सम्बन्धी सबै व्यवस्थालाई यसै ऐनमा नै समावेश गरिएको थियो। यो कानुनलाई सर्वोच्च कानुनको रूपमा ल्याईएको थियो र यो मान्यता यथावत छ। यस्ता छुट सुविधाहरू प्राकृतिक व्यक्ति विशेषलाई दिइने छुट र व्यावसायिक स्वरूप अनुसारको निकायगत हिसावले दिइने छुट तथा सुविधाहरू रहेका छन्। ऐन कार्यान्वयनको लामो समयसम्म विधिसम्मत रूपमा कानुनको परिमार्जन नगरी सालबसाली आर्थिक ऐनको माध्यमबाट कानुनको संशोधन गर्ने, कर छुटका विषय र क्षेत्रको अध्ययन अनुसन्धान नै नगरी माग नभएको अवस्थामा समेत आयकर कानुनमा कर छुटका व्यवस्थालाई निरन्तर थप गर्दै लगिएको छ। यस्ता थप-घटका कारणले गर्दा तुलनात्मक अध्ययन र राजस्वको स्रोत परिचालनको थप वा घटको अनुमान र औचित्य प्रमाणित नगरी पूर्ण तथा आंशिक कर छुट दिने प्रचलन शुरुको वर्षमा भन्दा पछिल्ला वर्षमा बढेको देखिन्छ। यसरी दिएको आयकरको आवधिक, पूर्ण वा आंशिक प्रकृतिको छुटले अर्थतन्त्रको विकास एवं विस्तार र व्यवसायको उत्पादकत्वमा तात्विक तथा सारभूत सुधार भएको छैन। व्यवसाय गरेर नाफा भए पछि मात्र उपयुक्त दरको संस्थागत वा व्यक्तिगत कर लगाउने र नोक्सानी भएको अवस्थामा पछिल्ला वर्षमा सार्न पाउने व्यवस्था, कर छुट भन्दा खर्चकट्टी दिने, पुँजीगत खर्च कट्टीको व्यवस्था, अध्ययन एवं अनुसन्धान, प्रदुषण नियन्त्रण, द्रुत दरको ह्रास खर्च दिने जस्ता विश्व कर प्रणालीमा बढी मात्रामा अभ्यास रहेका विषयले व्यवसायको सुरक्षा हुनुको साथै लगानीको लागि समेत उत्प्रेरणा प्रदान गर्दछ।

७९. कर तटस्थता (Tax Neutrality) को सिद्धान्त विपरित आर्थिक ऐनका माध्यमबाट आयकर ऐनमा पटक पटक संशोधन गरी दिने गरिएको कर छुट र कर निर्धारण भएको कर रकमलाई सालबसाली आउने आर्थिक ऐनबाट कर छुट दिने प्रचलनमा भएको वृद्धिले स्वैच्छिक कर अनुपालनालाई गिजोल्नुको साथै कर कानुन कार्यान्वयनको पक्ष फितलो हुँदै गएको अवस्था छ। यसरी नियोजितरूपमा गरिने कर छुटका प्रबन्धले करको आधारलाई क्रमशः क्षयीकरण गर्नुको साथै दीर्घकालमा कराधार नै लुप्त हुने खतरा हुन्छ। खुला बजार प्रणालीमा कर तटस्थता कायम गर्न नसक्दा व्यवसायगत अराजकता उत्पन्न हुनुको साथै अर्थतन्त्रको प्रतिस्पर्धी क्षमता घट्न जान्छ। यस्ता आवधिक छुटले वैदेशिक प्रत्यक्ष लगानीका आयोजनालाई नेपालमा रहेको कम करको दरबाट

कर तिरी उक्त रकम अन्तर्राष्ट्रिय कर मिलानको रूपमा कर मिलान गर्न पाउने सुविधाबाट वञ्चित हुन गई करदातालाई बढी कर लाग्ने र नेपालको कराधार अर्को देशमा हस्तान्तरण हुन सक्ने खतरा सिर्जना हुन्छ। बहुराष्ट्रिय कम्पनीको लागि यस्तो कर छुटको विधि भन्दा कर कट्टी गर्न पाउने विधि लगानीका लागि अनुकूल रहने सन्दर्भमा नेपालको कर नीति र कर सुधारको योजना यस विषयलाई सम्बोधन गर्न चुकेको देखिन्छ।

८०. लगानी तथा पुर्नलगानीको लागि वित्तीय उत्प्रेरणा, लगानीको सुरक्षा तथा संरक्षण, लगानीका लागि विवेकशील ब्याजदर तथा कर्जा प्रवाहमा सहज पहुँच, व्यवसायको स्वरूप अनुरूपका सुविधा सम्पन्न पूर्वाधार विस्तारमा सरकारको लगानी र सहयोग, सुस्पष्ट करारोपणको क्षेत्र, प्रतिस्पर्धी एवं स्थिर करका दर र आधार, तटस्थ कर नीति र कानुनको प्रत्याभूति, संस्थागत करको दर अन्य देशको भन्दा तुलनात्मक रूपमा कम गर्ने, कर सहभागिता लागत कम गर्ने र व्यवसायको शुरु तथा समापनसम्मका प्रक्रियालाई सरल एवं सहज हुने गरी कर प्रणालीमा गरिने सुधारका प्रवन्धले लगानीको परिमाण तथा गुणस्तरमा वृद्धिको सुनिश्चितता गर्दछ। यसका अतिरिक्त व्यवसाय प्रवर्द्धन र वस्तु तथा सेवाको अनुसन्धान तथा विकासको काममा सहयोग पुग्ने गरी कर नीति तय गर्दा निजी क्षेत्रको लगानीमा वृद्धि हुन सक्दछ।

८१. **आयकर छुटको अवस्था तथा विश्लेषणः** आयकर ऐन, २०५८ को शुरुवातको चरणमा ऐनको कार्यान्वयनको सिलसिलामा करका दर तथा सहुलियतलाई सीमित गरिएको थियो। आन्तरिक राजस्व विभागले हालै गराएको कर खर्च सम्बन्धी अध्ययन प्रतिवेदन, २०२४ अनुसार मौजुदा आयकरका प्रवन्धबाट आर्थिक वर्ष २०७८/०७९ मा आयकर खर्चमा करीब रू.७६ अर्ब ३४ करोड कर छुट हुन गएको छ। कुल गार्हस्थ उत्पादनसँग कर खर्चको अनुपात करिब १ दशमलव ५५ प्रतिशत रहेको अनुमान गरिएकोमा आयकर ऐन, २०५८ को दफा ११ का विभिन्न ४७ प्रकारका कर सहुलियत तथा छुटका प्रवन्धबाट यस आर्थिक वर्षमा रू.५५ अर्ब ९१ करोड कर खर्च भएको अनुमान छ। यस्तो प्रकारको कर खर्च तथा छुटले व्यवासाय तथा अर्थतन्त्रको विस्तार र रोजगारीका अवसर सिर्जनामा अपेक्षित योगदान गर्न नसकेकोले यस्ता कर उत्प्रेरणा सम्बन्धी नीतिहरूको पुनरावलोकन गर्न आवश्यक छ। यसका साथै समग्र कर प्रणालीबाट उपलब्ध लगानीमैत्रीसँग सम्बन्धित वित्तीय उत्प्रेरणाका विषयमा एकीकृत रूपमा अध्ययन हुन जरुरी देखिन्छ।

८२. **आयकरको एकीकृत तथा स्रोतगत व्यवस्था (Global vs Scheduler System)** : व्यक्तिले विभिन्न स्रोतबाट प्राप्त गरेकाआय आर्जनको करारोपणसँग यो अवधारणा सम्बन्धित छ। परम्परागत हिसावले लगाइने करमा आयका स्रोतको खण्डीकरण गरी कर लगाइने प्रचलन बढी थियो भने आधुनिक कर प्रणालीमा सबै स्रोतलाई एकीकृत गरी कर लगाइने प्रचलन बढदै गएको छ। यसबाट आयमा समानता कायम गर्न सहयोग पुग्ने भएतापनि केही आयको हकमा कर सहभागिता तथा कर सङ्कलन लागतका आधारमा स्रोतगत रूपमा अन्तिम कर कट्टी हुनुपर्ने अभ्यासलाई निरन्तरता दिइएको छ।

८३. **आयकरको एकीकृत व्यवस्थाः** आयमा देखिएको असमानतालाई दृष्टिगत गरी सन् १९४३ देखि विश्व कर प्रणालीमा एकीकृत आयमा कर लगाउने प्रणालीको थालनी भएको थियो। आयकर ऐन, २०५८ को कार्यान्वयन मार्फत एकीकृत आयमा कर लगाउने पद्धतिको अवलम्बन गरिएको थियो। व्यक्तिले जुनसुकै शीर्षक अन्तर्गत आय आर्जन गरेता पनि ती सबै आयलाई एकीकरण गरी कर लगाउने पद्धतिलाई एकीकृत व्यवस्था भनिन्छ। सबै आयलाई एकीकृत गरिने भएकाले खर्च कट्टी गर्न पाउने

रकम पनि एउटै शीर्षकमा राखिन्छ। यो विश्वव्यापी रूपमा बढी प्रचलनमा रहेको व्यवस्था हो। एक भन्दा बढी रोजगारी गर्ने वा रोजगारी र व्यवसाय गर्नेले नेपालमा पनि नियमित रूपमा आय विवरण बुझाई एकीकृतरूपमा कर तिर्ने व्यवस्था गरिएको छ। रोजगारीको आयको रूपमा पारिश्रमिक तथा बोनस लगायतको सुविधालाई समावेश गरिने र बहाल, लाभांश, ब्याज, पुँजीगत लाभलाई लगानीको आयमा समावेश गरिने प्रचलन रहेको छ। नेपालमा यस्तो आयमा एकीकृतरूपमा कर लगाउने गरी आर्थिक वर्ष २०७३/७४ देखि बार्षिक रु. ४० लाख भन्दा बढी आय हुनेले करको विवरण पेश गर्ने प्रणालीको शुरुवात यसै प्रयोजनका लागि गरिएको भएतापनि कार्यान्वयन पक्ष कमजोर रहेको छ। नेपाल मध्यम आय भएको देशको रूपमा स्तरोन्नति हुने सन्दर्भमा समयानुकुल कर प्रणालीको विकास तथा विस्तारको माध्यमबाट कर सहभागिता र कर सङ्कलन लागत कम गर्ने प्रयोजनार्थ स्रोतगत करको सट्टा क्रमिक रूपमा एकीकृत कर प्रणालीमा रूपान्तरण गरी कर लगाउन श्रेयस्कर हुने देखिन्छ।

८४. **आयकरको स्रोतगत व्यवस्था :** यो स्रोत वा आयको प्रकृतिको आधारमा कर लाग्ने सिद्धान्त भएकाले कुनै पनि व्यक्तिको विभिन्न शीर्षकबाट प्राप्त भएको आयलाई एकीकृत नगरी व्यवसाय वा आयको प्रकृतिको आधारमा भिन्न भिन्न स्रोतको आयमा भिन्ना भिन्नै कर गणना गरी फरक फरक दरले कर लगाउने पद्धतीको रूपमा चिनिन्छ। यसमा खर्च कट्टी गर्न पाउने शीर्षक पनि अलग अलग हुन्छन। जस्तैः प्राकृतिक व्यक्तिको लगानीको आय गणना गरी लाभको निर्धारण गर्ने, वैठक भत्ताको कर गणना, ब्याज आयको गणना र घर बहाल आयको कर गणना यस विधि अन्तर्गत पर्दछन। यदि यस्ता स्रोतगत आयको अनुपातमा कर सङ्कलन लागत बढी हुने अवस्थामा करलाई अन्तिम कर कट्टी हुने प्रणाली भित्र नै राखि कर सङ्कलन गर्न उपयुक्त हुन्छ।

८५. **Pay As You Earn- PAYE** र **स्रोतमा कर कट्टी (भुक्तानीमा कर कट्टी)ः** कर लाग्ने कारोबार गर्ने व्यक्तिलाई आयकरको दायरामा ल्याउन एवं आय आर्जनकै बखत PAYE कर सङ्कलन गर्ने उद्देश्यले स्रोतमा कर कट्टी गर्ने प्रवन्धहरू आयकर ऐनमा राख्ने प्रचलन विश्वव्यापीरूपमा नै रहेको छ। कर सङ्कलन लागत कम गर्नका लागि पनि यो प्रणाली अवलम्वन गरिएको हुन्छ। यसरी भुक्तानीकै समयमा अर्थात स्रोतमा नै कर कट्टी हुने भएकाले यसलाई भुक्तानी (स्रोत) मा नै करकट्टी (Tax Deduction at Source, TDS) भनिन्छ। यो सामान्यतया भुक्तानीका बखत कर सङ्कलन गर्ने TDS औजारको रूपमा लिई अन्तिम कर मिलानको सुविधा नपाउनेगरी कर सङ्कलन पनि गर्ने गरिन्छ। केही भुक्तानी गर्दा लाग्ने कर रकम भुक्तानी प्राप्त गर्नेबाटै कट्टा गरिने हुँदा यसलाई Withholding Tax र आय गर्दाकै बखतमा कर तिरिने भएकाले यसरी कर तिर्ने अवधारणालाई Pay As You Earn (PAYE) भनिन्छ।यसको कार्यान्वयनका केही उदाहरणहरू देहायानुसार रहेका छन्ः

(१) **रोजगारदाताबाट कर कट्टी :** रोजगारदाताले कामदार वा कर्मचारीलाई आय वर्षमा भुक्तानी गर्नु अगावै सो कर्मचारी वा कामदारले वर्ष भरी प्राप्त गर्न सक्ने रकमको गणना गरी मासिक रूपले समानुपातिक आधारमा कर कट्टा गरी दाखिला गर्नु पर्दछ।

(२) **लगानी प्रतिफल र सेवा शुल्कको भुक्तानी गर्दा कर कट्टी :** बासिन्दा व्यक्तिले नेपालमा स्रोत भएका विभिन्न लाभ वा प्रतिफल भुक्तानी गर्दा त्यस्तो भुक्तानीमा विभिन्न दरले अग्रिम कर कट्टी गर्नु पर्ने व्यवस्था आयकर ऐनमा गरिएको छ। यस्तो दर १.५ प्रतिशत देखि २५ प्रतिशत सम्म रहेको छ।

(३) **ठेक्का वा करारको भुक्तानी गर्दाको कर कट्टी :** बासिन्दा व्यक्तिले सामान्य बीमा प्रिमियमको भुक्तानी वा ठेक्का वा करार बापत ५० हजार रुपैयाँ भन्दा बढीको रकम भुक्तानी गर्दा भुक्तानी गर्नुपर्ने कुल रकमको १.५ प्रतिशतका दरले कर कट्टी गर्नु पर्ने व्यवस्था रहेको छ।

८६. **पैठारीका बखत वा सेवाको भुक्तानीकै बखत अग्रिम आयकर लिने व्यवस्था :** अग्रिम कर कट्टी गर्नु पर्ने प्रत्येक व्यक्तिले प्रत्येक महीना समाप्त भएको २५ दिन भित्र विवरण र कट्टी गरिएको कर दाखिला गर्नु पर्ने, कर कट्टी नगरी भुक्तानी दिएको अवस्थामा उक्त म्यादभित्र कर दाखिला नभएमा कर कट्टी हुने व्यक्तिलाई समेत जिम्मेवार बनाइएको छ। निजले उल्लिखित अवधि पश्चात पन्ध्र दिनभित्र सो कर दाखिला गर्नु पर्ने व्यवस्था रहेको छ। केही शीर्षकमा गरिएका भुक्तानीमा अग्रिम कर कट्टा गरेको कर रकम नै अन्तिम कर हुने र यस्तो आय तथा करलाई आय विवरणमा समावेश गर्नु नपर्ने व्यवस्था पनि आयकर ऐनले गरेको छ। त्यसै गरी अग्रिमकर कट्टी गर्नु नपर्ने भुक्तानीलाई पनि आयकर ऐनले स्पष्ट गरेको छ।

८७. आर्थिक ऐन, २०७५ देखि खाद्यान्न लगायतका तरकारी र फलफूलमा पैठारीकै बखत आयकर सङ्कलन गर्ने गरी कारोबारमा नै २ दशमलव ५ प्रतिशतका दरले अग्रिम आयकर सङ्कलन गर्न थालिएको छ। यस्तो कारोबारमा कर सङ्कलन गर्दा व्यवसायीले यस्तो करलाई खर्चको रूपमा कट्टी गर्न सक्ने हुँदा वस्तु तथा सेवाको मूल्य वृद्धि भई आय कर प्रणाली गम्भीर रूपमा प्रभावित हुने अवस्था रहन्छ। आर्थिक वर्ष २०७५/७६ मा ६ सय ४८ करदाताबाट रु ३२ अर्ब ५० करोड ३८ लाखको आयात मूल्यमा रु.१ अर्ब ६२ करोड ७६ लाख अग्रिम आयकर सङ्कलन भएकोमा आर्थिक वर्ष २०७९/८० मा १ हजार १४३ करदाताबाट रु. ५६ अर्ब ५३ करोड ३४ लाखको आयात मूल्यमा रु.२ अर्ब ३१ करोड ९७ लाख अग्रिम आयकर सङ्कलन भएको देखिन्छ। कर प्रणालीको सक्षमताको लागि यस्तो कर लगाउने प्रणालीमा थप पुर्नविचार गर्नुपर्ने देखिन्छ।

**तालिका नं. ८: भन्सारमा अग्रिम कर संकलन हुने करदाता र कर रकम**

| आर्थिक वर्ष | करदाताको संख्या | कारोबार रकम (रू.लाखमा) | अग्रिमकर रकम (रू.लाखमा) |
|---|---|---|---|
| २०७५/७६ | ६४८ | ३२५०३८ | १६२७६ |
| २०७६/७७ | १३५२ | ५५४९३१ | २१२२८ |
| २०७७/७८ | १५५३ | ६९४९०४ | २६६७९ |
| २०७८/७९ | १३७७ | ७३७०९५ | २८१७९ |
| २०७९/८० | ११४३ | ५६५३३४ | २३१९७ |

स्रोतः भन्सार विभाग

८८. **चालु वर्षको आयमा चालु वर्षमै कर दाखिला गर्ने व्यवस्था :** आर्थिक वर्ष २०५४/५५ बाट चालु वर्षको आयमा तोकिएका करदाताबाट सोही आय वर्षमा नै कर लिने प्रचलन नेपालमा शुरु गरिएको थियो। आयकर ऐन, २०५८ ले आय प्राप्त गर्दाका बखत प्राप्त हुने आयका आधारमा कर तिर्नु पर्ने सिद्धान्त PAYE लाई आत्मसात गरेको छ। अग्रिम कर कट्टीको व्यवस्था, अनुमानित कर विवरण र सो बमोजिमको अनुमानित कर दाखिला गर्ने व्यवस्था यसै सिद्धान्तको जगमा आधारित रहेको छ। पूर्वानुमानित कर तिर्ने साना करदाता बाहेकका सबै करदाताले आय प्राप्त गर्दाकै बखत सो बापत लाग्ने कर भुक्तानी गर्ने हुँदा करको बोझ महसुस गर्नु नपर्ने मान्यतामा यो आधारित रहेको छ।

करदाताले किस्ताबन्दीमा कर तिर्न पाउनेर सरकारले पनि तत्कालै कर प्राप्त गरी सरकारको वित्त प्रणालीलाई अनुमानयोग्य एवं सुदृढ बनाउन सक्ने भएकाले यो प्रणाली विश्व कर प्रणालीमा सन् १९९० को दशक पछि प्रयोगमा आएको थियो। आयकर ऐन, २०५८ ले चालु वर्षको आयलाई तीन किस्तामा कर बुझाउने व्यवस्था गरेको छ। सोही आय वर्षको लागि अनुमान गरिएको आय र सोको कर गणनाको आधारमा पौष महिनाको अन्त्यसम्म अनुमानित करको ४० प्रतिशत, चैत्र महिनाको अन्त्यसम्म अनुमानित करको ७० प्रतिशत र आषाढ महिनाको अन्त्यसम्म अनुमानित कर गणना बमोजिमको शत प्रतिशत रकम दाखिला गर्नु पर्ने व्यवस्था गरेको छ। करदाताले कर गणनाको क्रममा विगतको कर मिलान हुन नसकी बाँकी भएको कर रकम र अग्रिम करकट्टी भई दाखिला भएको कर रकम समेत सोही आय वर्षमा तिर्नु पर्ने तत् समयको किस्ता दाखिला गर्दा कर मिलान गर्न पाउने व्यवस्था रहेको छ।

८९. **पूर्वानुमानित करः** निश्चित सीमासम्मको कारोबार गर्ने करदातालाई आय विवरण र कर दाखिलाको प्रक्रिया सरलीकृत गर्ने उद्देश्यले आयकर बापत तोकिएको रकम तिर्नुपर्ने व्यवस्था गरिएको छ। यसबाट साना करदाताको व्यावसायिक र कर प्रशासनको सङ्कलन लागत घटने हुन्छ। आयकर ऐन, २०५८ मा वार्षिक कारोबार रु बीस लाख रुपैया र आय दुई लाख भन्दा कम हुने देहायका क्षेत्रमा ब्यवसाय गर्ने प्राकृतिक व्यक्तिका हकमा वार्षिक करको दायित्व निर्धारण गरेको आर्थिक ऐन, २०७८ द्वारा संशोधन गरी यो रकमलाई रु.३० लाखमा वृद्धि गरिएको छ। महानगरपालिका/उप-महानगरपालिका क्षेत्रमा रु.७५००/- नगरपालिका क्षेत्रमा रु.४०००/-, अन्य क्षेत्रमा रु.२५००/- रहेको छ।

९०. **कारोबारमा आधारित करः** पूर्वानुमानित कर बुझाउने बाहेकका वार्षिक रू.१ करोडसम्मको कारोबार गर्ने करदाताले कारोबारमा आधारित कर तिर्ने व्यवस्था आयकर ऐन, २०५८ ले गरेको छ। यसलाई कारोबारमा आधारित कर (Turnover Tax) पनि भनिन्छ। कारोबारमा आधारित करको दर देहाय अनुसार रहेको छ।

(१) ग्यास, चुरोट लगायतका तीन प्रतिशतसम्म कमिशन वा मूल्य थप गरी वस्तुको कारोबार गर्ने व्यक्तिलाई तीस लाख रुपैयाँभन्दा बढी पचास लाख रुपैयाँसम्म कारोबार रकमको शून्य दशमलव दुई पाँच प्रतिशत र पचास लाख रुपैयाँभन्दा बढी एक करोड रुपैयाँसम्म कारोबार रकमको शून्य दशमलव तीन प्रतिशत,

(२) खण्ड (क) मा उल्लिखित व्यवसाय बाहेकको व्यवसाय गर्ने व्यक्तिलाई तीस लाख रुपैयाँभन्दा बढी पचास लाख रुपैयाँसम्म कारोबार रकमको एक प्रतिशत र पचास लाख रुपैयाँभन्दा बढी एक करोड रुपैयाँसम्म कारोबार रकमको शून्य दशमलव आठ प्रतिशत,

(३) सेवा व्यवसाय गर्ने व्यक्तिलाई कारोबार रकमको दुई प्रतिशत।

९१. **न्यूनतम वैकल्पिक कर (Minimum Alternate Tax-MAT) को अवधारणाः** करदाताको वित्तीय विवरण सारभूत रूपमा नाफामा रहनु तथा प्राप्त लाभको ठूलो अंश लाभांशको रूपमा भुक्तानी गरिएको देखिएतापनि आयकरसँग सम्बन्धित कानुनी प्रावधान बमोजिम प्राप्त हुने कर छुट, खर्च कट्टी एवं सहुलियत लगायतका कारणले गर्दा कम्पनीको कर दायित्व नदेखिने वा न्यून गरिने सम्भावना भएकाले कम कर तिर्ने वा कर नतिर्ने कम्पनीलाई कर तिर्नु पर्ने गरी करको दायरमा

ल्याउने नै यसको मुख्य उद्देश्य रहेको हुन्छ। आयकर कानुन बमोजिम कम्पनीलाई लाग्ने आयकरको दरलाई सामान्य कर दायित्वको रूपमा बुझिन्छ। नेपालमा मूल्य अभिवृद्धि करको कारोबारमध्ये ५२ प्रतिशत कारोबार करको दायरा बाहिर रहेकोले र अन्य कर लाग्ने कारोबारमा पनि लामो समय सम्म आयकर छुट तथा सहुलियत दरमा करारोपण हुँदै आएको छ। निकाय र व्यवसायिक व्यक्तिका विवरणहरू यथार्थ र सही नहुँदा सरकारले नाफा भएको अवस्थामा मात्र कर प्राप्त हुने मौजुदा व्यवस्थाले उपयुक्त एवं यथार्थपरक कर राज्यले प्राप्त गर्न सकिरहेको छैन। समितले गरेको संक्षीप्त अध्ययनको आधारमा पनि नेपालमा यो कर लगाउन उपयुक्त हुने देखिएको छ। समाजमा कर तटस्थता र समता कायम गर्नपनि करारोपन आवश्यक हुन्छ। यो करलाई आयकरको अभिन्न अङ्गको रूपमा विकास गर्नु पर्ने देखिन्छ। नेपालले पनि विगत केही वर्ष देखि कारोबारमा आधारित आयकर लगाउदै आएको छ। करदातालाई कर तिर्ने सहज वातावरण बनाउन जरुरी छ। समितिले भारतको यो कर प्रणालीको सम्वन्धमा गरेको अध्ययन यहाँ प्रस्तुत गरिएको छ।

९२. **भारतमा अभ्यासः** कम्पनीबाट शुरू गरिएको वैकल्पिक न्यूनतम कर (AMT) को अवधारणालाई क्रमिक रूपमा न्यूनतम वैकल्पिक कर (MAT) को नाममा केही समय पछि बाँकी रहेका अन्य करदातालाई पनि यस अन्तर्गत समेटिएको थियो। कुनै कम्पनीको रूपमा दर्ता रहेको करदाता कुनै समयमा नाफामा रहेतापनि आयकर कानुन बमोजिम प्राप्त हुने विभिन्न प्रकारका छुट, खर्च कट्टी, ह्रास खर्च कट्टी लगायतका खर्च कट्टीका कारण कर दायित्व घटाएको हुन सक्ने वा कुनै पनि समयमा कर दायित्व तिर्नु नपर्ने गरी प्रवन्ध गरिएको हुन सक्ने अवस्था रहन्छ। शुन्य कर दायित्व देखाउने करदाताको संख्यामा वृद्धिका कारणले गर्दा आर्थिक ऐन (सन १९८७) बाट व्यवस्थित गर्दै सन् १९८८/८९ को कर निर्धारणको क्रममा लागु गरिएको थियो।

९३. MAT वा सामान्य कर दायित्वमध्ये जुन बढी हुन्छ त्यसलाई कर तिर्ने प्रयोजनका लागि मान्यता दिने प्रचलन रहेको र वार्षिक कारोबार रू. ४ अर्ब भन्दा कम रहेको अवस्थामा करको दर २५ प्रतिशत तोकिएको छ। तोकिएका निश्चित कम्पनी, तोकिएका विदेशी कम्पनी र स्वदेशी कम्पनीलाई MAT अन्तर्गत समावेश गरिएको छैन। सामान्य कर दायित्वभन्दा MAT बमोजिम तिर्नुपर्ने दायित्व भएको बढी रकमलाई क्रेडिटको रूपमा पछिल्लो वर्षमा दाबी गर्न पाउने व्यवस्था समेत रहेको छ। यस्तो सरेको जिम्मेवारी १५ वर्षसम्म मात्र उपयोग गर्न पाउने, तत्पश्चात उक्त क्रेडिट दाबी गर्न नपाउने र यस्तो रकममा सरकारले ब्याज तिर्न नपर्ने व्यवस्था समेत गरेको छ।

९४. नेपालमा यो करको अवधारणा शुरु गरिएको अवस्थामा देहायको कर सङ्कलन हुने हुँदा र वित्त प्रणालीमा देखिएको राजस्व सङ्कलनको न्यूनता पूर्ति गर्न र करदातालाई कर तिर्नका लागि बढी जिम्मेवार बनाउन यो अवधारणा अबलम्बन गर्न समिति सिफारिस गर्दछ। समितिले यस सम्वन्धमा गरेको तथ्याङ्कीय विश्लेषणबाट २ प्रतिशतको न्यूनतम वैकल्पिक कर लगाउदा सम्भाव्य उठ्न सक्ने करको अवस्था तल प्रस्तुत गरिएको छ।

९५. आन्तरिक राजस्व विभागबाट प्राप्त तथ्याङ्कको विश्लेषण गर्दा आर्थिक वर्ष २०७९/८० मा निकायहरूले १ लाख ६३ हजार ८ सय २३ आय विवरण पेश गरेकोमा आय विवरणमा घोषणा गरिए बमोजिम कर दायित्व रू ८४ अर्ब ९५ करोड कायम भएको देखिन्छ। कुल कारोबार रकम

रू ५७ खर्ब ८ अर्ब ७७ करोडको २ प्रतिशतका दरले न्युनतम वैकल्पिक कर लगाउँदा प्राप्त हुन सक्ने रकम रू १ खर्ब १४ अर्ब १८ करोड हुने देखिन्छ भने कारोबार रकममा २ प्रतिशतका दरले न्युनतम वैकल्पिक कर लगाउँदा प्राप्त हुन सक्ने रकम र घोषणा गरिएको कर रकममध्ये बढी हुने रकम रू १ खर्ब ५८ अर्ब ९ करोड हुने देखिन्छ। यसरी जम्मा रू ७३ अर्ब १४ करोड निकायबाट हाल असुल भइरहेको रकममा थप रकम असुल हुने देखिन्छ। यसैगरी व्यक्तिगत आयकरको हालको दरमा ५ प्रतिशतले कटौति गरी १५, २० तथा २५ प्रतिशत कायम गरेको अवस्थामा जम्मा आय विवरण २ लाख ४० हजार ५ सय ३७ बाट रू ८४ अर्ब ९५ करोड कर दायित्व देखाएको पाइन्छ। व्यक्ति र निकाय दुबैले आय विवरण मार्फत घोषणा गरेको कर दायित्व रकम रू १ खर्ब १२ अर्ब ८७ करोड देखिन्छ भने मौजुदा व्यवस्था कायम गरी करको दर मात्र घटाउँदा असुल हुने रकम रू ७७ अर्ब ९ करोड कायम भई आयकरतर्फ रू ३५ अर्ब ७८ करोडले राजस्व असुली न्यून हुने देखिन्छ।

९६. आयकर ऐनको दफा ११ बमोजिमका छुट खारेज, चालु तथा पुँजीगत सबै खर्च सोही वर्षमा दाबी गर्न पाउने अवस्था, व्यावसायिक नोक्सानी दाबी गर्ने समय नतोकी सबै नोक्सानी दावी गर्न पाउने प्रवन्ध, व्यक्तिगत आयकरको दरमा ५ प्रतिशतका दरले कटौति गरी १५, २० र २५ प्रतिशत कायम गर्दाको परिदृष्य र कारोबारमा आधारित २ प्रतिशत न्युनतम् वैकल्पिक कर जस्ता नीतिगत परिवर्तन गर्दा पर्न सक्ने असरका सम्बन्धमा समिति देहाएको निष्कर्षमा पुगेको छ। प्राप्त कुल १ लाख ६३ हजार ८ सय २३ आय विवरणबाट रू ८४ अर्ब ९५ करोड कर दायित्व आय विवरण बमोजिम घोषणा गरिएको, यसरी गरिने नीतिगत परिवर्तनबाट करदातालाई करको दर न्यून हुन गएका कारणले आयकर असुलीतर्फ खुद रू ३१ अर्ब ६६ करोड न्यून कर असुल हुने, २ प्रतिशतका दरले न्यूनतम वैकल्पिक कर लगाउँदा रू १ खर्ब ६१ अर्ब ४८ करोड कर असुल हुने र यसरी गरिने नीतिगत परिवर्तन एवं २ प्रतिशत न्यूनतम वैकल्पिक करारोपणबाट रू ७६ अर्ब ५४ करोड थप राजस्व परिचालन हुने अवस्था देखिन्छ।

९७. **आयकरमा खर्च कट्टीको व्यवस्थाः** आयकर ऐनले आयबाट खर्च लेख्न पाउने विषयलाई सामान्य खर्च कट्टी र विशेष खर्च व्यवस्थामा विभाजन गरेको छ। त्यस्ता कारोबारसँग सम्बन्धित सबै खर्चहरू लाई सोही आय वर्षसँग सम्बन्धित भएमा वा सोही व्यक्तिबाट भएमा र आय आर्जन हुने कार्यमा खर्च भएमा सामान्य खर्च कट्टीको रूपमा खर्च लेख्न पाउने व्यवस्था रहेको छ। विशेष खर्च कट्टी अन्तर्गत ब्याज खर्च, व्यापार मौज्दातको लागत खर्च, मर्मत तथा सुधार खर्च, प्रदुषण नियन्त्रण खर्च, अनुसन्धान र विकास खर्च, ह्रासकट्टी खर्च तथा व्यवसाय वा लगानीमा भएको नोक्सानी मिलानलाई तोकिएको कानुनी व्यवस्था र स्वीकृत मापदण्डका आधारमा खर्च कट्टा गर्न पाउने व्यवस्था रहेको छ।

९८. **कर तथा बक्यौता सङ्कलनः** आय विवरण बुझाउने व्यक्तिले चालु वर्षको कर चालु वर्षमा किस्ताको रूपमा तिर्दा वा आय विवरण साथ कर तिर्दा निजको कुनै भुक्तानीमा अग्रिम कर कट्टी भएको भए वा विगत आर्थिक वर्षमा बढी दाखिला भएको भए त्यस्तो कर मिलान गरी नपुग हुन गएको रकम मात्र दाखिला गर्नु पर्ने र बढी दाखिला भएको खण्डमा बढी दाखिला भएको रकम फिर्ता दिने व्यवस्था आयकर ऐनले गरेको छ। कुनै पनि व्यक्तिले तिर्नु पर्ने कर तोकिएको मितिसम्म नतिरेमा ब्याज सहित असुल गरिने र अटेर गरी बक्यौता राखेमा निजको सम्पति माथि दाबी सिर्जना गर्ने,

दाबी गरिएको सम्पतिको लिलाम बिक्री गर्ने, सो व्यक्तिलाई नेपाल राज्य बाहिर जान रोक लगाउने, निकायका अधिकृत कर्मचारीलाई जिम्मेवार बनाउने, प्रापकबाट करको असुली गर्ने, रकम बुझाउनु पर्ने व्यक्तिबाट कर असुल उपर गर्ने, गैर बासिन्दा व्यक्तिको एजेन्टबाट कर असुल उपर गर्ने, किस्ताबन्दीमा बक्यौता कर असुल गर्ने र कर नतिरेमा सम्बन्धित जिल्ला अदालतमा मुद्धा दायर गर्ने सम्मका कानुनी कार्यवाहीका प्रावधान आयकर ऐन, २०५८ मा समावेश गरिएका छन्।

९९. **दण्ड जरिवानाः** प्रभावकारी कर प्रणालीको लागि करदातालाई आफ्नो कारोबारको लेखा यथार्थ र सही ढङ्गले राख्नु पर्ने र सोही आधारमा आय विवरण तयार गरी कर दाखिला गर्न शिक्षित, जागरुक र उत्प्रेरित बनाउन आवश्यक छ। सबै करदाता इमान्दार नहुने सन्दर्भमा कर छली गर्ने वा करका प्रावधानहरू पालना नगर्ने करदातालाई विभिन्न प्रकारका दण्ड, जरिवाना, शुल्क आदिको व्यवस्था गरी नियन्त्रण गर्ने, जानीजानी वा लापरवाहीपूर्ण कार्य गरेमा दण्ड, जरिवानाको माध्यमद्धारा नियमन गरी कर कानुनको पालना गराउने उद्देश्यले कर कानुनमा शुल्क, ब्याज, कसुर तथा सजाय जस्ता व्यवस्था गरिएको हुन्छ। आयकर ऐन २०५८, को परिच्छेद २२ तथा २३ मा यस सम्बन्धी व्यवस्था गरिएको छ। परिच्छेद २२ ले कर प्रशासनले लगाउने शुल्क सम्बन्धी व्यवस्था गरेको छ भने परिच्छेद २३ ले विशेष किसिमका जरिवानाको व्यवस्था गरेको छ। परिच्छेद २३ अनुसारको जरिवाना र सजाय फौजदारी प्रकृतिको कसुर हो। फौजदारी प्रकृतिको कसुर भएकोले अदालतबाट सजाय गराउन उपयुक्त हुने देखिएकाले आयकर ऐनले कर प्रशासनलाई यस्तो सजाय गर्ने अधिकार नदिई न्यायोचित सजाय प्रस्ताव गरी जिल्ला अदालतमा मुद्धा दायर गर्ने अधिकार दिएको छ। विश्व कर प्रणालीमा वित्तीय दण्ड जरिवानालाई उच्च प्राथमिकतामा राखि करको स्वैच्छिक कर अनुपालना बढाएको भएतापनि नेपालमा आयकर कानुन लागु भएको लामो समयसम्म कानुनमा गरिएका दण्ड जरिवाना लगायतका विषयमा कार्यान्वियन अवस्थाको पुनरावलोकन तथा अनुगमन समेत हुन सकेको छैन।

१००. **ब्याज सम्बन्धी व्यवस्थाः** किस्ताबन्दीमा कर दाखिला गर्नु पर्नेले अनुमानित कर नबुझाएमा पुरै रकम कलममा र कम रकम बुझाएमा किस्ताबन्दीको रूपमा बुझाउनु पर्ने रकमको १० प्रतिशत भन्दा बढी फरक पर्न गएको अवस्थामा ९० प्रतिशतभन्दा कम रकम दाखिला गरेमा कर अधिकृतले कर निर्धारण गरी कर दायित्व सिर्जना गरेकोमा त्यस्तो कर तिर्नु पर्ने अवधि देखि कर दाखिला नगरे सम्म १५ प्रतिशतका दरले ब्याज लाग्ने व्यवस्था रहेको छ।

१०१. **आयकर कानूनको कार्यान्वयनः** आयकर समवन्धी कानुनी व्यवस्थाको समग्र पक्षको कार्यान्वयन हुन सकेको देखिएको छैन। अन्तर्राष्ट्रिय कर प्रणालीमा देखिने मूल्य हस्तान्तरण, स्थायी संस्थापन, देशगत पुँजी, प्रविधि र श्रमको आयात तथा उपस्थिति, लगानीको अनुगमन, राष्ट्रिय कराधारको संरक्षण, कर सम्झौताको कार्यान्वयनको अनुगमन, करदातालाई दिनु पर्ने पूर्वदिशको महत्व र सान्दर्भीकता, अन्तर्राष्टिय कर मिलान, नेपालको कराधार क्षयीकरणको संरक्षण, आयको खण्डीकरण, दीर्घकालीन करार, कर योजना विरुद्धका नियमको प्रयोग, करदाताको स्वामित्वमा देखिएको परिवर्तन तथा लाभांशको खण्डीकरण, सम्बद्ध व्यक्तिका बिचको कारोबार र नेपालमा वा नेपालका उच्च सम्पत्ति हुनेहरूको लगानी र आयको अनुगमन जस्ता विषयको कार्यान्वयन कमजोर देखियो। साथै नेपालका संस्थाहरूको कर प्रणालीका लागि निर्माण गरिएका प्रविधि र प्रणालीको परीक्षण गर्ने पद्धति एवं प्रणालीको विषयमा प्रयाप्त मात्रामा ध्यान पुगेको देखिदैन। कर प्रणालीलाई सरलीकरण गर्ने र

करदाताका आर्थिक क्रियाकलापको सूचना सङ्कलन तथा विश्लेषण गर्ने पक्षमा पनि प्रशस्त कमजोरी रहेको देखिन्छ। करदातालाई दिनु पर्ने गुणस्तरीय करदाता शिक्षा तथा सञ्चार र सेवामा पनि अपेक्षित सफलता प्राप्त हुन सकेको छैन। कर प्रणालीलाई विद्युतीय माध्यमबाट सरलीकरण गर्ने प्रणालीको विकास नहुनुको साथै कर सुधारको समयबद्ध योजना अनुसारको कार्यन्वयन पक्ष कमजोर देखियो। कर प्रणालीका लागि प्रयोग भएका विद्युतीय प्रणाली पनि करदाता र व्यवसायमैत्री हुन नसक्दा एकीकृत प्रविधिको अवधारणा कमजोर भईप्रविधिमा पनि समयानुकुल सुधार र स्तरोन्नति हुन सकेको देखिदैन।

१०२. जनशक्तिको कमजोर मनोवल तथा करदाताले पनि राज्य प्रति भरोसा र विश्वास गर्न सकेको देखिदैन। तुलनात्मकरूपमा नेपालको कर प्रणाली कानुनी रूपमा सक्षम भएता पनि व्यवहारिकताको अभ्यासमा कमजोर नै देखिन्छ। यसको सुधारको विकल्प पनि छैन। सरकारको कर प्रणाली सुधारका लागि गर्नु पर्ने लगानी पनि पर्याप्त मात्रामा हुन सकेको छैन। कर प्रणाली सञ्चालनगर्ने नेतृत्वको कमजोर व्यवसायिक क्षमता तथा स्थिरता नहुँदा कर प्रणाली सोचे अनुरूपको सक्षम एवं प्रभावकारी हुन सकेको छैन। विगतका सुधारका प्रयासले कर प्रणालीमा संस्थागत सक्षमतामा वृद्धि ल्याएको भएतापनि विगतमा सुझाइएका सुधारहरूको कार्यान्वयन पक्ष कमजोर रहेको देखिन्छ। यसैगरी सुधारका क्रियाकलापको कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन प्रणाली कमजोर रहनुको साथै संगठनको समग्र कार्यसम्पादन प्रणाली अपेक्षा अनुरूप हुन नसक्नुमा कर प्रशासनका उच्च नेतृत्वको ध्यान पुग्न नसकेको प्रष्ट हुन्छ।

**विगतका भएका सुधारका प्रयासहरू**

१०३. नेपालमा विगतका दशकहरूमा आयकर व्यवस्थामा मूख्यतः निम्न सुधारहरू भएका छन्।

(१) नेपालको आयकर कानुन अन्तर्राष्ट्रिय मानकमा खरो उत्रन सक्ने भएको र यसले राष्ट्रिय करधारको संरक्षणका लागि करको दायरा विस्तारको पर्याप्त प्रवन्ध गरेको छ। आयकर कानुनले करदाताको लागि स्वैच्छिक कर अनुपालनाको प्रवन्ध गर्नुको साथै यो अनुमानयोग्य समेत छ। कर अधिकृतका तजबिजी अधिकारको कटौति गरिएकोले करदाता र व्यवसायमैत्री समेत छ।

(२) संस्थागत आयकरको दर विगत २२ वर्ष देखि स्थिर रहेको भएतापनि लगानीको करको दर तुलनात्मक रूपमा कम र स्थिर रहेको छ। आर्थिक तथा रोजगारी वृद्धि र निर्यात प्रवर्द्धन गर्न करका आवधिक, पूर्ण तथा आंशिक कर छुट व्यवस्थाको कार्यान्वयन गरिएको छ।

(३) आयकर ऐनमा रहेका जटिलताको सम्बोधन गर्न व्याख्यात्मक व्यवस्था भएको आयकर निर्देशिका र कर जोखिम व्यवस्थापन निर्देशिकाहरूलाई आवधिकरूपमा परिमार्जन समेत गरिंदै आएको छ।

(४) आयकरमा लेखाङ्कन गर्ने कार्य जटिल र करदाताको लागत पनि बढने भएकाले साना करदाताको संरक्षण एवं सरल तथा सहज सेवा प्रदानको लागि पूर्वानुमानित विवरण र कारोबारमा आधारित कर बुझाउन पाउने व्यवस्था रहेको छ।

(५) आय आर्जनकै वखत कर तिर्ने गरी चालु वर्षको अनुमानित विवरण र कर सोही वर्षमा नै बुझाउने व्यवस्था रहेको छ।

(६) आयकर सम्बन्धी करका औपचारिकता पुरा गर्ने प्रक्रियाहरूलाई सूचना प्रविधिमा आधारित बनाई स्वचालित प्रणालीद्धारा व्यवस्थित गरिएकोछ। आयकरमा दर्ता हुने, विवरण बुझाउने र कर भुक्तानी गर्ने प्रणालीलाई विद्युतीय प्रणालीमा आवद्ध गरिएको छ।

(७) आय विवरण बुझाउनु नपर्ने करदाताले समेत व्यक्तिगत स्थायी लेखा नम्बर लिनु पर्ने र विद्युतीय प्रणाली (अनलाइन) मार्फत कर विवरण दाखिला गर्न सक्ने एवं विद्युतीय प्रणाली (अनलाइन) मार्फत आफुले दाखिला गरेको कर तथा विवरण हेर्न सकिने व्यवस्था रहेको छ।

(८) विवरण नबुझाएको विषय, विवरण एवं कर बुझाउनु पर्ने विषय र बक्यौता रहेको भए सो को जानकारी एस.एम.एस. मार्फत करदातालाई सूचना दिने व्यवस्था मिलाइएको छ।

(९) करदाताको स्वैच्छिक कर अनुपालनाको अवस्थाको आधारमा करदाताको कर परीक्षण तथा अनुसन्धानको लागि जोखिम सूचकको आधारमा करदाता छनौट गरी कर अनुसन्धान तथा परीक्षण गर्ने व्यवस्था रहेको छ।

(१०) कर कानुनमा अष्पष्टता भएको अवस्थामा पूर्वदिश माग गर्ने व्यवस्था रहेको र करदाताको लागि दुई तहको पुनरावेदन गर्न सक्ने प्रणाली कार्यान्वयनमा रहेको छ।

**आयकर प्रणालीका नीतिगत र प्रणालीगत समस्याहरू**

१०४. आयकर प्रणालीमा नीतिगत तथा प्रणालीगत मूख्य समस्या र चुनौतिहरू निम्न रहेका छन्ः

(१) सालबसाली आर्थिक ऐनको माध्यमबाट कर प्रणालीका सारभूत तथा आधारभूत व्यवस्थाहरूको परिवर्तन गर्दा कानुन संशोधन विधिको अनुपालना र कानुन तर्जुमा तथा संशोधनका प्रक्रियामा सरोकारवालाको प्रयाप्त सहभागिता एवं छलफल हुन सकेको छैन।

(२) व्यक्तिगत करका दरहरूलाई उच्च बनाउने तथा करारोपण हुने क्षेत्रका करदाताको कर तटस्थता कायम हुने गरी करका दरहरू तय हुन नसक्नु। सहुलियत दरको करका नाममा बहुदरका करका स्ल्याब कार्यान्वयनमा रहनु र आवधिक तथा आंशिक कर छुटको व्यवस्थाले करको आधारमा संकुचन आउनु।

(३) दीगो र विश्वासिलो कर सुधारको लागि समयाबद्ध योजना नहुनु र अध्ययन अनुसन्धान नगरी छिटो छिटो सालबसाली नीतिको तर्जुमा र कार्यान्वयनले गर्दा कर नीति र कर प्रणाली अनुमानयोग्य र तटस्थ हुन नसक्नुका साथै विगतमा भएका सुधारको समीक्षा पनि हुन नसक्नु। कर तटस्थता, पारदर्शीता कायम हुने गरी आवधिक कर नीतिको सुधार हुनुपर्नेमा आर्थिक ऐनबाट नीतिगत सुधार गर्ने प्रवृत्ति कायम रहनु।

(४) करको आधार र दायरालाई फराकिलो बनाउने गरी नीतिगत सुधार नगर्नु र करका दरहरूको छिटो छिटो थप/घट एवं परिवर्तन गरिरहनु। वित्तीय उत्प्रेरणाका लागि अर्थतन्त्रमा उत्पादन र उत्पादकत्व वृद्धि गर्ने कारकतत्व समेत नहेरी आयकर छुट दिने प्रवृतिले नीतिगत अस्थिरता देखा पर्नु।

(५) विद्युतीय अर्थतन्त्र, विद्युतीय सेवामा करारोपण, अन्तर्राष्ट्रिय आर्थिक कारोबार तथा लगानी, आन्तरिक बजार व्यवस्थापनका बीचलनहरूलाई सही दिशातर्फ उन्मुख गर्ने गरी कराधारको संरक्षण गर्ने नीतिगत तथा कानुनी सुधारलाई समयानुकुल बनाउन नसक्नु।

(६) करदाताको कर विवादको शीघ्र तथा तत्कालै समाधानका लागि स्थायी उपायहरूको पहिचान गर्न नसक्नु। कर कानुनको कार्यान्वयनमा देखिएका जटिलता, वैकल्पिक कानुनी उपचारको बाटो हुँदा हुँदै कर विवादहरू असाधारण रिट क्षेत्राधिकारमा प्रवेश पाउनु र कर विवादहरूको समयमै न्यायिक निरूपण नहुनुले पनि कर प्रणाली बोझिलो बन्दै गएको छ।

(७) करदाताको कर सहभागिता लागतमा कमी नआउनु, एकीकृत कर अनुपालन विधि र प्रणालीको अभावले गर्दा करको स्वैच्छिक अनुपालना प्रभावकारी हुन नसक्दा करदाताको दर्ता, करका विवरण दाखिला, कर भुक्तानी, कर फिर्ता र कर प्रतिवेदनको जोखिमको विश्लेषण गरी त्यसको आधारमा कर जोखिम व्यवस्थापन गर्ने रणनीतिको अभाव तथा कमजोर कार्यान्वयन हुनु। कर अनुपालनामा भन्दा कर छुटतर्फ बढी ध्यान केन्द्रित गर्ने प्रवृतिले गर्दा करको स्वैच्छिक अनुपालनको अवस्था फितलो हुनु।

(८) सबै प्रकारका आर्थिक कारोबारका सूचना करदाता सूचना व्यवस्थापन प्रणाली (Taxpayers Information Management System –TIMS) मा भण्डारण गरी उपयोग गर्ने पद्धतिको अभावले गर्दा करदाताको स्वैच्छिक कर अनुपालनामा सुधार हुन नसक्नु। समग्र कर प्रणालीको एकीकृत कर जोखिम व्यवस्थापनका लागि Artificial Intelligence-AI को प्रयोग गर्ने सम्बन्धी अवधारणा हालसम्म पनि कार्यान्वयनमा आउन नसक्नु। कर अनुपालना सूचकको आधारमा करदाताको व्यवसायगत तथा करदातागत कर जोखिमको वर्गीकरण र कर जोखिम व्यवस्थापन सम्बन्धी कार्य कर्मकाण्डी हुन गएको छ। हालको कर जोखिम व्यवस्थापनको औजारको रूपमा प्रयोग ल्याइएको कर परीक्षण र कर अनुसन्धानको परम्परागत रणनीतिले प्रभावकारी हुन सकेको छैन। कर परीक्षण अनुसन्धानमूलक नहुँदा यसको प्रदर्शनीय प्रभाव पनि अपेक्षित रूपमा हुन नसक्दा करदातालाई दवाब महसुस हुने गरी करको स्वैच्छिक अनुपालना गर्ने पद्धतिमा सुधार हुन नसक्नु। कर कानुनको कार्यान्वयनको लागि आवश्यक कार्यविधि र मापदण्डहरूको तर्जुमा गरी कार्यान्वयनमा ल्याउन नसक्नु।

(९) आयकर सङ्कलनको लागि प्रचलित कानुनी प्रवन्धको कार्यन्वयन हुन सकेको छैन। कर बक्यौता असुली प्रक्रियाका कानुनी व्यवस्थाको सम्पूर्णतामा कार्यान्वयन गर्न नसकी कर बक्यौता राख्ने करदाताको सम्पत्तिमाथि दाबी तथा लिलाम गरी कर असुली गर्ने कार्यले प्राथमिकता पाउन नसक्नु।

(१०) आयकर ऐन, २०५८ का अधिकांश कानुनी प्रवन्धहरूको कार्यान्वयनको अनुपालना गर्ने गराउने कार्य पूर्णरूपमा हुन नसक्दा आयकर कानुनको समग्र पक्षको कार्यान्वयनको लागि आवश्यक पर्ने कर सम्बन्धी निर्देशिका र प्रणालीको प्रयाप्त मात्रामा विकास गरी कार्यन्वयनमा ल्याउन नसक्नु।

(११) करका औपचारिकता पुरा गर्न सक्ने गरी कर प्रणालीका प्रक्रिया र प्रणालीलाई सरलीकरण गर्न नसक्दा कर सहभागिता, कर अनुपालनाको लागत र समय कम गर्न एकीकृत प्रणाली, अनुमानयोग्य कर प्रणालीको विकास, करदातालाई सक्षम र दक्ष बनाउने गरी करदाता शिक्षा तथा तालिम सम्बन्धी सञ्चार रणनीति तयार हुन नसक्नु। यस्ता प्रक्रियालाई थप सरल तथा सहज बनाउने गरी कर प्रणालीको सुधार गर्ने कार्यमा शिथिलता देखिनु।

(१२) करदाताले बढी दाखिला गरेको कर रकम कानुनले तोकेको समय भित्र फिर्ता गर्ने जस्ता काममा पर्याप्त मात्रामा सुधार हुन सकेको छैन। करदाताले राख्ने कर तथा वित्तीय लेखाहरू

तोकिएका मापदण्ड अनुसारको हुन नसक्नुको साथै व्यवसायिक कारोबार अनुसारको कर अनुपालन गराउने गरी आय विवरणहरूको ढाँचाको विकास र कार्यान्वयन गर्न नसक्नु।

(१३) मूल्य अभिवृद्धि करमा यथार्थ कारोबार नदेखाउने प्रवृत्तिले आयकरको मुनाफा र लाभमा आयको खण्डीकरण हुन गई कम आय देखाउने प्रवृत्तिले गर्दा आयकरमा लेखाङ्कन र प्रतिवेदन गरिएका आम्दानी तथा खर्चका विवरण यथार्थपरक हुन नसक्नु।

(१४) केही करदाताका अनौपचारिक रूपमा भएका अदृष्य र लेखाङ्कन गर्न नमिल्ने प्रकृतिका खर्चका कारण करदाताले आफ्नो यथार्थ खर्च प्रस्तुत गर्न नसकी निकाय तथा व्यक्तिको आयमा र आयकरको भुक्तानीमा नकारात्मक असर पर्नु।

(१५) करदाता र कर अधिकृतमा कर सम्बन्धी विषयमा विज्ञता सहितको क्षमता विकास हुन नसक्दा कर छली गर्ने र कर चुहावट नियन्त्रण गर्ने क्षमतामा अभिवृद्धि हुन नसक्नु।

(१६) अन्तर्राष्ट्रिय कर प्रणालीका नवीनतम् प्रवृतिको बारेमा तत् तत् देशहरूका कर प्रशासनसँग प्रयाप्त मात्रामा सूचना आन प्रदान एवं विश्लेषण गरी करको आधार र दायराको संरक्षण गर्ने प्रणालीको विकास हुन नसक्नु।

(१७) कर सम्बन्धी विषयमा गरिएका निर्णयको कमजोर आन्तरिक पुनरावलोकन, फितलो अनुगमन तथा मूल्याङ्कन प्रणाली र दुर्वल सदाचार पद्धतिले कर प्रणालीलाई आन्तरिक रूपमा नै क्रमशः कमजोर बनाउदै लैजानु।

(१८) कर संगठनमा विज्ञ जनशक्तिलाई टिकाई राख्ने, जनशक्तिको विकास र योजना, योग्यतम एवं विषय विज्ञ जनशक्ति सम्बन्धी योजना तर्जुमा र कार्यान्वयनको अवस्था अत्यन्त दयनीय रहेकाले कर्मचारी सरुवा, पदस्थापन लगायतका व्यवस्थापन सम्बन्धी कार्य ज्ञान, सीप, क्षमता र कार्यसम्पादनको आधारमा हुन नसक्नु।

**आयकर प्रणालीका सुधारका लागि सिफारिस गरिएका सुझावहरू**

१०५. आयकर प्रणाली, आयकर नीति तथा आयकर कानूनमा निम्न सुधारहरू गर्न सुझाव गरिएको छ।

(१) आन्तरिक राजस्व परिचालनको दीगो उपयोगद्धारा समाजमा समानता कायम गर्न, उच्च आर्थिक वृद्धि र रोजगारी सिर्जना गर्नेतर्फ नेपालको कर नीतिको प्रमुख लक्ष्य निर्धारित हुनु पर्दछ। तीव्र आर्थिक वृद्धि हासिल र सबल अर्थतन्त्रको निर्माणका लागि कर प्रणालीलाई स्वच्छ, तटस्थ, पारदर्शी, व्यवसायिक र लगानी एवं करदातामैत्री बनाउन आर्थिक तथा कर सुधारको आलोकबाट हेरिनुपर्ने।

(२) विगतमा विशेषगरी कोभिडको समयमा लिइएका नीतिको कार्यान्वयनबाट प्राप्त अनुभव र उपलब्धिलाई आत्मसात गर्दै वित्तीय उत्प्रेरणाका नीतिको कार्यान्वयन गर्दा अर्थतन्त्रको उत्पादन र उत्पादकत्वमा सुधार तथा कर तटस्थताको सिद्धान्तको अनुपालनमा विशेष ध्यान दिनुपर्ने।

(३) व्यवसाय र उद्यम गर्न सहयोगी हुने न्यून करका दरबाट तीव्र एवं फराकिलो आर्थिक वृद्धि हासिल गर्न सकिने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अनुभव र राजस्व परिचालनमा अनुकूल सुधार हुने भएकाले करका दरलाई प्रतिस्पर्धी बनाउने दिशातर्फ प्रयास केन्द्रित गर्दै निकाय तथा व्यक्तिको आर्थिक दक्षतामा ह्रास वा क्षयीकरण नहुने गरी करका दरलाई निश्चित अवधिसम्म स्थिरता दिनुपर्ने।

(४) यस समितिको प्रतिवेदन र अन्तर्राष्ट्रिय मुद्रा कोषको कर नीति सरलीकरण सम्बन्धी सुझाव नेपालको कर प्रणालीसँग सिद्धान्ततः सामञ्जस्यता कायम हुने गरी समयबद्ध कार्य योजना बनाई कार्यान्वयन गर्न अर्थ मन्त्रालय/ संघीय राजस्व बोर्ड तथा विभागहरूले दीर्घकालीन र मध्यमकालीन समयबद्ध सुधार योजनाको तर्जुमा गर्दै कार्यन्वयनका लागि सक्षम निकाय र जनशक्तिको व्यवस्था तथा विकासको सुनिश्चि गर्ने।

(५) एक पटक वा श्रृखलावद्धरूपमा करको दर वृद्धि गरिए पछि संस्थागत तथा व्यक्तिगत आयकरको दर, लाभांश कर, लगानीको आयकरको दर, सामाजिक सुरक्षा योगदान करको दर र करका सारभूत तथा लगानी प्रोत्साहित गर्ने सबै प्रवन्धहरू न्यूनतम सात वर्षको लागि स्थिर राख्ने। अतिरिक्त कर समेतको व्यक्तिगत आयकरको दरलाई संस्थागत आयकरको दरभन्दा ५ प्रतिशत बिन्दुले मात्र बढी गर्नुपर्ने।

(६) हालको समष्टिगत आर्थिक स्थायित्वको अवस्थमा सुधार देखिए पश्चात मौजुदा सबै प्रकारका करका दरको पुनरावलोकन गर्नुपर्ने। निरन्तर तीन वर्षसम्म पाँच प्रतिशतभन्दा बढीको आर्थिक वृद्धि दर, पाँच प्रतिशतभन्दा कम मुद्रास्फीति, कुल गार्हस्थ उत्पादनसँग कर राजस्वको अनुपात २० प्रतिशत भन्दा बढी, निर्यात-आयातको अनुपात ३:७, कुल गार्हस्थ उत्पादनसँग सार्वजनिक ऋणको अनुपात ४५ प्रतिशतसम्म, विदेशी मुद्राको सञ्चितिले निरन्तर तीन वर्षसम्म ७ महिनाको वस्तु तथा सेवाको आयात धान्न सक्ने गरी सञ्चिति कायम रहेको अवस्थामा मात्र हालको संस्थागत आयकरको दरलाई प्रत्येक वर्ष १ प्रतिशतका दरले कम गरी तत्पश्चात पाँच वर्षमा हालको २५ प्रतिशतबाट घटाई २० प्रतिशत कायम गरी १० वर्षसम्मको लागि संस्थागत करको दर स्थिर राख्ने नीतिगत घोषणा गर्ने। हालको मदिरा तथा सुर्तिजन्य र बैंक तथा वित्तीय संस्थाको लागि तोकिएको ३० प्रतिशतको संस्थागत करको दरलाई यथावत राखी यस वर्गमा रहेका अन्यको हकमा २५ प्रतिशतको दर कायम गर्ने। निर्यातमूलक व्यापार तथा व्यवसायको लागि आयकरको दर १० प्रतिशत कायम गरी बाँकीको हकमा २५ प्रतिशत कायम गर्ने। उत्पादनमूलक उद्योगको हकमा २० प्रतिशतको संस्थागत आयकरको दर कायम गर्दै आगामी २० वर्षसम्मको लागि संस्थागत आयकरका दरहरू स्थिर राख्ने नीतिको अवलम्बन गर्ने।

(७) व्यक्तिगत आयकरका दरलाई १०, २० र २५ को तीनवटा दरमा कायम गर्ने गरी पुनरावलोकन गर्ने। वार्षिक रु.५० लाख भन्दा बढी आय भएका करदातालाई करको अन्तिम स्लायबमा २० प्रतिशत सरचार्जको व्यवस्था गर्ने। कर नलाग्ने छुटको सीमा यो वर्षको लागि मौजुदा सीमा नै कायम राख्ने। कर छुटको सीमालाई करको दर तथा मुद्रास्फीति तथा कर गणनामा खर्च दिने रकमको आधारमा दर कम बनाउदा छुट सीमा यथावत गरी मौजुदा आयकरको छुट सीमामा लाग्दै आएको १ प्रतिशत सामाजिक सुरक्षा कर खारेज गर्ने। यस सम्वन्धमा छुट्टै खण्डमा सुझाव सिफारिस गरिएको छ।

(८) आयकर ऐन, २०५८ को दफा ७०, ८७, ८८, ८९, ९५क. का अग्रिम करकट्टी र अग्रिम कर असुलीमा हाल करका दरहरूलाई करको दायरा संकुचन नहुने, नेपालको कराधार संरक्षण, करमा समता र तटस्थता कायम हुने र व्यवसायको प्रकृतिको आधारमा यी दरहरूको पुनरावलोकन गर्नुपर्ने देखिन्छ। यो पुनरावलोकन गर्दा अन्तिम करकट्टी हुने वाहेकका अन्य आम्दानीहरूमा आय विवरण पेश गर्नुनपर्ने व्यवस्था हटाउनु पर्ने।

(९) सरकारले कुनै पेशा व्यवसायलाई कम आयकरको दर लगाउने अवस्था भए आयकर ऐनको अनुसूची १ मा राखेर मात्र कर छुट व्यवस्था गर्ने गरी कानुन संशोधन गर्ने। साथै, कुनै उद्योग व्यवसायलाई सहुलियत पूर्ण कर दिनुपर्ने भएमा आयकर ऐन, २०५८ को दफा ११ बाट मात्र दिने व्यवस्था गर्ने।

(१०) ब्याज, लाभांश र दीर्घकालीन पुँजीगत लाभ करलाई क्रमशः यसै वर्षदेखि आगामी पाँच वर्षमा १० प्रतिशतसम्म पुऱ्याउने गरी करको दरमा वृद्धि गर्ने।

(११) साविकको घर बहालको आयकर प्राकृतिक व्यक्तिको हकमा यो कर सङ्कलन गर्ने अधिकार स्थानीय तहले हाल प्रशासन गरिरहेकाले आयकरमा रहेको यस सम्बन्धी व्यवस्था खारेज गर्ने। निकायको घरबहाल करको हकमा निकायले स्थानीय तहमा तिरेको घरबहाल बापतको रकमलाई कर कट्टी दिने कानुनी प्रवन्ध गर्ने।

(१२) कृषि आयको परिभाषा स्पष्ट गरी संघ र प्रदेशको अधिकार, करारोपणका विधि र प्रक्रियालाई स्पष्ट वनाउनु पर्ने।

(१३) न्यूनतम् वैकल्पिक कर (Minimum Alternative Tax- MAT) को अवधारणा लागु गर्ने, छुट पाएका उद्योगको छुट अवधि सकिए पछि र वाँकी सबै करदातालाई कुल कारोबारको न्यूनतम २ प्रतिशत कर लगाउने। यस सम्बन्धी विस्तृत करारोपणको विधि र प्रणालीका सम्बन्धमा थप अध्ययन गर्न आवश्यक देखिन्छ।

(१४) आयकर ऐन, २०५८ बमोजिम समय सीमा तोकी दिइदै आएको आवधिक व्यवसायिक छुट तथा सुविधा एवं करका दरमा दिइएका छुट तथा सुविधाले अर्थतन्त्रको उत्पादन तथा उत्पादकत्व र रोजगारी सिर्जनामा सकारात्मक प्रभाव नदेखिएको हुँदा विगतमा दिइएका कर छुट तथा सुविधालाई सोही अवधिसम्म मात्र उपलव्ध गराउने। करको आधार र दायरामा संकुचन हुने गरी कर छुट नदिने नीति अवलम्वन गर्ने। लगानीमैत्री वातावरणको लागि वित्तीय उत्प्रेरणाको रूपमा मुख्य आर्थिक वृद्धिका सम्वाहक क्षेत्र (Key Growth Sector), हरित अर्थतन्त्र विकासका सहयोगी क्षेत्र र व्यापक मात्रामा रोजगारी सिर्जना गर्ने व्यवसायलाई सहुलियतपूर्ण करका दरको व्यवस्था, खर्चको नोक्सानी सीमाविहिन अवधिसम्म सार्न पाउने, ह्रास खर्च तथा अनुसन्धान एवं प्रदुषण खर्चको लेखाङ्कन सोही वर्ष नै गर्न पाउने र व्यवसायको पुँजी लगानी परिपुरण नभएसम्म लगानी क्रेडिट (Investment Credit) को रूपमा नाफा रकमलाई पुँजीकरण कोषमा जम्मा गरी नगद व्यवस्थापन गर्न पाउने सुविधा प्रदान गर्ने। साथै, यस्तो रकम पुँजीकोषमा रहेको अनुपातको आधारमा कर स्थगन भएको रकम त्यस पछिका वर्षहरूमा मात्र कर दाखिला गर्न दिने जस्ता व्यवस्थाको कार्यान्वयन गर्ने।

(१५) सन् २००८ को विश्वको वित्तीय क्षेत्रमा देखिएको संकटको सम्बोधन गर्न र नेपालको वित्तीय क्षेत्रको स्थायित्व तथा कुशलता अभिवृद्धिको लागि विगतमा बैंक तथा वित्तीय संस्था तथा बीमालाई उपलब्ध गराइएको एक अर्कामा गाभ्ने र गाभिने एवं खरिद तथा समावेश हुने (Merger and Aqucision) सुविधा दिइएको करिव १८ वर्षको अनुभवबाट यस्तो छुटको व्यवस्थालाई निरन्तरता दिन उपयुक्त नदेखिएकाले सो व्यवस्था खारेज गर्ने।

(१६) कर प्रणालीसँग सम्बन्धित सबै कार्यहरूमा सूचना प्रविधिको महत्तम उपयोग गर्दै कर सङ्कलनमा प्रभावकारिता हासिलगर्ने तथा कर सहभागिता लागत घटाउने गरी कर सुधारको योजना बनाउने।

(१७) विश्वव्यापीकरण तथा सूचना प्रविधिको तीव्र विकासले सिर्जना गरेको अर्थतन्त्रको विकास एवं विस्तार तथा सूचना प्रविधिमा आधारित व्यापार लगायत सबै आर्थिक कारोबारहरूलाई करको दायरामा ल्याई कराधारको संरक्षण गर्नुपर्ने।

(१८) अप्रशोचित (unabsorbed), विद्युतीय (Digital) र अनौपचारिक (Informal) अर्थतन्त्रलाई करको दायरामा ल्याउन कानुनी, प्रणालीगत, प्रशासनिक तथा प्रकृयागत सुधार गर्ने। भुक्तानीका माध्यमहरू, अन्य विद्युतीय माध्यम र चेकबाट भुक्तानी लिने दिने कार्यलाई प्रोत्साहित गरी अधिकतम रूपमा बैंकिङ कारोबारलाई प्रवर्द्धन गर्दै सबै बैंक खातालाई व्यक्तिगत स्थायी लेखा नम्बर (Personal Permanent Account Number-PAN) सँग आवद्ध गर्ने। तीनै तहको सरकार र निजी क्षेत्र समेतबाट हुने भुक्तानी तथा सरकारले प्राप्त गर्ने कर, दस्तुर तथा शुल्क जस्ता आम्दानीलाई विद्युतीय माध्यमबाट प्राप्त गर्ने व्यवस्थाको विस्तार तथा प्रभावकारी कार्यान्वयन गर्ने।

(१९) विद्युतीय माध्यमबाट कर भुक्तानी गर्ने कार्यलाई प्रोत्साहन गर्ने, B2B, C2B, G2G कारोबार गर्दा करदाताले आफ्नो कारोबारको विद्युतीय माध्यमबाट भुक्तानी गर्न प्रोत्साहित हुने प्रणालीको विकास गर्ने।

(२०) मध्यम आय भएको देशको स्तरमा पुग्नको लागि बढी पुँजी आकर्षित गर्नुपर्ने हुँदा कर नीति र प्रणालीलाई पनि प्रतिस्पर्धी बनाउदै लैजानुका साथै पुँजीको वेरोकटोक प्रवाहले नेपालको कराधारको क्षयीकरण हुन सक्ने गरी लगानी भित्रन सक्ने वा लगानीका योजना बन्ने, अन्तर्राष्ट्रिय कारोबारको विविधता तथा जटिलता, मूल्यको हस्तान्तरण, आयको खण्डीकरण, स्थायी संस्थापन पहिचानको समस्या, आयको स्रोतको यकिनमा द्विविधा, भुक्तानीको स्थान, समय र स्रोतको पहिचानको समस्या एवं जटिलता, आर्थिक हितको देशगत रूपमा फरक रणनीति जस्ता कारणले अनुमान गर्न नसकिने प्रकृतिका अन्तर्राष्ट्रिय आर्थिक कारोबार हुने सम्भावना रहेकाले कर प्रणाली र कर प्रशासनलाई पनि समय सापेक्ष बनाउने।

(२१) दुर्गम क्षेत्रको वर्गीकरण साविकको राज्य संरचना अनुसार (गाउँ विकास समिति) रहेकोमा हाल नेपालको संविधान अनुसार परिवर्तित राज्य संरचना अनुकूल हुने गरी दुर्गम क्षेत्र सम्बन्धी व्यवस्था परिमार्जन गर्ने।

(२२) आयकरको खर्च कट्टी गर्न पाउने स्वीकृत अवकाश कोषमा जम्मा गर्ने रकम हालको वार्षिक रू. ३ लाख वा रोजगारी आयको एक तिहाई मध्ये जुन घटि हुन्छ त्यो खर्च कट्टि गर्न पाउने रकमलाई पहिलो पाँच वर्ष ७ लाख र त्यस पछिको अर्को १० वर्षमा १५ लाख सम्म पुऱ्याई एक तिहाई वा त्यो सीमा भित्रको रकम खर्च कट्टि दिने गरी कानुन संशोधन गर्ने।

(२३) आय विवरण र सामाजिक सुरक्षा करको नम्बर स्थायी लेखा नम्बर नै हुने र विवरण पनि आय विवरण साथ पेश गर्ने व्यवस्था मिलाउने।

(२४) वार्षिक रू.३ करोडसम्मको करयोग्य र कर छुटको मिश्रित कारोबार गर्ने वा वस्तु र सेवाको मिश्रित कारोबार गर्ने करदातालाई वस्तुको कारोबारमा कारोबार मूल्यको २ प्रतिशत वा न्यूनतम वैकल्पिक कर मध्ये जुन बढि हुन्छ सो कर लाग्ने र सेवाको कारोबारमा कारोबार मूल्यको ४ प्रतिशतको कारोबार कर लगाउने व्यवस्था गर्ने। यस्ता करदाताहरूलाई हाल लगाइएको कारोबारमा आधारित कर र पूर्वानुमानित कर खारेज गर्ने।

(२५) कारोबारमा आधारित करदाताको आयको आयविवरण र मूल्य अभिवृद्धि करको कर विवरण पनि वार्षिकरूपमा एक पटक मात्र लिने प्रणालीको विकास गर्ने।

(२६) प्रदेशबाट सङ्कलन भएको सवारी भाडाको आयकर पनि कारोबारमा आधारित बनाई संघको आन्तरिक राजस्व विभागबाट सङ्कलन गर्ने व्यवस्था गर्ने वा प्रदेशबाट सङ्कलन गर्ने नै हो भने कर सङ्कलनको लागि स्पष्ट प्रणाली र कर रकम तोक्ने। साथै कर सङ्कलनको प्रशासनिक खर्च प्रदेशलाई दिने गरी व्यवस्था गर्ने।

(२७) संघ प्रदेश र स्थानीय तहले संघ सरकारले जारी गरेको स्थायी लेखा नम्बर नै कर सङ्कलन तथा प्रशासनको लागि प्रयोग गर्ने गराउने कानुनी प्रवन्ध गर्ने।

(२८) करको दायरा वृद्धि तथा एकीकृत कर दर्ता प्रणाली र करका विवरण सङ्कलनमा स्थानीय सरकारको सहयोग लिन र उपयुक्त प्रशासनिक खर्च पनि दिने गरी विद्युतीय प्रणालीको विकास गर्ने।

(२९) करदाता सेवामा निजी सार्वजनिक क्षेत्रको सहभागिताको अवधारणाको विकास गरी कर प्रणालीका निश्चित कार्यहरू निजीक्षेत्र र स्थानीय तहको सहकार्यमा गरी आन्तरिक राजस्व प्रणालीलाई कर नीति तथा कर जोखिम व्यवस्थापनको कार्यमा केन्द्रित गर्ने।

(३०) एकीकृत कर संहिता (Single Tax Code) का सम्बन्धमा अन्तर्राष्ट्रिय अभ्यास अनुकूल हुने गरी एकीकृत कार्यविधिको आधारमा कर सहभागिताका करको दर्ता, करको भुक्तानी, करको जोखिम व्यवस्थापन, करको फिर्ता तथा त्यसको प्रतिवेदन र कर सेवाका प्रक्रियालाई एकीकृत गर्दै जाने नीति अनुरूप कर प्रणालीमा सुधार गर्न एकीकृत कर प्रशासन ऐन (Tax Administration Act) तर्जुमा गरी सो अनुकूल एकीकृत कर निर्देशिका बनाई कार्यान्वयन गर्ने।

(३१) प्राकृतिक व्यक्तिले व्यवसायको रूपमा घरजग्गा, शेयर र विभिन्न सम्पत्तिको खरिद बिक्री गरिरहेकाले यस्तो सम्पत्तिको निसर्गवाट प्राप्त लाभलाई आयकर ऐन, २०५८ को दफा ७(२)(ग) अनुसार व्यवसायको आयको रूपमा गणना गरी परिभाषित गर्ने र सोमा अन्य व्यवसाय सरह कर लगाउन ३६५ दिन भित्र खरिद गरेको सम्पत्तिको बार्षिक कारोबार अङ्क तथा कारोबारको पटक संख्याको सीमा तोकी त्यस्तो बिक्री/निसर्गवाट प्राप्त लाभलाई व्यावसायिक आय मान्ने व्यवस्था गर्ने।

(३२) आयकर ऐन, २०५८ को दफा ९५क. को व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डमा सूचीकरण भएको धितोपत्र खरिद बिक्रीमा भएको लाभको हकमा बासिन्दा प्राकृतिक व्यक्तिले ३६५ दिन भन्दा बढी अवधिको स्वामित्वमा रहेको हितको निसर्ग गर्दा ७.५ प्रतिशत र ३६५ दिन वा सो भन्दा कम अवधिको स्वामित्वमा रहेको हितको निसर्ग गर्दा १० प्रतिशतको दर कायम गर्ने।

(३३) प्राकृतिक व्यक्तिले वार्षिक रु.४० लाख भन्दा बढीको आयको अनिवार्य रूपमा आय विवरण दिने व्यवस्था रहेकोमा सो व्यवस्थाको कार्यान्वयन फितलो देखिएकाले कर अनुपालनामा जोड दिने। यसमा प्राकृतिक व्यक्तिले गैर व्यावसायिक सम्पत्ति लगायतका अन्य बैठक भत्ता, पटके परामर्श सेवा तथा शिक्षण सेवा लगायतका आम्दानी एवं लगानीको आयलाई आय विवरण पेश गर्दा समावेश गरी कर कट्टी (Tax Credit) दिने एवं लाभांश तथा सबै

प्रकारका ब्याज आम्दानीको हकमा आय विवरणमा घटाउन पाउने व्यवस्थालाई निरन्तरता दिने।

(३४) श्रम स्वीकृति प्राप्त विदेशी श्रमिकलाई पारिश्रमिक कर लगायत अन्य करको दायरामा ल्याउन श्रम स्वीकृति तथा भिसा जारी गर्ने निकायसँग समन्वय गरी त्यस्ता व्यक्तिको सूचना अनिवार्य लिने दिने प्रणालीको विकास गरी श्रम स्वीकृती तथा भिसा नवीकरण गर्दा स्थायी लेखा नम्बर र भुक्तानीमा कर कट्टी गर्ने निकाय (Withholding Agencies) लाई कर चुक्ताको प्रमाणपत्र जारी गर्न सक्ने गरी जिम्मेवार बनाउने। उक्त निकायबाट जारी भएको कर चुक्ताको प्रमाण सम्बन्धी व्यवस्थालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने।

(३५) नेपालमा बहुराष्ट्रिय कम्पनी तथा विदेशी कम्पनीका स्थायी संस्थापनहरूको उपस्थिति बढ्दै गएको सन्दर्भमा मूल्य हस्तान्तरणको माध्यमबाट कराधारको क्षयीकरण, मुनाफाको स्थानान्तरण तथा आयको खण्डीकरण जस्ता अभ्यासहरूबाट हुने कर छलीको रोकथाम तथा न्यूनीकरणको लागि मूल्य हस्तान्तरण सम्बन्धी निर्देशिका तथा आयकर ऐन, २०५८ को दफा ३६ देखि ५८ सम्मका व्यवस्थाहरूको कमजोर कार्यान्वयन रोक्न एवं बुझाईमा एकरूपता कायम गर्न आयकर ऐनको परिच्छेद ८ को व्यवस्थालाई सरलीकृत गर्ने गरी निर्देशिका जारी गर्ने। साथै, आयकर सम्बन्धी प्रावधानहरूको प्रभावकारी कार्यान्वयन गर्नका लागि एकीकृत निर्देशिकाको अतिरिक्त विषयगत निर्देशिकाहरू समेत तर्जुमा गर्ने।

(३६) नेपालको विकास निर्माणसँग सम्बन्धित कार्यमा बहुराष्ट्रिय कम्पनीहरूको उपस्थिति बढ्दै गएको परिप्रेक्षमा राष्ट्रिय कराधार संरक्षणका लागि सम्बद्ध पक्षहरूका बिच मूल्य हस्तान्तरण (ट्रान्सफर प्राइसिङ्ग), आयको खण्डीकरण र कर मुक्ति योजनाको प्रवन्ध हुन सक्ने सम्भावनालाई रोकथाम गरी आर्मस लेन्थ सिद्धान्त अनुरूप सही करारोपणका लागि विदेशी निकायबाट सूचना माग गर्नुका साथै अन्तर्राष्ट्रिय संघ संस्थासँग द्विपक्षीय वा बहुपक्षीय सम्झौता गरी सदस्यता लिनु पर्ने देखिन्छ। कराधार क्षयीकरण नियन्त्रणको लागि आन्तरिक राजस्व विभाग र ठूला करदाता कार्यालयमा विशिष्टीकृत सूचना सङ्कलन तथा विश्लेषण शाखा स्थापना गरीसूचना विश्लेषणका आधारमा कराधारको संरक्षण गर्ने।

(३७) विभागले करीब ५० संस्थाहरूलाई अवकाश कोष सञ्चालन गर्न स्वीकृति दिइएकोमा यसमा अधिकांश बैंक तथा वित्तीय संस्थाहरूले अलग अलग अवकाश कोष सञ्चालनको स्वीकृति लिएका छन। योगदानमा आधारित सामाजिक सुरक्षा कोष ऐन, २०७४ बमोजिम सामाजिक सुरक्षा कोष स्थापना भई कार्यान्वयन आइसकेको अवस्थामा आयकर ऐन, २०५८ को दफा ६३(१) बमोजिम विभागबाट अवकाश कोषको स्वीकृति दिने व्यवस्था खारेजी गर्ने नीति लिईकानुनी व्यवस्थाको अनुपालनालाई सरल तथा सहज बनाउन आवश्यक निर्देशिका तयार गरी कार्यान्वयन गर्ने।

(३८) आयकर ऐनले करदाताले आफ्नो आयको सम्बन्धमा स्वयं कर निर्धारण गरी कर तिर्ने व्यवस्था गरेकोमा कतिपय अवस्थामा करदाताले आय विवरण दाखिला गरी सो बमोजिम लाग्ने कर दाखिला नगरेको अवस्थामा विवरण सम्पूष्टि हुने गरेकाले करदाताले लामो समयसम्म कर बक्यौता राखिरहने अभ्यास बढ्दै गएको सन्दर्भमा करदाताले स्वयं कर निर्धारण गरी आय विवरण पेश गर्दा सो बमोजिम दाखिला गर्नुपर्ने कर रकम समेत दाखिला गरेको अवस्थामा मात्र विवरण सम्पूष्टि हुने गरी कानुनी व्यवस्था गर्ने।

(३९) कामदार वा अन्य व्यक्तिका नाममा फर्म दर्ता गरी अर्कै व्यक्तिले कारोबार गर्ने प्रवृत्तिलाई पूर्ण रूपमा निरुत्साहित गर्ने।

(४०) आन्तरिक राजस्व कार्यालयबाट सालबसाली रूपमा करदाताको पूर्ण कर परीक्षण हुने मौजुदा व्यवस्थालाई पूर्ण रूपमा बन्द गरी जोखिम सूचक तयार गरी सोको आधारमा अनुसन्धानात्मक कर परीक्षण गर्ने, छड्के चेकजाँच एवं करदाता र कर अधिकृत बिच सम्पर्क नहुने गरी विद्युतीय माध्यमबाट हुने Faceless Audit पद्धतिलाई कार्यान्वयनमा ल्याउनुपर्ने।

(४१) घरजग्गा कारोबारमा हुने न्यूनतम मूल्याङ्कन पद्धतिबाट प्रत्येक कित्ताको मूल्य अभिलेखन प्रणाली अवलम्बन गरी वास्तविक मूल्य घोषणा हुने गरी प्रणालीको विकास गर्ने।

(४२) बैंक तथा वित्तीय संस्थामा पेश भएका वित्तीय विवरण PAN को माध्यमबाट अनिवार्य रूपमा प्राप्त हुने र कर सहभागिता प्रयोजनमा प्रयोग हुने प्रणालीको विकास गर्ने।

(४३) करदाताको यथार्थ कारोबार लेखाङ्कन गर्ने र प्रतिवेदन गर्ने प्रणाली स्थापित गरी लेखाङ्कन गर्ने एवं प्रतिवेदन गर्ने काममा संलग्न संघ संस्था तथा व्यक्तिलाई लेखा र आयकर सम्बन्धी तालिम दिने र प्रमाणित विवरणका सम्बन्धमा कानुन द्वारा नै जिम्मेवार बनाइनु पर्ने। कर अधिकृतलाई कर सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सवालहरूमा निरन्तर र गहन तालिम प्रदान गर्ने।

(४४) कर प्रशासनमा कार्यरत जनशक्ति र निजी क्षेत्रका व्यावसायिक संघ संगठनको लागि व्यावसायिक स्वच्छताको प्रवर्द्धन गर्न आचारसंहिता तर्जुमा गरी कार्यान्वयन गर्ने।

(४५) आयकर ऐन, २०५८ को दफा १०(ड) मा नेपाल सरकारसँग भएको समझदारीपत्रको आधारमा नाफा नकमाउने वा वितरण नगर्ने उद्देश्यले स्थापना भई सञ्चालनमा रहेका शैक्षिक संस्थाले आफ्नो उद्देश्य अनुरूप आर्जन गरेको रकमलाई कर छुटको आयका रूपमा परिभाषित गरिएको छ। यसले गर्दा निजीस्तरमा उच्च शुल्क लिई अध्यापन गराउने शिक्षण संस्थाहरूले समेत यस व्यवस्था अन्तर्गत कर छुट लिईरहेको हुँदा राजस्व सङ्कलनमा नकारात्मक असर परेको छ। प्रथमतः नाफा नकमाउने उद्देश्य लिएका शैक्षिक संस्थाले लागत अनुसार नै शुल्क लिने मान्यता राख्ने हो भने उनीहरूको मुनाफा नै नहुने हुँदा यस दफा बमोजिमको कर छुटको प्रावधान आवश्यक नदेखिने र अर्कोतर्फ नाफा वितरण नगर्ने उद्देश्यले स्थापना भई सञ्चालनमा रहेका शैक्षिक संस्थाले नाफा वितरण नगर्ने हो भने त्यस्तो नाफा कसका लागि र किन आर्जन गरिएको भन्ने प्रश्न उठने गरेको छ। यसरी अवितरित नाफा भोलिका दिनमा उक्त संगठन विघटन हुँदा अन्ततः नेपाल सरकार कै हुने अवस्थामा छुटको सान्दर्भीकता पुष्टि नहुने भएकाले उक्त दफा खारेज गर्ने।

(४६) आयकर ऐन, २०५८ को दफा ११ अनुसार सामान्य सहकारीलाई आयकर छुटको व्यवस्था गरिएको छ। वित्तीय कारोबार गर्ने सहकारी हाल बैंक तथा वित्तीय संस्थाको विकल्पको रूपमा स्थापित हुँदै गएको र समग्र वित्तीय बजारमा उपस्थिति बढ्दै गएको सन्दर्भमा वित्तीय मध्यस्थकर्ताको कार्य गरी प्राप्त आय आर्जनमा अन्य वित्तीय संस्थाको भन्दा न्यून दरको कर करको सिद्धान्त विपरित भएको देखिएकाले यस्ता सहकारीलाई पनि बैंक तथा वित्तीय संस्था सरह ३० प्रतिशतका दरले कर लगाउने गरी स्पष्ट गर्ने।

(४७) आयकर ऐन, २०५८ को दफा २(झ) मा "आय वर्ष" भन्नाले कुनै सालको श्रावण एक गतेदेखि अर्को सालको आषाढ मसान्तसम्मको अवधि सम्झनु पर्छ भन्ने उल्लेख भए अनुसार नै गर्ने गरी कानुनको संशोधन गर्ने। यसैगरी ऐनको दफा ५७ को उपदफा (३)बमोजिम सो आय वर्षको स्वामित्व परिवर्तन अघि र पछिको भागहरूलाई छुट्टा छुट्टै आय वर्षको रूपमा मानिने व्यवस्था रहेकोले दुवै अवस्थाको निकायको आय विवरण श्रावण देखि असोज मसान्तसम्म नै पेश गर्नु पर्ने गरी कानुनमा स्पष्ट गर्ने।

(४८) आयकर ऐन, २०५८ को दफा २(कङ) मा प्राकृतिक व्यक्तिको सम्बन्धमा गरिएको बासिन्दा व्यक्तिको सामान्य बसोबासको स्थान नेपालमा रहेको परिभाषा अनुसार कुनै व्यक्ति कुनै समयमा कुनै पनि देशको बासिन्दा नठहर्ने सम्भावना रहेको हालको व्यवस्थालाई ओइसिडिको नमूना सम्झौता पुस्तिका (OECD Model Convention) ले गरेको व्याख्या एवं अन्तर्राष्ट्रिय असल अभ्यास समेतका आधारमा निर्देशिका मार्फत थप स्पष्ट गर्ने।

(४९) आयकर नियमावली, २०५९ को दफा १७(३) अनुसार स्वीकृत औषधि उपचार खर्च बापत कर मिलान (Tax Credit) को सीमा हालको रू. ७५०/- बाट बढाई रू. ३ हजार कायम गर्ने।

## परिच्छेद- ६ सामाजिक सुरक्षा योगदान कर

१०६. **सामाजिक सुरक्षा करको अवस्था र स्थितिः** नागरिकलाई सामाजिक सुरक्षा प्रदान गर्नु आधुनिक राज्यको एउटा महत्त्वपूर्ण कार्य भएकोले यसको प्रयोग विश्वभर बढ्दै गएको छ। हालका वर्षहरूमा यसलाई मानव अधिकारको रूपमा पनि लिइने गरिएको छ। मानव अधिकारको विश्वव्यापी घोषणाअनुसार समाजको सदस्यको हैसियतले प्रत्येक व्यक्तिलाई सामाजिक सुरक्षाको अधिकार हुन्छ। राज्यले प्रत्येक व्यक्तिलाई राष्ट्रिय सामर्थ्य र उपलव्ध स्रोत र साधनका आधारमा व्यक्तिको प्रतिष्ठा र व्यक्तित्वको स्वतन्त्र विकासका लागि आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको निर्वाधरूपमा उपभोग गर्ने अधिकार दिनु पर्दछ। यसका साथै प्रत्येक व्यक्तिलाई स्तरयुक्त जीवनको अधिकार छ, जसमा परिवारको स्वास्थ्य र कल्याणको लागि पर्याप्त जीवनस्तरको अधिकार पर्दछन्। यस अन्तर्गत गाँस, बास, कपास, औषधोपचार सुविधाहरू र आवश्यक सामाजिक सेवाहरू पनि समावेश रहेको हुन्छन्। विरामी, असमर्थता, विधुर/विधवा, बुढेसकाल वा निजको काबु बाहिरको अन्य परिस्थितिमा साधन र स्रोतको अभाव भएमा त्यस्तो बेलामा सामाजिक संरक्षण गर्ने दायित्व सरकारको हुन्छ। नेपालको संविधानको धारा ४३ ले सामाजिक सुरक्षाको हकलाई मौलिक हकको रूपमा स्थापित गरेको छ। साथै संविधानमा देहाय अनुसारका विभिन्न किसिमका सामाजिक सुरक्षा योजनाहरूको व्यवस्था गरिएको छः

(१) आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानुन बमोजिम सामाजिक सुरक्षाको हक,

(२) प्रत्येक नागरिकलाई रोजगारीको हक,

(३) प्रत्येक श्रमिकलाई उचित पारिश्रमिक, सुविधा तथा योगदानमा आधारित सामाजिक सुरक्षाको हक,

(४) प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक,

(५) कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित नगरिने र नागरिकको स्वास्थ्य सेवा सुनिश्चित गर्दै स्वास्थ्य उपचारमा पहुँच हुने,

(६) ज्येष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक र

(७) प्रत्येक नागरिकलाई उपयुक्त आवासको हक आदि विषयहरू रहेका छन्।

१०७. सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत सञ्चयकोष, उपदान तथा निवृत्तिभरण र नागरिक लगानी कोषका योजनाहरूका साथै भरपर्दो आयको स्रोत नहुने ज्येष्ठ नागरिक, असहाय, विधवा, एकल महिला, अपाङ्ग, लोपोन्मुख आदिवासी तथा जनजातिलाई दिइने सामाजिक सहायता र रोजगारीको प्रत्याभूति जस्ता कार्यक्रम पर्दछन्। यसका साथै विभिन्न प्रकारका सामाजिक सुरक्षा योजनाहरू लागु गर्ने प्रयास विगत केही वर्षदेखि हुँदै आएको छ। यस सन्दर्भमा विभिन्न आर्थिक वर्षका बजेट वक्तव्यमा विभिन्न प्रस्तावहरू गरिएका छन्। आर्थिक वर्ष २०६६/६७ को बजेट वक्तव्यमा सामाजिक सुरक्षाका कार्यक्रमहरू विस्तार गर्नका लागि पारिश्रमिक करयोग्य आयको पहिलो स्ल्याबमा एक प्रतिशत सामाजिक सुरक्षा कर लगाउने प्रस्ताव गरिएको थियो। क्रमशः यो करलाई थप विस्तार गरी सरकारले वितरण गर्ने सामाजिक सुरक्षा कार्यक्रमको लागि आवश्यक स्रोतको व्यवस्थापन गर्न

थालिएको यो कर प्रणाली हालका वर्ष सम्ममा पनि कर छुटको सीमामा मात्र कर लगाईएको छ। यसको थप विस्तार तथा आधुनिक कर प्रणालीको स्वरूपमा विकास हुन सकेको छैन।

१०८. सामाजिक सुरक्षा योजना मध्ये योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ को कार्यान्वयन अघिको उपदान/निवृत्तिभरण व्यवस्था तोकिएको लाभ (Defined Benefit) मा आधारित योगदानरहित (Non-Contributory) वित्त पोषित नभएको (Unfunded) व्यवस्था हो। यो एक किसिमको Pay-as-you-go को सिद्धान्तमा आधारित व्यवस्था थियो। पछिल्लो यो कानुन कार्यान्वयन भएपछिका वर्ष देखि योगदानमा आधारित निवृतिभरणको व्यववस्था कार्यन्वयनमा आएको भएता पनि सो भन्दा अघिका राष्ट्रसेवकको लागि निकाय र व्यक्तिले तिरेको करबाट निवृत्त भएका कर्मचारीको उपदान तथा निवृत्तिभरणको स्रोत व्यवस्थापन भएको छ। विगतमा सरकारले उपदान/निवृत्तिभरण प्रयोजनका लागि कुनै छुट्टै कोष स्थापना गरेको पनि थिएन। यो रकम सरकारी राजस्वबाट वहन गरिँदै आइएको छ। कर्मचारी सञ्चयकोष र नागरिक लगानीकोबाट भएका व्यवस्था योगदानमा आधारित (Defined Contribution) का व्यवस्था हुन्।


१०९. राष्ट्रिय योजना आयोगको नेपाल सरकारबाट स्वीकृत भएको सामाजिक सुरक्षा सवन्धित राष्ट्रिय खाका २०८० का अनुसार नेपालमा सामाजिक सुरक्षा र संरक्षणका विभिन्न ८७ वटा कार्यक्रम रहेका छन्। सामाजिक सुरक्षा र संरक्षणका कार्यक्रमबाट नेपालमा ३२ प्रतिशत भन्दा बढी जनसंख्या लाभान्वित भएको देखिन्छ। सामाजिक सुरक्षा योजनाको क्षेत्र सार्वजनिक क्षेत्रमा काम गर्ने निजामति कर्मचारी, सेना, प्रहरी तथा शिक्षक र केही सीमित सार्वजनिक संस्थानहरूमा काम गर्ने कामदार कर्मचारीहरू र जेष्ठ नागरिक, विधवा, असहाय, अशक्त, एकल महिला, दलित, लोपोन्मुख आदिवासी तथा जनजातिको लागि सीमित छ। सरकारले समाजिक सुरक्षाका कार्यक्रमको एकीकृत कोष र संरचनाबाट सञ्चालन गर्नु पर्ने भएता पनि विभिन्न संस्थाहरू जस्तै राष्ट्रसेवक कर्मचारी तथा संगठित संस्थाका कर्मचारीको कर्मचारी सञ्चयकोष तथा नागरिक लगानी कोषबाट, औपचारिक क्षेत्र तथा अनौपचारिक क्षेत्रको कार्यक्रम सामाजिक सुरक्षा कोष मार्फत,जेष्ठ नागरिक लगायतका विधवा, असहाय, अशक्त, एकल महिला, लोपोन्मुख आदिवासी तथा जनजातिको नेपाल सरकार गृह मन्त्रालय मार्फत, पारिवारिक स्वास्थ्य बीमा लगायतको स्वास्थ्य उपचारको स्वास्थ्य मन्त्रालय अन्तर्गतको स्वास्थ्य बीमा बोर्ड र वैक तथा वित्तीय संस्था र बीमाको आन्तरिक राजस्व विभागले स्वीकृत गरेका स्वीकृत तथा अस्वीकृत अवकास कोषहरूबाट सञ्चालन गरिएका छन्। अनौपचारिक क्षेत्रमा रोजगारीमा रहेकाको लागि संघ, प्रदेश र स्थानीय तहले सामाजिक सुरक्षा कोषमा ९ दशमलव ३७ प्रतिशत व्यहोर्ने गरी कार्यक्रम शुरु भएता पनि त्यसको शुरुवाती चरणमा सहभागिता राम्रो हुन सकेको छैन। साथै वैदेशिक रोजगारीमा जानेको पनि योगदानमा आधारित सामाजिक सुरक्षाको कार्यक्रम शुरु भएको भएता पनि शुरुको अनुमतिमा लिनका लागि सहभागि हुने र त्यस पछिको समयमा कोषमा रकम दाखिला गर्ने व्यक्तिहरूको संख्यामा कमी आएको छ। खासै सहभागिता बढ्न सकेको अवस्था देखिएन।

११०. विभिन्न निकायहरूबाट सञ्चालन भएका सामाजिक सुरक्षाको कार्यक्रम र सीमित मात्रामा लागु भएको सामाजिक सुरक्षा कार्यक्रमको लागि सरकारले वर्षेनि ठूलो रकम खर्च गर्दै आएको छ। यस्तो रकम आर्थिक वर्ष २०८०।८१ मा रु २ खर्ब ५८ अर्ब विनियोजन पुगेको छ। यो रकम आगामी दिनहरूमा अझै बढ्दै जाने निश्चित् छ। सामाजिक सुरक्षा खर्चको अत्यधिक रकम सामाजिक सुरक्षा

खर्चको रूपमा जेष्ठ नागरिक तथा लक्ष्यित वर्गलाई सामाजिक सुरक्षा भत्ता तथा बीमा र राष्ट्र सेवकलाई निवृत्तिभरण प्रयोजनका लागि खर्च हुने गर्दछ। विस्तारै नेपाल वुढ्योली उमेर समूहमा वृद्धि हुदै जाने छ। साथै योगदानमा आधारित निवृतभरण प्रणाली लागु गर्नु भन्दा अघिका सरकारी सेवामा कार्यरत कर्मचारी, प्रहरी, सेना, शिक्षकको संख्या पनि निकै वृद्धि भएको र औसत आयु पनि बढ्दै गएकोले भविष्यमा समाजिक सुरक्षा खर्च र निवृत्तिभरणमा राज्यको अनिवार्य दायित्व बढ्ने नै देखिन्छ। खर्च पूर्ति गर्ने स्रोतको आयको अनुपातमा खर्च बढी हुन गएकोले दिगो वित्तिय व्यवस्था समयमै गर्न उपयुक्त हुन्छ। सामाजिक सुरक्षा योजनाको क्षेत्र सार्वजनिक क्षेत्रमा काम गर्ने निजामति कर्मचारी, सेना, प्रहरी तथा शिक्षक र केही सीमित सार्वजनिक संस्थानहरूमा काम गर्ने कामदार कर्मचारीहरू र जेष्ठ नागरिक, विधवा, असहाय, अशक्त, एकल महिला, दलित, लोपोन्मुख आदिवासी तथा जनजातिको लागि सीमित छ। नेपालमा सामाजिक सुरक्षा तथा संरक्षणका करिव ८६ वटा कार्यक्रम रहेका छन्। यसमा स्थानीय तह तथा प्रदेश सरकारका समेत केही कार्यक्रम पनि रहेका छन्। उदाहरणको रूपमा राष्ट्रसेवकहरूको मात्र निवृत्तभरणको विवरण संख्या र त्यसका लागि सरकारको स्रोत विनाको दायित्व (Unfunded Liability) को विवरण देहाय अनुसार छ। जुन बर्षेनी बढदो क्रममा छ। यसको लागि आवश्यक पर्ने दिगो स्रोतको खोजि गर्नु आजको आवश्यकता हो।

१११. विभिन्न निकायहरूबाट सञ्चालन भएका सामाजिक सुरक्षाको कार्यक्रम र सीमित मात्रामा लागु भएको सामाजिक सुरक्षा कार्यक्रमको लागि सरकारले वर्षेनि ठूलो रकम खर्च गर्दै आएको छ। यस्तो रकम आर्थिक वर्ष २०७९/८० मा रू.२ खर्व ०२ अर्ब ३६ करोड पुगेको छ। यो रकम आगामी दिनहरूमा झनै बढ्दै जाने निश्चित् छ। सामाजिक सुरक्षा खर्चको अत्यधिक रकम सामाजिक सुरक्षा खर्चको रूपमा जेष्ठ नागरिक तथा लक्षित वर्गलाई सामाजिक सुरक्षा भत्ता तथा बीमा र राष्ट्र सेवकलाई निवृत्तिभरण प्रयोजनका लागि खर्च हुने गर्दछ। विगत दश वर्षको यस सम्बन्धी खर्चको प्रवृति देहाय अनुसार रहेको छ।

**चित्र नं. १०: कुल गार्हस्थ उत्पादन तथा बजेटसँग सामाजिक सुरक्षा खर्च तथा करको अनुपात**



११२. नेपालको कुल गार्हस्थ उत्पादन सँग सामाजिक सुरक्षाको खर्च अनुपात ३ दशमलव ७६ प्रतिशत रहेको छ। यो अनुपात दक्षिण एशियाका अन्य देशका तुलना बढि नै रहेको छ।आर्थिक वर्ष २०७०/७१ कुल ग्राह्रास्थ्य उत्पादन सँग समाजिक सुरक्षा करको अनुपात शुन्य दशमलब ११ प्रतिशत रहेकोमा यसमा निरन्तर वृद्धि भई आर्थिक वर्ष २०७९/८० मा शुन्य दशमलव १६ प्रतिशत मात्र रहन गएको छ।तर सामाजिक खर्चको अनुपात भने कुल ग्राह्रस्थ्य उत्पादनको अनुपातमा आर्थिक वर्ष २०७०/७१ मा १ दशमलव ६७ रहेको थियो।साथै कुल बजेट खर्चमा सामाजिक सुरक्षा बापतको खर्चको प्रतिशत करिव १४ दशमलव २४ प्रतिशतको हाराहारीमा पुगेको छ। यसरी कुल गार्हस्थ्य उत्पादनमा सामाजिक सुरक्षा खर्चको अनुपात र कुल गार्हस्थ्य उत्पादनमा सामाजिक सुरक्षा करको अनुपात आर्थिक वर्ष २०७०/०७१ मा १ दशमलव ५६ प्रतिशतले ले ऋणात्मक रहेकोमा र यसको अन्तर फराकिलो हुँदै ३ दशमलव ६० प्रतिशत पुगेको छ।

११३. आर्थिक वर्ष २०७९/८० मा सामाजिक सुरक्षा कार्यक्रममा यथार्थ चालु खर्चको १९ दशमलव ५४ प्रतिशत र कुल यथार्थ खर्चको १४ दशमलव २४ प्रतिशत खर्च भइरहेको छ। जुन आगामी दिनमा उल्लेखनीय रूपमा बढ्दै जानेछ।अर्कोतर्फ नेपालको संविधान तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता आदिका कारणले सामाजिक सुरक्षा सम्बन्धी अन्य योजनाहरू लागु गर्नुपर्ने आवश्यकता बढ्दै जाने सन्दर्भमा विगतमा शुरु गरिएको योगदानरहितको सामाजिक सुरक्षा व्यवस्था दिगो हुने पनि देखिंदैन जसले गर्दा सामाजिक सुरक्षा व्यवस्थाको लागि समयमै थप स्रोत परिचालनको लागि वैकल्पिक दिगो र भरपर्दो स्रोतमा खोजि गर्न आवश्यक छ। अहिलेको करको सङ्कलनको आधारबाट सरकारले सामाजिक सुरक्षा भत्ता, जेष्ठ नागरिकको बीमा सेवा, निबृत कर्मचारीको पेन्सन, योगदानमा आधारित पेन्सन र अनौपचारिक क्षेत्रमा काम गर्ने श्रमिकको सरकारले लिने दायित्व समेत धान्न सक्ने देखिदैन।अन्य सामाजिक सुरक्षा तथा संरक्षणका कार्यक्रमलाई थप स्रोत नै परिचालन भएको देखिन्छ।

**सामाजिक सुरक्षा योगदान करको सुझाव**

११४. सामाजिक सुरक्षा योगदान कर लगाउन समिति निम्न सुझावहरू सिफारिस गर्दछः

(१) सामाजिक सुरक्षा व्यवस्थालाई दिगो बनाउन सक्षम परिवारको लागि योगदानमा आधारित सामाजिक सुरक्षा व्यवस्था र असक्षमको लागि नगद हस्तान्तरण जस्तो सामाजिक सहायता कार्यकम लागु गर्दै जानु पर्दछ।

(२) विभिन्न किसिमका सामाजिक सुरक्षा योजनाहरू समाविष्ट बहु–खम्बे सामाजिक सुरक्षा योजना लागु गर्दै अन्त्यमा "सबैका लागि सामाजिक सुरक्षा" भन्ने मान्यतालाई मूर्तरूप दिने हिसावले अगाडि बढ्नु पर्दछ।यस्तो व्यवस्था अन्तर्गत योगदान दिन नसक्नेहरूको लागि सञ्चालन गरिएका वृद्ध, विधवा, अशक्त, अपाङ्ग, लोपोन्मुख आदिवासी आदि सामाजिक सहायता योजनाहरूको निरन्तरता तथा थप लाभ सहित विस्तार गर्नु पर्दछ।

(३) औपचारिक क्षेत्रका कामदार/कर्मचारी तथा स्वरोजगार व्यक्तिका लागि योगदानमा आधारित निवृत्तिभरण तथा कर्मचारी सञ्चयकोष व्यवस्था कार्यान्वयन गरिनुपर्दछ।ती कार्ग्रक्रमलाई स्वैच्छिक रूपमा लागु गरिने नागरिक लगानी कोष र यस्तै आयकर ऐन अन्तर्गतका स्वीकृत अवकाश कोषहरूलाई सहायक कार्यक्रमको रूपमा लागु गरिनुपर्दछ।

(४) सामाजिक सुरक्षाको राष्ट्रिय नीतिको आधारमा सामाजिक सुरक्षा र संरक्षणको कार्यक्रमहरू संचालन गरिनु पर्दछ।

(५) सामाजिक सुरक्षाका योगदानमा आधारित कार्यक्रम र पेन्सनका भुक्तानीलाई एकीकृत प्रणालीबाट संचालन गर्ने र सामाजिक सुरक्षाका कार्यक्रमको वृहत र सामान्यको प्याकेजिङ्ग गर्ने गरी सामाजिक सुरक्षाका कार्यक्रमको लाभको थैलीमा एकरूपता कायम गरिनु पर्दछ।

(६) सामाजिक सुरक्षा भत्ता, जेष्ठ नागरिकको बीमा, सेवा निबृत कर्मचारीको पेन्सन, योगदानमा आधारित पेन्सन, र अनौपचारिक क्षेत्रमा काम गर्ने श्रमिकको सरकारले लिने दायित्व समेत धान्न सक्ने गरि दिगो राजस्वको स्रोत तत्कालै खोज्नु आवश्यक छ। दीर्घकालमा सरकारले सबै नेपालीको सामाजिक सुरक्षा र संरक्षणको कार्यक्रमको लागि दिगो स्रोतको रूपमा सामाजिक सुरक्षा करको आधार र दायरा बढाउनु पर्दछ।

(७) सामाजिक सुरक्षा योजनालाई दिगो बनाउन योगदानमा आधारित गर्दै जानु पर्दछ। यस सन्दर्भमा हाल कामदार तथा कर्मचारी लगायतका आय आर्जनकर्ताको आयको पहिलो स्ल्याबमा लागि आएको एक प्रतिशतको सामाजिक सुरक्षा करलाई खारेज गरी व्यक्तिगत आयको आयमा खर्चहरू कट्टा गरी कर योग्य आयमा कर छुटको सीमा घटाए पछिको बाँकी आय रकममा आगामी वर्ष देखि १० वर्ष सम्म ३ प्रतिशत सामाजिक सुरक्षा योगदान कर लगाउन समितिले सिफारिस गर्दछ। त्यस पछि यो करलाई ५ प्रतिशतको दरबाट लगाउने गरी कर प्रणालीको विकास गर्नु पर्दछ।

## परिच्छेद- ७ मूल्य अभिवृद्धि कर प्रणालीको अवस्था र सुधारका आयाम

### पृष्ठमूभि

११५. वस्तु तथा सेवाको मूल्य अभिवृद्धिको बहु तहमा लाग्ने मूल्य अभिवृद्धि कर वस्तु तथा सेवाको उपभोगमा लाग्ने अप्रत्यक्ष कर हो। यो स्वयं कर निर्धारण प्रणालीमा आधारित छ। प्रत्येक मूल्य अभिवृद्धिको तहमा कर लाग्ने र लेखा प्रणालीमा आधारित भएकाले यस करले समग्र कर प्रणालीलाई तटस्थ, वैज्ञानिक र पारदर्शी बनाउन सहयोग गर्दछ। मूल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्तिले खरीद वा पैठारीमा तिरेको कर (Input Tax) भन्दा बिक्री गर्दा असूल गरेको कर (Output Tax) बढी भएमा सरकारलाई वुझाउने र घटी भएमा कर फिर्ता दिने व्यवस्था रहेको छ। कर बीजक बमोजिमको करयोग्य बिक्रीसँग सम्बन्धित खरिद वा पैठारीमा तिरेको कर कट्टी गर्न पाउने र कर लाग्ने कारोबारसँग सम्बन्धित पुँजीगत तथा गैर पुँजीगत सबै वस्तुमा तिरेको करलाई पनि कट्टी गर्न पाइन्छ। यो कर वैज्ञानिक, आधुनिक र पारदर्शी मात्र नभई आर्थिक दृष्टिकोणले तटस्थ र सक्षम समेत रहेको अन्य देशहरूको अनुभव रहेको छ।

११६. सन् १९८० को दशकमा विश्व कर प्रणालीले अङ्गालेको यस करले विश्वभर विगतमा विद्यमान बहु करका झन्झटबाट छुटकारा पाई करदातामैत्री कर प्रणाली कर सुधारको अन्तर्राष्ट्रिय एजेन्डाको रूपमा स्थापित भएको थियो। नेपालले पनि सन् १९९० को दशकमा शुरु गरेको आर्थिक सुधारको महत्वपूर्ण कार्यसूचीमा मूल्य अभिवृद्धि कर प्रणाली पनि रहेको थियो। करीब ५ वर्षको पूर्व तयारी पश्चात नेपालमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को कार्यान्वयन २०५४ साल मंसिर १ गते देखि गरिएको थियो। सन २०२३ जुनसम्ममा विश्वका १७५ देशहरूमा यो कर लगाईएको छ। लामो समयको अध्ययन पछि भारतमा पनि २०१७ को जुलाई देखि बहुदरको वस्तु र सेवामा आधारित यो कर लगाउन शुरु गरिएको छ।

११७. बस्तु तथा सेवाको बिक्री वितरणमा लाग्ने करहरूलाई एकीकृत गरी सरल तथा सहज कर प्रशासनको लागि एकल करको रूपमा यस लाई कार्यान्यनमा ल्याइएको थियो। यसले फराकिलो कराधारको माध्यमबाट पारदर्शी अर्थतन्त्र निर्माणको आधारशीला तयार गर्दछ। यो कर प्रणालीले करको लागत सिधै उपभोक्तामा हस्तान्तरण गर्दछ। सन् २००८ मा विश्व अर्थव्यवस्थामा देखा परेको वित्तीय संकटको व्यवस्थापन गर्न र वित्त संरचनालाई सुदृढ गर्न यस कर प्रणालीको महत्वपूर्ण योगदान रहेको थियो। अन्य करको तुलनामा यस करले आर्थिक वृद्धिमा पार्न सक्ने नकारात्मक असर न्यून हुने भएकोले यसको कार्यान्वयन गर्ने देशहरूको संख्या क्रमशः बढदै गएको देखिन्छ। समष्टिगत आर्थिक स्थायित्वको लागि वित्तीय सबलीकरण एक महत्वपूर्ण नीति उपकरण भएकोले संस्थागत आयकरको दर र भन्सारका दरहरूमा कटौति गरी मूल्य अभिवृद्धि करको दरमा भने वृद्धि गर्ने प्रचलन रहेको छ। विश्वको औषत मूल्य अभिवृद्धि करको दर १६ प्रतिशत रहेको छ। ओईसिडि देशहरूको औषत करको दर १९.२ प्रतिशत, एसिया प्रशान्त क्षेत्रका देशहरूको औषत करको दर १२.५ प्रतिशत, सार्क देशहरूको औषत करको दर १४ प्रतिशत रहेकोमा नेपालमा करको दर शुरुका वर्षमा १० प्रतिशत भएता पनि बिक्रम सम्बत २०६२ को माघ देखि १३ प्रतिशत कायम गरिएको थियो। तत्कालमा बढ्दो सार्वजनिक खर्च धान्नको लागि यो करको दरमा वृद्धि गरिएको भएता पनि हालसम्म यसलाई स्थिर नै राखिएको छ। युरोपेली तथा अन्य केही देशहरूमा यो कर बहुदरमा आधारित भएता पनि हाल एकल करको दर कायम गर्ने प्रचलन बढदै

गएको छ। जापान र सिङ्गापुरले विगतमा रहेको एकल दरको करलाई हाल वृद्धि गरी क्रमशः १० र ९ प्रतिशत पुऱ्याएका छन्।

११८. नेपालमा आर्थिक क्रियाकलापको वृद्धि गर्न र उपभोगमा आधारित रहेको आर्थिक वृद्धिको ढाँचाको निरन्तरताको लागि यस करको दर विश्व औसत दर भन्दा कम भएता पनि आगामी केहि वर्षसम्मका लागि करको दर यथावत राख्न उपयुक्त छ। यो कर कार्यान्वयनको २६ वर्षको अवधिमा दुई वटा उच्चस्तरीय समिति तथा आयोगले पनि यो करको दरका सम्बन्धमा अध्ययन गरी बहुदरमा नगई एकल दर नै कायम राख्न सुझाव दिएका थिँए। यो कर कानुन कार्यान्वयनको सिलसिलामा कर छुटको अनुसूचीमा पछिल्ला समयमा शुरु वर्षको तुलनामा कर छुटको वस्तु तथा सेवा अध्ययन नै नगरी थप हुँदै गएको अवस्था छ। विश्व अर्थतन्त्रको आकारमा विद्युतीय अर्थतन्त्रको बढिरहेको अनुपातको प्रभाव नेपालको अर्थतन्त्रमा पनि देखा परेको छ। अर्थतन्त्रको संरचनामा देखिएका यस प्रकारका परिवर्तनबाट कराधारको संरक्षण गर्दै व्यवसाय र करदातामैत्री कर प्रणाली बनाउनु राज्यको दायित्व पनि हो। यसबाट वस्तु तथा सेवाको उपभोग, आपूर्ति हुने स्थान तथा समय र विद्युतीय भुक्तानीका कारण वस्तु तथा सेवाको उपभोग भएको अवस्थामा करारोपण हुने वर्तमान कानुनी व्यवस्थाले कर परिपालनामा गराउनमा जटिलता देखिएको छ।

११९. समाजमा विलासिताका वस्तु तथा सेवाका बढ्दो उपभोग एवं आधारभूत आवश्यकताको वस्तु तथा सेवामा एकै प्रकारको कर लगाउने नीतिले समन्यायिकता को सिद्धान्त कायम हुन नसकेकोले वहुदरको माग पनि उठिरहेको छ। तर वहुदर प्रणालीले बिलिङ्ग गर्ने, अभिलेख राख्ने, कर कट्टी दावी गर्ने र कर फिर्ता दावी गर्ने विषयमा चुनौतीहरू विद्यमान रहेको परिप्रेक्षमा थप जटिलता सिर्जना गर्ने हुँदा र करदाताको सहभागिता लागत वृद्धि भई कर अनुपालनाको स्तर समेत थप खस्कने परिप्रेक्षमा सरलता, दक्षता र मूल्य अभिवृद्धि करको प्रभावकारी कार्यान्वयनका लागि एकल करको दरलाई निरन्तरता दिन समितिले सुझाव गर्दछ।


१२०. बढ्दो अनौपचारिक अर्थतन्त्रको आकारलाई नियन्त्रण गर्दै क्रमशः घटाउदै लैजाने रणनीति अख्तियार गर्ने, हाल कर छुट गरिएका केही वस्तु तथा सेवालाई करका दायरामा ल्याई कराधार विस्तार गर्ने र क्रमशः मूल्य अभिवृद्धिको एकल दरलाई घटाउनु पर्ने हुन्छ। अर्थतन्त्रको संरचनामा आउने परिवर्तन र आवश्यकता, आय, एवं वस्तु तथा सेवाको उपभोगको प्रवृत्ति, कर दक्षता र राजस्वको उत्पादकत्वको आधारमा करका दरमा पुनरावलोकन गर्न उपयुक्त हुन्छ। साथै हाल लगाउन शुरु गरिएको विलासिता शुल्क (Luxury Charge) लगायतका अन्य यस्तै प्रकारका सबै करलाई खारेज गरी मूल्य अभिवृद्धि करको क्षेत्रमा ल्याउनुपर्दछ। धेरै प्रकारका करहरूको कार्यान्वयनले कर प्रणालीलाई बोझिलो बनाउने र कर दक्षतामा समेत प्रतिकुल असर गर्ने हुँदा हाम्रो जस्तो सानो आकारको एवं विस्तारको क्रममा रहेको अर्थतन्त्रको लागि करका संख्या र दर सकेसम्म न्यून गर्न आवश्यक छ।

**राजस्व सङ्कलनमा मूल्य अभिवृद्धि करको योगदान, प्रवृत्ति र कार्यान्वयनको अवस्था**

१२१. नेपालको सन्दर्भमा मूल्य अभिवृद्धि कर राजस्व परिचालनको मेरूदण्डको रूपमा रहेको छ। आर्थिक वर्ष २०७०/७१ मा मूल्य अभिवृद्धि करको अंश कुल कर राजस्वमा ३२.४३ प्रतिशत र कुल राजस्वमा करीब २८.३३ प्रतिशत रहेको थियो। यसलाई कुल गार्हस्थ उत्पादनसँग तुलना गर्दा

करीब ४.५२ प्रतिशत रहेको थियो। एक दशकपछि आर्थिक वर्ष २०७९/८० मा आइपुग्दा यसको योगदान कुल कर राजस्वमा ३३.५७ प्रतिशत रहेको छ भने कुल राजस्वमा ३०.३६ प्रतिशत रहेको छ। यसलाई कुल गार्हस्थ उत्पादनसँग तुलना गर्दा ५.४ प्रतिशत रहेको थियो। राजस्व संरचनामा यसको सापेक्षित अंश वृद्धि भएतापनि कुल गार्हस्थ उत्पादनसँग दाँजेर विश्लेषण गर्दा यसको अंश कम हुन जानुको पहिलो कारण कुल गार्हस्थ उत्पादन गणना गर्ने आधार वर्ष र आधार मूल्यमा गरिएको परिवर्तनले गर्दा कुल गार्हस्थ उत्पादनको आकार वृद्धि भई यसको सापेक्षित अंश कम देखिएको हो। साथै कोभिड २०१९ ले अर्थतन्त्रमा पारेको नकारात्मक प्रभाव, अर्थतन्त्रको समग्र मागमा ह्रास आएकाले उत्पादन, रोजगारी र आयमा समेत परेको नकारात्मक असरका कारण एवं विदेशी मुद्रा सञ्चिति तथा भुक्तानी सन्तुलनमा परेको चापलाई सम्बोधन गर्न गत वर्ष केही वस्तुको आयातमा अस्थायी प्रतिबन्ध र कोटा जस्ता केही नीतिगत हस्तक्षेपले गर्दा मूल्य अभिवृद्धि करमा महत्वपूर्ण योगदान गर्ने केही वस्तुको कारोबार संकुचित हुन गई मूल्य अभिवृद्धि कर असुलीमा नकारात्मक असर परेको देखिन्छ। यसका अतिरिक्त मूल्य अभिवृद्धि करको सहभागिता न्युन हुँदै गएको कारणले पनि मूल्य अभिवृद्धि कर असुलीमा नकारात्मक प्रभाव परेको छ।

**चित्र नं. ११: मूल्य अभिवृद्धि करको सापेक्षित महत्व**





स्रोत: अर्थ मन्त्रालयको आर्थिक सर्भेक्षण र आन्तरिक राजस्व विभाग

१२२. अन्तर्राष्ट्रिय मुद्रा कोषले सन् २०२३ मा गरेको नेपालको कर नीतिको अध्ययन प्रतिवेदन अनुसार आर्थिक वर्ष २०७०/७१ देखि आर्थिक वर्ष २०७९/८० को अवधिमा कुल गार्हस्थ उत्पादनसँगको अनुपातमा मूल्य अभिवृद्धि कर राजस्व बढ्दै गएको भएतापनि उच्च मुद्रास्फीतिको कारणले पनि यो करमा वृद्धि गराएको अनुमान गर्न सकिन्छ। साथै कुल गार्हस्थ उत्पादनसँगको अनुपातमा यो कर सङ्कलन दक्षिण एसियाली मुलुक र एसिया प्रशान्त देशहरूको क्षेत्रीय औषतको तुलनामा बढी नै रहेको देखिन्छ। नेपालको मूल्य अभिवृद्धि करको C-efficiency अनुपात अन्य सामान्य मापन

अनुपात तथा कर सङ्कलनको कुल गार्हस्थ उत्पादनसँगको तुलनामा परिणामको आधारमा (Performance measure) गर्न बढी उपयुक्त हुन्छ। नेपालको C-efficiency अनुपात करीब ३६ देखि ४० प्रतिशत रहेको छ जुन एसिया तथा प्रशान्त देशहरूको क्षेत्रीय औषत भन्दा कम रहेको तर दक्षिण एसियाली देशहरूको तुलनामा बढी नै रहेको छ। तुलनात्मक उपलब्धि विश्लेषणको लागि C-efficiency अनुपात बढी उपयोगी भएतापनि यसको आफ्नै निश्चित सीमाहरू रहेका छन्। मूल्य अभिवृद्धि कर सङ्कलनमा पैठारीको सापेक्षित अङ्क न्युन हुँदै गएको र आन्तरिक करोबारको अंश क्रमशः वृद्धि हुँदै गएको छ। आर्थिक वर्ष २०७०/७१ मा असुल भएको कुल मूल्य अभिवृद्धि करमा पैठारीको अंश करीब ६५ दशमलव ९३ प्रतिशत र आन्तरिक कारोबारको अंश ३४ दशमलव ०७ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७९/८० मा पैठारीको अंश ५९ दशमलव ५५ प्रतिशत र आन्तरिक कारोबारको अंश ४० दशमलव ४५ प्रतिशत कायम भएको छ। आन्तरिक कारोबारमा आधारित मूल्य अभिवृद्धि करको अंशमा सुधार हुनु सकारात्मक पक्ष भएतापनि समग्र सार्वजनिक र निजी उपभोग्य वस्तुको आपूर्तिको लागि आन्तरिक उत्पादन क्षमता कमजोर मात्र होइन प्रतिष्पर्धी समेत हुन नसकेको कारणले वस्तु आयात अत्याधिक वृद्धि भएको हुँदा पैठारीमा आधारित मूल्य अभिवृद्धि करको अंश उल्लेखनीय रूपमा घटाउने कार्य चुनौतिपूर्ण रहेको छ। आन्तरिक उत्पादनको मात्रात्मक एवं गुणात्मक वृद्धि गर्ने, कतिपय कर छुटमा रहेका आन्तरिक उत्पादनलाई करको दायरामा ल्याउने, कारोबार लुकाउने, बीजक जारी नगर्ने, मौज्दात मिलान गर्न एकमुष्टरूपमा न्युन कारोबार मूल्य अङ्कित गरी बीजक जारी गर्ने र कर छली गर्न झुट्टा बीजकको प्रयोग गर्ने प्रवृतिलाई नियन्त्रण गर्न सार्थक प्रयास भएमा आन्तरिक कारोबारमा आधारित मूल्य अभिवृद्धि करको सापेक्षित अंश वृद्धिको अपार सम्भावना रहेको छ।

**चित्र नं. १२ मूल्य अभिवृद्धि करमा आन्तरिक र पैठारीको सङ्कलन अनुपात**





स्रोतः आन्तरिक राजस्व विभाग

१२३. आन्तरिक कारोबारमा आधारित मूल्य अभिवृद्धि करको विश्लेषण गर्दा अन्तिम उपभोक्ताबाट सङ्कलन भएको अंशलाई महत्वपूर्ण मानिन्छ। उत्पादन तहको सापेक्षित योगदान ३३ प्रतिशतबाट कायम ३२ प्रतिशत कायम भएको छ भने ठेक्का तथा परामर्शको योगदान १७ प्रतिशतबाट वृद्धि भई करीब २६ प्रतिशत पुगेको छ। यसैगरी रिभर्स चार्जको रूपमा सङ्कलन हुने करको हिस्सा क्रमशः घटदै गएको छ। पैठारी तथा उत्पादन, अन्य सेवा, परामर्श तथा रिभर्स चार्जको रूपमा वेदर्तावालबाट सङ्कलन भएको करको अधिकांश हिस्सा दर्तावाल व्यक्तिले कर कट्टीको रूपमा पुनः दावी गर्ने

प्रकृतिको कर भएकोले यस्ता शीर्षकबाट सङ्कलन भएको करले मिलान हुन नसकेको कर (क्रेडिट रकम) को रूपमा नेपाल सरकारको दायित्वको रूपमा रहेको पाइन्छ। वस्तु तथा सेवाको बिक्री वितरण र पर्यटन सेवाबाट सङ्कलन भएको अधिकांश करको हिस्सा अन्तिम उपभोक्ताबाट सङ्कलन भएको हुन। यस्तो शीर्षकबाट सङ्कलन भएको करको अंशमा बढोत्तरी नभएसम्म मूल्य अभिवृद्धि करको कार्यान्वयन प्रभावकारी मानिंदैन। आर्थिक वर्ष २०७०/७१ मा बिक्री वितरण शीर्षकको सापेक्षित योगदान करीब २३ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७९/८० मा २४ प्रतिशत पुगेको छ भने पर्यटन क्षेत्रको योगदान ४ प्रतिशतबाट घटन गई २ प्रतिशत कायम भएको छ।

**चित्र नं. १३ आन्तरिक मूल्य अभिवृद्धि करको बनोट**





स्रोत: आन्तरिक राजस्व विभाग

१२४. मूल्य अभिवृद्धि कर सहभागिता मापन गर्ने छदम परिसूचक (Proxy Indicator) को रूपमा करदाता दर्ता संख्या र विवरणलाई लिन सकिन्छ। आर्थिक वर्ष २०७९/८० सम्ममा ३ लाख ९६ हजार करदाता मूल्य अभिवृद्धि कर प्रयोजनको लागि दर्ता भएका छन्। सो मध्ये २ लाख २६ हजार ८०७ (करीब ८१.७५ प्रतिशत) करदाताहरू अनिवार्य करदाताको रूपमा दर्ता भएका छन भने १ लाख ६९ हजार १९५ (करीब १८.२५ प्रतिशत) करदाताहरू स्वैच्छिक करदाताको रूपमा दर्ता भएको पाइन्छ।

१२५. दर्तायोग्य व्यक्तिहरू मूल्य अभिवृद्धि कर प्रयोजनको लागि दर्ता भए वा नभएको विषय महत्वपूर्ण रहेको हुन्छ। दर्ता हुन नपर्ने व्यक्ति दर्ता भएमा करदाता र कर प्रशासन दुबैलाई अतिरिक्त लागत बहन गर्नु पर्ने हुन्छ। यस्ता करदाताले कर कट्टी सुविधा प्राप्त गर्ने र संगठित क्षेत्रमा बिक्री कारोबार विस्तार गर्न सक्ने भएतापनि लाभ लागतको विश्लेषण नगरी दर्ता हुँदा एकातिर अनावश्यक रूपमा कर सहभागिता लागत बहन गर्नु पर्ने देखिन्छ भने अर्कोतर्फ कर प्रशासनले पनि राजस्व परिचालनामा ठोस योगदान नगर्ने करदाताको सेवा र प्रशासन गर्न अतिरिक्त समय, लागत एवं स्रोत तथा साधनको खर्च व्यहोर्नु पर्ने हुन्छ। यसले गर्दा राजस्व जोखिम पहिचान, अध्ययन र विश्लेषण

गरी उच्च जोखिमयुक्त करदाताको कारोबारको अनुसन्धान एवं कर परीक्षण गर्ने क्षमतामा ह्रास आउने देखिन्छ। कतिपय दर्ता हुनु पर्ने व्यक्ति दर्ता नभएको र कर प्रशासनले पनि दर्ता गराउन नसकेको अवस्था रहेको छ। करदाताका विवरण र कर सहभागिता स्तरको अध्ययन गर्दा अधिकांश करदाताको कर योगदान शुन्य रहेको छ। तसर्थ गुणस्तरीय करदाता दर्ता कर प्रशासनको लागि चुनौतीपूर्ण कार्य सावित भएको छ।


**चित्र नं. १४: मूल्य अभिवृद्धि करका दर्ताको विवरण**




**स्रोत आन्तरिक राजस्व विभाग**

१२६. कर सहभागिता मापन गर्ने अर्को छद्‌म परिसूचक (Proxy Indicator) कर विवरण संख्या पनि हो। करदाताले आफ्नो वास्तविक करोबार घोषणाका आधारमा कानुन बमोजिम कर दायित्व आफै गणना गरी तोकिएको समयमा कर विवरण र कर दाखिला गरेमा मात्र कर सहभागिता जनाएको मानिन्छ। दर्ता भएका करदातामध्ये विवरण पेश गर्ने र नगर्ने करदाताको विषयमा अध्ययन गर्दा आर्थिक वर्ष २०७०/७१ मा करीब ७४ प्रतिशत ले समयमा कर विवरण पेश गरेका र करीब २६ प्रतिशतले कर विवरण समयमा पेश नगरेको देखिन्छ। कर विवरण पेश नगर्ने प्रवृत्ति क्रमशः वृद्धि हुँदै आर्थिक वर्ष २०७९/८० मा आइपुग्दा करीब ५५ प्रतिशतले मात्र समयमा कर विवरण पेश गरेका र करीब ४५ प्रतिशतले समयमा कर विवरण पेश नगरेको देखिन्छ।


**चित्र नं. १५: मूल्य अभिवृद्धि करको विवरण स्थिति**




स्रोतः आन्तरिक राजस्व विभाग

१२७. करदाताले गर्ने कारोबारको घोषणाको आधारमा पनि कर सहभागितास्तर मूल्याङ्कन गर्ने गरिन्छ। करदाताले तोकिए बमोजिम र समयमा विवरण पेश नगर्नु प्रमुख चुनौतीको रूपमा रहेको अवस्थामा कर विवरण पेश गर्नु मात्र पर्याप्त नभई पेश गरेको विवरणमा कारोबारको वास्तविकता, शुद्धता एवं पारदर्शीताले महत्व राख्दछ। पेश भएका कर विवरणहरूको अवस्था अध्ययन गर्दा आर्थिक वर्ष २०७०/७१ मा खरिदमा तिरेको करभन्दा बिक्रीमा सङ्कलन गरेको कर बढी भएको भनी पेश भएका कर विवरण (अर्थात डेविट विवरण) संख्या करीब १६ प्रतिशत रहेको थियो भने खरिदमा तिरेको करभन्दा बिक्रीमा सङ्कलन गरेको कर कम देखाई पेश गरेका कर विवरण (अर्थात क्रेडिट विवरण) संख्या करीब ५१ प्रतिशत रहेको थियो। यसैगरी सो वर्ष कारोबार नभएको भनी शुन्य कर विवरण पेश गर्ने करदाताको संख्या करीब ३३ प्रतिशत रहेको थियो। विगत दस वर्षमा डेविट विवरण पेश गर्ने करदाताको सापेक्षित मात्रा क्रमशः कम हुँदै गएको देखिन्छ। आर्थिक वर्ष २०७९/८० मा डेविट विवरण पेश गर्ने करदाताको अंश करीब ११ प्रतिशत, क्रेडिट विवरण पेश गर्ने करदाताको अंश करीब ५९ प्रतिशत र शुन्य विवरण पेश गर्ने करदाताको अंश करीब ३० प्रतिशत रहेको हुँदा करदाताले वास्तविक कारोबार मूल्यमा बीजक जारी नगर्ने, कारोबार लुकाउने र अवास्तविक कर कट्टी दावी गरी कर विवरणमा अधुरो वा त्रुटीपूर्ण कारोबार रकम एवं कर दायित्व घोषणा गर्ने गरेको पुष्टि हुन्छ।


चित्र नं. १६: मूल्य अभिवृद्धि कर विवरणको स्थिति




स्रोत: आन्तरिक राजस्व विभाग

१२८. मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाताको कर सहभागिताको स्थिति माथि प्रस्तुत गरिएको छ। यस प्रकारका करदाताबाट शुरुको वर्षमा सरकारलाई कर सङ्कलन गरी दाखिला गरेको आर्थिक वर्ष २०५४/५५ मा रु.२२ करोड ८८ लाख रहेकोमा सरकारसँग मूल्य अभिवृद्धि कर लिनु पर्ने रकम रु ७४ करोड ६७ लाख रहेको थियो (यसले करदाताको उक्त मूल्यको सामान स्टकमा थियो वा त्यति मूल्य बरावरको कर रकम लगानी भएको थियो भन्ने बुझाउंदछ)। यो क्रममा निरन्तर वृद्धि हुँदै गईआर्थिक वर्ष २०७९/८० मा सरकारलाई दाखिला गर्नु पर्ने रकम रू.१५ अर्व ६८ करोड ८२ लाख रहेको छ भने सरकारसँग करदाताले दावी गरेको रकम रु.७७ अर्व २७ करोड ३७ लाख रहेको छ। आर्थिक वर्ष २०७८/७९ र २०७९/८० मा आयात तथा आन्तरिक उत्पादनमा आएको कमीले गर्दा सरकारसँग दाबी गरिएको रकममा कमी देखिएको भएतापनि आर्थिक क्रियाकलापमा वृद्धि हुने अवस्थामा यसको पनि बढोत्तरी हुने देखिन्छ। यस्तो कर प्रशासनमा कर सहभागिता जनाउने र कर जोखिम व्यवस्थापनको रणनीति कमजोर रहेको बुझिन्छ। यसको प्रवृत्तिको अवस्था तल रेखाचित्रमा प्रस्तुत गरिएको छ।

**चित्र नं. १७: मूल्य अभिवृद्धि करको डेबिट तथा क्रेडिट रकम**




स्रोतः आन्तरिक राजस्व विभाग

१२९. करदाताले कर विवरणमा घोषणा गरेको कारोबारको अध्ययन गर्दा कुल २,६१,८१५ करदाताले जम्मा रु.१ खर्ब १४ अर्ब ७० करोड १९ लाख कर दाखिला गरेको देखिन्छ। रु.५० लाखसम्मको वार्षिक करयोग्य कारोबार गर्ने १,६९,८३३ साना करदाताले रु.६ अर्ब ४१ करोड १२ लाख कर दाखिला गरेको पाइन्छ। करीब ६४.८७ प्रतिशत यस्ता साना करदाताले करीब ५.५९ प्रतिशत मूल्य अभिवृद्धि कर दाखिला गरेका छन्। यसैगरी वार्षिक रु.५० लाख देखि रु.१ करोडसम्म कारोबार गरेको घोषणा गरेका २३,५३२ करदाता (करीब ९ प्रतिशत) ले रु.३ अर्ब ११ करोड ८७ लाख कर (२.७२ प्रतिशत) दाखिला गरेका छन्। वार्षिक रु.१ करोड देखि रु.३ करोडसम्म कारोबार गरेको घोषणा गरेका ३७,९५८ करदाता (करीब १४.५ प्रतिशत) ले रु.८ अर्ब २८ करोड ८८ लाख कर (७.२३ प्रतिशत) दाखिला गरेका छन्। वार्षिक रु.३ करोडभन्दा बढी कारोबार घोषणा गरेका ३०,४९२ करदाता (करीब ११.६५ प्रतिशत) ले रु.९६ अर्ब ८८ करोड ३२ लाख कर (८४.४७ प्रतिशत) दाखिला गरेका छन्।

**तालिका नं. ९ कारोबारको तह अनुसार करदाता संख्या तथा राजस्वमा योगदान**

| कारोबार रकम रू.लाखमा | करदाता संख्या | राजस्व सङ्कलन रू.लाखमा | कुल राजस्व सङ्कलनको प्रतिशतमा |
|---|---|---|---|
| ० –१० | १२२,४८४ | ३०,४५० | २।६५ |
| १० –२० | १७,३३० | ९,४५२ | ०।८२ |
| २० –३० | १२,७०१ | ८,८९० | ०।७८ |
| ३० –४० | ९,५३९ | ८,०१२ | ०।७० |
| ४० –५० | ७,७७९ | ७,३०५ | ०।६४ |
| ५० –६० | ६,५५१ | ७,१४५ | ०।६२ |
| ६० –७० | ५,२८१ | ६,२२० | ०।५४ |
| ७० –८० | ४,५७२ | ६,१४४ | ०।५४ |
| ८० –९० | ३,७१५ | ५,६८९ | ०।५० |
| ९० –१०० | ३,४१३ | ५,९८६ | ०।५२ |

| कारोबार रकम रू.लाखमा | करदाता संख्या | राजस्व सङ्कलन रू.लाखमा | कुल राजस्व सङ्कलनको प्रतिशतमा |
|---|---|---|---|
| १०० – २०० | २६,३३८ | ४७,७९४ | ४।१७ |
| २०० – ३०० | ११,६२० | ३५,०९३ | ३।०६ |
| ३०० भन्दा माथी | ३०,४९२ | ९६८,८३२ | ८४।४७ |
| **जम्मा** | **२६१८१५** | **१,१४,७०,१९** | |

स्रोतः आन्तरिक राजस्व विभाग

१३०. कर बक्यौता विवरणले पनि करदाताको स्वैच्छिक कर सहभागितास्तर मूल्याङ्कन गर्न सकिन्छ। स्वैच्छिक कर प्रणालीले करदातालाई आफ्नो कर दायित्व आफै गणना गरी तोकिएको अवधिभित्र कर दाखिला गर्नुपर्ने अधिकार तथा दायित्व सुम्पेको हुन्छ। कर विवरणमा आफैले तिर्नु पर्ने दायित्व भनि घोषणा गरेको कर अपवादबाहेक सबैले समयमा दाखिला गर्ने कानुनी तथा नैतिक अपेक्षा राखिएको हुन्छ। तर नेपालको हकमा अधिकांश करदाताले आफैले घोषणा गरेको कर दायित्व पनि समयमा नतिरी बक्यौता राख्ने गरेकाले मूल्य अभिवृद्धि कर असुलीमा नकारात्मक असर पर्दै आएको छ। आर्थिक वर्ष २०७०/७१ मा रु.४६ करोड ५२ लाख मूल्य अभिवृद्धि कर बक्यौता रहेको अभिलेखबाट देखिएकोमा उक्त रकम आर्थिक वर्ष २०७८/७९ मा रु.१३ अर्ब १५ करोड ५९ लाख पुगेको र आर्थिक वर्ष २०७९/८० मा रु.५ अर्ब ५० करोड ६४ लाख कायम भएको देखिन्छ। अझै पनि उल्लेख्य संख्यामा बक्यौता राख्ने करदाता एवं तदनुरूपको कर रकम भएकोले बक्यौता असुलीमा कर प्रशासन थप सक्रिय हुनु पर्ने देखिन्छ।

**तालिका नं. १० मूल्य अभिवृद्धि कर बक्यौताको विवरण**

| आर्थिक वर्ष | स्थायी लेखा नम्बर संख्या | कुल बक्यौता (लाखमा) | परिवर्तनको दर (प्रतिशतले घटेको/बढेको) |
|---|---|---|---|
| २०५४।०५५ | ४९ | २२।०४ | आधार वर्ष |
| २०५५।०५६ | १६६ | २२४।२१ | ९०।१७ |
| २०५६।०५७ | २५० | १०५।०७ | -११३।४० |
| २०५७।०५८ | ३९४ | १४१।४९ | २५।७४ |
| २०५८।०५९ | ५१८ | १५७।३४ | १०।०७ |
| २०५९।०६० | ५१० | ६३८।३६ | ७५।३५ |
| २०६०।०६१ | ५४४ | २७४।५९ | -१३२।४८ |
| २०६१।०६२ | ६९७ | ६००।४४ | ५४।२७ |
| २०६२।०६३ | ८०१ | ८४२।३९ | २८।७२ |
| २०६३।०६४ | ९०१ | २,४८५।४७ | ६६।११ |
| २०६४।०६५ | ९६० | ७,३१७।१० | ६६।०३ |
| २०६५।०६६ | १,१६० | ४,४०७।६४ | -६६।०१ |
| २०६६।०६७ | १,४८६ | ३,३२३।९२ | -३२।६० |
| २०६७।०६८ | १,८८३ | २,४८५।०८ | -३३।७६ |
| २०६८।०६९ | २,४११ | १,९९१।८५ | -२४।२६ |
| २०६९।०७० | ३,१२४ | ४,४२९।१४ | ५४।८५ |
| २०७०।०७१ | ४,२४५ | ४,६५२।६० | ४।८० |

| आर्थिक वर्ष | स्थायी लेखा नम्बर संख्या | कुल बक्यौता (लाखमा) | परिवर्तनको दर (प्रतिशतले घटेको/बढेको) |
|---|---|---|---|
| २०७१।०७२ | ५,२७८ | ५,३८३।८५ | १३।५८ |
| २०७२।०७३ | ७,९५८ | ६,९०६।९७ | २२।०५ |
| २०७३।०७४ | ८,९८१ | १४,५९०।३९ | ५२।६६ |
| २०७४।०७५ | १०,३६३ | १७,८९०।७८ | १८।४५ |
| २०७५।०७६ | १४,६७९ | २२,६२३।२५ | २०।९२ |
| २०७६।०७७ | १९,३७६ | १४,७३७।१८ | -५३।५१ |
| २०७७।०७८ | ३२,२५८ | २१,९९२।७६ | ३२।९९ |
| २०७८।०७९ | ३५,४११ | १३१,५५९।३२ | ८३।२८ |
| २०७९।०८० | ६२,७३१ | ५५,०६४।४० | -१३८।९२ |

स्रोतः आन्तरिक राजस्व विभाग

१३१. **मूल्य अभिवृद्धि करको नीतिगत र कर सहभागिता अन्तरको अवधारणा :** मूल्य अभिवृद्धि करको सामान्य सिद्धान्त अनुसार आर्थिक र सामाजिक कल्याणका लागि अत्यावश्यक वस्तु तथा सेवामा मात्र कर छुट दिने अन्तर्राष्ट्रिय प्रचलन रहेको छ। सरकारले कर खर्च प्रणालीको अवधारणालाई अगाडि बढाउन नसक्नु, अर्थतन्त्रको विस्तार र उत्पादकत्व बढने मनोगत आधारमा सालबसाली आर्थिक ऐनबाट मूल्यअभिवृद्धि कर छुट हुने वस्तु तथा सेवाको सूचीमा निरन्तर वृद्धि हुँदै गएको देखिन्छ। कराधारको विस्तार गर्न, कर प्रणालीलाई स्वच्छ, पारदर्शी र न्यायपूर्ण बनाउन यस्ता कर छुटका सूची समावेश गरिएका वस्तु तथा सेवाको पुनरावलोकन गर्न जरुरी देखिन्छ। सरकारले करको आधारलाई फराकिलो बनाई अर्थतन्त्रका सेवा र कार्यमा मूल्य अभिवृद्धि करको तटस्थता कायम गर्न पनि कर छुटका सबै प्रवन्धहरू क्रमशः हटाउदै जानु पर्ने हुन्छ। करको कारणले सरकारी सेवा र कार्यको लागत बढ्ने अवस्थामा पनि त्यस्ता सेवा र कार्यमा पारदर्शी र स्वच्छ कर प्रणालीको सुनिश्चितताको लागि दिईने वित्तीय उत्प्रेरणालाई कर खर्च प्रणालीको माध्यमबाट सम्बोधन गर्न सान्दर्भीक हुन्छ। तर, नेपालको अर्थतन्त्रमा अझै पनि कृषि क्षेत्रको योगदान बढी रहेको एवं सरकारले नागरिकका लागि अनिवार्य र आधारभूत रूपमा केही वस्तु तथा सेवाको उपभोगमा मूल्य नियन्त्रण कायम गर्नका लागि कर छुटको निरन्तरता अझै पनि आवश्यक देखिन्छ। साथै, निम्न आय भएका व्यक्तिहरूको अति आवश्यक उपभोगका वस्तु र सेवाहरूमा पहुँच संरक्षण गर्न र अर्थतन्त्रको पूर्णतः विस्तार तथा जनताको क्रयशक्तिमा सुधार नभएसम्मको प्रारम्भिक उत्पादन तथा आधारभूत एवं अनिवार्य वस्तु तथा सेवामा कर छुटको व्यवस्थालाई कायम नै राख्नु पर्ने हुन्छ। यसलाई पनि कर प्रणालीको सक्षमता अभिवृद्धि गरी क्रमशः न्यून करको दरबाट करको दायरामा ल्याउनु पर्दछ।

१३२. आन्तरिक राजस्व विभागबाट प्राप्त मूल्य अभिवृद्धि कर ऐन,२०५२ को अनुसूची १ बमोजिम कर छुट भएका वस्तु तथा सेवाको पैठारीको वस्तु वर्गीकरणको सांकेतिकरण (Harmonized Code -HS) अनुसारको तथ्याङ्क, आन्तरिक राजस्व विभागको करछुटको स्थानीय खरिद बिक्रीको र राष्ट्रिय उपभोगको तथ्याङ्क समेतको विश्लेषण गरी अनुसूची १ को कर छुटबाट भएको मूल्यअभिवृद्धि कर राजस्वको नीतिगत अन्तर रहेको रकमको सम्वन्धमा गरिएको अध्ययनको आधारमा अनुमान गरिएको छ। यस अध्ययनबाट मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूची १ बमोजिम कर छुट भएका वस्तु तथा सेवाको कर छुटका कारणबाट भएको करको नीतिगत अन्तर अनुमान गर्दा वस्तु

वर्गीकरणको सांकेतिकरण अनुसार भन्सारबाट पैठारी भएको वस्तुको तथ्याङ्कलाई मुख्य आधारको रूपमा लिएको छ। वस्तु वर्गीकरणको सांकेतिकरण अनुसार राष्ट्रिय कुल उपभोग रकम र आन्तरिक राजस्व विभागको कर छुटको स्थानीय वस्तु तथा सेवाको खरिद बिक्रीको तुलनायोग्य तथ्याङ्क उपलव्ध नभएकोले सान्दर्भीक तथ्याङ्कका आधारमामात्र अध्ययन गरिएको छ।

१३३. **मूल्य अभिवृद्धिको करको कार्यान्वयन स्थिति :** मूल्य अभिवृद्धि करको उत्पादकत्व यो कर लागु भएको आर्थिक वर्ष २०५४/५५ मा २३ दशमलव ६७ प्रतिशत भएकोमा आर्थिक वर्ष २०७९/८० मा ४१ दशमलव ५४ प्रतिशत पुगेको छ। यो अनुपात अनुसार मूल्य अभिवृद्धि करको दरलाई एक प्रतिशतले वढाएमा कुल गार्हस्थ उत्पादन र मूल्य अभिवृद्धि करको अनुपातमा शुन्य दशमलव ४१ प्रतिशतले वृद्धि हुने देखिन्छ। यसरी नै मूल्य अभिवृद्धि करको C-efficiency अनुपात आर्थिक वर्ष २०५४/५५ मा २७ दशमलव ४५ प्रतिशत भएकोमा आर्थिक वर्ष २०७९।८० मा ५४ पुगेको छ। शत प्रतिशत उपभोगमा मूल्य अभिवृद्धि कर लागु भएको अवस्थामा C-efficiency अनुपात १०० नै हुन्छ भने हाम्रो कुल उपभोगको ५४ प्रतिशतमा भागमा मात्र मूल्य अभिवृद्धि कर लागेको देखिन्छ। मूल्य अभिवृद्धि कर र राजस्व अनुपात (VRR) ०.४८ मात्र रहेको छ जुन पूर्ण रूपमा कर परिपालना भएको अवस्थामा १ बराबर हुन्छ। यो अनुपात न्यूजील्याण्डको ०.९५ (सन् २०१६), सिंगापुरको ०.८४, जापानको ०.७१ रहेको देखिन्छ। छिमेकी देशहरू र एशिया प्रशान्त देशहरूको औसत मूल्य अभिवृद्धि कर कार्यान्वयनको उपलब्धि सूचक (Performance Indicators) सँग हाम्रो कुल गार्हस्थ उत्पादन एवं मू.अ.कर सङ्कलनको अनुपातको तुलनात्मक विश्लेषण गर्दा हाम्रो मूल्य अभिवृद्धि करको प्रशासनमा धेरै नै सुधार गर्नु पर्ने स्पष्ट हुन्छ।

**तालिका नं. ११ मूल्य अभिवृद्धि करको Performance Indicators**

**(रू.अर्बमा)**

| आर्थिक वर्ष | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
|---|---|---|---|---|---|
| कुल गार्हस्थ उत्पादन (चालु मूल्यमा ) | ३८५८.९३ | ३८८८.७ | ४३५२.५५ | ४९३३.७ | ५३८१.३४ |
| उपभोग | ३२६८.३८ | ३६६६.२९ | ४०७५.१७ | ४६४८.९२ | ५०३६.१५ |
| निजी क्षेत्रको उपभोग | २८८६.३८ | ३२४६.४२ | ३६३९.५ | ४१४१.५२ | ४६४२.२७ |
| मू.अ.कर असुली | २४६.१२ | २२४.०७ | २८७.०६ | ३१४.२८ | २९०.६ |
| मू.अ.करको उत्पादकत्व (Productivity) | ४९.०६ | ४४.३२ | ५०.७३ | ४९ | ४१.५४ |
| कुल उपभोगमा मू.अ.करको अनुपात | ५७.९३ | ४७ | ५४.१९ | ५२ | ४४.३९ |
| मू.अ.करको C'-efficiency of VAT | ४४.५६ | ३६.२ | ४१.६८ | ४० | ५४ |
| VAT Revenue Ratio(VRR) | ०.६६ | ०.५३ | ०.६१ | ०.५८ | ०.४८ |

स्रोतः आन्तरिक राजस्व विभाग/अर्थ बुलेटिन, अर्थ मन्त्रालय/Nepal Statistics Book २०२१

१३४. **मूल्य अभिवृद्धि करको उत्पादकत्व:** मूल्य अभिवृद्धि करको कम उत्पादकत्व हुनुमा विभिन्न कारणहरूमध्ये मुख्यतया तीन कारणहरूमा कर कानुनमा रहेको कर नीतिको अन्तर (Policy gap),

करका छुटहरू धेरै हुनु एवं करको दर कम हुनु (Tax Exemptions and Low Tax Rate), र कर कानुनको प्रभावकारी कार्यान्वयन हुन नसक्दा देखिएको कर सहभागिताको अन्तर (Compliance Gap) रहेको छ।

१३५. **कर छुटको चुनौतीपूर्ण विस्तारित अवस्था :** मूल्य अभिवृद्धि करको सिद्धान्त अनुसार कम भन्दा कम वस्तु तथा सेवामा मात्र कर छुट दिन उपयुक्त हुने भएतापनि यो कर लागु भएको आर्थिक वर्ष २०५४/५५ पछि यस्ता कर छुटका वस्तु तथा सेवा सालबसाली रुपमा जारी हुने आर्थिक ऐनबाट अनुसूची १ मा थपिदै आएका छन्। भन्सार विभागको तथ्याङ्क अनुसार आर्थिक वर्ष २०७९/८० मा कुल ५१८३ HS Code अन्तर्गत वस्तुहरू आयात हुँदा ७२५ HS Code का करछुट अन्तर्गतका वस्तुहरू आयात भएको देखिन्छ। यसर्थ, हाम्रो मूल्य अभिवृद्धि करको उत्पादकत्व कम हुनुमा ठूलो मात्रामा वस्तुहरूलाई कर छुटका समुहमा थपिदै जानु पनि एक प्रमुख कारणको रूपमा रहेको देखिन्छ।

१३६. **कर छुट हुने वस्तु तथा सेवाको वर्गीकरण :** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूची १ मा कर छुट हुने वस्तु तथा सेवाको देहायानुसार समुहकृत गरिएको छ।

(१) आधारभूत कृषि उत्पादनहरू,
(२) आधारभूत आवश्यकताका वस्तुहरू,
(३) जीवजन्तु तथा सोको उपज,
(४) कृषि सामग्रीहरू,
(५) औषधि उपचार तथा यस्तै स्वास्थ्य सेवाहरू,
(६) शिक्षा,
(७) किताब, अखबार र मुद्रित सामग्रीहरू
(८) कलात्मक र कालीगढी सेवा,
(९) यात्रुवाहक यातायात तथा ढुवानी सेवाहरू,
(१०) व्यवसायिक तथा पेशागत सेवा,
(११) अन्य वस्तु तथा सेवा,
(१२) भवन र जग्गा, र
(१३) बाजी, क्यासिनो र चिट्टा।

उक्त अनुसूचीका कर छुटका वस्तु तथा सेवाहरू मध्ये समूह ६, ८, ९ र १० सम्मका वस्तुहरू भन्सारबाट पैठारी भएका छैनन्।

१३७. **करछुटको पैठारीको स्थिति:** आर्थिक वर्ष २०७९/८० मा नेपालको कुल आयात कुल गार्हस्थ उत्पादनको २९ दशमलव ९ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०७८/७९ मा ३८ दशमलव ९ प्रतिशतसम्म पुगेको थियो। भन्सार बिन्दुमा आयातबाट सङ्कलन हुने मूल्य अभिवृद्धि करको अंश ७० प्रतिशत सम्म पनि रहेको छ। मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ५ को उपदफा (३) र अनुसूची १ अनुसार विगत ५ आर्थिक वर्षमा कर छुटमा पैठारी गरिएका वस्तुहरूको मूल्य अभिवृद्धि कर छुटको विवरण देहायानुसारको रहेको छ।

## तालिका नं. १२ पैठारीमा मूल्य अभिवृद्धि करछुट/नोक्सानीको स्थिति

(रू.हजारमा)

| कर छुटका शीर्षकहरू | आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|
| | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
| आधारभूत कृषि उत्पादनहरू | १७०५७९३० | १८०५२८३१ | २३६२१५५३ | २४२४६९४३ | १९३४८५२४ |
| आधारभूत आवश्यकताका वस्तुहरू | ३९१४०१ | ३१७७५५ | ४०३५१५ | ४५४१८० | ४५०३३७ |
| जीवजन्तु तथा सोको उपज | ८२९४९५ | ३७३६५१ | ३७०६९३ | ३९७०४४ | २३९८८३ |
| कृषि सामग्रीहरू | २६१४३९४ | २६७०६४० | २०४५७३३ | ४३०२२७० | ५८५०१४६ |
| औषधी उपचार तथा यस्तै स्वास्थ्य सेवाहरू | ४०६५२१७ | ४१९०७५८ | ५२२१८८७ | १०७५८६८१ | ७३६३९८२ |
| शिक्षा | ० | ० | ० | ० | ० |
| किताब अखबार र मुद्रित सामग्रीहरू | ३१३२६३ | १७९०३६ | ६८८७५ | १७२९४९ | १६८७७४ |
| कलात्मक र कालीगढी सेवा | ० | ० | ० | ० | ० |
| यात्रुवाहक यातायात तथा ढुवानी सेवाहरू | ० | ० | ० | ० | ० |
| व्यवसायिक तथा पेशागत सेवा | ० | ० | ० | ० | ० |
| अन्य वस्तु तथा सेवा | १९३४१८०९ | १३६७९७९९ | १५१९४३६८ | १९४५६४३० | १३५५१९८८ |
| **जम्मा** | **४४६१३५०९** | **३९४६४४७०** | **४६९२६६२४** | **५९७८८४९७** | **४६९७३६३४** |

अन्य वस्तु तथा सेवामा

| | | | | | |
|---|---|---|---|---|---|
| भाग २७ देखि ७६सम्मको | ८१७२०२७ | ४०७१८१३ | ६६९२२४१ | १०१३९२१० | ७९१०३१० |
| भाग ८४ को मात्र | ८४१२९५६ | ६७५७०५४ | ७४४२५२४ | ८४८७७०० | ५०२४८३१ |
| भाग ८५ को मात्र | ० | ३६५०७२ | २४३६३६ | २३४५३६ | १७४५९४ |
| भाग ८७ को मात्र | ७०९१९ | २२२८३ | ७६१७६ | १४४७४६ | १००८३४ |
| भाग ८८ को मात्र | २६८५९०७ | २४६३५७७ | ३३११७० | ४५०२३८ | ३४१४१९ |
| भाग ९० को मात्र | ० | ० | ३९१७४३ | ० | ० |
| भाग ९४ को मात्र | ० | ० | १६८७८ | ० | ० |
| जम्मा | १९३४१८०९ | १३६७९७९९ | १५१७७४९० | १९४५६४३० | १३५५१९८८ |

नोटः मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूची -१ अनुसार कर छुट भएका वस्तुहरू पैठारीमा भएको कर छुट रकम अर्थात करको नीतिगत अन्तरको रकम गणनाको प्रयोजनको लागि भन्सार विभागबाट प्राप्त पैठारी तथ्याङ्क प्रशोधनको लागि

(१) भन्सारबाट आर्थिक वर्ष २०७५/७६ देखि आर्थिक वर्ष २०७९/८० सम्म क्रमशः ४७८४, ५४७१, ५१५४, ५२८३ र ५१८१ संख्याको विभिन्न शीर्षकमा आयात भएको वस्तुहरूमध्ये मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूची -१ अनुसार कर छुट भएका वस्तुलाई उपशीर्षक अनुसार प्रत्येक आर्थिक वर्षको आधारमा छुट्टयाइएको,

(२) कर छुट भएको उपशीर्षक अनुसारको वस्तुहरू मात्रको CIF मूल्यमा भन्सार र अन्तःशुल्क लाग्नेमा सो महशुल एवम् अन्य सबै किसिमका शुल्कहरू समावेश गरिएको मूल्यमा मूल्य अभिवृद्धि करको गणना गरिएको छ,

(३) कर छुटका वस्तुहरूमा भन्सार कार्यालयले मूल्य अभिवृद्धि कर (ससाना रकम) सङ्कलन गरेको रकमलाई उपशीर्षक अनुसार नै कुल कर छुटको रकमबाट घटाएर उपशीर्षक अनुसारको वस्तुहरूबाट सङ्कलन हुने खुद मूल्य अभिवृद्धि कर रकम गणना गरिएको छ।

१३८. मूल्य अभिवृद्धि कर ऐनको अनुसूची १ बमोजिम कर छुट गरिएका वस्तुहरूमा माथिको तालिकामा गणना गरिए अनुसार आर्थिक वर्ष २०७५/७६, २०७६/७७, २०७७/७८, २०७८/७९, २०७९/८० सम्म क्रमशः ४४ अर्ब ६१ करोड, ३९ अर्ब ४६ करोड, ४६ अर्ब ९२ करोड, ५९

अर्ब ७९ करोड र ४६ अर्ब ९७ करोड मूल्य अभिवृद्धि कर छुट अर्थात करको नीतिगत अन्तर रहेको छ।

१३९. यसरी कर नोक्सानीलाई प्रतिशतमा हेर्दा सबै भन्दा बढी समुह १ का आधारभूत कृषि उत्पादनहरूका लागि आर्थिक वर्ष २०७७/७८ मा ५० प्रतिशत सम्म रहेकोमा आर्थिक वर्ष २०७९/८० मा ४१ प्रतिशत कायम भई दोस्रो बढी कर छुट वा करको नीतिगत अन्तर भएको समूह ११ का अन्य वस्तु तथा सेवाको लागि आर्थिक वर्ष २०७५/७६ मा ४३ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७९/८० मा २९ प्रतिशत रहेको छ।

**तालिका नं. १३: करछुट दिइएको वस्तु तथा सेवाहरूमा भन्सार पैठारीमा भएको कर छुट प्रतिशतमा**


| आर्थिक वर्ष | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
|---|---|---|---|---|---|
| आधारभूत कृषि उत्पादनहरू | ३८ | ४६ | ५० | ४१ | ४१ |
| आधारभूत आवश्यकताका वस्तुहरू | १ | १ | १ | १ | १ |
| जीवजन्तु तथा सोको उपज | २ | १ | १ | १ | १ |
| कृषि सामग्रीहरू | ६ | ७ | ४ | ७ | १२ |
| औषधी उपचार तथा यस्तै स्वास्थ्य सेवाहरू | ९ | ११ | ११ | १८ | १६ |
| किताब अखबार र मुद्रित सामग्रीहरू | १ | ० | ० | ० | ० |
| अन्य वस्तु तथा सेवा | ४३ | ३५ | ३२ | ३३ | २९ |

स्रोतः आन्तरिक राजस्व विभागबाट भएको अध्ययन

१४०. प्रतिशत निर्धारणका लागि समूह ६ को शिक्षा, समूह ८ को कलात्मक र कालीगढी सेवा, समूह ९ को यात्रुवाहक यातायात तथा ढुवानी सेवाहरू र समूह १० को व्यवसायिक तथा पेशागत सेवामा शुन्य कारोबार भएकोले समावेश गरिएको छैन्। कर नोक्सानी रकमलाई प्रतिशतको आधारमा हेर्दा समूह १ को आधारभूत कृषि उत्पादनहरूमा र समूह ११ को अन्य वस्तु तथा सेवाहरूमा पनि कर नोक्सानी प्रतिशत घट्दो रूपमा देखिएको छ भने समूह ४ को कृषि सामग्री र समूह ५ को स्वास्थ्यमा वढ्ने क्रममा देखिन्छ भने अन्य समूहमा १ प्रतिशत बराबर स्थिर रहेको देखिन्छ।

**चित्र नं. १८: करछुट दिइएको वस्तुमा पैठारीमा भएको कर नोक्सानी रकम**

(प्रतिशतमा)




स्रोतः आन्तरिक राजस्व विभागबाट भएको अध्ययन

**तालिका नं. १४ कर छुट समूह ११ को अन्य वस्तु मात्र भाग अनुसार नीतिगत अन्तर**

(प्रतिशतमा)

| पैठारी भाग | आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|
| | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
| भाग २७ देखि ७६सम्मको | ४२ | ३० | ४४ | ५२ | ५८ |
| भाग ८४ को मात्र | ४३ | ४९ | ४९ | ४४ | ३७ |
| भाग ८५ को मात्र | ० | ३ | २ | १ | १ |
| भाग ८७ को मात्र | ० | ० | १ | १ | १ |
| भाग ८८ को मात्र | १४ | १८ | २ | २ | ३ |
| भाग ९० को मात्र | ० | ० | ३ | ० | ० |
| भाग ९४ को मात्र | ० | ० | ० | ० | ० |

स्रोतः आन्तरिक राजस्व विभागबाट भएको अध्ययन

१४१. भाग २७ देखि ७६ सम्ममा सबैभन्दा वढी आर्थिक वर्ष २०७९/८० मा ५८ प्रतिशत अर्थात रु.७ अर्ब ९१ करोड र दोस्रोमा भाग ८४ मा विगत वर्षहरूमा ४९ प्रतिशत सम्म भएकोमा आर्थिक वर्ष २०७९/८० मा ३७ प्रतिशत अर्थात रू.५ अर्ब २ करोड करको छुट वा कर नीतिगत अन्तर भएको देखिन्छ। भाग २७ देखि ७६ सम्ममा विभिन्न कच्चा पदार्थहरू पर्दछन भने ८४ मा पुँजीगत प्रकृतिका मेशिनरी औजारहरू पर्दछन्। कर छुटको सूचीमा समावेश भएको सुन चाँदीको मात्र देहायको तालिकामा देखाइएको छ।

**तालिका नं. १५ कर छुटको सुन चाँदी मात्र**

**(रू.करोडमा)**

| आर्थिक वर्ष | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
|---|---|---|---|---|---|
| कर छुटका कारण करको नीतिगत अन्तर भएको रकम | ४४६१ | ३९४६ | ४६९३ | ५९७९ | ४६९७ |
| एच एस कोड ७१०६१०००, ७१०६९१००, ७१०६९२००, ७१०८१२०० र ७१०८१३३ मा सुन तथा चांदीको आयात CIF मूल्यमा | ५०७२ | २३१३ | ३७३७ | ५८६५ | ४६६३ |
| मू.अ.कर नीतिगत अन्तर रकममा समावेश | ७२२ | ३३३ | ५४१ | ८४३ | ६५१ |
| सुन चांदी बाहेक नीतिगत अन्तर रकम | ३७३९ | ३६१३ | ४१५२ | ५१३६ | ४०४६ |

स्रोतः आन्तरिक राजस्व विभागबाट भएको अध्ययन

१४२. आर्थिक वर्ष २०७८/७९ मा सबैभन्दा वढी आयात रू.१९ खर्ब २० अर्ब ४४ करोड भएकोमा सुनचाँदी पैठारी पनि यस अवधिको उच्च नै रहन गई रु.५८ अर्ब ६५ करोड पुगेको देखिन्छ।

## तालिका नं. १६ कर छुटको बिक्री, निकासी, खरिद र पैठारी

(रु.अर्बमा)

| आर्थिक वर्ष | कर छुटको बिक्री | निकासी | कर छुटको खरिद | कर छुटको पैठारी |
|---|---|---|---|---|
| २०७५/७६ | २५३.७० | ११७.०० | १९४.९ | १२९.६० |
| २०७६/७७ | २७५.०० | ११६.१८ | २५२.२२ | १४५.१५ |
| २०७७/७८ | ३६०.०० | १४०.०० | ५२६.०० | १६०.३९ |
| २०७८/७९ | ४६९.३३ | १९२.३४ | १४३८.४७ | १९६.५८ |
| २०७९/८० | ५०२.७८ | १७०.०३ | १९५०.११ | १३६.६९ |

स्रोतः आन्तरिक राजस्व विभाग (नोटः करदाताले पेश गरेको कर विवरणको आधारमा प्राप्त तथ्याङ्क)

## तालिका नं. १७ कर छुट पैठारी मात्र

(रु.अर्बमा)

| आर्थिक वर्ष | CIF मूल्य | मू.अ.कर लगाउने मूल्य | मू.अ.कर |
|---|---|---|---|
| २०७५/७६ | ३५०.६४ | ३८६.२४ | ४४.६ |
| २०७६/७७ | २९९.६ | ३१९.२९ | ३९.६८ |
| २०७७/७८ | ३५०.६७ | ३७५.९३ | ४६.९२ |
| २०७८/७९ | ४९२.६ | ५६३.०८ | ५९.७९ |
| २०७९/८० | ३९०.७८ | ५२४.७७ | ४७.६ |

स्रोतः भन्सार विभाग।

## तालिका नं. १८ कुल गार्हस्थ उत्पादन र उपभोग

(रू.अर्बमा)

| आर्थिक वर्ष | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
|---|---|---|---|---|---|
| जि.डि.पि. (उत्पादक मूल्यमा) | ३८५८.९३ | ३८८८.७ | ४३५२.५५ | ४९३३.७ | ५३८१.३४ |
| उपभोग | ३२६८.३८ | ३६६६.२९ | ४०७५.१७ | ४६४८.९२ | ५०३६.१५ |
| निजी क्षेत्रको उपभोग | २८८६.३८ | ३२४६.४२ | ३६३९.५ | ४१४१.५२ | ४६४२.२७ |
| मू.अ.करको C'-efficiency of VAT | ४४.५६ | ३६.२ | ४१.६८ | ४० | ५४ |

स्रोतः आन्तरिक राजस्व विभागबाट भएको अध्ययन।


## तालिका नं. १९ कुल गार्हस्थ उत्पादन र संकलित मू.अ.करमा करको नीतिगत अन्तर

(प्रतिशतमा)

| आर्थिक वर्ष | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
|---|---|---|---|---|---|
| कुल गार्हस्थ उत्पादन मा कर छुटका वस्तुहरू वा नीतिगत अन्तर प्रतिशत | १.१६ | १.०१ | १.०८ | १.२१ | ०.८७ |
| संकलित मू.अ. करमा कर छुटका वस्तुहरूको नीतिगत अन्तर प्रतिशत | १८.१३ | १७.६१ | १६.३५ | १९.०२ | १६.१६ |

स्रोतः आन्तरिक राजस्व विभागबाट भएको अध्ययन।

चित्र नं. १९: कुल गार्हस्थ उत्पादन र सङ्कलित VAT रकममा कर नोक्सानी रकम (प्रतिशतमा)




१४३. कुल गार्हस्थ उत्पादनमा करको छुट वा करको नीतिगत अन्तर आर्थिक वर्ष २०७८।७९ मा १ दशमलव २१ प्रतिशत सम्म रहेकोमा आर्थिक वर्ष २०७९।८० भने शुन्य दशमलव ८७ प्रतिशत रहेको छ। सङ्कलित मूल्य अभिवृद्धि करमा कर छुट वा करको नीतिगत अन्तरको अनुपात आर्थिक वर्ष २०७८।७९ मा १९ दशमलव २ प्रतिशत सम्म पुगेकोमा आर्थिक वर्ष २०७९।८० भने १६ दशमलव १६ प्रतिशत रहेको छ।

**तालिका नं. २० मूल्य अभिवृद्धि कर (VAT Gap) फरक**

(रु.अर्बमा)

| आर्थिक वर्ष | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
|---|---|---|---|---|---|
| कुल गार्हस्थ उत्पादन (चालु मूल्यमा ) | ३८५८.९३ | ३८८८.७ | ४३५२.५५ | ४९३३.७ | ५३८१.३४ |
| अन्तिम उपभोग (चालु मूल्यमा) | ३२६८.३८ | ३६६६.२९ | ४०७५.१७ | ४६४८.९२ | ५०३६.१५ |
| मू.अ.करको आधार (निजी क्षेत्रको उपभोग) | २८८६.३८ | ३२४६.४२ | ३६३९.५ | ४१४१.५२ | ४६४२.२७ |
| संभावित मू. अ.कर (Potential VAT) | ३७५.२३ | ४२२.०३ | ४७३.१ | ५३८.४ | ६०३.५ |
| वास्तविक मू.अ.कर सङ्कलन | २४६.१२ | २२४.०७ | २८७.०६ | ३१४.२८ | २९०.६ |
| मू. अ.कर फरक (VAT Gap) | १२९.११ | १९७.९६ | १८६.०८ | २२४.१२ | ३१२.५ |
| कुल गार्हस्थ उत्पादनमा मू. अ.कर फरक (Gap) रकमको प्रतिशत | ३.३५ | ५.०९ | ४.२८ | ४.५४ | ५.८ |

स्रोतः आन्तरिक राजस्व विभागबाट भएको अध्ययन

१४४. माथिको तालिका बमोजिमको मूल्य अभिवृद्धि करको अन्तर (VAT Gap) आर्थिक वर्ष २०७५/७६ मा कुल गार्हस्थ उत्पादनको ३ दशमलव ३५ प्रतिशत अर्थात रू.१ खर्ब २९ अर्ब ११ करोड मात्र रहेकोमा कर छुटका वस्तु तथा सेवा थप हुने क्रम वढेसँगै यो आर्थिक वर्ष २०७९/८० मा रू.३ खर्ब १२ अर्ब ५० करोड कायम भई कुल गार्हस्थ उत्पादनको ५ दशमलव ८ प्रतिशतले करको नीतिगत र कर परिपालना अन्तर रहेको देखिन्छ। यसरी विश्लेषण गर्दा मूल्य अभिवृद्धि करको कर

असुली रकम भन्दा १०७ दशमलव ५३ प्रतिशतले बढी नै मूल्य अभिवृद्धि करको नीतिगत र कर परिपालना अन्तर रहेको छ।

**मूल्य अभिवृद्धि कर प्रणालीमा विगतका सुधारका प्रयास**

१४५. नेपालको कर प्रणालीमा मूल्य अभिवृद्धि करलाई प्रमुख कराधारको रूपमा स्थापित गर्न सकिएको छ। सबै प्रकारको वस्तु तथा सेवामा लाग्ने कर र आयकरलाई एकीकृत संगठन र प्रणालीको विकास गरी करदातालाई छरितो सेवा दिने र कर सङ्कलनको विगतको लागत पनि कम गर्ने प्रयास भएको छ। करमा दर्ता तथा विवरण बुझाउने र करको भुक्तानीसम्मको प्रक्रियामा विद्युतीय प्रणालीको अधिकतम उपयोगभएको छ। ऐन नियमहरू अद्यावधिक गरी सरलीकृत हुने गरी निर्देशिकाहरू जारी गरिएका छन। कर लाग्ने वस्तुको हकमा मूल्य अभिवृद्धि करमा दर्ता हुन नपर्ने गरी वार्षिक रु.५० लाखसम्मको कारोबार सीमा तोकिएको छ भने सेवा मात्र वा वस्तु तथा सेवा मिश्रित कारोबारको हकमा वार्षिक रु.२० लाख कारोबार सीमा कायम गरिएको छ। बिक्रेता र खरिदकर्ताको कारोबारको भिडानको लागि विद्युतीय प्रणालीको रूपमा Mismatch Software को प्रयोग मार्फत एक अर्काको खरिद बिक्री कारोबार र लिनु एवं दिनु पर्ने कारोबारको हिसाव भिडान हुनु पर्ने व्यवस्था गरिएको छ। राजस्व संरक्षणको लागि कर जोखिम परिसूचकको आधारमा कर जोखिमको वर्गीकरण गरी कर परीक्षण तथा अनुसन्धान गर्न छनौट गरिने प्रणाली स्थापित गरिएको छ। कर प्रणाली कर परिपालनाप्रतिको विश्वासको आधारका रूपमा Go Green को अवधारणा बमोजिम Faceless and paperless service दिने शुरुवात गरिएको छ। करदाता र कर प्रशासन बिचको भौतिक सम्पर्क बिन्दुलाई कम गर्न करदाता सेवा, कर भुक्तानी, कर जोखिमको आंकलन, कर परीक्षण र मूल्य अभिवृद्धि कर फिर्ताको लागि विद्युतीय प्रणालीमा आधारित सेवाको विस्तार भएको छ। करदाताको स्वैच्छिक कर परिपालनामा सुधार गर्न करदाता शिक्षा कार्यक्रम र सचेतना अभियान सञ्चालन गर्ने गरिएका छन। कार्यमुलक संगठन संरचना निर्माण गरी व्यावसायिकताको विकास भएको छ। बजार अनुगमन, आकस्मिक अनुसन्धान जस्ता प्रक्रिया मार्फत कर चुहावट नियन्त्रण गर्ने गरिएको छ।

**मूल्य अभिवृद्धि कर कार्यान्वयनका सकारात्मक पक्ष**

१४६. मूल्य अभिवृद्धि कर कार्यान्वयनबाट हालसम्म देखिएका मूख्य सकारात्मक पक्षहरू निम्न छनः

(१) करको दायरा विस्तार भई २०८० पुस सम्ममा ३ लाख १९ हजार ३ सय ६१ करदाता मूल्य अभिवृद्धि करको दायरामा आएका छन।

(२) साविकको बिक्री करको दर भन्दा घटी र विश्वको औषत करको दर भन्दा ३ बिन्दुले कम करको दर कायम गर्दा पनि विगतका वर्षमा राजस्व बृद्धि दर उच्च नै रहेको र हालका वर्षमा कर परिपालनामा देखिएको समस्या कम भएको छ।

(३) सार्वजनिक वित्त संरचनामा विगत २६ वर्षमा कुनै पनि संकट देखा परेको छैन।

(४) यो करले स्वयं कर निर्धारण प्रणालीलाई सबल वनाउनुको साथै नागरिकले यसलाई पूर्ण एवंसहज रूपमा अङ्गालेका छन।

(५) बिल बीजक लिनु पर्दछ भन्ने कुरामा उपभोक्ता क्रमशः जागरुक हुँदै गएका छन।

(६) मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाताहरूले आफनो कारोबारको लेखा विद्युतीय प्रणालीमा राख्न उत्प्रेरित भएका छन।

(७) मूल्य अभिवृद्धि कर आन्तरिक कर राजस्वको प्रमुख आधारको रूपमा स्थापित भएको छ।

(८) करमा दर्ता, विवरण दाखिला, करको भुक्तानी, बिलिङ्ग प्रणाली र कर प्रतिवेदन आदि अधिकांश रूपमा विद्युतीय प्रणालीको माध्यमबाट हुने गरेको छ।

(९) एकीकृत सूचना प्रणालीको प्रयोगले करदाताको एक अर्काको कारोबार भिडान हुने र भिडान नभएमा पुष्ट्याँइ गर्नु पर्ने व्यवस्था, कर प्रणाली भित्र रहेका आर्थिक क्रियाकलापका सूचनाको सङ्कलन र विभिन्न प्रणालीहरूका बिचमा अन्तरआवद्धता कायम हुँदा कर जोखिम पहिचान गर्न सहज भएको छ।

(१०) विद्युतीय अर्थतन्त्रको विस्तार एवंवस्तु तथासेवाको आपूर्तिमा आएको परिवर्तनको कारणले गर्दा आपूर्तिको श्रृखंलामा पनि कर लगाउने आधार यस कर प्रणालीमा रहेको छ।

(११) विद्युतीय अर्थतन्त्र मार्फत वस्तु तथा सेवाको उपभोगमा नेपालको कराधारको संरक्षण गर्न चालु आर्थिक वर्ष देखि यस्ता प्रकारका विद्युतीय कारोबारमा विद्युतीय सेवा कर लगाउन शुरु गरिएको छ।

(१२) निर्यात हुने वस्तु तथासेवा र खरिदमा तिरेको करमा कर फिर्ता एवंकर कट्टी गर्न पाउने कानुनी व्यवस्थाले करदातालाई जिम्मेवार बनाएको छ।

**मूल्य अभिवृद्धि कर कार्यान्वयनमा देखिएका चुनौती र समस्या**

१४७. मूल्य अभिवृद्धि कर कार्यान्वयनमा देखिएका मूख्य चुनौती र समस्या निम्न छन्।

(१) आर्थिक वर्ष २०७९/८० मा तालिका-१८ अनुसार मूल्य अभिवृद्धि करको C-efficiency Ratio कुल उपभोगको ५४ प्रतिशतमा मात्र मूल्य अभिवृद्धि करको प्रभाव हुनु, VAT र राजस्व अनुपात VRR ०.४८ मात्र हुनु र मूल्य अभिवृद्धि करको अन्तर सम्बन्धी तालिका नं. २० अनुसार सम्भावित मूल्य अभिवृद्धि कर रु.६ खर्ब ३ अर्ब ५० करोड रहेकोमा बास्तविक मूल्य अभिवृद्धि कर सङ्कलन रु.२ खर्ब ९० अर्ब ६० करोड मात्र भई जम्मा रु.३ खर्ब १२ अर्ब ५० करोड बराबरको अन्तर (VAT GAP) देखिएको छ। दुवै तथ्याङ्कको विश्लेषणबाट यस आर्थिक वर्षमा ५० प्रतिशत उपभोगमा मात्र कर प्रभावकारी रहेको पुष्टि हुन्छ।

(२) मूल्य अभिवृद्धि करको अन्तर रकम कुल गार्हस्थ उत्पादनसँगको अनुपातमा ५ दशमलव ८ प्रतिशत मध्येमा कर छुटका वस्तुहरूको अंश एक प्रतिशत मात्र रहेको देखिन्छ। सामाजिक कल्याण र आर्थिक क्रियाकलापलाई चलायमान गरी आर्थिक वृद्धिलाई सहयोग गर्ने सीमित वस्तु तथा सेवालाई मात्र करछुट दिइनु पर्ने मूल्य अभिवृद्धि करको सिद्धान्त भएतापनि विगत वर्षहरूमा कर छुटका वस्तुहरूको संख्यामा भएको वृद्धिले कुल गार्हस्थ उत्पादनको १ प्रतिशत बराबरको मूल्य अभिवृद्धि कर राजस्व पैठारीमा मात्र क्षति भइरहेको तथ्याङ्कको अध्ययन र विश्लेषणबाट देखिन्छ।

(३) कर छुटका वस्तुहरूमा पनि समुह १ को आधारभूत कृषि उत्पादनमा आर्थिक वर्ष २०७९/८० मा रु.१९ अर्ब ३५ करोड र समूह ११ को अन्य वस्तु तथा सेवामा रू.१३ अर्ब ५५ करोड कर छुट दिएको देखिन्छ।

(४) कर प्रणालीलाई आर्थिक र सामाजिक न्यायको लागि उपयोग गर्दै पूर्वाधार विकासको लागि स्रोत जुटाउने एवं कराधारको संरक्षण गर्ने सरकारको राष्ट्रिय कर नीति बमोजिम हालको मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूची १ बमोजिम कर छुट दिएको वस्तु तथा सेवाको पुनरावलोकन गर्नु पर्ने देखिन्छ।

(५) मूल्य अभिवृद्धि करको शुरु देखि नै पुँजीगत वस्तुमा लगानीको लागत घटाउने प्रयोजनका लागि मूल्य अभिवृद्धि करको आधार भन्दा बाहिर राखिएको छ। वस्तु वर्गीकरणको भाग ८४, ८५ र ८७ का वस्तुलाई शुरु देखि नै मूल्य अभिवृद्धि कर लगाउनु पर्नेमा कर नलगाउदा कर तटस्थता कायम हुन नसकी अर्थतन्त्रमा पनि आर्थिक दक्षता अभिवृद्धि गर्न सकिएको छैन। साथै मूल्य अभिवृद्धि करको दफा १७ का कानुनी व्यवस्थाले पुँजीगत वस्तुमा आंशिक कर कट्टी र व्यक्तिगत प्रयोजनमा प्रयोग हुन सक्ने अनुमानको आधारमा कर कट्टी नपाउने व्यवस्थाले गर्दा मूल्य अभिवृद्धि करको सिद्धान्त कमजोर भएको छ। नेपालको करको आधार भित्रको करमा दर्ता (Registration), विवरण दाखिला (Filing), करको भुक्तानी (Payment) र प्रतिवेदन एवं कर फिर्ताको (Reporting and Refund) जोखिम तथा कारोबारको सही र यथार्थ लेखाङ्कन तथा प्रतिवेदन नगर्ने कारणबाट संभावित कर सहभागिताको अन्तर बढि नै रहेको अनुमान गर्न सकिन्छ।

(६) आर्थिक क्रियाकलापका सूचनाको सङ्कलन तथा विश्लेषणका आधारमा विषय क्षेत्रगत अध्ययन गरी कर सहभागिता बढाउने कामको लागि एकीकृत सूचना प्रणालीको विकासको माध्यमबाट कर सहभागिताको मापन र कर जोखिम व्यवस्थापन गर्ने पक्ष अत्यन्त कमजोर रहेको छ। आर्थिक गतिविधि बढिरहेका क्षेत्रहरूमा उद्योग, युटिलिटि सेवा,व्यापार, यातायात, पर्यटन र व्यक्तिगत सेवाका क्षेत्रहरू हुन। सबै भन्दा कम मूल्य अभिवृद्धि कर रकम सङ्कलन भएको क्षेत्रहरूमा कृषि, वन, मत्स्यपालन र निर्माण क्षेत्र रहेको छ। कर अनुपालना भएको क्षेत्रहरूमा कृषि, वन, मत्स्यपालन र निर्माण क्षेत्र छन भने उच्च करको क्रेडिट भएका क्षेत्रहरूमा उद्योग, युटिलिटिस,व्यापार र यातायात रहेका छन्। यसले मूल्य अभिवृद्धि करको कर सहभागिता अन्तर बढि भएको देखिन्छ। पछिल्लो समयमा देखिएको उच्च क्रेडिट जस्तै २०८० पुस मसान्तमा रु.९४ अर्ब ९७ करोड रहेको छ।यसबाट मूल्य अभिवृद्धि कर प्रणाली कमजोर रहेको देखिन्छ।

(७) कर लाग्ने सीमाभन्दा माथिको कारोबार गर्ने पनि दर्ता नभई कारोबार गर्ने र वास्तविक कारोबार लुकाएर काल्पनिक कारोबार देखाउने प्रवृतिले कर सहभागितास्तर कमजोर रहेको पुष्टि गर्दछ।

(८) संगठित कारोबार रकम र पारिवारिक वा व्यैक्तिक वा समूह व्यक्ति बिचको कारोबार बढी हुने गरेकोले यस्ता कारोबार गर्दा बीजक जारी नै नगर्ने, जारी गरे तापनि नियोजित (न्युन वा अधिक मूल्यमा) मूल्य राखी काल्पनिक नाममा बीजक जारी गर्ने, व्यवसायिक कारोबारलाई समेत व्यक्ति विशेषका नाममा बिल जारी गर्ने, झुट्टा वा लुज बिल जारी गर्ने, झुट्टा बिल जारी तथा दोहोरो बिल जारी गर्ने जस्ता कर छली गर्ने प्रवृतिलाई नियन्त्रण गर्न सकिएको छैन।

(९) व्यक्तिगत प्रयोजनको सामानको समेत क्रेडिट दाबी गर्ने र वास्तविक हिसाव किताब नदेखाउने प्रवृत्ति यथावत नै छ।

(१०) उत्पादकले विभिन्न स्थानमा शाखा देखाउने, शाखाको नाममा चलान मार्फत सामानको आन्तरिक ओसार पसार गर्ने, आफ्ना उत्पादनलाई डिलर मार्फत बिक्री गर्ने तर शाखामार्फत बिक्री भएको देखाई मूल्य अभिवृद्धिको अंशलाई लुकाई कर छली गर्ने प्रवृत्ति रोक्न सकिएको छैन।

(११) अधिकांश करदाताले खरिदमा तिरेको करलाई बिक्रीमा सङ्कलन गरेको करबाट मिलान गर्दा मिलान हुन नसकेको रकम आगामी कर अवधिमा मिलान गर्ने सुविधा अन्तर्गत लामो अवधिसम्म दाबी गरिरहने, कुनै कर अवधिमा कर तिर्नु पर्ने (डेबिट विवरण पेश गर्नुपर्ने) अवस्था सिर्जना हुनासाथ कृत्रीमरूपमा खरिद कारोबार देखाई कर फिर्ता लिनु पर्ने (क्रेडिट विवरण पेश गर्नुपर्ने) अवस्था देखाउने प्रवृत्तिमा सुधार गर्न सकिएको छैन।

(१२) २०८० माघ सम्ममा मूल्य अभिवृद्धि करका विवरणहरू दाखिला नगर्ने करदाता ५० प्रतिशत भन्दा माथि रहेको, शुन्य विवरणको कारोबार गर्ने करदाता ३० प्रतिशत रहेको, विवबरण दाखिला एवं कर सङ्कलन गरी डेबिट विवबरण बुझाउने करदाता ११ प्रतिशत मात्र रहेको, क्रेडिट विवरणको करदाता ५९ प्रतिशत रहेको र सरकारलाई तिर्नु पर्ने गरी उपभोक्तासँग उठाएको कर समयमा नतिरी बाँकी रहेको बक्यौता रु.५ अर्ब रहेको छ।

## मूल्य अभिवृद्धि कर प्रणालीमा गर्नु पर्ने सुधारका क्षेत्रहरू

१४८. मूल्य अभिवृद्धि करको सुधारको योजना बनाउने क्रममा मूलभूत रूपमा विश्व कर प्रणालीमा संस्थागत आयकरको दर कम गरी मूल्य अभिवृद्धि करको दर उच्च कायम गर्ने वा करका दर र संख्या कम गरी करको दायरा विस्तार गर्दै राजस्व दक्षता अभिवृद्धि गर्ने नीति अख्तियार गरिएको पाइन्छ। सहभागिता तथा प्रशासनिक लागत कम गर्दै दक्षता अभिवृद्धि गर्न एकल दर तोक्ने गरिएको छ भने केही मुलुकले बहु दरमा आधारित मूल्य अभिवृद्धि कर लगाउने गरेको पनि पाइन्छ। करको दायरा वढाएर राजस्वको प्रमुख कराधारको रूपमा स्थापित गर्ने, अर्थतन्त्रमा कर तटस्थता कायम गराई आर्थिक दक्षता ल्याउने, राजस्व सङ्कलनमा वृद्धि ल्याउने, एकल दर कायम गर्ने, स्वयंकर निर्धारण प्रणालीको माध्यमबाट कर परिपालना र कर सङ्कलन लागत कम गरी स्वैच्छिक कर सहभागिता अभिवृद्धि गर्ने, प्रशासनिक जटिलता एवं कानुनी प्रक्रियालाई सरल तथा पारदर्शी बनाउने र लेखा प्रणालीमा आधारित कर प्रणालीको विकास गर्ने विषय क्षेत्रका आधारमा नै यो कर प्रणालीलाई थप सुधार गर्दै लैजानुको विकल्प छैन। साथै देहायका नीतिगत एवं प्रणालीगत सुधार तत्काल शुरु गर्नुपर्ने देखिन्छ।

(१) विगतमा भौतिक वस्तु तथा सेवामा करारोपण गरिदै आएको सन्दर्भमा २८ वर्ष अघि तर्जुमा गरिएको मूल्य अभिवृद्धि कर ऐन, २०५२ ले बदलिएको विद्युतीय अर्थन्त्रको मागलाई सम्बोधन गर्न नसक्ने भएकाले नयाँ ऐन तथा कानुन निर्माण गर्नु पर्ने देखिन्छ। मूल्य अभिवृद्धि कर कानुनलाई समयानुकुल बनाई करको आधार र दायरा विस्तारका लागि विगतमा एक अर्का कानुनसँग बाझिएका कानुनी व्यवस्थाको तादम्यता कायम गर्न र लामो समय सम्म कानुनको पुनरावलोकन नभई आर्थिक ऐनबाट मात्र संशोधन गर्ने हालको प्रचलन कानुन तर्जुमाको सिद्धान्तसँग पनि मेल नखाने हुँदा तत्कालै संशोधनको प्रक्रिया शुरु गर्ने। कानुन संशोधन गर्दा यस प्रतिवेदनमा उल्लेख भएको विषय समेतका आधारमा सालबसाली आर्थिक ऐनबाट करका दर र ऐनको अनुसूची मात्र संशोधन गर्न सक्ने गरी कानुनबाट अधिकार प्रत्यायोजित गर्नु पर्ने।

(२) कर छुट सहुलियतमा आर्थिक वर्ष २०७९/८० मा समूह १ का आधारभूत कृषि उत्पादन र समूह ११ का अन्य वस्तु तथा सेवा अन्तर्गत HS Code ८४ मा पैठारी भएका (रू.१ अर्ब भन्दा वढी CIF मूल्य भएका केही वस्तुको मात्र सूची अनुसूचीमा समावेश गरिएको छ)

आधारभूत कृषि उत्पादनको वस्तुको कर छुटको उपयोगिताका साथै विभिन्न कच्चा पदार्थ र पुँजीगत प्रकृतिका मेसिनरी एवं औजारको वास्तविक उपयोग समेतको आधारमा तथ्य परक रूपमा विश्लेषण गरी पुनरावलोकन गर्नु पर्ने।

(३) मूल्य अभिवृद्धि करको C-efficiency अनुपात र मूल्य अभिवृद्धि करको नीतिगत र कर परिपालना अन्तर (Policy and Compliance- VAT Gap) तथ्याङ्कबाट यो करको प्रभाव सम्भावित कराधारको ५० प्रतिशत क्षेत्रमा मात्र रहेकोले कराधार विस्तार तथा कर उत्पादकत्व बढाउन कर कानुन र परिपालनामा भएको कमी कमजोरीहरूमा समेत सुधार गर्नु पर्ने।

(४) विद्युतीय सेवाका लागि भौतिक उपस्थिति नचाहिने सन्दर्भमा विश्वका कुनै पनि स्थानबाट सहजै सेवा आपूर्ति हुने भएकाले कारोबारको स्थान Tax jurisdiction र सेवा आपूर्तिको समय समेत यकिन हुने गरी कर कानुनमा संशोधन गर्नु पर्ने। यसैगरी अनलाइन माध्यमबाट ठूलो मात्रामा व्यापार हुने भएकाले ई-कमर्सलाई स्पष्ट रूपमा परिभाषित गर्नु पर्ने।

(५) तथ्याङ्कको स्थानीयकरण सम्बन्धी स्पष्ट कानुनको अभावमा देशको सीमा बाहिर हुने तथ्याङ्क स्थानान्तरण सम्बन्धी विद्युतीय कारोबारमा करारोपण गर्न जटिल भएकाले सो सम्बन्धी कानुनको तर्जुमा गर्नु पर्ने।

(६) पर्याप्त लगानीको माध्यबाट उच्च तथा तीव्र गतिको इन्टरनेट सेवाको विकास तथा विस्तार गरी विद्युतीय अर्थतन्त्रको प्रवर्द्धन र संवर्द्धन गर्ने।

(७) मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को एक्काइसौं संशोधन (२०७६/०२/१५) मार्फत सरकारी निकाय वा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संस्थाले ठेक्का सम्झौता वा करार अन्तर्गत आपूर्ति हुने वस्तु तथा सेवा वा दुवै आपूर्ति गरी सो बापतको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्नु पर्ने कर रकमको पचास प्रतिशतले हुन आउने रकम सम्बन्धित राजस्व शीर्षकमा जम्मा गरी बाँकी रहने कर बापतको रकम मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था थप गरिएकोमा तेइसौं संशोधन (२०७८/०२/१५) बाट तीस प्रतिशतले हुन आउने रकम सम्बन्धित राजस्व शीर्षकमा जम्मा गरी बाँकी रहने कर बापतको रकम मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था गरेकोले तेइसौं संशोधनको व्यवस्था खारेज गर्ने।

(८) विद्युतीय कारोबारमा आधारित मूल्य अभिवृद्धि करको कराधार क्षयीकरणलाई नियन्त्रण गर्न विभिन्न देशहरूसँग सूचना आदान प्रदान तथा सबल सहकार्य कायम हुने संयन्त्रको विकास गरी कर प्रणालीलाई समायानुकुल बनाई विद्युतीय कारोबारमा अन्तर्राष्ट्रिय स्तरमा प्रचलनमा रहेका व्यवस्थासँग तादम्यता कायम हुने गरी ऐन कानुनमा परिमार्जन तथा करका दर निश्चित गर्नु पर्ने।

(९) स-साना व्यापारबाट मूल्य अभिवृद्धि कर सङ्कलनमा न्यून मात्र योगदान हुने र input tax को कर छुट लिन वा अन्य उद्देश्य पुरा गर्न स्वैच्छिक रूपमा दर्ता हुने यस्ता प्रकृतिका करदाता प्रशासनिक दृष्टिले बोझ र कर छलीका माध्यमको रूपमा मात्र प्रयोग भइरहेको सन्दर्भमा यस्ता करदातालाई न्यूनतम व्यवसायिक क्रियाकलाप हुनुपर्ने जस्ता प्रावधान थप गरी दर्तालाई नियन्त्रण गर्नु पर्ने। इन्डोनेसिया, कजाकस्तान र सिंगापुर (१ मिलियन सिंगापुर डलर) ले दर्ता नियन्त्रणका लागि वढी थ्रेसहोल्ड राखेको। प्रशासनिक कार्यभार, कर परिपालना लागत र ननफाइलर घट्ने गरी कर प्रणालीमा सुधार गर्नु पर्ने।

(१०) निकासी पैठारी हुने मालवस्तुको भन्सार मूल्याङ्कन प्रणालीलाई सुधार गरी कारोबार मूल्यमा आधारित भई भन्सारको मूल्य निर्धारण गर्ने प्रणाली र पद्दतिको पूर्णरूपमा कार्यान्वयन गर्ने।

(११) भन्सार जाँचपास गर्दा वस्तु वर्गीकरण तथा वस्तुको परिमाण र कारोबार मूल्यलाई यथार्थपरक बनाउने तथा जोखिममा आधारित छनौट तथा परीक्षण प्रणालीलाई थप प्रभावकारी बनाउने।

(१२) आन्तरिक राजस्व विभागको केन्द्रीय बीजक अनुगमन प्रणाली र भन्सारको आसिकुडा वर्ल्डबीच API मार्फत स्वचालितरूपमा पैठारी विवरण तथा करदाताका खरिद एवं बिक्री खाताका विवरणहरू आदानप्रदान गर्ने प्रणालीको विकास गर्ने।

(१३) बिल बीजक लिने दिने कार्यलाई संस्थागत गर्न रु.पाँच करोड भन्दा कमको कारोबार गर्ने साना करदाताले Electronic Cash Register प्रणालीको कार्यान्वयन गरी करदाताको तथ्याङ्कमा कर प्रणालीको पहुँच स्थापित हुने गरी कार्यान्वयन गर्नु पर्ने। रु.पाँच करोड भन्दा माथिको कारोबार गर्नेले हालको केन्द्रीय बीजक अहनुगमन प्रणाली (CBMS) मा तीन वर्ष भित्रमा आवद्ध गर्ने। डिपार्टमेन्टल स्टोर र व्यवसायिक संरचना लगायतका स्थानमा रहेका करदाताले यो विद्युतीय प्रणालीबाट बीजक जारी गर्ने प्रणालीको विकास तथा विस्तार गर्न पर्ने।

(१४) बीजक अनुगमन तथा बजार मूल्यमा कर निर्धारण गर्न सम्भव हुने गरी विद्यमान बीजक प्रणालीमा सुधार गर्नु आवश्यक रहेको छ। पैठारी हुने वस्तुमा उल्लेख भएको नाम, स्पेसिफिकेसन, ब्राण्ड परिमाण तथा मूल्य बमोजिम पैठारीकर्ता देखि खुद्रा तहसम्मको बिक्री बीजकमा पैठारी हुँदा उल्लेख भएको हार्मोनाइज्ड कोड अनिवार्य रूपमा प्रयोग गर्नुपर्ने कानुनी व्यवस्था गर्ने। साथै आन्तरिक रूपमा उत्पादन हुने वस्तुको बिक्री बीजक जारी गर्दा अनिवार्य रूपमा हार्मोनाइज्ड कोडको प्रयोग गर्नुपर्ने कानुनी व्यवस्था गर्ने। यसको लागि मूल्य अभिवृद्धि कर नियमावलीमा संशोधन गरी कर बीजकको ढाँचालाई थप परिमार्जन गर्ने र तदनुसार विद्युतीय बीजक सम्बन्धी निर्देशिका लाई परिमार्जन गरी विद्युतीय बीजक सम्बन्धी सबै सफ्टवेयरहरूलाई अनिवार्य रूपमा परिमार्जन गर्ने। यस्तो प्रणालीगत सुधारले पैठारी वा उत्पादन तह देखि खुद्रा विक्रेता तहसम्मको बीजक श्रंखला (Invoice Trail) लाई पछ्याउन र पहिचान गर्न (Track and Trace) सकिने एवं यसले गर्दा बीजक जारी गर्न र न्युन बीजकीकरण गर्ने विद्यमान प्रवृतिमा उल्लेखनीय सुधारको सुनिश्चितता हुनुपर्ने।

(१५) कर जोखिममा आधारित परिसूचकको आधारमा कर अनुसन्धान तथा परीक्षणका लागि करदाता छनौट गर्ने प्रणालीका सूचकहरूको अध्यावद्यिक गरी छनौट प्रणाली र त्यसको प्रदर्शन प्रभाव देखिने र राजस्वको जोखिमको व्यवस्थापन गर्ने पर्ने। यसका साथै कर परीक्षणमा Link Audit/Source Audit को प्रभावकारी ढङ्गले प्रयोगमा ल्याउनु पर्ने।

(१६) कर परीक्षणबाट न्यून विजकीकरण गरी कर छली गरेको पाइएमा भन्सार महशुल समेत असुल उपर गर्न सक्ने गरी कर प्रशासनलाई थप अधिकार प्रदान गर्नु पर्ने। प्रभावकारी कर जोखिमको व्यवस्थापनको लागि कर परीक्षणमा अप्रत्यक्ष विधिको अवलम्बन गर्नु पर्ने।

(१७) नियमित निकासी कर्ताको कर फिर्ता प्रणालीलाई अनुमानयोग्य बनाई करदाताले माग गरेको पन्ध्र दिन भित्र सोझै करदाताको बैंक खातामा रकम फिर्ता हुने व्यवस्था गर्नुपर्ने। नियमित निकासी गर्ने उद्योगलाई कच्चा प्रदार्थको आयातमा भरपर्दो वण्डेड वेयर हाउसको सुविधा दिने र यस्तो सुविधाको क्षेत्र विस्तार गर्नुको साथै यस्तो आयातमा मूल्य अभिवृद्धि कर लिने हालको व्यवस्था पूर्ण रूपमा हटाउने। निरन्तर छ महिना भन्दा बढी क्रेडिटको अवस्थामा रहेको

करदाताको कर परीक्षण गरी कर फिर्ता गर्ने प्रणालीलाई सहज र सरल बनाई करदाताले कर फिर्ता माग गरेको तीस दिन भित्र कर फिर्ता दिई करदाताको कर प्रशासनप्रतिको विश्वास अभिवृद्धि गर्ने। यस प्रकारको कर फिर्ता प्रणालीलाई हरित सहज मार्ग (Go Green Chanel) को अवधारणा भित्र समेटिने गरी कर फिर्ता दिने प्रणालीको विकास गर्ने।

(१८) नेपाल आउने पर्यटकहरूले नेपालमा खरिद गरेको वस्तु तथा सेवामा लागेको मूल्य अभिवृद्धि कर फिर्ता दिने प्रयोजनार्थ सरल र सहज प्रणालीको विकास गर्नु पर्ने। साथै काठमाण्डौं लगायत नेपालको दक्षिण तथा उत्तर सीमा नाकाहरू व्यवस्थित गरी करमुक्त पसलहरूको व्यवस्था गर्ने र भारतीय तथा चीनिया नागरिकहरूलाई राहदानीको आधारमा यस्ता पसलहरूमा खरिद गरेको मूल्य अभिवृद्धि कर फिर्ता दिने व्यवस्था मिलाउने। साथै कुटनैतिक निकाय वा कुटनीतिज्ञले गरेको करयोग्य खरिदमा मूल्य अभिबृद्दि कर ऐन, २०५२को दफा २५ (१क) बमोजिमको एक पटकको खरिदमा १० हजार रुपैया भन्दा कमको भुक्तानीमा फिर्ता नगरिने व्यवस्था हटाउनु पर्ने। अन्य मुलुकहरूले पनि पारस्परिकताको आधारमा व्यवहार गर्ने हुनाले यस्तो व्यवस्था हटाउनु उपयुक्त हुने भएकोले १० हजारको सिमा हटाउने।

(१९) उच्च मूल्य पर्ने वस्तु तथा मूल्य अभिवृद्धि कर जोखिममा परेका वस्तुहरूको खुद्रा तहका तोकिएका दर्तावाल व्यवसायिक संस्थासँग खरिदकर्ताले मूल्य अभिवृद्धि करमा दर्ता भएका विक्रेतासँग खरिद गरी क्रेडिट तथा डेबिट कार्ड वा मोवाईल वैकिङ्क तथा क्यूआर कोडको माध्यमबाट मालसमानको वा सेवाको भुक्तानी गरेमा १३ प्रतिशत मूल्य अभिवृद्धि कर रकमको १० प्रतिशतले हुन आउने रकम निजले भुक्तानी गरेकै बैंक खातामा जुन Payment Method प्रयोग गरी भुक्तानी गरीएको हो, त्यसमै स्वतः फिर्ता हुने गरी भुक्तानी फछर्यौट प्रणालीको विकास तथा विस्तार गर्नु पर्ने।

(२०) एकीकृत कर प्रणालीको प्राविधिक तथा पूर्वाधारजन्य सीमितता, करदाताहरूको बढ्दो संख्या, सूचना तथा प्रविधिमा भएको विकास, सरकारी निकाय तथा करदाताबाट बढ्दो रूपमा सूचना प्रविधि र विद्युतीय माध्यमको प्रयोग एवं छिटो छरितो तथा गुणस्तरीय सेवा प्राप्त गर्ने करदाताको अधिकार समेतलाई मध्यनजर गर्दा आन्तरिक राजस्व विभागको सूचना तथा प्रविधिजन्य पूर्वाधार र सफ्टवेयर बोझिलो र फितलो भएको छ। क्रमागत सुधारले विद्यमान चुनौती तथा करदाताको मागको सम्बोधन हुन नसक्ने परिप्रेक्षमा स्वचालित रूपमा आयकर, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क लगायत अन्य करको दर्ता गर्ने, व्यक्तिगत आयकर, संस्थागत आयकर, मूल्य अभिवृद्धि कर विवरण तथा अन्तःशुल्क विवरण र स्रोतमा कर कट्टी विवरण समेत स्वचालित रूपमा तयार गरी पेश गर्ने व्यवस्था गर्नु पर्ने।

(२१) यसैगरी तोकिएका विवरणहरू पेश नगर्ने (ननफाइलर), विद्युतीय माध्यमबाट कर दाखिला गरी कर दाखिला प्रमाणपत्र प्राप्त गर्ने, कर प्रशासनले गर्ने कर निर्धारण, प्रशासकीय पुनरावलोकन तथा मुद्दा अभिलेख व्यवस्थापन, कर बक्यौता विवरण र बक्यौता दाखिला, करदाता शिक्षा तथा सूचना सम्प्रेषण लागायतका विविध सेवा र कर जोखिम व्यवस्थापन गर्न सहज हुने किसिमका अन्तर्राष्ट्रियरूपमा स्वीकृत कर सहभागिता व्यवस्थापन प्रणाली (Globally certified Core Tax Compliance Management Software) लाई उपयोगमा ल्याई विद्यमान आयकर ऐन, मूल्य अभिवृद्धि कर ऐन, अन्तःशुल्क ऐन तथा तत् तत् नियमावली र हालसम्म प्रयोग आएका असल अभ्यासहरूलाई समेत समावेश गरी उक्त सफ्टवेयरलाई अनुकुलन तथा परिमार्जन

(Customize) गरी लागु गर्नु पर्ने। यसले करदातालाई छिटो, छरितो र गुणस्तरीय सेवा प्रदान गरी स्वैच्छिक कर सहभागिता अभिवृद्धि गर्न उत्प्रेरणा प्रदान गर्ने र बढ्दो कर जोखिम अध्ययन र विश्लेषण गर्न सकिने सूचना र तथ्याङ्क समेत उपलब्ध गराउने भएकाले कर प्रशासनको कार्यान्वयन क्षमतामा सुधार हुनेछ। सो नभएसम्मको अन्तरिम अवधिका लागि हालको एकीकृत कर प्रणालीलाई सामान्य परिमार्जन गर्दै क्रमशः लागु गर्नु पर्ने। साथै, सुचना प्रविधिको कार्यमा संलग्न वाहिरवाट करारमा सेवा लिएका जनशक्तिलाई क्रमशः स्थायी निजामती कर्मचारीवाट गराउने नीति लिने र व्यक्तिको गोपनियताको विषय तथा सम्वेदनशिल क्षेत्र भएकोले Standard Operating Manual बनाई निश्चित protocol अपनाउने।

(२२) व्यापारिक छली (Commercial Fraud) को नियन्त्रण गर्न भन्सार तथा आन्तरिक राजस्व विभागको एकीकृत संरचनालाई संघीय राजस्व बोर्ड भित्र राखी यसको प्रणाली विकास मार्फतकार्यान्वयनमा लैजाने। बजार मूल्यको आधारमा वस्तु तथा सेवाको उपभोग भएको आधारमा कर सङ्कलनको लागि अनुसन्धान गर्नुपर्ने। साथै न्यून विजकीकरणका भएका वस्तुको खरिद गर्ने व्यवस्थाको समेत प्रभावकारी कार्यान्वयन गर्नु पर्ने।

(२३) नियमित निकासीकर्ताको हकमा करदाताले पेश गरेको विवरणको आधारमा कर फिर्ता दाबी गरेको पन्ध्र दिन भित्र कर फिर्ता दिने व्यवस्था गर्ने।

(२४) नियमित निकासीकर्ता बाहेकका अन्य करदाताको हकमा ३ महिनासम्म लगातार क्रेडिटमा रहेका करदाताले कर फिर्ता मागेको हकमा ६० दिन भित्र दिने कानुनी व्यवस्था भएतापनि ९० दिन भित्र अनिवार्य गर्नुपर्ने गरी व्यवस्था गर्ने।

(२५) वार्षिक रू.३ करोडसम्मको करयोग्य र कर छुटको मिश्रित कारोबार गर्ने वा वस्तु र सेवाको मिश्रित कारोबार गर्ने करदातालाई मूल्य अभिवृद्धि कर लाग्ने वस्तुहरूको खरिद लागत (Prime Cost) लाई करयोग्य बिक्री मूल्यबाट घटाई आउने रकममा मात्र १३ प्रतिशत मूल्य अभिवृद्धि कर गणना गरी वार्षिक रूपमा एक पटक मात्र आयकरको विवरण र मूल्य अभिवृद्धि करको विवरण बुझाउने व्यवस्था गर्ने। आयकरतर्फ वस्तुको कारोबारमा कारोबार मूल्यको २ प्रतिशत वा न्यूनतम वैकल्पिक कर मध्ये जुन बढि हुन्छ सो कर लाग्ने र सेवाको कारोबारमा कारोबार मूल्यको ४ प्रतिशतको कारोबार कर लगाउने व्यवस्था गर्ने। यस्ता करदाताहरूलाई हाल लगाइएको कारोबारमा आधारित कर, पूर्वानुमानित कर र मूल्य अभिवृद्धि करको सीमा हटाउने।

(२६) ठेक्का व्यवसाय लगायत रिभर्स चार्जको रूपमा स्रोतको भुक्तानीमा लाग्दै आएको मूल्य अभिवृद्धि करको हालको व्यवस्था खारेज गरी मूल्य अभिवृद्धि करमा हालको अनिवार्य र स्वैच्छिक दर्ता गर्ने प्रणालीलाई समेत खारेज गर्नु पर्ने।

(२७) करको सूचना प्रणालीमा रहेका विगत तीन वर्ष भन्दा पुराना शुन्य विवरण दिई रहेका करदाता र विवरण नै नदिने करदाताको कर सूचना प्रणालीमा कुनै करको दायित्व वा कारोबारको सूचना पत्ता लागेमा प्रचलित कर कानुनको प्रचलनद्धारा कर सङ्कलन गर्ने र अन्यको हकमा संक्षीप्त कार्यविधि बनाई यस प्रकारका करदाताको करदाता सूचना प्रणालीमा खारेजी वा निलम्वन वा कुनै संकेत गर्ने प्रणालीको विकास र कार्यान्वयन गर्ने।

(२८) कर छली तथा कर योजना जस्ता विषयमा कर प्रणालीको सूचना प्रणालीबाट करदाताको विगतको समयको सूचना प्राप्त गरी कर निर्धारण गर्ने प्रणालीको पुनः शुरु.वात गर्ने र यसको

आधारमा करदाताको कारोबारको निगरानी तथा अनुगमन गर्ने सहज प्रणालीको विकास गर्नु पर्ने।

(२९) Online Registration, e-filling, e-TDS जस्ता विद्युतीय प्रणालीको प्रयोग बढाई पूर्ण रूपमा र तत्कालै फछ्र्यौट हुने गरी विद्युतीय भुक्तानी प्रणालीको कार्यान्यिन गर्ने। सबै करदाता र कर प्रशासकको लागि विद्युतीय हस्ताक्षरको प्रयोग गर्नु पर्ने। Know Your Taxpayer को अभियान मार्फत करदाताको विस्तृत सूचना र दर्ता अभिलेख अद्यावधिक गर्नु पर्ने। National ID प्राप्त गर्दा लिएको Biomatric लाई PAN सँग एकीकृत गर्ने।

(३०) विद्युतीय व्यापारको माध्यमबाट अनौपचारिकरुपमा हुने व्यापारिक कारोबारलाई मूल्य अभिवृद्धि करको दायरामा ल्याउनको लागि आन्तरिक राजस्व विभाग र अन्य निकायको सूचना प्रविधिको पूर्वाधारको विकास तथा साझेदारी गर्नु पर्ने। साथै, हुलाक वा कुरियर मार्फत विदेशवाट उपभोक्ताको तहमा उपभोगका निम्ति प्राप्त हुने वस्तुहरूलाई पनि करको दायरमा ल्याउने।

(३१) डिजीटल सर्भिस प्रोभाडर र डिजीटल मार्केट ल्पेस/ल्पेटफर्मको कारोबार फरक हुने भएकोले उनीहरूको कारोबारलाई स्पष्टरुपमा परिभाषित गरिनु पर्ने एवम् अलग/अलग कारोबारकोरुपमा दर्ता गर्नु पर्ने व्यवस्था हुनु पर्ने।

(३२) गैर बासिन्दा व्यक्तिले आपुर्ति गरेको विद्युतीय सेवा उपभोग गरेको विद्युतीय सेवासँग सम्बन्धित कारोबारको अनुगमन गर्न र वित्तीय संस्थाहरूसँग समन्वय गर्न आन्तरिक राजस्व विभागमा छुट्टै शाखा खडा गर्नु पर्ने। साथै, यस्तो कारोबारको भुक्तानी गर्दा मूल्य अभिवृद्धि कर बापतको रकम नेपाल वाहिर नजाने गरी सम्बन्धित राजस्व शीर्षकमा दाखिला गरी विवरण पेश गर्न कुनै वासिन्दा एजेन्ट वा भुक्तानी पठाउने सम्बन्धित बैंकलाई जिम्मेवार गराउनु पर्ने।

(३३) गैर बासिन्दा व्यक्तिले प्रदान गर्ने विद्युतीय सेवामा मूल्य अभिवृद्धि कर संकलन गर्नका लागि उपभोक्ता बाहेक अन्यलाई उपलव्ध गराएको सेवा विद्युतिय सेवामा नपर्ने भएकोले यस्तो सेवामा गैरबासिन्दा व्यक्तिले मूल्यअभिवृद्धि कर असुल गर्नु पर्ने गरी नेपालको मूल्य अभिवृद्धि करको आधार भित्र पार्ने गरी कर कानुनमा सुधार र प्रणाली विकास गर्नुपर्ने।

(३४) मूल्य अभिवृद्धि कर बिजकलाई दुई पक्षिय बीचको करारको मान्यता दिने। आफैले स्वीकार गरेको मितिमा दायित्व भुक्तानी नगर्ने विषयलाई सरकारबादी हुने फौजदारी कसुरको रूपमा परिभाषित गर्ने। उधारो कारोवारलाई कानुनी बैधानिकता दिन सुरक्षित कारोवार ऐन परिमार्जन वा नयाँ कानुन तर्जुमा गर्ने।

(३५) आन्तरिक राजस्व विभागबाट विलिङ्ग सफ्टवेयर निःशुल्क प्रयोग गर्ने ब्यवस्था मिलाइनुपर्ने साथै Online System तथा मोबाइल अनुप्रयोगहरू मार्फत कर फाइलिङ्ग र भुक्तानी प्रणाली प्रयोगकर्तामैत्री एवम् सरलीकृत वनाइनुपर्ने।

(३६) नेपाल सरकारका विभिन्न निकायको सिफारिसका आधारमा मूल्य अभिवृद्धि कर छुट दिने व्यवस्था हटाउने र यदि कुनै वस्तु वा सेवामा छुट दिनैपर्ने भए सोलाई कर छुटको सूचीमा समावेश गरी स्वतः छुट हुने व्यवस्था गरिनुपर्ने।

## परिच्छेद- ८ अन्तःशुल्कको अवस्था र सुधारका आयाम

१४९. अन्तःशुल्क वस्तु तथा सेवामा लगाइने अप्रत्यक्ष कर हो। यो सामान्यतया देशभित्र उत्पादन, बिक्री र उपभोग हुने निश्चित वस्तुमा लगाइने गरिन्छ। अवधारणागत हिसावले अन्तःशुल्क आयातीत वस्तुमा लगाइने कर नभएता पनि राष्ट्रिय अर्थतन्त्रको निर्माण र विलासिताका वस्तुहरूको मूल्यवृद्धि गर्न आर्थिक उदारीकरण पछि वस्तु र सेवा विश्व वजारमा खुला गरे पछि आयातको बिन्दुमा पनि अन्तःशुल्कलाई साविकको समिकारक महसुलको नामले भन्दा अन्तःशुल्कको नामबाटै लिने गरिएको छ। नेपालको सन्दर्भमा पछिल्लो समयमा भन्सारका दरहरूलाई पुनर्संचना गर्दा न्यून हुने राजस्व पूर्ति गर्ने एक महत्वपूर्ण स्रोत र भन्सार राजस्वको विकल्पको रूपमा अन्तःशुल्कलाई लिन थालिएको छ। मूल्य अभिवृद्धि करमा जस्तै कच्चा पदार्थमा तिरेको अन्तःशुल्क वस्तु उत्पादित गरी वस्तु निष्कासन तथा बिक्रीमा सङ्कलन गर्ने अन्तःशुल्कमा मिलान गर्न पाउने व्यवस्था वस्तुको उत्पादनमा लागत कम गर्ने नीतिको अवलम्वन पनि गरिएको छ। यस करलाई अझ पछिल्ला वर्षहरूमा मूल्य अभिवृद्धि करको कम दरका कारण वैकल्पिकरूपमा थप स्रोत पूर्ति गर्न, नेपाल भित्रको उत्पादनको संरक्षण गर्न, भन्सारका दर शुन्य वा कम भएका वस्तुमा यो करबाट स्रोत परिपूरण गर्न र हरित कर तथा विलासिताको उपभोग कम गर्न अन्य कर लगाउनुको सट्टा यो कर लगाउने अभ्यास बढीरहेको छ। अन्तः शुल्क लगाउने सिद्धान्त र आधार एवं वस्तु तथा यसको कर गणनाका विधि र प्रणालीको पुनरावलोकन गर्नु पर्ने देखिन्छ।

१५०. अन्तःशुल्क लगाउने २ वटा परम्परागत र आधुनिक अवधारणा रहेका छन। परम्परागत अवधारणामा स्वास्थ्य एवं वातावरणमा हानी पुऱ्याउने, प्रकृतिको दोहन गर्ने, वस्तुहरूको उत्पादन र उपभोगलाई मूल्य बढाई नियन्त्रित र व्यवस्थित गर्नका लागि यो कर लगाइन्छ। यसको साथै विलासिताका वस्तुहरूको उत्पादन तथा उपभोग महंगो पारी त्यसमा सङ्कलन गरेको राजस्व, वितरण र पुर्नवितरणको माध्यमबाट सामाजिक न्यायको लागि पनि अन्तःशुल्क लगाउन थालिएको छ। मुलुकको आर्थिक विकासको लागि आवश्यक राजस्व सङ्कलनलाई प्रभावकारी वनाई राजस्व परिचालन वढाउन नेपाल राज्यमा उत्पादन भएका वा पैठारी हुने वस्तु वा प्रदान गरिने सेवामा अन्तःशुल्क लगाउने र असुल उपर गर्ने भनी यस सम्बन्धी कानुनको उद्देश्य रहेको पाइन्छ। धेरै प्रकारका करहरू लगाउदा कर माथि कर लाग्दा अन्तत प्रभावकारी करको दर बढी हुन गई अर्थतन्त्रको लागत समेत बढ्न जाँदा यस्ता करहरू आर्थिक वृद्धिका लागि तटस्थ हुन सक्दैनन्। सकेसम्म करहरूलाई लागत नवढ्ने गरी करारोपण गर्न जरुरी देखिन्छ। तर, जनस्वास्थ्यमा असर गर्ने, वातावरणलाई नोक्सान गर्ने, प्राकृतिक स्रोतको दोहन गर्ने तथा मानविय हितमा सहयोगि नहुने वस्तुमा भने उच्चदरका कर लगाई वस्तुको मूल्य बढाई उपभोगमा निरुत्साहित गर्नु पर्ने हुन्छ। प्रशासनिक क्षमता नवढाई उच्च दरको करमात्र बढाउदा कर चुहावटको जोखिम बढ्ने र अवैधरूपमा समानको उत्पादन तथा पैठारी हुन सक्ने भएकोले यसको नियन्त्रणको लागि कर नीति बनाउदा यि दुवै पक्षमा सन्तुलन मिलाउनु पर्दछ।

१५१. **नेपालमा अन्तःशुल्क लगाउने तरिकाः** अन्तःशुल्क लाग्ने वस्तुमा मुख्यतया ३ प्रकारले अन्तःशुल्क लगाउने गरिन्छ।

(१) **समदर (Flat Rate):** यो परम्परागत प्रणाली हो।यस प्रणालीमा उद्योगको प्रकृति अनुसार एकमुष्ट अन्तःशुल्क निर्धारण गरी असुल उपर गरिन्छ। अन्तःशुल्क समान्यतया मासिक वा किस्तावन्दीमा असुल गरिन्छ। उत्पादन परिमाण र मूल्यसँग कुनै सरोकार हुदैन।

(२) **निर्दिष्ट दर (Specific Rate):** यो प्रणालीमा वस्तुको नाप, तौल, परिमाण, आयतनको आधारमा अन्तःशुल्क लगाईन्छ।यो विधि भौतिक नियन्त्रण प्रणालीका वस्तुमा वढी मात्रामा प्रयोग गरिन्छ। नेपालमा चुरोट, वियर, मदिरा, चाउचाउ, खुदो, सुर्ति लगायत करिब ८०० वस्तु वर्गिकरणका संकेत नम्बरमा यो दरबाट अन्तःशुल्कका दरहरू राखी गणना गर्ने गरिएको छ।

(३) **मूल्यगत दर (Advalorem Rate):** यो प्रणालीमा मूल्यको आधारमा अन्तःशुल्क लगाइन्छ।यो विधि स्वयं निष्कासन प्रणालीका वस्तुमा वढी प्रयोग गरिन्छ।यसमा प्रति इकाई मूल्य कायम गर्न आवश्यक हुन्छ। कारखाना मूल्य वा बिक्री मूल्यलाई आधार बनाएर अन्तःशुल्क लिइन्छ। यस प्रणालीमा वस्तुको मूल्य निर्धारण वैज्ञानिक हुनुपर्ने देखिन्छ। हाल अन्तःशुल्क लाग्ने सवारी साधन, पेन्ट्स लगायतका वस्तुमा मूल्यमा आधारित भएर अन्तःशुल्क लगाउने गरिएको छ।

१५२. **अन्तःशुल्क लाग्ने वस्तु तथा सेवाको इजाजत र नवीकरण सम्बन्धी व्यवस्था:** अन्तःशुल्क लाग्ने वस्तुको उत्पादन, पैठारी, बिक्री, सञ्चय वा सेवा प्रदान गर्नेले अन्तःशुल्क कानुन बमोजिम इजाजतपत्र लिनु पर्दछ। उत्पादक र आयात निर्यात कर्ताले प्रत्येक आर्थिक वर्षको श्रावण महिना भित्र अनुज्ञापत्र नवीकरण गराइसक्नु पर्दछ। उक्त अवधि पश्चात तिनीहरूको इजाजत स्वत खारेज हुन्छ।भौतिक नियन्त्रणका वस्तुको उत्पादन र बिक्रि वितरण गर्नेले उक्त अवधिमा नविकरण नगरेको भएता पनि सोही आर्थिक वर्षभित्रमा जरिवाना तिरेर नविकरण गराइसक्नु पर्नेछ। सो अवधिसम्म पनि नवीकरण नगराएमा इजाजत खारेज हुन्छ। बिडी, सुर्ति, खैनी, पानमसला, गुट्खा, खांडसारी उद्योग, खुदो र गुंड पैठारी गर्ने बाहेक स्वयं निष्कासन प्रणाली अन्तर्गतका वस्तु तथा सेवाको कारोबार गर्न लिएको इजाजतपत्र नवीकरण गराउनु पर्दैन।

१५३. उत्पादन तथा बिक्रीको इजाजत लिन र नवीकरण गर्न दस्तुर लाग्ने व्यवस्था छ।उत्पादन र बिक्रीमा अलग अलग दस्तुर लाग्दछ। भौतिक नियन्त्रण प्रणाली अन्तर्गत पर्ने वस्तु तथा सेवाको इजाजत दस्तुर र स्वयं निश्कासन प्रणाली अन्तर्गत पर्ने वस्तु तथा सेवाको इजाजत दस्तुर लिने आधार र दरहरू पनि फरक फरक रहेका छन्। बिडी, सुर्ति, खैनी, पानमसला, गुट्खा, खांडसारी उद्योग, खुदो र गुंड पैठारी लगायतका वस्तुमा अलग अलग तर निश्चित किसिमको रकम र सो बाहेक स्वयं निष्कासन प्रणाली अन्तर्गतका वस्तु तथा सेवाको कारोबार गर्ने प्रतिष्ठानको हकमा स्थिर पुँजीको आधारमा दस्तुर लाग्ने व्यवस्था छ।

१५४. **अन्तःशुल्कको नियमनः** अन्तःशुल्क परम्परागत कर प्रणाली हो। यसमा करको दर पनि बढी र राजस्व चुहावटको सम्भावना पनि बढी भएकोले सामान्यतया बढी नियन्त्रणात्मक विधिहरू प्रयोग हुने गरेका छन्। यसलाई नियमन गर्ने ३ वटा प्रणालीहरू प्रचलनमा छन्।

(१)**भौतिक नियन्त्रण प्रणाली:** अन्तःशुल्कजन्य वस्तुमा अन्तःशुल्क प्रशासनको नियन्त्रण रहने यो परम्परागत प्रणाली पनि हो। अन्तःशुल्क लाग्ने वस्तुको उत्पादन देखि निष्कासनका तहसम्म अन्तःशुल्क प्रशासनको भौतिक उपस्थिति सहित प्रत्यक्ष संलग्नता रहेको हुन्छ। अन्तःशुल्क प्रशासनको प्रतिनिधिको रूपमा कारखानामा अन्तःशुल्क निरीक्षक रहने गर्दछन्। निजले कच्चा


वस्तुको खरिद तथा तयारी वस्तुको उत्पादन, निष्काशन र बिक्रीका अभिलेख प्रमाणित गर्ने गर्दछ। निष्कासन तथा बिक्रीको मागफारममा दस्तखत गरे पछि मात्र कारखानाबाट मालसामान निष्काशन वा बिक्री हुने अवस्था रहन्छ। नेपालमा २०५२ साल सम्म सबै वस्तु तथा सेवामा यो प्रणाली अपनाइन्थ्यो। तत्पश्चात केही वस्तुहरूमा मात्र यो प्रणाली अपनाउन थालिएको हो। मदिरा, वियर, स्प्रिट, वाइन, साइडर, मोलासेस जस्ता मदिराजन्य वस्तुको आन्तरिक उत्पादन र आयातमा यो प्रणाली अपनाइ रहेको अवस्था छ। आर्थिक वर्ष २०७२।७३ देखि चुरोटको उत्पादनलाई भौतिक नियन्त्रण प्रणालीबाट नियन्त्रित स्वयं निष्काशन प्रणाली अन्तर्गत लगिएको छ।

(२) **स्वयं निष्काशन प्रणाली:** सरकारले उदार अर्थ नीति अवलम्वन गरे संगै विकास भएको अवधारणा हो। भन्सार तर्फ स्वयं मूल्य घोषणा, मूल्य अभिवृद्धि कर र आयकर तर्फ स्वयं कर निर्धारण प्रणाली सँगसंगै अन्तःशुल्क तर्फ पनि स्वयं निस्कासन प्रणालीको शुरुवात भएको हो। यो प्रणालीमा अन्तःशुल्क प्रशासनले प्रमाणित गरेको उत्पादन र बिक्री सम्बन्धी अभिलेखहरू, खरिद र बिक्री खाता, माग फराम विल मात्र करदाताले प्रयोग गर्नु पर्ने र सो को आधरमा नै नियन्त्रण र नियमन गर्ने गरिन्छ। पैठारी, उत्पादन, निष्कासन, बिक्री, अन्तःशुल्क निर्धारण, सङ्कलन र दाखिला गर्न करदाता स्वयंलाई जिम्मेवार वनाइएको हुन्छ।

(३) **अवैध मदिरा नियन्त्रणः** अन्तःशुल्क ऐन तथा नियमावली र मदिर ऐन तथा नियम बमोजिम इजाजतपत्र नलिइ उत्पादन, वस्तुको ओसार पसार संचय र बिक्री वितरण गर्ने कामलाई अवैध मदिराको कारोबार भनिन्छ। अन्तःशुल्क स्टिकर टाँस नगरिएको र अर्काको ब्राण्ड नक्कल गरी उत्पादित मदिरा पनि अवैध मदिरा हो। अवैध रूपमा उत्पादित घरेलु मदिराबाट मानव स्वास्थ्यमा प्रतिकुल असर पर्ने र त्यस्तो मदिराको उत्पादन तथा बिक्रीबाट राजस्व समेत सङ्कलन नहुने हुँदा यसलाई नियन्त्रण गर्न जरुरी छ। यस किसिमको कारोबारलाई रोक्न सकेमा मात्र वैध मदिराको उत्पादन र बिक्री वितरण बढन सक्दछ। अवैध मदिराको उत्पादन र बिक्री वितरणलाई नियन्त्रण गर्न विभाग स्तरमा र जिल्लास्तरमा अलग अलग समिति रहने र स्थानीय प्रशासन र प्रहरीहरूको सहयोग लिई अवैध मदिरा नियन्त्रण गर्ने काम भईरहेको हुन्छ। अन्तःशुल्कजन्य वस्तु तथा सेवाको कारोबार गर्ने करदाताको कारोबारको जाँच तथा परीक्षण गर्ने, अन्तःशुल्क नतिरेको वा कम तिरेको पाइएमा अन्तःशुल्क निर्धारण गर्ने, शुल्क, ब्याज र जरिबाना निर्धारण गर्ने व्यवस्था अन्तःशुल्क ऐनले गरेको छ। यसरी अन्तःशुल्क अधिकृतले गरेको अन्तःशुल्क निर्धारणमा चित्त नबुझ्ने करदातालाई धरौटी राखेर प्रशासकीय पूनरावलोकन र राजस्व न्यायधिकरणमा पूनरावेदन जान पाउने व्यवस्था मूल्य अभिवृद्धि कर र आयकर ऐनमा जस्तै अन्तःशुल्क ऐनमा पनि रहेको छ।

१५५. आर्थिक वर्ष २०७०/७१ मा कुल अन्तःशुल्क राजस्वमा आन्तरिक र पैठारीको हिस्सा क्रमशः ७५ दशमलव ७३ प्रतिशत र २४ दशमलव २७ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७९/८० मा यो अंशमा क्रमशः ७६ दशमलव २८ प्रतिशत र २३ दशमलव ७२ प्रतिशत पुगेको छ। आर्थिक वर्ष २०७१/७२ देखि २०७४/७५ सम्म यसको पैठारीको अंश वढिरहेको र आन्तरिकको घटेकोमा आर्थिक वर्ष २०७३/७४ देखि पुनः बढेको छ।

### चित्र नं. २०: अन्तःशुल्क राजस्वको बनावट





स्रोत आन्तरिक राजस्व विभाग

१५६. आन्तरिक अन्तःशुल्कको राजस्व संरचनामा आर्थिक वर्ष २०७०/७१ मा मदिरा, सुर्तिजन्य पदार्थ, वियर र अन्य औद्योगिक उत्पादनको अंश क्रमशः ४० दशमलव २५, २६ दशमलव ८१, १९ दशमलव ४३ र १३ दशमलव ५१ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७९/८० मा २४ दशमलव ९३, २५ दशमलव २२, ३१ दशमलव ३७ र १८ दशमलव ४८ प्रतिशत रहेको छ। पछिल्लो समय वियरको अन्तःशुल्कमा योगदान बढेको र मदिराको योगदान निरन्तर घटिरहेको छ। सुर्तिजन्य पदार्थको थप घटको अवस्थामा नै रहेको छ।

### चित्र नं. २१: आन्तरिक अन्तःशुल्क राजस्वको बनोट

(प्रतिशतमा)




स्रोत आन्तरिक राजस्व विभाग

**अन्तःशुल्कका समस्याहरू**

१५७. अन्तशुल्क नीति र प्रशासनका मूख्यतया निम्न समस्याहरू छन्:

(१) सीमित वस्तु र सेवाहरूमा अन्तः शुल्क लगाइने मूलभूत सिधान्तहरू (जस्तै प्रकृतिको दोहन, वातावरण र जनस्वास्थ्यमा हानी, कार्बन उत्सर्जन वा मानवीय हित विवरीत) का आधारमा अन्तःशुल्क लगाउनुपर्नेमा राजस्व सङ्कलनको सुविधाका लागि थुप्रै वस्तुहरूको उत्पादन र पैठारीमा अन्तःशुल्क लगाउने गरिएको छ।

(२) अन्तःशुल्क नीतिको मार्गदर्शन नै स्पष्ट गरी यसको दायरा बढाउन भन्दा दायरा साँघुरो बनाउनु पर्ने र हालको भौतिक नियन्त्रण प्रणालीको विकल्पको खोजि गर्नु पर्दछ।

(३) अन्तःशुल्क प्रशासन अझै पनि आधुनिक नभई परम्परागत शैलीबाट सञ्चालित रहेको छ।राजस्व प्रशासन भित्र मूल्य अभिवृद्धि कर र आयकर जसरी अन्तःशुल्क मूल प्रवाहीकरण हुन सकेको छैन।

(४) आन्तरिक राजस्व विभागमा अझै पनि कार्यमुलक ढाँचामा अन्तःशुल्कको प्रशासन गर्न सकिएको छैन। ठूला र मझौला औद्योगिक प्रतिष्ठानहरूको अन्तःशुल्क प्रशासन कार्यालयको दोहोरो भूमिका रहेको छ।

(५) अन्तःशुल्क सम्बन्धी काम कम प्राथमिकतामा पर्दछ र अन्तःशुल्क प्रशासन हेर्ने दक्ष जनशक्ति र आधुनिक प्रविधिको अभाव छ।यसका साथै भौतिक नियन्त्रण प्रणालीका वस्तु उत्पादन स्थलमा खटिने अन्तःशुल्क निरीक्षकलाई अन्तःशुल्क सम्बन्धी जानकारीको अभावका साथै निरीक्षकको रूपमा खटिने कर्मचारीलाई उत्प्रेरणाको अभाव छ।

(६) अन्तःशुल्कजन्य वस्तुको गुणस्तर परीक्षण गर्ने मापदण्ड र प्रयोगशालाहरूको अभावको कारण अन्तःशुल्कजन्य वस्तुमा राजस्व चुहावटको सम्भावना बढी छ।यो कर प्रणाली भित्र कानुनीरूपमा नियन्त्रण प्रणाली भएता पनि कार्यन्वयन पक्ष अत्यन्त कमजोर र अपारदरशी समेत रहेका छन्।

(७) अन्तःशुल्कजन्य वस्तुमा सूचना प्रविधिमा आधारित नियन्त्रणात्मक प्रणालीको अवलम्बन गर्न सकिएको छैन।जस्तै वियरमा Flow Meter, अन्तःशुल्क स्टिकरमा Track and Trace प्रणाली कार्यान्वयन गर्न नसक्नु यसको प्रमुख समस्याकोरूपमा रहेको छ।

(८) नेपालको परम्परा तथा संस्कृतिको लागि प्रयोग हुने घरेलु मदिराको उत्पादन व्यवस्थित गर्नु पर्नेमा यसका नाममा घरेलु मदिराको अवैध उत्पादन गरी बिक्री वितरणको नियन्त्रण गर्ने विधि तथा प्रक्रिया र प्रणालीमा वहु निकायगत भूमिका रहेकोले यो कानुन कार्यान्वयन प्रभावकारी हुन नसक्दा जनस्वास्थ्य र वैध मदिराको बिक्री वितरणमा असर परेको छ। मदिराको तथा चुरोटको बिक्री वितरणका लागि विगतमा गरिएका प्रयास र कानुनी प्रवन्धको कमजोर कार्यान्वयन एवम् नियमन प्रणाली फितलो देखिन्छ।

(९) नेपालको भुवनौट र दुवै देशतर्फ खुला सीमानामा भएकोले चुरोट र मदिराको लगायतका अन्तःशुल्क लाग्ने वस्तुको अवैध पैठारी तथा बिक्री वितरण र नियमन गर्न समस्या देखिएको छ।

(१०) अन्तःशुल्कका दरहरूको थपघट वा दरहरूको निर्धारण गर्दा विश्वका अन्य देशहरूको तुलना गरी वैज्ञानिक तवरबाट र यसको राजस्व र जनस्वास्थ्यमा पर्ने प्रभावको अध्ययन तथा विश्लेषण विना अन्तःशुल्कको दर कायम गर्न सकिएको छैन।

(११) अन्तःशुल्क प्रशासनमा विद्युतीय प्रणालीबाट करदाताले सेवा सञ्चालन नगर्ने र कर प्रशासनबाट विद्युतीय प्रणालीको प्रयोग हुन नसक्दा बिक्री वितरणकोकारोबारको अभिलेख यथार्थ र स्वच्छरूपमा हुन सकेको छैन। साथै कमजोर अनुगमन प्रणालीले राजस्व जोखिम उच्च रहन सक्दछ। औद्योगिक प्रतिष्ठानहरूमा ठूला तथा मध्यमस्तरिय कार्यालयको र आन्तरिक राजस्व कार्यालयको दोहोरो भूमिका हुँदा अन्तःशुल्क प्रशासन कमजोर मात्र होईन उत्तरदायी बनाउन सकिएको छैन।

**अन्तःशुल्क प्रणाली सुधारका क्षेत्रहरू**

१५८. अन्तःशुल्क प्रणाली सुधारका लागि समिति निम्न सुझावहरू सिफारिस गर्दछ।

(१) अन्तःशुल्क लगाउने वस्तु तथा सेवाहरूको विवरण नीतिगतरूपमा स्पष्ट गर्नु आवश्यक छ।साथै विश्व कर प्रणालीको असल अभ्यासको आधारमा अन्तःशुल्क लगाउने नयाँ वस्तु तथा सेवाको पहिचान गर्नु पर्दछ। स्वास्थ्यलाई हानी गर्ने, वातावरणलाई हानी गर्ने र प्रकृतिजन्य वस्तु एवं कार्बन उत्सर्जन गर्ने वस्तुहरूमा अन्तःशुल्क वृद्धि गर्ने, लगाउने तर बाँकी सबै अन्तःशुल्क सामान्यतया नलगाईने प्रचलनमा रहेको वस्तुहरूमा लागेको अन्तःशुल्क हटाउने सुझाव गरिन्छ। निर्दिष्ट दरमा लगाइने अन्तःशुल्कलाई मुद्रास्फीतिसँग आवद्ध गरेर नियमितरूपमा अन्तःशुल्क दरमा परिमार्जन गर्नु पर्दछ। साथै निर्दिष्ट दर (Specific Rate) बाट अन्तःशुल्क लगाउनको सट्टामा मूल्यानुपातिक दर (Advalorem Rate) बाट अन्तःशुल्कका दरहरू कायम गर्ने सम्वन्धमा थप अध्ययन गरी कार्यान्वयन गर्नु पर्दछ।

(२) उच्च मूल्यका आयातित मदिरा र मदिराजन्य तथा सुर्तिजन्य वस्तुहरू बाहेक अन्यमा मूल्यगत आधारमा अन्तःशुल्क लगाउने व्यवस्था गर्नुपर्ने र छिमेकी मुलुकहरूको अन्तःशुल्क दर समेतलाई विचार गरेर अन्तःशुल्कका दरवन्दीहरू कायम गर्न सुझाव गरिन्छ।

(३) उच्च मूल्यका आयातित तयारी मदिरामा समेत स्वदेशी उद्योगबाट उत्पादित मदिरा सरह अन्तःशुल्क लाग्दै आएकोले त्यस्ता आयातित मदिरामा मूल्यगत तथा परिमाणगत रूपमा अन्तःशुल्क लगाउने विषयमा अध्ययन गरी आन्तरिक उत्पादनलाई प्रतिस्पर्धी बनाउने व्यवस्था गर्नुपर्दछ।

(४) आयात र आन्तरिक उत्पादनमा अन्तःशुल्क लगाउने आधार र दरहरूलाई अन्तरआवद्धता हुने गरि समायोजन गरिनु पर्दछ।

(५) नेपालले पैठारीमा लगाएको अन्तःशुल्क भन्दा घरेलु उत्पादनको सोही वस्तुहरूमा कम अन्तस्शुल्क लगाएको देखिएको छ। यस्तो अन्तस्शुल्क पनि भन्सार दरबन्दी सरह नै मानिन्छ र विश्व व्यापार संगठनको समान व्यवहार (National Treatment) को सिद्धान्त विपरित भएकाले नियम संगत देखिदैन यसलाई सुधार गर्नुपर्दछ।

(६) हरित करले समेटने वस्तुमा सोही कर लगाई अन्तःशुल्क लागिरहेको वस्तुहरू यसबाट हटाउन उययुक्त हुने सुझाव गरिन्छ।

(७) अन्तःशुल्क प्रशासनको पहुँच पुग्ने खालको सूचना प्रविधिमा आधारित प्रणालीको प्रयोग बढाएर बाँकि रहेको भौतिक नियन्त्रण प्रणालीलाई नियन्त्रित र स्वयं निष्काशन प्रणालीमा लैजानु पदर्छ।

(८) अन्तःशुल्कजन्य वस्तुको गुणस्तर, त्यसमा गरिएका सम्मिश्रण, बनावट र तोकिएको मापदण्ड पुरा भए नभएको मापन गर्ने आधुनिक प्रयोगशालाको स्थापना गरिनु पर्दछ।

(९) प्रशासनिक सरलताको लागि बियर र वाइनको हकमा बाहेक मदिरा उत्पादन गर्ने ईजाजतपत्रवालाले आफूसँग रहेको मदिराको मौज्दातमा वाष्पिकरण, दुर्वोधीकरण, चुहावट वा वोतलमा मदिरा भर्दाको कारणबाट ०.५ प्रतिशतसम्म कमी हुन आएमा स्वतः मिन्हा हुने व्यवस्था गर्नुपर्दछ।

(१०) स्व-निष्कासन (Automatic Flow Meter) लागु गर्न सकिने, अन्तःशुल्क लाग्ने सुर्तिजन्य, मदिरा तथा वियर जस्ता सामग्री उत्पादन गर्ने कम्पनीहरूले प्रयोग गर्ने फ्लो मिटरलाई प्रविधिमा आधारित बनाउन तथा विभागबाट दुर-नियन्त्रण गर्न संसारमा नै उक्त कार्यको लागि लोकप्रिय र विख्यात कम्पनीहरूको सूची विभागले तैयार गरी सार्वजनिक गर्ने तथा सो प्रविधिको प्रयोग गर्न यस्ता उद्योगहरूलाई प्रोत्साहन गर्ने नीति लिनुपर्ने। साथै विभागले सिफारिस गरेको प्रविधि तथा उपकरणहरूको प्रयोग नगर्ने करदाताहरूको इजाजतपत्र रद्द गर्ने सम्मको कानुनी प्रवन्ध गरिनु पर्दछ।

(११) स्टिकरको प्रयोगको सट्टामा पारदर्शी तथा थप व्यवस्थित गर्ने विकल्पको बारेमा थप अध्ययन गरी क्रमश कार्यान्वयन गर्नु पर्दछ।

(१२) अन्तःशुल्क प्रशासनलाई कार्यमुलक संगठनात्मक ढाँचामा लैजाने र कारखानामा खटिने कर्मचारीसँग प्राविधिक ज्ञान दिने गरी जनशक्तिको विकास गरिनु पर्दछ। अन्तःशुल्क संगठनको मूल संरचना र कार्यगत संरचना आन्तरिक राजस्व कार्यालयहरूमा आन्तरिकीकरण गर्दा यो सम्बन्धी काममा बढी महत्व नपाएकोले विभाग देखि कार्यालयसम्म यस कामकालागि छुट्टै शाखा बनाएर जाने वा आन्तरिक राजस्व विभाग अन्तर्गत नै छुट्टै कार्यालय बनाउने विषयमा थप अध्ययन गर्नुपर्ने देखिन्छ।

## परिच्छेद- ९ भन्सार प्रणालीको अवस्था र सुधारका आयाम

१५९. भन्सार भनेको देशको सीमापार व्यापारलाई नियमन तथा व्यवस्थापन गर्ने सरकारी निकाय हो। भन्सारको नियमन र व्यवस्थापन गर्ने भूमिका भित्र राजस्व सङ्कलन, वित्त नीतिको कार्यान्वयन र सीमापार हुने आर्थिक तथा गैरआर्थिक अपराधिक गतिविधिबाट समाजको सुरक्षाको प्रत्याभूति दिने कार्यहरू पर्दछन्। भन्सारका यी मूलभूत भूमिकाको आलोकमा भन्सारका सुधारका पक्षहरूको विश्लेषण गर्नु पर्ने हुन्छ। निकासी वा पैठारी हुने मालवस्तुको भन्सार जाँचपास प्रक्रिया, नियमन, सहजीकरण, यात्रु जाँचापस तथा समग्र व्यवस्थापन भन्सार सम्बन्धी कानुनद्वारा निर्दिष्ट गरिएको हुन्छ। नेपालमा वि.सं.२०१९ सालभन्दा अगाडि भन्सार सम्बन्धी एकीकृत कानुनको व्यवस्था भएको पाइँदैन। वि.सं.१९९१ तथा १९९२ मा भन्सार गोश्वारा तथा काठमाडौं भन्सार गोश्वाराको सवाल जारी भएपछि भन्सार सम्बन्धी काम कारबाही यसै अन्तर्गत हुन थालेको थियो। प्रजातन्त्रको अभ्युदयपछि वैदेशिक व्यापारको आयाममा आएको परिवर्तनलाई सम्बोधन गर्न र भन्सार प्रशासनको सञ्चालन एवं व्यवस्थापन गर्नका लागि विगतका सनद सवाल र खड्ग निशाना सदरलाई समेत संशोधन र एकीकरण गरी नेपालभरि लागु हुने गरी भन्सार ऐन, २०१९ र सो ऐनको कार्यान्वयनको लागि भन्सार नियमावली २०२६ जारी भएको थियो। नेपालमा वि.सं. २०४७ सालको राजनीतिक परिवर्तनले आर्थिक क्षेत्रमा उदारीकरणको नीति अङ्गीकार गऱ्यो। बदलिँदो आर्थिक परिवेश र अन्तर्राष्ट्रिय जगतमा भन्सार प्रशासनमा रहेका असल अभ्यासहरूलाई नेपालले पनि अङ्गीकार गर्नु पर्ने परिस्थिति सिर्जना भइरहेको थियो। सन् २००४ मा नेपालले विश्व व्यापार संगठनको सदस्यता समेत लियो। यस सम्झौता अनुसार नेपालले पैठारी भन्सार दर समायोजन गर्ने प्रतिबद्धताका साथै नेपालमा पैठारी हुने मालवस्तुको भन्सार मूल्याङ्कन सम्बन्धी विश्व व्यापार संगठनद्वारा प्रतिपादित मूल्याङ्कन पद्धति (WTO Agreement on Customs Valuation) अनुसार गर्नु पर्ने र व्यापार सहजीकरण तथा भन्सार नियन्त्रणको अनुपालना गर्न साविक भन्सार ऐनलाई समय सापेक्ष बनाउन साविकको कानुनलाई प्रतिस्थापन गर्न आवश्यक देखिएकोले भन्सार ऐन, २०६४ र भन्सार नियमावली २०६४ जारी गरी २०६५ साल वैसाख १५ गतेदेखि कार्यान्वयनमा ल्याइयो। सालवसाली रूपमा आर्थिक ऐनबाट भन्सार ऐन, २०६४ मा पटक पटक संशोधन गरिएको छ।

१६०. भन्सार विभाग अन्तर्गत ४० वटा मूल भन्सार कार्यालयहरू रहेका छन्। यी मूल भन्सार कार्यालयहरूमा भारतीय सीमातर्फ २७ वटा, चीनको सीमातर्फ ९ वटा, आन्तरिक परिवहनमा आधारित १ वटा (चोभार), अन्तर्राष्ट्रिय विमानस्थलमा आधारित ३ र भन्सार जाँचपास परीक्षण कार्यालयसमेत गरी ४१ वटा प्रशासनिक निकायहरूबाट भन्सारले सेवा प्रवाह गरिआएको छ।

१६१. भन्सार विभागको हालको कर्मचारीहरूको दरबन्दी जम्मा १२५७ रहेको छ। यसमध्ये भन्सार विभागमा ११२ र विभिन्न भन्सार कार्यालयहरू एवं भन्सार जाँचपास परीक्षण कार्यालयमा जम्मा ११४५ जना कर्मचारीको दरबन्दी रहेको छ। यसैगरी जम्मा १२५७ जना कर्मचारी दरबन्दीमध्ये राजस्व समूहका जम्मा ६५७ जना अर्थात् ५२ प्रतिशत र अन्य सेवा/समूहका जम्मा ६०० जना अर्थात् ४८ प्रतिशत कर्मचारी रहेका छन्। श्रेणीगत हिसावले राजपत्रांकित श्रेणीका कर्मचारी जम्मा २८५ जना अर्थात् २३ प्रतिशत र राजपत्र अनंकित तथा श्रेणी विहीन कर्मचारी जम्मा ९७२ जना अर्थात् ७७ प्रतिशत रहेका छन्।

१६२. आर्थिक वर्ष २०७९/८० मा भन्सार विभागले सङ्कलन गरेको कुल राजस्वमा वीरगञ्ज भन्सार कार्यालयले ४० प्रतिशत, भैरहवा भन्सार कार्यालयले २० प्रतिशत, सुक्खा बन्दरगाह भन्सार कार्यालय, सिर्सियाले ११ प्रतिशत, विराटनगर भन्सार कार्यालयले ८ प्रतिशत, त्रि.वि.स्थल भन्सार कार्यालयले ५ प्रतिशत र नेपालगञ्ज भन्सार कार्यालयले ५ प्रतिशत गरी करिब ९० प्रतिशत योगदान दिएको देखिन्छ। अन्य भन्सार कार्यालयहरूको योगदान ३ प्रतिशतभन्दा कम रहेको छ।

**भन्सार प्रणालीको कानुनी संरचना**

१६३. भन्सार ऐन, २०६४ र भन्सार नियमावली २०६४ नै भन्सारका प्रमुख कानुनी संरचना निर्धारित गर्ने ऐन कानुन हुन्। भन्सार ऐन, २०६४, आर्थिक ऐन, केही नेपाल कानुनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन तथा केही नेपाल ऐन संशोधन गर्ने ऐनमार्फत संशोधन हुँदै आएको छ। यी ऐन र नियमावलीले समेटेका महत्वपूर्ण विषयहरूमा छनौट प्रणाली अन्तरगत जोखिम व्यवस्थापनको आधारमा जाँचपास गर्ने व्यवस्था, मालवस्तु वर्गीकरणमा पुनरावलोकनको व्यवस्था, जाँचपास परीक्षण कार्यालयको स्थापना, विपदको समयमा पैठारी हुने मालवस्तुमा महसुल छुट दिने व्यवस्था, भन्सार महसुल निर्धारणको आधार मिति, विद्युतीय माध्यमबाट मालवस्तु घोषणा गर्ने, विद्युतीय भुक्तानी गर्न सक्ने, विद्युतीय प्रणालीमा प्रशोधन गरिएका कागजातलई मान्यता दिने, आन्तरिक परिवहनको सुविधा, निकासी पैठारी संकेत नम्बरको व्यवस्था, राष्ट्रीय एकद्वार प्रणाली सम्बन्धी व्यवस्था प्रमुख छन्।भन्सार सम्बन्धी मुद्दामा अनुसन्धान गरी पेश गर्न अनुसन्धान अधिकृत तोक्नु पर्ने, एक वर्षभन्दा बढी कैद हुने मुद्दा जिल्ला अदालतले हेर्ने व्यवस्था गरी दण्ड सजाँयमा पनि धेरै संशोधन गरिएको छ।साथै भन्सारसम्बन्धी कसूरमा कसैलाई पक्राउ गर्नुपूर्व मुद्दा हेर्ने अधिकारीको अनुमति लिनुपर्ने व्यवस्था समेत गरेको छ।

**भन्सार सुधार तथा आधुनिकीकरण सम्बन्धी अध्ययन र सुधार योजना**

१६४. भन्सार सुधारका सम्बन्धमा विभिन्न अध्ययनहरू भएका छन्। यी अध्ययनहरूले मूलतः भन्सारको प्रक्रिया, स्वचालन, ऐनकानुन, दरबन्दी, मूल्याङ्कन, संगठन संरचना, जनशक्ति विकास, भौतिक पूर्वाधार विकासमा गर्नु पर्ने सुधारहरूलाई सिफारिस गरेको देखिन्छ।

१६५. भन्सार सुधार सम्बन्धमा गरिएका अध्ययनहरूलाई समेत आधारमा लिई नेपालको भन्सार प्रशासनले विक्रम संवत् २०६० साल साउन १ गते देखि २०७८ असार मसान्तसम्म १८ वर्षमा पाँचवटा भन्सार सुधार तथा आधुनिकीकरण योजनाहरू कार्यान्वयन गरेको छ। भन्सार सुधारका यी योजनाहरूले व्यापार सहजीकरण, राजस्व सङ्कलन, अनुगमन, स्वचालन, सामाजिक सुरक्षा, संगठन पुनर्संरचनालाई रणनीतिक ढाँचामा प्रस्ताव गरिएको देखिन्छ। २०७८ साल साउन १ देखि २०८३ असार मसान्तसम्मका लागि छैटौं भन्सार सुधार तथा आधुनिकीकरण योजना कार्यान्वयनमा छ। योजनाका पाँच उपलब्धि स्तरहरूमा व्यापार सहजीकरण, यथार्थपरक राजस्व सङ्कलन, समाजको संरक्षण एवं सुरक्षा, स्वचालित भन्सार प्रणाली र सङ्गठनात्मक विकास र क्षमता अभिवृद्धि रहेका छन्। भन्सारको सुधार र आधुनिकीकरणको लागि यी सुधारको योजनाहरूले भन्सार प्रणाली क्रमशः आधुनिकीकरण हुँदै गएको छ।

**अन्तर्राष्ट्रिय आबद्धतामा रही भन्सार कार्य प्रणालीको सरलीकरण**

१६६. राजस्वको सुरक्षा र सामाजिक सुरक्षाको संरक्षण गरी भन्सार जाँचपास प्रणालीलाई सहज बनाउने दायित्व भन्सार प्रशासनको हुन्छ। आर्थिक वर्ष २०७९/८० मा विभिन्न भन्सार कार्यालयहरूबाट १७ लाख ५८ हजार १२३ प्रज्ञापनपत्रहरूबाट मालवस्तु जाँचपास भएको देखिन्छ। यस मध्ये भारतबाट अस्थायी पैठारी भई आउने सवारी साधनको प्रज्ञापनपत्र संख्या ९ लाख ५८ हजार (५४ प्रतिशत), मालवस्तु पैठारीमा जारी भएका प्रज्ञापनपत्र संख्या ४ लाख ९७ हजार (२८ प्रतिशत), व्यक्तिगत पैठारीका मालवस्तु जाँचपासमा जारी भएका प्रज्ञापनपत्र संख्या १ लाख ८६ हजार (११ प्रतिशत) र निकासी प्रज्ञापनपत्र संख्या ८२ हजार (५ प्रतिशत) रहेको देखिन्छ। भन्सार कार्यालयहरूबाट हुने मालवस्तु जाँचपासलाई सहजीकरण गर्न निकासी वा पैठारी कारोबार हुने सबै मूल भन्सार कार्यालयहरूमा आशिकुडा प्रणाली, एकद्वार प्रणाली तथा छनौट प्रणालीको कार्यान्वयन र विद्युत्तीय भुक्तानीको सुविधा प्रदान गरिएको छ।

१६७. नेपाल व्यापार सहजीकरणलाई प्रत्याभूत गर्ने विभिन्न सन्धि सम्झौताको पक्ष राष्ट्र रहेको छ। यसै क्रममा नेपाल सन् १९८६ जुलाई २२ मा विश्व भन्सार संगठनको सदस्य भएको हो। नेपालले विश्व भन्सार संगठनले प्रतिपादन गरेका विभिन्न औजारहरू (Instruments), संकल्पहरू (Resolution), सिफारिसहरू (Recommendations), असल अभ्यास (Best practices) तथा महासन्धिहरू (Conventions) को अनुपालन गर्दै आएको छ। आर्थिक वर्ष २०४९/५० देखि विश्व भन्सार संगठनले प्रतिपादन गरेको वस्तु वर्गीकरण तथा संकेतीकरण प्रणाली (हार्मोनाइज्ड प्रणाली) कार्यान्वयनमा ल्याएको छ भने पैठारी हुने मालवस्तुको भन्सार मूल्याङ्कनको लागि विश्व व्यापार संगठनद्वारा प्रतिपादित भन्सार मूल्याङ्कन पद्धति कार्यान्वयनमा ल्याएको छ। सन् २०१७ फेब्रुअरी ३ मा संशोधित क्योटो महासन्धिको १०७ औं पक्ष राष्ट्र (संविधाकारी पक्ष) भएको छ। नेपाल सन् २००४ अप्रिल २३ मा विश्व व्यापार संगठनको सदस्य भएको हो। विश्व व्यापार संगठन (World Trade Organization) सँग गरेको प्रतिबद्धता अनुसार भन्सार दरबन्दीहरू समायोजन गरेको छ। व्यापार सहजीकरण सम्झौता (Trade Facilitation Agreement) लाई पनि नेपालले सन् २०१७ जनवरी २४ मा अनुमोदन गरेको छ।


**भन्सार राजस्व सङ्कलनको संरचनागत स्थिति**

१६८. भन्सारले पैठारीमा लाग्ने भन्सार महसुल, निकासीमा लाग्ने भन्सार महसुल, भन्सार सेवा दस्तुर, कृषि सुधार शुल्क, अन्तःशुल्क, अग्रिम आयकर, स्वास्थ जोखिम कर, पूर्वाधार कर, सडक निर्माण दस्तुर, सडक मर्मत तथा सुधार दस्तुर र मूल्य अभिवृद्धि कर भन्सार बिन्दुमा सङ्कलन गर्ने गरेको छ।

१६९. आर्थिक वर्ष २०७९/२०८० मा भन्सारले भन्सार बिन्दुमा कुल ३ खर्ब ८३ अर्ब ३८ करोड राजस्व सङ्कलन गरेको छ (स्रोतः अर्थमन्त्रालय)। यसमा भन्सार महसुल रू.१ खर्ब ८२ अर्ब ५३ करोड सङ्कलन गरेको छ जसमा पैठारी महसुल रू.१ खर्ब ४२ अर्ब ७४ करोड, निकासी महसुल रू. ३५ करोड, पूर्वाधार कर रू.२० अर्ब ५८ करोड, कृषि सुधार शुल्क रू. ७ अर्ब ४१ करोड, सडक मर्मत तथा सुधार दस्तुर रू.७ अर्ब ४३ करोड, सडक निर्माण दस्तुर रू.३ अर्ब १९ करोड सङ्कलन समावेस छ। यस अवधिमा भन्सारले सङ्कलन गरेको राजस्व मध्ये भन्सार महसुलको हिस्सा ४७.६१ प्रतिशत, मूल्य अभिवृद्धि करको हिस्सा ४३.९९ प्रतिशत, अन्तःशुल्कको हिस्सा ८.३९ प्रतिशत रहेको छ।

१७०. आर्थिक वर्ष २०७९/८० मा कुल वैदेशिक व्यापार रु.१७ खर्ब ६९ अर्ब रहेको छ। आर्थिक वर्ष २०७९/८० मा रू.१६ खर्ब १२ अर्बको आयात भएको छ भने रू.१ खर्ब ५७ अर्बको निर्यात भएको छ। आर्थिक वर्ष २०७९/८० मा प्रमुख रूपमा पेट्रोलियम पदार्थ, कच्चा तेल, फलामजन्य कच्चा पदार्थहरू पैठारी भएको देखिन्छ। उक्त आर्थिक वर्षमा आयात भएका प्रमुख १० वस्तुहरू र ती वस्तुहरूको गत वर्षसँगको तुलना तलको स्तम्भ चित्रमा प्रस्तुत गरिएको छ।


**चित्र नं १५: आयात भएको प्रमुख १० वस्तुहरू**




स्रोतः भन्सार विभाग

१७१. आर्थिक वर्ष २०७९/८० मा निर्यात भएको प्रमुख १० वस्तुहरू ती वस्तुहरूको गत वर्षसँग तुलना तलको स्तम्भचित्रमा प्रस्तुत गरिएको छः

**चित्र नं १६: निर्यात भएको प्रमुख १० वस्तुहरू**




स्रोतः भन्सार विभाग।

### भन्सार महसुल दरबन्दी

१७२. नेपालले आर्थिक वर्ष २०४९/५० देखि वस्तु वर्गीकरणमा हार्मोनाइज्ड वस्तु वर्गीकरण एवं सङ्केतीकरण प्रणाली अपनाएको छ। विश्व भन्सार संगठनद्वारा प्रतिपादित यो प्रणाली हाल विश्वका २०० भन्दा बढी राष्ट्र तथा अर्थतन्त्रले अवलम्बन गरेका छन्।सन् १९८८ जनवरी १ देखि कार्यान्वयनमा आएको यो प्रणाली प्रत्येक पाँच वर्षमा संशोधन हुने गरेको छ र नेपालले सन् २०२२ जनवरी १ देखि लागु भएको पछिल्लो संस्करण अवलम्बन गरेको छ। यस प्रणालीको सन् २०२२ संस्करण अनुसार यसमा २१ परिच्छेद, ९७ भाग, १२२८ शीर्षक, ५६१२ उपशीर्षक रहेका छन्। नेपालले आन्तरिक प्रयोगजनका लागि ९७८ राष्ट्रिय उपशीर्षक सिर्जना गरेको छ।भन्सार महसुल दर यसै प्रणालीमा आबद्ध हुन्छ।

१७३. आर्थिक वर्ष २०८०/२०८१ को आर्थिक ऐन अनुसार पैठारीमा भन्सार महसुल दरका तह (Slab) हरू प्रतिशतमा ०, १, ५, १०, १५, २०, ३०, ४०, ६०, ७०, ८० गरी ११ वटा र ११३ वस्तुहरूमा परिमाणात्मक दरहरू कायम गरिएको देखिन्छ।आर्थिक वर्ष २०८०/२०८१ को पुस महिनासम्मको राजस्व सङ्कलनको स्थिति हेर्दा ११ वटा दरका तह (Slab) मध्ये राजस्वमा योगदान सबैभन्दा बढी १५ प्रतिशतको तह (Slab) को र त्यसपछि क्रमश ३०, १०, २० र ५ प्रतिशतको तह (Slab) को देखिन्छ। यो पाँचवटा दरका तहकोमात्र राजस्वमा योगदान करिब ६४.४ प्रतिशत रहेको देखिन्छ भने परिमाणात्मक दरमा लाग्ने महसुल सङ्कलनको योगदान करिब २४ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०८०/२०८१ को पुस महिनासम्मको विभिन्न स्ल्यावहरूमा रहेको पैठारी मूल्य र भन्सार महसुलको विवरण तालिका नं. २२ मा देखाइएको छ।

**तालिका नं. २१ भन्सार दर अनुसारको भन्सार राजस्वमा योगदान**

(रू. करोडमा)

| भन्सार दर | भन्सार महसुल | राजस्वमा योगदान | पैठारी मूल्य | मूल्यमा योगदान |
|---|---|---|---|---|
| ० | ०.०० | ०.०० | ५७२३.५५ | ७.४५ |
| १ | ६.६३ | ०.०९ | ७५३.६७ | ०.९८ |
| ५ | ५७१.२९ | ७.५२ | १७८२०.३४ | २३.२० |
| १० | ९१४.०० | १२.०३ | १६४९२.९४ | २१.४७ |
| १५ | १४१९.०४ | १८.६८ | १३००९.६९ | १६.९४ |
| २० | ८७४.०७ | ११.५० | ५०६६.६० | ६.६० |
| ३० | १११४.६८ | १४.६७ | ४४८४.३३ | ५.८४ |
| ४० | ६४८.९० | ८.५४ | १६७९.५६ | २.१९ |
| ६० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ७० | १.४१ | ०.०२ | २.०५ | ०.०० |
| ८० | २३७.६१ | ३.१३ | ३३१.५३ | ०.४३ |
| अन्य, परिमाणात्मक समेत | १८१०.५८ | २३.८३ | ११४५२.४० | १४.९१ |
| **जम्मा** | ७५९८.२२ | १००.०० | ७६८१६.६६ | १००.०० |

स्रोतः तथ्याङ्क, भन्सार विभाग

१७४. भन्सार प्रशासनले पैठारी भएका मालवस्तुमा सङ्कलन गरेको कुल राजस्वमा योगदान दिने प्रमुख वस्तुहरूमा डिजेल, पेट्रोल, एलपी ग्यास, जीप,कार र भ्यानहरू, तयारी कपडा र आदि रहेका छन् जसले कुल मालवस्तु पैठारीबाट प्राप्त हुने राजस्वको करिब ४० प्रतिशत हिस्सा ओगटेको देखिन्छ। राजस्वमा बढी योगदान भएका प्रमुख १० वस्तुहरू र तिनको राजस्वमा योगदान तलको तालिकामा दिइएको छ।

**तालिका नं. २२ पैठारीतर्फ राजस्वमा बढी योगदान भएका प्रमुख १० वस्तुहरू**

| क्र.सं. | वस्तुको नाम | आर्थिक बर्ष २०७९/८० को राजस्व (रू. करोडमा) | राजस्वमा योगादन |
|---|---|---|---|
| १ | डिजेल | ५५१५.३१ | १४.६२ |
| २ | पेट्रोल | ३६५६.११ | ९.६९ |
| ३ | एल पि ग्यास | १०८४.७ | २.८८ |
| ४ | जीप कार र भ्यानहरू | ८७६.८१ | २.३३ |
| ५ | तयारी कपडा | ८६४.८६ | २.३२ |
| ६ | मोटर साइकल | ७२३.९४ | १.९२ |
| ७ | शुद्ध फलाम | ६१५.८९ | १.६३ |
| ८ | पोलीथिन दाना | ५२१.४१ | १.३८ |
| ९ | एम.एस.विलेट | ५०९.२ | १.३५ |
| १० | टाइल | ५०८.७ | १.३५ |

१७५. आर्थिक ऐन २०८० को अनुसूची २ मा निकासी हुने वस्तुमा लाग्ने भन्सार महसुल दर तोकिएको छ।निकासी गर्दा भन्सार महसुल लाग्ने गरी दर तोकिएका जम्मा ३४ शीर्षकमध्ये ६ वटा शीर्षकका वस्तु (काठका मुढा एवं चिरेका काठ) मा मूल्यगत दर (२००%) र अन्य २८ वटा शीर्षकका वस्तुमा परिमाणात्मक दर तोकिएको छ।निकासीमा उच्च दर तोकिएका काठहरू र गिट्टि, बालुवा नेपाल राजपत्रमा प्रकाशित सूचना अनुसार निकासी मै प्रतिबन्धित भएको देखिन्छ। आर्थिक वर्ष २०७९/८० मा उक्त ३४ शीर्षक अन्तर्गतका १३२ उपशीर्षकका वस्तुहरू मध्ये २८ भन्सार उपशीर्षकका वस्तुहरू निकासी भई निकासी महसुल रू. ८ करोड ७६ लाख सङ्कलन भएको छ। निकासी भएको मालवस्तुको विवरण र राजस्व अनुसूची- ६.१ मा संलग्न गरिएको छ।

### राजस्व छुटसम्बन्धी व्यवस्था

१७६. आर्थिक वर्ष २०७९/८० मा नेपाल सरकारले आर्थिक ऐन र भन्सार ऐनको माध्यमबाट कुल १२३ शीर्षकहरूमा रू.९९ अर्ब ४१ करोड १४ लाख राजस्व छुट दिएको देखिन्छ। यो रकम भन्सारले सङ्कलन गरेको कुल राजस्वको २५.९३ प्रतिशत हुन आउछ। राजस्व छुट दिइएको कुल रकम मध्ये आर्थिक ऐनको अनुसूची १ का विभिन्न दफाहरूबाट दिइएको भन्सार महसुल छुट रू. ३५ अर्ब ९२ करोड (३६.१४ प्रतिशत), मू.अ.करको अनुसूचीबाट दिइएको मू.अ.कर छुट रू.३८ अर्ब

१४ करोड ४५ लाख (३८.३७ प्रतिशत), साफ्टा अन्तरगतको महसुल छुट रू ९ अर्ब २१ करोड ७२ लाख (९.२७ प्रतिशत), आर्थिक ऐन २०७९को दफा १८ को उपदफा (२) को प्रावधान अन्तर्गत मुनाफारहित सार्वजनिक तथा सामुदायिक संस्था, नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तहका निकाय वा नेपाल सरकारको स्वामित्व भएका सङ्गठित संस्थाले पैठारी गर्ने वस्तुमा प्रदान गरिएको छुट रू.५ अर्ब ४३ करोड ४९ लाख (५.५७ प्रतिशत), आर्थिक ऐन २०७९ को दफा १८को उपदफा (३) अनुसारको वैदेशिक ऋण वा अनुदान सहयोगमा सञ्चालन गरिने आयोजनाका लागि दिइएको छुट रू.४ अर्ब ४२ करोड ८३ लाख (४.४७ प्रतिशत), आर्थिक ऐन २०७९को अनुसूची १ को दफा ३ अन्तर्गत भारतबाट हुने पैठारीलाई प्रदान गरिएको छुट रू.३ अर्ब ६६ करोड ५९ लाख (३.६९ प्रतिशत) र भन्सार ऐन २०६४, दफा ९ को कुटनीतिक सुविधा अन्तर्गतको छुट रू.२ अर्ब ११ करोड ३४ लाख (२.१३ प्रतिशत) रहेको छ।

१७७. आर्थिक वर्ष २०८०/८१ को प्रथम छ महिनामा पैठारी भएमा मालवस्तुहरूमा रू.३५ अर्ब ६० करोड ३२ लाख राजस्व छुट प्रदान गरिएको छ। यो छुटको रकम अघिल्लो सोही अवधिको तुलनामा २९ प्रतिशतले कम हो। छुट सम्बन्धी संक्षिप्त तालिका अनुसूची ६.२ मा संलग्न गरिएको छ।

१७८. सार्क राष्ट्रहरूबीच सहुलियतपूर्ण व्यापार गर्ने उद्देश्यले दक्षिण एशियाली राष्ट्रहरूको संगठन (SAARC) को जनवरी ६, २००४ मा भएको बाह्रौं शिखर सम्मेलनमा दक्षिण एशियाली स्वतन्त्र व्यापार सम्झौता (SAFTA) मा हस्ताक्षर सम्पन्न भई १ जनवरी २००६ देखि कार्यान्वयन आएको हो।नेपालले संवेदनशील सूची (कमविकसित राष्ट्रका लागि ९९८, गैरकमविकसित राष्ट्रका लागि १०३६) मा परेका बाहेक अन्य मालवस्तुको भन्सार दर सन् २०१५ सम्ममा पाँच प्रतिशतमा झार्ने प्रतिबद्धता जाहेर गरेको छ तर सन् २०१४ देखि भन्सार दर घटाउन स्थगित गरेको छ अर्थात् ३१ डिसेम्बर २०१५ सम्ममा कायम गरिसक्नु पर्ने दर कायम गरेको छैन। यस सम्बन्धी तालिका तल दिइएको छः

**तालिका नं. २३ साफ्टा सुविधा अन्तर्गतको छुट समायोजनको अवस्था**

| १ जनवरी २००६ को आधार दर (Base rate) (प्रतिशत) | ३१ डिसेम्बर २०१३ सम्म कायम गरिएको दर (प्रतिशत) | ३१ डिसेम्बर २०१५ सम्ममा कायम गरिनु पर्ने दर (प्रतिशत) |
|---|---|---|
| ५ | ५ | ५ |
| १० | ६ | ५ |
| १५ | ७.२५ | ५ |
| २५ | ९.५ | ५ |
| ३५ | ११.२५ | ५ |
| ४० | ११.२५ | ५ |
| ८० | ११.२५ | ५ |

१७९. आगामी सन् २०३० भित्र सबै संवेदनशील सूचीलाई जम्मा ५०० मा झार्ने विषयलाई हाल सम्म नेपालले विचाराधीनको श्रेणीमा राखेको छ।आर्थिक वर्ष २०७९/८० मा मात्र साफ्टा अन्तर्गत दिइएको छुट रू. ९ अर्ब २१ करोड ७३ लाख रहेको छ।यो छुट मध्ये वस्तुगत हिसावले Hot

Rolled Steel (उपशीर्षक ७२२५.३०.००) ले मात्र साफ्टा छुट बापत करिब रू.३ अर्ब ६६ करोड ८५ लाख छुट पाएको अर्थात छुटको ४० प्रतिशत ओगटेको देखिन्छ।

**भन्सार मूल्याङ्कन व्यवस्थापन सम्बन्धी व्यवस्था**

१८०. विश्व व्यापार संगठनको सदस्य राष्ट्र भएकोले नेपालले भन्सार मूल्याङ्कन सम्झौता कार्यान्वयनको प्रतिबद्धता अनुरूप भन्सार ऐनमा भन्सार मूल्याङ्कन सम्झौता अनुकूल भन्सार मूल्याङ्कनको प्रणालीलाई ग्रहण गरेको छ। तथापि यसको पूर्णरूपमा कार्यान्वयन भने हुन सकिरहेको छैन।

**भन्सार स्वचालनको लागि आशिकुडा वर्ल्डको कार्यान्वयन**

१८१. भन्सार विभागले सन् १९९८ देखि आशिकुडा प्रणालीको विकास र कार्यान्वयनका साथै भन्सार जाँचपासमा स्वचालन पद्दतिको कार्यान्वयन आरम्भ गरेको हो। सन् २०१७ देखि कार्यान्वयन थालेको आशिकुडा वर्ल्ड हाल निकासी वा पैठारीको कारोकार हुने सबै प्रमुख भन्सार कार्यालयहरूमा कार्यान्वयनमा रहेको छ। यस प्रणाली मार्फत घोषणाकर्ताद्वारा वस्तु घोषणा, मूल्य घोषणा तथा आवश्यक कागजातहरू अनलाइन पेश गर्ने गरिन्छ। तथापि वस्तु घोषणाको प्रज्ञापनपत्रका साथमा सबै कागजातहरू प्रणालीमा पेश गरिनु अनिवार्य भने गरिएको छैन। तसर्थ वस्तुको वीजक, प्याकिङ लिष्ट तथा केही सिफारिसहरू बाहेक अन्य कागजातहरू प्रणालीमा पेश गर्ने गरिएको छैन। घोषणाकर्ताले पेश गरेको वस्तु घोषणा तथा केही मुख्य कागजात, मूल्य घोषणा लगायतका विवरण प्रणाली मार्फत जाँचपासको लेन र जाँचपास गर्ने अधिकारीहरू तोकिएपश्चात् सम्बन्धित कर्मचारीहरू समक्ष प्रज्ञापनपत्र तथा कागजात भौतिक रूपमा पेश गर्नु पर्ने व्यवस्था रहेको छ। कागजात तथा मालवस्तुको निरीक्षण पश्चात् निरीक्षण प्रतिवेदन प्रणाली मार्फत नै गर्ने व्यवस्था गरिएको छ। तथापि थप कागजात वा थप जानकारी आवश्यक पर्दा भौतिक रूपमा नै पत्र लेखेर जवाफ माग्ने गरिन्छ। यसरी वस्तुको जाँचपास सम्पन्न भएपश्चात राजस्व भुक्तानी बैंक मार्फत गरिन्छ। विद्युतीय प्रणाली कार्यान्वयन गरिए तापनि अनिवार्य नभएको अवस्था रहेको हुँदा अझै पनि नगद तथा Home Cheque मार्फत राजस्व बैंकमा जम्मा गर्ने गरिएको छ। यसरी राजस्व जुनसुकै माध्यमबाट जम्मा भए तापनि राजस्वको रसिद भने अनिवार्य रूपमा भौतिक रूपमा साथमा राख्नु पर्ने अवस्था रहेको छ। राजस्व भुक्तानी पश्चात् भन्सारले जारी गर्ने Exit Note वा Export Note समेत भौतिक रूपमा साथमा राखेर मालवस्तु ढुवानी गर्ने साधन भन्सार क्षेत्रबाट बाहिरिन सक्ने व्यवस्था रहेको छ।

**नेपाल राष्ट्रिय एकद्वार प्रणाली कार्यान्वयन**

१८२. कागज रहित भन्सार प्रणाली कार्यान्वयनमा अर्को एक ठुलो परिवर्तन नेपाल राष्ट्रिय एकद्वार प्रणाली कार्यान्वयन पनि हो। जसमार्फत यसमा आबद्ध निकायहरूले वस्तु पैठारी वा निकासीको लागि आवश्यक पर्ने License, Permit, Certification and Other Documents (LPCOs) अनलाइन जारी गरी सोझै आशिकुडा प्रणालीमा अनलाइन e-document को रूपमा प्राप्त हुने प्रवन्ध गरिएको छ। यसबाट त्यस्ता कागजातहरू भौतिक रूपमा जारी गरी पेश गरिनु पर्ने अवस्थाको अन्त्य भएको छ। भन्सार विभागले एकद्वार प्रणाली मार्फत वैदेशिक व्यापारमा आवश्यक पर्ने कागजात जारी गर्ने विविध निकायहरूबीच अन्तरआबद्धता कायम गरेको छ। नेपाल राष्ट्रिय एकद्वार प्रणालीले २८ वटा निकायहरूको प्रणाली विकास गरी कार्यान्वयनमा ल्याएको छ भने ८ वटा निकायहरूको प्रणालीलाई एकद्वार प्रणालीमा आबद्ध गरेको छ। यस्तै ५ वटा निकायहरूको हकमा त्यस निकायमा भएका

प्रणालीलाई अन्तरआबद्ध गर्दै बाँकी कार्यको लागि प्रणाली विकास गरी कार्यान्वयनमा ल्याएको छ भने ७ वटा निकायहरूलाई प्रतिवेदन कार्यको लागि अन्तरआबद्ध गरेको छ। यस अलावा नेपालको भन्सार प्रशासनले भन्सार जाँचपास बाहेक अन्य कार्यहरू समेत स्वचालित बनाउँदै प्रणालीमा आबद्ध गर्दै लगेको छ।भन्सारमा वस्तु जाँचपाससँग सम्बन्धित मूल्य घोषणा, बैंक ग्यारेन्टी व्यवस्थापन, धरौटी व्यवस्थापन, अस्थायी पैठारीको व्यवस्थापन, लगत व्यवस्थापन, सवारीसाधनको प्रवेश तथा निष्काशन जस्ता विषयहरूलाई आशिकुडा प्रणाली भित्रै प्रणालीगत रूपमा स्वचालित बनाइएको छ। यस अलावा बेरुजु व्यवस्थापन, मुद्दा व्यवस्थापन जस्ता कार्यहरूलाई समेत स्वचालित तथा प्रणालीमा आधारित बनाउँदै लगेको पाइन्छ। यथार्थमा कागजरहित वस्तु घोषणाको चरणमा निकै सुधार पश्चात् समेत हालसम्म पनि कागजात सहितको भन्सार प्रक्रियाकै चरणमा भन्सार प्रशासन रहेको देखिन्छ।

**भन्सार प्रणालीका समस्याहरू**

१८३. भन्सार प्रणाली र प्रशासनका मूख्यतया निम्न समस्या र चुनौतिहरू रहेका छन्।

(१) विगतका भन्सार सुधार योजनाहरूको समाप्तिपछि पछिल्लो चौथो र पाँचौ योजनाको आन्तरिक मध्यावधि मूल्याङ्कन गरिएको देखिन्छ, जसको कार्यान्वयन स्तरमा प्रगति उत्साहप्रद देखिएको छैन। यसैले भन्सार योजनाको तर्जुमाबाट भन्सारले रणनीतिक तवरमा सुधारका योजनाहरू प्रस्तावित गर्ने गरेको भए तापनि कार्यान्वयन तह फितलो हुँदा विगतका योजनाबाट अपेक्षित उपलब्धि हासिल हुन सकेको छैन। छैटौं योजनाको पहिलो तीन वर्षको प्रगति सन्तोषजनक भए तापनि निरन्तर अनुगमनको अभावमा योजनाको सफल कार्यान्वयनमा जोखिम कायम नै रहने देखिन्छ।

(२) भन्सार प्रशासनले राजस्व सङ्कलन, व्यापार सहजीकरण, राजस्व बीचलन नियन्त्रण, स्वचालन, समाजको सुरक्षा जस्ता मूलभूत पक्षहरू प्रत्याभूत गर्ने जिम्मेवारी पाएको छ। यसले आफ्नो दायित्व निर्वाह गर्न राष्ट्रिय परिवेश र अन्तर्राष्ट्रिय प्रतिवद्धता अनुपालन गर्नु पर्ने हुन्छ। यो दायित्व पुरा गर्न भन्सार विभाग अन्तरगत ४१ मूल भन्सार कार्यालय र भन्सार जाँचपास कार्यालयहरूमा १२५७ कर्मचारीहरूबाट आफ्नो कार्य सम्पादन गरिरहेको छ। कुल दरवन्दी मध्ये भन्सार विभागमा ११२ र विभिन्न भन्सार कार्यालयहरू एवं भन्सार जाँचपास परीक्षण कार्यालयमा जम्मा ११४५ जना कर्मचारीको दरबन्दी रहेको छ। यसैगरी जम्मा १२५७ जना कर्मचारी दरबन्दीमध्ये राजस्व समूहका जम्मा ६५७ जना अर्थात् ५२ प्रतिशत र अन्य सेवा/समूहका जम्मा ६०० जना अर्थात् ४८ प्रतिशत कर्मचारी रहेका छन्।श्रेणीगत हिसावले राजपत्रांकित श्रेणीका कर्मचारी जम्मा २८५ जना अर्थात् २३ प्रतिशत र राजपत्र अनंकित तथा श्रेणी विहीन कर्मचारी जम्मा ९७२ जना अर्थात् ७७ प्रतिशत रहेका छन्। उपयुक्त संगठन संरचना र पेशाविद कर्मचारीको अभावमा भन्सार प्रशासनले अपेक्षित सेवा प्रवाह गर्न सकेको छैन।

(३) नेपालको भन्सार प्रशासनले व्यापार सहजीकरणलाई अझै पूर्णरूपमा प्रत्याभूत गर्न सकेको छैन।भन्सार जाँचपासमा स्वचालनको प्रयोग भए तापनि व्यवसायीहरू भौतिक रूपमा उपस्थित हुनु पर्ने र सक्कल प्रति कागतजात नै पेश गर्नु पर्ने अवस्था रहेको छ।

(४) आर्थिक ऐन, २०८० अनुसार नेपालमा भन्सार महसुलका दरहरू पैठारीमा विभिन ११ वटा तह (०,१,५, १०, १५, २०, ३०, ४०, ६०, ७०, र ८०) मा मूल्यगत दर ० देखि ८० प्रतिशतसम्म रहेका छन्। हल्का सवारी साधन, हातहतियार, पाइप टोबाको, जर्दा, खैनी जस्ता वस्तुमा सबैभन्दा बढी अर्थात ८० प्रतिशतको दर रहेको देखिन्छ भने कच्चा पदार्थहरू र माध्यमिक वस्तुमा ५ देखि ३० प्रतिशतसम्मको दर रहेको छ। मेसिनरी, यन्त्र एवं उपकरणहरूमा एक प्रतिशतमात्र महसुल लाग्ने व्यवस्था गरिएको छ। कतिपय तयारी वस्तु पैठारी गर्दा लाग्ने महसुलभन्दा त्यसको कच्चा पदार्थ पैठारी गर्दा बढी महसुल लाग्ने गरेको पनि देखिन्छ, उदाहरणको लागि भाग २३ को जीवजन्तुको तयारी खानामा भन्दा कच्चा पदार्थमा भन्सार दर बढी छ।

(५) औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा २५ को खण्ड (घ) अनुसार "कुनै उद्योगले आफ्नो उत्पादनको लागि आवश्यक पर्ने कच्चा पदार्थ, सहायक कच्चा पदार्थ, प्याकेजिङ सामग्रीमा लाग्ने भन्सार महसुल सामान्यतः त्यस्तो कच्चा पदार्थबाट उत्पादन हुने तयारी वस्तुको आयातमा लाग्ने भन्सार दरभन्दा एक तह कम हुने" व्यवस्था गरेको छ। कच्चा पदार्थको तुलनामा त्यस्तो कच्चा पदार्थबाट उत्पादन हुने तयारी वस्तुको भन्सार दर एक तह मात्र फरक गरे हुनेमा ५/६ तह माथिसम्म तोकिएको छ। यसका केही उदाहरणहरू तल दिइएको छ।

(क) फलामको कच्चा पदार्थमा ५ प्रतिशत, तयारी वस्तुमा ३० प्रतिशत
(ख) प्लाष्टिकको कच्चा पदार्थमा १० प्रतिशत, तयारीमा ४० प्रतिशत
(ग) जुत्ताको कच्चा पदार्थ (तयारी छाला) मा ५ प्रतिशत तयारी जुत्तामा ४० प्रतिशत
(घ) चिनीको कच्चा पदार्थ (उखु, चुकन्दर) मा १० प्रतिशत चिनीमा ३० प्रतिशत
(ङ) जुसको कच्चा पदार्थ फ्रुट पल्पमा १० प्रतिशतमात्र भन्सार महसुल लाग्छ भने तयारी जुसमा प्रतिलिटर रू. ६०/- तोकिएको छ।
(च) विभिन्न किसिमका मदिराको उत्पादनमा प्रयोग हुने स्पिरिटहरू (ई.एन.ए, रेक्टिफाइड स्पिरिट) को प्रतिलिटर रू ६०/-, तयारी मदिरामा प्रतिलिटर रू २०००/-

यसै गरी चिया उद्योगले पैठारी गर्ने मिल, मेसिनरी, प्याकिङ्ग मेटेरियल लगायत चिया उत्पादनमा आवश्यक पर्ने सम्पूर्ण सामग्रीमा भन्सार महसुल १ प्रतिशतमात्र लाग्ने व्यवस्था गरिएको छ तर तयारी चिया पैठारी गर्दा ४० प्रतिशत भन्सार महसुल लाग्ने व्यवस्था गरी उच्च संरक्षण दर तोकिएको छ। उच्च संरक्षण दरले प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि नहुने, उपभोक्ताको छनौट गर्न पाउने अधिकार कुण्ठित हुने, चोरी पैठारी एवं राजस्व चुहावट बढ्ने देखिएको छ।

(६) विश्व व्यापार संगठनसँग भएको सम्झौता अनुरूप अझै पनि केही भन्सार दरहरू Bound Rate भन्दा बढी रहेका छन्। साथै, विश्व व्यापार संगठनको व्यापार सहजीकरण सम्झौताको अनुपालन स्तर हाल पनि २२.३ प्रतिशतमात्र रहेकोले व्यापार सहजीकरणको कार्यमा सुधार हुन सकेको छैन।

(७) सबै भन्सार कार्यालयहरूमा व्यवस्थित यात्रु कक्ष/यात्रु मार्ग, सुरक्षित र छनौट प्रणालीका मार्ग अनुसार मालवस्तु राख्ने र परीक्षण गर्ने यार्ड तथा गोदाम, पर्याप्त कार्यालय कार्यकक्ष र

लेआउट, भन्सार क्षेत्रभित्र क्वारेन्टाइन, टर्मिनल अपरेटर, एजेन्ट कक्ष एवं कर्मचारी आवासका लागि पर्याप्त स्थान र कार्यकक्षको कमी र तदनुसारको ले-आउट विकास र आधुनिक एवं Non-Intrusive Inspection Equipment को उपयोग गर्ने कार्य सुरु हुन सकेको छैन।

(८) भन्सार ऐनमा हालसम्म गरिएका संशोधनहरूले पनि भन्सार कानुन सम्बन्धी व्यवस्थालाई पूर्णता दिन सकेको देखिएन। व्यापार सहजीकरणका कतिपय प्रावधानहरू यसमा समाविष्ट छैनन। यसले विश्व व्यापार संगठनका भन्सार मूल्याङ्कन सम्बन्धी व्यवस्थाहरू र व्याख्या सम्बन्धी नियमहरूलाई विस्तृत रूपमा समेट्न सकेको छैन। भन्सार कानुनको कार्यान्वयन गर्ने अधिकारीको काम कर्तव्य र अधिकार र संगठनात्मक व्यवस्थाको पनि यस ऐनमा अभाव देखिन्छ। हालको कानुनी प्रवन्ध अझै पनि अन्तर्राष्ट्रिय मानकको दैखिदैन।

(९) नेपालले भन्सार प्रक्रियाहरूको सरलता एवं सामान्जस्यता सम्बन्धी संशोधित क्योटो महासन्धि (Revised Kyoto Convention-RKC) को सामान्य अनुसूचीको (General Annex) अनुपालन गर्ने गरी ३ फेब्रुअरी २०१७ मा सदस्यता लिएको थियो। सदस्य राष्ट्रले उक्त महासन्धिको सामान्य अनुसूचीमा भएका सामान्य मापदण्ड (Standard) सदस्य भएको छत्तीस महिना (२ फेब्रुअरी २०२०) भित्र र सङ्क्रमणकालीन मापदण्ड साठी महिना (२ फेब्रुअरी २०२२) भित्र कार्यान्वयन गरी सक्नुपर्ने व्यवस्था छ। विश्व व्यापार संगठनको सक्रियतामा भएको व्यापार सहजीकरण सम्झौता (Agreement on Trade Facilitation-TFA) को पनि नेपालले २४ जनवरी २०१७ मा सदस्यता लिइसकेको छ। व्यापार सहजीकरण सम्झौता (TFA) मा उल्लिखित व्यापार सहजीकरण गर्ने प्रावधानहरू पनि नेपालले आफ्नो क्षमता अनुसार वर्गीकरण गरी लागु गर्दै जानु पर्ने हुन्छ। हालको भन्सार ऐनलाई प्रविधिमैत्री, निकासीलाई प्रोत्साहन तथा प्रत्यक्ष वैदेशिक लगानीलाई आकर्षित गर्ने र अन्तर्राष्ट्रिय स्तरको बनाउन भन्सार विधेयक संघीय संसदमा विचाराधीन रहेको छ। यो विधेयकले कानुनी मान्यता नपाउदा नेपालले संशोधित क्योटो महासन्धिका प्रावधानहरू सम्झौतामा तोकिएको अवधिभित्र अर्थात २ फेब्रुअरी २०२२ भित्र कार्यान्वयन गर्न सकेको छैन।

(१०) नेपालको महसुल दरबन्दी स्ल्यावलाई बढाउने प्रवृति देखिएको छ। विगतका आठ स्ल्यावलाई बढाएर आर्थिक वर्षमा २०८०/८१ मा ११ वटा स्ल्याबमा पुर्‍याइएको छ। यसका साथै परिमाणात्मक दर लाग्ने महसुलको दरबन्दी संख्या पनि बढेको छ। यसले अन्तर्राष्ट्रिय व्यापार लाई थप बोझिलो र कर तटस्थतामा समेत भन्सार महसुल दरबन्दी क्लिष्ट हुन गएको छ।

(११) नेपालले विश्व व्यापार संगठनसँग गरेको प्रतिबद्धता अनुरूप अधिकांश वस्तुका अनुपालन सीमा ९९ प्रतिशत रहे तापनि WTO Bound Rate बाहिर रहेका भन्सार उपशीर्षकहरूको संख्याअघिल्लो वर्षको भन्दा बढेर १५५ पुगेको छ।

(१२) अन्तर्राष्ट्रय मुद्रा कोषका अनुसार विगत १५ वर्षमा नेपालको भन्सार दरमा आएको कमिको मुख्य कारण साफ्टा हो, सन् २००६ मा साफ्टा लागु भए यता नेपालको वस्तु व्यापारमा यसको हिस्सा लगभग दोब्बर भएको छ। यस्तो वृद्धिले नेपालको भन्सार राजस्वमा प्रतिकुल प्रभाव पारेको छ।

(१३) साफ्टामा नेपालले गरेको प्रतिबद्धता विश्लेषण गर्दा साफ्टा अन्तर्गत नेपालले २०१५ भित्र पुरा गर्नु पर्ने प्रतिबद्धता पुरा गरेको छैन। यो प्रतिबद्धता पूरा गर्दा नेपालले थप राजस्व क्षति व्यहोर्नु पर्ने देखिएको छ।नेपालबाट साफ्टा सुविधा प्राप्त गरी निकासी गरिएका मालवस्तुको विवरण उपलब्ध हुन सकेन, जसले गर्दा साफ्टाबाट समग्रमा नेपाललाई फाइदा भएको छ भन्ने यकिन गर्न सकिने अवस्था छैन।

(१४) माग संकुचनले वैदेशिक व्यापारको पैठारीमा हुने कमीले राजस्व सङ्कलनमा दवाव पर्ने देखिएको छ। विद्यमान अवस्थामा नेपालले पालना गर्नु पर्ने विश्व व्यापार संगठनको महसुल सम्बन्धी प्रतिबद्धता, साफ्टा सम्बन्धी प्रतिबद्धता र प्रस्तावित विम्स्टेक सम्बन्धी प्रतिबद्धताले भविष्यमा राजस्व सङ्कलनमा कमी आउने सम्भावना छ। साथै, नेपाल सरकारले लिएको विद्युतीय सवारी साधनलाई प्रोत्साहित गर्ने नीतिले एकातिर सवारी साधनबाट प्राप्त हुने राजस्वमा कमी आउने सम्भावना छ भने अर्को तिर यसबाट इन्धनबाट प्राप्त हुने राजस्वमा कमी आई राजस्व सङ्कलनमा प्रतिकुल असर पर्ने देखिएको छ।

(१५) Effective Risk based targeting को अभावमा करिब ५८ प्रतिशत प्रज्ञापनपत्रहरू भौतिक परीक्षणबाट जांचपास भई रहेका छन्। Risk Management Framework को पूर्ण कार्यान्वयन हुन सकेको छैन।जोखिम विश्लेषणको लागि Data driven analysis को अवस्था कमजोर छ। यसले गर्दा हरितमार्ग र पहेंलो मार्गबाट हुने मालवस्तुको जाँचपासबाट बीचलनको सम्भावना बढेको छ।

(१६) राजस्व छुटसम्बन्धी गरिएका अध्ययनले छुटहरू प्रदान गर्दा औचित्यको आधारमा भन्दा पनि हचुवाका आधारमा दिने गरिएको देखिएको छ।प्रचलित ऐन कानुनले दिएका छुटहरूको आयतन वर्षेनी बढदै गएको छ। यस्ता छुटहरूले Distortion सृजना गर्ने गरेका छन्।

(१७) भन्सारमा मालवस्तुको न्यून मूल्याङ्कनलाई नियन्त्रण गर्न अनौपचारिक हिसावमा सन्दर्भ मूल्यसूचीको प्रयोग कायम रहेको छ। आर्थिक वर्ष २०७९/८० मा निकासी पैठारी संकेत नम्बर वा व्यक्तिगत लेखा नम्बर लिएका १९ हजार ७१६ पैठारीकर्ताहरू मध्ये ३२ प्रतिशत पैठारीकर्ताहरूले मूल्याङ्न सम्बन्धी यथार्थ घोषणा नगरी भन्सार ऐन, २०६४ को दफा १३ (१५) आकर्षित भएको देखिन्छ। व्यवसायीहरूले भने भन्सार जाँचपासमा माल वस्तुको भन्सार मूल्याङ्कनमा मनोमानी गर्ने गरेका धारणा व्यक्त गर्ने गरेका छन्। यसका साथै, भन्सार मूल्याङ्कनमा प्रयोग हुने सन्दर्भ मूल्य सूची अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुकूल नभएको, यसले पुँजी पलायनलाई प्रोत्साहित गरेको, मूल्यसूचीले नेपालमा पैठारी हुने समग्र मालवस्तुको प्रतिनिधित्व गर्ने नदेखिएको, यसले राजस्व कम गर्न मिलोमतोलाई प्रोत्साहित गर्ने गरेको र असल व्यवसायीलाई हतोत्साहित गर्ने गरेको छ भनी टिप्पणी पनि हुने गरेको छ।

(१८) भन्सार ऐन कानुनको समग्र अनुपालनको सन्दर्भमा ३४ प्रतिशत निकासी वा पैठारी संकेत नम्बर वा व्यक्तिगत लेखा नम्बरबाट मालवस्तु जाँचपास गरेका व्यवसायीहरूले पैठारी गरिएको मालवस्तुमा कानुनको अनुपालन नगरेको देखिएको छ। ऐन कानुनको अनुपालन स्तर वृद्धि गर्न विश्व भन्सार संगठनले प्रतिपादित गरेको व्यवसायीहरूको Segmentation को आधारमा स्वैच्छिक अनुपालन संरचना निर्माण र जोखिम व्यवस्थापनबाट कार्यान्वयन गरेको

देखिदैन जसले गर्दा जोखिम व्यवस्थापनको उच्चतम प्रयोग गरी नियन्त्रण र सहजीकरणबीच सन्तुलन कायम गर्न सकेको देखिदैन।

(१९) नेपालको निकासी व्यापारमा अपेक्षित वृद्धि हुन सकेको छैन। नेपालको प्रमुख निर्यात साझेदार मुलुक भारत रहेको छ भने दोश्रोमा अमेरिका रहेको छ। निकासी वृद्धि हुन नसक्नुमा एकातर्फ उत्पादनको आधारमा वृद्धि हुन नसक्नु हो भने अर्कोतर्फ पैठारी हुने मुलुकले नेपालबाट हुने निकासीमा भन्सार तथा गैरभन्सार अवरोधहरू लागु गर्नु हो। यस्ता अवरोधहरूमा पैठारी गरिने देशको खाद्य क्वारेन्टाइनहरू सीमाक्षेत्रमा नहुनु, गुणस्तरको परीक्षणको बाध्यता, कृषिजन्य वस्तुमा अत्यधिक महसुल जस्ता रहेका छन्। यसैगरी कच्चा पदार्थ पैठारी प्रक्रिया झन्झटिलो छ। नेपालका साना तथा मझौला निकासीकर्ताहरूले निकासीका प्रक्रिया पुरा गरी निकासी गर्न सक्ने सहज अवस्था छैन। साथै, निकासीका लागि नेपाल सरकारले उपलब्ध गराएको निकासीमा नगद अनुदान पनि समयमा नै भुक्तानी गरेको देखिदैन।

(२०) नेपाली उत्पादनहरू निर्यात प्रवर्धन गर्न आन्तरिक खपतको सजिलो बजार नहेरी विदेशमा निर्यात गर्न व्यवसायीहरू उत्प्रेरित हुनु आवश्यक छ। तर पैठारीमा उच्च भन्सार महसुल कायम गर्दा महसुलको कारण प्राप्त संरक्षणले (Tariff Protection in Domestic Markets) गर्दा निकासी नगरी आन्तरिक वजारमा मात्र कारोबार गर्ने प्रवृत्तिले प्रोत्साहन पाउने देखिन्छ। जस्तै चिया वा कफी अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धी हुन नेपालको आन्तरिक पैठारी (तयारी सामान) को भन्सार दर पनि प्रतिस्पर्धी हुन आवश्यक छ। आन्तरिक पैठारीमा उच्च दरबन्दी राख्दा नेपालमा उत्पादन हुने सोही वस्तुहरूको निर्यात प्रबर्द्धन हुन पाँउदैन र आन्तरिक बजारमा मात्र नेपाली उत्पादनहरू खपत गर्ने अवस्था रहन्छ। यो विषय कतिपय अन्तर्राष्ट्रिय अध्ययनहरूले देखाएको भए पनि पैठारीमा लाग्ने दरबन्दीहरू प्रतिस्पर्धी हुन सकेको छैनन्।

(२१) नेपाल सरकारको विद्युतीय सवारी साधनलाई प्रोत्साहित गर्न नीतिले विद्युतीय सवारी साधनको महसुल गैर विद्युतीय सवारी साधनको महसुल दरको तुलनामा ज्यादै कम कायम गरिएको छ। जस्तो, ५० किलोवाट भन्दा वढि १०० किलोवाटसम्मका विद्युतीय जिप, कार, भ्यानको मूल्यमा जम्मा महसुल ४२.९५ प्रतिशत लाग्ने गरेकोमा १००० देखि १५०० सीसी सम्मका सोही प्रकृतिका इन्धनबाट चल्ने जीप, कार, भ्यानको मूल्यमा २३५.६१ प्रतिशत महसुल कायम गरिएको छ। विद्युतीय र गैर विद्युतीय सवारी साधनहरूको महसुल दरको तुलनात्मक तालिका अनुसूची -६.४ मा दिइएको छ। विद्युतीय सवारी साधनको कम महसुल दरले आर्थिक वर्ष २०७९/८० को प्रथम ६ महिनामा रू.४ अर्व ९३ करोड मूल्यका १७७९ संख्यामा विद्युतीय सवारी साधन पैठारी भएकोमा आर्थिक वर्ष २०८०/८१ को प्रथम ६ महिनामा रू.१३ अर्व १२ करोड मूल्यका ५२७९ सवारी साधन पैठारी भएको देखिन्छ। यो पैठारी मूल्यमा १६६ प्रतिशत र संख्यामा दोब्बरले वृद्धि हो। यसरी विद्युतीय सवारीसाधनको पैठारीले एकातर्फ विदेशी रकमको सञ्चितिमा दवाव वढने देखिन्छ भने इन्धनबाट चल्ने सवारीसाधनहरूको पैठारीमा हुने कमीले सवारी साधन, यसको पार्टपूर्जा र इन्धनबाट प्राप्त हुने राजस्वमा कमी आउने सम्भावना छ।

(२२) भन्सार स्वचालनमा विद्यमान अवस्थामा पनि निकासी वा पैठारीकर्ताले भौतिकरूपमा भन्सार कार्यालयमा उपस्थित भई प्रज्ञापनपत्र र संलग्न कागजात पेश गर्नु पर्ने बाध्यता छ।भन्सारका सबै प्रक्रियाहरू जस्तै सवारी साधनको अस्थायी पैठारी समेतलाई पूर्ण स्वचालित गरिएको छैन।

(२३) राजस्व सम्बन्धी सम्बद्ध निकायहरूले प्रयोगमा ल्याएका स्वचालित प्रणालीहरू एक आपसमा Integrate/Interface गरी निकायहरूबीच आवश्यकतानुसारका सूचना तथा तथ्याङ्कमा स्वचालित रूपमा पहुँच उपलब्ध छैन। सूचना प्रविधिको उपयुक्त जनशक्ति संरचनाको अभावमा स्वचालन प्रणाली सञ्चालनमा समेत समस्या पर्ने देखिएको छ।

(२४) स्वचालन प्रणालीको Functional and Technical Audit स्वतन्त्र पक्षबाट गराइएको छैन। यसले गर्दा प्रणालीको दिगोपनमा जोखिम देखिएको छ। आशिकुडा प्रणालीको सेवा करार UNCTAD बाट र एकद्वार प्रणालीको सेवा करार स्वतन्त्र बोलपत्रको माध्यमबाट गर्नु पर्ने देखिएकोले सो सम्बन्धी नियमित प्रवन्ध गर्न वित्तीय तथा प्राविधिक समस्या पर्ने देखिएको छ।

(२५) भन्सार नाकाभित्रबाट असुल हुनु पर्ने राजस्व बीचलन नियन्त्रणको समस्याहरूमा भन्सार कार्यालयहरूमा उपयुक्त आधुनिक पूर्वाधार र उपकरणको अभाव, अन्तर निकाय समन्वय, इन्टेलिजेन्सको अभाव, सिपयुक्त जनशक्तिको अभाव र सदाचारिताको कमी देखिएका छन्।

(२६) चोरी पैठारी तथा चोरी निकासी नियन्त्रणमा एकीकृत नीति र संयन्त्रको अभाव रहेको छ। करिब १७०० कि.मी. खुला सीमा रहेका भारततर्फको भन्सार क्षेत्र बाहिरबाट हुने चोरी पैठारी तथा चोरी निकासीलाई नियन्त्रण गर्न निकायगत भूमिका र जिम्मेवारी निर्धारण सम्बन्धी नीतिगत, कानुनी एवं संस्थागत व्यवस्थाको कमी र अस्पष्टता विद्यमान छ।

**भन्सार प्रणाली सुधारका लागि सुझावहरू**

१८४. भन्सार प्रणालीमा नीतिगत, संरचनागत र प्रशासनिक सुधारका लागि समिति निम्न सुझावहरू सिफारिस गर्दछ।

(१) छैटौं भन्सार सुधार तथा आधुनिकीकरण योजनाले विगतका योजना तर्जुमा र कार्यान्वयनबाट शिक्षा लिँदै (१) व्यापार सहजीकरण, (२) यथार्थपरक राजस्व सङ्कलन, (३) समाजको संरक्षण र सुरक्षा, (४) स्वचालन प्रणाली विकास र (५) संगठनात्मक विकास र क्षमता अभिवृद्धिका पाँच उपलब्धि स्तर निर्धारण गरी कार्यान्वयन गरेको सन्दर्भमा अनलाईन भन्सार सुधार योजना अनुगमन प्रणालीको माध्यमबाट निरन्तर प्रगति समीक्षा गरी भन्सार सुधार योजनाको कार्यान्वयन सुनिश्चित गर्न अर्थ मन्त्रालय र भन्सार विभागको नेतृत्वले ध्यान दिनु पर्ने देखिएको छ।

(२) भन्सारको संगठन संरचना र पेशाविद जनशक्ति विकास नगरी भन्सारले अपेक्षित सेवा प्रभाव गर्ने सम्भावना देखिन्न। यसका लागि भन्सार प्रशासनलाई संघीय राजस्व बोर्ड अन्तरगत राखी समग्र जनशक्तिलाई राजस्व सेवामा समुहकृत गरी पेशाविदता विकासगर्न आवश्यक देखिन्छ। संघीय राजस्व बोर्डको विषयमा अलग अनुच्छेदमा विस्तारमा प्रस्तुत गरिएको छ।

(३) भन्सारले जाँचपासमा Paperless, Contactless, Faceless का विशेषताहरू अङ्गीकार गरी व्यापार सहजीकरण गर्नु पर्ने देखिन्छ।

(४) अन्तर्राष्ट्रिय मुद्रा कोषको अध्ययनमा पैठारीमा उच्च दरको महसुलबाट हुने संरक्षणले घरेलु उद्योगको प्रतिस्पर्धी क्षमता घटाउने र उद्योगलाई निर्यात उन्मुख हुनबाट हतोत्साहित गर्ने उल्लेख गरिएको छ। उद्योगहरूको संरक्षणको लागि भनी तोकिएको तयारी वस्तुको उच्च भन्सार दर र कच्चा पदार्थको भन्सार दर बीचको अन्तरलाई साँघुरो बनाउँदै लैजानु पर्छ। यसको लागि तयारी वस्तुको उच्च दरलाई केही घटाउने र कच्चा पदार्थको दरमा केही वृद्धि गरी बढीमा दुई तहको फरक गरिनु पर्छ। यसो गर्दा उद्योग प्रतिस्पर्धी हुने र सरकारलाई राजस्व प्राप्त हुनुका साथै अक्षम उद्योगले संरक्षण पाईरहने स्थितिको अन्त्य हुनेछ। उद्योगलाई संरक्षण दिन भन्सार दरलाई मात्र माध्यम नबनाई यसका अन्य उपायहरू जस्तै सहुलियत दरमा बिजुली, पानी, जग्गाको उपलब्धता, पूर्वाधार निर्माण एवं सहुलियत पूर्ण बैङ्किग कर्जालाई लिन सकिन्छ। यस्ता उद्योगको कच्चा पदार्थ, कच्चा पदार्थको रूपमा प्रयोग हुने माध्यमिक वस्तु तथा प्याकेजिङ्ग समाग्रीमा लाग्ने भन्सार दरहरूमा पनि उत्पादन र प्रयोगको तह अनुसार महसुल दर तयारी वस्तुसँग तादात्म्य हुने गरी निर्धारण गर्नु पर्छ।

(५) बढी चोरी पैठारी हुने उच्च भन्सार दर भएका अन्य वस्तुको पनि महसुल दर घटाई वैध बाटोबाट पैठारी हुने वातावरण सिर्जना गरी राजस्वको दायराभित्र ल्याउनु पर्छ।

(६) नेपालले विश्व व्यापार संगठनको सदस्यता लिँदा कतिपय भन्सार महसुल दरलाई शून्य पार्ने र कतिपय दरहरूलाई समायोजन गर्ने प्रतिबद्धता व्यक्त गरेको देखिन्छ। अन्य मुलुकको तुलनामा भन्सार महसुल दर समायोजनको अनुपालनको अवस्था सन्तोषजनक रहे तापनि हालैका वर्षहरूमा उक्त प्रतिबद्धतालाई वेवास्ता गरी भन्सार महसुल दर बढाएको देखियो। प्रतिबद्धताभन्दा बढी दरमा बढाइएका उपशीर्षकको संख्या १५५ देखिएको छ। अन्तर्राष्ट्रिय संस्थासँग सम्झौताको माध्यमबाट गरेको प्रतिबद्धता पुरा गर्न उक्त दरहरूलाई प्रतिबद्धताको सीमाभित्र ल्याउनु पर्छ।

(७) नेपालले साफ्टा सम्झौता अनुसार सन् २००६ देखि २०१३ सम्म प्रत्येक वर्ष महसुल दरमा समायोजन गर्दै आए पनि सन् २०१४ देखि महसुल दर समायोजन गर्न स्थगित गरेको छ। साफ्टा सम्झौताका अन्य सबै पक्ष राष्ट्रले यस्तो दर सम्झौता बमोजिम समायोजन गरिसकेका छन्। साफ्टा सम्झौता अनुसार भन्सार छुट प्रदान गर्दा नेपालले आर्थिक वर्ष २०७९/८० मा करिब ९ अर्ब राजस्व गुमाउनु परेको र नेपालले सो अनुसार निकासीबाट कुनै फाइदा लिन सकेको देखिंदैन। अनिर्णयको बन्दी भई बीचमा रोकिन उपयुक्त नहुने भएकोले नेपालले साफ्टा सम्झौताको अवलम्बनलाई पुनरावलोकन गर्ने, भन्सार राजस्व नगुम्ने गरी आंशिक बन्देजहरू लगाउन पहल गर्ने वा सम्झौता बमोजिम लाभ लिन सक्ने गरी कार्यान्वयन गर्ने तर्फ नीतिगत स्पष्टता हुन आवश्यक छ।

(८) राजस्व सङ्कलनमा जति कम भन्सारका तहहरू हुन्छन् कार्य सम्पादन त्यति नै सहज, पारदर्शी र दुविधा रहित हुन्छ। एकै प्रकृतिका मालवस्तुहरूमा धेरै प्रकारका भन्सार दरहरू भएमा राजस्व चुहावटको सम्भावना बढी हुने भई अनियमित कार्यहरूले प्रश्रय पाउन सक्छन्। त्यसैले भन्सार दरका तहहरू शुरूमा ६ वटामा सीमित गर्नु पर्छ। अन्तर्राष्ट्रिय मुद्रा कोषको प्रतिवेदनले नेपाललाई तीन चरणमा दरबन्दी समायोजन गर्ने सुझाव दिइएको छ।

पहिलो चरणमा बढीमा ४० प्रतिशतमा दरबन्दी कायम गर्ने र १ प्रतिशतलाई शून्यमा झार्ने, अन्य दरबन्दीलाई विश्व व्यापार संगठनसँग गरेको प्रतिबद्धता अनुरूपको सीमा भित्र राख्ने र छुटलाई घटाउने सुझाव दिइएको छ। दोश्रो चरणमा नेपालले १५ प्रतिशतलाई १० प्रतिशतमा र ४० प्रतिशतलाई ३० प्रतिशतमा झार्ने र स्ल्याबहरू ०, ५, १०, २०, ३० कायम गर्ने र परिमाणात्मक दरलाई मूल्यगत दरमा परिवर्तन गर्ने सुझाव दिइएको छ। यसै गरी तेश्रो चरणको ०, १०, २० वा ०, ५, १० स्ल्याबको दरबन्दी कायम गर्ने सुझाव दिइएको छ। यसरी दरवन्दी समायोजन गर्दा अन्तर्राष्ट्रिय मुद्रा कोषको अध्ययनले भन्सार महसुलमा करिब ३.८ प्रतिशतको कमी आउने प्रक्षेपण गरेकोछ। यस मध्ये कम दरबन्दीको कारणले मू.अ.करको वृद्धिमा हुने राजस्व ०.६ प्रतिशत र केही अन्तशुल्कमा भएको वृद्धि र मूल्य अभिवृद्धि करको दायरा वृद्धिबाट समायोजन हुने अनुमान गरिएको छ। नेपाल सरकारले प्रारम्भमा ६ तहको भन्सार दरको तहहरूमा सीमित गरी तत्पपश्चात अन्तर्राष्ट्रिय मुद्रा कोषको प्रतिवदेनमा उल्लिखित दरबन्दी समायोजनको सिफारिसलाई मार्गदर्शनको रूपमा लिई सो अध्ययन गर्दा अवलम्बन गरिएका विधि एवं वस्तुगत तथ्याङ्कको विश्लेषण गरी यसबाट राजस्वमा पर्ने असरहरूको आकलन गरी योजना बनाई क्रमिक रूपले दर घटाउदै लैजान प्रस्ताव गरिन्छ।

(९) निकासी तर्फ राजस्वमा कुनै योगदान नभएका र निकासीमै प्रतिबन्धित वस्तु अनुसूचीमा राखिराख्दा निकासीमा नेपालको भन्सार दर निकै उच्च भएको सन्देश जाने भएकोले त्यस्ता वस्तुको भन्सार दर हटाउनु वा घटाउनु उपयुक्त हुनेछ।

(१०) नेपालले विश्व व्यापार संगठनको व्यापार सहजीकरण सम्झौताको भन्सारसँग सम्बद्ध प्रावधानहरूको प्राथमिकीकरण गरी कार्यान्वयन गर्दै जानु पर्ने देखिन्छ। यसै अनुरूप नेपालले विश्व व्यापार संगठनको व्यापार सहजीकरण सम्झौताको समूह "सी" मा पर्ने १५ प्रावधानहरूलाई "बी" वा "ए" मा र समूह "बी" मा पर्ने १९ प्रावधानलाई "ए" मा स्तरोन्नति गरी व्यापार सहजीकरण सम्झौताको अनुपालनस्तरमा वृद्धि गर्नु पर्ने देखिन्छ।

(११) भन्सार प्रशासनले आधुनिक र Non-Intrusive Inspection Equipment प्रयोग, भन्सार कार्यालयको उपयुक्त लेआउट र जोखिम व्यवस्थापनको अत्युतम अवलम्बन गर्दै भौतिक परीक्षणको अनुपात घटाउदै जानु पर्ने देखिन्छ। भन्सारको आधुनिक र Non-intrusive Inspection Equipment खरिदमा देखिएको गतिरोध अन्त्य गरी अविलम्ब सो Equipment उपलब्ध गराइनु पर्दछ।

(१२) हाल प्रतिनिधि सभामा पेश भएको भन्सार विधेयकमा संशोधित क्योटो महासन्धिको सामान्य अनुसूचीमा भएका नेपालले अनुपालन गर्नुपर्ने प्रावधानहरू र व्यापार सहजीकरण सम्झौताका भन्सार सम्बन्धी प्रावधानहरूका साथै आर्थिक विकासको क्षेत्रमा प्रभाव पार्न सक्ने भन्सार प्रक्रियाहरूलाई समावेश गरेको देखिन्छ। यसका विशेष व्यवस्थाहरूमा भन्सारको नियन्त्रणमा आन्तरिक परिवहनको सुविधा, उद्योगलाई कच्चा पदार्थ प्रशोधनको लागि विदेशमा लैजान सक्ने (Outward Processing) को सुविधा, पूर्व आगमन प्रशोधन (Pre-arrival Processing) को सुविधा, मालवस्तु भन्सार क्षेत्रमा प्रवेश गरेको मितिले सात दिनभित्र घोषणा गरिसक्ने र महसुल निर्धारण भएको सात दिनभित्र महसुल बुझाउनु पर्ने अन्यथा ब्याज तिर्नुपर्ने समयावधि किटान गरिएको, मालवस्तु घोषणा गरेपछि जाँच हुनुभन्दा अगावै वा जाँच भएपछि घोषणा

संशोधन गर्न पाउने व्यवस्था, व्यवसायीको अधिकार एवं गोपनीयताको सुनिश्चितताको व्यवस्था, यात्रुहरूको जाँचपासमा ग्रीन च्यानल र रेड च्यानलको प्रयोग सम्बन्धी कानुनमा व्यवस्था र यात्रुहरूको अग्रिम सूचना लिई जोखिम विश्लेषणको आधारमा जाँचपास गर्ने व्यवस्था गरी यात्रु जाँचपास सम्बन्धी व्यवस्थालाई समेत सुचनामूलक र व्यवस्थित गर्न खोजिएको देखिन्छ। यसै गरी भन्सार सम्बन्धी कसूरको किटानी र सो अनुसार दण्ड सजायको व्यवस्था, मुद्दाको अनुसन्धान, तहकिकात र दर्ता तथा निर्णय कार्यान्वयन सम्बन्धमा ऐनमा विस्तृत व्यवस्था गरी कार्यान्वयनमा सहजता ल्याउने प्रयास गरेकोले कार्यान्वयनको पूर्व तयारिका काम समयबद्ध योजना बनाई गर्नु पर्ने देखिन्छ।

(१३) आर्थिक वर्ष २०७९/८० को अवधिमा ९ लाख ५८ हजार प्रज्ञापनपत्र सवारी साधनको अस्थायी पैठारीमा प्रयोग भएको देखिन्छ।सवारी साधनको अस्थायी पैठारीको स्वचालित प्रणाली सञ्चालन एवं नीतिगत व्यवस्थापनबाट पनि थप राजस्व सङ्कलन हुने देखिएको छ।

(१४) भन्सार महसुल छुटका प्रावधानहरूलाई पारदर्शी बनाई बाध्यात्मक परिस्थितिमा बाहेक छुट नदिने नीति अबलम्बन गर्दै हाल दिइआएका छुटका प्रावधानहरूलाई क्रमिक रूपमा कटौती गरी भन्सार महसुलको आधार विस्तार गर्नु पर्दछ। महसुल छुटमा पारदर्शिता कायम गर्न र वित्तीय उत्तरदायित्व सुनिश्चित गर्न महसुल छुटलाई प्रत्यक्ष खर्च सरहकै व्यवहार गर्नुपर्दछ। यसका लागि द्विपक्षीय तथा वहुपक्षीय सन्धि वा सम्झौता बमोजिम दिइने वा महसुल सुविधा वा कूटनीतिक सुविधा अन्तर्गत दिनुपर्ने बाहेक अन्य प्रावधानबाट दिइने छुट भन्सार बिन्दुमा पैठारीकै अवस्थामा दिने प्रणालीको अन्त्य गरी छुट दिनैपर्ने अवस्थामा बजेट विनयोजनमार्फत शोधभर्ना दिने नीति अबलम्बन गर्नु पर्छ। भन्सार छुटलाई कटौती गरी व्यवस्थित गर्न क्रमिक रूपमा देहायको सुधार गर्न आवश्यक छः

(१) वाह्य सहयोगमा नेपालमा संचालित आयोजनाका लागि आवश्यक वस्तुमा भन्सार महसुल छुट दिने गरिएको तर यस्ता आयोजनाहरूका लागि भन्सार बिन्दुमा दिइएको छुटका कारणले नेपाल सरकारले गुमाएको राजस्वको प्रभाव आयोजनाको लागतमा परेको छ छैन भन्ने कुरा सुनिश्चित गरेर मात्र छुट दिने व्यस्था लागू गर्नु पर्दछ। यस्ता कतिपय आयोजनाहरूले आवश्यकभन्दा वढी सामग्रीमा महसुल छुट माग गर्ने र सरकारी निकायले पनि सजिलै स्वीकृति दिने गरेको हुँदा महसुल छुटमा पैठारी गरिएका सामग्री नेपाली बजारमा दुरूपयोग हुने गरेको समेत पाइएकाले यस्तो प्रवृत्तिलाई नियन्त्रण गर्नु पर्दछ।

(२) भारतसँगको द्विपक्षीय व्यापार सम्झौता बमोजिम केही खनिज पदार्थ, काठ, आधारभूत कृषि उत्पादन जस्ता वस्तुहरू भारतबाट पैठारी हुँदा भन्सार महसुल नलाग्ने व्यवस्था रहेको र यस्तो सुविधा दुवै देशले एक अर्कालाई प्रदान गरिआएको अवस्था भए पनि निकासीको तुलनामा पैठारीको मात्रा अधिक भएकाले यसबाट नेपालले तुलनात्मक लाभ लिन नसकेको हुँदा त्यस्ता वस्तुमा उक्त सम्झौताको पुनरावलोकन गर्नेतर्फ पहल गर्नु पर्दछ।

(३) हवाइ सेवा प्रदायकहरूले पैठारी गर्ने वायुयानका विभिन्न पार्टपुर्जा र सहायक सामग्रीमा भन्सार महसुल छुट दिइएको छ। ट्र्याक्टर, ट्रक, बस जस्ता आम

सर्वसाधारणले प्रयोग गर्ने वाहनमा त्यस प्रकारको छुट दिन आवश्यक नठानिएको सन्दर्भमा वायुयानमा त्यस्तो छुट प्रदान गर्नु युक्तिसंगत देखिंदैन।

(४) कृषि कार्यमा प्रयोग हुने वस्तुमा र उत्पादनमूलक उद्योगको कच्चा पदार्थमा प्रदान गरिंदै आएको छुटलाई पुनरावलोकन गरी महसुल छुटमा पैठारी गरेका सामग्रीबाट उत्पादन हुने वस्तुमा खासै मूल्य अभिवृद्ध नगर्ने र रोजगारी वृद्धि नगर्ने उद्योगलाई दिइएको छुट हटाउनु पर्दछ।

(५) विभिन्न फर्म, कम्पनी वा संस्थाहरूलाई विभिन्न किसिमका सवारी वा ढुवानी साधनमा छुट दिई आएकोमा सवारी वा ढुवानी साधनमा कसैलाई पनि छुट नदिने नीति अवलम्बन गर्नु पर्दछ।

(६) केही निश्चित उद्योगलाई किटान गरेर दिइएको छुट हटाउन उपयुक्त हुन्छ। उदाहरणका लागि तेल उत्पादकहरूलाई विभिन्न तेलहनका गेडामा दिइएको छुट, स्पिलिटिङ्ग तथा डिस्टिलेशन प्लान्टले पैठारी गर्ने पाम एसिड आयल, पाम फेट्टी एसिड आदिमा दिइएको छुट, जुट उद्योगलाई पार्टपुर्जाको पैठारीमा दिइएको छुट, केबुल कार सञ्चालकलाई विभिन्न सामग्रीमा दिइएको छुट आदि)।

(७) कुनै खास सन्दर्भमा आवश्यक देखेर केही समयका लागि प्रदान गरिएको छुटमा पुनरावलोकन हुन नसकी लामो समयसम्म दिइरहने र एक पटक छुट दिएपछि त्यसलाई प्रायः नहटाउने प्रवृत्तिमा सुधार गर्नुपर्ने देखिन्छ (जस्तै भूकम्पपछि प्रिफेब्रिकेटेड बिल्डिङ निर्मातालाई स्लिट स्टील क्वाइलमा दिएको छुटले अझै निरन्तरता पाएको छ)।

(८) लिड एसिड ब्याट्री, अखवारी कागज, टेम्पोन र मेन्सट्रुअल कप, मसी, क्लाइम्बिङ्गमा प्रयोग हुने वस्तु, राफ्टिङ्गमा प्रयोग हुने वस्तु, तारे होटेललाई दिएको छुट, पर्वतारोहण दललाई दिइएको छुट, निजी स्वास्थ्य संस्था र भेटेरिनरी अस्पताललाई दिइएको छुट आदिले अर्थतन्त्रमा खासै सकारात्मक प्रभाव पार्ने नदेखिंदा यस्ता छुटहरू हटाउन उपयुक्त हुने देखिन्छ।

(९) स्वदेशमा नै उत्पादन हुने कतिपय वस्तुहरूको पैठारीमा समेत महसुल छुट दिने गरिएकोले त्यस्तो छुट हटाउन उपयुक्त देखिन्छ।

(१०) आर्थिक ऐनमा भएको प्रावधान अनुसार अर्थ मन्त्रालयलको निर्णयबाट दिइने छुटको आयतन वढ्दै गएको सन्दर्भमा विगत वर्षहरूमा दिइएको छुटको विश्लेषण गरी यसरी छुट दिने प्रवृत्तिमा नियन्त्रण गर्नु आवश्यक छ।

(११) राजस्वमा छुट प्रदान गर्दा कुनै खास उद्देश्य राखिएको हुन्छ। छुट प्रदान गरेपश्चात तत्सम्बन्धी कुनै पनि अनुगमन नहुने, जुन उद्देश्यका लागि छुट दिइएको हो त्यस्तो उद्देश्य पुरा भएको नभएको वा दिइएको छुटबाट कुनै व्यक्ति वा संस्था विशेषले मात्र अवाञ्छित लाभ लिइरहेको छ कि भनी अध्ययन नहुने तर छुटले निरन्तरता पाइरहने देखिएको छ। यस्तो प्रवृत्तिमा सुधार हुनु आवश्यक छ।

(१२) यस सन्दर्भमा भन्सार छुटलाई व्यवस्थित गर्न विगतका अध्ययन प्रतिवेदन तथा सुझाव, अन्तर्राष्ट्रिय मुद्रा कोषको सिफारिस र भन्सार विभागको आन्तरिक अध्ययन २०८० (वैशाख) मा उल्लेख गरिएका सिफारिस कार्यान्वयन गर्नु पर्ने देखिन्छ।

(१५) विद्युतीय सवारी साधनहरूको पैठारीमा भएको उच्च वृद्धि दरले इन्धनबाट सञ्चालित सवारी साधनको पैठारीमा कमी आएको र सोले इन्धनको पैठारीमा समेत कमी आई राजस्व सङ्कलनमा कमी आउने सन्दर्भमा इन्धनमा आधारित सवारी साधनको पैठारीको कमीबाट राजस्वमा पुग्ने क्षतीलाई विद्युतीय सवारी साधनको पैठारीको प्रयोगबाट समग्र अर्थतन्त्रमा प्राप्त हुने लाभ, अन्तर्राष्ट्रिय अभ्यास, छिमेकी मुलुकहरूले अवलम्बन गरेको नीतिको अध्ययन विश्लेषण र समितिको अनुरोधमा विश्व बैङ्कको सहयोगमा भन्सार दरबन्दी शीर्षक/उपशीर्षक संकेत अनुसारको प्रदुषण स्तरको मापन र विद्युतीय सवारी साधन र गैर विद्युतिय सवारी साधनबीचको दश वर्ष अवधिको आर्थिक विश्लेषणसम्बन्धी अध्ययनको निष्कर्ष अर्थ मन्त्रालयले प्राप्त गरे पश्चात दरबन्दी समायोजन गर्ने सान्दर्भिक आधार सरकारलाई प्राप्त हुने अपेक्षा समितिले गरेकोछ। साथै, सबै सवारी साधनमा आधारभूत भन्सारको दर एउटै राखी कार्बन उत्सर्जन गर्ने सवारी साधनमा "हरित कर (Green Tax)" थप लगाउने जस्ता विकल्पहरूमा अध्ययन गरी निष्कर्षमा पुग्न पनि प्रस्ताव गरिन्छ।

(१६) नेपालले हरित करलाई कर राजस्वको नयाँ स्रोतको रूपमा अवलम्वन गर्न सुझाव गरिन्छ। वस्तु पैठारीमा हाल भन्सार महसुल, अन्तः शुल्क, मूल्य अभिवृद्धि कर, आयकर, कृषिसुधार शुल्क, भन्सार सेवा दस्तुर, स्वास्थ्य जोखिम कर, पूर्वाधार विकास कर, सडक निर्माण दस्तुर, सडक मर्मत तथा सुधार दस्तुर गरी दश प्रकारका महसुल लाग्ने व्यवस्था छ। पैठारी हुने डिजेल तथा पेट्रोलमा पैठारीकर्ताले नै प्रदूषण नियन्त्रण शुल्क उठाई राजस्व खातामा दाखिल गर्ने व्यवस्था रहेको छ। पैठारीमा लाग्ने महसुलका प्रकारहरूको यो लामो सूचीलाई पनि समायोजन गरी कम गर्नु पर्छ। यसको लागि अन्तःशुल्क, पूर्वाधार विकास कर, सडक निर्माण दस्तुर, सडक मर्मत तथा सुधार दस्तुर, प्रदूषण नियन्त्रण शुल्कको सट्टा एउटै कर "हरित कर (Green Tax)" लगाएमा पैठारीमा लाग्ने महसुलको सूची छरितो र प्रशासन गर्न पनि सहज हुनेछ। यसै गरी कार्वन उत्सर्जन गर्ने इन्धनबाट चल्ने सवारी तथा ढुवानी साधन, कोइला, इन्धन र अन्य वस्तुहरूले उत्सर्जन गर्ने कार्वनको स्तर हेरी हरित कर लगाउन उपयुक्त हुने देखिन्छ। यसका लागि हरित करको अन्तर्राष्ट्रिय अभ्यासलाई समेत अध्ययन गरी नीति तय गर्नुपर्ने देखिन्छ। हरित करका सम्भावित क्षेत्रहरू अनुसूची - ६.३ मा दिइएको छ।

(१७) भन्सार मूल्याङ्कनलाई पारदर्शी र अनुमान योग्य बनाउन भन्सार प्रशासनले हाल आशिकुडा प्रणाली अन्तरगत नै मूल्याङ्कन मोडूल प्रयोग गरेको छ। उक्त मोडूललाई मूल्याङ्कन जोखिम भएका वस्तुहरूको यथार्थ विवरण प्रविष्टि गर्ने गरी अनिवार्य गर्नु पर्ने देखिन्छ।

(१८) मूल्याङ्कन डाटाबेसलाई भन्सारका कर्मचारीले तत्काले मूल्य तुलना गर्ने गरी पँहुच दिने प्रणाली विकास गर्न जरूरी देखिएको छ। आशिकुडा प्रणालीबाट मूल्याङ्कनको यथार्थ डाटाबेस निर्माण गर्दा Tariff Specification Code निर्माण गरी आशिकुडा प्राणलीको Selectivity Module लाई भन्सार मूल्याङ्कनको दृष्टिबाट समेत Green, Yellow, Blue, Red Lane मा प्रज्ञापनपत्र छनौट हुने गरी प्रणाली विकास गर्नु पर्ने देखिन्छ। निकासी हुने मालवस्तु पनि यथार्थ उत्पादन मूल्य प्रतिविम्बित हुने गरी घोषणा गर्न प्रोत्साहित गर्नु पर्ने देखिन्छ।

(१९) भन्सारले एक तहको मूल्याङ्कन डाटाबेस निर्माण गरिसकेको र सो डाटाबेस वर्तमानमा प्रयोगमा रहेको सन्दर्भ मूल्यसूची भन्दा विस्तारित रहेकाले भन्सार विभागको मूल्याङ्कन

डाटाबेस उपयोग गरी सन्दर्भ मूल्यसूची खारेज गर्ने र मूल्याङ्कनको कारणले थप राजस्व बीचलन हुन नदिन मालवस्तुको यथार्थ घोषणा गर्ने कार्यलाई थप प्रभावकारी बनाउने उपाय अवलम्बन गर्नु पर्ने देखिन्छ।

(२०) नक्कली बिल वीजकलाई नियन्त्रण गर्न भन्सार जाँचपासमा मूल्याङ्कन छल नियन्त्रण गर्ने गरी अलग कार्यविधि बनाई नक्कली बिल वीजकलाई जालसाँजी र व्यापारिक छल अनुसार कारबाही गर्ने परिपाटी विकास गर्नु पर्छ।

(२१) स्वचालन सम्बन्धमा भन्सार जाँचपासलाई कागजविहीन, भौतिक सम्पर्क विहीन र अदृश्य कार्यसम्पादन स्तरमा रूपान्तरण गर्नु पर्ने देखिन्छ। कागजातविहीन जाँचपासका लागि सबै प्रकारका कागजातहरू अनलाइन प्रणालीबाटै पेश गर्ने सुविधा विकास गर्नु पर्ने, भौतिक सम्पर्क विहीन स्तरमा रूपान्तरण गर्न भन्सारमा वस्तु घोषणा, प्रणाली मार्फत अनलाइन क्वेरी, प्रणाली मार्फत सबै कागजातहरूको जाँच, जोखिम व्यवस्थापन, बैंक ग्यारेन्टी तथा धरौटी स्वचालन जस्ता प्रणाली कार्यान्वयन गरी कुनै पनि चरणमा घोषणाकर्ताले भन्सार धाउनु वा सम्पर्क गर्नु नपर्ने अवस्थाको प्रत्याभूति दिनु पर्ने र अदृश्य कार्यसम्पादन स्तरमा रूपान्तरणका लागि घोषणाकर्तालाई आफूले गरेको वस्तु घोषणाको जाँच कहाँ कसले गर्दैछ भन्ने जानकारी नहुने र प्रज्ञापनपत्रको जाँच गर्दा भन्सार अधिकारीले विवरणमात्र हेरी अनलाईन विश्लेषण गरी पठाउने प्रवन्ध गर्नु पर्ने देखिएको छ।

(२२) नेपालले निकासी व्यापार प्रवर्द्धन गर्न प्रमुख व्यापारिक मुलुकसँग निकासी गर्ने वस्तुहरूको लागि नेपालमा गरेको गुणस्तर परीक्षणलाई मान्यता दिने गरी Mutual Recognition Agreement गर्नु पर्ने, निकासी गरिने मालवस्तुको बैङ्क ग्यारेण्टी, नगद धरौटी, Duty Draw Back को फुकुवा तयारी वस्तु निकासी हुनासाथ निकासीकर्ताले अनलाइन सम्प्रेषण गरेको कागजातको आधारमा निकासीकर्ताको बैङ्क खातामा स्वचालित रूपमा जाने व्यवस्था हुनुपर्ने, निकासीमा दिइने नगद अनुदान प्रक्रिया सरल र स्वचालित हुनु पर्ने, साना तथा मझौला निकासीकर्ताको निकासी प्रवर्द्धन गर्न निर्यात गृह र सरलीकृत Export Financing को सुविधा हुनु पर्ने, लजिष्टिक हब र अक्सन हाउसको व्यवस्था हुनु पर्ने, विशेष आर्थिक क्षेत्र र औद्योगिक क्षेत्र विकास गरी उत्पादनमा वृद्धि गर्नु पर्ने, नेपाली मालवस्तुको ब्राण्डिङ गर्नु पर्ने जस्ता सुधार गर्न आवश्यक देखिएको छ। नेपालले निकासी गर्ने सम्भाव्य वस्तुहरूमा पैठारी गर्ने मुलुकले लगाउने महसुल वा गैर महसुलको माध्यमबाट गरेका व्यापारिक व्यवधानको विवरण प्राप्त गरी व्यापारिक साझेदार मुलुकसँग महसुल तथा गैर महसुल व्यवधान हटाउन द्विपक्षीय वार्ता गर्न प्रस्ताव गरिन्छ।

(२३) सूचना प्रविधिको विकास र सुसञ्चालनका लागि उपयुक्त र आकर्षक, कार्य विशिष्टताका साथै प्रणालीको दिगोपन सुनिश्चित हुने गरी Governance Model आवश्यक पर्ने भएकाले प्रस्तावित राजस्व बोर्ड अन्तरगत उपयुक्त सूचना प्रविधि संरचना र वित्तीय स्रोतको नियमित प्रवाह गर्ने व्यवस्था आवश्यक देखिएको छ।

(२४) अर्थ मन्त्रालय अन्तरगत सञ्चालित विभिन्न प्रणालीहरू बीच Interoperability को विकास गर्नु पर्ने देखिन्छ। अन्तर्राष्ट्रिय तथा राष्ट्रिय अनुभवी संस्थाबाट सूचना प्रणालीको Functional र Technical Audit गरी तदनुरूप प्रणालीलाई परिमार्जन गर्न जरूरी देखिएको छ।

(२५) भन्सार स्वचालनका लागि नयाँ आयामहरूको प्रयोग नेपालको सन्दर्भमा के कसरी हुन सक्छ अध्ययन गरी अगाडि बढ्नु पर्ने देखिन्छ। यस्ता नयाँ आयामहरूमा Data Analytics, Artificial Intelligence, Scan Image Analytics, Tracking Devices (RFID, GPS, ECTS), Robotic Process Automation, Cloud Computing, Blockchain रहेका छन्।

(२६) केन्द्रीय तहमा सूचना विश्लेषण गरी जोखिमका परिसूचकका आधारमा जाँचपास गर्ने, अन्तरनिकाय समन्वय सुनिश्चित गर्ने कानुनी प्रवन्ध गर्ने, कर्मचारीमा सदाचारिता वृद्धि गर्न संगठन संरचनामा सुधार गर्ने र संशोधित आरूसा घोषणापत्रका मार्गदर्शनहरू कार्यान्वयन गर्ने उपायहरू अवलम्बन गरिनु पर्ने देखिन्छ।

(२७) भन्सार नाकाभित्र र बाहिरबाट असुल हुन सक्ने सम्भाव्य राजस्व क्षतिको आकलन गरी नियन्त्रणको नीति निर्माण गर्न विस्तृत अध्ययन गर्नु पर्ने समितिको सुझाव छ। खुला सिमानाका कारणले भन्सार नाका बाहिरबाट हुन सक्ने राजस्व बीचलनलाई एकातर्फ चोरी पैठारी हुने मालवस्तुको भन्सार दरबन्दीमा समायोजन गरेर निरुत्साहित गर्न र अर्कोतर्फ राज्यका निकायलाई चोरी पैठारी र निकासी नियन्त्रण, त्यस्ता मालवस्तुको आन्तरिक ओसार पसार नियन्त्रणका लागि जिम्मेवारीका क्षेत्र कानुनतः किटान गरी परिचालन गर्नु पर्ने देखिन्छ।

(२८) जिम्मेवारी किटान गर्दा सामान्यतः भन्सार कार्यालयलाई भन्सार क्षेत्रभित्रको चोरी पैठारी वा चोरी निकासी नियन्त्रणमा जिम्मेवारी बनाउने, सशस्त्र प्रहरीको बोर्डर आउट पोष्ट थप गरी सीमा सुरक्षाको साथै भन्सार क्षेत्र बाहिरबाट सीमामा हुने चोरी निकासी वा चोरी पैठारी नियन्त्रणको लागि जिम्मेवार बनाउने, नेपालभर बिल वीजक वा चलान वा प्रज्ञापनपत्र बिना आन्तरिक ओसारपसार तथा आन्तरिक ढुवानी नियन्त्रणको काममा राजस्व बोर्ड भित्रको कर अनुसन्धान निर्देशनालय बनाई जिम्मेवार बनाउने, करमा दर्ता नगरी कारोबार गरेको वा बिल वीजक जारी नगरी कारोबार गरेको वा खरिद खाता, बिक्री खाता, मौज्दात खाता नराखी वा नियमित अद्यावधिक नगरी कारोबार गरेको, न्यून वा अधिक बीजकीकरण गरी कारोबार गरेको, नन्फाइलर भएको लगायत विषय क्षेत्रमा प्रचलित कानुनको पालना नगरी हुने अवैध कारोबार नियन्त्रणका लागि आन्तरिक राजस्व विभाग र राजस्व अनुसन्धान विभागलाई जिम्मेवार बनाउने नीति लिनु उपयुक्त हुने देखिन्छ।

## परिच्छेद- १० विद्युतीय अर्थतन्त्रका नवीन आयाम र करारोपण

### विद्युतीय अर्थतन्त्रको विश्वव्यापी सन्दर्भ र नेपाल

१८५. सूचना प्रविधिको तिव्रतर विकास र नवीनतम प्रविधिको बढदो प्रयोगले चौथो औधोगिक क्रान्तिको रुपमा विश्वव्यापीरुपमा विद्युतीय अर्थतन्त्रको उदय भएको छ। विकसित मुलुकहरूले अर्थतन्त्रका हरेक क्षेत्रहरूमा यसको अधिकतम उपयोग गर्दै उत्पादकत्व वृद्धि गर्ने, रोजगारी सृजना गर्ने र उच्च आर्थिक वृद्धि हासिल गर्ने गरी अर्थतन्त्रको सेवा क्षेत्रको वलियो संभावनाको रुपमा यसलाई उपयोग गरेका छन। सुचना प्रविधिको अधिकतम प्रयोगले परम्परागत व्यापार मोडेलहरू भौतिकबाट विद्युतीय आदानप्रदान तर्फ रुपान्तरण हुदै गएका छन। मानिसले गरीआएका कार्यहरू अन्तरआवद्धताको सञ्जाल (Interoperability connectivity), इन्टरनेट माध्यमवाट तथ्याङ्क एवं हिसाव गर्ने क्षमता विकास भएको, Cloud computing, Block chain र sensor आदिको प्रयोग बढदो क्रममा रहेको छ। मानवीय संलग्नता वा हस्तक्षेप कम भन्दा कम गरी मसिनसंग मानिसले गर्ने अर्न्तक्रिया virtual reality (VR) and augmented reality (AR), रोवोटिक्स, advance analytics, Machine learning तथा Artificial Intelligence (AI) जस्ता प्रविधिहरूको प्रयोगले अर्थतन्त्रको संरचनामा परिवर्तन ल्याईरहेको छ। एक अनलाईन प्लाटफर्म मार्फत एकै पटकमा लाखौं प्रयोगकर्ता/सेवाग्राहीहरूले इन्टरनेटको सुविधा भएमा विश्वका कुनै पनि स्थानवाट जोडिएर अन्तर्क्रिया गर्ने, बस्तु वा सेवाको माग गर्न र प्राप्त गर्न सक्ने प्रविधिहरूको विकासले परम्परागत ब्यापारका श्रृङ्खला/तहलाई ई-कमर्शले व्यापारका प्रक्रिया तथा प्रणालीमा परिवर्तन ल्याएको छ। अनलाईन भुक्तानी प्रणालीले गर्दा व्यापार ब्यवसाय गर्न र उपभोक्तालाई बस्तु वा सेवाको प्राप्ती गर्न समेत सहज गराएको छ। प्रविधिको प्रयोगले आर्थिक गतिविधिहरू क्रमशः बिद्युतीकरण र पारदर्शी हुँदै गएका छन। साविकको Satellite तथा केवल टेलिभिजनवाट हुने कारोवारलाई इन्टरनेटमा आधारित Over-The -Top (OTT) तथा Video Streaming को Subscription को बढदो लोकप्रियता र प्रयोगले क्रमशः बिस्थापित गर्दै गएको छ। विश्वव्यापी रुपमा इ-कमर्श, Online Platform मार्फत हुने विज्ञापन लगायत Data र इन्टरनेटको प्रयोगमा अत्याधिक वृद्धि भएको छ। विगत १५ बर्षमा विश्वको कुल गार्हस्थ उत्पादनमा विद्युतीय अर्थतन्त्रको हिस्सा दुई तिहाईले वृद्धि भएको पाईन्छ। साथै, सन् २०२५ सम्ममा विश्वको कुल गार्हस्थ उत्पादनमा झन्डै एक चौथाई (२४.९प्रतिशत) हिस्सा विद्युतीय प्रविधिले ओगटने अनुमान गरिएको छ। यस तथ्यबाट राष्ट्रिय कराधारको करिब एक चौथाई हिस्सा यस क्षेत्रको रहने हुँदा कराधारको संरक्षण गर्न र संभावित राजस्व जोखिमको व्यवस्थापन गर्न कर प्रणाली र कर प्रशासन सक्षम वन्न सक्नु पर्ने हुन्छ। वहुराष्ट्रिय कम्पनीहरू र सेवा व्यापार गर्ने प्रतिष्ठानहरूले प्रयोग गर्ने यस्तै प्रकारका व्यवसायिक प्लाटफर्महरूलाई करको दायरामा ल्याउन विश्व कर प्रणालीमा जटिलता छ। नेपाल जस्ता अल्पविकसित देशका लागि यसको व्यवस्थापन गर्नका लागि समयमै कानुनी र संस्थागत सुधार थालि हाल्नु पर्ने देखिन्छ।

### विद्युतीय अर्थतन्त्रले सिर्जना गरेका कर सम्बन्धी विश्वव्यापी चुनौतीहरू तथा अभ्यासहरू

१८६. OECD का अनुसार बहुराष्ट्रिय कम्पनीहरूले कराधारको क्षयीकरण र मुनाफाको स्थानान्तरण (Base Erosion and Profit Shifting –BEPS) को माध्यमवाट कर योजना एवं रणनीतिहरू प्रयोग गरी वास्तविक कारोबारको आधारमा कर नतिर्न वा कम कर तिर्ने योजना वा आधारको क्षयिकरण गरी

विभिन्न देशका कर नियमहरूमा रहेका अन्तर र बेमेलको फाइदा उठाउने कार्य गर्न सक्दछन्। बहुराष्ट्रिय कम्पनीद्वारा कराधारको क्षयीकरण र मुनाफाको स्थानान्तरणका कारण वार्षिक रूपमा लगभग २४० बिलियन अमेरिकी डलर अर्थात् विश्वव्यापी संस्थागत आयकर राजस्वको अनुपातको १० प्रतिशतसम्म राजस्वमा कमी आएको अनुमान OECD ले गरेको छ।

१८७. विभिन्न राष्ट्रहरूले सीमापार विद्युतीय कारोबारका सम्बन्धमा अपनाएका कर नीतिहरू तथा अभ्यासहरूमा एकरुपता पाईदैन। विश्वव्यापी रुपमा सर्वमान्य सिद्धान्तको विकास गर्ने वा सार्वभौम मूलुकहरूले आ-आफ्नो तवरले एकतर्फी रुपमा (unilaterally) कर लगाउने दुवै खालका अभ्यासहरू विश्व कर प्रणालीमा प्रयोग गरिएका छन्। विभिन्न मुलुकले परम्परागत राजस्वका स्रोतहरूको संरक्षण गर्दै त्यसको क्षतिपूर्ति स्वरुप Emerging digitally/electronically transmitted सेवा क्षेत्रहरूमा करारोपण गर्ने विश्वव्यापी रणनीति बनाउने र यसको कार्यान्वयन गर्न थालेका छन। खासगरी भौतिकवाट क्रमशः अभौतिकीकरण तथा अदृश्य कारोवारमा रुपान्तरित हूदै गरेको विद्युतीय अर्थतन्त्रको विकासले ल्याएका कर सम्बन्धी विश्वव्यापी चुनौतीहरू र नविन अवधारणालाई निम्नानुसार उल्लेख गरिएको छ।

(१) विश्वव्यापी रूपमै विद्युतीय अर्थतन्त्रको विस्तारबाट करका कराधार, करका नियमन, र करको अधिकारको बाँडफाँट सम्बन्धी चुनौतीहरू थपिएका छन्। बहुराष्ट्रिय कम्पनि तथा फर्महरूले व्यवसायिक कारोवार भौतिक उपस्थिति विना वा कुनै शाखा वा सम्बद्ध कम्पनिको रुपमा फर्म स्थापना नगरी वा विना स्थायी संस्थापन नियमित रुपमा आफ्नो व्यवसायिक गतिविधि विश्वब्यापीरुपमा सञ्चालन गरिरहेका छन्। यस्तो अवस्थामा निश्चित मूल्यहरु (Value Creation) कुन मुलुकमा सिर्जना भएका छन र त्यसको मूल्य कति हो भन्ने विषयमा परम्परागत करका सिद्धान्त तथा नियमको आधारमा अधिकार स्थापित गर्न कठिन छ। त्यसैले, विद्युतीय सेवाको सम्बन्धमा प्रत्यक्ष कर तर्फ बासिन्दा ब्यक्ति वा स्रोतको आधारमा कर लगाउने अन्तर्राष्ट्रिय करको आधारभूत सिद्धान्तको परिभाषामा क्रमशः राष्ट्रिय कराधारको संरक्षण हुने गरी थप परिमार्जन गर्नु पर्ने देखिएको छ।

(२) अप्रत्यक्ष कर तर्फ विद्युतीय सेवा तथा अमुर्त सेवाको सिमापार व्यापार (Cross border Trade on Services and Intangibles) मा OECD को International VAT/GST Guidelines २०१५ प्रतिपादन गरी अन्तर्राष्ट्रियरुपमा सर्वमान्य सिद्धान्त र मापदण्ड तय गरेको छ। यसै अनुरुप हुने गरी सम्बन्धित देशहरुले आफ्नो कानुनमा व्यवस्था गरी यसको कार्यान्वयन गरिरहेका छन। तथापी प्रत्यक्ष कर तर्फ भने बहुपक्षीय रणनीतिको रुपमा कराधारको क्षयीकरण र मुनाफाको स्थानान्तरण (Base Erosion and Profit Shifting –BEPS) रोक्न OECD/G20 Inclusive Framework को रुपमा Two Pillar Solutions प्रस्ताव गरेको छ। यसलाई लागु गर्न सदस्य राष्ट्रहरु सहमत भए पनि हालसम्म पूर्ण रुपमा लागु हुनसकेको छैन। विश्वव्यापी रुपमा विद्युतीय सेवाको नाफाको करारोपणको आधार र बाँडफाँडको सन्दर्भमा एकरुपता आउन नसक्दा विकासोन्मुख मुलुकहरुका वित्तीय दायरा कम हुन गएको छ। र उक्त वित्तीय दायरा परिपुरुणका लागि बासिन्दा ब्यक्तिमाथि थप करहरुको बोझ थपिन सक्ने देखिन्छ। यसबाट व्यवसायको लागत मात्र बढाएको छैन, बरु विश्व बजारमा वस्तु तथा सेवा व्यापारमा प्रतिस्पर्धा गर्ने क्षमतामा कमजोर भएकोछ।

(३) एक मुलुकको बासिन्दा ब्यक्तिले भौतिक रुपमा उपस्थित भई वा विदेशवाटै remotely अर्को मुलुकको पूर्वाधारहरुमा पहुँच प्राप्त गरी त्यहाँको बजारमा उपलब्ध प्रयोगकर्ताहरु (Users) लाई बिद्युतीय माध्यमवाट सेवा उपलव्ध गराएको अवस्थामा सेवा उपलव्ध गराउने त्यस्तो ब्यक्तिले त्यसरी प्राप्त गरेको आम्दानीमा बजार क्षेत्राधिकारको सिद्धान्त बमोजिम सेवा प्रदान गरिएको वा सेवा प्राप्त गरेको मुलुकलाई करको अधिकार हुन्छ। यसमा करको अधिकार प्रचलन गराउनका लागि यस्तो अवस्थामा वासिन्दा मानिने आधार र स्रोतको पहिचान गर्ने आधारहरु कानुनी प्रवन्ध  र संस्थागत क्षमता गर्नु पर्ने हुन्छ।

(४) विद्युतीय सेवाहरुमा प्रत्यक्ष कर तर्फ करारोपणका आधारहरु मध्ये महत्वपूर्ण आर्थिक उपस्थिति (Significant Economic Presence test) पनि एक हो। यसको लागि स्थायी संस्थापनको परिभाषामा थप परिमार्जनको आवश्यकता पर्दछ।

(५) बिद्युतीय सेवाको सन्दर्भमा गैर वासिन्दा ब्यक्ति/कम्पनिले अर्को मुलुकमा रहेको सम्बद्ध कम्पनिको लागि गरेको विज्ञापन आदि जस्ता बिद्युतीय सेवा सम्बन्धी खर्चको भुक्तानी विदेशमा रहेको Parent कम्पनिवाट सम्बद्द कम्पनिलाई वा विदेशमा रहेको Head Office मार्फत शाखा कार्यालयको लागि भएको अवस्थामा गैर वासिन्दा ब्यक्तिको बजार क्षेत्रमा भएको आम्दानीमा करारोपण गर्ने विषय थप जटिल बन्दै गएको छ।

(६) हाल गैर वासिन्दा व्यक्तिबाट नेपालमा आपूर्ति हुने सेवाको कारोबारमा सेवाको पैठारी गर्ने फर्म वा कम्पनीले रिभर्स चार्जको रुपमा मू.अ.कर र अग्रिम करकट्टि बापत १५ प्रतिशत आयकर दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ। तर उपभोक्ताको लागि आपूर्ति गर्ने बिद्युतीय सेवामा कारोवारमा २ प्रतिशतले कर लाग्ने व्यवस्था छ।

(७) कतिपयले विद्युतीय सेवामा नँया करको रुपमा तटस्थ प्रकारको Digital Data Tax को अवधारणा पनि अगाडी सारेका छन। यो उपभोगमा आधारित कर हो। सरकारले सिर्जना गरेको पूर्वाधारमा पहुँच र प्रयोगको आधारमा बजारमा पहुँच स्थापित गरी ग्राहक वा प्रयोगकर्तालाई विद्युतीय सेवाहरु उपलब्ध गराए बापत सेवा आपुर्तिकर्ताले बजारमा पहुँच प्राप्त गर्दा खपत गरेको इन्टरनेटको व्यान्डविथको आधारमा कर लगाउने प्रबन्ध गर्न सकिएमा यो भविष्यको कर राजस्वको एक महत्वपूर्ण स्रोत हुने निश्चित छ। यस प्रकारको करमा आपूर्तिकर्ताले खर्च कट्टि पाउने र बजार क्षेत्राधिकारमा सरकारले राजस्व प्राप्त गर्ने र ग्राहकलाई थप लागत नपर्ने भएकोले यसलाई वैज्ञानिक र तटस्थ करको रुपमा लिईएको छ। यस प्रकारको कर अन्तर्राष्ट्रिय Internet Service Providers लाई लगाउनु उपयुक्त हुन्छ। यसले विद्युतीय सेवाको वास्तविक कारोवारको आधारमा कर लगाउने भएकोले यस प्रकारको कारोवारलाई करको दायरामा ल्याउने अचुक उपाय हुन सक्दछ। तर एकै खालको करहरु दोहोरो नपर्ने र लागत धेरै नबढने गरी करारोपण गरिनु उपयुक्त हुन्छ। भौतिक वा औपचारिक रुपमा शाखा वा सम्बद्ध फर्म सञ्चालन नगरीकन वा न्युनतम मानवीय हस्तक्षेप विना खासगरी अदृश्य रुपमा हुने विद्युतीय सेवाको विनिमय/कारोवार तथा गैर वासिन्दा ब्यक्तिवाट उपलब्ध हुने Cloud Computing आदि सेवा तथा बिदेशवाट अनलाईन मार्फत उपभोक्ताले प्राप्त गर्ने सेवा (Business to Consumers), सम्बद्ध कम्पनिको लागि मूल कम्पनिले विदेशवाट भुक्तानि गरिदिने विज्ञापन सेवा आदिको कारोवारको एकिन गर्ने र त्यसमा करारोपणको अधिकार स्थापित गर्ने

लगायत अन्तरार्ष्ट्रिय सिमापारको सेवा कारोवारमा कुन मुलुकले के कति कर लगाउने अधिकार राख्दछ र त्यसको आधार एकिन गर्ने विषय कतिपय अवस्थामा चुनौतीपूर्ण छ। मू.अ.करको सन्दर्भमा नेपालमा सेवा उपभोग भए कर लाग्दछ।सेवा उपभोगको यकिन गर्न भुक्तानी, सेवाग्राहीको वासस्थान, पंहुचका आधारहरु फोनको कन्ट्री कोड IP Address, Sim card मध्ये कुनै दुई भए उपभोग मानिने चलन छ।

**नेपालको सन्दर्भमा विद्युतीय अर्थतन्त्र र करारोपणः**

१८८. Institute for Integrated Development Studies (IIDS) भन्ने संस्थाले सन् २०२२ मा गरेको एक अध्ययनले नेपालवाट सूचना प्रविधि क्षेत्रको सेवा निर्यात करिव ५१५ मिलियन अमेरिकी डलर पुगेको उल्लेख गरेकोछ।कुल गार्हस्थ उत्पादनमा यसको अनुपात करिव १ दशमलव ४ प्रतिशत रहेको र विदेशी मुद्रा सञ्चितिमा यसको हिस्सा करिव ५ दशमलव ५ प्रतिशत देखाएको छ।नेपाल जस्तो भूपरिवेष्ठित मुलुकको लागि सेवा क्षेत्रको विकासको सम्भावना उच्च रहेको छ।सूचना प्रविधिको विकास र यसको अधिकतम प्रयोग अर्थतन्त्रका हरेक क्षेत्रमा हुन सकेमा विद्युतीय अर्थतन्त्रको यो सेवा व्यापारबाट नेपालको आर्थिक विकासका लागि रुपान्तरणकारी हुन सक्ने देखिन्छ।नेपालले यसक्षेत्रबाट लाभ लिनका लागि सूचना प्रविधिको पूर्वाधार विकासका क्षेत्रमा लगानि वृद्धि गर्दै निजी क्षेत्रलाई अनुकूल हुने गरी सकारात्मक पहल थालिन निकै ढिला भएको छ। विद्युतीय अर्थतन्त्रको विकासका लागि नेपाल सरकारले वि. सं. २०७६सालमा Digital Nepal Framework कार्यान्वयनमा ल्याएको भएता पनि यस कार्यक्रमका विभिन्न पहलहरुको कार्यान्वयन कमजोर रहेको छ। ।समयको माग अनुसार समग्र सूचना प्रविधिको ईकोसिष्टम (Ecosystem) मा सुधार ल्याउन सरकारको मात्र लगानीले नपुग्ने हुनाले सरकारले आधारभूत पूर्वाधारको निर्माणमा लगानी बढाउने र उत्पादन तथा व्यापारका अन्य सेवा र कार्यमा निजी क्षेत्रको लगानी आकर्षित गर्न अनुकूल नीति तथा वातावरण सिर्जना गर्नु आवश्यक देखिन्छ।सरकारले निजी क्षेत्रलाई थप लगानी गर्न अभिप्रेरित गर्ने नीति अंगाल्नु पर्ने हुन्छ।नेपालमा स्वच्छ उर्जाको बढदो उपलब्धता, उच्च गतिको इन्टरनेटको उपलब्धता र मोवाईलको penetration दर उच्च हुनु, श्रमको लागत कम हुनु र सूचना प्रविधिमा साक्षर युवा जनशक्तीको बढदो उपलब्धता आदि समेतका कारणले नेपालमा सूचना प्रविधिमा आधारित अर्थतन्त्रको विकासको उच्चतम सम्भावना रहेको छ।

१८९. अर्थतन्त्रको Digitalization ले कर प्रशासनको लागि पनि अवसर र चुनौती दुवै थपेको छ।यसले सेवा प्रवाहको लागि मात्र नभई जोखिम नियन्त्रणको लागि सजिलो बनाएको छ। अदृश्यीय रुपमा हुने विद्युतीय सेवाको कारोवारलाई Tracking and Tracing गर्ने कार्य र त्यस्तो करयोग्य कारोवारलाई करको दायरामा ल्याउने कार्य चुनौतिपूर्ण छ।यद्यपी राज्यको प्राथमिकता विद्युतीय अर्थतन्त्रलाई प्रबर्द्धन गर्नेमा नै हुनु पर्दछ।यसका लागि केही बर्ष यस क्षेत्रमा कम करका दरबाट कर लगाउने र सूचना प्रविधि उद्योग स्थापनाका लागि आवश्यक हुने GPU, CPU, Processor लगायतका सुचना प्रविधिसंग सम्बन्धित सामग्रीहरुको पैठारीमा भन्सार महशुल लगायतमा सहुलियत दिनु पर्ने हुन्छ। रोजगारी सिर्जना र अन्य क्षेत्रको उत्पादन र उत्पादकत्व बढाउन विद्युतीय प्रविधिहरुको लागत कम हुने गरी विद्युतीय अर्थतन्त्रको प्रबर्द्धन गर्ने नीति राज्यले चिरस्थायीरुपमा अंङ्गिकार गर्नु पर्दछ।

१९०. नेपाल OECD को सदस्य तथा यस सम्बन्धी सहयोगको सम्झौताको पक्ष पनि नभएकोले बहुपक्षीय प्रबन्धमा प्रवेश गरेको छैन।विदेशवाट नेपालमा शाखा वा सम्बद्द कम्पनि स्थापना गरी वा नगरी नेपालमा आपूर्ति/प्रवाह हुने विद्युतीय सेवाको व्यवसायीक कारोवारमा मूल्य अभिवृद्धि करको रुपमा

रिभर्स चार्ज क्रेता वा सेवा प्राप्त गर्ने ब्यक्तिले दाखिला गर्नु पर्ने व्यवस्था छ। यस्तो रिभर्स चार्ज बापत भुक्तानी गरेको रकम पैठारीकर्ताको करयोग्य बिक्रीसंग सम्बन्धित भएको अवस्थामा कर कट्टी पाउने र मिश्रीत करोवारको हकमा अन्य वस्तु सरह करयोग्य कारोवारको अनुपातमा समानुपातिक रुपमा करकट्टी पाउने ब्यवस्था छ। बस्तुको कारोवार सरह विद्युतीय सेवाको ब्यवसायिक कारोवारमा कर लगाउने विषय विभिन्न कोणवाट चुनौतीपूर्ण छ। बस्तु वा सेवाको आपुर्ति भएको समय वा बिजक जारी भएको मिति मध्ये जुन अगाडि हुन्छ, त्यसको आधारमा मूल्य अभिवृद्धि कर लगाउने र असुल उपर गर्ने ब्यवस्था छ। खासगरी गन्तव्यको सिद्धान्तको आधारमा नेपाल भित्र उत्पादन हुने तथा उपभोग हुने गरी पैठारी हुने बस्तु वा सेवामा मूल्य अभिवृद्धि कर लगाउने गरिन्छ।

**बिद्युतिय सेवा (Digital Service) मा कर सम्बन्धी नेपालको मौजुदा ब्यवस्था र सोको समीक्षा**

१९१. नेपालमा विद्युतीय सेवाको कारोबारमा करारोपणको मौजुदा व्यवस्था देहायअनुसार छ।

(१) बिद्युतीय अर्थतन्त्रको प्रवर्द्धनको लागि सरकारले कर सहुलियतको ब्यवस्था गरेको छ। आर्थिक ऐन, २०७९ को दफा २२ बमोजिम बासिन्दा ब्यक्तिको बिजनेस प्रोसेस आउट सोर्सिङ, सफ्टवेयर प्रोग्रामिङ, क्लाउड कम्प्युटिङ लगायतका सूचना प्रविधिमा आधारित सेवा प्रदान गर्ने करोवार गरी बिदेशी मुद्रा आर्जन गरेको आयमा विदेशी मुद्रा प्राप्त भएको हदसम्म १ प्रतिशत मात्र कर लाग्ने ब्यवस्था गरिएकोमा आर्थिक ऐन, २०८० ले आयकर ऐन, २०५८ को दफा ११ संशोधन गरी बिजनेस प्रोसेस आउट सोर्सिङ, सफ्टवेयर प्रोग्रामिङ, क्लाउड कम्प्युटिङ लगायतका सूचना प्रविधिमा आधारित सेवा निर्यात गरी सो बापत बिदेशी मुद्रा आर्जन गरेमा त्यस्तो ब्यक्तिलाई आर्थिक बर्ष २०८४/०८५ सम्म विदेशी मुद्रामा प्राप्त गरेको आयको हदसम्म लाग्ने करमा पचास प्रतिशत छुट दिने ब्यवस्था गरिएको छ।

(२) आयकर ऐन, २०५८ को दफा ९५(क) मा संशोधन गरी व्यवसाय सञ्चालनमा संलग्न नरहेको कुनै बासिन्दा प्राकृतिक ब्यक्तिले नेपाल बाहिर सफ्टवेयर वा यस्तै प्रकृतिको अन्य बिद्युतीय सेवा उपलब्ध गराएमा वा ब्यक्तिगत रुपमा नेपाल बाहिर परामर्श सेवा प्रदान गरेमा वा सामाजिक सञ्जालमा श्रब्यदृश्य सामग्री अपलोड गरे बापत बिदेशी मुद्रामा भुक्तानी प्राप्त गरेकोमा पाँच प्रतिशतका दरले अग्रिम कर असुल गर्ने ब्यवस्था गरेको छ।

(३) कुनै बासिन्दा बिद्युतीय व्यापार सञ्चालक (इ-कमर्श अपरेटर) ले आफ्नो प्लेटफर्ममा आबद्ध भई कुनै बस्तु, सेवा वा बस्तु र सेवा प्रदान गर्ने ब्यक्तिलाई बस्तु, सेवा वा बस्तु, सेवा वा बस्तु र सेवा बिक्री बापतको रकम भुक्तानी गर्दा एक प्रतिशतका दरले अग्रिम करकट्टी गर्नु पर्ने ब्यवस्था गरेको छ।

(४) प्रत्यक्ष कर तर्फ माथि उल्लेखित अग्रिम करकट्टि र आयकरको दरको ब्यवस्थाका अतिरिक्त आयकर आर्थिक ऐन २०७९ को दफा २० बमोजिम गैर- बासिन्दा ब्यक्तिले नेपालका उपभोक्तालाई उपलब्ध गराएको विद्युतीय सेवाहरुको कारोवार मूल्यमा Turnover Tax को रुपमा २ प्रतिशतका दरले Digital Service Tax लाग्ने ब्यवस्था गरेको छ। उक्त व्यवस्था कार्यान्वयन गर्ने आन्तरिक राजस्व विभागले विद्युतीय सेवा कर (Digital Service Tax) सम्बन्धी कार्यविधि, २०७९ जारी गरेको छ।

(५) अप्रत्यक्ष कर तर्फ मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८(२) ले नेपाल बाहिरको कुनै ब्यक्तिवाट सेवा प्राप्त गर्ने दर्ता भएको वा दर्ता नभएको कुनै पनि ब्यक्तिले कर लाग्ने मूल्यमा भुक्तानीका बखत वा सेवा प्राप्त गरेको बखत मध्ये जुन पहिले हुन्छ, हन्छ सो समयमा कर निर्धारण र असुल उपर गर्नु पर्ने ब्यवस्था छ। विद्युतीय सेवा समेत यसैमा पर्ने भएकोले ब्यवसायीक कारोवारमा गैर बासिन्दा ब्यक्तिले नेपालभित्र आपूर्ति गरेको सेवामा रिभर्स चार्जको रुपमा कर लाग्ने ब्यवस्था भए पनि उपभोक्ताको तह (Consumer Level) मा आपूर्ति गर्ने विद्युतीय सेवामा मूल्य अभिवृद्धि कर लगाउने ब्यवस्था भने आर्थिक वर्ष २०७९/८० देखि मात्र शुरु भएको देखिन्छ। आर्थिक ऐन २०७९ को दफा ३३ ले मूल्य अभिवृद्धि कर ऐन, २०५२ को सम्बन्धित दफाहरुमा संशोधन गरी बिद्युतीय सेवाको परिभाषा, बिद्युतीय सेवा आपूर्ति गर्ने गैर वासिन्दा ब्यक्तिले उपलब्ध गराउदा कर लाग्ने व्यवस्था र दर्ता गर्नु पर्ने र कर विवरण दिने र भुक्तानी गर्नु पर्ने ब्यवस्था गरेकोछ। आन्तरिक राजस्व विभागले मूल्य अभिवृद्धि कर सम्बन्धी कार्यविधि, २०७९ समेत जारी गरी यसलाई थप स्पष्ट पारेको छ। जसअनुसार गैरबासिन्दा व्यक्तिले नेपालका उपभोक्तालाई लगातार १२ महिनासम्म २० लाख रुपैया भन्दा बढिको कारोवार प्रदान गरेमा त्यस्तो विद्युतीय माध्यमवाट प्रदान गरेको सेवामा दर्ता गर्नु पर्ने र मूल्य अभिवृद्धि कर दाखिला गर्नु पर्ने व्यवस्था गरेकोछ। कार्यविधि अनुसार विद्युतीय सेवा अन्तर्गत विज्ञापन, चलचित्र, टेलिभिजन, संगीत, ओभर द टप, क्लाउड सेवा, तथ्याङ्क संग्रह सेवा, गेमिङ, मोबाइल एपसम्बन्धी सेवा, सफ्टवेयर आपूर्ति, परामर्श, तालिम सेवा लगायत का क्षेत्रहरु समेटिएका छन् ।

**विद्युतीय अर्थतन्त्र र करारोपणका लागि सुझाव**

१९२. विद्युतीय अर्थतन्त्रलाई करारोपण गर्न, कराधार विस्तार गर्न तथा विद्युतीय अर्थतन्त्रको विस्तारलाई करको माध्यमले थप सहयोग पुऱ्याउन निम्न सुझावहरू समितिले सिफारिस गर्दछ।

(१) नेपालले विद्युतीय अर्थतन्त्रको विस्तारको लागि सूचना प्रविधिको पूर्वाधारमा लगानी बढाउनु पर्ने।

(२) यस क्षेत्रमा शुरुको चरणमा कम करका दरबाट करको दायरामा ल्याई विस्तारै करको दरलाई बढाउदै लैजानु पर्ने हुन्छ। यसमा काम गर्ने नेपाली व्यक्तिहरुको संलग्नता बढी हुने भएकोले व्यक्तिगत करको दर समेत कम गर्नु पर्ने हुन्छ। नेपाली वासिन्दा कम्पनिको यस्तो कारोबार गरेका कम्पनि तथा फर्मलाई आगामी दश वर्ष सम्मलाई निकासी सरहको करका दर समूहमा राख्ने। वैक तथा वित्तीय क्षेत्रबाट प्राथमिकता प्राप्त क्षेत्रमा पारी सहुलियतपूर्ण व्याजदरमा कर्जा प्रवाह उपलव्ध गराउने व्यवस्था मिलाउने।

(३) यस प्रकारका सेवा उद्योग तथा व्यापारका लागि आवश्यक पूर्वाधारमा सरकारी लगानी बढाउने र सहुलियत दरमा सेवा शुल्क लिई युटिलिटिजको सेवा उपलव्ध गराउनका लागि सरकारले अनुदान समेत उपलव्ध गराउने।

(४) सूचना प्रविधि उद्योगका पुर्वाधारका लागि आवश्यक हुने GPU, CPU, Processor जस्ता सुचना प्रविधिसंग सम्बन्धित सामग्रीहरुको पैठारीमा भन्सार महशुल लगायतमा सहुलियत दिनु पर्ने।

(५) विदेशमा सूचना प्रविधिमा आवद्ध भएका नेपालीहरुले विकास गरेका सिप, क्षमता र विशेषज्ञतालाई नेपालको विकासमा प्रविधि हस्तान्तरण सहयोग पुग्ने गरी उपयोग गर्ने नीति अवलम्वन गर्ने। नेपालीहरुले विकास गरेको सफ्टवयर आदिको खरिदमा सरकारले विदेशमा भएका नेपालीहरुको स्वामित्व गरेका कम्पनिहरुलाई प्राथमिकता दिने नीति अवलम्बन गर्ने।

(६) सरकार तथा निजी क्षेत्रले नेपालका उत्पादन तथा विकास भएका वा विदेशमा रहेका नेपालीहरुले विदेशमा विकास गरेका सेवा वा प्रणालीको प्रयोग बढाउन वित्तिय उत्प्रेरणा सहितको सेवा खरिद प्रक्रियामा प्राथमिकता दिनु पर्ने।

(७) विश्वको बजार सँग प्रतिष्पर्धी रहेको यस क्षेत्रमा नीतिगत स्थायित्व दिनु पर्ने हुन्छ। सरकारले यस क्षेत्रको लागि आवश्यक पर्ने जनशक्तिको आँकलन गरी शिक्षा प्रणालीमा सुधार तथा राष्ट्रिय जनशक्ति योजना बनाउने। कम्प्युटर इन्जिनियरिङ क्षेत्रमा उच्च शिक्षामा अध्ययनका लागि भर्नामा रहेको कोटा प्रणाली हटाउने।

(८) विद्युतीय सेवाहरुको उत्पादन तथा बिक्री वितरणको लागि आवश्यक पर्ने लगानीको वातावरणमा सहजीकरण गरी प्रत्यक्ष विदेशी लगानीलाई सहजरुपमा नेपाल ल्याउने व्यवस्था गर्नु पर्ने हुन्छ। विदेशि मुद्रा आर्जन गर्नेहरुको लागि कम्पनी वा व्यक्तिको आयको आधारमा निश्चित प्रतिशत निजको मागको आधारमा सटहि सुविधा तथा विदेशमा रकम पठाउन निजको विदेशि मुद्राको खाता रहेको वैक लाई अनुमति दिने गरी प्रक्रिया सरलीकरण गर्ने।

(९) नेपालले हाल लगाएको Digital Service Tax को दर तुलनात्मक रुपले दक्षिण एसियामा नै न्यून रहेको देखिन्छ। प्रत्यक्ष करतर्फ हालको लागि Digital Service Tax कार्यान्वयनमा आईसकेको हुँदा यसको प्रभावकारिता हेरी कर प्रशासनको क्षमता वृद्धि गर्दै प्रचलित कानुनमा संशोधन गरी बिस्तारै OECD को Inclusive Framework मा जानु उपयुक्त हुने।

(१०) विद्युतीय सेवाको लागि नेपालको पूर्वाधारहरुमा पहुँच प्राप्त गरी नेपालमा रहेका प्रयोगकर्ता वा ग्राहकहरुलाई प्रदान गरेको बिद्युतीय सेवामा कर लाग्ने गरी कानुनमा थप ब्यवस्था गर्ने र यस्तो सेवा उपलब्ध गराउने गैर बासिन्दा ब्यक्ति नेपालमा अनिवार्य रुपमा दर्ता हुनु पर्ने र करको भुक्तानी नेपाल वाहिर जान नसक्ने गरी कानुनी प्रबन्ध गर्ने।

(११) नेपालको वासिन्दा व्यक्ति वा निकायले बिक्री प्रवर्द्धन लागि नेपाल बाहिर कम्पनिको शाखा वा व्यवसाय गर्न चाहेमा विदेशमा लगानी गर्ने रकम सहितको स्विकृति दिने। विदेशी मुद्राको स्विकृति दिदा निजले आर्जन गरेको रकमबाट मात्र खाम्ने गरी तत्काललाई दिने। थप आम्दानीको आधारमा यो नीतिलाई आगामी दिनमा थप परिमार्जन गर्दै जान उपयुक्त हुने।

(१२) विदेशवाट नेपालमा वा नेपालवाट नेपाल भित्र विद्युतीय सेवा उपलब्ध गराउने ब्यक्ति वा कम्पनिले सम्बन्धित नियामक निकायमा दर्ता गर्नु पर्ने तथा आम्दानी र कारोवारको सूचनाको पहूँच आवधिक रुपमा Third Party Information को रुपमा सम्बन्धित कर प्रशासनले प्राप्त गर्ने ब्यवस्था मिलाउने।

(१३) United Nations Model Tax Convention को प्रस्तावमा The African Tax Administration Forum (ATAF) को तर्फवाट प्रस्ताव गरिएको दफा १२B ले विद्युतीय अर्थ व्यवस्थामा Source country ले domestic tax rate अनुसार स्वचालित विद्युतीय सेवाको लागि गैर वासिन्दालाई भुक्तानीमा करारोपण गर्न पाउने अधिकार स्थापित गर्न खोजेको छ। यसमा खुद

नाफामा सम्बन्धित स्रोत मुलुकको करको दर अनुसार कर लगाउने प्रस्ताव भएकोले यो तटस्थ र वैज्ञानिक पनि छ। यस प्रस्तावको अध्ययन गरी नेपाललाई उपयोगी हुने सुझावहरू अबलम्बन गर्ने।

(१४) गैर वासिन्दा ब्यक्तिले आपूर्ति गरेको बिद्युतीय सेवा सम्बन्धी कारोवारको आम्दानी पहिचान गर्न कठिन भएकै कारणले प्रत्यक्ष कर तर्फ गैर वासिन्दा ब्यक्तिले आपूर्ति गरेको विद्युतीय सेवामा हुने करको चुनौतीलाई सम्बोधन गर्न OECD का कतिपय सदस्य राष्ट्रहरुले यस प्रकारको कुल विक्री कारोवारमा न्यूनतम दरमा कर लगाउन शुरु गरेका छन्। यसलाई Digital Service Tax (DST) वा Equalization fee आदिको नामाकरण गरिएकोछ।यो Turnover मा लाग्ने भएकोले खर्चहरु कट्टि गर्न नमिल्ने भएकोले १ देखि ३ प्रतिशत भन्दा बढि हुन नहुने तर्कहरु युक्तिसंगत देखिन्छन। यो Tax प्रत्यक्ष कर हो र नाफामा लिनु पर्ने कर हो। तर कारोबारमा लिँदा यसले दोहोरो कर पर्न जाने र घाटामा पनि कर तिर्नु पर्ने अवस्था हुने भएकाले यसलाई Regressive Tax मानिन्छ। यो अन्तर्राष्ट्रिय करका सिद्धान्तले पनि मिल्दोजुल्दो, न्यायिक र बैज्ञानिक छैन। सामान्यतया वासिन्दा ब्यक्तिलाई मात्र यस्तो कर लिने अधिकार रहन्छ। त्यसैले यो करलाई कतिपय विकसित मुलुकहरुले मन पराएका छैनन्। तथापि कर प्रशासनले ब्यवसायको खुद नाफा कति हो भन्ने एकिन गर्न नसक्ने अवस्थामा गैर बासिन्दा ब्यक्तिले आपूर्ति गरेको बिद्युतीय सेवामा एकतर्फी रुपमा भए पनि कारोवारमा कर (Turnover Tax) लगाउनु आफ्नो कराधारको संरक्षण गर्न यसरी कर लगाउनु उचित छ। तथापी यस्तो कर लामो समयसम्मको लागि उपयुक्त नहुन सक्छ। DST को सट्टामा सबैलाई मान्य हुने गरी बहुपक्षीय रुपमा समाधान (Multilateral solution) खोज्न अमेरिका लगायतका विश्वका १४१ भन्दा बढी देशहरुले OECD/G२० Inclusive Framework on Base Erosion and Profit Shifting (BEPS) अन्तर्गत Two Pillars Solution मा सहमतिका लागि प्रयास जारी राखेका देखिन्छन तर त्यसमा सहमतिमा पुग्न सकेको देखीदैन।नेपाल हालसम्म यस बहुक्षीय समाधानका प्रयासमा सहभागी भएको देखिदैन। यसर्थ आवश्यकता अनुसार यो अन्तर्राष्ट्रिय पहलमा सहभागी हुन उपयुक्त हुने।

(१५) स्थायी संस्थापनको रुपमा दर्ता नभई बिद्युतीय माध्यमवाट विदेशवाट नेपालमा उपभोक्ता तहमा सिधै वस्तु तथा सेवाको आपूर्ति गर्ने ब्यक्तिलाई नियामक निकायमा सरल प्रक्रियाका आधारमा दर्ता गर्नु पर्ने ब्यवस्था अनिवार्य गर्ने। साथै भुक्तानी प्रणालीलाई सरल बनाउने।

(१६) आयकर ऐनको दफा ६७, ६८ र ६९ लगायतका अन्य दफाहरुमा नेपालको कराधार संरक्षण गर्ने गरी विद्युतीय सेवाको हकमा नेपालको पूर्वाधारहरुको प्रयोग जस्तैः इन्टरनेटको व्यान्डविथको प्रयोग र नेपालमा रहेका प्रयोगकर्ताहरु (Users) को आधारमा भए गरेको आय आर्जनमा सेवा प्रदायक ब्यक्ति गैर वासिन्दा भए पनि नेपालको कराधिकार हुने गरी आयको स्रोतको सिद्धान्तलाई पुनरावलोकन गर्नु पर्ने।

(१७) नेपालमा विदेशवाट इन्टरनेटको आपूर्ति गर्ने गैर वासिन्दा ब्यक्ति (International Internet Service Providers) लाई नेपालको पूर्वाधारको प्रयोग र नेपालमा भएका ग्राहकसंग पहुँच प्राप्त गरी आम्दानि गरेको आधारमा करारोपण गर्न आपूर्ति भएको व्यान्डविथको प्रयोगको आधारमा उपभोगमा आधारित कर Digital Data Tax (DDT) लगाउने गरी कानुनी प्रवन्ध गर्ने।व्यान्डविथको प्रयोगको मापन कसरी गर्ने, त्यसमा कुन दरमा कर लगाउने, त्यस

क्षेत्रवाट प्राप्त भई राखेको अप्रत्यक्ष कर तथा गैर कर राजस्वका स्रोतहरुको समेत अध्ययन गरी दोहोरो नपर्ने गरी DDT लगाउने सम्बन्धमा थप अध्ययन गर्ने।

(१८) यस सेवा व्यवसायमा प्रयोग हुने सम्पत्तिको आयु वा प्रयोगावधिको आधारमा ह्रास खर्च र अध्ययन अनुसन्धान खर्च दिने सम्वन्धमा थप सुविधा सहितको स्पष्ट कानुनी प्रवन्ध गर्ने।

(१९) विद्युतीय अर्थतन्त्रको कारणले नेपालको कराधारको संरक्षण गर्न निरन्तर अध्ययन तथा नियमित अनुसन्धान जरुरी छ। अन्तर्राष्ट्रिय कर, मूल्य हस्तान्तरण, स्थायी संस्थापन, निकाय तथा व्यक्तिको स्रोत तथा वासिन्दाको अध्ययन, अन्तर्राष्ट्रिय कर नियोजन तथा छलीका विषयमा अध्ययन तथा अनुसन्धान गर्न र सूचना संकलन तथा विश्लेषण गर्न आन्तरिक राजस्व विभागमा विशिष्टकृत संरचना तत्कालै स्थापना गर्ने।

(२०) भारत, चिन, अमेरिका, सिङ्गापूर र यूएई को नेपाली दुतावासमा कर सम्बन्धी सूचना संकलन गर्ने सक्ने जनशक्ति तथा विधि र प्रणालीको विकास गर्ने।

(२१) आर्थिक वर्ष २०७९/८० देखी शुरु गरिएको विद्युतीय सेवा करको दर दक्षिण एसियाका अन्य देशहरुको तुलनामा न्यून देखिएको हुँदा पुनरावलोकन गर्न उपयुक्त हुने।

(२२) विद्युतिय सेवा कर (Digital Service Tax) सम्बन्धी कार्यविधि, २०७९(संशोधन सहित)को दफा ३ को (च)मा OECD ले पनि गैर बासिन्दा आपूर्तिकर्तालाई नै जिम्मेवार बनाउन सिफारिस गरेको र बंगलादेश थाइलैण्ड जस्ता देशहरुले पनि आपूर्तिकर्तालाई नै जिम्मेवार बनाइएको सन्दर्भमा नेपालले उपभोक्तालाई मात्र जिम्मेवार बनाइएको संशोधन हुनुपर्ने।

**भुक्तानी सम्बन्धी सुधारः**

१९३. विद्युतीय कारोबार समेतको सन्दर्भमा नेपालमा भुक्तानी प्रणालीमा सुधारका लागि समितिले निम्न सुझावहरू दिएको छ।

(१) अन्तर्राष्ट्रिय भुक्तानी गेट-वे प्रणालीको प्रभावकारी ब्यवस्था गरी सिमापार सेवा कारोवारको भुक्तानीलाई सहज बनाई सूचना प्रविधिको माध्यमबाट नेपालमा भएको अन्तर्राष्ट्रिय ब्यवसायिक सेवा कारोवारको लेखाङ्कन गरी त्यसको सूचना कर प्रशासनलाई दिनु पर्ने गरी नीतिगत ब्यवस्था गर्ने।

(२) हालको रू.१० लाख रुपैयासम्मको रकम नगद भुक्तानी गर्न पाउने व्यवस्थालाई संशोधन गरी रू.५ लाखमा ल्याउने।

(३) मोवाईल वालेट तथा फोन पे आदिको विद्युतीय माध्यमवाट हुने ब्यवसायिक कारोवारलाई मूल्य अभिवृद्धि करको दायरामा ल्याउने। साथै, मोवाईल वालेट तथा फोन पेको विद्युतीय कारोबारको एक पटक, दिन तथा महिना भरी गर्न सकिने हालको अधिकतम सिमा बढाउने। (हाल यसरी भुक्तानी गर्न मिल्ने मासिक सिमा अधिकतम रू.३ लाख सम्म मात्र भुक्तानी गर्न मिल्ने भएकोले सुधार गर्नु पर्ने देखिएको छ।)

(४) विद्युतीय रुपमा भुक्तानी गर्ने ग्राहक/करदातालाई नगदमा कारोवार गर्ने ग्राहक/करदातालाई भन्दा केहि छुट तथा सहुलियत दिने नीति अवलम्बन गर्नु उपयुक्त हुने। Cash Discount को रुपमा न्यूनतम रकम ग्राहक/करदाताले भुक्तानी गरेकै वित्तीय उपकरणबाट नै फिर्ता गर्ने प्रणाली अवलम्वन गर्ने।

## परिच्छेद- ११ हरित अर्थतन्त्र र करारोपण

१९४. हरित अर्थतन्त्र अर्थात ग्रिनोमिक्स (Greenomics) र हरित कर (Green Tax) को विषय विश्व अर्थतन्त्र र कर प्रणालीमा हालका केहि वर्षहरूमा अन्तर्राष्ट्रिय वहसका विषय बनेका छन। अर्थतन्त्रको हरितीकरण (Greening of Economy) वातावरण अनुकूल हुने (Climate Responsive) गरी सरकारको खर्च र राजस्वका नीतिहरूलाई लागु गर्दै जाने अवधारणासंग सम्बन्धितछ। खासगरी यो वातावरणीय संरक्षण, हरित प्रविधिहरूको प्रबर्द्धन र कार्वन डाई अक्साईडको उत्सर्जन घटाउन सहयोग गर्ने खालका नीतिहरू तथा प्राथमिकताहरू लागू गर्न अन्तर्राष्ट्रिय तहवाट सहयोग प्राप्त गर्ने विषयसंग पनि सम्बन्धित रहेकोछ। विकाशोन्मुख मुलुकहरूमा एकातर्फ तीब्ररूपमा विकासको दर उच्च गर्नु पर्ने अवस्था छ भने अर्को तर्फ दिगो विकासको अवधारणा अनुरूप हरित अर्थतन्त्रलाई बढाउँदै सन्तुलन कायम गर्नु पर्ने अवस्था छ। खासगरी Green House Gas (GHG) Emission मा नेपालको योगदान विश्वको कुल GHG उत्सर्जनको ०.०२७ प्रतिशत रहेको छ। Country Climate and Development Report (CCDR) २०२२ अनुसार नेपालले विश्वको कुल Green House Gas (GHG) Emission मा ०.१ प्रतिशत भन्दा कम योगदान गर्दछ। कार्वन उत्सर्जनमा नगन्य योगदान रहेको नेपाल जस्ता अति कम विकसित मुलुकहरूले वातावरण परिवर्तनका कारक तत्व रहेका कार्वन लगायतका Green House Gas (GHG) को उत्सर्जन गर्ने क्रियापलापहरूलाई निरुत्साहित गर्दै उत्थानशिल विकासको मुद्दालाई यथोचित रूपमा सम्बोधन गर्नु पर्ने हुन्छ। विश्वब्यापी रूपमा भएको जैविक उर्जाको बढदो प्रयोग तथा त्यस माथिको निर्भरता र मानव सिर्जित फोहोरहरूको कारण कार्वन लगायतका मानव स्वास्थ्यमा प्रतिकुल असर पार्ने र वातावरणमा ह्रास आउने कारक तत्वहरूलाई रोकथाम गर्दै स्वच्छ उर्जाको प्रवर्द्धन मार्फत हरित अर्थतन्त्रको प्रवर्द्धन गर्न विश्वका अधिकांश मुलुकहरूले सामुहिक रूपमा अन्तर्राष्ट्रिय मञ्चहरूमा प्रतिवद्धता जनाउदै आएका छन्।

१९५. हरित अर्थतन्त्रको प्रबर्द्धनका लागि सरकारी तथा निजी क्षेत्रको लगानी त्यस्ता आर्थिक क्रियाकलापहरू तथा पूर्वाधारहरूमा गरिन्छ, जसले कार्बनको न्यून उत्सर्जन र वातावरणीय प्रदुषण कम गर्नमा मद्धत गर्दछन। विभिन्न चरणहरूमा अन्तर्राष्ट्रिय मञ्चहरूमा भएको छलफल तथा प्रतिवद्धता बमोजिम सन् २०५० सम्ममा विश्वमा कार्बन शुन्य स्थितिमा पुग्ने र हरित अर्थतन्त्रमा रुपान्तरित हुनका लागि विभिन्न उपायहरूको खोजी गरिदै आएको छ। यसै क्रममा नेपाल सरकारले पनि पेरिस सम्झौता अन्तर्गत Nationally Determined Contribution (NDC) बमोजिम सन् २०४५ भित्र Green House Gas (GHG) को उत्सर्जन शुन्य गर्ने लक्ष्य राखेकोछ। हरित अर्थतन्त्र प्रवर्द्धन गर्न वातावरणीय प्रदुषणका कारक तत्वहरूलाई विभिन्न माध्यमहरूबाट कम गराउँदै स्वच्छ उर्जाको प्रयोग बढाउनु पर्ने देखिएको छ। नेपाल सरकारले सन् २०३० भित्र ९० प्रतिशत नयाँ इलेक्ट्रिक सवारी साधनहरू हुने उल्लेख गरिएकोछ। नेपालमा इटा उद्योगहरू GHGs उत्सर्जन गर्ने एक प्रमुख योगदानकर्तामा पर्दछन।

१९६. हरित अर्थतन्त्र प्रवर्द्धन गर्ने एउटा माध्यमको रूपमा हरित करलाई लिने गरिएको पाइन्छ। हरित कर मार्फत वातावरण र मानव स्वास्थ्यलाई प्रतिकुल असर पार्ने क्रियाकलाप तथा वस्तुको मूल्य अभिवृद्धि गर्दै त्यस्ता वस्तु तथा क्रियाकलाप क्रमशः कम गराउने र स्वच्छ उर्जाको प्रयोग र वातावरणमैत्री क्रियाकलापको प्रवर्द्धन गर्ने विषय विश्वका अधिकांश मुलुकमा सहमतिमा पुगेको देखिन्छ।

१९७. **हरित करको अवधारणा र विकासक्रमः** वातावरणीय करको रूपमा बुझिने हरित कर वातावरणलाई प्रदुषित पार्ने वा असर पार्ने क्रियाकलापहरूसँग सम्बन्ध राख्दछ। सामान्यतयाः यसलाई प्रदुषकले तिर्ने सिद्धान्त (Polluter Pay Principle) अन्तर्गत रही लागु गरिएको हुन्छ, जसले वस्तु तथा सेवाको मूल्य बढाउन मद्धत गर्दछ। कार्वन डाई अक्साईड ग्यासको स्रोतमा कार्वनको उत्सर्जनको सघनताको अनुपातमा कार्वन कर लगाउने गरिन्छ। यो Negative externalities को लागत वरावर हुने गरी करको माध्यमवाट त्यस्तो ब्यवहारमा कमी ल्याउने Pigouvian economic principle संग सम्बन्धित छ। अर्थशास्त्री William D. Nordhaus ले सर्वप्रथम सन् १९७० तिर 'Social Cost of Carbon' को अवधारणा ल्याएका थिए। विश्वमा सर्वप्रथम सन् १९९० मा फिनल्याण्डले कार्बन उत्सर्जन गर्ने क्रियाकलापमा कार्बन कर लगाई हरित करको सुरुवात गरेको पाइन्छ। सन् १९९० को दशक पछि डेनमार्क, नर्वे र स्विडेन समेतले हरित कर लगाउन शुरु गरेको देखिन्छ। यसको माध्यमवाट Fossil Fuel मा मूल्य उच्च हुने कारणले त्यस्तो बस्तुको मागमा कमि आउने, Fossil Fuel लाई विस्थापन गर्न सहयोग गर्ने, कार्वन सघन उत्पादनहरूको मागमा कमी आउने कारणले त्यस्ता उत्पादनहरू घटाउन वा विस्थापन गर्न मद्दत गर्ने अपेक्षा गरिएको हुन्छ। यसले अर्थतन्त्रमा हानिकारक उर्जाको खपत कम गर्न र स्वच्छ उर्जाको प्रविधि अवलम्वन गर्न मद्दत गर्दछ। हरित करको माध्यमबाट वातावरणीय प्रदुषणमा कमी ल्याउदै सरकारको राजस्व वृद्धि गर्न तथा नयाँ हरित प्रविधिको विकास र प्रवर्द्धन गर्न सकिन्छ। आधुनिक अर्थतन्त्रलाई हरित अर्थतन्त्रतर्फ रुपान्तरण गर्नुपर्ने साथै राजस्वको आधुनिक स्रोतको रूपमा विकास गर्दै अन्य करहरूको प्रतिस्थापनका लागि विश्वका अन्य देशहरूले समेत विभिन्न शीर्षकहरूमा कर लगाएको पाइन्छ।

१९८. **हरित करको राजस्व सङ्कलनको अवस्थाः** हरित कर मार्फत विभिन्न देशहरूले राजस्वको राम्रै हिस्सा सङ्कलन गरिरहेको पाइन्छ। सन् २०१९ को OECD को एक प्रतिवेदन अनुसार डेनमार्क र नेदरल्याण्डले कुल कर राजस्वको क्रमशः ८ र ८ दशमलव ६ प्रतिशत हरित करबाट सङ्कलन गरेको पाइन्छ। मंगोलियाले कुल गार्हस्थ उत्पादनको १ दशमलव ७ प्रतिशत र जापान तथा न्युजिल्याण्डले १ दशमलव ३ प्रतिशत वातावरणीय करको रूपमा सङ्कलन गरेको पाइन्छ भने OECD राष्ट्रहरूले औसत रूपमा कुल गार्हस्थ उत्पादनको २ दशमलव ४ प्रतिशत हरित करको रूपमा सङ्कलन गरेको देखिएको छ।

**हरित करारोपणको अन्तर्राष्ट्रिय अभ्यासः**

१९९. हरित अर्थतन्त्रको प्रवर्द्धनका लागि हरित करका माध्यमवाट विश्वमा सामान्यतया दुई खालका बिधिहरू अपनाएको पाईन्छ। पहिलो, Emission Trading Systems (ETS) हो, जसले बढि ग्रिन हाउस ग्यास (GHG) उत्सर्जन गर्ने उद्योगले कम GHG उत्सर्जन गर्ने उद्योगसंग Cap and trade system अन्तर्गत कम उत्सर्जन गर्ने उद्योगको अतिरिक्त Allowances संग विनिमय गर्न पाँउने प्रणाली हो। यसले अतिरिक्त प्रोत्साहनका लागि बढि ग्रिन हाउस ग्यास उत्सर्जनकर्ता र कम ग्रिन हाउस ग्यास उत्सर्जनकर्ताको वीचमा माग र आपुर्ति प्रणालीको आधारमा ग्रिन हाउस ग्यासको उत्सर्जनको बजार मूल्य निर्धारण गरेको हुन्छ। दोस्रो बिधि, कार्वन करहरू लगाउने हो। कार्बन करले सीधै हरितगृह ग्यास उत्सर्जनमा करको दर लगाएर वा सामान्यतया जीवाश्म (जैविक) ईन्धन (Fossil Fuel) को कार्बन सामग्री (Carbon Content) मा कार्बनको मूल्य निर्धारण गर्दछ। यसले ETS ले

जस्तो उत्सर्जनको परिमाण कति घटाउने भनी पूर्व निर्धारण गर्दैन केवल मूल्य निर्धारणको माध्यमवाट उत्सर्जनलाई कम गर्ने विधि अपनाउछ।

२००. यसका अतिरिक्त ग्रिन हाउस ग्यासको उत्सर्जन घटाउने केहि अन्य अप्रत्यक्ष विधिहरू पनि प्रचलनमा रहेका छन। जस्तैः ईन्धनमा कर लगाउने, जैविक इन्धनमा सब्सिडिहरू हटाएर र कार्वनको सामाजिक लागत हटाएर ग्रिन हाउस ग्यासको उत्सर्जन घटाउन सकिन्छ। कुन उपकरण वा विधि अपनाउने त्यसको छनोट राष्ट्रको आर्थिक परिस्थिति र ईच्छामा निर्भर हुन्छ। विश्वमा हालसम्म करिव ४० देशहरू र २० भन्दा बढी प्रान्तहरूले पहिले नै कार्बन मूल्य निर्धारण संयन्त्रहरू प्रयोग गरिसकेका छन। साथै, ग्रिन हाउस ग्यासको उत्सर्जन गर्ने उद्योगहरूको हकमा उत्पादन बिन्दुमा Output based Tax को रूपमा Carbon pricing गर्ने वा ग्रिन हाउस ग्यासको उत्सर्जन गर्ने कच्चा पदार्थहरूमा Input based tax को रूपमा Carbon Pricing गर्ने दुवै मोडालिटीहरू पाईन्छ।

२०१. सामान्यतया, विकसित राष्ट्रहरूले ग्रिन हाउस ग्यासको उत्सर्जन गर्ने बस्तुको उत्पादन गरिने बिन्दुहरूमा उत्पादनको परिमाणमा कर लगाएको पाइन्छ। यसलाई Output Based Pricing System (OBPS) भनिन्छ। कतिपय देशहरूको आयातमा आधारित अर्थतन्त्रमा भन्सार बिन्दुमा कर सङ्कलन गरेको पाइन्छ। साथै, राज्यको कर नीति तथा करको दर करारोपणको आधारभूत तत्वको रूपमा रहेको पाइन्छ।

२०२. Côte d'Ivoire को सन्दर्भमा विश्व बैंकले गरेको एक अध्ययनले कार्वन करले कार्वन डाई अक्साईडको उत्सर्जन घटाउन मद्दत गर्नुको अलावा अनौपचारिक अर्थतन्त्रलाई औपचारिकमा जान मद्दत गरेको देखाएकोछ। कार्वन करको कारणले स्थानिय प्रदुषणमा कमी आई मानव स्वास्थ्यमा यसले दिने फाईदा बढि हुन्छ। विश्व बैंकको अर्को अध्ययनले कार्वन कर Regressive Tax भए पनि यसवाट उठाएको राजस्वलाई Cash transfer को माध्यमवाट विपन्न समुदायलाई प्रदान गर्दा वा उनिहरूको स्वास्थ्य वीमाको लागि खर्च गर्दा त्यसको प्रभावकारिता राम्रो देखिएकोछ।

**नेपालमा हरित करको वर्तमान अवस्था र सम्भावनाः**

२०३. नेपालमा हरित करको रूपमा नामाकरण गरी छुट्टै राजस्व शीर्षकमा करारोपण शुरु नगरिए पनि देहाय अनुसारका कार्वन उत्सर्जन गर्ने बस्तुहरूमा कर लगाउदै आएको देखिन्छ।

(१) पेट्रोल र डिजेल इन्धनको बिक्रीमा प्रति लिटरमा प्रत्येक वर्षको आर्थिक ऐनमा तोकेको दरमा नेपाल आयल निगमले बिक्री गर्दा प्रदुषण नियन्त्रण शुल्क लगाउने गरेको छ। यस बापत आर्थिक वर्ष २०७९/८० मा करिव रु.३ अर्व १० करोड सरकारलाई सरकारलाई प्राप्त भएकोछ। तर मट्टितेल, डिजल र हवाई इन्धनमा भने प्रदुषण नियन्त्रण शुल्क लगाउने गरिएको छैन। मट्टितेल र ठूलो सवारी साधनको प्रयोगमा डिजेल मध्यम अवधिको लागि छुट दिनु पर्ने हुनसक्दछ तर हवाई इन्धनमा यस्तो शुल्क लगाउनु उपयुक्त नहुन सक्छ।

(२) नेपालमा पैठारी हुने डिजेल र पेट्रोलमा प्रति लिटर १० रुपैयाको दरले भन्सार बिन्दुमा सालवसाली आर्थिक ऐन बमोजिम पूर्वाधार विकास कर लगाउदै आईएकोछ। यस बापत आर्थिक वर्ष २०७९/८० मा करिव रु.२० अर्व ५८ करोड राजस्व सरकारलाई प्राप्त भएकोछ।

(३) सडक मर्मत तथा सुधार गर्न विदेशवाट नेपालमा पैठारी हुने पेट्रोलमा प्रति लिटर चार रुपैया र डिजेलमा प्रति लिटर दुई रुपैयाका दरले भन्सार बिन्दुमा सालवसाली आर्थिक ऐनवाट सडक मर्मत तथा सुधार लगाउदै आईएकोछ। यस बापत आर्थिक वर्ष २०७९/८० मा करिव रु.७ अर्व १९ करोड राजस्व सरकारलाई प्राप्त भएकोछ।

(४) पैठारी हुने सवारी साधनमा भन्सार बिन्दुमा र नेपालमा उत्पादन हुने सवारी साधनको हकमा दर्ताका बखत यातायात व्यवस्था कार्यालयमा मूल्यको आधारमा तथा कतिपय सवारी साधनहरूमा प्रति गोटाका दरले सालवसाली रूपमा आर्थिक ऐनवाट तोकेको दरमा सडक निर्माण तथा सम्भार दस्तुर लाग्ने गरेकोछ।यस बापत आर्थिक वर्ष २०७९/८० मा करिव रू.३ अर्व ०३ करोड राजस्व सरकारलाई प्राप्त भएकोछ।

(५) वातावरण प्रदुषित गराउने वस्तु तथा क्रियाकलापलाई क्रमशः नियन्त्रित तथा निरुत्साहित गर्दै हरित अर्थतन्त्र प्रवर्द्धन गर्ने र राजस्वको दायरा विस्तार गर्नका लागि समेत हरित कर लगाउनु उपयुक्त हुने देखिन्छ स्वच्छ उर्जाको प्रवर्धन गर्ने कर नीतिलाई अझ व्यवस्थित र तथ्यमा आधारित बनाउनु पर्दछ।देहायको क्षेत्रमा हरित करको अवधारणा शुरु गर्नु पर्ने देखिन्छ।नेपालमा यातायातका क्षेत्रमा र इटा उत्पादन गर्ने उद्योगहरूमा कार्वन करवाट राजस्व बढाउने सम्भावना धेरै कम देखिन्छ।तर कार्वन करको माध्यमवाट स्वच्छ उर्जाको प्रबर्द्धनका लागि Climate smart Technologies मा रुपान्तरण गर्न प्रेरित गर्न सक्ने देखिन्छ।नेपालको विद्यमान energy and emission mix को सन्दर्भमा कार्वन करवाट एकदमै न्यून प्राप्त हुने आकलन गर्न सकिन्छ।तथापि कार्वन करवाट प्राप्त हुने राजस्व GHGs उत्सर्जनको कारण खतरामा परेका परिवारहरू र मानव समुदायले व्यहोर्नु पर्ने सम्भावित अतिरिक्त लागतको क्षतिपूर्तिमा लगाउन सकिन्छ।

(६) सवारी साधन कर प्रदेशको क्षेत्राधिकारमा पर्दछ। निजी प्रयोगका आउने विलसिताको बर्गमा पर्ने सवारी साधनहरू बाहेक स्वच्छ उर्जा र अन्य हरित ऊर्जामा आधारित सवारी साधनमा कम महशुल लगाउन सकिन्छ। त्यस्तै, नेपालमा कार्बन उत्सर्जनको आधारमा प्रगतिशील आधारमा सवारी करहरू लगाउन सकिएको छैन।

**सुझावहरुः**

२०४. हरित कर लगाउने सम्भावनाको मूल्याकन, करारोपण र हरित अर्थतन्त्रको प्रवर्द्धनका लागि निम्न सुझावहरू समितिले सिफारिस गर्दछ।

(१) नेपालमा हरित कर अथवा वातावरणीय करको रूपमा प्रत्यक्ष रूपमा करारोपण गरिएको पाइदैन। तथापी पेट्रोलियम पदार्थ खासगरी विदेशवाट नेपालमा पैठारी हुने डिजल र पेट्रोलमा पैठारीकै बखत भन्सार बिन्दुमा सडक मर्मत तथा सुधार दस्तुर तथा पूर्वाधार विकास कर असुल गरिन्छ भने पैठारी भईसकेपछि नेपाल आयल निगमले प्रदुषण नियन्त्रण शुल्क असुल गरी राजस्वमा जम्मा गर्छ। इन्धनमा लागू गरिएका उल्लेखित विभिन्न कर तथा शुल्कहरूको कारणले इन्धनमा उच्च दरमा कर लागू गरिएको भनी आलोचना समेत हुने गरेको सन्दर्भमा यि सम्पूर्ण करहरूको सट्टामा मिल्दाजुल्दा महशुलहरूलाई एकीकरण

Clubbing गरी हरित करको नामाकरण गरी राजस्व शीर्षकमा समावेश गर्ने गरी सांकेतिक रूपमा हरित करको शुरुवात गर्नु उपयुक्त हुने।

(२) जलविद्युत ऊर्जा लगायत सबै ऊर्जा क्षेत्रमा करकट्टिको सुविधा दिई मूल्य अभिवृद्धि कर लागु गर्ने।

(३) हवाई इन्धनमा हालसम्म नेपालमा प्रदुषण नियन्त्रण शुल्क लागेको नदेखिएकोले हरित कर लगाउन उपयुक्त हुने।

(४) विगतमा बढी प्रदुषण गर्ने गैर कृषिजन्य उद्योग र इटा भट्टाहरूमा अन्तःशुल्क लगाउने गरिएकोमा यस्ता प्रदुषणयुक्त उद्योगहरूमा पुनः अन्तःशुल्क वा कार्वन कर लगाउन उपयुक्त हुने।

(५) वातावरणको हिसावले जोखिमपूर्ण मानिएको कोइलामा लगाएको भन्सार महसुलका अतिरिक्त हरित कर लगाउन उपयुक्त हुने,

(६) पेट्रोलियम पदार्थ लगायत वातावरणलाई नकारात्मक असर गर्ने मालवस्तुको उत्पादन र पैठारीमा अन्तः शुल्क लागेको वा नलागेको अवस्थामा अतिरिक्त हरित कर लगाउन उपयुक्त हुने। वातावरणलाई नकारात्मक असर गर्ने मालवस्तुको उत्पादन र पैठारीमा अन्तः शुल्क वा कार्वन कर लगाउन/बढाउन उपयुक्त हुने।

(७) साविकमा अन्तःशुल्क लागि रहेका मालवस्तुहरूमा अन्तशुल्कको सट्टामा हरित कर लगाउन सकिने सम्भावना देखिएकोले यस सम्बन्धमा थप अध्ययन गरी करको दायरा विस्तार गर्ने वा साविकमा लगाई आएका अन्य करहरूलाई हरित करको रूपमा Rebranding गर्न सकिने। यसवाट नेपालको अन्तर्राष्ट्रिय जगतमा सकारात्मक सन्देश जाने देखिन्छ।

(८) हरित अर्थतन्त्र प्रवर्द्धन गर्न लगाउनु पर्ने हरित करसम्बन्धी केही सुझावहरू माथि भन्सारको खण्डमा दिइएको छ। कार्वनको स्तर/मात्राको आधारमा हरित कर लगाउदा समग्र अर्थतन्त्र, आर्थिक वृद्धि र वितरण, सीमापार व्यापार तथा हरित करबाट प्राप्त हुने राजस्वको उपयोग विधिबारे सुक्ष्म अध्ययन गर्ने। यस्तो थप अध्ययनको आधारमा हरित करको दर र दायरा वारे निर्णय लिने।

(९) हरित अर्थतन्त्र प्रवर्द्धन नगर्ने किसिमका उद्योग व्यवसायमा प्रयोग हुने मिलमेसिनरीहरूमा ह्रास खर्चको दरको समय लामो राख्ने। वातावरण संरक्षण गर्ने, स्वच्छ ऊर्जाको प्रयोग गर्ने तथा कार्वन उत्सर्जन घटाउने प्रविधि तथा प्लान्टहरूको प्रयोग गर्ने उद्योग/व्यवसायमा आयकरको दरमा निश्चित प्रतिशत छुट दिने वा त्यस्तो सम्पतिमा द्रुतरूपमा ह्रास खर्च कट्टि दिने व्यवस्था गर्ने। हरित अर्थतन्त्रको प्रवर्द्धन गर्ने उत्पादन गर्ने मिलमिसिनरी तथा उपकरणहरूमा द्रुततर ह्रास खर्च कट्टी दिने जस्ता प्रवन्ध आयकर कानुनमा गर्ने।

(१०) जलविधुतको घरायसी खपत वृद्धि गर्न घरायसी बिद्युतको महशुलमा पुनरावलोकन गरी एलपी ग्यासमा दिदै आएको अनुदान क्रमश घटाउदै जाने र आगामी ३ वर्ष भित्र यस्तो अनुदान पुरै हटाउने।

(११) नेपालमा पैठारी हुने सवारी साधनहरूमा WTO को Bound Rate भित्र सीमित हुने गरी भन्सार महसुल कायम गर्ने। स्वच्छ उर्जाको खपत अभिवृद्धि गर्ने विषयमा सरकारको प्रतिवद्धता देखिएको सन्दर्भमा स्वच्छ उर्जा बाहेक अन्य इन्धनमा आधारित सवारी साधनको पैठारीमा

हरित करको माध्यमवाट राजस्व परिपुर्ती गर्न सक्ने सम्भावना देखिएकोले यस सम्बन्धमा थप अध्ययन गरी निर्णय लिनु उपयुक्त हुने।

(१२) कार्बन उत्सर्जनसँग सम्बन्धित वातावरणीय लागतहरुलाई आन्तरिक बनाउन कार्बन कर वा उत्सर्जन व्यापार योजनाहरु जस्ता कार्बन मूल्य निर्धारण संयन्त्रहरु लागू गर्ने तथा व्यवसायहरुलाई उनीहरुको कार्बन फुटप्रिन्ट कम गर्न र सफा उत्पादन प्रक्रियाहरु अपनाउन प्रोत्साहित गर्ने;

(१३) हरित अर्थतन्त्रलाई प्रोत्साहन गर्ने उद्देश्यले स्थापना भएका फोहोर प्रसोधन केन्द्र, प्रयोग भइसकेको वस्तु कच्चा पदार्थका रुपमा प्रयोग गरी उत्पादन गर्ने उद्योग, फोहोरबाट उर्जा उत्पान गर्ने जस्ता उद्योगहरुलाई प्रोत्साहन गर्न आवश्यक हुँदा सो क्षेत्रमा स्थापना भएका उद्योगहरुलाई आवश्यक कर छुट तथा सहुलियत प्रदान गर्नुपर्ने;

(१४) उर्जाको निमित्त कोइला, भुस, दाउरा जस्ता वस्तुको उपभोग गर्ने उद्योगहरुले विद्युतको उपभोग गर्न उपकरणको जडान गरेमा प्रोत्साहन स्वरुप उक्त उद्योगहरुलाई विद्युतको उपभोग गर्ने उपकरणको लागत बराबरको रकम खरिद गरेको बर्षमा नै ह्रास कट्टीको रुपमा खर्च दावी गर्न दिइने व्यवस्था गर्ने।

(१५) कार्वन उत्सर्जन गर्ने सवारी साधन तथा विद्युतीय सवारी साधनको तुलनात्मक अध्ययन गरी पैठारीमा हरित कर लगाउन सकिने सम्भावना, सो कर लगाएमा राजस्व सङ्कलन र वातावरणमा पर्ने प्रभावको मूल्याङ्कन लगायतका विषयमा विश्व बैंकका बिज्ञले अध्ययन गरिरहेको र शिघ्र नै अर्थ मन्त्रालयमा प्रतिवेदन प्रस्तुत गर्ने जानकारी समितिलाई प्राप्त भएको छ। सो प्रतिवेदन उपयोगी हुने विश्वासका साथ प्रतिवेदन अध्ययन विश्लेषण गरी यस विषयमा निष्कर्शमा पुग्न उपयुक्त हुने।

## परिच्छेद- १२ गैर कर राजस्व अवस्था र सुधारका आयाम

२०५. समान्यतया राजस्वलाई कर राजस्व र गैरकर राजस्वको दुई वर्गमा विभाजन गरेको पाइन्छ। आय, मुनाफा, पुँजीगत लाभ, सम्पत्ति, उपभोग, तथा वस्तु तथा सेवाको कारोबारमा लाग्ने आयकर, रजिष्ट्रेसन शुल्क, सम्पत्ति कर, मूल्य अभिवृद्धि कर, भन्सार महसुल, अन्तःशुल्क लगायतका कर तथा शुल्कलाई कर राजस्व भनिन्छ। सरकारी सम्पत्तिबाट प्राप्त ब्याज, लाभांश, भाडा, रोयल्टी, सरकारी वस्तु तथा सेवाको बिक्रीबाट प्राप्त हुने रकम, प्रशासनिक सेवाशुल्क, दण्ड जरिवाना र जफत आदि बाट प्राप्त हुने रकमलाई गैरकर राजस्व भनिन्छ।

२०६. गैरकर राजस्वका स्रोतहरू सार्वजनिक सेवा प्रवाह, कानुन कार्यान्वयनको क्रममा गरिने दण्ड जरिवाना, राज्यले उपलव्ध गराउने वस्तु तथा सेवा र प्राकृतिक सम्पदाको प्रयोगमा आधारित रहेका हुन्छन्। सरकारले सार्वजनिक संस्थानहरूमा गरेको शेयर लगानी बापत प्राप्त हुने लाभांश, ऋण लगानी बापत प्राप्त हुने व्याज, सरकारी सम्पत्ति बिक्रीबाट प्राप्त आय र सरकारी वा सार्वजनिक सम्पत्तिको भाडाबाट प्राप्त हुने आय पनि गैरकर राजस्वमा पर्दछन्। कर राजस्व बाहेक सरकारको अन्य आयलाई गैर कर राजस्व भनी व्याख्या गर्न समेत सकिन्छ। नेपालमा पनि यही परिभाषालाई आधार बनाएर कर र गैर कर राजस्वको वर्गीकरण गरिएको छ।

२०७. नेपालमा गैरकर राजस्व परिचालनमा सरकारका प्रायजसो सबै निकायहरू संलग्न रहने गरेका छन्। यस्ता राजस्वहरू विविध प्रकृतिका स्रोतहरूबाट सङ्कलन गरिन्छ। सीमित कराधार, विविध करका दर र फरक प्रकृतिका संगठनात्मक संरचना मार्फत सङ्कलन गरिने हुंदा गैरकर राजस्वको सम्भाव्यता अध्ययन, विश्लेषण, प्रक्षेपण, सङ्कलन, अभिलेखीकरण, प्रतिवेदन, कार्यप्रगति समीक्षा तथा लेखा परीक्षणजस्ता व्यवस्थापकीय पक्ष एकीकृत नभै विभाजित र कमजोर रहेको छ। गैर कर सङ्कलन गर्ने कार्य सम्बन्धित निकायको Core Function मा नपर्ने तथा नियमन र अनुगमन गर्ने निकाय समेत निश्चित नहुँदा गैर कर राजस्वले कर राजस्वले जति महत्व पाएको छैन। गैरकर राजस्वलाई सरकारी सम्पत्तिबाट प्राप्त हुने गैरकर राजस्वः वित्तीय तथा विभिन्न सार्वजनिक निकायबाट प्राप्त ब्याज, लाभांश, भाडा तथा रोयल्टी, वस्तु तथा सेवा बिक्रीबाट प्राप्त रकम, दण्ड जरिवाना जफत, अनुदान बाहेकको स्वैच्छिक हस्तान्तरण र विविध राजस्वको रूपमा वर्गीकरण गरिएको छ।

२०८. सार्वजनिक निजी साझेदारी एवं निर्माण संचालन तथा हस्तान्तरण सम्बन्धी प्रचलित कानुनबाट इजाजत प्रदान गरिएका सार्वजनिक सम्पत्ति वा प्राकृतिक स्रोत सम्बद्ध विकास आयोजनाहरू सरकारलाई हस्तान्तरण भएपछि उक्त आयोजनाबाट प्राप्त हुने आय समेत गैर कर राजस्वको वर्गिकरण भित्र पर्ने देखिन्छ र आगामी दिनमा नेपालको लागि यो प्रमुख आय स्रोतहरू मध्ये एक हुनेछ।

**तालिका नं. २४ आ व २०७९/८० मा सङ्कलन भएको गैर कर राजस्वको मुख्य शीर्षकको विवरण**

| शीर्षक | रकम (रू.लाखमा) |
|---|---|
| १४१२१-वित्तीय निकायबाट प्राप्त लाभांश | १४६८४४ |
| १४१२४-सेवामुलक निकायबाट प्राप्त लाभांश | १२७०७६ |
| १४२२७-राहदानी शुल्क | १०३४२५ |

| शीर्षक | रकम (रू.लाखमा) |
|---|---|
| १४२१४-दूरसंचार सेवा शुल्क | ७३८९७ |
| १४२२९-अन्य प्रशासनिक सेवा शुल्क | ४९६२४ |
| १४११४-सेवामुलक निकायबाट प्राप्त ब्याज | ४९२७१ |
| १४२२८-भिसा शुल्क | ३५८५८ |
| १४१५९-अन्यस्रोतबाट प्राप्त बाँडफाँड नहुने रोयल्टी | ३५२७१ |
| १४३१२-प्रशासनिक दण्ड,जरिवाना र जफत | ३१५६९ |
| ३३३६४-विद्युत सम्बन्धी रोयल्टी | ३१५५२ |
| १४५२१-प्रदुषण नियन्त्रण शुल्क | ३०९८८ |
| १४११९-अन्य निकायबाट प्राप्त ब्याज | २८१०२ |
| १४५२९-अन्य राजस्व | २३२९५ |
| १४२२१-न्यायिक दस्तूर | १७००९ |
| १४२१५-टेलिफोन स्वामित्वको शुल्क | १३६०५ |
| ३३३६१-वन क्षेत्रको रोयल्टी | १३४७८ |
| १४२५१-कम्पनी रजिष्ट्रेशन दस्तुर | १२४२५ |
| १४२६२-विद्युत सम्बन्धी दस्तुर | ११५०६ |
| अन्य विभिन्न शीर्षकहरूबाट | ८२४०७ |
| **जम्मा** | **९१७२०३** |

स्रोतः महालेखा नियन्त्रक कार्यालय।

नोटः रू.एक अर्व भन्दा ज्यादा योगदान गर्ने गैर करका शीर्षकको विवरण हो। विभिन्न आर्थिक बर्ष को विस्तृत विवरण अनुसूचीमा संलग्न छ।

२०९. महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त तथ्याङ्क विश्लेषण गर्दा आर्थिक वर्ष २०७९/८० मा जम्मा ८१ वटा शीर्षकमा कुल रू.९१ अर्ब ७२ करोड गैर कर राजस्व सङ्कलन भएकोमा १५ वटा शीर्षकमा रू.१ अर्व भन्दा बढी गैर कर सङ्कलन भएको छ। सो मध्ये पनि वित्तीय निकायबाट प्राप्त लाभांश रू.१४ अर्ब ६८ करोड एवं सेवामूलक निकायबाट प्राप्त लाभांश रू.१२ अर्ब ७० करोड र राहदानी शुल्कबाट रू.१० अर्ब ३४ करोड प्राप्त भएको देखिन्छ। यसैगरी दुरसंचार सेवा शुल्क रू.७ अर्ब ३८ करोड र प्रदुषण नियन्त्रण शुल्क रू.३ अर्ब ९ करोड सङ्कलन भएको छ। यसैगरी प्रशासनिक दण्ड जरिवाना जफत रू.३ अर्ब १५ करोड न्यायिक दस्तुर रू.१ अर्ब ७० करोड र कम्पनी रिजष्ट्रेशन दस्तुर रू.१ अर्ब २४ करोड सङ्कलन हुन पुगेको देखिन्छ। तीन तहका सरकारको बीचमा बाँडफाँट हुने बिधुत रोयल्टी रू.३ अर्ब १५ करोड वन क्षेत्रको रोयल्टी रू.१ अर्ब ३४ करोड र पर्वतारोहण रोयल्टी मात्र ९४ करोड सङ्कलन भएको देखिन्छ।

२१०. संकलित रोयल्टीको विश्लेषण गर्दा नेपाल राष्ट्र बैंक र अन्य वित्तीय संस्था तथा अन्य सार्वजनिक संस्थानबाट प्राप्त हुने लाभांश रकम नै गैर करको प्रमुख स्रोतको रूपमा रहेको देखियो। तत्पश्चात राहदानी शुल्क दुरसंचार सेवा शुल्क आदि शीर्षकमा उच्द दरमा गैर करको सङ्कलन भई रहेको देखियो। अध्ययन विश्लेषण गरिएको विगत १० वर्षको तथ्याङ्क यो भन्दा भिन्न छैन तर निकट भविष्यमा नै यो परिदृष्य परिवर्तन हुनेछ किनकी निर्माण संचालन र हस्तान्तरणको मोडलमा संचलित

विधुत आयोजनाहरू सरकारलाई हस्तान्तरण हुने चरणमा पुग्दैछन् र आगामी एक दशक भित्र विधुत बिक्रीबाट प्राप्त हुने आय नै गैर कर तर्फको मुख्य आयस्रोतको रूपमा स्थापित हुनेछ।

२११. निर्माण संचालन र हस्तान्तरण मोडलमा संचालित आयोजनाको समग्र ढाँचामा नै परिमार्जन गर्न आवश्यक देखिन्छ। यस्ता आयोजनाको इजाजत पत्र जारी गर्दा प्रतिस्पर्धाको व्यवस्था गर्न सकेमा त्यसको वास्तविक बजार मूल्य तय भई त्यसबाट प्राप्त हुने लाभ सबै जनतामा वितरण हुन पुग्दछ। यसैगरी सरकारको तर्फबाटै पूर्वतैयारी गरी प्रतिस्पर्धामा आयोजनाको इजाजत बिक्री गर्नु थप बैज्ञानिक र पारदर्शी हुने देखिन्छ। यस्ता आयोजना हस्तान्तरण पश्चातको व्यवस्थापनलाई केन्द्रीत गरी संचालनको मोडालिटि तैयार गर्ने, हस्तान्तरण हुने चरणमा कायम राख्नु पर्ने गुणस्तर तर्जुमा गर्ने तथा समग्रमा आयोजना निर्माणको मापदण्ड र गुणस्तर सम्झौता पूर्व नै तर्जुमा गर्ने जस्ता कार्य गरी आयोजनाको दिगोपना सुनिश्चित गर्ने तथा मर्मत संभार खर्च घटाउने जस्ता कार्यमा विशेष ध्यान दिन जरुरी देखिन्छ। आयोजना हस्तान्तरण पश्चातको व्यवस्थापन कम्पनी मोडलमा गर्नु उपयुक्त हुन सक्दछ। साथै भविष्यमा आयोजनागत सरोकार र सहमतिको आधारमा प्रदेश र स्थानीय तह समेतले यसमा लगानी गर्ने एवं आयोजना हस्तान्तरण पश्चात लाभमा हिस्सेदारी प्राप्त गर्ने कानुनी आधार तैयार गरिनु पर्ने देखिन्छ। यस्ता आयोजनाहरूको शेयर ग्रहण गरेका सर्वसाधारण व्यक्तिहरूको हक आयोजनाको हस्तान्तरण पश्चात रहने वा नरहने विषयमा नीति निर्धारण र पर्याप्त संचार गर्न समेत आवश्यक देखिन्छ।

२१२. सेवामूलक निकायबाट प्राप्त लाभांश गैर करको अर्को प्रमुख स्रोत हो। सरकारको पूर्ण वा आंशिक स्वामित्व भएका सार्वजनिक संस्थानहरूले दिने लाभांश यसमा समावेश छ। सार्वजनिक संस्थान सुधारका दुई महत्वपूर्ण पक्षहरू खर्च कटौति र आय बृद्धि हुन्। सुधारका लागि सार्वजनिक संस्थानहरूको निजीकरण वा विनिवेश एवं सरकारी सम्पत्तिको बिक्री जस्ता रणनीतिहरू लिने गरिएको छ तर लाभांशको प्रयोग गर्ने सम्वन्धमा नीतिगत सुधार गर्नु पर्ने देखिएको छ। संस्थाले गरेको नाफा रिजर्भमा राख्ने र नाफा नहुँदा त्यसको प्रयोगगरी हिसाव मिलाउने प्रवृत्तिले सरकारको आयमा असर गरिरहेको छ। यसैगरी सरकारलाई प्राप्त एकाधिकारको प्रयोगरी नाफा गर्ने गरेका संस्था विनिवेशमा जाने तर वजारमा प्रतिस्पर्धा भई सकेका क्षेत्रमा कृयाशील संस्थाहरू हरेक वर्ष लगानी थप्दै चलाउने जस्ता विरोधाभाषपूर्ण नीतिहरू त्याग्नु पर्दछ।

२१३. प्राकृतिक स्रोत एवं सार्वजनिक प्रकृतिको सम्पत्ति उपयोग गर्ने गरी इजाजत पत्र जारी गर्दा प्रतिस्पर्धाको व्यवस्था गर्नु अत्यावश्यक देखिन्छ। जलस्रोत, खानी, टेलिकमका फ्रिक्वेन्सी लगायत सबै सार्वजनिक सम्पत्तिको इजाजत पत्र जारी गर्दा प्रतिस्पर्धामा जारी गर्ने व्यवस्था गरिनु पर्दछ। तिव्र विकास भई रहेका प्रविधि संग सम्वन्धित इजाजत जारी गर्दा पर्याप्त अध्ययन विश्लेषण गरी, अन्तर्राष्ट्रिय अभ्यास समेतका आधारमा सर्वसाधारणले प्राप्त गर्ने सेवाको शुल्कमा पर्ने असर समेत अध्ययन गरी तोकिनु पर्दछ।

२१४. रोयल्टीको दर निर्धारण गर्ने कानुनहरू तर्जुमा वा परिमार्जन गर्दा अन्तर्राष्ट्रिय अभ्यास समेतको अध्ययन गरी यसका दरहरू तोकिनु उचित हुन्छ। तीन तहका सरकारको बीचमा बाँडफाँट हुने बन, खानी र विधुत रोयल्टीको दरहरू तोक्दा अधिकारमा आधारित अवधारणा बमोजिम तोकिनु पर्दछ। नेपालमा उच्च संभावना भएको खानी क्षेत्रमा समग्रमा राज्यको लगानी नै न्यून भएको देखिन्छ। वन

र वातावरणको क्षेत्रमा अधिकारक्षेत्रको द्वन्द नै सिर्जना हुने गरी स्थापित निकायहरूको भूमिका पुनपरिभाषित गरी समस्याको समाधान गर्नु आवश्यक छ।

२१५. गैर कर राजस्वको मूख्य क्षेत्र सेवा शुल्क तथा दस्तुर लगाँउदा उक्त सेवा उपलब्ध गराउँदा परेको लागत, संचालन र संभार खर्चको आधारमा लगाउनु पर्ने विधिशास्त्रीय मान्यता रहेको छ र अन्तरसरकारी वित्त व्यवस्जथापन एनमा समेत सोही व्यवस्था गरिएको छ। यसलाई कुनै पनि तहले अतिरिक्त राजस्व प्राप्त गर्ने स्रोतको रूपमा लिनु हुदैन। वस्तु तथा सेवाको लागत संग सम्बद्ध भई सङ्कलन गरिने भएकोले सरकारका खर्च जिम्मेवारीहरू निर्वाह गर्न यसबाट तात्विक सहयोग प्राप्त हुदैन तर व्यवहारिक रूपमा हेर्दा सेवा तथा दस्तुरका दरहरू लामो समय सम्म पनि परिमार्जन नगरिनाले यसले सेवाकै लागत धान्न नसकी कर राजश्व तर्फ चाप विस्तार भएको पाइन्छ। अर्को तर्फ सरकारको स्थायी जनशक्ति अफ्नै भवन तथा नियमित साधारणा खर्चबाट कार्यालयहरू संचलित हुँदा त्यस्ता कार्यालयले प्रदान गर्ने सेवाको वास्तविक लागत नै एकीन गर्न नसकी तोकिएका शुल्क तथा दस्तुर ठीक भए वा नभएको निचेड निकाल्न समेत समस्या पर्ने देखिन्छ।

२१६. गैर कर राजस्व परिचालनको संस्थागत प्रवन्ध समेत परिमार्जन गर्नु पर्ने अवस्था छ। गैर करका दरहरूको सामयीक परिमार्जन अन्तरतह सामन्जस्य तथा सेवा शुल्क एवं दस्तुरहरूको निर्धारण गर्न आवश्यक पर्ने अध्ययन अनुसन्धान गर्न हाल भई रहेको शाखागत संरचनालाई महाशाखामा स्तरबृध्दि गर्न आवश्यक छ। यसैगरी समग्र गैरकरको परिचालनलाई व्यवस्थित वनाउन सफ्टवयरको तर्जुमा गर्ने, गैर करका दरहरूको आवधिक परिमार्जनको लागि संयन्त्र बनाउने, गैर कर सङ्कलनमा सम्वन्धित निकायलाई थप जिम्मेवार वनाउन निश्चित प्रतिशत राजस्व बाँडफाँट गर्ने जस्ता कानुनी प्रवन्ध गर्नु पर्ने देखिन्छ।

**गैर कर राजस्वका समस्याहरू**

२१७. गैर कर राजस्व परिचालनको क्षेत्रमा देखिएका समस्याहरू यस प्रकार छन्।

(१) गैरकर राजस्वका आधार, दर, नियमन गर्ने निकाय र यसको समग्र व्यवस्थापन सम्बन्धी विषयक्षेत्र गत नीति र एकीकृत प्रक्रियागत कानुनको अभाव रहेको छ। कतिपय गैर कर सङ्कलन गर्ने विषय कानुन र नियममा समेत उल्लेख नभएको अवस्था छ।कुनै कुनै निकायले त निर्देशिकाको आधारमा समेत गैर कर सङ्कलन गरिरहेका छन्।

(२) सार्वजनिक संस्थानहरूबाट उठनु पर्ने गैर कर राजस्व कति हो र उठन बाँकी कति हो त्यसको एकिन हिसाव छैन।साथै त्यस्ता संस्थानहरूको संचालन र व्यवस्थापन पक्ष कमजोर भएकै कारण उठनु पर्ने गैर कर राजस्व समेत उठीरहेको छैन।

(३) गैर करको प्रशासन, नियमन र अनुगमन गर्ने छुट्टै निकाय छैन, कार्यविधिगत जटिलताहरू छन र आधुनिक सूचना प्रविधिको प्रयोग गर्ने निकायहरू न्यूनरहेका छन। साथै, गैर कर राजस्व सङ्कलन गर्ने निकाय, त्यस्तो राजस्व रकम जिम्मा राख्ने निकाय र राजस्वको अभिलेख राख्ने निकाय बीच सूचना सञ्जालको अभाव रहेको छ।

(४) गैर कर राजस्वको दरहरू तोक्नकालागि अपनाइने निश्चित सिद्धान्त र आधारहरू स्पष्ट छैनन्। गैरकर उठ्न सक्ने सम्भावित क्षेत्रको पहिचान समेत हुन सकेको छैन्। यो कर लगाउने क्षेत्र, कराधार र करको दर अद्यावधिक हुने गरेका पनि छैनन्।

(५) सार्वजनिक सेवा प्रभावकारी नभएको कारण पनि गैर करलाई विस्तार गर्न सकिएको छैन।

(६) गैर करलाई सार्वजनिक वस्तु तथा सेवाको लागत, समय, परिमाण, गुणस्तरसँग आवद्ध गर्न सकिएको छैन।

(७) गैर करको प्रक्षेपण, अभिलेखाङ्कन, प्रतिवेदन, समीक्षा र लेखा परीक्षणको पक्ष कमजोर रहेको छ। गैर कर राजस्वको वार्षिक लक्ष्यलाई सम्बन्धित निकायहरूका बिच विभाजन गर्न सकिएको छैन,

(८) संघ, प्रदेश र स्थानीय तहबिच गैरकर राजस्व सङ्कलनका आधारहरू पनि बैज्ञानिक छैनन।

(९) गैर कर राजस्वमा प्रदेश र स्थानीय तहको कार्य क्षेत्र र भूमिका तथा कर सङ्कलनमा सहकार्य र समन्वय गर्ने एकल प्रणालीको अभाव रहेको छ।

(१०) नेपालको प्राकृतिक स्रोतमा आधारित सार्वजनिक राजस्वको स्रोतहरू जस्तैः रोयल्टी, जलविद्युत बिक्रीको आय वा बजारमा आधारित सार्वजनिक राजस्व जस्तै दुरसञ्चारको स्पेक्ट्रम बिक्रीबाट प्राप्त हुने रोयल्टी वा अन्य आयको उच्चत्तम उपलब्धता हासिल गर्न नीतिगत प्रयत्नहरू कमजोर छन्।

**गैर कर राजस्व सुधारका क्षेत्रहरू**

२१८. गैर कर राजस्व प्रणाली, नीति र प्रशासनमा सुधारका लागि समितिले निम्न सिफारिस गर्दछ।

(१) गैर करको क्षेत्रका लगानी नीतिमा रोयल्टि, व्याज र लाभांशका बारेमा स्पष्ट भएको छाता नीति र यसको आधारमा कानुनको तर्जुमा गर्ने, गैर कर आयका दरहरूको आधार तय गर्नु भन्दा अघि यसको अध्ययन तथा त्यसले राज्यको आम्दानीमा गर्ने योगदानको र सो व्यवसाय तथा लगानीको आर्थिक दक्षताको आधारमा गरिन सुझाव दिइएको छ।

(२) गैर कर राजस्व, खासगरी सार्वजनिक लगानीको प्रतिफल र सम्पत्ति व्यवस्थापनको प्रतिफल वजार सिद्धान्तको आधारमा राज्यले लिनु पर्दछ। जस्तै: दूर संचारको स्पेक्ट्रम, लाईसेन्स, फ्रिक्वेन्सी वा अन्य प्रविधिजन्य सेवाहरूको दीर्घकालीन वजार क्षमता र सम्भाव्य मूल्य अभिवृद्धि कर समेतको आधारमा बढाबट प्रकृयाद्वारा उच्चत्तम आय आर्जन सरकारले गर्नुपर्दछ।

(३) निजी क्षेत्रले लगानी गरेको वा सार्वजनिक निजी साझेदारी अन्तर्गत स्थापना गरिएका जलविद्युत आयोजनाहरू नेपाल सरकारलाई फिर्ता हस्तान्तरण भए पश्चात उपलब्ध हुन सक्ने आयको उपयुक्त आंकलन गरी बजार सिद्धान्तका आधारमा उच्चत्तम राजस्व सङ्कलन गर्न कानुनी, संगठनात्मक र व्यवस्थापकीय प्रबन्ध मिलाउन सुझाब गरिन्छ। यही सिद्धान्तका आधारमा दुरसञ्चार र अन्य क्षेत्रबाट पनि आम्दानीको स्रोतको दिगो प्रबन्ध गरिनुपर्दछ।

(४) सार्वजनिक-निजी साझेदारी मा वा निजी क्षेत्र मार्फत सच्चालन हुने जलविद्युत आयोजनाहरूको सम्झौता हुँदा नेपाल सरकार वा यसका संस्थाहरूलाई आयोजना फिर्ता हुन थाले पछि प्राप्त हुने राजस्व र लाभको मूल्याङ्कन गरी नगद प्रवाहलाई सञ्चित कोषमा दाखिला गर्ने प्रावधान र कार्यढाँचा समेट्नु पर्ने देखिन्छ।

(५) राज्यले एकाधिकार दिई खोलेका सेवा (जस्तै दूर संचार, पर्यटन, विद्युत) वा वस्तु उत्पादन गर्ने संस्थाहरूको मुनासीव कोषहरूमा (Statutory Reserve Funds) रकम छुट्याए पछि वाँकी सबै रकम लाभांशको रूपमा सञ्चित कोषमा दाखिला गराउनु पर्दछ।

(६) गैर कर राजस्व सङ्कलन गर्ने सम्बन्धित मन्त्रालयमा वा महालेखा नियन्त्रक कार्यालयमा गैर कर व्यवस्थापन महाशाखा स्थापना गर्नु पर्दछ। यस महाशाखा बाट अनुगमन र नियमन व्यवस्थालाई प्रभावकारी बनाउनु पर्ने देखिन्छ।

(७) गैर कर सङ्कलन तथा व्यवस्थापनको लागि क्षेत्रगत तथा कार्यविधिगत जटिलता हल गर्न छुट्टै निर्देशिका तर्जुमा गर्नु पर्दछ।

(८) गैर करको अभिलेखलाई स्वचालित प्रणालीमा लैजान यस सम्बन्धी एकीकृत गैर कर प्रणाली (Integrated Non-Tax System-INTS) सम्बन्धी सफ्टवेयर निर्माण गर्नु पर्दछ।

(९) गैर करको सम्भाव्यता अध्ययन गरी वार्षिक लक्ष्य निर्धारण गर्ने र सम्बन्धित निकायहरूबिच बाँडफाँड पर्दछ।

(१०) सम्बन्धित निकायले वार्षिक बजेटको तर्जुमा गर्दा नै गैर कर राजस्वको पनि लक्ष्य निर्धारण गरी अर्थ मन्त्रालयमा पेश गर्ने व्यवस्था मिलाउनु पर्दछ।

(११) गैर करका दरहरूलाई प्रत्येक ५ वर्षमा पूनरावलोकन गरी अद्यावधिक गर्ने र गैर करका क्षेत्र र कराधार पहिचान गरी सो आधारमा कर सङ्कलन गर्नु पर्दछ।

(१२) सार्वजनिक वस्तु तथा सेवाको परिमाण, लागत, समय एवं गुणस्तरका आधारमा गैर करका दर निर्धारण गरिनु पर्दछ।

(१३) निजी क्षेत्र मार्फत सेवाप्रवाह, संचालन तथा व्यवस्थापन गरिने तर सार्वजनिक सम्पत्तिको रूपमा रहेका सार्वजनिक वस्तुको इजाजत जारी गर्दा सरकारकै लगानीमा पूर्व तयारी तथा अध्ययन अनुसन्धान गरी सार्वजनिक सूचना वा वोलकवोलको सूचनाका माध्यमबाट इजाजतपत्र जारी गर्ने नीति लागु गर्ने तथा पूर्वतयारीको काम नभएको सार्वजनिक वस्तुको अनुमति पत्र वितरण गर्दा सार्वजनिक सूचना वा वोलकवोलको सूचनाका माध्यमबाट इजाजतपत्र जारी गर्ने प्रबन्ध गरिनु पर्दछ।

(१४) सार्वजनिक निजी साझेदारीको अवधारणमा अनुसारका अनुमति स्वीकृति दिएका व्यवसायको अनुमतिपत्र समाप्त पछि सरकारको जिम्मामा आउने भएकोले त्यस्ता आयोजना सरकारमा हस्तान्तरण हुनु पूर्व नै त्यसको संचालन तथा व्यवस्थापन गर्ने प्रणालीको पूर्व तयारी गरिनु पर्दछ।

(१५) सार्वजनिक निजी साझेदारीको मोडलमा संचालित हुने र निश्चित अवधि पछि सरकारलाई हस्तान्तरण हुने कुनै व्यवसाय सँग आवद्ध कम्पनीको निश्चित प्रतिशत शेयर सर्वसाधारण र रणनैतिक साझेदारलाई दिने गरी अवधारणा सहितको कानूनि प्रवन्ध गरिनु पर्दछ।

(१६) सार्वजनिक निजी साझेदारीका अनुमति लिएका परियोजनाको व्यवसाय निर्माण तथा संचालन गर्दा परियोजना निर्माण तथा सञ्चालन गुणस्तरको मापदण्ड अनुमति पूर्व नै तोकिनु पर्ने देखिन्छ। साथै परियोजना सरकारलाई हस्तान्तरण पछि सञ्चालन तथा मर्मत संभार खर्चको लागि परियोजनाको सरकारले प्राप्त गर्ने आयबाट सञ्चाल कोष खडा गर्ने व्यवस्था मिलाउनु पर्दछ।

## परिच्छेद- १३ करको अनुपालना र कर जोखिम व्यवस्थापन

२१९. सूचना प्रणालीको महत्तम उपयोग गरी पारदर्शी अर्थतन्त्र, स्वच्छ एवम् उत्तरदायी राजस्व प्रशासनको विकासको माध्यमबाट करको दायरा विस्तार गरी राजस्वको आधार बलियो बनाउने नीति सरकारले लिएको देखिन्छ। यसको लागि राजस्व प्रशासनमा रहेका विभिन्न जोखिमका क्षेत्रहरूको पहिचान गर्न आवश्यक हुन्छ। राजस्व प्रशासनको नेतृत्वले कर परिपालनका चारवटा आधारभूत स्तम्भ दर्ता, समयमा विवरण दाखिला, तोकिएको समयमा भुक्तानी र दुरूस्त एवं सही प्रतिवेदनको माध्यमबाट प्रभावकारी कर सङ्कलनको सुनिश्चितता गरी परिपालना जोखिम व्यवस्थापन गर्नुपर्ने हुन्छ।

२२०. कानुन बमोजिम करदाताले अनिवार्यरूपमा भुक्तानी गर्नुपर्ने दायित्व कर प्रशासनप्रति समुदायको सहयोग र विश्वास आर्जन गर्दै प्रशासन गर्नुपर्ने जिम्मेवारी नेतृत्वको रहेको हुन्छ। यसको मूल उद्देश्य स्वतःस्फूर्त करको परिपालना र कर प्रणालीमा कर सहभागिताको प्रवर्द्धन गर्नु रहेको हुन्छ। यस सम्बन्धमा अन्तर्राष्ट्रिय मुद्रा कोषले अन्तर्राष्ट्रिय जोखिम व्यवस्थापनका असल अभ्यास र ओइसिडिको परिपालना जोखिम व्यवस्थापनमा आधारित रही तयार गरेको परिपालना जोखिम व्यवस्थापन ढाँचा मार्गदर्शक हुन सक्दछ। यसमा रहेका दुइवटा आयाममध्येको तेर्सो आयामले प्रणालीगत प्रक्रियालाई समेटदछ भने ठाडो आयामले शासन, परिपालना जोखिम व्यवस्थापन प्रक्रिया, योजना र कार्यसम्पादन मूल्याङ्कनलाई समेटदछ। यसका लागि कर सहभागिता अन्तरको जानकारी, संगठनात्मक भूमिका र जिम्मेवारी एवं सांगठनिक तहमा स्पष्टता अपरिहार्य हुन्छ।

२२१. करदातालाई मेरो सरकार र मेरो वित्त प्रणालीले राज्य निर्माणको लागि काम गरेको अनुभूत गराउन राज्यले सक्नु पर्दछ। सरकारले जनकल्याण र विकासको माध्यमबाट राज्यलाई सक्षम र नागरिकलाई समृद्धि र समुन्नतिको दिशातर्फ उन्मुख गराएको आभास गराउन राज्य प्रणालीका सबै अवयव सञ्चालनमा आएका हुन्छन भन्ने मान्यता रहेको हुन्छ। कर अनुपालनको महत्पूर्ण पक्ष भनेको सरकारले गर्ने खर्च र पुर्नवितरणका लागि लिएका नीति र जनकल्याणका कार्यक्रममा हुने दिगो लगानी र त्यसको प्रतिफललाई करदाताले हेर्ने हुँदा सोही अनुरूप कर अनुपालना पनि हुने गर्दछ। साथै कर नीति र कर व्यवहार गर्दा सबै नागरिकलाई समव्यवहार गर्नुका साथै करका नीति र करको प्रणाली बनाउदा कर तटस्थताका आधारभूत पक्षको पालना राज्यले पनि गर्नु पर्ने हुन्छ। कर सहभागिताको क्रममा विश्व कर प्रणालीमा पनि कर जोखिमका अवस्थाहरू रहन्छन्। सक्षम तथा प्रभावकारी कर प्रणालीका विधि र प्रणाली तथा कार्य ढाँचाबाट त्यस्ता कर जोखिमको व्यवस्थापन गरिन्छ।

२२२. अन्तर्राष्ट्रिय कर प्रणालीका कर जोखिम व्यवस्थापनसंग सम्बन्धित असल अभ्यास र विगतमा नेपालको कर प्रणालीले अवलम्वन गरेका असल अभ्यास तथा सिकाईका आधारमा कर जोखिम व्यवस्थापनको ढाँचा र मार्गदर्शन तयार गर्नु पर्ने हुन्छ। नेपालको कर प्रणालीमा कर नीति र कर सहभागिता दुवै अन्तर रहेको तथा कर सहभागिता अन्तर बढी रहेको भनाई विभिन्न अध्ययन प्रतिवेदनले समेत उजागर गरेका छन। कर सहभागिता अन्तरको समयमै जानकारी प्राप्त गरी प्रभावकारी कार्यान्वयनमार्फत उक्त अन्तर न्यूनीकरणका लागि सक्षम संगठनात्मक भूमिका, कार्य जिम्मेवारी एवं कार्य प्रक्रियामा स्पष्टता आवश्यक हुन्छ। राजस्व जोखिमको अध्ययन गर्दा यसको राजस्व प्रणालीमा आवद्धता देखि बहिर्गमन सम्म रहेका जोखिमलाई मिहिन ढङ्गबाट विश्लेषण गर्नुपर्ने

हुन्छ। खासगरी कर प्रयोजनको लागि हुने दर्ता/खारेजी, प्रतिवेदन, कर भुक्तानी, कर परिक्षण र कर अनुसन्धानमा देखिएका समस्या र सो का लागि गर्नुपर्ने सुधारलाई उल्लेख गर्न सकिन्छ।

**नेपालमा कर जोखिम व्यवस्थापन सम्बन्धी कानुनी व्यवस्था र प्रयोगः**

२२३. **आयकरः** आयकर ऐन, २०५८ को दफा १०१ मा संशोधित कर निर्धारण अन्तर्गत कर निर्धारण भएको व्यक्तिको करको दायित्व यस ऐनको उद्देश्य बमोजिम न्यायोचित आधारमा समायोजन गर्न विभागले संशोधित कर निर्धारण गर्न सक्नुको साथै यसरी गरिएको संशोधित कर निर्धारणमा पुनः सशोधन गर्न विभागले उपयुक्त ठानेमा न्यायोचित आधारमा जति पटक पनि संशोधन गर्न सक्ने व्यवस्था रहेको छ। विभागले यसरी कर निर्धारण गर्दा ऐनको दफा ९९ बमोजिम कर निर्धारण भएकोमा आय विवरण पेश गर्न पर्ने मिति वा दफा १०० को उपदफा (२) बमोजिम कर निर्धारण गरिएकोमा कर निर्धारण गरिएको व्यक्तिलाई दफा १०२ बमोजिम कर निर्धारणको सूचना दिएको मिति वा दफा १०१ बमोजिम गरिएको कर निर्धारण वा संशोधित कर निर्धारणसंग सम्बन्धित मितिले चार वर्षभित्र गरिसक्नुपर्ने व्यवस्था रहेको छ। तर जालसाजीले गर्दा कुनै व्यक्तिको कर निर्धारण गलत ढङ्गबाट भएको रहेछ भने जुनसुकै बखत विभागले त्यस्तो कर निर्धारणमा संशोधन गर्न सक्ने र यसरी संशोधन गर्दा जालसाजी गरी विवरण राखेको वा कर निर्धारण गरको जानकारी प्राप्त भएको एक वर्षभित्र संशोधन गरिसक्नु पर्ने व्यवस्था छ। राजस्व न्यायाधिकरण वा अन्य अधिकार प्राप्त अदालतबाट कर निर्धारण संशोधन गरिएको वा निर्धारित कर घटाइएको अवस्थामा सो हदसम्म विभागले त्यस्तो कर निर्धारणमा संशोधन गर्न नसक्ने तर पुनः छानबिन गर्न आदेश दिएमा संशोधन गर्न सक्ने व्यवस्था रहेको छ। यसरी कर निर्धारणमा संशोधन गर्दा विभागले त्यसरी संशोधन गर्न परेको आधार स्पष्ट खुलाई सो व्यक्तिलाई लिखित सूचना दिई त्यस्तो कर निर्धारण सम्बन्धमा सफाइको सबुत प्रमाण पेश गर्न पन्ध्र दिनको म्याद दिने व्यवस्था गरेको छ।

२२४. **मूल्य अभिवृद्धि करतर्फः** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २० ले कर अधिकृतले म्यादभित्र कर विवरण पेश नगरेमा, अधुरो वा त्रुटीपूर्ण कर विवरण पेश गरेमा, झुट्टा कर विवरण पेश गरेमा, करको रकम कम देखाएको वा ठिक नभएको भन्ने कर अधिकृतलाई विश्वास गर्न पर्ने कारण भएमा, आपूर्ति मूल्यमा न्यून बिजकीकरण गरेको भन्ने कर अधिकृतलाई विश्वास गर्नु पर्ने कारण भएमा, न्यून बिजकीकरण गरी समूह कम्पनीमा आपूर्ति भएमा, दर्ता हुनु पर्न दायित्व भएको व्यक्तिले दर्ता नगरी कारोबार गरेमा, बीजक जारी नगरी बिक्री गरेमा, दर्ता नभएको व्यक्तिले कर उठाएमा, दफा ८ को उपदफा (२) वा (३) बमोजिमको कर दाखिला नगरेमा, दफा १७ को उपदफा (४) को अवस्था विद्यमान भएमा कर अधिकृतले कर निर्धारण गर्न सक्ने व्यवस्था रहेको छ। यसरी कर निर्धारणका आधारका रूपमा कारोबारको सबुत, कारोबारको सम्बन्धमा सम्बन्धित कर अधिकृतले पेश गरको कर परीक्षण प्रतिवेदन र समान प्रकृतिको कारोबारमा संलग्न अन्य व्यक्तिले बुझाएको करलाई लिनुपर्ने स्पष्ट व्यवस्था गरेको छ। कर निर्धारण गर्दा प्रमाणको भार पुऱ्याउने अभिभारा सम्बन्धित कर अधिकृतको हुने, यस्तो कर निर्धारण कर विवरण पेश गरको मितिले चार वर्षभित्र गरिसक्नु पर्ने र उक्त अवधिभित्र कर निर्धारण हुन नसकेमा पेश भएको विवरण नै स्वतः मान्य हुने व्यवस्था रहेको छ। यसैगरी कुनै व्यक्तिले झुट्टा लेखा वा बीजक वा अन्य कागजात तयार गरी वा जालसाजी गरी कर छलेको रहेछ भने जुनसुक बखत विभागले पुनः कर निर्धारण गर्न आदेश दिन सक्ने, राजस्व न्यायाधिकरण वा अन्य अधिकार प्रप्त अदालतबाट कर निर्धारण संशोधन गरिएको वा

निर्धारित कर घटाइएको अवस्थामा सो हदसम्म कर अधिकृतले यस्तो कर निर्धारणमा संशोधन गर्न नसक्ने तर यस्तो निकायले पुनः छानबिन गर्न आदेश दिएमा कर निर्धारण गर्न बाधा नपर्ने व्यवस्था गरेको देखिन्छ। कर निर्धारण गर्दा कर अधिकृतले सम्बन्धित व्यक्तिलाई आफ्नो सफाइ पेश गर्न पन्ध्र दिनको म्याद दिनु पर्ने व्यवस्था समेत रहेको छ।

२२५. जोखिम व्यवस्थापनका लागि ऐनको दफा २२ मा विशेष अवस्थामा कर निर्धारण अन्तर्गत कुनै करदाताले नेपाल छोडी जाने वा आफ्नो सम्पत्ति अरू कसैलाई हस्तान्तरण गर्ने, हटाउने वा लुकाउने सम्भावना भई कर असुल हुन नसक्ने अवस्था छ भन्ने विश्वास गर्ने आधार भएमा कर अधिकृतले महानिर्देशकको स्वीकृति लिई त्यस्तो करदातासँग लाग्ने वा लागेको कर तुरून्त निर्धारण गरी कर असुल गर्न वा धरौटी माग गर्न सक्ने एवं दफा २२क मा कर छल्ने योजना विरूद्धको व्यवस्था अन्तर्गत करको फाइदा लिने बदनियतले यस ऐनमा भएको व्यवस्थाको दुरूपयोग गरी कर छल्ने बदनियतले कुनै योजना तथा कार्य गरी करको दायित्व कम गरेमा तथा कुनै व्यक्ति वा निकायले करको दायित्व कम गर्ने बदनियतले कुनै कार्य गरेमा वा सो गर्न उद्देश्यले सम्झौता गरेमा कर छल्ने योजना गरको मानी महानिर्देशकले यस्तो करदाताको कर निर्धारण गरी कर असुल उपर गर्न कर अधिकृतलाई आदेश दिन सक्ने व्यवस्था छ।

२२६. **अन्तःशुल्कः** अन्तःशुल्क ऐन, २०५८ को दफा १०घ मा म्यादभित्र अन्तःशुल्क विवरण पेश नगरेमा, अधुरो वा त्रुटीपूर्ण अन्तःशुल्क विवरण पेश गरेमा, झुट्टा अन्तःशुल्क विवरण पेश गरेमा, अन्तःशुल्कको रकम कम देखाएको वा ठिक नभएको भन्ने विश्वास गर्न पर्ने आधार भएमा, बिक्री मूल्यमा न्यून बिजकीकरण गरेको भन्ने विश्वास गर्नु पर्ने आधार र कारण भई पुनः मूल्य निर्धारण वा अतिरिक्त मूल्य निर्धारण गर्न पर्ने भएमा, यो ऐन वा यस ऐन अन्तर्गत अन्तःशुल्क लाग्ने वस्तु वा सेवाको उत्पादन प्रतिलब्धि तोकिएकोमा सो अनुसारको उत्पादन प्रतिलब्धि नपुगेमा, निष्कासन गरेको मदिरा र चुलाईमा जाने पदार्थको अल्कोहलको मात्रा एक प्रतिशतभन्दा बढी फरक परेमा, अन्तःशुल्क छलेमा, इजाजतपत्र नलिई कुनै व्यक्तिले अन्तःशुल्क लाग्ने वस्तु वा सेवाको कारोबार गरेमा, अन्तःशुल्क टिकटको मौज्दात किताब अनुसार हुनु पर्ने मौज्दात भन्दा बढी वा घटी मौज्दात फेला परेमा अन्तःशुल्क अधिकृतले अन्तःशुल्क निर्धारण गर्न सक्ने तथा अन्तःशुल्क निर्धारण गर्दा अन्तःशुल्क अधिकृतले सम्बन्धित व्यक्तिलाई आफ्नो सफाइ पेश गर्न पन्ध्र दिनको म्याद दिनु पर्ने व्यवस्था गरेको छ। यसका साथै विभागले अनुगमनबाट कुनै त्रुटी देखेमा महानिर्देशकले पुनः अन्तःशुल्क निर्धारणको आदेश दिन सक्ने समेत प्रवन्ध गरेको छ।

२२७. अन्तःशुल्क ऐनको दफा १०च मा अन्तःशुल्क लाग्ने वस्तु तथा सेवाको उत्पादन प्रतिलब्धि तोक्न सक्ने एवं दफा १०छ मा अल्कोहलको मात्रा जाँच गर्ने व्यवस्था गरेको छ। यसैगरी दफा १०ज मा अन्तःशुल्क छल्ने योजना विरूद्धको व्यवस्था अन्तर्गत अन्तःशुल्कको फाइदा लिने उद्देश्यले कुनै व्यक्तिले यस ऐनमा भएको व्यवस्थाको दुरूपयोग गरी अन्तःशुल्क छल्ने उद्दश्यले कुनै योजना तथा कार्य गरी अन्तःशुल्कको दायित्व कम गराएमा, वा अन्तःशुल्कको दायित्व कम गर्ने उद्देश्यले कुनै कार्य गरेमा वा सो गर्ने उद्देश्यले सम्झौता गरेमा यस ऐन बमोजिम लाग्ने अन्तःशुल्क छल्न दुरुत्साहन गरेको मानी महानिर्देशकले त्यस्तो व्यक्तिको अन्तःशुल्क निर्धारण तथा असुल गर्न अन्तःशुल्क अधिकृतलाई आदेश दिन सक्ने व्यवस्था छ।

२२८. **भन्सारः** भन्सार ऐन, २०६४ को दफा २० मा मालवस्तुको जाँच गर्ने व्यवस्था अन्तर्गत प्रज्ञापनपत्र जाँच गर्ने क्रममा सम्बन्धित मालवस्तु निकासी वा पैठारी गर्न पाइने देखिएमा भन्सार अधिकृतले ऐनमा तोकिए बमोजिम त्यस्तो मालवस्तु जाँच गर्न सक्ने र निजले छनौट प्रणाली बमोजिम मालवस्तु तथा तत्सम्बन्धी कागजात समेत जाँच नगरी घोषणाका आधारमा मात्र जाँचपास गर्ने, मालवस्तुको जाँच नगरी तत्सम्बन्धी कागजात मात्र जाँच गरी जाँचपास गर्ने, मालवस्तु तथा तत्सम्बन्धी कागजात समेत जाँच नगरी जाँचपास पछि परीक्षण गर्ने गरी घोषणाका आधारमा मात्र जाँचपास गर्ने र मालवस्तु तथा तत्सम्बन्धी कागजात समेत पूर्ण रूपमा जाँच गरेर जाँचपास गर्न सक्ने व्यवस्था गरेको छ।

२२९. भन्सार जाँचपासमा जोखिम व्यवस्थापनको लागि केन्द्रीय तहमा केन्द्रीय जोखिम व्यवस्थापन समिति, केन्द्रीय जोखिम व्यवस्थापन इकाई, विभागमा जोखिम व्यवस्थापन शाखा र कार्यालयगत रूपमा स्थानीय जोखिम व्यवस्थापन इकाई रहेको छ। विभागका यी संरचनाले जोखिमका परिसूचकहरू पहिचान गरी आशिकुडाको छनौट प्रणालीको माध्यमबाट प्रज्ञापनपत्रको जाँचपासका लागि छनौट गर्ने गरेका छन्। जोखिमका परिसूचकहरूको पहिचान गर्दा मालवस्तु, मालवस्तुको उपयोग, उत्पत्तिको मुलुक, वर्गीकरण शीर्षक, उपशीर्षक, भन्सार मूल्याङ्कन, ढुवानीको साधन, मालवस्तु पुग्ने स्थान, पैठारी/निकासीकर्ताहरूको शाख तथा अनुपालनस्तर, भन्सार एजेण्टको विश्वसनीयता, राजस्व जोखिम, सामाजिक सुरक्षा जस्ता विभिन्न सूचकहरूको आधारमा Risk Profile तयार गरी सोको विश्लेषणको आधारमा Selectivity Update गरिने गरिएको छ। छनौट प्रणालीको कार्यान्वयन स्तरमा भन्सारबाट जाँचपास भएका मालवस्तुको कुल प्रज्ञापनपत्रमा ११.४ प्रतिशत भौतिक जाँच वा कागजात जाँच नगरी सोझै जाँचपास भएको, २९.५१ प्रतिशत प्रज्ञापनपत्रको कागजातमात्र जाँच गरी जाँचपास भएको र ५९.०९ प्रतिशत प्रज्ञापनपत्रका वस्तुहरूको भौतिक परीक्षण गरी जाँचपास गरिएको देखिन्छ। (स्रोतः भन्सार विभागको वार्षिक प्रतिवेदन)।

२३०. निकासी वा पैठारीकर्ताले अनुपालन गर्नु पर्ने ऐन कानूनहरू १८ वटाभन्दा बढी रहेका छन्। यी कानूनहरूमा भन्सार ऐन, २०६४, भन्सार नियमावली, २०६४, यात्रुले आफ्नो साथमा ल्याउन र लैजान पाउने निजी प्रयोगका मालवस्तु सम्बन्धी अर्थ मन्त्रालयको २०८०/०२/१५ को सूचना, आर्थिक ऐन, निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ तथा निकासी पैठारी नियमहरू, २०३४, निकासी पैठारी नियन्त्रण सम्बन्धी वाणिज्य तथा आपूर्ती मन्त्रालयको मिति २०७६/०३/०२ को सूचना, मूल्य अभिवृद्धि कर ऐन,२०५२ तथा मूल्य अभिवृद्धि कर नियमावली,२०५३, अन्तःशुल्क ऐन,२०५८ तथा अन्तःशुल्क नियमावली,२०५९, राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ तथा राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) नियमावली,२०७०, विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ तथा सो ऐन अन्तर्गत नेपाल राष्ट्र बैंकले जारी गरेको विदेशी विनिमय सम्बन्धी परिपत्रहरू र सम्पत्ति शुद्धीकरण निवारण ऐन २०६४ प्रमुख रहेका छन्। नेपालले भन्सार ऐन कानूनको अनुपालन स्तरको विस्तृत अध्ययन गरेको छैन। आशिकुडा प्रणालीबाट प्राप्त तथ्याङ्कको विश्लेषण गर्दा आर्थिक वर्ष २०७९/८० मा निकासी पैठारी संकेत नम्बर वा व्यक्तिगत लेखा नम्बर लिएका १९ हजार ७१६ पैठारीकर्ताहरू मध्ये भन्सार ऐनको दफा १३ (१५) अनुसार घटी मूल्य घोषणा गरेका वा आर्थिक ऐनको अनुसूची १ दफा १८ अनुसार किटानी विवरण उल्लेख नगरेका वा भन्सार ऐनको दफा ५७ अन्तर्गत विभिन्न कारणले दण्ड जरिवाना लागेका पैठारीकर्ताहरू ३४ प्रतिशत र ऐनकानूनको अनुपालना गरेका पैठारीकर्ताहरू ६६ प्रतिशत रहेको देखिन्छ। निकासीतर्फ

भने निकासी पैठारी संकेत नम्बर वा व्यक्तिगत लेखा नम्बर लिएका २४०६ निकासीकर्ताहरू अधिकांशले कानूनको अनुपालन गरेको देखिन्छ।

२३१. कानूनको समग्र अनुपालनको स्तर उपर्युक्त मूल्याङ्कन, किटानी घोषणा र दण्ड जरिवानाको स्तरले मात्र प्रतिविम्बित गर्दैन। निकासी वा पैठारीकर्ताले भन्सार नाकाभित्र र बाहिरबाट मालवस्तु निकासी वा पैठारी गर्दा कानूनको परिपालना गरी यथार्थ राजस्व भुक्तानी गरेको स्तरले स्वैच्छिक अनुपालनाको स्तर निर्धारण गर्दछ। हालैका वर्षमा भन्सार नाकाभित्र र बाहिरबाट असुल हुनु पर्ने सम्भावित राजस्व सम्बन्धी कुनै अध्ययन भएको देखिदैन। भन्सार नाकाभित्रबाट हुन सक्ने विचलनमा सम्भाव्य क्षेत्रमा मूल्याङ्कन, दरबन्दी, परिमाणको घोषणा यथार्थ नगरी वा भन्सारमा प्रज्ञापनपत्र पेश नै नगरी हुन सक्ने विचलनका क्षेत्र हुन सक्छ। भन्सार विभागले आन्तरिक नियन्त्रण प्रणालीबाट भन्सार नाकाभित्रबाट भएका मालवस्तुको जाँचपासपछि हुन सक्ने राजस्व विचलनलाई नियन्त्रण गर्ने गरेको देखिन्छ। आर्थिक वर्ष २०७९/८० मा विभाग र कार्यालयहरूको अनलाईन अनुगमन प्रणालीबाट अनुगमन र जाँचपासमा सूक्ष्म निरीक्षण गरी कुल रू.३ अर्ब १६ करोड थप राजस्व र जाँचपास परीक्षणबाट रू.४ करोड ६४ लाख थप राजस्व सङ्कलन गरिएको छ। भन्सार नाका बाहिरबाट असुल हुनु पर्ने राजस्व विचलनमा चोरी निकासी पैठारीबाट राजस्व विचलन हुनु हो। भन्सार नाका बाहिरबाट भएका चोरी निकासी पैठारी नियन्त्रणका प्रयासमा चोरी निकासी वा चोरी पैठारीको अभियोगमा भन्सार कार्यालयमा दर्ता भएका मुद्दाहरू र प्रतिवेदन मूल्यलाई आधारमा लिन सकिन्छ। यस्ता मुद्दाहरू भन्सार स्वयमले, सशस्त्र प्रहरी, नेपाल प्रहरी, सशस्त्र प्रहरी (भन्सार राजस्व गस्ती) र अन्य निकायबाट दर्ता हुने गर्दछन्। आर्थिक वर्ष २०७९/८० मा यी निकायहरूबाट कुल १४९७३ थान मुद्दा दर्ता भएका छन् भने यी मुद्दाको प्रतिवेदन मूल्य रू.१ अर्ब ६८ करोड रहेको छ। संख्याको आधारमा सबैभन्दा बढी सशस्त्र प्रहरीबाट ६४२८ वटा मुद्दा र प्रतिवेदन मूल्य ३० करोड ७२ लाख प्रतिवेदन मूल्य बराबर रकमको मुद्दा दाखिला भएको छ भने नेपाल प्रहरीले ५०१८ थान मुद्दाका ७५ करोड प्रतिवेदन मूल्य बराबरको मालवस्तु भन्सार कार्यालयहरूमा दाखिला गरेको देखिन्छ। यस बाहेक पनि विभिन्न सुरक्षा निकायहरूले राजस्व अनुसन्धान विभागमा पनि चोरी निकासी वा चोरी पैठारीका मुद्दा दर्ता गर्ने गरेका छन्।

२३२. राजस्व जोखिम व्यवस्थापनको दृष्टिकोणले अत्यन्त महत्वपूर्ण रहेको आन्तरिक राजस्वतर्फ आन्तरिक राजस्व कार्यालयहरूको हकमा राजस्व जोखिमको आधारमा कारोबारको प्रकृतिको आधारमा कर परीक्षणको लागि करदाताको छनौट गर्ने सिलसिलामा वार्षिक कारोबार रु.१ करोड सम्मका करदाता मध्येबाट Random Sampling का आधारमा ५ प्रतिशत, पेशाविद मध्येबाट रु.१ करोड सम्मको कारोबार गर्ने मध्येबाट ५ प्रतिशत, वार्षिक कारोबार रु.१ करोड देखि २० करोड भन्दा घटी कारोबार गर्ने करदाता मध्येबाट ४० प्रतिशत, वार्षिक कारोबार रु.२० करोडभन्दा बढी भएका करदाता मध्येबाट जोखिमको अवस्था हेरी ४५ प्रतिशत र अन्तःशुल्क बढी वुझाउने करदाता मध्येबाट अनिवार्य रूपमा ५ प्रतिशत छनौट गर्ने र यसरी करदाता छनौट गर्दा Score Based Selection को लागि तोकिएका १२ वटा सूचकहरूको आधारमा छनौट गर्ने व्यवस्था रहेको छ। यसैगरी ठूला करदाता कार्यालय र मध्यमस्तरीय करदाता कार्यालयको हकमा विद्यमान कर परीक्षण शाखाको संरचना अनुसार करदातालाई कृषि, गैर कृषि, बैक तथा वित्तीय, बहुराष्ट्रिय, सेवा, तथा व्यापार समेत ६ समूहमा विभाजन गरी कर परीक्षण गर्नुपर्ने करदाता संख्याको समानुपातिक प्रतिनिधित्व हुने गरी मू.अ.करतर्फ ११ वटा सूचकको आधारमा छनौट गर्नुका साथै कर परीक्षणका

लागि करदाता छनौटका आधार विभागको सूचना प्रविधि शाखाको तथ्याङ्क व्यवस्थापन प्रणालीमा रहेको जोखिम इन्जिनमा गरिएको Programming का आधारमा स्वचालित रूपमा हुने व्यवस्था रहेको छ।

२३३. राजस्व जोखिम व्यवस्थापनको रणनीति अन्तर्गत आयकर ऐन, २०५८ को दफा १२० बमोजिम झुट्टा वा भ्रमपूर्ण विवरण दाखिला गर्नेलाई शत प्रतिशतसम्म शुल्क लाग्ने एवं सोही ऐनको दफा १२१ ले मतियारलाई समेत शत प्रतिशत शुल्क लाग्ने व्यवस्था गरेको छ। यसैगरी अनुसन्धानात्मक कर परीक्षण तथा विद्युतीय तथ्याङ्क प्रशोधन (Electronic Data Processing) जस्ता विधिद्धारा तथ्याङ्कको गणनामा शुद्धता, र अद्यावधिक सूचनाको सुनिश्चितता गर्दै जोखिम व्यवस्थापनलाई प्रभावकारी बनाएको देखिन्छ।

२३४. चालु वर्षको कर परीक्षण (Current Year Audit), बेरूजु व्यवस्थापन, द्रुत कर परीक्षण (Rapid Audit), अग्रीम कर कट्टी परीक्षण जस्ता विधिबाट पनि जोखिम व्यवस्थापनको कार्य हुँदै आइएको छ। यसैगरी महालेखा परीक्षकको कार्यालयको प्रतिवेदनमा मापदण्ड बनाई कर लेखा परीक्षण गर्ने व्यवस्था मिलाई सोको पालना नभए कार्यबाहीको भागिदारी बनाउन र कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणालीलाई राजस्व प्रशासनको दक्षता तथा क्षमता बढाउने औजारको रूपमा विकसित गर्न नसक्दा जोखिम बढेको अवस्था छ।

२३५. **राजस्व जोखिमका क्षेत्र, प्रक्रिया एवं आयामः** आधुनिक कर प्रणालीका चारवटा मेरूदण्डका रूपमा स्वंय कर निर्धारण एवं स्वैच्छिक कर अनुपालन, कर तटस्थतता (समता एवं स्वच्छता), कार्यात्मक संगठन तथा कार्य विशिष्टिकरण र जोखिम व्यवस्थापन तथा करदाताको विभाजन रहेका छन। जोखिमको पहिचान, जोखिम मूल्याङ्कन तथा प्राथमिकीकरण, अनुपालन व्यवहारसँग सम्बन्धित कारणहरूको गहन विश्लेषण एवं उपचारको प्रवन्ध, उपचारका रणनीतिहरूको निर्धारण र योजना तथा कार्यान्वयन रणनीतिहरूले जोखिम व्यवस्थापनको महत्वपूर्ण अङ्गको रूपमा रहेको प्रक्रियालाई समेटदछ। अनुपालन प्राप्ति मूल्याङ्कन अन्तर्गत दर्ता, विवरण दाखिला, प्रतिवेदन, भुक्तानी तथा पुनःभुक्तानीलाई समावेश गरिने प्रचलन रहेको छ।

२३६. राजस्व जोखिमको अध्ययन गर्दा यसको राजस्व प्रणालीमा आवद्धता देखि बहिर्गमन सम्म रहेका जोखिमलाई मिहिन ढङ्गबाट विश्लेषण गर्नुपर्ने हुन्छ। खासगरी कर प्रयोजनको लागि हुने दर्ता/खारेजी, प्रतिवेदन, कर भुक्तानी, कर परीक्षण र कर अनुसन्धानमा देखिएका मूख्य समस्याहरू निम्न छन्।

(१) दर्ता तथा खारेजी : व्यवसाय मूल दर्ता गर्ने निकायमा दर्ता भई कर प्रयोजनको लागि करदाता सम्बन्धित कर कार्यालयमा तोकिएका प्रक्रिया पुरा गरी दर्ता हुन्छन्। मूल दर्ता गर्ने निकायमा करदाताको सक्षमताको आंकलन नगरी फर्म दर्ता गरिदिंदा फर्मको दीगोपनामा जोखिम रहेको देखिन्छ। कतिपय अवस्थामा दर्ता प्रक्रियाका लागि आवश्यक एवं पालना गर्नुपर्ने कानुनी व्यवस्था र चरणको सम्बन्धमा लगानीकर्ताको अनभिज्ञता, जागरूकतामा कमी र मध्यस्थकर्ताबाट दर्ता गराउंदा सहज हुने भन्ने सोचाई स्वयं व्यावसायीमा विकसित हुँदै गएको देखिन्छ। स्थलगत अवलोकनलाई अनिवार्य गर्न नसक्दा अर्कैको नाममा फर्म दर्ता गराउने प्रवृत्ति एकातिर छ भने अर्कोतिर सीमा क्षेत्रमा नेपाली नागरिकको नाममा विदेशी नागरिकले फर्म सञ्चालन गरी दायित्व सिर्जना पश्चात भाग्ने प्रवृत्ति समेत बढदै गएको देखिन्छ। यसरी

उचित नियमनको अभावमा "सबैका लागि प्यान" को नाराले मकसद अनुसार अपेक्षित नतिजा हासिल गर्न सकेको छैन। दर्तामा करदातालाई मात्र जिम्मेवार बनाउन खोज्दा यसको दुरूपयोग समेत बढेको हुँदा मूल दर्ता वा दर्ता गर्ने निकायबाट अनिवार्यरूपमा कम्तिमा एक पटक स्थलगत निरीक्षण हुनुपर्ने कानुनी व्यवस्था गर्न जरूरी भइसकेको छ। दर्ता खारेजी अवस्था भयावह रहेको छ। फर्मको दिगोपना नहेरी दर्तालाई अत्यन्त सहज र खुकुलो बनाएको कारणले विवरण नबुझाउने (नन् फाइलर) करदाताको संख्या डरलाग्दो गरी बढदै जानुको साथै खारेजी गर्नुपर्ने फर्मको संख्या पनि बढदै गएको देखिन्छ।

(२) विवरण दाखिला र प्रतिवेदन जोखिमः स्वयं कर निर्धारण प्रणालीको सुन्दर पक्ष नै विवरण दाखिला र प्रतिवेदनमा करदातालाई जिम्मेवार बनाई प्रतिवेदन गर्ने प्रणाली भएतापनि नेपालमा आर्थिक वर्ष २०७९/८० मा आयकर तथा मू.अ.करतर्फ क्रमशः ४७.७६ र ३७.५३ प्रतिशत करदाताले विवरण दाखिला नगर्ने प्रवृत्ति देखिएको अवस्थामा करदाताको कर दायित्व यकिन गर्न नसकिने भएकाले विवरण दाखिला नगर्ने विषयलाई कर प्रणालीको सबैभन्दा जोखिमको रूपमा लिइन्छ। यसैगरी करदाताले पेश गरेका विवरणको यथार्थताको परीक्षण अर्को महत्वपूर्ण पाटोको रूपमा रहेको छ। करसँग सम्बन्धित सूचना प्रविधि र त्यसको प्रयोग गर्ने करदाताको क्षमतामा उचित सामान्जस्यता कामय नहुँदा कतिपय साना करदाताले विवरण बुझाउदा झन्झट महशुस गर्नुका साथै सानो कारोबारको प्रतिवेदनका लागि सहयोगीमा भर पर्नु पर्ने बाध्यता रहेको छ।

(३) भुक्तानी जोखिमः व्यावसायमा दर्ता भए पश्चात प्रचलित कानुन बमोजिमको कर राजस्व बुझाउनुपर्दछ। राजस्व भुक्तानी प्रणालीलाई व्यवस्थित र यथार्थपरक बनाउनको लागि विभिन्न प्रणालीगत सुधारको प्रयास भएको छ। सूचना प्रविधिको माध्यमबाट घरमै बसी राजस्व बुझाउन सक्ने गरी प्रणालीको विकास भएतापनि अप्रयाप्त करदाता शिक्षाले गर्दा अझैपनि कार्यालयमा भौतिक रूपमा उपस्थित भई राजस्व जम्मा गर्ने प्रवृत्ति विद्यमान रहेको छ। यसैगरी मू.अ.कर. को विवरण निरन्तर क्रेडिटमा रहनु, एउटै भौचरको बहुप्रयोग हुनु, झुट्टा विल बिजकको प्रयोग गर्ने, कानुन बमोजिम दाखिला गर्नुपर्ने विवरण नबुझाई कारोबार गर्ने, समयमै बिल बिजक नकाट्ने, न्यून बिजकीकरण तथा बिजक बिना नै कारोबार गर्दा राजस्व भुक्तानीमा जोखिम रहेको अवस्था छ। सरकारले राजस्व भुक्तानीमा देखिएको समस्यालाई न्यूनीकरण गर्न मिसम्याचबाट खरिद बिक्री भिडान गर्ने, बिल बिजक लगायत परिसरमा गई कारोबारको अनुगमन गर्ने, विवरण पेश नगरेका करदाता (Non Filer) बाट कारोबार गरेका करदाताको पहिचान गरी विवरण नबुझाएका करदातालाई विवरण बुझाउन लगाउने, कर बक्यौता भएकालाई बक्यौता जम्मा गर्न लगाउने, समयमै बक्यौता नतिर्ने करदातालाई कानुनी कारवाही गरी राजस्व सङ्कलनलाई प्रभावकारी बनाउने गरी कार्यगत लक्ष्य समेत तोकेको अवस्था छ। त्यसै गरी घर जग्गाको कारोबारलाई यथार्थमा आधारित बनाउन नसक्दा यसबाट ठूलो मात्रामा राजस्व गुमेको अवस्था छ।

(४) कर परीक्षण तथा अनुसन्धान जोखिमः स्वयं कर निर्धारण प्रणालीलाई यथार्थतामा आधारित बनाउनको लागि कर लेखा परीक्षणलाई अत्यन्त महत्वपूर्ण औजारको रूपमा लिइन्छ। कर लेखा परीक्षण गर्दा कतिपय अवस्थामा Right Taxation हुन नसकेको गुनासो समेत आएको


देखिन्छ। यसका लागि कर प्रशासनको क्षमता, करदाताको इमान्दारिता, प्रविधिको उपयोग, दक्षता र संस्थागत सुशासनले पनि प्रभाव पारेको हुन्छ। कर लेखा परीक्षणको लागि विभाग तथा कार्यालयबाट जोखिम सूचकका आधारमा करदाता छनौट गर्ने व्यवस्था रहेको छ। कतिपय अवस्थामा कार्यालयबाट गरिने छनौटमा हरेक वर्षको कर लेखा परीक्षण गर्नु नपर्ने व्यवस्थाले गर्दा केही करदाताले आफ्नो कारोबारलाई अन्य कार्यालयमा नसार्ने मनसायले योजनावद्ध विवरण पेश गर्ने गरेको भनाई समेत यदाकदा सुनिन्छ।

(५) कर लेखा परीक्षणको सिलसिलामा वासलात, नाफा नोक्सान खाता लगायत यससँग सम्बन्धित अन्य खाता र अनुसूची हेरिने गरेको भएतापनि नगद प्रवाह विश्लेषण, फर्मको पुँजीको स्रोत र लगानीको स्थानान्तरणलाई महत्वका साथ हेर्ने गरेको पाइदैन। साथै कतिपय अवस्थामा करदाताले आफ्नो खाताहरूलाई समय मै अद्यावधिक नगर्दा बासलातमा Balance in Figure नमिलेको कारणले त्यसका महत्वपूर्ण अवयव Stock, Debtors, Creditors आदिलाई काल्पनिकरूपमा प्रस्तुत गर्ने गरेको समेत देखिन्छ। कर लेखा परीक्षण ४ वर्षभित्र सम्पन्न गर्नुपर्नेमा बिभिन्न कारणबाट धेरै पुराना विवरण समेत लेखा परीक्षण हुन सकेका छैनन्। कर लेखा परीक्षणको सन्दर्भमा कर प्रशासनको बुझाइमा एकरूपता कायम गर्न नसकिनुका साथै महालेखा परिक्षकको कार्यालयले औंल्याएका विषयलाई समेत कतिपय अवस्थामा उपयोग गर्न सकिएको छैन।

(६) कर प्रशासनले जोखिमका क्षेत्रहरूको पहिचान गरी सुक्ष्म तथा गोप्य सूचनाको आधारमा कर अनुसन्धानको फाइल छनौट गर्नुपर्नेमा सो प्रक्रिया अवलम्बन गर्न सकिएको छैन। अनुसन्धान गर्दा Issue Based भएर गर्नुपर्नेमा कर लेखापरीक्षण जस्तै गरेर समेत अनुसन्धान भएको देखिन्छ। बजार अनुगमन, तालूक निकायको सूचना, निगरानी निकायको सूचना तथा शाखागत सूचनाका आधारमा अनुसन्धान गरिने भएतापनि अनुसन्धानको लागि कार्यालयबाट छुट्टै र अतिगोप्य सूचना प्रणाली विकास गर्न सकिएको छैन। बजार अनुगमन गर्दा प्रथमतः कार्यालयको डेस्कमा सम्बन्धित करदाताको सूचना विश्लेषण गरेर अनुगमन गर्नुपर्नेमा सो हुन सकेको छैन।

(७) कर अनुपालन र जोखिम व्यवस्थापनका लागि देहायानुसारको कर सूचना व्यवस्थापन प्रणालीको विकास गरी कार्यान्वयन गर्नु पर्ने देखिन्छ।

**चित्र नं. २२: कर सूचना व्यवस्थापन प्रणाली (Tax Information Management System (TIMS)**




**राजस्व जोखिमका क्षत्रमा देखा परेका अन्तरार्ष्ट्रिय असल अभ्यासः**

**चीनः**

२३७. चीनले योजनबद्ध रूपमा अगाडि बढाएको खुला तथा बजारमुखी अर्थतन्त्रको अवलम्वन पश्चात उद्यमीहरूलाई देश बाहिर गई लगानीका लागि प्रेरित गरेको देखिन्छ। राजस्व प्रशासनमा शुरू गरिएको आधुनिकीकरणसँगै कतिपय अवस्थामा न्यून राजस्व परिचालन एवं कार्यगत लक्ष्य प्राप्ति लगायतका कारणले गर्दा राजस्व जोखिमको औचित्य बढाउनुको साथै राजस्व अधिकारीहरूबाट कानुनको आक्रामक कार्यान्वयन गर्ने प्रचलन पनि रहेको छ।

२३८. करदाताले पेश गरेका कर सम्बन्धी विवरणका आधारमा नियमित रूपमा परिपालना जोखिमको पहिचान तथा विश्लेषण गरी नियमन गर्ने व्यवस्था चीनमा रहेको छ। जोखिम मूल्याङ्कनका आधारमा करदातालाई कम जोखिम, मध्यम जोखिम र उच्च जोखिममा वर्गीकरण गरी कम जोखिममा रहेका करदातालाई अधिकारीहरूद्वारा कर विवरण संशोधन गर्न र जोखिमबाट टाढा रहन सूचना जारी गर्ने गर्दछ। उच्च एवं मध्यम जोखिम भएका करदाताको परिपालनाको अवस्थाको परीक्षण, कर परीक्षण र कर छली विरूद्धको परीक्षणमार्फत जोखिम नियन्त्रण गरी त्यसबाट प्राप्त पृष्ठपोषणको आधारमा जोखिम सूचकहरू तथा प्रारूपमा नियमित सुधार गर्ने प्रचलन रहेको छ। चीनको कर सम्बद्ध निकायले क्षेत्रीय एवं अन्तर क्षेत्र जोखिम व्यवस्थापन समन्वय तथा सहायताको दायरालाई सघन एवं

वृहत बनाउन ठूलो भूमिका खेलेको देखिन्छ। वीग डाटा, कर जोखिम व्यवस्थापन प्रशासन, जोखिम सूचना प्रवाह, सूचनाको आदान प्रदान, जोखिम अनुसन्धानको क्षेत्रमा गरिएका प्रयास एवं साझेदारीको विस्तारले करदाताको जोखिम परिपालनाको स्तरमा व्यापक सुधार ल्याएको अवस्था छ।

**जर्मनीः**

२३९. विश्वसनीय कर साझेदारीको स्थापनाको लागि कर लेखा परीक्षक र करदाता दुवैलाई जिम्मेवार बनाउने उद्देश्यले २०२३ को जनवरी १ देखि कर कार्यविधि कानुनको आधुनिकीकरण गर्नुको साथै निर्देशिका समेत जारी गरिएको छ। यस अन्तर्गत करदाताले असल नियत एवं शीघ्र सहयोग गरेमा कर प्रशसान उदार ढङ्गले प्रस्तुत भई अग्रीम कर परीक्षण गरिदिनुको साथै अन्तरिम छलफल समेत गर्ने व्यवस्था गरेको देखिन्छ। यसलाई आधुनिक कर प्रशासनमा नयाँ प्रयोगका रूपमा आत्मसाथ गरिनुको साथै अत्यन्त विवेकशील एवं उद्देश्यमुलक अभियानका रूपमा लिएको देखिन्छ। यसका अतिरिक्त भन्सारतर्फ समयानुकुल कानुनको संशोधनमार्फत नियमन कार्यको सरलीकरणलाई योजनावद्ध तथा नियमित रूपमा अगाडि बढाएको देखिन्छ। यस अघि कर परिपालन व्यवस्थापन सम्बन्धी कार्य अपराध कर कानुनद्धारा व्यवस्थित गर्ने गरिएको थियो। यदि चालु कर परीक्षणको क्रममा कर अधिकारीलाई कर कानुनको परिपालनको स्तर प्रभावकारी लागेमा भविष्यमा हुने कर परीक्षणका सन्दर्भमा परीक्षणसँग सम्बन्धित कुनै विशिष्टिकृत सवालमा सरलीकृत प्रक्रिया अवलम्बनको वाचा समेत गर्न सक्ने अधिकार प्रदान गरेको देखिन्छ। कर नियन्त्रण प्रणालीले जोखिमको नियमितरूपमा अनुगमन एवं नियमन गर्नुपर्ने हुन्छ।

**जापानः**

२४०. जापानमा कर सम्बन्धी विषयमा विस्तृत रूपमा कानुनी स्पष्टता नभएकोले कर निकायबाट निर्धारण गरिने करका सम्बन्धमा सामान्यतया करदाता तथा निजका प्रतिनिधि असहमत हुने गरेको अवस्था रहेको छ। परम्परागत रूपमा कर जोखिम व्यवस्थापनलाई रणनीतिक जोखिम न्यूनीकरण गर्ने एउटा माध्यमको रूपमा लिइने प्रचलन जापानमा रहेको छ। आन्तरिक परिपालना जोखिमका अतिरिक्त मूल्य हस्तान्तरण, स्थायी संस्थापन, वित्तीय प्रतिवेदन प्रणाली सम्बन्धी जोखिम तथा कर सहजीकरण एवं उन्मुक्ति लगायतका अन्तर्राष्ट्रिय परिपालना जोखिमका विषय जापानमा तीव्र रूपमा अगाडि आएको देखिन्छ। सुस्पष्ट आन्तरिक पूर्व तयारी एवं योजना र व्यवस्थित कर जोखिम व्यवस्थापनका माध्यमबाट आन्तरिक जोखिमलाई सारभूतरूपमा घटाउन सकिने प्रशस्त आधारहरू रहेका छन्। जापानमा पूर्वादेश दिन सक्ने कानुनी प्रवन्ध र सोको अभ्यास न्यून रहेको छ। जापानी कानुनले ओइसिडिको निर्देशन तथा परिभाषालाई मान्यता प्रदान गर्ने र तदनुरूप कार्य प्रक्रिया व्यवस्थित गर्ने सन्दर्भमा अन्तर्राष्ट्रिय जोखिम न्यूनीकरणको पाटोले बढी मात्रामा दोहोरो कर जोखिमलाई समेटने हुँदा द्धिपक्षीय तथा वहुपक्षीय सम्झौताका पक्षमा जोड दिनुपर्ने देखिन्छ। वुढौली जनसंख्यामा बढोत्तरी, वर्तमान आर्थिक परिदृष्य एवं विश्वमा नै उच्च रहेको संस्थागत आयकरजस्ता विषयले कर जोखिम व्यवस्थापनको महत्व झन बढाएको छ।

२४१. व्यवस्थित एवं प्रभावकारी ढाँचाको परिपालन व्यवस्थापन प्रणालीले संरचना, कार्य प्रणाली तथा कम्पनीसँग सम्बद्ध विषयवस्तुहरूका सम्बन्धमा सचेतना जगाउने एवं यसको कारणले कर दायित्व सृजना हुन सक्ने सन्दर्भमा अनुगमन गरी आवश्यक देखिएको खण्डमा परिमार्जन समेत गर्ने गर्दछ।

तसर्थ कर जोखिमको न्यूनीकरणको लागि नीतिगत सुधार, संस्थागत तथा प्रणालीगत सुधार, दक्ष जनशक्ति र करदाताको मनोवृत्तिमा सुधार गरेर समग्र सुधार गर्न आवश्यक देखिन्छ।

**अनुपालना र कर जोखिम व्यवस्थापनका सुझावहरूः**

२४२. समग्रमा, दर्तामा सक्षमता, खारेजीमा सहजता, प्रतिवेदन र भुक्तानीमा सरलता र परीक्षण एवं अनुसन्धानमा यथार्थता कायम गर्न सकेको अवस्थामा जोखिम व्यवस्थापनको कार्यलाई अत्यन्तै सबल तथा प्रभावकारी ढङ्गले सम्बोधन गर्न सकिने सन्दर्भमा देहाय बमोजिमका सिफारिसहरू गरिएका छन।

(१) उत्कृष्ट सेवा तथा करदाता शिक्षा, आधुनिक प्रविधिमा आधारित सरल तथा करदातामैत्री कर प्रणाली, जोखिममा आधारित कर परीक्षण एवं अनुसन्धानको माध्यमबाट प्रभावकारी ढङ्गले राजस्व परिचालनको सुनिश्चितता हुने गरी कर नीतिको तर्जुमा र कर प्रणालीको विकास गर्दै करदाताको विश्वास तथा भरोसा कायम गर्ने। करदाता र कर अधिकृत बिच सम्पर्क स्थापित नहुने गरी Faceless Audit पद्धतिलाई (विद्युतीय माध्यमबाट) कार्यान्वयनमा ल्याउने।

(२) राज्यका सबै निकायमा व्यवसाय दर्ता गर्नु पर्ने वर्तमान व्यवस्थाको अन्त्य गरी एकीकृत दर्ता प्रणालीको अवधारणा बमोजिम विद्युतीय प्रणालीमा आधारित एकीकृत दर्ता सेवा केन्द्रको विकास गरी प्रभावकारी कार्यान्वयनको व्यवस्था मिलाउनु पर्ने। व्यवसायको दर्ता खारेजी प्रक्रिया अन्तर्गत व्यवसाय अन्त्य गर्ने कार्य अत्यन्त बोझिलो, झन्झटिलो, अधिक समय लाग्ने र बहु निकायको संलग्नता आवश्यक पर्ने हालको व्यवस्थामा सुधार गरी यसै केन्द्रमार्फत सरल ढङ्गले कार्य सम्पन्न हुने व्यवस्था मिलाउने।

(३) करदाताका विवरण र मूल्य घोषणासँग सम्बन्धित विवरणहरू यर्थाथ र शुद्ध नहुँदा करदाता र कर प्रशासनका बिचमा कर विवाद सिर्जना भइरहेको एवं कमजोर तथा अविश्वसनीय स्वैच्छिक कर परिपालनाको कारण ठूलो मात्रामा कर सहभागिता अन्तर भई उच्च राजस्व जोखिम रहेको सन्दर्भमा यस प्रणालीलाई सबल बनाउन अर्थ मन्त्रालय अन्तर्गतका निकायले स्वैच्छिक कर परिपालनाको ढाँचा तयार गरी कार्यान्वयन गर्ने।

(४) भन्सारमा हुने मालवस्तुको न्यून मूल्याङ्कन, बजारमा वस्तु तथा सेवाको बिक्री वितरणमा हुने न्यून बीजकीकरण र लगानीको आयको रूपमा रहेको घरवहालको न्यून आय घोषणामा सुधार ल्याउन समयवद्ध ढङ्गले निकायका बिचमा सूचनाको आदान प्रदान गर्ने। वजार अनुगमन प्रणालीमा सुधार गरी करको स्वच्छ सहभागिता प्रवर्द्धन गर्ने/गराउने।

(५) करदाताका सबै प्रकारका आर्थिक कारोबारसँग सम्बन्धित सूचनालाई करदाता सूचना व्यवस्थापन प्रणाली ( Taxpayers Information Management System –TIMS) मा प्रविष्टि तथा सुरक्षण हुने प्रणालीको विकास गरी करदाताको स्वैच्छिक कर परिपालनाको स्तरमा सुधार ल्याउने।

(६) अन्तर्राष्ट्रिय कर प्रणाली र डिजिटल अर्थतन्त्रको विस्तार तथा पँहुचबाट नेपालको कराधारको संरक्षण गर्न आन्तरिक राजस्व विभाग र भन्सार विभागमा सक्षम प्रकृतिको सुचना सङ्कलन तथा विश्लेषण गर्न सक्ने संयन्त्रको स्थापना गर्ने। यस्तो सूचना विश्लेषणको आधारमा कर परिपालना गराई राष्ट्रिय कराधारको संरक्षण गर्ने।

(७) कर प्रणालीको एकीकृत कर जोखिम व्यवस्थापन गर्न Artificial Intelligence-AI को उपयोगद्धारा कर जोखिमका क्षेत्रको आँकलन एवं कर परिपालनाका सूचक तथा करदाताको व्यवसायगत र करदातागत आधारमा कर जोखिमको वर्गीकरण गरी त्यसका आधारमा कर जोखिम व्यवस्थापनको रणनीति तय गरी कार्यान्वयन गर्ने।

(८) विद्यमान कर जोखिम व्यवस्थापनको रणनीतिको रूपमा प्रयोग गरिएको कर परीक्षण र कर अनुसन्धानको परम्परागत पद्धतिमा सुधार गरी अनुसन्धानमूलक परीक्षण विधि अवलम्बन गर्न आवश्यक कार्यविधि र मापदण्डको तर्जुमा तथा कार्यान्वयन गर्ने।

(९) भन्सार जाँचपासमा स्वैच्छिक अनुपालनलाई प्रवर्द्धन गर्न जोखिम व्यवस्थापनलाई अन्तरराष्ट्रिय असल अम्यासहरू कार्यान्वयन गरी प्रभावकारी बनाउन जरूरी छ। जोखिम व्यवस्थापन प्रक्रियाको लागि International Organization for Standardization ले Risk management - Guidelines and principles (आइएसओ ३१०००) तयार पारेको छ भने भन्सारको सन्दर्भमा विश्व भन्सार संगठनले Risk Management Compendium तयार गरी भन्सारको जोखिम व्यवस्थापनको लागि मार्गदर्शन गरेको छ।यसैको आधारमा भन्सार प्रशासनले जोखिम व्यावस्थापनलाई प्रभावकारी बनाउनु आवश्यक देखिन्छ। यसका लागि Data Driven Risk based Compliance management framework को निर्माण गर्ने, जोखिम व्यवस्थापनको लागि संगठन संरचना परिवर्तन, छुट्टै planning and co-ordination team, selectivity management team, risk analysis team, intelligence and co-operation team को व्यवस्थापन गर्ने।साथै Targeting को लागि data analytics, data mining तथा artificial intelligence (AI) को प्रयोग गर्नु पर्ने देखिन्छ। यसका साथै, जोखिम व्यवस्थापनलाई प्रभावकारी बनाउन जाचपास प्रक्रियामा Non-Intrusive Inspection (NII) Equipment को प्रयोग गर्न र Risk indicators and targeting को लागि भन्सार अधिकृत तथा जाँचकीहरूको क्षमता विकास गर्ने, Risk based Targeting को प्रयोग गर्ने, यात्रुको जोखिम विश्लेषणको लागि Advance Passengers information (API)/ Passenger Name Record (PNR) को विवरण सङ्कलन गरी विश्लेषण गरी कार्यान्वयन गर्नु पर्ने देखिन्छ।

(१०) राजस्व प्रणाली भित्रको कर जोखिम व्यवस्थापनका लागि एकीकृत एवं विषयगत जोखिम परिसूचकको आधारमा करदाताको पहिचान तथा कर परिपालनाको स्तर मापन तथा जोखिम वर्गीकरण गरी उपयुक्त रणनीतिको आधारमा कर परीक्षण तथा अनुसन्धान गर्ने।

(११) करको जोखिम वर्गीकरण गर्दा गुणस्तरीय कर सहभागिता कायम गर्ने करदातालाई राज्यप्रतिका विश्वासिला करदाताको रूपमा वर्गीकरण गरी विशिष्टकृत सहज सेवा र बैंकहरूबाट सहज वित्तीय सेवा पाउने गरी सूचना आदान प्रदान हुने प्रणालीको विकास गर्ने।

(१२) रू.पाँच करोड भन्दा तलका करदाताहरूले आन्तरिक राजस्व विभागबाट सूचीकृत गरेका विद्युतीय नगद मसिनबाट (Electronic Cash Register Machine) र अन्यको हकमा आन्तरिक राजस्व विभागको केन्द्रीय बिजक अनुगमन प्रणालीबाट अनिवार्यरूपमा विजक जारी गर्ने व्यवस्था गर्ने। करदाताका वस्तु र सेवाको हार्मोनाईज कोडको आधारमा विजक जारी गर्ने र यसको आधारमा करदाताका खरिद बिक्रि लगायतका कर विवरण तयार हुने विद्युतीय प्रणालीको विकासको सुनिश्चितता हुने गरी प्रणालीमा सुधार गर्ने।

(१३) मूल्य अभिवृद्धि कर लाग्ने र नलाग्ने दुबै कारोबार गर्ने करदाताको कारोबारलाई सही र यर्थाथपरक बनाउन केन्द्रीय बिजक प्रणालीमा सुधार गरी कारोबारको यथार्थता झल्कने गरी सुधार गर्ने।

(१४) कर सहभागिताका लागि इच्छुक, जागरूक र तत्पर करदाताको उपयुक्त सहभागिता सुनिश्चित गर्न करदाता शिक्षा र सेवा पँहुचमा सुधार गर्ने। निरन्तर रूपमा कर अनुपालना नगर्ने र नियतवस कर सहभागिता नगर्ने करदातालाई कर कानुनको उच्चतम कानुनी कार्यबाही एवं निरन्तर निगरानी गर्ने। करदाताको कर जोखिमको वर्गीकरणको आधारमा करदाताको कर अनुपालनास्तरको नियमित अनुगमन गर्ने प्रणालीको व्यवस्था गर्ने।

(१५) भन्सार तथा आन्तरिक राजस्व विभागमा रहेको कर सम्बन्धी आन्तरिक पुनरावलोकन प्रणालीकोको कमजोर कार्यान्वयनले गर्दा आन्तरिक नियन्त्रण खुकुलो हुनुको साथै कर तथा भन्सार सम्बन्धी निर्णयहरूको गुणस्तर दुरूस्त र स्वच्छ बन्न सकेको छैन। मौजुदा कानुनी प्रवन्धमा थप सुधार गरी आन्तरिक पुनरावलोकन प्रणालीलाई थप सुदृढ गर्नु पर्ने देखिन्छ।

(१६) सामाजिक सञ्जाल, भर्चुअल मिटिङ्ग प्लेटफर्म, अनलाईन व्यवसाय लगायतका भौगोलिक सीमा विहीन हुने विद्युतीय कारोबारलाई करको दायरमा ल्याउनुपर्ने। यसका लागि कर प्रणाली भित्र आवश्यक पर्ने संस्थागत प्रवन्ध र क्षमतामा सुधार गर्ने।

(१७) संगठितरूपमा हुने व्यापारिक छली, तस्करी र गम्भीर प्रकृतिका कर चुहावटमा सघन अनुसन्धानको लागि आवश्यक संगठनात्मक संरचना, प्रभावकारी कार्यान्वयनका लागि दक्ष जनशक्तिको विकासका साथै विभिन्न प्रणालीका बिचमा अन्तर आवद्धता र प्रभावकारी समन्वयको सुनिश्चितता गर्ने।

(१८) सरकारले राजस्व भुक्तानीमा देखिएको समस्यालाई न्यूनीकरण गर्न कारोबार स्थलमा गई बिल बिजकको अनुगमन गर्ने, विवरण पेश नगरेका करदाता (Non Filer) बाट कारोबार गरेका सक्रिय करदाताको कारोबारको सूचनाको आधारमा करदाता पहिचान गरी विवरण नबुझाएका करदातालाई विवरण पेश गर्न लगाउने। कर बक्यौता देखिएका करदाताको विश्लेषण गरी दाखिला गर्नु पर्ने बक्यौता जम्मा गर्न लगाउने, समयमै बक्यौता दाखिला नगर्ने करदातालाई कानुनी कारबाहीको दायरामा ल्याई राजस्व सङ्कलन सम्बन्धी कार्यलाई थप प्रभावकारी बनाउने।

(१९) सबै करको करदाताको एकीकृत कर बक्यौता अभिलेख तयार गर्ने गरी राजस्व लेखाङ्कन प्रणालीमा सुधार गर्ने। कर बक्यौता असुलीमा सम्पत्ति व्यवस्थापन समेतको लागि प्रभावकारी संयन्त्रको स्थापना गरी अन्तिम तहको कानुनी कार्यबाही प्रणालीमा सुधार गर्ने।

(२०) विभागमा रहेको करदाता सूचना व्यवस्थापन प्रणालीमा उपलब्ध सूचनाको नियमित विश्लेषण गर्ने र नेपालका उच्च आय एवं सम्पत्ति भएका व्यक्तिको (High Net worth Individual) कारोबारको नियमित अनुगमन गरी लगानी भएको क्षेत्र तथा देश तथा कर अनुपालनाको स्तरमा सुधार ल्याउने।

(२१) विश्व व्यापार संगठन लगायतका अन्य अन्तर्राष्ट्रिय सन्धी सम्झौता एवं प्रावधानका कारण भन्सार महशुलमा आउन सक्ने संकुचनलाई दृष्टिगत गरी त्यस्तो अन्तर पूर्तिको लागि अन्तःशुल्कलाई विकल्पको रूपमा अगाडि बढाउन सकिने सन्दर्भमा अन्तःशुल्कजन्य पदार्थको बिक्री वितरणमा रोक लगाउने गरी निषेधित क्षेत्र घोषणाको प्रतिष्पर्धाले विदेशी वस्तुलाई

प्रोत्साहन गरी चोरी पैठारीको सम्भावना समेत बढाएकाले जोखिम व्यवस्थापनका लागि बलियो नियमनको आधारशीला तयार गरी आवश्यक नीतिगत स्पष्टता प्रदान गर्ने।

(२२) अन्तःशुल्क प्रशासनमा दक्ष जनशक्तिको विकास गरी कर दायित्व घटाई जोखिम बढाउने क्रियाकलापको नियन्त्रण गर्ने। भौतिक नियन्त्रण प्रणाली अन्तर्गत कारखाना वा प्रतिष्ठानमा खटिने कर्मचारीको कार्यबोझ धेरै रहेको देखिएकाले आधुनिक प्रविधिको प्रयोग गरी चुस्त एवं दुरूस्त नियन्त्रण एवं नियमनको व्यवस्था गर्ने। साथै स्टिकर व्यवस्थापन तथा ट्र्याकिङ्ग प्रणालीलाई सूचना प्रविधिमा आधारित बनाई कार्यान्वयन गर्ने।

(२३) करदाताको तर्फबाट आय विवरण प्रमाणिकरण गर्ने र लेखापरीक्षकको वित्तीय तथा कर परीक्षण गरी प्रमाणित गर्नु पर्ने विषयको मापदण्डको कार्यान्वयन र नियमन गर्ने प्रणालीको व्यवस्था गर्ने।

(२४) घर जग्गाको खरिद बिक्रीमा हुने मूल्याङ्कन प्रणालीमा सुधार गर्ने र अनुमति प्राप्त निकायमा सूचीकृत गरी घर जग्गाको खरिद बिक्री गर्न सक्ने गरी कानुनी प्रवन्ध मार्फत प्रणालीको विकास गर्ने।

(२५) कार्यालयले गरेको कर निर्धारण उपर चित्त नबुझाई करदाताका फाइल लामो समयदेखि विचाराधीन रहेको र ठूला करदाताहरू सोझै असाधारण रीट क्षेत्रमा जाने प्रवृति बढ्दै गएको देखिन्छ। विभाग, न्यायाधिकरण र अदालतले समयमा निर्णय दिन नसकेको कारणले गर्दा राज्यले पाउनुपर्ने राजस्व समयमा प्राप्त गर्न नसकेको अवस्था एकातिर छ भने अर्कोतर्फ करदाताहरूको कानुनी तथा प्रशासनिक लागत पनि बढदै गएको देखिन्छ। यस्ता प्रकृतिका कर निर्धारणसँग सम्बन्धित विवादलाई समयमा निरूपण गरी करदाताले तिर्न सक्ने क्षमता अनुसारको राजस्व प्राप्त गर्न सक्ने संयन्त्र संघीय राजस्व बोर्ड अन्तर्गत व्यवस्थित गर्दै कर विवाद समाधानको वैकल्पिक व्यवस्था (Alternative Dispute Resolution) को लागि स्थायी कर विवाद समाधान समिति गठन गर्ने। बोर्डको स्थापना नभएसम्म यस सम्बन्धी कार्य सम्पादनका लागि थप अध्ययन गरी कानुन मार्फत उपयुक्त व्यवस्था गर्ने।

## परिच्छेद- १४ राजस्व संगठन र कर प्रशासन

२४३. नेपालको कर प्रणालीको संस्थागत विकास वजेट प्रणालीको विकाससँगै हुँदै आएको छ। विक्रम सम्वत् २०१६ देखि कानुनमा आधारित कर प्रणालीको शुरुवात, करको दायरामा विस्तार र प्रगतिशिल कर व्यवस्थाको थालनीसँगै अर्थ मन्त्रालय अन्तर्गत राजस्वका अलग अलग संरचनाको स्थापना भएका थिए। विक्रम सम्वत् २०१४ मा कस्टम कमिसनर अफिसको शुरुवात, २०१६ मा भन्सार तथा अन्तशुल्क विभागको स्थापना तथा विक्रम सम्वत् २०१६ सालमा विगतको आयकर शाखालाई कर निर्देशनालयमा स्तरोन्नती गर्दै २०१८ मा आन्तरिक राजस्व विभागको नामाकरण गरिएकोमा आर्थिक वर्ष २०२०/२१ मा कर विभागमा रुपान्तरण भएको थियो। विक्रम संम्वत् २०२३ मा भन्सार र अन्तशुल्क विभागलाई छुट्टाछुट्टै विभागको रूपमा स्थापना गरियो। वि.सं. २०५४ सालमा मूल्य अभिवृद्धि कर लगाउनु अघि साविकका बिक्रिकर विभाग र अन्तशुल्क विभागलाई मूल्य अभिवृद्धि कर विभाग एकिकरण गरी नेपालमा मूल्य अभिवृद्धि कर प्रणालीको शुरुवात गरिएको थियो। साविकको आयकरको कार्यक्षेत्र हेर्ने कर विभाग र मूल्य अभिवृद्धि कर विभागलाई २०५८ सालमा गाभि आन्तरिक राजस्व विभागकोरूपमा पुनर्गठन गरिएको थियो। हाल राजस्व परिचालनको लागि आन्तरिक राजस्व विभाग र भन्सार विभागका संरचना क्रियाशील रहेका छन्। साथै, राजस्व चुहावटको नियन्त्रण तथा सम्पत्ति शुद्धिकरणको नियन्त्रण तथा अनुसन्धान गर्ने गरेका साविकमा अर्थ मन्त्रालय अन्तर्गत रहेको राजस्व अनुसन्धान विभाग र सम्पत्ति शुद्धिकरण अनुसन्धान विभाग, २०७४ साल देखि प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय अन्तर्गत रहेका छन्। समग्र वित्त प्रणालीमा आर्थिक सुशासन कायम गर्न मूख्य भूमिकामा रहेका यी विभागहरू र अर्थ मन्त्रालय अन्तर्गतका निकायहरूको वीच कमजोर समन्वय र सहकार्यको कारणले कार्यसम्पादन अपेक्षित रूपमा प्रभावकारी हुन सकेको छैन।

२४४. राजस्व नीति र प्रशासन गर्ने गरी अर्थ मन्त्रालयमा राजस्व सचिवको नेतृत्व रहेको छ। राजस्व नीतिको तर्जुमा र कार्यान्वयन तथा अनुगमन गर्न राजस्व व्यववस्थापन महाशाखा रहेको छ। अर्थ मन्त्रालयको समग्र प्रशासनिक नेतृत्व अर्थ मन्त्री र अर्थ सचिवको मातहत नै रहेको छ। कर प्रशासन वा राजस्व सेवा सञ्चालन सम्बन्धी कानुन र विशिष्ट प्रकृतिको व्यवसायिक संरचनाको अभावले गर्दा उच्च तहमा बारम्बार हुने नेतृत्वको परिवर्तनले संगठनको कार्य विशिष्टिकरणमा समस्या आएको छ। नायब सुव्वा देखि उपसचिवसम्म राजस्व समूहमा आवद्ध रहेको हालको संगठन संरचनामा कर्मचारीको तुलनात्मकरूपमा अन्य सेवा समूहको भन्दा वृति विकासको अवसर पनि लामो समय कुर्नु पर्ने हुँदा कर्मचारीको मनोवल पनि निरन्तररूपमा कमजोर हुँदै गएको छ। विक्रम सम्वत् २०४९ देखि अर्थ मन्त्रालय अन्तर्गतका निकायमा सहसचिवसम्मको राजस्व समूह रहेकोमा सहसचिवको वृति विकास कम भयो भनि यो समूहबाट सह-सचिव हटाए पछि यसको कार्यसम्पादनमा विषय विज्ञताको क्रमशः कमि देखिन थालेको थियो। राजस्व नीतिको तर्जुमा र कार्यान्वयन गर्ने काम विशिष्ट प्रकृतिको भएको साथै यस्ता संगठन संरचनाहरू व्यवसायिक हुनुपर्ने र पेशाविद्हरु पनि विज्ञ हुनु पर्ने हुँदा हालको संरचनालाई थप विषय विज्ञताको योग्यता भएको विशिष्टकृत संगठनकोरूपमा सुधार तथा विकास गर्न आवश्यक देखिन्छ।

२४५. विश्वका कर प्रणालीका विभिन्न देशका संगठन संरचनाहरू स्वायत्त संस्थाको रूपमा राजस्व प्राधिकरण, पूर्ण स्वायत्त तथा आशिंक स्वायत्त बोर्डकोरूपमा रहेका छन्। यसमा पनि विषयगत कार्यक्षेत्र रहेको प्रत्यक्ष कर तथा अप्रत्यक्ष कर एवंम कर संरचना अनुसार फरक फरक संस्थाहरूको आधारमा विषयगत कार्य विशिष्टिकरण गरिएको पाइन्छ। वेलायत, अमेरिका र जापान लगायतका देशहरूले राजस्वका संगठनलाई विशिष्टकृत गरेका छन्। दक्षिण एशियाका सबैजसो देशहरूमा विषयगत कार्य क्षेत्रका आधारमा अर्ध स्वायत्त बोर्डहरू रहेका छन्। सिङ्गापुर, दक्षिण अफ्रिका लगायतका देशहरूमा राजस्व प्राधिकरणका संरचनाहरू निर्माण गरिएका छन्। नेपालको कर प्रणालीको आधुनीकिकरण गर्ने समय देखि नै केन्द्रिय राजस्व बोर्डको गठन गर्ने भनिएको र विभिन्न समयमा गठन गरिएका सबै कर सुधारका आयोगहरूले कर सुधारको महत्वपूर्ण सुझावको रूपमा राजस्व संगठनलाई विशिष्टकृत बनाउन राजस्व बोर्डको गठन गर्ने कुरा सिफारिस गरेको तथा सरकारका विभिन्न समयका वजेट वक्तव्यहरूमा समेत यो विषय समावेश भएकोमा हालसम्म पनि कार्यान्वयन हुन सकेको छैन। सरकारको सुदृढ वित्त प्रणालीको लागि आवश्यक पर्ने मजबुत प्रणाली नै राजस्व प्रणाली भएको हुँदा यसको कार्यान्वयन जति ढिलो गरिन्छ यसबाट कर प्रणालीको कार्य दक्षतामा कमि आई करको नीतिगत अन्तर (Policy Gap) र कर सहभागिता अन्तर (Tax Compliance Gap) बढ्दै गई राजस्व परिचालन झनै प्रभावकारी हुन सक्दैन।

**तालिका नं. २५ अन्तर्राष्ट्रियस्तरमा बोर्डका सम्बन्धमा भएका व्यवस्थाहरू**

| | पाकिस्तान | बंगलादेश | भारत | सिंगापुर | तान्जानिया | नेपाल (प्रस्तावित) |
|---|---|---|---|---|---|---|
| संगठनको नाम | संघीय राजस्व बोर्ड | राष्ट्रिय राजस्व बोर्ड | प्रत्यक्ष कर केन्द्रीय बोर्ड र अप्रत्यक्ष कर केन्द्रीय बोर्ड | सिंगापुर आन्तरिक राजस्व प्राधिकरण | तान्जानिया राजस्व प्राधिकरण | संघीय राजस्व बोर्ड |
| संगठनात्मक ढाँचा | • स्वायत्त बोर्डको व्यवस्था<br>• संघीय राजस्व बोर्डको अध्यक्ष संघीय सरकारबाट नियुक्त हुने<br>• बोर्ड अन्तर्गत<br>• कार्यसञ्चालन सदस्यः २<br>• नीतिगत सदस्यः २<br>• कार्यात्मक सदस्यः ३<br>• सहयोगी सदस्यः ३<br>• महानिर्देशक पदेन सदस्यः | • अर्थ मन्त्रालयको आन्तरिक स्रोत व्यवस्थापन महाशाखा अन्तर्गत बोर्ड रहेको<br>• १९ सदस्यीय बोर्डको व्यवस्था<br>• अर्थ मन्त्रालयको आन्तरिक स्रोत व्यवस्थापन महाशाखाको वरिष्ठ सचिव बोर्डको अध्यक्ष हुने।<br>• पाँचवटा कार्यात्मक संरचनाको व्यवस्था | • स्वायत्त बोर्डको व्यवस्था<br>• केन्द्रीय सरकारले प्रत्येक बोर्डमा ५/५ जनासम्म सदस्य नियुक्त गर्न सक्ने व्यवस्था<br>• भौगोलिक क्षेत्र तथा कार्यात्यमक जिम्मेवारीका आधारमा संरचनाहरूको निर्माण | • स्वायत्त प्राधिकरणको व्यवस्था<br>• अर्थमन्त्रीले ५ देखि १० जनासम्म सदस्यहरू नियुक्त गर्ने व्यवस्था<br>• अर्थ मन्त्रालयको सचिवले बोर्डको नेतृत्व गर्ने | • अर्ध-स्वायत्त प्राधिकरण र सञ्चालन बोर्डको व्यवस्था<br>• प्राधिकरणको प्रमुख कार्यकारीको रूपमा कमिशनर जनरल रहने<br>• अर्थमन्त्री, गभर्नर, योजना मन्त्री, प्राधिकरणको कार्यकारी प्रमुख र मन्त्रीले नियुक्ति गरेका चारजना सदस्य सहितको समितिले गरेको | • स्वायत्त बोर्डको व्यवस्था<br>• नेपाल सरकारले संघीय राजस्व सेवाका विशिष्ट श्रेणीका अधिकृतहरू मध्येबाट बरिष्ठताका आधारमा बोर्डको अध्यक्ष र ६ अन्य सदस्य नियुक्त गर्ने।<br>• नीतिगत मार्गदर्शनको लागि अर्थमन्त्रीको |

| | पाकिस्तान | बंगलादेश | भारत | सिंगापुर | तान्जानिया | नेपाल (प्रस्तावित) |
|---|---|---|---|---|---|---|
| | २१ (११ वटा भन्सार र १० आन्तरिक राजस्व)<br>• अर्थ मन्त्रीको संयोजकत्वमा रहेको मन्त्रिपरिषद्को विषयगत समितिले सुपरीवेक्षण गर्ने व्यवस्था रहेको | | | | सिफारिसका आधारमा राष्ट्रपतिले प्राधिकरण बोर्डको अध्यक्ष नियुक्ति | अध्यक्षतामा परिषद्को व्यवस्था |
| कानुनी आधार | • संघीय राजस्व बोर्ड ऐन, सन् २००७ | • राष्ट्रपतिको कार्यकारी आदेश नं. ७६, सन् १९७२ | • केन्द्रीय राजस्व बोर्ड ऐन, सन् १९६३ | • सिंगापुर आन्तरिक राजस्व प्राधिकरण ऐन, सन् १९९२ | • तान्जानिया राजस्व प्राधिकरण ऐन, सन् १९९५ ( संशोधित सन् २००६) | • संघीय राजस्व बोर्ड ऐन, २०८१ (प्रस्तावित — अनुसूचीमा संलग्न) |
| मूख्य कार्य क्षेत्र | • आधुनिक तथा प्रभावकारी कर प्रशासन स्थापना, कर परिपालना प्रवर्द्धन तथा उत्पादकत्वमा सुधार<br>• राजस्व सम्वद्ध जनशक्ति व्यवस्थापन र थप प्रोत्साहन प्रदान गर्न स्वायत्तता<br>• बैधानिक कार्यविधि र आदेशहरूको निर्माण<br>• खर्च व्यवस्थापनमा स्व निर्णयको अधिकार<br>• वार्षिक प्रतिवेदन प्रधानमन्त्री | • कर नीति तथा कर कानुनको तर्जुमा एवं परिमार्जन<br>• कर सन्धि तथा सम्झौताहरूको सम्बन्धमा बार्ता गर्ने<br>• अर्थतन्त्र र करारोपणमा अन्तर मन्त्रालयगत छलफलमा सहभागिता<br>• प्रत्यक्ष तथा अप्रत्यक्ष कर सङ्कलनको कार्य | • प्रत्यक्ष तथा अप्रत्यक्ष कर सम्बन्धमा संघीय सरकारले जारी गरेका नीति तथा मार्गदर्शनहरू अनुरूप कार्य व्यवस्थित गर्ने<br>• प्रत्यक्ष तथा अप्रत्यक्ष करहरूको प्रशासन गर्ने<br>• कर सम्बद्ध कानुनहरूमा समसामयीक सुधार तथा अद्यावधिक गर्ने कार्य<br>• अन्तर्राष्ट्रिय कर, कर सम्बन्धी सूचना सङ्कलन, विश्लेषण, अनुसन्धान र | • प्रत्यक्ष तथा अप्रत्यक्ष करको प्रशासन, कर सङ्कलन तथा कर कानुनको कार्यान्वियन गराउने कार्य<br>• वित्त तथा कर सम्बन्धी नीतिगत विषयहरूमा सरकारलाई सल्लाह तथा सुझाव प्रदान गर्ने<br>• अन्तर्राष्ट्रिय कर सन्धि तथा सम्झौताका लागि वार्ता तथा सम्वाद गर्ने<br>• सरकारले तोकेका अन्य कार्यहरूको कार्यान्वियन<br>• लोकसेवा आयोगको परामर्शमा बोर्डको कार्यकारी अधिकृत | • कर नीति तथा कर कानुनको प्रशासन र सबल कार्यान्वयन गर्ने।<br>• निष्पक्ष, सक्षम तथा प्रभावकारी कर प्रशासनको लागि अनुगमन, सुपरीवेक्षण र समन्वय गर्ने<br>• विषयगत मन्त्रालयबाट सङ्कलन हुने गैरकर राजस्वको अनुगमन<br>• कर सम्बद्ध नीतिगत विषयहरूमा सरकार तथा अन्य सम्वद्ध सरकारी निकायलाई सल्लाह तथा सुझाव प्रदान गर्ने<br>• वार्षिक प्रतिवेदन मन्त्री मार्फत | • कर नीति तथा कर कानुनको तर्जुमा, परिमार्जन, प्रशासन र सो को प्रभावकारी कार्यान्वयन<br>• वित्त तथा कर सम्बन्धी नीतिगत विषयहरूमा सरकारलाई सल्लाह तथा सुझाव प्रदान गर्ने<br>• कर कानुनहरूको सबल तथा प्रभावकारी कार्यान्वयनको लागि निर्देशिका निर्माण तथा पूर्वादेश र परिपत्रहरू जारी गर्ने |

| | पाकिस्तान | बंगलादेश | भारत | सिंगापुर | तान्जानिया | नेपाल (प्रस्तावित) |
|---|---|---|---|---|---|---|
| | मार्फत व्यवस्थापिकामा पेश गर्ने<br>• करदातालाई थप सेवा सुविधा उपलब्ध गराएबापत बोर्डले निश्चित शुल्क तथा दस्तुर लगाउन सक्ने अधिकार | | फौजदारी अभियोजन समेतको कार्य<br>• कर छुट तथा सहुलियतहरूको प्रशासन | नियुक्ति गर्ने।<br>• सरकार, करदातालाई बोर्डले निश्चित शुल्क तथा दस्तुर लगाउन सक्ने, बैंकबाट सापटी लिने तथा शेयर निष्काशन र लगानीबाट प्रतिफल प्राप्ति गर्ने सम्बन्धी कार्यहरू<br>•वार्षिक प्रतिवेदन मन्त्री मार्फत व्यवस्थापिकामा पेश गर्ने | व्यवस्थापिकामा पेश गर्ने<br>• प्राधिकरणको प्रमुख कार्यकारीको रूपमा रहेको कमिशनर जनरललाई निर्देशन दिने र कमिशनरले सिफारिस गरेको संगठनात्मक संरचना स्वीकृत गर्ने<br>• प्राधिकरण अन्तर्गतका कर्मचारीहरूको सेवा शर्त तथा तलव सुविधाको निर्धारण गर्ने | • वार्षिक राजस्वको प्रक्षेपण<br>• बहुपक्षीय तथा द्वीपक्षीय कर सन्धि तथा सम्झौताका लागि वार्ता तथा सम्वाद गर्ने<br>• कर विवाद समाधान तथा न्यायिक निरूपण<br>• निष्पक्ष, सक्षम तथा प्रभावकारी राजस्व प्रशासनको लागि अनुगमन, सुपरीवेक्षण र समन्वय गर्ने |

२४६. राजस्व संगठनका जनशक्तिको व्यवस्थापन तथा सञ्चालन गर्न छुट्टै नेपाल राजस्व सेवा सञ्चालन, व्यवस्थापन र सुशासन ऐनको व्यवस्था गर्नु पर्दछ। यो संगठनको सेवा र कार्य गर्ने जनशक्ति मूख्यत: आर्थिक क्षेत्रसँग सम्वन्धित जनशक्ति रहेकोले यस सेवामा प्रवेश गर्ने जनशक्तिको लागि सेवा प्रवेश देखि सबै तहमा न्यूनतमरूपमा अर्थशास्त्र, वाणिज्य, कानुन र सूचना प्रविधि सम्बन्धी शैक्षिक योग्यताको निर्धारण गर्नुपर्ने हुन्छ। यदि जुनसुकै शैक्षिक योग्यता भएको व्यक्तिको सेवा प्रवेश लिने भएमा त्यस प्रकारका जनशक्तिलाई न्यूनतम २ वर्ष यस सेवासँग सम्वन्धित विशिष्टकृत प्रकारको अध्ययन तथा नियमित पुनर्ताजकीको तालिम पछि मात्र कार्य जिम्मेवारी दिनु पर्दछ। साथै, सरकारलाई कर तथा राजस्व सम्बन्धी विषय र वित्तीय संघीयतामा राजस्वका विषयमा सरकारको सल्लाहाकार र राजस्व परिचालन र सञ्चालन गर्न संघीय राजस्व बोर्डको गठन तत्कालै गर्नु पर्दछ। यस भित्रको जनशक्ति पनि यसै सेवा भित्र मात्र रहने गरी व्यवस्थापन गर्नु पर्दछ।

२४७. संघीय वित्तको सुदृढीकरण, राजस्व सङ्कलनका प्रक्रियालाई सरल, प्रभावकारी, पारदर्शी एवं एकीकृत बनाउन, राजस्व प्रशासनलाई सक्षम तथा व्यवसायिक बनाउन र लगानीमैत्री कर नीतिको माध्यमबाट सुदृढ राष्ट्रिय अर्थतन्त्र निर्माण गर्न संघीय राजस्व बोर्डको गठन गर्नुपर्ने देखिन्छ। बोर्डले अर्थ मन्त्रालय अन्तर्गतका दुई आन्तरिक राजस्व विभाग र भन्सार विभागका संगठन संरचनालाई प्रत्यक्ष नेतृत्व गर्नेछ। बोर्डको संरचना तयार गर्दा आन्तरिक राजस्व विभाग र भन्सार विभागका मातहतका कार्यालयहरूको पनि पुनर्संचनाको गर्नु पर्ने हुन्छ। राजस्व बोर्डको संरचना लागु भए पछि हालको प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय मातहत रहेको राजस्व अनुसन्धान विभागका सम्पूर्ण संरचनाहरू यस अन्तर्गत सर्दछन्।संघीय राजस्व बोर्ड र अन्तर्गत निकायको संगठन संरचना यसै

प्रतिवेदनको अनुसूची ८.१ मा र संघीय राजस्व बोर्ड सम्बन्धी विद्येयकको मस्यौदा अनुसूची ८.२ र नेपाल राजस्व सेवा (सञ्चालन, व्यवस्थापन र सुशासन) ऐन तर्जुमाको आवश्यकता सम्बन्धी अवधारणा पत्र अनुसूची ८.३ समावेश गरिएको छ।

२४८. प्रस्तावित संघीय राजस्व बोर्डको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुन सुझाव गरिन्छ।

(१) संघीय राजस्व नीति तर्जुमा एवं परिमार्जन गर्न नेपाल सरकारलाई राय तथा सुझाब प्रदान गर्ने।

(२) राजस्व नीति, राजस्व प्रशासन करका दर लगायत समग्र राजस्व प्रणालीले देशको अर्थतन्त्र, आर्थिक वृद्धि, रोजगारी र वित्तीय परिसूचकमा पारेको वा पार्न सक्ने प्रभाव बारे निरन्तर अध्ययन, अनुसन्धान, तथ्याङ्क सङ्कलन र विश्लेषण गरी सुझाव सहित नेपाल सरकारलाई प्रतिवेदन दिने।

(३) वित्तीय संघीयतामा प्रदेश र स्थानीय तहको राजस्व नीति र प्रशासनको लागि आवश्यक विज्ञ तथा परामर्श सेवा र सल्लाह दिने।

(४) राजस्व सम्बन्धी कानुनहरूको तर्जुमा तथा संशोधनको लागि नेपाल सरकारलाई सिफारीस गर्ने।

(५) तोकिएका कर कानुनका अधीनमा रही आयकर, सामाजिक सुरक्षा योगदान, मूल्य अभिवृद्धि कर, अन्तशुल्क, भन्सार तथा बोर्डको अधिकार क्षेत्रका अन्य करको सम्वन्धमा सार्वजनिक परिपत्र जारी गर्ने, प्रक्रियागत सरलीकरण गर्ने र तोकिएका कर कानुनका अधीनमा रही निर्देशिका तथा कार्यविधि स्वीकृत गरी लागू गर्ने।

(६) आवधिक, बार्षिक र मासिकरूपमा कर राजस्व तथा अन्य राजस्वको प्रक्षेपण गर्ने र नियमित अनुगमन गर्ने।

(७) राष्ट्रिय कराधारको संरक्षण गर्ने र सोको आधारमा कर प्रणालीमा सुधार गर्ने। कराधारमा नयाँ क्षेत्रहरूको पहिचान गर्ने र दिगो आन्तरिक स्रोत परिचालनका उपाय र प्रविधिहरूको खोजी गरी कार्यान्वयन गर्न नेपाल सरकारलाई सिफारिस गर्ने।

(८) अन्तर्राष्ट्रिय कर कानुन र कर प्रणालीको तुलनात्मक अध्ययन गरी नेपाल सरकारलाई सुझाब र परामर्श दिने।

(९) नेपाल सरकारको स्वीकृति लिई दोहोरो करमुक्ति, वित्तीय छल निरोध, पारस्परिक भन्सार सहयोग, सामञ्जस्यीकरण तथा अन्य विषयहरूमा विदेशी मुलुकका तत्सम्बन्धी सक्षम पदाधिकारीसँग सम्झौता गर्ने।

(१०) करदातालाई स्वैच्छिक कर परिपालना गर्न सक्ने गरी करदाता शिक्षा तथा करदाता सेवा प्रदान गर्ने।

(११) कर प्रणालीलाई स्वच्छ, तटस्थ र समन्यायिक बनाउने गरी कर प्रशासनको दक्षता र प्रभावकारीता अभिवृद्धि गर्ने।

(१२) विद्युतीय राजस्व प्रणालीको विकास गरी कार्यान्वयन गर्ने।

(१३) एकीकृत वित्तीय सूचकांक सहित समग्र करदाता र राजस्व प्रणालीको एकीकृत सूचना प्रणालीको विकास परिमार्जन गर्ने र तथ्यांक/सूचनामा आधारित राजस्व प्रणालीको कार्यान्वयन (Enforcement) गर्ने वातावरण (Ecosystem) तयार गर्ने।

(१४) राजस्व सङ्कलन, बक्यौता असुली र बेरुजु फछ्र्यौट गराउने तथा तत्सम्बन्धी प्रतिवेदन तयार गराउने।

(१५) नेपाल सरकारको प्रतिनिधिको रूपमा राजस्व सम्बन्धी कानुन कार्यान्वयन गर्ने गराउने।

(१६) बोर्ड अन्तर्गतका निकायहरूको निरीक्षण गर्ने र आवश्यक निर्देशन दिने।

(१७) राजस्व चुहावट नियन्त्रण गर्न कर छली, कर नियोजन र वित्तीय अपराधहरूको अनुसन्धान तथातहकिकात गर्ने गराउने।

(१८) राजस्वका दरहरूमा हुने परिवर्तनबाट पर्ने आर्थिक एवं वित्तीय प्रभाव सम्बन्धमा नियमित रूपमा अध्ययन गर्ने गराउने।

(१९) राजस्व सम्बन्धी विवाद समाधानको लागि स्थायी संयन्त्रकोरूपमा काम गर्ने।

(२०) आन्तरिक राजस्वतर्फ प्रशासकीय पुनरावलोकन, र भन्सारतर्फ मालवस्तु वर्गीकरण तथा मूल्यांकन सम्बन्धी पुनरावलोकन सुन्ने।

(२१) अन्तर्राष्ट्रिय व्यापार तथा पारवहन सम्बन्धी विषयमा मन्त्रालयलाई सुझाव तथा परामर्श दिने।

(२२) राजस्व सङ्कलन र सेवाको लागि प्रदेश तथा स्थानीय तह तथा अन्य निकायसँग करार सम्झौता गर्ने।

(२३) राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्तीय आयोगलाई मन्त्रालय मार्फत राजस्व सम्बन्धी विषयमा सुझाव तथा परामर्श दिने।

(२४) नेपालको संघीय कानुन बमोजिम असुल भएको राजस्व रकम संघीय सञ्चित कोषमा दाखिला गर्ने गराउने।

(२५) राजस्व प्रशासनलाई समयसापेक्ष, सक्षम, सुदृढ र करदातामैत्री बनाउने।

(२६) बोर्ड र अन्तर्गतका विभागहरूको योजना, वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा गर्ने।

(२७) स्वदेशी तथा वैदेशिक अध्ययन अनुसन्धान तथा प्रशिक्षणका कार्यक्रमहरूको सञ्चालन र व्यवस्थापन गर्ने।

(२८) राजस्व प्रशासनको संगठन संरचनालाई आवश्यकता अनुसार पुनर्संरचना गर्न सिफारीस गर्ने।

(२९) राजस्व प्रशिक्षण प्रतिष्ठानलाई राजस्व अध्ययन र विकास केन्द्रको रूपमा सञ्चालन गर्ने।

(३०) बोर्ड, विभाग तथा कार्यालयको सम्पत्तिको अभिलेखांकन तथा व्यवस्थापन गर्ने गराउने।

(३१) बोर्डले कर्मचारीमा अनुशासन कायम राख्न, सदाचार प्रबर्धन गर्न वा अन्य आवश्यक कार्य गर्न स्थायी वा अस्थायी प्रकृतिको समिति गठन गर्न सक्नेछ। यस्तो समितिको कार्यविधि, कार्यक्षेत्र र अन्य व्यवस्था बोर्डले तोके बमोजिम हुनेछ।

(३२) मन्त्रालयले तोकेका अन्य कार्यहरू गर्ने गराउने।

२४९. राजस्व सेवा / समुहका सदस्यहरुको मनोबल उच्च राख्न, वृत्तिविकासका पर्याप्त अवसरहरु सृजना गर्न तथा दक्ष र कार्यप्रति सदैव उत्प्रेरित बनाइ राख्न निम्न सुझावहरु समितिले सिफारिस गर्दछ।

(१) कार्य उपलब्धिका विद्यमान सुचकहरुमा सुधार गरी व्यक्तिगत तथा कार्यालय / संगठन इकाईभित्र समुहगत उपलब्धि मापनका आधारमा राजस्व सेवा/समुहका सदस्यहरुलाई आधारभुत तलबमानको १०० देखि २०० प्रतिशतसम्म थप उत्प्रेरणा सुविधा (Performance incentive) प्रदान गर्ने। यस्तो सुविधाको आधारलाई व्यक्तिगत र सामुहिक बराबरी दुई भागमा बांड्ने तर न्युनतम सामुहिक उपलब्धि हासिल नगरीकन व्यक्तिगत उपलब्धि बापत सुविधा प्रदान नगर्ने। उपलब्धि मापनका सुचकहरु निर्धारण गर्दा राजस्व संकलनको मात्र आधार नलिई

सेवाग्राहीलाई पुऱ्याएको सेवा र व्यवहारगत सन्तुष्टि (Taxpayer's Satisfaction), डिजिटल प्रणाली र उपकरणहरुको प्रयोग, सदाचार, कर कार्यान्वयनका विविध पक्ष, जोखिम न्युनिकरण र कर जांच/परीक्षण, अनुसन्धान, व्यवहारगत समन्यायिकता (fair application of law), बक्यौता असुली, प्रशासनिक दक्षताको प्रदर्शन (जस्तै फाइलिंग, रिपोर्टिंग वा संकलन खाडलहरु - gaps कम गर्न गरेको प्रयास), बेरुजु न्युनीकरण र कर कानुनको समग्र अनुपालनाका व्यक्तिगत र सामुहिक प्रयासका आधारहरु लिने।

(२) राजस्व बोर्डलाई राजस्व सेवा/समुहका कर्मचारीहरुको पारिश्रमिक र सुविधा निर्धारण गर्न सामान्य मापदण्ड (norms) अन्तर्गत रही स्वायत्तता प्रदान गर्ने। बोर्डले कुल राजस्व संकलनको निश्चित अंश पारिश्रमिक समेत प्रशासनिक खर्चकालागि छुट्याउने नीति तय गरी सो रकमबाट चलन चल्तीको सार्वजनिक क्षेत्रको तलबमान (जस्तै नेपाल राष्ट्र बैंकको तलबमान) सरह आफ्ना कर्मचारीलाई पारिश्रमिक र सुविधा प्रदान गर्ने।

(३) वृत्ति विकासका पर्याप्त अवसरहरु प्रदान गर्न नियुक्ति, कार्यप्रारम्भ (induction), दीर्घकालीन सेवाप्रवेश तालीम (विषय ज्ञान र दक्षताको औपचारिक प्रमाणपत्र - accreditation/ certification सहित), सेवाकालीन व्यावसायिक तालीम, बढुवा (कार्यसम्पादन राम्रो भएमा प्रत्येक सात वर्षमा घटीमा एकपटक बढुवाको प्रत्याभुति सहित), सेवाको सुरक्षा, सुनिश्चितता र सम्मान; सेवा अवधि, सरुवा र पदस्थापनको अनुमानयोग्य निश्चितता (ensured career path), बजारबाट सोझै सेवामा प्रवेश गराउन सकिने छड्के सहितको नियुक्ति प्रक्रिया तथा करार (दीर्घकालीन वा अल्पकालीन) मा विज्ञहरुको सेवा लिन सकिने लगायतका कानुनी प्रबन्धहरु गर्ने।

(४) अन्तरराष्ट्रिय मापदण्डहरु (जस्तै ISO, कार्यालय व्यवस्थापन र सेवाग्राहीलाई छिटो र चुस्त सेवा उपलब्ध सम्बन्धी मापदण्ड वा WCO/WTO का भन्सार प्रकृया सम्बन्धी मापदण्डहरु) पालनालाई प्रोत्साहित गर्न आवश्यक दक्षता दिलाई कर्मचारीहरुलाई उत्प्रेरणा प्रदान गर्ने।

२५०. करका प्रशासनिक र सेवाग्राहीसंग सम्बन्धित प्रक्रिया, ढाँचा र फाराम तथा व्यवसाय गर्ने वातावरणमा सुधार गर्न निम्न सुझावहरु समितिले सिफारिस गर्दछ।

(१) आन्तरिक राजस्व विभाग, कार्यालय र इकाईहरुको कार्य प्रक्रिया पुनर्संरचना (Business Process Re-engineering) अनुरूप आन्तरिक राजस्व कार्यालय व्यवस्थापन र कर प्रशासनको पुनर्संरचना गर्ने। यसको आधारमा कार्य विवरणको तर्जुमा, कर्मचारी दरबन्दीको संख्या र आवश्यक शीपको पहिचान, कर प्रकृयाहरुको सरलीकरण तथा सबलीकरण एवं समग्र संगठनलाई सेवाभावको साथ उद्देश्यप्रति समर्पित गराउन योजनाबद्ध ढंगले कार्यालय सुधार रणनैतिक योजनाहरु तर्जुमा गरी कार्यान्वयन गर्ने।

(२) कर प्रक्रिया, ढाँचा र फारामहरूलाई करदाताले गर्ने रोजगारी, व्यवसाय वा लगानी गर्न सहज हुने गरी सरल, स्पष्ट र उद्देश्यमूलक बनाउने।

(३) कर तिर्न लाग्ने समय र खर्चलाई कार्यक्रम बनाई निश्चित अवधिभित्र निश्चित सीमाभित्र झर्ने गरी न्यून गर्दै लग्ने। व्यवसायको लागतलाई कर तिर्न लाग्ने समय र खर्चका कारणले बढ्न नदिने।

(४) करदाताको पहिचान, कारोबार गरेको वस्तु वा सेवाको पहिचान र मूल्यांकन, कारोबार रकमको यकिन, आय र खुद आयको निर्धारण तथा कर संकलन गर्न आवश्यक पर्ने दृष्टिले आवश्यक

सूचनाहरूबाहेक अनुपयोगी तथ्यांक र सूचनाको माग नगर्ने, कानूनअनुसार सूचनाहरू गोप्य राख्न पर्दछ।

(५) साना र मझौला व्यवसायी तथा व्यक्तिगत रोजगारी गर्ने वा लगानीकर्ताहरूलाई आय वा कारोबारको भुक्तानीसँगै अन्तिम कर कट्टी (Final Withholding), सरलीकृत संक्षिप्त विवरण फारम तथा पूर्वानुमानित कर तिर्ने व्यवस्थाहरूद्वारा सरलीकृत प्रक्रियाको सुविधा दिने।

(६) पटकपटक कर तिर्नुपर्दा लाग्ने समय घटाउन मूल्य अभिवृद्धि कर, अन्तःशुल्क, आयकर, कर्पोरेट कर, भन्सार तथा अन्य कर तिर्न भुक्तानी गर्नुपर्ने पटकको संख्या घटाउने। कुनै करदाताले कुनै शीर्षकमा बढी कर दाखिला गरेको रहेछ भने त्यस्तो बढि तिरेको कर, सो करदाताले तिर्न बाँकी जुनसुकै शीर्षकको करमा मिलान गर्न सकिने व्यवस्था गर्ने।

(७) ई-सेवाहरूको प्रयोगद्वारा करदाताले आफ्नै कारोबारस्थलबाट कर विवरण दाखिला, कर दर्ता, कर भुक्तानी, कर परीक्षणका प्रक्रियाहरू सम्पन्न गर्न सक्ने व्यवस्थालाई देशव्यापी रूपमा प्रभावकारी बनाउने।

## परिच्छेद- १५ कर विवाद निरूपण तथा न्यायिक निरूपण

२५१. **कर विवाद समाधान र न्यायिक निरूपणको कानुनी र सैद्धान्तिक आयामः** नेपालको संविधानले कानुन बमोजिम बाहेक कुनै कर लगाइने र उठाइने छैन भन्ने सिद्धान्तको आधारमा कर प्रणालीको विकास गर्न मार्ग निर्देश गरेको छ। कार्यकारिणीबाट भएका कर प्रणालीसँग सम्बन्धित निर्णयको न्यायिक अधिकार प्रयोग गर्ने निकायबाट हुने पुनरावलोकनलाई कानुनी शासनको आधारस्तम्भको रूपमा लिइन्छ। नेपालको कर प्रणालीको प्रारम्भ देखि नै करदाताले पेश गरेका कर विवरणको छानबिन पश्चात थप कर लगाउने गरी गरिएका निर्णय उपर करदाताले चित्त नवुझेमा दुई तहको पुनरावलोकन र पुनरावेदन गर्न पाउने कानुनी व्यवस्था रहेको छ। यो आधुनिक कर प्रणालीको कर विवाद निरूपण गर्ने स्थायी प्रवन्ध हो। यो कानुनको जगमा प्रशासकीय पुनरावलोकनको अवधारणा अगाडि आएको देखिन्छ। यसले न्यायिक पुनरावलोकन पद्दतिलाई कुण्ठित गर्ने नभई सुस्त, खर्चिलो एवं ढीलो अदालती प्रक्रियाबाट विवादलाई जोगाई अदालत पुग्न अगाडि समयमा नै एक प्रकारको छिटो, छरितो र कम खर्चिलो विधिबाट विवादको समाधान गरी लगानीमैत्री वातावरणको सिर्जना तथा सदाचार पद्धतिको सम्बर्द्धनमा मद्दत गर्दछ। कर विवाद समाधानको लागि न्यायिक प्रक्रियामा जानुभन्दा अगाडि एक तहको प्रशासनिक विधिबाट वास्तविकरूपमा करदाताको मर्कालाई अनुभूत एवं सम्बोधन गर्ने अवसर समेत यसले प्रदान गर्दछ। कतिपय देशहरूमा सुव्यवस्थित एवं प्रभावकारी आन्तरिक पुनरावलोकनको माध्यमबाट न्यून लागतमा दूरगामी प्रभाव पार्ने त्रुटिको पहिचान गर्ने गरिएको पाइन्छ।

२५२. विश्व बैङ्कका अनुसार, कर पुनरावलोकनको उद्देश्य विश्वसनीय, स्वतन्त्र एवं शीघ्र प्रक्रियाद्धारा करदाताको मर्काको सम्बोधन, कर प्रणालीप्रति करदाताको विश्वास कायम र भ्रष्टाचारजन्य एवं दुर्व्यवहारका कार्यको न्यूनीकरण गर्नु रहेको छ। ओइसीडीले प्रशासकीय पुनरावलोकनलाई करदाताका अधिकारको रक्षा एवं कर अधिकारीको सदाचारिताको सुनिश्चितता गर्ने संयन्त्रको रूपमा परिभाषित गरेको छ। यसैगरी यसले आन्तरिक पुनरावलोकनका तीन उद्देश्यको रूपमा दक्षता, स्वयं नियन्त्रण र न्यायलाई अङ्गालेको छ। यसमा न्यायिक प्रक्रिया सुस्त भएको अवस्थामा पुनरावलोकनको दक्षता अभिवृद्धिमा जोड दिइनु पर्दछ भने कानुनी प्रक्रिया खर्चिलो भएको अवस्थामा आन्तरिक पुनरावलोकनले न्यून आय भएका करदाताहरूको संरक्षण गर्नुपर्ने हुन्छ। साथै न्यायिक निरोपण संगतिपूर्ण नभएको र कमजोर समन्वय भएको अवस्थामा केन्द्रीकृत प्रकृतिको पुनरावलोकनले एकरूपता एवं अनुमेयताको सुनिश्चितता गर्दछ।

२५३. आन्तरिक रूपमा कार्यकारिणी तहबाट व्यवस्थित प्रशासकीय पुनरावलोकन र बाह्यरूपमा अदालती प्रक्रियाद्धारा व्यवस्थित न्यायिक पुनरावलोकन प्रक्रिया हाल सबैभन्दा बढी प्रचलित कर (राजस्व) निर्धारणसँग सम्बन्धित विषय र गुनासो व्यवस्थापन मूल्याङ्कनका दुई विधि रहेका छन्। अदालती प्रक्रियामा जानुभन्दा अगाडि कार्यकारिणीबाट पूर्व निर्धारित नियम तथा कार्यविधिका आधारमा कम्तिमा दुई तहको प्रशासकीय पुनरावलोकनको अवसर करदातालाई प्रदान गर्ने प्रचलन रहेको पाइन्छ। कर विवाद निरूपणका लागि नियमित अदालती प्रक्रिया, विषयसँग सम्बन्धित विशेष प्रकृतिको अदालत वा न्यायाधिकरणबाट कर विवादको छिनोफानो गर्न बाह्य पुनरावलोकनको विधि अभ्यासमा रहेको छ।

२५४. यो प्रकृया अन्तर्गत कतिपय देशमा न्याय प्रदान गर्ने कार्य न्यायाधीशहरूले गर्दछन भने अन्य देशको सन्दर्भमा निजी क्षेत्रका विषय विज्ञबाट सम्पादन हुने गरेको र यसरी भएको निर्णय उपर करदाताले तोकिएको अदालतमा पुनरावेदन गर्न पाउने तथा सोही फैसला अन्तिम भई प्रक्रियाको अन्त्य हुने प्रवन्ध गरिएको हुन्छ। यसर्थ प्रशासकीय पुनरावलोकनले प्रारम्भिक निर्णयमा अर्न्तनिहित तथ्यहरूलाई सम्पुष्टि गर्ने अवसर प्रदान गर्दछ भने न्यायिक पुनरावलोकनको क्षेत्र कानुनसँग सम्बन्धित विषयमा अधिक केन्द्रित रहेको हुन्छ। सामान्यतया शुरू निर्णय भएको निकायबाट नभई बाह्य निकायबाट पुनरावलोकन हुने गरी व्यवस्थित गरिएको प्रक्रियालाई विश्वसनीय प्रक्रियाको रूपमा लिइन्छ। केही देशहरूमा भरपर्दो, सक्षम र लागत प्रभावी पुनरावलोकन प्रक्रियाको सुनिश्चितताको लागि शुरू निर्णय गर्ने निकायभन्दा बाहिरको एउटा छुट्टै कर पुनरावलोकन गर्ने निकायको व्यवस्था गरिएको देखिन्छ। यसैगरी कर बोर्ड तथा न्यायाधिकरण जस्ता अर्द्धन्यायिक निकायहरूमा विज्ञ समूहमार्फत पुनरावेदनका कार्य व्यवस्थित गर्ने प्रचलन समेत रहेको पाइन्छ।

२५५. राजस्व प्रशासनको अभिन्न अङ्गको रूपमा रहेको प्रशासकीय पुनरावलोकनले प्रशासनिक तहबाट जिम्मेवारी निर्वाहको सिलसिलामा भए गरेका त्रुटिहरूको मिहिन ढङ्गले पहिचान गरी व्यवस्थितरूपमा समस्याको समाधान गर्ने प्रभावकारी औजारको रूपमा स्थापित हुन गएको देखिन्छ। यसका अतिरिक्त करदाताको लागत खर्चमा कटौति तथा नागरिकमा कर प्रशासनप्रति विश्वसनियता अभिवृद्धि गराउन टेवा पुऱ्याउनुका साथै शासन व्यवस्थाको प्रभावकारितामा योगदान दिएको पाइन्छ। तथापि कमजोर जगमा उभिएको एवं जुम्सो तथा कर्मकाण्डी प्रकृतिको पुनरावलोकनको विधिले राजस्व प्रशासनलाई स्वच्छ र समतामूलक बनाउन सहयोग गर्नुको साटो यसको प्रभावकारितामा ह्रास ल्याई समग्र शासन व्यवस्थाप्रति नै नागरिकमा नकारात्मक भावनाको विकास र विस्तार गर्ने सक्ने खतरा रहन्छ।

२५६. कानुनी संरचना, संस्थागत व्यवस्था, कार्यविधि, स्वतन्त्रता, पारदर्शिता, दक्षता एवं अन्तर्राष्ट्रिय अभ्यास अनुकूल हुने गरी न्यून लागत र छोटो समयमा कर विवाद निरूपण गर्ने प्रणाली स्थापना तथा कार्यान्वयनको सुनिश्चितता नै यसको मेरूदण्डको रूपमा रहेका छन्। करसम्बन्धी विवाद समाधानको लागि सहकार्य एवं सहकारितामा आधारित पूर्वदिश, वैकल्पिक विवाद समाधानको सूत्र, मध्यस्थता र वार्ता तथा सौदाबाजी जस्ता विधि विवाद समाधानका उपयुक्त विकल्प हुन सक्दछन। त्यसैगरी एक तह र दुई तहको जुनसुकै प्रकारको पुनरावलोकनको परिकल्पना गरिएको भए तापनि त्यस अन्तर्गत सबल कानुनी आधार, संस्थागत स्वायत्तता, पारदर्शिता र उच्चस्तरको कार्यगत क्षमता, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय असल अभ्यास तथा अदालतका नजिरहरूको आधारमा समेत लिईने निर्णय जस्ता विषयको सुनिश्चितता गरिएको हुन्छ।

२५७. करदाताको लागि अपरिहार्य साधन तथा माध्यमको रूपमा विकसित सूचना तथा प्रविधि र नवप्रवर्तनमा आधारित सञ्चार रणनीति यसको लागि अत्यन्त लाभदायक हुने देखिएको छ। पारदर्शी कानुनी तथा नियमन ढाँचा, सबल संस्थागत व्यवस्था, विवाद निरूपणमा दक्षता र कार्य प्रक्रियामा सूचना तथा प्रविधिको प्रभावकारी आबद्धता प्रभावकारी पुनरावलोकन पद्दतिका आधारका रूपमा रहेका छन।

२५८. **कर विवाद समाधानका प्रतिनिधिमूलक अन्तर्राष्ट्रिय अभ्यासः** प्रशासकीय पुनरावलोकन प्रणालीको संस्थागत संरचनाको व्यवस्थाको सन्दर्भमा भारतमा कर निर्धारण गर्ने कर निकायकै शाखामा नै पुनरावलोकन गर्न पाइने व्यवस्था रहेको भए तापनि प्रशासनिक तहमा दोस्रो तहको पुनरावलोकन र

न्यायिक पुनरावलोकनपूर्व बाध्यात्मक प्रशासनिक पुनरावलोकनको व्यवस्था भएको देखिँदैन। भारतमा न्यायिक पुनरावलोकनको लागि न्यायाधिकरण, उच्च अदालत र सर्वोच्च अदालतको व्यवस्था रहेको छ। जापानमा कर निर्धारण गर्ने कर निकायकै शाखामा नै पुनरावलोकन गर्न पाइने व्यवस्था रहनुको साथसाथै प्रशासनिक तहमा दोस्रो तहको पुनरावलोकनको लागि राष्ट्रिय कर न्यायाधिकरण र न्यायिक पुनरावलोकनपूर्व बाध्यात्मक प्रशासनिक पुनरावलोकनको व्यवस्था समेत भएको देखिन्छ। जापानमा विशिष्टीकृत कर अदालत वा अर्द्धन्यायिक प्रकृतिको न्यायाधिकरणको व्यवस्था गरिएको पाइदैन। जापानमा जिल्ला अदालत, उच्च अदालत र सर्वोच्च अदालतबाट न्यायिक पुनरावलोकन हुने व्यवस्था गरिएको छ।

२५९. जर्मनीमा सन् २००० मा गरिएको एउटा अध्ययन अनुसार कुनै स्थानीयस्तरमा रहेको कर केन्द्रबाट गरिएका कर निर्धारणमा त्रुटिपूर्ण निर्णयहरू ५० प्रतिशतसम्म रहेको भेटिएको थियो। करिब १ दशमलव ५ प्रतिशत मुद्दामात्र अदालती प्रक्रियामा गएको र बाँकी सबै मुद्दाहरूको सन्दर्भमा आन्तरिक पुनरावलोकनको माध्यमबाट करदाताका जायज चासो र समस्याको सम्बोधन गरिएको थियो। यसर्थ जर्मनीमा विवाद व्यवस्थापनको लागि आन्तरिक रूपमा प्रशासकीय पुनरावेदनका लागि बाध्यात्मक व्यवस्था गरेको पाइन्छ। कार्यालयबाट भएको कर निर्धारणका विरूद्धमा आदेश प्राप्त भएको मितिले एक महिनाको अवधिभित्र कुनै पनि करदाताले प्रशासकीय पुनरावेदनका लागि निवेदन दिन सक्ने व्यवस्था गरेको छ। यस्तो निवेदन उपर कर कार्यालय अन्तर्गत रहेको विशेष पुनरावेदन विभागले पुनःजाँच गर्दछ। यदि पुनरावेदन गर्ने विभागले उपयुक्त एवं सही उपचार प्रदान गर्न नसके करदाता न्यायिक पुनरावलोकनका लागि अदालतमा जान सक्ने व्यवस्था रहेको पाइन्छ। यसका अतिरिक्त पूर्वादेश लिन सक्ने व्यवस्था पनि जर्मनीमा रहेको छ। सीमापार सम्बन्धी विवाद व्यवस्थापनको लागि वैकल्पिक विवाद समाधानका संयन्त्रहरूको समेत प्रयोग गर्ने गरिएको देखिन्छ। कर निर्धारण गर्ने कर निकायकै शाखामा नै पुनरावलोकन गर्न पाइने व्यवस्था रहनुको साथै प्रशासनिक तहमा दोस्रो तहको पुनरावलोकनको लागि राष्ट्रिय कर न्यायाधिकरण र न्यायिक पुनरावलोकनपूर्व बाध्यात्मक प्रशासनिक पुनरावलोकनको व्यवस्था समेत रहेको छ।

२६०. सिङ्गापुर, डेनमार्क र हङ्कङ्गमा कर कार्यालयबाट भएका निर्णय उपर कानुनी तथा लेखा नियमको कसीमा रही पुनरावेदन सुन्न बोर्ड, प्यानल तथा प्रशासकीय कर न्यायाधिकरणको व्यवस्था रहेको छ। क्यानडा, जर्मनी, बेलायत लगायतका देशहरूले कर प्रशासनभित्रैबाट एक तहको मात्रै कर विवादको छिनोफानो गर्न आन्तरिक पुनरावेदनको मौका दिने गरेका छन, यद्यपी कर प्रशासनबाट भएका निर्णयको विरूद्धमा सिधै अदालतमा चुनौती दिन सकिने व्यवस्था समेत ती देशहरूले गरेको पाइन्छ। थोरै मात्रामा कर विवाद हुने, आपसी छलफल र सहकार्यबाट यस्ता विवादहरू छिनोफानो गर्न सकिने अवस्थामा यो विधिलाई उपयुक्त मानिन्छ। अष्ट्रेलियामा न्यायाधिकरणमार्फत पुनरावलोकन हुने गरी दुई पटकसम्म पुनरावेदन गर्न पाउने व्यवस्था गरेको पाइन्छ। यो व्यवस्था अन्तर्गत प्रक्रिया केही लामो हुने भए तापनि स्व-नियन्त्रणको सिद्धान्तलाई अङ्गीकार गर्नुको साथै करदाताको न्यायको परिधिलाई फराकिलो बनाएको देखिन्छ।

२६१. **नेपालमा आयकर, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क तथा भन्सारसम्बन्धी कानुनमा प्रशासकीय पुनरावलोकनको व्यवस्थाः** राजस्व प्रशासन र करदाताबीच हुने कर विवाद निरोपण र समाधान गर्न प्रचलित कर कानुनमा प्रशासकीय पुनरावलोकन र पुनरावेदनको व्यवस्था गरिएको छ। कर

अधिकृतले गरेको कर निर्धारण तथ्यपूर्ण नभएको वा प्रचलित कानुनी आधारभन्दा फरक भई करदाताको चित्त नबुझी विवाद उत्पन्न भएमा आन्तरिक राजस्व विभाग (महानिर्देशक) समक्ष पुनः परीक्षण गराई पाउन करदाताले निवेदन दिन सक्ने व्यवस्था गरेको छ। कर अधिकृतबाट भएको कर निर्धारणका सम्बन्धमा वा विभागद्धारा भएका आदेश, पूर्वदिश र निर्णय उपर करदाता सहमत नभई चित्त नबुझेको आधार र कारण स्पष्ट खुलाई महानिर्देशक समक्ष पुनरावलोकनको निवेदन दिने व्यवस्था रहेको छ। महानिर्देशकबाट पुनरावलोकनको निवेदन उपर छानबिन गर्दा कार्यालयबाट भएका निर्णय कानुन, विधि र प्रक्रियासम्मत नभएको हदसम्म त्यस्ता निणर्य वा आदेश बदर गर्न वा कर अधिकृतको निर्णयलाई सदर गर्न वा पुनः कर निर्धारणको लागि लेखी पठाउने अधिकार कानुनले विभागका महानिर्देशकलाई दिएको छ। यसैगरी भन्सार अधिकृतले निर्धारण गरेको भन्सार मूल्य वा वस्तु वर्गीकरण उपर चित्त नबुझेमा भन्सार ऐन, २०६४ बमोजिम पुनरावलोकनको लागि निवेदन दिन सक्ने र पुनरावलोकनको निर्णय उपर पनि चित्त नबुझेमा न्यायिक निकायमा पुनरावेदन गर्न सक्ने व्यवस्था रहेको छ। प्रशासकीय पुनरावलोकन एवं पुनरावेदनको लागि आयकर ऐन, २०५८, मूल्य अभिवृद्धि कर ऐन, २०५२, अन्तःशुल्क ऐन, २०५८ र भन्सार ऐन, २०६४ मा तत् तत् कर सम्बन्धी प्रवन्ध रहेको छ।

२६२. **विभिन्न कानुनमा रहेका व्यवस्था (आन्तरिक राजस्वतर्फ)ः** करदाताले आफ्नो कारोबारको सम्बन्धमा दाखिला गर्नुपर्ने विवरण समयमा दाखिला नगरेमा, दिएको म्याद भित्र कर नबुझाएमा, बिल बीजक नदिई कारोबार गरेमा, घटी वा कम मूल्यमा वस्तु वा सेवाको आपूर्ति गरेमा, अधुरो, झुट्टा वा त्रुटिपूर्ण कर विवरण पेश गरी कर दायित्व घटाएमा, कर योजना गरेमा, आय लुकाएमा, असुल गरेको कर समयमा दाखिला नगरेमा, पेश गर्नु पर्ने कागजात पेश नगरेमा र कर कानुनको पालन नगरेमा, कर जोखिमको आधारमा कर अधिकृतले र अन्तःशुल्क अधिकृतले गरेको आयकर ऐन, २०५८ तथा आयकर नियमावली २०५९, मूल्य अभिवृद्धि कर ऐन, २०५२, तथा मूल्य अभिवृद्धि कर नियमावली २०५३, अन्तःशुल्क ऐन, २०५८ र अन्तःशुल्क नियमावली, २०५९ अनुसारको कर निर्धारण उपर चित्त नबुझाएमा आन्तरिक राजस्व विभागका महानिर्देशक समक्ष पुनरावलोकनको लागि निवेदन पेश गर्न सक्ने कानुनी व्यवस्था रहेको छ।

२६३. **आयकरतर्फ प्रशासकीय पुनरावलोकनको व्यवस्थाः** आयकर ऐन, २०५८ को दफा ११४ र ११५ बमोजिम कर अधिकृतले गरेको कर निर्धारणको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो सूचना पाएको मितिले तीस दिनभित्र त्यस्तो निर्णय विरुद्ध महानिर्देशक समक्ष निवेदन दिन सक्ने व्यवस्था गरेको छ।

२६४. **मूल्य अभिवृद्धि करमा प्रशासकीय पुनरावलोकनको व्यवस्थाः** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ३१क. (१) बमोजिम कर अधिकृतले गरेको कर निर्धारणको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो सूचना पाएको मितिले तीस दिन भित्र त्यस्तो निर्णय विरुद्ध महानिर्देशक समक्ष निवेदन दिन सक्ने व्यवस्था गरेको छ।

२६५. **अन्तःशुल्कमा प्रशासकीय पुनरावलोकनको व्यवस्थाः** अन्तःशुल्क ऐन, २०५८ को दफा १९(१) बमोजिम अन्तःशुल्क अधिकृतले अन्तःशुल्क निर्धारण तथा असुलीका सम्बन्धमा गरेको निर्णय उपर चित्त नबुझेमा त्यस्तो सूचना प्राप्त भएको मितिले तीस दिनभित्र पुनरावलोकनको लागि महानिर्देशक समक्ष निवेदन दिन सक्ने व्यवस्था रहेको छ।

प्रशासकीय पुनरावलोकनको निवेदन पेश गरेको मितिले ६० दिनभित्र विभागका महानिर्देशकले निर्णय दिन नसकेमा करदाताले सम्बन्धित कार्यालयको कार्यक्षेत्रभित्र पर्ने राजस्व न्यायाधिकरणमा पुनरावलोकनका लागि निवेदन दिन सक्ने व्यवस्था छ।

२६६. **भन्सारतर्फ कानुनी व्यवस्थाः** भन्सार ऐन, २०६४ को दफा ६१ मा मूल्याङ्कन पुनरावलोकन समिति सम्बन्धी व्यवस्था अन्तर्गत भन्सार अधिकृतले दफा १३ बमोजिम गरेको निर्णय वा आदेशउपर चित्त नबुझ्ने व्यक्तिले पुनरावलोकनको लागि त्यस्तो निर्णय वा आदेश भएको मितिले तीस दिनभित्र मूल्याङ्कन पुनरावलोकन समिति समक्ष निवेदन दिन सक्ने व्यवस्था छ। उक्त समितिको अध्यक्षमा राजस्व प्रशासन सम्बन्धी ज्ञान र अनुभव भएको निजामती सेवाको कम्तीमा राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत, भन्सार प्रशासन सम्बन्धमा राजपत्राङ्कित पदमा कम्तिमा रा.प. द्धितीय श्रेणीको बहालवाला व्यक्ति वा सोही अनुभव प्राप्त गरी सोही श्रेणीको पदबाट अवकाशप्राप्त व्यक्ति एकजना सदस्य र अन्तर्राष्ट्रिय व्यापार सम्बन्धमा राजपत्राङ्कित पदमा कम्तीमा तीन वर्षको अनुभव प्राप्त कम्तिमा राजपत्राङ्कित द्धितीय श्रेणीको बहालवाला व्यक्ति एकजना सदस्य रहने व्यवस्था छ।

मूल्याङ्कन पुनरावलोकन समितिले दफा ६१ बमोजिम पुनरावलोकन गर्दा भन्सार अधिकृतले दफा १३ बमोजिम गरेको भन्सार मूल्याङ्कन ठीक भए वा नभएको सम्बन्धमा जाँचबुझ गरी भन्सार अधिकृतले गरेको मूल्याङ्कनलाई कायम गर्न, बदर गर्न वा त्यस्ता मालवस्तुको ऐन बमोजिम मूल्याङ्कन गरिदिन वा भन्सार अधिकृतलाई पुनः मूल्याङ्कन गर्नको लागि आदेश दिन सक्ने व्यवस्था छ। मूल्याङ्कन पुनरावलोकन समितिले त्यसरी मूल्याङ्कन कायम गर्दा, बदर गर्दा वा मूल्याङ्कन गर्दा स्पष्ट कारण र आधार समेत खुलाउन पर्ने व्यवस्था छ। मूल्याङ्कन पुनरावलोकन समितिको अन्य काम, कर्तव्य, अधिकार र कार्यविधि लगायत अन्य विषय तोकिए बमोजिम हुने व्यवस्था छ। निवेदन दिने व्यक्तिले त्यस्तो निवेदन दिनु अघि भन्सार अधिकृतले दफा १३ बमोजिम गरेको मूल्याङ्कन अनुसार लाग्ने महसुल रकम भन्सार कार्यालयमा धरौटी राख्नुपर्ने व्यवस्था छ।

भन्सार ऐन, २०६४ को दफा ६१क. मा मालवस्तुको वर्गीकरण उपर पुनरावलोकनको व्यवस्था अन्तर्गत भन्सार अधिकृतले गरेको मालवस्तुको वर्गीकरण उपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो मालवस्तु जाँचपास भएको मितिले तीस दिनभित्र पुनरावलोकनको लागि महानिर्देशक समक्ष निवेदन दिन सक्ने व्यवस्था छ। यस्तो निवेदन साथ त्यस्तो मालवस्तुको नमूना एवं आफ्नो निवेदनको व्यहोरा पुष्टयाँइ हुने आवश्यक कागजात समेत पेश गर्नु पर्ने व्यवस्था छ। महानिर्देशकले मालवस्तुको वर्गीकरणको निर्णय उपर पुनरावलोकन गर्दा वा मालवस्तुको वर्गीकरणसम्बन्धी निर्णय गर्दा प्रचलित आर्थिक ऐन, विश्व भन्सार सङ्गठनद्वारा प्रतिपादित हार्मोनाइज्ड वस्तु वर्गीकरण तथा सङ्केतीकरण प्रणाली, त्यस्तो प्रणालीको व्याख्या सम्बन्धी नियम, व्याख्यात्मक टिप्पणी, विश्व भन्सार संगठनद्वारा गरिएका वस्तु वर्गीकरण सम्बन्धी निर्णय र विश्व भन्सार संगठनको हार्मोनाइज्ड सिष्टम कमिटीले दिएको रायहरूलाई आधार लिन सक्ने व्यवस्था गरेको छ। कुनै मालवस्तुको वर्गीकरणका सम्बन्धमा निर्णय लिनुअघि महानिर्देशकले विभागको वा अन्य सरकारी निकायको प्रयोगशालाबाट परीक्षण गराई सम्बन्धित विशेषज्ञको राय लिन वा कुनै मालवस्तुका सम्बन्धमा सम्बन्धित विशेषज्ञ वा राष्ट्रिय वा अन्तर्राष्ट्रिय निकायको राय लिन सक्ने समेत व्यवस्था छ। यस्तो निवेदन उपर महानिर्देशकले साठी दिनभित्र निर्णय दिनुपर्ने व्यवस्था रहेको तर अन्तर्राष्ट्रिय निकायसँग राय लिई निर्णय गर्नु पर्ने अवस्थामा साठी दिनको समय अवधि लागू नहुने व्यवस्था छ।

२६७. **म्याद थपसम्बन्धी व्यवस्थाः** आयकर ऐन, २०५८ को दफा ११५, मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ३१क.(१), अन्तःशुल्क ऐन, २०५८ को दफा १९(१) बमोजिम निवेदन दिन म्याद गुज्रिन गएमा त्यस्तो म्याद गुज्रेको मितिले सात दिनभित्र म्याद थपको लागि विभाग र महानिर्देशक समक्ष निवेदन दिन सक्ने र त्यस्तो निवेदनमा उल्लिखित कारण मनासिव देखिएमा महानिर्देशकले म्याद गुज्रेको मितिबाट तीस दिनको म्याद थप गर्न सक्ने व्यवस्था रहेको छ।

२६८. **राजस्व न्यायाधिकरणमा पुनरावेदन गर्न सक्ने अवस्थाः** कर कानुनमा भएको प्रावधान बमोजिम प्रशासकीय पुनरावलोकनको निवेदन दर्ता भएको मितिले ६० दिनभित्र छानबिन गरी निर्णय गरिसक्नु पर्दछ। करदाताले निवेदन पेश गरको ६० दिनभित्र विभागले सो निवेदन उपरको निर्णयको सूचना निवेदकलाई नदिएमा राजस्व न्यायाधिकरणमा पुनरावेदन दिन सक्ने व्यवस्था रहेको छ।

२६९. आयकर ऐन, २०५८ बमोजिम प्रशासकीय पुनरावलोकनको निवेदन उपर भएको निर्णय, मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम महानिर्देशकले गरेको निलम्बनको आदेश र दफा ३१ बमोजिम महानिर्देशकले गरेको निर्णय, अन्तःशुल्क ऐन, २०५८ बमोजिम अन्तःशुल्क अधिकृतले कैद गर्ने गरी गरेको निर्णय र प्रशासकीय पुनरावलोकनको निवदन उपर महानिर्देशकले गरेको निर्णय र कुनै किसिमको प्रशासकीय पुनरावलोकन हुन सक्ने निर्णय स्वयं महानिर्देशकले गरेको रहेछ भने त्यस्तो निर्णय उपर निर्णय वा आदेश सुनिपाएकोमा सो मितिले र निर्णय वा आदेश भएको भन्ने जानकारी वा सूचना म्याद तामिल भएकोमा सो मितिले ३५ दिनभित्र राजस्व न्यायाधिकरण ऐन, २०३१ बमोजिम न्यायाधिकरणमा पुनरावेदन दिन सक्ने व्यवस्था रहेको छ।

२७०. राजस्व न्यायाधिकरणमा पुनरावेदन गर्दा न्यायाधिकरण ऐन, २०३१ मा तोकिए बमोजिमको धरौटी राख्नु पर्दछ। साथै पुनरावेदन दिने व्यक्तिले पुनरावेदन दर्ता गरेको मितिले पन्ध्र दिनभित्र पुनरावेदन पत्रको प्रतिलिपि संलग्न गरी विभाग समक्ष लिखित जानकारी गराउनु पर्ने व्यवस्था रहेको छ।

२७१. आयकर ऐन, २०५८ बमोजिम प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिन तिर्नुपर्ने करको पचास प्रतिशत रकम बुझाई आन्तरिक राजस्व विभाग समक्ष पुनरावेदन गर्न सक्ने व्यवस्था रहेको छ। मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम राजश्व न्यायाधिकरणमा पुनरावेदन दिंदा विवादरहित कर रकम बुझाई विवादित कर रकम र जरिवानाको पचास प्रतिशत रकम धरौटी राख्न वा त्यस्तो रकम बापत बैंक प्रत्याभूति दिनपर्ने व्यवस्था गरेको छ।

२७२. भन्सार ऐन, २०६४ को दफा ६२ मा पुनरावेदन सम्बन्धी व्यवस्था रहेकोमा ऐनको दफा १३ बमोजिमको निर्णय वा आदेश बाहेक भन्सार ऐन बमोजिम भन्सार अधिकृतले वा अन्य कर्मचारीले निर्धारण गरेको भन्सार महसुल वा भन्सार अधिकृतले दिएको दण्ड सजायको आदेश वा गरेको निर्णय वा दफा ३४ बमोजिम महानिर्देशक वा भन्सार परीक्षकले महसुल वा जरिबानाको रकम दाखिल गर्न दिएको आदेश वा दफा ६१ बमोजिम गठित मूल्याङ्कन पुनरावलोकन समितिले गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले त्यसरी भन्सार महसुल निर्धारण भएको वा दण्ड सजाय दिएको वा निर्णय भएको मितिले पैंतीस दिनभित्र राजस्व न्यायाधिकरणमा पुनरावेदन दिन सक्ने व्यवस्था गरेको छ। यसरी पुनरावेदन दिने व्यक्तिले जुन निर्णय वा आदेशका विरुद्ध पुनरावेदन गर्ने हो सो निर्णय वा आदेश बमोजिम लाग्ने महसुल र दण्ड जरिबानाको रकम सम्बन्धित भन्सार कार्यालयमा बुझाई वा धरौटी राखी पुनरावेदन गर्न सक्ने व्यवस्था रहेको छ। तर त्यस्तो महसुल र दण्ड जरिबानाको

रकम बुझाउन नसकी थुनामा रहेको व्यक्तिले पुनरावेदन दिन चाहेमा धरौटी नराखी पुनरावेदन दिन सक्ने समेत व्यवस्था रहेको छ।

२७३. राजस्व न्यायाधिकरणमा पुनरावेदन दिँदा निर्धारित भन्सार महसुल रकममध्ये विवादरहित भन्सार महसुल रकम बुझाई विवादित भन्सार महसुल र जरिबानाको शत प्रतिशत रकम धरौटी राख्नु पर्ने वा त्यस्तो रकम बापत बैङ्क जमानत दिनु पर्ने र सो बमोजिम सम्बन्धित कार्यालयको नाममा कोष तथा लेखा नियन्त्रक कार्यालयमा रहेको धरौटी खातामा दाखिल गरेको बैंङ्क भौचर वा त्यस्तो रकम बराबरको बैंङ्क जमानतपत्र पुनरावेदनपत्र साथ पेश गर्नु पर्ने व्यवस्था गरेको छ। साथै यस्तो पुनरावेदन दिने व्यक्तिले पुनरावेदन दिएको सात दिनभित्र त्यस्तो पुनरावेदनको प्रतिलिपि सम्बन्धित भन्सार कार्यालयलाई दिनुपर्ने व्यवस्था रहेको छ। यसैगरी, दफा ६१ बमोजिम गठित मूल्याङ्कन पुनरावलोकन समितिले गरेको निर्णयमा चित्त नबुझेमा भन्सार अधिकृतले समेत त्यस्तो निर्णय भएको पैंतीस दिनभित्र राजस्व न्यायाधिकरणमा पुनरावेदन दिन सक्ने व्यवस्था गरेको छ।

२७४. **सर्वोच्च अदालतमा अनुमति दिन सक्ने अवस्थाः** सामान्यतया राजस्व न्यायाधिकरणले गरेको फैसला अन्तिम हुन्छ। न्यायाधिकरणको फैसला उपर सिधै पुनरावेदन लाग्ने व्यवस्था रहेको छैन। तर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ८ बमोजिम अधिकार क्षेत्रको प्रश्न, बुझ्न पर्ने प्रमाण नबुझेको वा बुझ्न नहुने प्रमाण बुझेको प्रश्न, वा बाध्यात्मक रूपमा पालन गर्नुपर्ने कार्यविधि सम्बन्धी कानुनको उल्लङ्घन भएको प्रश्न, गम्भीर कानुनी त्रुटि सम्बन्धी प्रश्नका विषयमा कानुनी त्रुटि भई न्यायाधिकरणको फैसला पूर्ण वा आंशिकरूपमा उल्टी हुनसक्ने देखि सर्वोच्च अदालतले आफू समक्ष पुनरावेदन गर्न अनुमति दिएमा मात्र न्यायाधिकरणको फैसला उपर सर्वोच्च अदालतमा पुनरावेदन लाग्दछ।

**कर फछ्यौंट आयोगः**

२७५. कर फछ्यौंट आयोग ऐन, २०३३ ले दिएको अधिकार प्रयोग गरी कर सम्बन्धी जटिलता एवं कानुनी समस्याहरूको समाधानका लागि समय समयमा कर फछ्यौंट आयोग गठन भएको देखिन्छ। उदाहरणको लागि २०५१, २०५८, २०६३ र २०७१ मा गठित कर फछ्यौंट आयोगलाई लिन सकिन्छ। लामो समयदेखि कार्यालय र करदाताका बीचमा रहेका कर सम्बन्धी विवादहरू एवं कर बक्यौता व्यवस्थापन गरी कर सङ्कलन गर्न, कर प्रशासनलाई चुस्त तथा दुरूस्त बनाउन, करदातालाई लामो कानुनी प्रक्रियाबाट मुक्त गरी उनीहरूको व्यावसायिक लागत कम गर्नका लागि यी आयोगहरू औचित्यपूर्ण र सहयोगी मानिदै आएको भए तापनि आयोगका कतिपय निर्णयहरू विवादित हुन गएको देखिन्छ।

**तालिका नं. २६ प्रशासकीय पुनरावलोकनका निवेदनको स्थिति विवरणः**

| आर्थिक वर्ष | २०७१/७२ | २०७२/७३ | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
|---|---|---|---|---|---|---|---|---|---|
| **गत आर्थिक वर्ष बाट जिम्मेवारी सरेको** | ६१८ | ६१८ | ७५५ | १०४७ | १२७९ | १२४० | ८६८ | १०७३ | १२९५ |
| **यस आर्थिक वर्ष मा थप** | ५९६ | ४७९ | ४८८ | ४०६ | ४६२ | ४८८ | ५२७ | ६४८ | ७०९ |
| **जम्मा फछ्यौंट** | ५५१ | ३४२ | २१३ | १७४ | ५०१ | ८६० | ३२२ | ४२६ | ६८४ |
| आर्थिक वर्ष २०८०/ ८१ को लागि जम्मा १३२० प्रशासकीय पुनरावलोकन प्रयोजनार्थ जिम्मेवारी सरेको। | | | | | | | | | |

२७६. तालिका नं. २६ मा प्रस्तुत गरिएको तथ्याङ्कको विश्लेषण गर्दा आर्थिक वर्ष २०७७/७८ बाहेकका वर्षहरूमा निरन्तर रूपमा गत वर्षबाट जिम्मेवारी सरेको संख्या बढदो क्रममा रहेको छ। आर्थिक वर्ष २०७१/७२, २०७५/७६, २०७६/७७ र २०७९/८० मा पाँच सयभन्दा बढी करदाताको विवरण फछ्र्यौट भएको देखिन्छ भने आर्थिक वर्ष २०७६/७७ मा सबैभन्दा बढी आठ सय साठी विवरण फछ्र्यौट भएको देखिन्छ। यसैगरी सालबसाली रूपमा करिब पाँच सयको हाराहारीमा नयाँ पुनरावेदनका निवेदन प्राप्त भएको देखिन्छ। आर्थिक वर्ष २०८०/८१ मा एक हजार तीन सय बिस जिम्मेवारी सरेको र संख्या यो वर्ष अझै बढेको अवस्थामा कार्यबोझ र जनशक्तिको बीचमा सम्यक सन्तुलन कायम हुन नसकेको स्पष्टरूपमा देखिन्छ। यसका अतिरिक्त दक्ष जनशक्तिको अभाव, पुनरावलोकन प्रक्रियामा विभागको उदासीनता, विभागबाट निर्णय उल्टी हुने सम्भावना अत्यन्त न्यून हुने करदाता निवेदकको बुझाइ र धरौटी माग हुने रकम बढी हुनु जस्ता समस्याहरूले गर्दा प्रशासकीय पुनरावलोकनको प्रभावकारितामा गम्भीर समीक्षाको आवश्यकता देखिएको छ।

**कर विवाद सम्बन्धी केही फैसला तथा नजिरको एक अध्ययनः**

२७७. **आयकरः** कुनै एक अक्सिजन ग्याँसको आर्थिक वर्ष २०६५/०६६ मा आन्तरिक राजस्व कार्यालयबाट मिति २०६८/०४/०४ मा संशोधित कर निर्धारण गरिएकोमा सो उपर करदाताले चित्त नबुझाई आन्तरिक राजस्व विभाग समक्ष प्रशासकीय पुनरावलोकनको लागि निवेदन दिएको एवं विभागबाट मिति २०६८/०८/२२ मा कार्यालयको निर्णय मिलेको भनी निवेदन खारेज गरी दिएको देखिन्छ। तत्पश्चात करदाताले राजस्व न्यायाधिकरणमा मिति २०६८/११/१२ मा पुनरावेदन पत्र दर्ता गरेकोमा न्यायाधिकरणबाट मिति २०६९/०७/२० मा कार्यालयबाट भएको निर्णय सदर गर्ने गरी विभागबाट भएको निर्णय सदर गरेको देखिन्छ।

सम्मानित सर्वोच्च अदालतबाट मिति २०७३/०६/१४ मा प्रस्तुत मुद्दामा पुनरावलोकनको लागि अनुमति दिएको देखिन्छ। यसमा करदाताले आफूले छुट पाउने खर्च कट्टीको प्रमाण पेश नगरी सो कारोबारको सम्पूर्ण विवरण कार्यालयमा हुने जिकिर लिए पनि प्रमाणको भारको सिद्धान्त अनुसार आफूले कानुन बमोजिम छुट पाउने कुनै दावीको दायित्व करदातामा रहने, कारोबार भएको फर्मको ठेगाना, सम्पर्क व्यक्ति, टेलिफोन नम्बर लगायतका विवरण उपलब्ध गराउन नसकेको, चेकमार्फत कारोबार नभएको, वयानका क्रममा मौज्दात किताबमा मौज्दात नजनाएको स्वीकारोक्तिले बिजक मात्र खरिद गरेको पुष्टी हुने, खरिद गरिएको सामान कहाँ र कसलाई बिक्री गरेको प्रमाण तथा कागजात पेश गर्न नसकेको र कारोबार गर्दा प्राप्त भएका, जारी गरिएका बिजकहरू विवरण परीक्षणका क्रममा प्रमाणित हुन नसक्नु, आयकर ऐन, २०५८ बमोजिम खर्च कट्टी पाउन बिजक मात्र प्रयाप्त नभई वस्तु तथा सेवाको कारोबार भएको पनि देखिनुपर्ने र कर छली गर्ने मनसायले दर्ता भएका फर्म वा कम्पनीबाट वस्तु तथा सेवा प्राप्त नगरी केही रकम मात्र तिरी बीजक मात्र प्राप्त भएमा सक्कली कारोबार भएको मान्न नसकिने हुँदा खर्च कट्टी नपाउने गरी कार्यालय तथा विभागबाट भएको निर्णयलाई सदर गर्ने गरी न्यायाधिकरणबाट भएको फैसला कानुनसम्मत मिलेको भनी मिति २०७६/०९/२८ मा फैसला भएको देखिन्छ। यस मुद्दाको शुरू तहदेखि निर्णय अन्तिम हुन करिब ८ वर्ष लागेको देखिन्छ।

२७८. **मूल्य अभिवृद्धि करः** कुनै एउटा पोलिमर्स कम्पनीको आन्तरिक राजस्व कार्यालयबाट मिति २०६९/०२/२५ मा कर निर्धारण आदेश जारी भएको र करदाताले सो आदेश उपर चित्त नबुझाई मिति २०६९/०५/१३ मा आन्तरिक राजस्व विभाग समक्ष प्रशासकीय पुनरावलोकनको लागि निवेदन दिएकोमा विभागले पेट प्रिफर्मलाई पेट बोतलमा रूपान्तरण गर्न कुनै रासायनिक वा उत्पादनको थप प्रक्रियाले लैजानुपर्ने अवस्था विद्यमान नरहेकोले उक्त वस्तुलाई तयारी वस्तु मान्न नसकिनुको साथै निवेदकले आफै अन्तःशुल्कमा दर्ता भई सो प्रिफर्ममा अन्तःशुल्क असुल गरी दाखिला गरिरहेको विषय समेतका आधारमा निवेदन खारेज गरेको देखिन्छ। विभागको निर्णय उपर चित्त नबुझाई राजस्व न्यायाधिकरणमा पुनरावेदन गरेकोमा न्यायाधिकरणबाट विभागले यस अघि अन्तःशुल्क लाग्ने कुनै स्पष्ट आधार कार्यालयबाट नखुलाइएको र करदाताले अन्तःशुल्क छुट पाउनका लागि कार्यालयमा सम्पर्कमै रहेकै अवस्थामा विभागबाट निर्णय भएको मितिभन्दा अगाडि देखिको अन्तःशुल्क र मूल्य अभिवृद्धि कर समेत लाग्ने गरी कार्यालयबाट भएको कर निर्धारण तथा त्यसलाई सदर गर्ने विभागको निर्णय मिति २०७०/०५/२० को फैसलाबाट उल्टी भएको देखिन्छ।

मिति २०६९/०६/०७ मा राजस्व न्यायाधिकरणबाट न्यायाधिकरण ऐन, २०३१ विपरित त्रुटिपूर्ण फैसला भएको, करदाताले बिक्री वितरण गर्दै आएको पेट बोतलमा आर्थिक ऐन बमोजिम ५ प्रतिशतका दरले अन्तःशुल्क लाग्ने व्यहोरा स्वीकार गरेको एवं त्यसमा अन्तःशुल्क नलाग्ने जिकिर नलिनुको साथै सोही शीर्षकमा रकम दाखिला समेत गर्दै आएको, अन्य कार्यालयको कार्यक्षेत्र अन्तर्गतका करदाताबाट उक्त प्रकृतिको रकम असुल हुँदै आएको व्यहोरा उल्लेख गरी आन्तरिक राजस्व कार्यालयबाट सम्मानित सर्वोच्च अदालतमा निवेदन दिएकोमा उक्त कारोबारमा अन्तःशुल्क लाग्नुको साथै सोही अन्तःशुल्क लाग्ने कारोबारको रकममा मूल्य अभिवृद्धि कर समेत लाग्ने भनी मिति २०७४/१०/२९ मा कार्यालय तथा विभागको निर्णय सदर गर्दै न्यायाधिकरणको फैसला उल्टी हुने फैसला भएको देखिन्छ। यस मुद्दामा शुरू तहदेखि निर्णय अन्तिम हुन ५ वर्ष भन्दा बढी समय लागेको देखिन्छ।

२७९. **अन्तःशुल्कः** कुनै एउटा ब्रुअरीले अर्थ मन्त्रालयको मिति २०५४/०१/३० को सूचना बमोजिम उत्पादित वस्तु विदेश निकासी गर्दा लाग्ने अन्तःशुल्क बापतको रकम धरौटीमा वा बैंक ग्यारेन्टी राखी निकासी गर्न सक्ने व्यवस्था अन्तर्गत बियर भारतमा निर्यात गर्ने प्रयोजनार्थ बैंक ग्यारेण्टी पेश गरेको थियो। उक्त वस्तु भन्सार कार्यालयमा निकासीको लागि लैजांदा वस्तुको बीजक मूल्यमा थप ७५ प्रतिशत अतिरिक्त शुल्क बुझाएमा मात्र जाँच पास गरिने भनी निकासी हुन नसकेको अवस्थामा सो वस्तु कारखानामा फिर्ता लैजान अनुरोध गरेको र आन्तरिक राजस्व कार्यालयबाट अनुमति प्राप्त भए बमोजिम कारखाना भन्दा वेग्लै स्थानमा उक्त बियर राखिएको थियो। उक्त वस्तु बिक्री वितरणको लागि अयोग्य भई कार्यालयले मिति २०६१/०१/११ मा तयार गरेको मुचुल्का एवं प्रतिवेदनका आधारमा बियर नष्ट गरी बैंक ग्यारेण्टी फुकुवाको गर्न मिति २०६१/०९/२१ मा करदातालाई जानकारी गराएकोमा बैंक ग्यारेण्टी फुकुवा नभई करदाताले विभागको महानिर्देशक समक्ष निवेदन पेश गरेको थियो। विभागबाट निर्णय हुन बाँकी रहेको अवस्थामै आन्तरिक राजस्व कार्यालयबाट फुकुवा सम्बन्धी पूर्व निर्णय विपरीत मिति २०६१/११/२१ मा सम्बन्धित बैंकलाई निवेदकले राखेको बैंक ग्यारेण्टी बापतको रकम कार्यालयमा पठाइदिन र नपुग हुने भनी थप रकम

समेत दाखिला गर्न पत्राचार भएकोमा करदाताबाट उक्त निर्णयका विरूद्ध मिति २०६२/०१/०६ मा रीट निवेदन दर्ता भएको देखिन्छ।

२८०. अन्तःशुल्क ऐन, २०५८ को प्रस्तावनामा उल्लिखित व्यवस्था, ऐनको दफा ३ अनुसार अन्तःशुल्क लगाउने गरी कुनै कानुनबाट व्यवस्था भए तापनि यसै ऐन तथा अन्तःशुल्क नियमावली, २०५९ बमोजिम अन्तःशुल्क लाग्ने व्यवस्था गरेको देखिन्छ। साथै सोही ऐनको दफा ४ मा कुनै प्रतिष्ठान (कारखाना) बाट उत्पादित कुनै वस्तु वा उत्पादन बिक्रीको लागि निकासी गर्दाको बखत अन्तःशुल्क असुल गर्नुपर्ने र यस्तो असुली गर्ने बारेमा उत्पादित वस्तु प्रतिष्ठान वा कारखानाबाट बाहिर निकासी गरिएको अथवा बाहिर निकालेको वा पठाएको हुनुपर्ने र यसरी उत्पादित वस्तु वा उत्पादन बाहिर पठाउन वा निकासी गर्नुको मुख्य उद्देश्य बिक्री गर्ने हुनुपर्ने व्यवस्था रहेको सन्दर्भमा कुनै एक शर्त मात्र पुरा भएको अवस्थामा अन्तःशुल्क असुल गर्न नपाउने अवस्था सिर्जना हुन सक्ने। यस सम्बन्धमा उत्पादन हुनसाथ अन्तःशुल्क असुल गर्ने भनी तोकिएको वस्तु बाहेक अन्य वस्तु प्रतिष्ठान वा कारखानाबाट बाहिर नगएसम्म वा निकासी नभएसम्म वा कारखाना वा प्रतिष्ठानभित्रै रहे तापनि अन्तःशुल्क असुल गर्ने अधिकारलाई सरकारलाई नहुने र उत्पादित वस्तुमा अन्तःशुल्क तिर्नुपर्ने दायित्व उत्पादकमा नरहने व्यवस्था ऐनको दफा ४(२) ले गरेको छ। यसर्थ बिक्री गर्न भनी प्रतिष्ठानबाट बाहिर पठाएको वा निकासी भएको कुनै वस्तु पूर्ण रूपमा नष्ट भएको अवस्थामा वा सेवन गर्न वा उपभोग गर्न वा उपभोग गर्न अयोग्य भई बिक्री हुन नसकेको पक्ष शङ्कारहित तवरबाट प्रमाणित भएको अवस्थामा पनि यस्तो वस्तुमा अन्तःशुल्क तिर्ने दायित्व सिर्जना नहुने। यसरी उत्पादित बियर निकासी हुन नसकी कार्यालयको स्वीकृतिमा लामो समय कारखाना बाहिर छुट्टै राखेको, लामो समयपछि रिप्रोसेसिङ्ग र सेवन गर्न नमिल्ने भएकोले नष्ट गर्नका लागि स्वीकृति दिएको एवं उक्त बियर सो ब्रुअरीले पुनः प्रयोग गरेको तथा स्थानीय बजारमा बिक्री गरेको वा निकासी नभएको तथा कार्यालय र विभागबाट समेत भएको हो भन्ने भनाइ नरहेको सन्दर्भमा उक्त बियरमा अन्तःशुल्क लगाउन र असुल गर्न नपाइने भएकाले अन्तःशुल्क बापत दिइएको बैंक ग्यारेण्टीको रकमबाट अन्तःशुल्क असुलउपर गर्ने गरी भएको निर्णय कानुनसम्मत हुन नसकी विभागको निर्णय र कार्यालयको पत्र समेत उत्प्रेषणको आदेशले मिति २०६७/०१/१४ मा फैसला भएको देखिन्छ। यस रीटको शुरू तहदेखि निर्णय अन्तिम हुन करिब ६ वर्ष व्यतित भएको देखिन्छ।

**प्रशासकीय पुनरावलोकन तथा न्यायिक सुनुवाइका चुनौतीहरूः**

२८१. प्रशासकीय पुनरावलोकन तथा न्यायिक सुनुवाईका मूख्यतया निम्न समस्या र चुनौतीहरू छन्।

(१) विधायिकी चुनौतीहरू अन्तर्गत विधायिकाको प्रयोगलाई अनुकूल तुल्याउने, देशको विद्यमान प्रणालीलाई मध्येनजर गरी विधायिकी मकसद अनुरूप कानुनलाई सरल एवं स्पष्ट तवरले न्यून व्याख्याको माध्यमबाट कर प्रशासनलाई अधिक लचकता प्रदान गर्ने, प्रशासकीय एवं न्यायिक पुनरावलोकनको बीचमा सुस्पष्ट सम्बन्ध स्थापित गर्ने, कुन कुन विषयमा र कस्तो प्रकारको करको सन्दर्भमा समय तोक्ने लगायतका पक्षहरूमा स्पष्टता कायम गर्ने, व्यक्ति र व्यावसायीको प्रतिनिधित्वको विषयसँग सम्बन्धित नियम तर्जुमा गर्ने लगायतका पक्षहरूलाई यसले समेट्छ।

(२) कार्यविधिगत चुनौती अन्तर्गत पुनरावलोकन प्रक्रियाको क्रममा भुक्तानीलाई स्थगन गर्ने, क्षतिपूर्तिस्वरूप निश्चित रकम ब्याजको रूपमा उपलब्ध गराउने, करदाताबाट सम्पूर्ण विवरण

प्राप्त हुने गरी फारामको विकास र प्रयोग गर्ने, भरपाइको प्रयोग गरी कागजात बुझाइएको वा प्राप्तिको सुनिश्चितता गर्ने, करदाताले पाउने अन्तिम म्याद एवं म्याद थपको विषयमा स्पष्टता प्रदान गर्ने, पुनरावलोकनको क्षेत्र तय गर्ने, प्रमाणको भार तथा घोषणाका शर्तका विषयमा थप स्पष्टता प्रदान गर्ने, इजलासको गठनमार्फत बाध्यात्मक वा स्वैच्छिक औपचारिक सुनुवाईलाई संस्थागत गर्ने, विषयसँग सम्बन्धित तथ्य र कानुनलाई उच्च प्राथमिकता प्रदान गर्ने र वार्ता तथा संवादको माध्यमबाट विवादको निरोपण गर्ने लगायतका रहेका छन्।

(३) संस्थागत चुनौती अन्तर्गत उपयुक्त पुनरावलोकन गर्ने निकाय तोक्नु रहेको छन्। पुनरावलोकन प्रक्रियाको गुणस्तर र दक्षता वृद्धिमा प्रभावकारी सूचना व्यवस्थापनको महत्वपूर्ण भूमिका रहेको हुन्छ। सरकारको विद्युतीय प्रणालीमा आधारित प्रक्रियालाई टेवा पुऱ्याउन र पुनरावलोकन प्रक्रियाको विश्वसनीयता बढाउन, पारदर्शिताको प्रवर्द्धनका साथै उत्तरदायित्वको प्रवर्द्धन गर्ने दिशामा कागजरहित कार्यप्रणाली एउटा कोसेढुङ्गा सावित हुनसक्दछ। यसैगरी सरोकारवालाको विश्वास र स्वीकृति पनि यस सन्दर्भमा निकै महत्वपूर्ण मानिन्छ। विस्तृत सञ्चार रणनीतिले पुनरावलोकन गर्ने निकायप्रति स्वतन्त्रता, सदाचारिता, दक्षता, स्वच्छता र खुलापन जस्ता विषय पनि चुनौतीको रूपमा रहेका छन्।

२८२. **अन्तर्राष्ट्रिय असल अभ्यास र प्रशासकीय पुनरावलोकनमा देखिएका नयाँ प्रवृत्तिहरूः** करदाता र सरकार दुबैको हितको संरक्षण गर्न सक्ने असल अन्तर्राष्ट्रिय अभ्यासलाई प्रयोगमा ल्याई अगाडि बढन आवश्यक देखिएको सन्दर्भमा देहायका विषय तथा क्षेत्रलाई प्रशासकीय पुनरावलोकनले समेट्न सक्नु पर्दछ।

(१) सूचना तथा सञ्चार प्रविधिमा आधारित प्रणालीको विकास र विस्तार एवं प्रविधिमा आधारित विवाद समाधानका विधिलाई बढावा दिने,
(२) सृजनशील सञ्चार रणनीतिको उपयोगमा जोड दिने,
(३) प्रक्रियागत नियमलाई कानुनी रूपमा नै स्पष्ट एवं परिभाषित गरी औपचारिकता प्रदान गर्नुको साथै पारदर्शी कार्यसंस्कृतिको अवलम्बन गर्ने,
(४) सबै प्रकारका कर विवादलाई एउटै किसिमको प्रशासकीय पुनरावलोकन प्रक्रियाको माध्यमबाट अन्त्य गर्ने गरी एकरूपता कायम गर्ने,
(५) पुनरावलोकन गर्ने निकायको स्वतन्त्रता एवं तटस्थताको सुनिश्चितता गर्ने,
(६) पुनरावलोकन प्रक्रियामा संलग्न विज्ञ, सरोकारवाला तथा करदातासँग प्रभावकारी सञ्चार रणनीति अख्तियार गर्ने (यस अन्तर्गत कर प्रशासन र करदाताले एक आपसी बुझाइमा एकरूपता, समता कायम, सूचना आदान प्रदान, आपसी सहयोग, लागत खर्च घटाउने, गोपनीयता कायम गर्ने, उचित सम्मान प्राप्त गर्ने र अविभेदको सुनिश्चितता पर्ने),
(७) शीघ्र एवं छरितो ढङ्गले विवादको निराकरणको प्रवन्ध गर्ने,
(८) प्राप्त उपलब्धि एवं नतिजासँग सम्बन्धित तथ्याङ्कको सङ्कलन, प्रकाशन र प्रतिवेदनको व्यवस्था गर्ने,
(९) करसँग सम्बन्धित कागजातको गुणस्तर कायम गर्ने,
(१०) कर सम्बन्धी कानुनको सरलीकरण र सहज पहुँच स्थापना हुन सक्ने गरी ढाँचा तयार गर्ने,

(११) भूल सुधारको लागि यथोचित प्रशासकीय लचकताको सुनिश्चितता प्रदान गर्दै नीति व्याख्या एवं पूर्वादेश जस्ता थप प्रभावकारी औजारको विकास र प्रयोगमा व्यापकता ल्याउने।

२८३. **समितिले सुझाब गरेका सिफारिसहरूः** नेपालको विद्यमान कर विवाद समाधान व्यवस्थाको सिंहावलोकन, अनुभव एवं सिकाइ, अन्तर्राष्ट्रिय असल अभ्यास र प्रशासकीय कर पुनरावलोकनमा देखिएका नयाँ प्रवृत्तिलाई दृष्टिगत गरी प्रशासकीय पुनरावलोकनको प्रक्रियाले विवाद समाधानका सिलसिलामा दुबै पक्षको हितको संरक्षण गर्न सक्ने कार्य प्रक्रिया अवलम्बन गर्न देहायका सुझावहरु समितिले सिफारिस गर्दछ।

(१) करदाता र सरकार दुबैको हित संरक्षण गर्न सक्ने असल अन्तर्राष्ट्रिय अभ्यास समेतका आधारमा नेपालमा सबै प्रकारका कर विवादको स्थायी समाधान गर्ने गरी संघीय राजस्व बोर्ड अन्तर्गत स्थायी संरचना तय गर्ने।

(२) आयकर, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क र भन्सार ऐनमा थप कानुनी प्रवन्धको माध्यमबाट करदाताले तत्काल कर विवादको अन्त्य वा समाधान गर्न चाहेमा विवादित कर रकम पूरै र सोमा लाग्ने व्याज तथा न्यूनतम शुल्क लिई कर विवाद समाधानको मौका दिने गरी विधि र प्रणालीमा सुधार गर्ने।

(३) संघीय राजस्व बोर्ड अन्तर्गत आन्तरिक राजस्वतर्फको प्रशासकीय पुनरावलोकन र भन्सारतर्फको मूल्याङ्कन पुनरालवोकन समिति एवं वस्तु वर्गीकरणको पुनरावलोकनलाई व्यवस्थित गर्नुको साथै विद्यमान हदम्यादको व्यवस्थालाई ९० दिन कायम गर्ने। यसैगरी हालको सुनुवाइ सम्बन्धी विधिलाई ईजलास प्रारूपमा आधारित बनाई तोकिएको समयभित्र करदाताको सुनुवाइ हुन नसके न्यायाधिकरणमा निवेदन दिन सक्ने बाध्यकारी व्यवस्था गर्ने।

(४) राजस्व न्यायाधिकरणबाट निरूपण भएका सबै कर विवादको सन्दर्भमा सरकार र करदाताले स्वीकार नगरी अनुमतिको लागि सर्वोच्च अदालतमा निवेदन दिने प्रचलन बढदै गएको सन्दर्भमा यस सम्बन्धी कानुनी व्यवस्थामा सुधार गरी दुबै पक्ष सर्वोच्च अदालतमा जाने आधार तय गर्ने।

(५) करदाताले कर सम्बन्धी विषयमा माग गरेका पूर्वादेशहरू तोकिएको समयभित्र दिने गरी बाध्यात्मक व्यवस्था गर्ने।

(६) राजस्व न्यायाधिकरणको हालको संरचनामा पुनरावलोकन गरी उच्च अदालतका मुख्य न्यायाधीश सरहको न्यायाधीशको नेतृत्वमा स्थायी संरचनाको व्यवस्था गर्ने। साथै यसका सदस्यहरूमा विषय विज्ञताको आधारमा पाँच वर्षको अवधि तोकी नेपाल सरकारले नियुक्ति गर्ने प्रणालीको विकास गर्ने।

(७) गम्भीर प्रकृतिका कर तथा राजस्व छलीका विवादहरूलाई फौजदारी अभियोजन अन्तर्गत सरकारी वकिल कार्यालय मार्फत उच्च अदालतमा सिधै मुद्धा लैजान सक्ने गरी कानुनी व्यवस्था गर्ने।

(८) सर्वोच्च अदालतमा राजस्व सम्बन्धी विशिष्टीकृत इजलासको व्यवस्था गर्ने।

(९) कर विवादसँग सम्बन्धित न्यायिक निरूपणको प्रक्रियाको क्रममा विचाराधीन रहेका मुद्दासँग सम्बन्धित विषयमा सालबसाली आर्थिक ऐनबाट कर छुट दिने कार्य तत्काल बन्द गर्ने।

(१०) राजस्व सम्बन्धी मुद्धाको न्यायिक निरूपणको कार्यलाई समयबद्ध बनाउदै कर विवादका अभिलेख चुस्त एवं दुरुस्त राख्ने व्यवस्था गर्ने।

(११) कर विवादका क्रममा दाखिला भएको रकम बराबरको कुनै मुद्धामा करदाताको पक्षमा फैसला भएमा फैसला भएको साठी दिनभित्र व्याज सहित रकम फिर्ता गर्नुका साथै करदाताको मुद्धा अन्तिम नभएसम्म विवादित धरौटी रकम धरौटी खातामा नै रहने व्यवस्था गरी सदर स्याहा गर्न नपाउने व्यवस्था गर्ने।

## परिच्छेद- १६ सार्वजनिक खर्च प्रणाली

**पृष्ठभूमि**

२८४. पछिल्ला केही वर्षयता अर्थतन्त्रमा शिथिलता देखिएको छ। आर्थिक क्रियाकलापहरूमा संकुचन आएको छ। सार्वजनिक वित्त व्यवस्थापनमा अनेकौं चूनौतीहरू देखिएका छन्। बजेट विनियोजनामा दक्षता/कुशलता नहुँदा बजेट कार्यान्वयनमा प्रभावकारिता आउन सकेको छैन। बजेटमा राजनैतिक लोकप्रियताका आधारमा अनुत्पादनशिल र वितरणमुखी कार्यक्रममा लगानी बढ्दै गएको छ, उत्पादनशील क्षेत्रको लगानी घट्दै गएको छ। सार्वजनिक खर्चको दीर्घकालीन दायित्व थेग्नै नसक्ने गरी थपिदै गएको छ। अनुत्पादक र फजूल खर्च दिनानुदिन बढ्दै गएका छन्। सार्वजनिक ऋणको समुचित उपयोग नहुँदा ऋण चुक्ता गर्ने क्षमतामा ह्रास आएको छ। नियमित/निर्माणाधिन आयोजना सम्पन्न गर्नमा भन्दा नयाँ आयोजना शुरु गर्ने होडबाजीले पुँजीगत विनियोजनमा कुशलता नहुँदा अपेक्षित प्रतिफल दिन सकेको छैन। बजेट अनुशासन कायम नहुँदा, पछिल्ला वर्षहरूको बजेट नै प्रभावित हुने गरी बहुवर्षिय ठेक्का र स्रोत सुनिश्चितताको नाममा पुँजीगत खर्चको दायित्व थपिदै गएको छ। फलतः वार्षिक रूपमा परिचालन हुने राजस्व रकमले संघीय सरकारको सार्वजनिक प्रशासन संचालनको नियमित खर्च, सामाजिक सुरक्षा खर्च, प्रदेश/स्थानीय तहमा हस्तान्तरण हुने अनुदान र साँवा/ब्याजको भुक्तानी धान्न पनि मुश्किल परेको अवस्था देखिएको छ। यसरी विनियोजन र खर्चमा गुणस्तरीयता नहुँदा, गरिएको सार्वजनिक खर्चबाट अपेक्षित राजस्व परिचालन हुन सकेको छैन। विकासका भौतिक पूर्वाधार निर्माणमा विनियोजन र खर्च गर्न नसक्दा, निजी क्षेत्रको लगानी पनि आकर्षित हुन सकेको छैन। फलतः निजी क्षेत्रबाट प्राप्त हुनुपर्ने राजस्व पनि प्रभावित हुन गएको छ। यति मात्र होइन, आफूले तिरेको राजस्वको उपयोगितामा पनि सम्बन्धित करदाताले संगठित रूपमा प्रश्न उठाउन थालेका छन्। यस अवस्थामा, सार्वजनिक स्रोतको विनियोजन र खर्चको वर्तमान संरचनामा आमूल परिवर्तन गरी खर्च प्रणालीलाई नै पुनः प्राथमिकीकरण नगरी कर प्रणालीमात्रको सुधारले समग्र चुनौतिको समाधान नगर्ने भएकोले बजेट तथा खर्च प्रणालीमा गर्नु पर्ने महत्वपूर्ण सुझाव समेत यस प्रतिवेदनमा सिफारिस गरिएको छ। यसो भएमा सार्वजनिक खर्चबाट यथोचित राजस्व प्राप्त हुने, थप भौतिक निर्माण भई निजी क्षेत्रको लगानी आकर्षिक हुने, थप राजस्व परिचालन हुन सक्ने र तिरेको राजस्वको अधिक उपयोगिता र प्रतिफलबाट करदाताहरू कर तिर्न थप प्रोत्साहित हुन सक्ने अपेक्षा गरिएको छ।

२८५. **बजेट प्रणालीमा सुधारः** बजेट प्रणालीलाई व्यवस्थित गर्न बजेट क्यालेण्डरको व्यवस्था, बजेट तर्जुमा दिग्दर्शन, त्रि-वर्षिय खर्च संरचना, प्राथमिकताका सूचकहरू आदिको व्यवस्था नभएको होइन तर तिनीहरूको परिपालना (Compliance) मा पनि समस्या देखिएको छ। यसर्थ बजेट प्रणालीका देहायका विषयहरूमा देहायबमोजिम हुन सिफारिस गरिएको छ।

२८६. **बजेटको विश्‍सनियता (Credibility of Budget); मा बृद्धिः** विगत केही वर्षदेखि बजेटको आकार अप्रत्याशित रूपले बढ्दै गएको छ। स्रोतको उपलव्धता र खर्च गर्ने क्षमताको यथार्थ विश्लेषण हुन सकेको छैन। फलतः बजेट कार्यान्वयनको सातौं महिनामा आय र व्यय उल्लेख्य रूपमा संशोधन हुने तथा जेठमा पुनः अर्को संशोधित अनुमान संसदमा पेश हुने र आर्थिक वर्षको अन्त्यमा उक्त अनुमान पनि पुरा नहुने प्रवृत्ति हरेक वर्ष दोहोरिएको देखिन्छ। विगत ५ वर्षको कुल बजेट र खर्चको औषत अनुमान ८० प्रतिशतभन्दा कम हुनु र पुँजीगत बजेट र खर्चको औषत अनुपात ६१

प्रतिशतको हाराहारीमा मात्र रहनुले यसलाई पुष्टि गर्दछ। बजेट र खर्चको अनुपात मात्र होइन, घोषित आयोजना समेत वर्षौंसम्म कार्यान्वयन नभएको अवस्था छ। लामो समय देखिका राष्ट्रिय गौरवका आयोजनाहरू तथा अन्य आयोजनहरू सम्पन्न नहुनु यसका ज्वलन्त उदाहरणहरू हुन। यसर्थ, बजेट तर्जुमाको चरणमा नै तथ्यगत आधारमा शीर्षकगत रूपमा स्रोतको आँकलन गर्ने, निकायगत रूपमा खर्चको प्रवृत्ति र खर्च गर्न सक्ने क्षमता विश्लेषण गर्ने र पूर्वाधार तयारी (संभाव्यता अध्ययन, जग्गा प्राप्ती, नक्साङ्कन आदि) चरण पुरा नभएका आयोजनामा निर्माणको बजेट विनियोजन नै नगर्ने गरी बजेट अनुशासन कायम गर्न आवश्यक देखिन्छ। यसो भएमा बजेट कार्यान्वयनमा प्रभावकारिता आउने र विश्वसनियता बढ्ने अपेक्षा गर्न सकिन्छ।सम्पन्न भएका आयोजनाको सञ्चालनको पूर्वतयारी विना नै आयोजना निर्माण गर्ने र ति आयोजनाबाट दिईनु पर्ने सेवा र कार्य पनि दिन नसक्दा नेपालको योजना तथा वजेट तर्जुमा प्रणाली माथि गम्भिर समीक्षा गर्न जरुरी देखिन्छ। बजेट तर्जुमा र कार्यान्वयन गर्ने निकायको भूमिकाको वारेमा पनि पुर्नविचार गर्न जरुरी देखिन्छ।

२८७. **शून्यमा आधारित बजेट प्रणाली अवलम्वन:** हालको बजेट प्रणाली मूलत गत वर्षको विनियोजनमा सामान्य वृद्धि (Incremental) गर्ने प्रकृतिको छ। विगत आर्थिक वर्षको विनियोजन खर्चमा हचुवाको आधारमा निश्चित प्रतिशतमा वृद्धि दिंदा अनावश्यक विनियोजन भएको अवस्था पनि छ। तर बजेट विनियोजन प्रणाली आवश्यकताको र प्राप्त हुने प्रतिफलको पृष्ठभूमिमा हुनुपर्दछ। यसो गर्दा, विगतको विनियोजन/खर्चभन्दा घट्न पनि सक्छ र बढ्न पनि सक्छ। तसर्थ, यसका लागि शुरुमा नमूनाको रूपमा केही मन्त्रालयहरूमा शून्यमा आधारित बजेट प्रणली अवलम्वन गर्नु उपयुक्त हुन्छ। यसका लागि निकायगत/आयोजनागत रूपमा सम्पादन हुने क्रियाकलापहरू (Activities) र हाँसिल हुने प्रतिफल राम्रोसँग परिभाषित (Well defined) गरेको हुनुपर्दछ। यसले बजेट विनियोजनमा कुशलता र कार्यान्वयनमा प्रभावकारिता आउँने अपेक्षा गरिएको छ।

२८८. **बजेट क्यालेण्डरको पालना (compliance):** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा नियमावलीले संघीय बजेट तर्जुमा सम्बन्धी क्रियाकलापहरू तोकेको छ भनें नेपाल सरकारद्वारा स्वीकृत बजेट तर्जुमा दिग्दर्शनले ती क्रियाकलापहरूको विवरण, सम्पादन गर्ने जिम्मेवारी निकाय तथा सम्पन्न गरिसक्ने अवधि समेत तोकेको छ। यस अनुसार आगामी आर्थिक वर्षको बजेट तर्जुमाको कार्य चालू आर्थिक वर्षको कार्तिकदेखि नै प्रारम्भ गर्नुपर्ने हो तर कुनै वर्ष पनि यसको पालना भएको पाइदैन। त्यस्तै सम्बन्धित मन्त्रालयहरूले आफुलाई प्राप्त सिलिङ्गबाट मातहत निकायलाई सिलिङ्ग पठाउने, ती निकायहरूले LMBIS -Line Ministry Budgetary Information System मार्फत बजेट तर्जुमा गरी मन्त्रालयमा पठाउने र मन्त्रालयमा वृहत छलफल तथा पुनरावलोकन गर्ने कार्य सँधै ओझेलमा परेको छ। यसरी निर्धारित क्रियाकलापहरू र समयावधिको पालना नहुँदा निर्धारित समयमा बजेट पेश गर्ने हतारोमा बजेट तर्जुमा सँधै हचुवाको आधारमा हुने गरेको छ।यसर्थ, बजेट तर्जुमा सम्बन्धमा ऐन/नियम र निर्देशिकाले तोकेका सबै क्रियाकलापहरू अवलम्वन गर्न र ती क्रियाकलापहरू तोकिएको समयमा सम्पन्न गर्न सिफारिस गरिन्छ। साथै तिन तहका सरकारहरूको एकीकृत समष्टिगत आर्थिक खाँका र संङ्घीय मध्यमकालिन खर्च संरचना तयार गरेर मात्र वार्षिक वजेट तर्जुमा गर्नु पर्ने हुन्छ। आयोजनाहरूको खरिद गुरुयोजना र वार्षिक खरिद योजनालाई पनि मध्यमकालिन खर्च संरचना र वार्षिक वजेटको अङ्ग बनाउनु पर्दछ।

२८९. **आयोजना/कार्यक्रमको पुनः प्राथमिकीकरण आवश्यकः** उपलव्ध सीमित स्रोतलाई बढी भन्दा बढी प्रतिफल दिने आयोजना/कार्यक्रममा विनियोजन गर्ने उद्देश्यले प्राथमिकीकरण गर्न आवश्यक सूचकहरू (Indicators) पनि बनाइएका छन्। तर ती सूचकहरू वस्तुगत रूपमा कार्यान्वयन भएको अवस्था छैन। फलतः प्रथम प्राथमिकताका आयोजना/कार्यक्रममा कुल विनियोजनको ९० प्रतिशत भन्दा बढी विनियोजन भएको छ। यसले वास्तविक प्राथमिकीकरण नै हुन नसकेको परिदृश्य झल्किन्छ। यसर्थ, विद्यमान प्राथमिकीकरण र तिनको भाराङ्क (Weightage) मा पुनरावलोकन गरी तिनको आधारमा आयोजना/कार्यक्रमलाई पुनः प्राथमिकीकरण गरी त्यसको आधारमा विनियोजन गर्ने व्यवस्था मिलाउनु पर्दछ। साथै, प्रोजेक्ट वैङ्कमा प्रविष्ट भएका आयोजनाहरूमध्येबाट मात्र बजेटमा नयाँ आयोजना प्रविष्ट गर्नुपर्दछ। यसबाट छिटो र बढी प्रतिफल दिने आयोजनामा स्रोतको सुनिश्चितता भई आयोजना समयमै सम्पन्न हुने र त्यसका कारणले पनि अप्रत्यक्ष रूपमा राजस्व परिचालनमा थप टेवा पुग्ने अपेक्षा गरिएको छ।

२९०. **जग्गाको मुआव्जाको व्यवस्थामा पुनरावलोकनः** हाल जग्गाको मूल्याङ्कन प्रयोजन अनुसार फरक/फरक हुने गरेको छ। कर प्रयोजनका लागि भरसक न्यून मूल्याङ्कन भएको अवस्था छ भनें बैङ्क ऋण र मुआव्जामा प्रयोजनका लागि वास्तविक भन्दा अधिक मूल्याङ्कन भएको अवस्था पनि छ। सार्वजनिक विकास निर्माणका लागि सरकारले अधिग्रहण गर्ने जग्गाको हालको परिपाटी अनुसार सम्झौताको आधारमा मूल्य निर्धारण हुने हो भने भविष्यमा जग्गा प्राप्तीका लागि मात्र पनि स्रोत व्यवस्थापन हुन नसक्ने र सार्वजनिक विकास निर्माणका काम अवरुद्ध हुने स्पष्ट छ। यसर्थ, सरकारले सार्वजनिक विकास निर्माणको प्रयोजनार्थ अधिग्रहण गर्ने जग्गाको व्यवस्थापन र ठीक मूल्याङ्कन गर्नका लागि घर जग्गा रजिष्ट्रेशन शुल्क प्रयोजनार्थ कायम भएको मूल्याङ्कनलाई आधार लिने र जग्गा प्राप्ती प्रक्रियालाई सरल र छिटो बनाउने गरी जग्गा प्राप्ती ऐनमा समसामयिक संशोधन गर्न आवश्यक छ।

२९१. **पूर्व तयारी पुरा भएका आयोजनामा मात्र विनियोजन गर्नेः** हाल कतिपय पूर्व तयारी (विस्तृत परियोजना प्रतिवेदन, वातावरणीय प्रभाव मूल्याङ्कन, जग्गा प्राप्ति आदि) नै नभएका आयोजना निर्माणको ठेक्का सम्झौताका लागि रकम विनियोजन हुने गरेको छ। यसरी पूर्व तयारी नै नभई ठेक्का सम्झौता हुँदा, पूर्व तयारीका प्रक्रियाहरूले समय बढी लाग्ने, जग्गा प्राप्ती झन्झटीलो र महँगो पर्ने, समयमा साइट क्लियरेन्स नहुने र समयमा आयोजना कार्यान्वयन नहुँदा समय र लागत समेत बढेको पाइएको छ। यसर्थ, नयाँ आयोजनाहरू छनौट गर्दा, आयोजना वैङ्कमा परेका, पूर्व तयारीका कामहरू सम्पन्न भएका र साइट क्लियरेन्स भएका आयोजनामा मात्र बजेट विनियोजन गर्ने प्रणाली स्थापित हुनुपर्दछ।

२९२. **सरकारी सम्पत्तिको लेखाङ्कन, संरक्षण र उपयोगः** हाल सरकारी सम्पत्तिमा सवारी साधन, जग्गा र भवनको मूल्याङ्कन अभिलेखन प्रारम्भ भएको छ। तर सरकारले निर्माण गरेका पूर्वाधारजन्य सार्वजनिक संरचनाहरू (सडक, सिंचाइ, खानेपानी आदि) को निर्माण मिति लगायतको मूल्याङ्कन सहितको अभिलेखित विवरण नहुँदा ती संरचनाहरूको मर्मततर्फको बजेटिङ्ग हचुवामा भएको छ। कतिपय संरचनाहरू समय नै नभई मर्मत भएका छन् भनें कतिपय मर्मत गर्नुपर्ने संरचनाका लागि बजेट विनियोजन नै छैन। यसर्थ, नयाँ संरचनाको निर्माणसँगै त्यसको मर्मतको समयका लागि वैकल्पिक स्रोतको व्यवस्था अपरिहार्य छ।

२९३. **भैपरी शीर्षकमा विनियोजन न्यून गर्नेः** बजेटमा प्रयोजन नखुलाई भैपरी खर्च शीर्षकमा विनियोजन गर्ने प्रणाली हचुवा र अपारदर्शी हो। यसले आर्थिक अनुशासनहीनता बढाउँछ। आर्थिक वर्ष २०८०/८१ मा, अर्थ मन्त्रालय, विविध अन्तर्गत चालु खर्चको भैपरी शीर्षकमा २३ अर्व ७५ करोड र पुँजीगत भैपरीमा १७ अर्व ७६ करोड गरी जम्मा ४१ अर्व ५१ करोड विनियोजन भएको छ। यसर्थ, भैपरी शीर्षकमा संभव भएसम्म विनियोजन नगर्ने र विनियोजन गर्नु नै पर्ने अवस्थामा प्रयोजन खुलाएर भरसक सानो परिमाणको रकम मात्र विनियोजन गर्नुपर्दछ।

२९४. **बजेट सीमा हेरफेर हुँदा समायोजनको अभावः** मन्त्रालयले एक पटक उपलब्ध गराएको बजेट सीमा बमोजिम विषयगत मन्त्रालयले कार्यक्रम पेश गरेपछि स्वीकृत बजेटको सीमा परिवर्तन भएमा आफ्ना कार्यक्रम समायोजन तथा संशोधन गर्न विषयगत मन्त्रालयहरूलाई मौका प्रदान नगरी अनुपातिक हिसावले रकम घटाइदिँदा अत्यावश्यक शीर्षकमा बजेट अभाव हुने तथा कम प्राथमिकताको क्षेत्रमा वजेट विनियोजन हुन पुगी आर्थिक वर्षको पहिलो चौमासिकबाटै रकमान्तरको माग आउन थाल्ने र यसले अनावश्यक रूपमा मन्त्रालय र विषयगत मन्त्रालयमा कार्यवोझ थप्न पुगेको छ। यसैले गर्दा वजेट सिलिंग घटेको अवस्थामा सम्वन्धित निकायलाई नै परिमार्जित कार्यक्रम पेश गर्न लगाइनु पर्दछ।

**बजेट प्रणाली सुधारका लागि समितिका सुझाबहरूः**

२९५. सुधार निरन्तर चलिरहने प्रक्रिया हो। तसर्थ, बजेट प्रणालीमा पनि निरन्तर अध्ययन र सुधार आवश्यक पर्दछ। तर आर्थिक वर्षको प्रारम्भदेखि नै बजेट महाशाखा थप निकासा, रकमान्तर, स्रोतान्तर र कार्यक्रम संशोधन, कार्यविधि स्वीकृति जस्ता नियमित काममा अल्मलिंदा बजेट प्रणाली सुधार सँधै ओझेलमा परिरहेको छ। यसर्थ, महाशाखा अन्तर्गत बजेट प्रणाली सुधारमा केन्द्रीत हुने गरी छुट्टै शाखा स्थापना गरी सुधारलाई निरन्तरता दिन आवश्यक छ। बजेट प्रणाली सुधारका लागि निम्न सुझावहरू सिफारिस गरिएको छ।

**सार्वजनिक खर्च प्रणालीमा सुधारः**

२९६. आर्थिक वर्ष २०८०/८१ को बजेटको संरचना हेर्दा, कुल बजेटमा चालु तर्फ ६५, पुँजीगततर्फ १७ र वित्तीय व्यवस्थातर्फ १८ प्रतिशत विनियोजन भएको छ। आर्थिक वर्ष २०७९/८० को कुल खर्चकै अनुपात हेर्दा, चालु खर्च करिव ७० प्रतिशत, पुँजीगत खर्च १६ प्रतिशत र वित्तीय व्यवस्था खर्च १४ प्रतिशत रहेको छ। यसरी चालु खर्चको अनुपात बढ्नुको मूलभूत कारण बजेट मार्फत वर्षेनी दायित्व थपिँदै जानु, अनुत्पादनशील र फजूल खर्चमा वृद्धि हुनु र खर्च वृद्धिलाई नै कार्यसम्पादनको सूचक मान्नु जस्ता पक्षहरू जिम्मेवार छन्। चालु खर्चलाई निश्चित सीमाभित्र राख्न सकिएन भनें पुँजीगत खर्चमा वृद्धि गर्न सकिंदैन। यसर्थ, चालु खर्चलाई नियन्त्रण गर्दै यसको सिमा कुल खर्चमा अधिकतम ६० प्रतिशतमा, पुँजीगत खर्च २५ प्रतिशतमा र वित्तीय व्यवस्था खर्च १५ प्रतिशतमा रहने गरी बजेट अनुशासन कायम गर्न सिफारिस गरिएको छ। यसका लागि तत्काल खर्चमा प्रभावकारी र मितव्ययिता कायम गर्ने निर्देशिका जारी गरी कार्यसम्पादन गर्न सिफारिस गरिएको छ। यसो भएमा गुणस्तरीय खर्चमा वृद्धि भई थप राजस्व परिचालन हुने अपेक्षा गरिएको छ।

२९७. कुल खर्चमा चालु खर्चलाई माथि उल्लिखित ६० प्रतिशतको सीमाभित्र राख्नको लागि नेपाल सरकारको हालको प्रशासनिक संरचना र दरवन्दीमा पुनरावलोकन, सामाजिक सुरक्षा, अनुदान खर्च र कार्यसंचालन खर्चहरू कटौती गर्न आवश्यक छ।

**प्रशासनिक संरचना र दरवन्दीमा पुनरावलोकनः**

२९८. संघीयताको कार्यान्वयनको सन्दर्भमा, स्वीकृत भएको कार्य विस्तृतीयरण प्रतिवेदन समेतको आधारमा संघको मौजुदा संगठन र दरवन्दीमा व्यापक कटौती हुने र यसरी कटौती हुने संगठन र दरवन्दी क्रमशः प्रदेश र स्थानीय तहमा हस्तातरण हुने अपेक्षा राखिएको थियो। तर संघको संगठन र दरवन्दी अपेक्षित रूपमा कटौती नहुँदा सघीय सरकारको पारिश्रमिक सुविधा र कार्यालय संचालन खर्च कटौती हुन सकेन। त्यस्तै सूचना प्रविधि (Information Technology) को विकास सँगै मौजुदा दरवन्दी घट्नु पर्नेमा बढदै गयो। सुरक्षातर्फको दरवन्दी पनि वृत्ति विकासको नाममा बढ्दै गयो। नेपालीहरूको वैदेशिक रोजगारीको विस्तारसंगैं त्यसैलाई मात्र आधार लिई विदेशस्थित कुटनैतिक नियोगहरूको संख्या बढ्दै गएको छ। विदेशस्थित नियोगहरूमा श्रम सहचारी, आर्थिक सल्लाहकार, प्रहरी/सैनिक सहचारी जस्ता पदहरूको श्रृजनाले आर्थिक दायित्व बढ्दै गएको छ।यसका अतिरिक्त, स्थायी दरवन्दी वाहिर गएर ठूलो संख्यामा करारमा नियुक्तिका कारण प्रशासनिक व्ययभार बढेको छ। कतिपय राजनैतिक नियुक्तिका लागि पनि पदहरू श्रृजना भइरहेका छन्। यसका कारण वर्षेनी चालु खर्चतर्फ थप दवाव पर्दै गएकै छ। यसका लागि, विगतको कार्य विस्तृतीकरण प्रतिवेदनलाई अविलम्व पुनरावलोकन गरी सो को आधारमा परिवर्तित सन्दर्भमा संघीय सरकारको प्रशासनिक संगठन तथा व्यवस्थापन सर्भेक्षण गरी कार्य विवरणको आधारमा संरचनाहरू गाभ्ने, खारेज गर्ने र हस्तान्तरण गर्न सिफारिस गरिएको छ। संरचनामा भएको परिवर्तन, कार्यवोझ र सूचना प्रविधिमा भएको विकासका आधारमा विद्यमान दरवन्दी घट्ने गरी पुनरावलोकन र स्वीकृत दरवन्दी बाहेकमा भएको करारको नियुक्त खारेज गर्न पनि आवश्यक छ। यसबाट कर्मचारी/पदाधिकारीको पारिश्रमिक खर्च र कार्यालय संचालन खर्चमा कमी आउने छ र चालु खर्चलाई सीमाभित्र राख्न सहयोग पुग्नेछ।

**सामाजिक सुरक्षा खर्चमा पुनरावलोकनः**

२९९. विश्व सामाजिक संरक्षण प्रतिवेदनको आधारमा सामाजिक सुरक्षा/संरक्षण खर्च (स्वास्थ्य क्षेत्रको खर्च वाहेक) नेपालको सन् २०२० को कुल गार्हस्थ उत्पादनको अनुपातमा २.१ प्रतिशत रहेको छ। जुन दक्षिण एशियाका पाकिस्तान, भूटान, बङ्गलादेश, भारत, अफगानिस्तान भन्दा अधिक हो। आर्थिक वर्ष २०७९/८० मा सामाजिक खर्चमा मात्र २५३ अर्व खर्च भएको छ जुन कुल खर्चको १७ प्रतिशत र चालु खर्चको २५.५ प्रतिशत हो। यस प्रकारको सामाजिक सुरक्षा खर्चको विनियोजन आर्थिक वर्ष २०८०/८१ मा कुल बजेटको करिव १५ प्रतिशत पुगेको छ। यसरी हरेक वर्ष सामाजिक सुरक्षा/संरक्षणमा भएको खर्चमा भएको विस्तारले चालु खर्चको दायित्व बढाएको छ र पुँजीगत खर्चको विनियोजनमा संकुचन आएको छ।

३००. आर्थिक वर्ष २०८०/८१ मा सामाजिक सुरक्षामा भएको कुल विनियोजन २५८ अर्व मध्ये ११० अर्व जेष्ठ नागरिक भत्ता, (६८ वर्ष भन्दा उमेरका) ६० वर्ष माथिका एकल महिला, अपाङ्गता, लोपोन्मुख आदिवासी भत्तामा विनियोजन भएको छ। लोक कल्याणकारी राज्य व्यवस्थामा अशक्त, आश्रयविहिन, गरिव विपन्न नागरिकको जिम्मा राज्यको दायित्व/कर्तव्यभित्र पर्दछ। राज्यको आम्दानीमा हुने बढोत्तरीसँगै यस्तो दायित्वमा वृद्धि गर्न स्वाभाविक पनि हुन्छ। तर जतिसुकै आम्दानी

भएका र परिवारको संरक्षणमा रहेका ६८ वर्ष उमेर पुगेका जेष्ठ नागिरक र ६० वर्ष उमेर नाघेका एकल महिलालाई यस्तो भत्ता प्रदान गर्ने व्यवस्था सामाजिक न्यायका दृष्टिले पनि जायज (Justified) देखिदैंन। तसर्थ, यस्तो सुरक्षा भत्ता आश्रय नभएका, आय-स्रोतको हिसावले गरिवीको रेखामुनी रहेका र औषत आयुभन्दा बढीका नागरिकलाई प्रदान गर्ने र भविष्यमा यस्तो भत्तालाई औपचारिक/अनौपचारिक सबै क्षेत्रका नागिरकका लागि योगदानमा आधारित (Contributary) बनाउने प्रभावकारी नीति कार्यान्वयन ल्याउन उपयुक्त हुन्छ। यसो भएमा वर्षेनी राज्यकोष माथि थपिने व्ययभार व्यवस्थापन गर्न सहज हुन्छ।

३०१. राष्ट्रिय योजना आयोगले हालै गरेको अध्ययनले संघीय सरकारले मात्र ८७ वटा सामाजिक सुरक्षा/संरक्षणका स्कीमहरू कार्यान्वयनमा ल्याएको छ। कतिपय यी स्कीमहरू दोहोरो/तेहोरो परेको अवस्था पनि छ। उदाहरणका लागि, स्वास्थ्यतर्फ, स्वास्थ्य वीमा, ९८ प्रकारका निःशुल्क औषधी वितरण, क्यान्सर, किंडनी, कलेजो लगायतका ८ वडा कडा रोगमा गरिने निःशुल्क जाँच, मन्त्रिपरिषबाट स्वास्थ्योपचार बापत पटके रूपमा प्रदान गरिने आर्थिक सहायता आदिलाई लिन सकिन्छ। यसैगरी कतिपय स्कीमहरू पारदर्शी नहुँदा दुरूपयोग भइरहेको र लक्षित वर्गले प्राप्त नगरी सम्भ्रान्तले कव्जा (Elite Capture) गरेको अवस्था पनि छ। कतिपय संघका स्कीमहरू अध्ययन नगरी प्रदेश तथा स्थानीय तहले त्यस्तै स्कीमहरू संचालन गर्दा दोहोरो/तेहोरो परेको अवस्था पनि छ।

३०२. सामाजिक सुरक्षा खर्चमा सुधारको लागि गर्नु पर्ने सुधारहरूमा, योगदानमा आधारित सामाजिक सुरक्षा सम्बन्धी ऐन र सामाजिक सुरक्षा ऐनको सट्टामा एकीकृत सामाजिक सुरक्षा कानुन तर्जुमा गर्ने, सामाजिक सुरक्षा सम्बन्धी राष्ट्रिय नीति तर्जुमा गर्न उच्चस्तरीय समिति गठन गर्ने, सामाजिक सुरक्षाको राष्ट्रिय खाका (FRAMEWORK) तर्जुमा गर्ने, रोजगारी आय गर्ने सबै क्षेत्रका सम्पूर्ण कामदार तथा कर्मचारीलाई सोही खाका बमोजिम योगदानमा आधारित सामाजिक सुरक्षा प्रदान गरी अपवादमा केही विशिष्टिकृत निकायमा सेवा गर्नेहरू वाहेक अन्य व्यक्तिहरूले पाइरहेको अतिरिक्त सुविधा खारेज गर्ने जस्ता कार्यहरू गरिनु पर्दछ। यस अतिरिक्त सरकारी कोषबाट तलब भत्ता खाने करार तथा ज्यालादारी कर्मचारीहरूलाई योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रममा आवद्ध गरी सबैका लागि सामाजिक सुरक्षा कार्यक्रम लागु गर्नु उपयुक्त हुन्छ।

३०३. सामाजिक सुरक्षा प्रकृतिका कार्यक्रम संचालन गर्ने निकायका स्कीमहरूमा सामन्जस्यता र समन्वय गर्ने, स्वास्थ्य बीमा कार्यक्रमलाई सुधार गरी सबै नागरिकलाई यसको छाता भित्र ल्याउने तथा सामाजिक क्षेत्र, खासगरी शिक्षा क्षेत्रमा लगानी वृद्धि गरी सामाजिक संरक्षणको उध्देश्यले संचालित अरु कैयौं कार्यक्रमहरू खारेज गरिनु पर्दछ।यसरी सामाजिक सुरक्षा/संरक्षणका कार्यक्रमहरूलाई समग्र रूपमा अध्ययन गरी यसलाई दोहोरो नपर्ने गरी र लक्षित वर्गले मात्र उपयोग गर्ने गरी तय गर्न आवश्यक छ। साथै, सामाजिक सुरक्षाका सबै कार्यक्रमहरूलाई योगदानमा आधारित बनाउन उपयुक्त हुन्छ। यसो भएमा सामाजिक सुरक्षा/संरक्षणको हाल विनियोजनमा उल्लेख्य कटौती भई चालु खर्चलाई सीमाभित्र राख्न सकिनेछ।

**पेन्सन प्रणालीमा सुधार**

३०४. आर्थिक वर्ष २०७९/८० को संघको कुल चालु खर्च रु.९ खर्व ९१ अर्व ५७ करोड मध्ये निवृत्तीभरणमा मात्र रु ७४ अर्व ६९ करोड ८३ लाख (करिव ७.५३ प्रतिशत) खर्च भएको छ।

औषत आयुमा भैरहेको सुधार तथा समग्रमा निवृत्तिभरण प्राप्त गर्ने व्यक्तिहरूको संख्यामा भैरहेको वृद्धि समेतको कारणले यो खर्च तत्काल घट्ने देखिदैन। निवृत्तिभरण कोष ऐन जारी भएपछि पनि राज्यकोषबाट तलव भत्ता खाने सबै राष्ट्रसेवकहरू उक्त अवधारणामा समावेश भई सकेको अवस्था छैन। अवकाशको निश्चित उमेर नतोकिएको तर सेवा अवधि मात्रै तोकिएको कारणले निवृत्तिभरणको दायित्व वढ्न पुगेको छ। कतिपय अवस्थामा ४० वर्ष वा कम उमेरमा नै अवकाश भएका व्यक्तिहरूलाई लामो समय सम्म राज्यले निवृत्तिभरण उपलब्ध गराउनु पर्ने अवस्था देखिन्छ। अत, सेवाबाट अलग भएपनि अवकाशको लागि तोकिएको उमेर पार नभएसम्म निवृत्तभरण नदिने वा निश्चित प्रतिशत मात्र उपलब्ध गराउने, अवकाशको उमेर औषत आयु समेतको आधारमा वृद्धि गर्ने, तथा योगदानमूलक निवृत्तिभरणको छाता भित्र नआएका सबै राष्ट्र सेवकहरूलाई सो स्किममा समावेश गरी पेन्सन प्रणालीमा सुधार गर्न आवश्यक देखिन्छ।

**अनुदानको विनियोजनमा पुनरावलोकन**

३०५. आर्थिक वर्ष २०७९/८० को संघको कुल चालु खर्च रु.९ खर्व ९१ अर्व ५७ करोड मध्ये अनुदान खर्च रु.४ खर्व ८७ अर्व २३ करोड (करिव ४९ प्रतिशत) अनुदान शीर्षकमा खर्च भएको छ। यसमध्ये ३ खर्व ९७ अर्व ३६ करोड प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण भएको छ। यसमध्ये पनि प्रदेश तथा स्थानीय तहको सःशर्त अनुदान मात्र रु.२ खर्व ४१ अर्व ५३ करोड खर्च भएको छ। प्रदेश तथा स्थानीय तहमा खर्च भएको करिब ४७ अर्व पुँजीगत अनुदान स-साना टुक्रे आयोजनाहरूमा खर्च भएको छ। अधिकाँश त्यस्ता आयोजनाहरूको विनियोजन (विस्तृत लागत अनुमान विना) र खर्च (उपभोक्ता समितिको नाममा) हचुवामा भएको देख्न सकिन्छ। यसर्थ, स्थानीय तहका स्थानीय स्तरका आयोजनामा संघले सःशर्त विनियोजन गर्ने प्रणाली खारेज गर्नुपर्दछ र दुई वा दुइभन्दा बढी स्थानीय तहसँग सम्बन्धित कम्तीमा ५० करोडभन्दा माथिको लागत अनुमान भएको र १० करोडभन्दा बढी विनियोजन गर्न सकिने आयोजनाको विनियोजन मात्र सःशर्त अनुदानमा पठाउन उपयुक्त हुन्छ। साथै समानीकरण अनुदानको विभिन्न आधार मध्ये अघिल्ला वर्षहरूको खर्चको गुणस्तरीयता सूचक बनाइ सो को आधारमा वित्त हस्तान्तरण गर्ने प्रणाली बनाउँन आवश्यक देखिन्छ।

३०६. कुल अनुदानमा करिब ९० अर्व संघीय निकायहरूवाटै खर्च भएको देखिन्छ। यस्तो अनुदान सम्बन्धित निकाय/संस्थाको आफ्नो आम्दानी समेत गणना नगरी र विस्तृत कार्यक्रमहरू र उपलव्धीहरूको समीक्षा समेत नगरी Incremental Basis मा विनियोजन भएको छ। यसर्थ, यस्तो अनुदान विनियोजन भएका निकाय/संस्थाको आफ्नो आन्तरिक राजस्व, तिनीहरूले वार्षिक संचालन गर्ने कार्यक्रम, तिनको क्रियाकलापहरू, त्यसको लागत र आवश्यकता समेत हेरी संभव भएसम्म खर्च शीर्षकगत (Line Item Budgeting) विनियोजन गर्ने र संभव नहुँदा पनि यी विषयहरू स्पष्ट अभिलेखन गरी विनियोजन गर्नुपर्दछ। यसो भएमा, निश्चित आवश्यकता र प्रतिफलको आधारमा मात्र विनियोजन भई हचुवामा गएको अनुदान कटौती गर्न सकिने र चालु खर्च घटाउँन मद्दत पुग्ने अपेक्षा राख्न सकिन्छ।

**भविष्यको दायित्व एकिन गर्ने**

३०७. विभिन्न ऐन, नियम र नीतिहरू तर्जुमा गर्दा, तत्कालको दायित्व मात्र व्यवस्थापन गर्ने तर भविष्यको दायित्वको प्रक्षेपण नगर्दा दीर्घकालीन दायित्वहरू व्यवस्थापन गर्न कठिनाइ भएको छ। उदाहरणका

लागि, थप दूतावासहरूको स्थापना, प्रहरी ऐन, शिक्षा ऐन संशोधन, ७० वर्षबाट ६८ वर्षको वृद्ध भत्ता, निःशुल्क औषधी वितरणको संख्या थप आदिलाई लिन सकिन्छ। यसका अतिरिक्त, वार्षिक स्रोतले धान्न नसकेको चालु खर्च तर्फका श्रृजित दायित्वहरू पनि अर्को वर्षका लागि सार्दै जाने प्रवृत्ति पनि मौलाउँदै गएको छ।

३०८. यसर्थ, नयाँ ऐन, नियम र नीतिहरू बनाउँदा त्यसबाट भविष्यमा वर्षेनी थप हुने दायित्व र त्यसको व्यवस्थापन हैसियत एकीन गर्नुपर्दछ। साथै, चालु खर्चतर्फ चालु वर्षको दायित्व अर्को वर्षमा सार्ने प्रवृत्ति बन्द गर्ने गरी कानुनी व्यवस्था गर्नुपर्दछ।

**आर्थिक वर्षको उत्तरार्ध्दमा बढी खर्च**

३०९. सार्वजनिक खर्चको उपलव्धीलाई कार्यसम्पादन प्रगतिको सूचकको रूपमा व्याख्या गर्ने गरिएको छ। यसले गर्दा, आर्थिक वर्षको पूर्वार्ध्दमा खर्च कम हुँदा उत्तरार्ध्दमा अझ विशेषतः असार महिनामा रकमान्तर, स्रोतान्तर, कार्यक्रम संशोधान, पुराना दायित्व फछ्र्यौट आदि गरेर खर्च बढाउने प्रवृत्ति प्रत्येक वर्ष दोहोरिएको छ। वित्त व्यवस्थापन र खर्चको प्रभावकारिताको दृष्टिकोणले यो राम्रो संकेत होइन। यसर्थ, तोकिएको वार्षिक आयोजना/कार्यक्रममा खर्च गर्ने क्षमतामा वृद्धि गरी खर्च व्यवस्थापनलाई सन्तुलित बनाउन आवश्यक छ। दशकौंको प्रयासका वावजुद पनि आर्थिक वर्षको अन्तिम महिनामा हुने खर्च नियन्त्रण गर्न नसकिएको अनुभवका आधारमा, तथा हालको व्यवस्थामा असारको महिनामा नै ज्यादा खर्च हुने र यस समयमा मन्सुन सकृय भई सक्ने कारणले गर्दा ठूलो लगानी खेर गै रहेको छ, अत, आर्थिक वर्षलाई बैशाखबाट चैत कायम गर्ने विषयमा अध्ययन हुन आवश्यक छ।

**सार्वजनिक संस्थानहरूमा हुने लगानी नियन्त्रण गरिनु आवश्यक**

३१०. आर्थिक वर्ष २०७७/७८ सम्ममा सार्वजनिक संस्थानहरू तर्फ कुल ५ खर्व ६७ अर्व २८ करोड सरकारी लगानी भएकोमा सो आर्थिक वर्षमा रु ५० अर्व ८८ करोड थप भई आर्थिक वर्ष २०७८/७९ मा ६ खर्व १८ अर्व १६ करोड पुगेको देखिन्छ। लामो समयदेखि चर्चामा रहेको सार्वजनिक संस्थानको सुधार कार्यलाई उच्च प्राथमिकता दिई, यसमा भई रहेको सरकारी लगानीको अनुपात घटाइनु पर्दछ।

**अन्य शिरोभार खर्चहरूको मापदण्ड बनाउन आवश्यक**

३११. हाल केही संगठनहरूका कर्मचारीका लागि मात्र प्रोत्साहनको नाममा विशेष भत्ता प्रदान गरिएको छ। विदेशस्थित दूतावासहरूमा Prime Location मा कार्यालय र आवासका लागि भवन/अपार्टमेन्ट भाडामा लिइएको छ। स्वीकृत दरवन्दीका कर्मचारी अनावश्यक कार्यालयमा फाजिलमा राखी स्वीकृत दरवन्दी बाहिर समेत करारमा कर्मचारी नियुक्त गरिएको छ। कतिपय निकायमा कार्यालय संचालन खर्च, विजुली, इन्धन, मर्मत तालीम, गोष्ठीमा वेहिसाव खर्च भएको छ। यस प्रकारका चालु खर्चहरूका लागि खर्चका मापदण्डहरू बनाई कार्यान्वयनमा ल्याउँन सक्दा चालु खर्च माथिको दवाव केही हदसम्म घटाउन सक्ने देखिन्छ।

३१२. विगत केही वर्षहरूदेखि पुँजीगत खर्चको विनियोजन खर्च घट्दै गएको र भएको खर्च पनि गुणस्तरीय हुन नसकेको अवस्थालाई दृष्टिगत गरी देहाय बमोजिम हुन आवश्यक छ।

(१) पुँजीगत खर्चतर्फ विनियोजन बजेट पुरानो ठेक्का/पट्टा अन्तर्गतको काम सम्पन्न गर्नमा भन्दा नयाँ ठेक्का/पट्टा लगाउने र विनियोजित बजेट Mobilization को भुक्तानीमा लगाउँने प्रवृत्ति बढेको छ। यसले गर्दा पुँजीगत खर्चतर्फको भुक्तानी दायित्व वर्षेनी बढ्दै गएर करिब रू. ५ अर्व पुगेको छ र चालु वर्षको बजेटबाट ठेकेदारहरूको कामको भुक्तानी गर्न नसकिने अवस्था समेत सिर्जना भएको छ। यसर्थ, पुँजीगत तर्फको विनियोजिन र खर्च ठेक्का/पट्टा भई सकेका पुराना आयोजना सम्पन्न गर्नमा लगाउन र Mobilization पेश्कीको सट्टा सम्बन्धित ठेकेदारलाई सो बापत वैङ्कबाट ऋण प्रवाह गर्ने व्यवस्था मिलाउन उपयुक्त हुन्छ।

(२) निर्मित पूर्वाधारको गुणस्तर वृद्धि गर्न नसक्दा वर्सेनी जसो एउटै सडक वा ढल निर्माण वा मर्मत गर्नु पर्ने वाध्यता परेको देखिन्छ। मित्रराष्ट्रहरूको सहयोगमा बनेका पूर्वाधारहरू टिकाउ हुने तर स्वदेशी स्रोत साधनमा निर्मित योजनाहरू दिगो नहुने समस्या पनि देखिन्छ। अत पूर्वाधार निर्माणका मापदण्डहरू परिमार्जन गरी निर्मित पूर्वाधारहरू दिगो हुने कुराको सुनिश्चितता गरिनु पर्दछ।

**स्रोत सुनिश्चितता र बहुवर्षिय ठेक्का**

३१३. विगत केही वर्षदेखि नयाँ आयोजना र कतिपय त नियमित कार्यक्रममा समेत अर्थ मन्त्रालयले स्रोतको सुनिश्चितता गरेको कारण बहुवर्षिय ठेक्का/पट्टा लागि सकेको दायित्व रू. ५ खर्व भन्दा बढी छ। यसले पछिल्ला वर्षहरूको पुँजीगत खर्चको विनियोजनमा प्रभाव पर्ने अवस्था छ। यसरी जस्तोसुकै आयोजनाका लागि पनि स्रोतको सुनिश्चितता गरी ठेक्का लगाउने र पछिल्ला वर्षहरूमा दिइएको सिलिङ्गभित्र सो रकम Earmark नहुने कारणले ठूलो वित्तीय समस्या उत्पन्न भएको छ। यसर्थ, अबका केही वर्ष राष्ट्रिय गौरवका आयोजना वाहेकमा स्रोत सुनिश्चितता दिने र स्पष्ट कानुनी प्रवन्ध विना तिन तहका सरकारले बहुवर्षिय ठेक्का लगाउने प्रणाली नै बन्द गर्नु पर्दछ।

**सवारी साधन र फर्निचर एवं मेशिनरी औजारको प्रतिस्थापन योजना**

३१४. माथि उल्लेख गरेझैं पुँजीगत खर्चलाई कार्यसम्पादन उपलव्धीको सूचक मानेर आर्थिक वर्षको उत्तरार्ध्दमा अन्यत्र खर्च नभएको रकम, सवारी साधन खरिदमा रकमान्तर गरी विनियोजन भन्दा बढी खर्च गरेको अवस्था छ। गत आर्थिक वर्ष २०७९/८० मा मात्र एक उदाहण मात्र हेरौ रु ८१ करोड विनियोजन भएकोमा १ अर्व ४९ करोड सवारी साधन खरिदमा खर्च भएको छ। तोकिएका पदाधिकारी बाहेकका लागि पनि सवारी साधन प्रदान गर्ने, तोकीएको मापदण्डभन्दा माथिका सवारी साधन खरिद गर्ने यस्तो प्रवृत्तिले पुँजीगत खर्च उत्पादनमुखी हुन सक्दैन। यस्तो अवस्था धेरै खर्च शीर्षकहरूमा देखिन सक्दछ। यसले के देखाउदछ भने वित्तिय व्यवस्थापनको कमजोर व्यवस्थापनको संकेत गर्दछ। त्यस्तै फर्निचर, ल्यापटप/कम्प्युटर लगायतका मेशिनरी सामग्रीको स्पष्ट Replacement योजना नहुँदा प्रत्येक वर्ष Incremental Basis मा बजेट विनियोजन र खर्च हुने गरेको छ। तसर्थ, यस्ता सामग्रीहरूको Replacement योजना बनाई सो को आधारमा मात्र विनियोजन र खर्च गर्ने पद्दति कठोरतापूर्वक पालना हुनुपर्दछ।

**आयोजना वर्गीकरणको मापदण्डः**

३१५. राष्ट्रिय योजना आयोगले तीन तहको सरकारले कार्यान्वयन गर्ने आयोजनाहरूको मापदण्ड तयार गरेको छ। तर यसको परिपालना (Compliance) फितलो छ। यसले गर्दा तीन तहका

आयोजनाहरूमा दोहोरो विनियोजन र खर्च समेत भएको छ। यसर्थ, उल्लिखित मापदण्ड तीनै तहका सरकारले पालना गर्नुपर्दछ।

**सरकारी जग्गा उपयोगको योजना बनाउनेः**

३१६. सार्वजनिक जग्गाको एकीन तथ्याङ्क नहुँदा कतिपय ठाउँहरूमा सरकारी जग्गा कब्जा भएको अवस्था छ। तसर्थ, सबै सार्वजनिक जग्गाको अभिलेख तयार गरी त्यस्ता जग्गाहरू सार्वजनिक उपयोगमा लगाउँन उपयुक्त हुन्छ।

**वित्तीय व्यवस्थाः**

३१७. वित्तीय व्यवस्था अन्तर्गतको आन्तरिक ऋण र वैदेशिक ऋणको सावाँ भुक्तानीमा आर्थिक वर्ष २०७९/८० मा मात्र १४९ अर्व ८० करोड खर्च भएको छ। यो खर्च आन्तिरक ऋणको ट्रेजरी विल तर्फको पुरै भुक्तानी नगरी अर्को वर्षमा सारेको अवस्था हो। वित्तीय व्यवस्था अन्तर्गत आर्थिक वर्ष २०८१/८२ मा उक्त खर्चको दोव्वर (करिव ३ खर्च ३० अर्व), २०८२/८३ मा ४ खर्व ३८ अर्व र २०८३/८४ मा ५ खर्व २२ अर्व भुक्तानी गर्नुपर्ने प्रक्षेपण देखिन्छ। यसरी ऋणको साँवा भुक्तानीमा पर्ने बोझ व्यवस्थापन चुनौतिपूर्ण हुँदै गएको छ। यो अनिवार्य दयित्व कै रकम हो। आन्तरिक ऋणको केही अंश सार्दै व्यवस्थापन सहज बनाउँन सकिए पनि यो दीर्घकालीन समाधान होइन। यसर्थ, यो खर्चलाई व्यवस्थापन गर्न वित्तीय व्यवस्था अन्तर्गतका अन्य संस्थानहरूलाई गरिने ऋण तथा शेयर लगानी निश्चित आधारमा मात्र गर्नुपर्ने देखिन्छ।

३१८. विद्यमान सार्वजनिक संस्थानहरूको सूची हेर्दा १७ वटा संस्थान घाटामा छन् भने ६ खर्व भन्दा बढी लगानी भएको छ। यी संस्थानहरूमा वर्षेनी Incremental Basis मा हचुवामा शेयर तथा ऋण बापत बजेट खर्च भएको छ। अब आइन्दा यसरी ऋण तथा शेयर लगानी गर्दा त्यसले दिने प्रतिफल र भुक्तानी क्षमता समेतलाई आधार मानेर मात्र खर्च गर्ने प्रणाली बनाउँनु पर्दछ।

३१९. सार्वजनिक संस्थानहरूको सार्वजनिक ऋणको व्याज दर फरक/फरक र बजारभन्दा अतिकम रहेको छ। यसर्थ, सार्वजनिक संस्थानको व्याज दरको नीति बनाएर कार्यान्वयन गर्नु आवश्यक छ।

## परिच्छेद- १७ अन्तरसरकारी वित्त व्यवस्थापन

३२०. नेपालको संविधान र संविधानका अनुसूचीहरू ५ देखि ९, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४; स्थानीय सरकार संचालन ऐन, २०७४ र आर्थिक ऐन, २०७५ लगायतका कानुनहरूले वित्तीय संघीयताको आधार तयार गरेको छ। नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तह बिचको सम्बन्ध सहकारिता, सह-अस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुनेछ भनी मार्गदर्शन गरेको छ। वित्तीय संघीयताले सरकारका विभिन्न तहहरूवीच स्रोतको न्यायोचित बाँडफाँट गरी प्रभावकारी उपयोग एवं अपेक्षित प्रतिफलको लागि व्यवस्थापन गर्ने गर्दछ। तीनै तहका सरकारले आफ्नो अधिकार क्षेत्र भित्रको विषयमा कर लगाउन र ती स्रोतहरूबाट राजस्व उठाउन सक्ने व्यवस्था गरेकोछ। नेपालको संविधानले अन्तर-सरकारी कर प्रणाली व्यवस्थापन गर्ने विषयमा तीन तहहरूबिच आपसी प्रतिस्पर्धा भन्दा पनि आपसी सहकार्यलाई जोड दिन्छ। नेपालको संविधानले तीनै तहका सरकारको आर्थिक अधिकार क्षेत्रको विषयमा साझा तथा एकल अधिकारहरू अनुसूचीहरूमा स्पष्ट व्यवस्था गरेको छ। आ-आफ्ना अधिकार क्षेत्रभित्रका विषयहरूमा कर लगाउन र ती स्रोतहरूबाट राजस्व उठाउन सक्ने, तर साझा सूची भित्रका विषयमा र कुनै पनि तहको सूचीमा नपरेको विषयमा कर लगाउन र राजस्व उठाउने व्यवस्था नेपाल सरकारले निर्धारण गरे बमोजिम हुने व्यवस्था गरेको छ। संविधानको मर्म बमोजिमको वित्तीय संघीयता कार्यान्वयनमा विगतमा देखिएका असल अभ्यास र जटिलता तथा उत्पन्न समस्यास्यको सम्बोधन समय मै गरी मुलुको विकास सुशसन र समृद्धिको राष्ट्रिय गन्तव्य हासिल गर्न तिनै तहका सरकारका वीचमा समन्वय र सहकार्यलाई अझ प्रभावकारि बनाउनु पर्ने देखिन्छ।

**तालिका नं. २७ प्रदेश सम्बद्ध केही तथ्याङ्क**

| प्रदेश | प्रदेश राजधानी | जनसंख्या | क्षेत्रफल (वर्ग कि.मि.) | स्थानीय तहको संख्या | प्रदेश सभा सदस्य संख्या |
|---|---|---|---|---|---|
| कोशी | विराटनगर | ४९७२०२१ | २५९०५ | १३७ | ९३ |
| मधेश | जनकपुरधाम | ६१२६२८८ | ९६६१ | १३६ | १०७ |
| बाग्मती | हेटौंडा | ६०८४०४२ | २०३०० | ११९ | ११० |
| गण्डकी | पोखरा | २४७९७४५ | २१७३३ | ८५ | ६० |
| लुम्बिनी | देउखुरी दाङ | ५१२४२२५ | २२२८८ | १०९ | ८७ |
| कर्णाली | सुर्खेत | १६९४८८९ | २७९८४ | ७९ | ४० |
| सुदुर परिश्चम | धनगढी | २७११२७० | १९५३९ | ८८ | ५३ |

स्रोतः अन्तर सरकारी वित्त व्यवस्थापन महाशाखा, अर्थ मन्त्रालय

### अन्तरसरकारी वित्त व्यवस्थापन सम्बन्धी संवैधानिक एवं कानुनी प्रवन्ध

### संवैधानिक व्यवस्था

३२१. नेपालको संविधान, २०७२ ले शक्ति निक्षेपणमा आधारित साविकको केन्द्रीकृत राज्य प्रणालीलाई ७ प्रदेश र ७५३ स्थानीय तह रहने गरी पुनः संरचना गरेको छ। परिपुरणको सिद्धान्त र मूल्य मान्यतामा आधारित रही गरिएको यस पुनः संरचनामा तीनै तहका सरकारहरूको एकल तथा साझा

अधिकारहरूको बाँडफाट यस संविधानले गरेको छ। संविधानले अन्तरसरकारी वित्तीय व्यवस्थाको विषयमा गरेका विविध व्यवस्थाहरू निम्न अनुसार रहेको छ।

३२२. संविधानको धारा २३२ ले संघ, प्रदेश र स्थानीय तह बीचको सम्बन्ध सहकारीता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुनेछ भनी नेपालको संघीय प्रणालीको स्वरूप स्पष्ट पारेको देखिन्छ। साथै धारा २२८ ले कानुन बमोजिम वाहेक कुनै कर लगाउन, उठाउन र ऋण लिन पाइने छैन भनी जनप्रतिनिधिको स्वीकृति वेगर कर लगाउन नसकिने प्रजातान्त्रिक मूल्य मान्यतालाई आत्मसात गरेको देखिन्छ।

३२३. संविधानको धारा ६० ले संघीय वित्तीय व्यवस्थापनको खाका प्रदान गरेको छ। नेपाल सरकारले सङ्कलन गरेको राजश्व संघ, प्रदेश र स्थानीय तहलाई न्यायोचित वितरण गर्ने व्यवस्था गर्नु पर्ने प्रावधान उक्त धारामा गरिएको छ। यसैगरी, नेपाल सरकारले प्रदेश र स्थानीय तहलाई खर्चको आवश्यकता र राजश्वको क्षमताको आधारमा वित्तीय समानीकरण अनुदान वितरण गर्ने व्यवस्था तथा प्रदेशले आफ्नो राजश्वलाई मातहतको स्थानीय तहको खर्चको अवश्यकता र राजश्व क्षमताको आधारमा प्रदेश कानुन बमोजिम वित्तीय समानीकरण अनुदान वितरण गर्ने व्यवस्था सोही धाराले गरेको पाइन्छ।

३२४. संविधानको धारा ५९ ले बैदेशिक सहायता र ऋण लिने अधिकार नेपाल सरकारको हुने भनी स्पष्ट व्यवस्था गरेको छ। त्यस्तो सहायता वा ऋण लिदा देशको समष्टिगत आर्थिक स्थायित्व हुने गरी लिनु पर्नेछ व्यवस्था समेत सोही धारामा गरिएको छ।

३२५. संविधानले स्थानीय तहहरू तथा प्रदेशहरूले लगाउने कर, शुल्क तथा दस्तुरले अर्को स्थानीय तह र प्रदेशको आर्थिक गतिविधिलाई गंभिर प्रभाव पार्नु नहुने नीति अंगिकार गरेको छ। धारा २२८ ले स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रको विषयमा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसार पसार, पुंजी तथा श्रम बजार छिमेकी प्रदेश वा स्थानीय तहलाई प्रतिकुल नहुने गरी कानुन बनाई कर लगाउन सक्ने व्यवस्था गरेको छ भने धारा २३६ ले अन्तरप्रदेश ब्यापारको विषय उल्लेख गरेको छ। सो धाराले यस संविधानमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि एक प्रदेश वा स्थानीय तहबाट अर्को प्रदेश वा स्थानीय तहको क्षेत्रमा हुने वस्तुको ढुवानी वा सेवाको विस्तार वा कुनै प्रदेश वा स्थानीय तहको क्षेत्रमा हुने वस्तुको ढुवानी वा सेवाको विस्तारमा कुनै किसिमको वाधा अवरोध गर्न वा कुनै कर, शुल्क, दस्तुर, वा महसूल लगाउन वा त्यस्तो सेवा वा वस्तुको ढुवानी वा विस्तारमा कुनै किसिमको भेदभाव गर्न पाइने छैन भनी स्पष्ट व्यवस्था गरेको देखिन्छ।

**राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४**

३२६. प्राकृतिक स्रोत परिचालन र यसको उपयोगको बाडफाडको विषयमा, साथै विभिन्न तहहरूको बीचमा बाँडफाट हुने आय वितरणको खाका र मापदण्ड तैयार गर्ने प्रयोजनको लागि संवैधानिक आयोगको रूपमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको व्यवस्था संविधानले गरेको र सोही व्यवस्थाको कार्यान्वयनको लागि राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ जारी भएको छ। राजश्व बाँडफाँटको सम्बन्धमा अन्तर तहको बीचमा उठेका विवाद समाधान गर्न सहजीकरण र सहयोग गर्ने समेत जिम्मेवारी यस आयोगले पाएको छ।

३२७. प्राकृतिक स्रोतको परिचालन गर्दा लिइने आधारः सो ऐनले प्राकृतिक स्रोतको परिचालन गर्दा लिइने आधारहरू निम्न बमोजिम तोकेको छः

(१) लगानी निर्धारणका आधारः राजश्व उठाउन सक्ने क्षमता, लगानी गर्न सक्ने क्षमता, प्राप्त गर्ने उपलब्धिको हिस्सा, पूर्वाधारको आवश्यकता र अवस्था, तथा आर्थिक अवस्था र भौगोलिक वनोट आदि तय गरिएको छ।

(२) प्रतिफल निर्धारणका आधारः प्राकृतिक स्रोतको अवस्थिति, परिचालनबाट प्रभावित क्षेत्र, प्राकृतिक स्रोत उपरको निर्भरता, प्रतिफलबाट लाभान्वित जनसंख्या, स्रोतमा आश्रीत जनसंख्या भनी तोकिएको छ।

३२८. राजश्व बाडफाड गर्दा लिइने आधारः केन्द्र, प्रदेश र स्थानीय तह बीच तथा प्रदेश र स्थानीय तहबीच राजश्व बाडफाड सिफारिस गर्दा लिइने आधार यस प्रकार रहेको छः जनसंख्या, क्षेत्रफल, मानव विकास सूचकांक, खर्चको आवश्यकता, राजश्व सङ्कलनमा गरेको प्रयास, पूर्वाधार विकास र विशेष अवस्था।

३२९. अनुदान सिफारिस गर्दा लिइने आधारः केन्द्रले प्रदेश र स्थानीय तहलाई तथा प्रदेशले स्थानीय तहलाई वित्तीय समानीयकरण अनुदान सिफारिसका आधारहरू यस प्रकार रहेका छन्ः शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता मानव विकास सूचकांक, अन्य प्रदेश र अन्य स्थानीय तहबीच सन्तुलित विकासको अवस्था, आर्थिक सामाजिक विभेदको अवस्था, पूर्वाधार विकासको अवस्था र आवश्यकता, जनतालाई पुऱ्याउनु पर्ने सेवा, राजश्वको अवस्था र उठाउन सक्ने क्षमता, खर्चको आवश्यकता।

३३०. समानिकरण अनुदान सिफारिस गर्दा न्यूनतम् अनुदान र माथिका आधारमा थप अनुदान सिफारिस गर्ने व्यवस्था रहेको छ।

**अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले गरेको व्यवस्था**

३३१. संघ, प्रदेश र स्थानीय तहको अधिकार क्षेत्रका विषयमा स्वयं कानुन तर्जुमा गरी लगाउन सक्ने कर, शुल्क, दस्तुर एवं दण्ड जरिवानाका विषयहरू वाहेक, नेपालको वित्तीय संघीयताको मुल खाका यस ऐनले कोरेको छ। यस ऐनले कर तथा गैर कर निर्धारणका आधारहरू तर्जुमा गर्नुका साथै वैदेशिक सहायता परिचालन गर्ने, आन्तरिक ऋण लिने तथा बजेट तर्जुमा गर्ने आधार र प्रकृया समेत तोकेको छ। यसले प्रदेश तथा स्थानीय तहले पाउने अनुदानहरू तथा अनुदान वितरणका आधारहरू समेत तर्जुमा गरेको पाइन्छ भने प्राकृतिक स्रोतको उपयोगबाट प्राप्त हुने रोयल्टीको बाँडफाँट गर्ने खाका समेत यसले तर्जुमा गरेको छ।

**कर तथा गैर कर निर्धारणको आधार**

३३२. ऐनको दफा ३ ले प्रदेश तथा स्थानीय तहले कर लगाउँदा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसार पसार, पुँजी तथा श्रम बजार, छिमेकी प्रदेश र स्थानीय तहलाई प्रतिकुल नहुने गरी लगाउनु पर्ने व्यवस्था गरेको छ। यसैगरी सोही ऐनको दफा ४ ले नेपाल सरकार, प्रदेश र स्थानीय तहले वस्तु तथा सेवाको लागत, सञ्चालन र संभार खर्चलाई आधार मानी गैर करका दर निर्धारण गर्नु पर्नेछ भनी गैर करका दरहरू निर्धारण गर्न मार्गदर्शन गरेको छ। यसले सेवाको लागत, संचालन र

संभार खर्चलाई मूख्य आधार मान्नु पर्ने व्यवस्था गरेकोले गैर करका दरहरू मार्फत ठोष राजश्व परिचालन हुने देखिदैन।

**एकल कर प्रशासन सम्बन्धी व्यवस्था**

३३३. ऐनले स्थानीय तहले लगाउने करको सम्बन्धमा सम्पत्ति कर, घर वहाल कर, भूमिकर (मालपोत), व्यवसाय कर र विज्ञापन कर नगरपालिका वा गाउँपालिकाहरूले एकलौटि रूपमा निर्धारण गर्ने र उठाउन पाउने व्यवस्था गरेको छ भने घर-जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर र मनोञ्जन कर निर्धारण गर्ने अधिकार प्रदेशलाई प्रदान गरेकोले यि करहरू परिचालनमा दुवै तहका सरकारहरूले सहकार्य गर्नु पर्ने अवस्था विद्यमान छ।

३३४. प्रदेश र स्थानीय तह दुवैले लगाउने गरी तोकेका करहरू एकल रूपमा सङ्कलन गरी, वाडफाँको व्यवस्था मिलाउने प्रवन्ध यस ऐनले गरेको छ। सवारी साधन करको हकमा दर तोक्ने र उठाउने कार्यजिम्मेवारी प्रदेशलाई प्रदान गरिएको छ तर टाँगा, अटोरिक्सा र विद्युतीय रिक्सामा करका दरहरू तोक्ने र उठाउने अधिकार स्थानीय तहलाई नै प्रदान गरिएको छ। प्रदेशले सङ्कलन गरेको सवारी साधन कर प्रदेश विभाज्य कोषमा जम्मा गरी साठी प्रतिशत प्रदेश संचित कोषमा र चालीस प्रतिशत स्थानीय विभाज्य कोषमा जम्मा गर्नु पर्ने र आयोगको सिफारिसमा यस्तो रकम बाँडफाट गरी स्थानीय संचित कोषमा जम्मा गर्नु पर्ने कानुनी प्रवन्ध गरिएको छ।

३३५. घरजग्गा रजिष्ट्रेशन शुल्क र मनोरञ्जन करका दरहरू प्रदेशले तोक्ने तर स्थानीय तहले सङ्कलन गर्ने, यसैगरी, विज्ञापन करका दरहरू स्थानीय तहले नै तोक्ने र सङ्कलन गर्ने व्यवस्था सो दफामा गरिएको पाइन्छ। घरजग्गा रजिष्ट्रेशन शुल्क, मनोरञ्जन कर र विज्ञापन करबाट सङ्कलन भएको रकम दुई तहको बीचमा बाडफाँट गरी साठी प्रतिशत स्थानीय तहको संचित कोषमा र चालीस प्रतिशत प्रदेशको संचित कोषमा जम्मा गर्नु पर्ने प्रवन्ध समेत सो दफामा गरिएको छ। स्थानीय तहको प्रशासनिक क्षमता सबल भई नसकेको र मालपोत कार्यालयहरू स्थानीय तहमा हस्तान्तरण समेत नभएको सन्दर्भमा सालवसाली आर्थिक ऐनमा कानुनी प्रवन्ध गरी हाललाई घरजग्गा रजिष्ट्रेशन शुल्क संघीय सरकारको मालपोत कार्यालयले नै सङ्कलन गरी प्रदेश र स्थानीय तहबीच वाडफाँट गर्ने अन्तरिम प्रवन्ध गरिएको छ।

**मूल्य अभिवृद्धि कर र अन्त शुल्क बाँडफाँट गर्ने व्यवस्था**

३३६. उक्त ऐनले मूल्य अभिवृद्धि कर तथा आन्तरिक उत्पादनमा उठेको अन्तःशुल्क तीन तहका सरकारबीचमा बाँडफाँट गर्ने कानुनी व्यवस्था गरेको छ। यस्तो रकमलाई विभाज्य कोषमा जम्मा गरी सत्तरी प्रतिशत संघीय संचित कोषमा र १५-१५ प्रतिशत प्रदेश र स्थानीय विभाज्य कोषमा जम्मा गर्नु पर्ने र वित्त आयोगले तर्जुमा गरेको सूत्र बमोजिम ७ प्रदेश र ७५३ स्थानीय तहहरूको बीचमा बाँडफाँट हुने गरी तर्जुमा गरिएको छ। सो रकम मासिक रूपमा प्रदेश र स्थानीय तहलाई उपलब्ध गराउने र हिसाव नमिलेको अवस्थामा असार मसान्तमा हिसाव मिलाउने व्यवस्था समेत गरेको छ।

**बैदेशिक सहायताको परिचालन**

३३७. नेपालको संविधान र अन्तरसरकारी वित्त व्यवस्थापन ऐनले बैदेशिक सहायता परिचालन गर्ने अधिकार नेपाल सरकारलाई मात्रै प्रदान गरेको छ तर बैदेशिक सहयोगमा योजना तथा कार्यक्रम

प्रदेश तथा स्थानीय तहमा संचालन भने हुन सक्नेछन्। स्थानीय तहहरूलाई बैदेशिक सहयोगको लागि दातृ निकायहरू संग सम्पर्क गर्ने र सहयोगको पहल गर्ने अधिकार प्राप्त भएको देखिदैन। यस्तो सम्पर्क गर्नु पूर्व नेपाल सरकारको स्वीकृति आवश्यक पर्ने देखिन्छ।

**आन्तरिक ऋण परिचालन**

३३८. तीनै तहका सरकारले ऋण लिंदा आयोगले तोकेको सीमाको पालना गर्नु पर्ने कानुनी व्यवस्था रहेको छ। प्रदेश र स्थानीय तहलाई खुला वजारबाट ऋण लिने कानुनी प्रवन्ध गरिएको छैन तर नेपाल सरकारले स्वयं ऋण दिनसक्ने व्यवस्था भने गरिएको छ। स्थानीय तहको हकमा भने नगर विकास कोषबाट ऋण परिचालन गर्न सक्ने कानुनी र संस्थागत संरचना तैयार भएको छ तर यस्तो ऋण समयमा चुक्ता नगरेमा स्थानीय तहले पाउने अनुदानमा स्रोतमा नै कटाउन सक्ने व्यवस्था गरि, ऋण लिनु अघि पर्याप्त छलफल र विचार विमर्श गर्नु पर्ने तर्फ सचेत गराएको छ।

**बजेट तर्जुमाको प्रकृया र शर्तहरू**

३३९. नेपालको संविधान, २०७२ ले स्थानीय तहलाई घाटा वजेट प्रस्ताव गर्न छुट दिए पनि, घाटा पूर्तिको स्रोत खुलाउनु पर्ने व्यवस्था गरेको छ। यसै गरी सार्वजनिक खर्चको अनुमानित विवरण तैयार गर्नु पर्ने, ३ वर्षको वजेट अनुमान सहित मध्यमकालीन खर्च संरचना तैयार गर्नु पर्ने, हरेक वर्ष आय ब्ययको प्रक्षेपण वित्त आयोग र अर्थ मन्त्रालयमा पठाउनु पर्ने, कर वा गैर कर राजश्व प्रस्ताव तैयार गर्दा पर्याप्त छलफल विश्लेषण तथा सरोकारवालाहरू संग परामर्श समेत गर्नु पर्ने लगायत, प्रदेशको हकमा असार १ गते तथा स्थानीय तहको हकमा प्रत्येक वर्ष असार १० गते भित्र राजश्व र ब्ययको अनुमान (वजेट) आफ्नो सभामा पेश गर्नु पर्ने, बजेटमा व्यवस्था गरेर मात्रै खर्च गर्नु पर्ने, पुँजीगत तर्फ विनियोजित वजेट चालु तर्फ खर्च गर्न नपाइने लगायतको व्यवस्था गरेको छ।

**रोयल्टिको वितरण**

३४०. रोयल्टिको विषयमा, उक्त ऐनले पर्वतारोहण, विद्युत, वन, खानी तथा खनिज, एवं पानी तथा अन्य प्राकृतिक स्रोतमा रोयल्टि लगाउन सक्ने व्यवस्था गरेको छ। यस्तो रोयल्टिको दर सम्बन्धित कानुन अनुसार लगाईने, तथा यसरी सङ्कलन भएको रोयल्टि रकमलाई नेपाल सरकारले ५० प्रतिशत, सम्बन्धित प्रदेशले २५ प्रतिशत तथा स्थानीय तहहरूले २५ प्रतिशत पाउने गरी बार्षिक रूपमा बाँडफाट गर्नु पर्ने व्यवस्था गरेको छ। रोयल्टि वितरण गर्दा स्थानीय तहले प्रभावित भएको आधारमा समन्यायिक हिसावले रोयल्टि रकम पाउने व्यवस्था पनि गरेको छ।

**वित्तिय संघीयताका क्षेत्रहरू**

३४१. संघीय राज्य प्रणाली भएका मुलुकहरूको अभ्यास समेतलाई आधारमानी भन्सार र आय करलाई संघ सरकार, स्थिर सम्पत्तिमा आधारित करलाई स्थानीय सरकार तथा आन्तरिक राजस्व सङ्कलनको मूल्य अभिवृद्धि कर तथा अन्तःशुल्कलाई संघ, प्रदेश र स्थानीय सरकारले वाँडफाट गर्ने गरी तर्जुमा गरिएको छ। वित्तीय संघीयताका ४ महत्वपूर्ण क्षेत्रहरू रहेका हुन्छन्। प्रस्तुत ४ वटा विषयहरूलाई जति स्पष्ट रूपमा ब्याख्या गर्न, विवाद रहित वनाउन सकिन्छ कुनै पनि मुलुकको संघीय प्रणालीको सफलता त्यसैमा निर्भर रहने मान्यता छ। वित्तीय संघीयताका ४ पक्षहरू यस प्रकार छन्।

(१) **आय जिम्मेबारीः** खर्च ब्यहोर्नको लागि आफैंले कर तथा शुल्क लगाई उठाउन पाउने स्रोतको कानुनद्धारा नै बाँडफाँट गरिने विषय।

(२) **खर्च जिम्मेबारीः** संविधान र कानुनले तोकेको कार्य जिम्मेबारीका विषयहरू।

(३) **अन्तरसरकारी हस्तान्तरणः** खर्च आवश्यकता पुरा गर्न संघले प्रदेश र स्थानीय सरकार तथा प्रदेश सरकारले स्थानीय सरकारलाई प्रदान गर्ने विविध अनुदानहरू तथा राजश्व बाँडफाँट र रोयल्टी बाँडफाँटको विषय।

(४) **ऋण परिचालनः** खर्च जिम्मेबारी पुरा गर्न प्रदेश एवं स्थानीय तहले लिन पउने ऋणको सीमा र ऋण लिने प्रकृया सम्बन्धी विषय।

**आय जिम्मेवारीको बाँडफाँट**

३४२. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन तथा अन्तरसरकारी वित्त व्यवस्थापन ऐन लगायतले राजश्व परिचालनमा कुशलता, दक्षता तथा लागत समेतको विश्लेषण गरी विभिन्न तहका सरकारहरूको बिचमा बाँडफाट हुने कर तथा शुल्क एवं दस्तुरहरूलाई तत् तत् निकायहरूले सङ्कलन गर्ने, विभाज्य कोषमा जम्मा गर्ने र बाँडफाट हुने गरी कानुनी प्रवन्ध समेत गरिएको छ। तीन तहका सरकारहरूले परिचालन गर्ने राजश्वको शीर्षकहरूको विवरण यस प्रकार छ।

**तालिका नं. २८ अन्तर तह विद्यमान आय अधिकारको विवरण**

| | संघ | प्रदेश | स्थानीय तह |
|---|---|---|---|
| कर राजश्व | भन्सार<br>अन्तःशुल्क<br>मूल्य अभिवृद्धि कर<br>व्यवसायिकआय कर<br>व्यक्तिगत आय कर<br>पारिश्रमिक कर<br>घर जग्गा रजिष्ट्रेशन शुल्क | सवारी साधन कर<br>मनोरञ्जन कर<br>विज्ञापन कर<br>कृषि आयमा कर | सम्पत्ती कर<br>घर वहाल कर<br>घर जग्गा रजिष्ट्रेशन शुल्क<br>भूमिकर (मालपोत)<br>सवारी साधन कर<br>मनोरञ्जन कर<br>विज्ञापन कर`<br>व्यवसाय कर |
| गैर कर राजश्व | राहदानी शुल्क<br>भिसा शुल्क<br>पर्यटन शुल्क<br>सेवा शुल्क<br>चिट्ठा/ क्यासिनो<br>दण्ड जरिवाना | सेवा शुल्क<br>पर्यटन शुल्क<br>दण्ड जरिवाना | सेवा शुल्क<br>पर्यटन शुल्क<br>दण्ड जरिवाना |
| रोयल्टी | प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टीको ५० प्रतिशत | प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टीको २५ प्रतिशत | प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टीको २५ प्रतिशत |

| | संघ | प्रदेश | स्थानीय तह |
|---|---|---|---|
| अन्य राजश्व | अन्य संघीय कानुन बमोजिम सङ्कलन हुने कर तथा गैर कर राजश्व | अन्य प्रदेश कानुन बमोजिम सङ्कलन हुने कर तथा गैर कर राजश्व | स्थानीय कानुन बमोजिम सङ्कलन हुने कर तथा गैर कर राजश्वः नक्सा पास दस्तुर, सरसफाई शुल्क, पार्किङ शुल्क, ढुङ्गा गिट्टि बिक्री आय, सिफारिस दस्तुर, सामुदायिक वनबाट हुने आय आदि (स्थानीय सरकार संचालन ऐन बमोजिम) |

३४३. नेपालको संविधानले नै तीन तहका सरकारहरूले लगाउन सक्ने करहरूको बाँडफाँट गरेकोले प्रदेशले तर्जुमा गरेको कानुनबाट उल्लेख्य मात्रामा स्रोतको सङ्कलन वा परिचालन हुने गरी कर लगाउन सक्ने अवस्वा देखिदैन तर उक्त कानुनहरू मार्फत आफ्नो अधिकार क्षेत्रका विषयमा गैर कर राजश्व भने परिचालन गर्न सक्ने देखिन्छ। स्थानीय सरकारले भने आफ्नो अधिकार भित्रका सम्पत्ती कर लगायत वहाल करको सरल कर कानुन र कर प्रणालीको विकास गर्न सकेकमा राजस्व परिचालनको लागि फराकिलो कराधार रहेको देखिन्छ।

३४४. कार्य विस्तृतिकरण प्रतिवेदनको पुनःलेखन मार्फत प्रदेश र स्थानीय तहमा कार्य जिम्मेवारी थप स्पष्ट भए पश्चात तत् तत् प्रदेश तथा स्थानीय कानुनको तर्जुमा गर्दा व्यवसाय दर्ता तथा इजाजत दस्तुर, सेवा शुल्क, दण्ड जरिवानाका दरहरू तोकी त्यसको प्रभावकारी प्रशासन मार्फत प्रदेश तथा स्थानीय तहकोलागि स्रोतको व्यवस्थापन गर्न सकिन्छ। यसैगरी, उच्च प्रतिफल भएका पूर्वाधार तथा आय आर्जन गर्ने आयोजनामा साझेदारीमा लगानी गरी भाडा तथा लाभांश समेत प्राप्त गर्न सकिन्छ।

३४५. प्रदेश सरकारका संस्था तथा संरचना बन्ने क्रममा नै रहेकोले आन्तरिक स्रोतको भरपर्दो व्यवस्था भई सकेको छैन। स्थानीय तहको हकमा साविकका स्थानीय निकायहरूले तर्जुमा गरेका संरचना र पूर्वाधार समेतको कारणले यस प्रकारको आन्तरिक आयको वलियो आधार तैयार भई सकेको छ। नक्सा पास दस्तुर, फोहर मैला व्यवस्थान शुल्क, सिफारिस दस्तुर, पूर्वाधार उपयोग शुल्क तथा अन्य सेवा शुल्क जस्ता शुल्क तथा दस्तुरहरू एवं नदीजन्य सामग्रीको बिक्री तथा सामुदायिक बनबाट आय प्राप्त गर्ने कानुनी व्यवस्था समेतबाट स्थानीय तहहरूको कराधार तुलनात्मक रूपमा फराकिलो पनि हुनुका साथै छोटो समयमा कर प्रणाली स्थापित भई सकेको देखिन्छ।

**राजश्व बाँडफाँट**

३४६. आय जिम्मेवारी अन्तर्गत वित्तीय संघीयताको खाका तर्जुमा गर्दा मूल्य अभिवृद्धि कर तथा आन्तरिक उत्पादनबाट उठेको अन्तःशुल्कको बाँडफाँटको दुवै शीर्षकमा सङ्कलन भएको कर विभाज्य कोषमा राखी प्रदेशलाई १५ प्रतिशत र स्थानीय तहलाई १५ प्रतिशत बाँडफाँट हुन्छ। राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले वार्षिकरूपमा दिने सूत्रमा आधारित सुझावको आधारमा प्रदेश र स्थानीय सरकारले प्राप्त गर्ने हिस्सा एकीन गरी सञ्चित कोषमा पठाउने व्यवस्था छ।

३४७. प्रदेश र स्थानीय सरकारका बिचमा समेत राजश्व बाँडफाँटको स्पष्ट खाका कानुनले तर्जुमा गरेको छ। विभिन्न कर, शुल्क तथा दस्तुरहरू सङ्कलन र बाँडफाँट हुने यि तहहरूमा सामान्यतः सङ्कलन गर्ने निकायले ६० प्रतिशत हिस्सा आफ्नो सञ्चित कोषमा राख्ने र ४० प्रतिशत अर्को तहको सञ्चित कोषमा दाखिला गर्ने गरी प्रकृया तर्जुमा गरिएको छ। सवारी साधन कर, घर जग्गा

रजिष्ट्रेशन शुल्क, मनोरञ्जन कर, विज्ञापन कर र नदीजन्य सामग्रीको बिक्री जस्ता आय शीर्षकहरू यही परिपाटिबाट परिचालित भएको देखिन्छ।

३४८. अन्तरसरकारी वित्त व्यवस्थापन ऐनले रोयल्टीको बाँडफाँट गर्ने खाका समेत प्रस्तुत गरेको छ। राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले विभिन्न सूचकहरूमा आधारित भई प्रदेश तथा स्थानीय तहले प्राप्त गर्ने रोयल्टीको प्रतिशत निर्धारण गरी सिफारिस गरेको पाइन्छ। रोयल्टी माथिको अधिकारको विषयमा उक्त ऐन र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ ले स्पष्ट पारेतापनि कुनैपनि प्राकृतिक स्रोतको उपभोग बापत प्राप्त हुने रोयल्टीको दर भने तत् तत् कानुनले तर्जुमा गर्नु पर्ने भएकोले, यस्ता कानुनहरूको तर्जुमा वा पुनःलेखन गर्दा न्यायपूर्ण र अधिकारमा आधारित अवधारणा बमोजिम तर्जुमा गर्नु उपयुक्त हुने देखिन्छ।

**तालिका नं. २९ अन्तर सरकारी वित्त हस्तान्तरणको प्रदेश र स्थानीय तहको एकीकृत विवरण**

**(रू.करोडमा)**

| राजस्व शीर्षक | आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|
| | २०७६/७७ | २०७७/७८ | ०७८/८९ | २०७९/८० | २०८०/८१ |
| संघीय बजेट | १५३२९६ | १४७४६४ | १६३२८३ | १७९३८३ | १७५१३१ |
| वित्तीय समानीकरण अनुदान | १४५२९ | १४५२४ | १५२५१ | १६१६६ | १४६०२ |
| सशर्त अनुदान | १६८५५ | १९७४३ | २०९३७ | २४०८९ | २२७५९ |
| समपुरक अनुदान | १००० | ९९७ | १२३७ | १३५७ | १३२७ |
| विशेष अनुदान | १००० | ९९७ | १२४६ | १३७० | ९१७ |
| आय बाँडफाँट मु.अ.कर र अन्तशुल्क | १३०८९ | १२२१४ | १२६६९ | १६३०३ | १७३९२ |
| रोयल्टी बाँडफाँट | ० | २४६ | २८६ | २९० | ० |
| हस्तान्तरीत कुल राजस्व | ४६४७३ | ४८७२१ | ५१६२६ | ५९५७५ | ५६९९७ |
| हस्तान्तरीत बजेटको प्रतिशत | ३०.३१५८६ | ३३.०३९२५०३ | ३१.६१७५ | ३३.२११०६२ | ३२.५४५३५२ |

नोटः आर्थिक वर्ष २०७६/७७ र २०८०/८१ को रोयल्टीको विवरण प्राप्त नभएको।

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रकको कार्यालय।

३४९. **आय व्यय व्यवस्थापनको संस्थागत प्रवन्धः** प्रदेश तथा स्थानीय सरकाले अन्तरसरकारी वित्त व्यवस्थापन ऐन लगायतका प्रचलित कानुन बमोजिमको बजेट चक्रको पालना गर्दै आ-आफ्नो सभामा बार्षिक नीति तथा कार्यक्रम एवं बजेट पेश गरी सभाको स्वीकृति पश्चात त्यसको कार्यान्वयन गर्ने अभ्यास गरेका छन्। प्रदेशहरूले संघ सरकारले जस्तै प्रदेशस्तरीय मन्त्रालयगत बजेट व्यवस्थापन सूचना प्रणाली (PLMBIS) को स्थापना र संचालन गरेका छन् भने स्थानीय तहहरूले Sub-National Treasury Regulatory Application (SuTRA) को माध्यमबाट संघ तथा प्रदेशबाट प्राप्त हुने अनुदानहरू एवं आन्तरिक आयको एकीकृत हिसाव स्थानीय सञ्चित कोषमा राखी विनियोजन ऐन मार्फत वजेट खर्च गर्ने परिपाटि स्थापित भएको छ। बजेट अनुशासन कायम गर्न अन्तरसरकारी वित्त व्यवस्थापन ऐनले तीनै तहका सरकारहरूले मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नु पर्ने व्यवस्था गरेको छ। विनियोजन कुशलताकोलागि पूर्वशर्त मानिएको उक्त संरचना तर्जुमा गर्ने अभ्यास प्रदेश तहमा गरिएतापनि स्थानीय तहमा संस्थागत क्षमताको अभावमा यसको प्रभावकारी अभ्यास गर्न र यसलाई नियन्त्रणको औजारको रूपमा प्रयोग गर्न सकिएको छैन।

३५०. **खर्च जिम्मेवारीको बाँडफाँटः** खर्च जिम्मेवारीको बाँडफाँट नेपालको संविधानका अनुसूचीहरू ५ देखि ९ र त्यसमा आधारित भई तर्जुमा गरिएको कार्य विस्तृतिकरण प्रतिदेनले तोकेको पाइन्छ। प्रशासनिक संघीयता कार्यान्वयनको चरणमा प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण हुनु पर्ने योजना, कार्यक्रम एवं संगठना संरचना पटक पटक फेरबदल भएको देखिएको छ। खर्च जिम्मेवारीमा भएको हेरफेरले आय जिम्मेवारीलाई पनि सोही अनुपातमा प्रभावित गर्ने हुन जान्छ।

३५१. **अन्तरसरकारी वित्त हस्तान्तरणः** अन्तरसरकारी वित्त हस्तान्तरण अन्तर्गत चार प्रकारका अनुदानहरूको व्यवस्था गरिएको छ। प्रदेश तथा स्थानीय तहको खर्च आवश्कता र राजश्व क्षमताको आधारमा, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा वित्तीय समानीकरण अनुदान वितरण हुने गरेको छ। यस्तो अनुदान यिनै आधार र कारणहरूमा केन्द्रीत रही प्रदेशले पनि आफु अन्तर्गतका स्थानीय तहहरूलाई दिनु पर्ने ऐनको व्यवस्था रहेको छ। यसैगरी, नेपाल सरकारले प्रदेश र स्थानीय तहहरूलाई तथा प्रदेशले स्थानीय तहहरूलाई निश्चित आयोजना तथा कार्यक्रमहरू कार्यान्वयन गर्न सशर्त अनुदान दिन सक्ने व्यवस्था छ। त्यस अतिरिक्त नेपाल सरकारले प्रदेश तथा स्थानीय तहलाई पूर्वाधार विकास सम्बन्धी कुनै आयोजना कार्यान्वयनको लागि समपुरक अनुदान दिन सक्ने कानुनी व्यवस्था रहेको छ। यो लागत साझेदारी प्रकृतिको अनुदान हो। यसको साथै, नेपाल सरकारले प्रदेश तथा स्थानीय तहलाई कुनै उद्देश्य राखी तथा खास कार्यक्रमहरू जस्तै शिक्षा, स्वास्थ्य, खानेपानी लगायतको विकासका लागि विशेष अनुदान प्रदान गर्न सक्ने व्यवस्था छ। यस्तो सहयोग प्रदेशले पनि स्थानीय तहलाई प्रदान गर्न सक्दछ। हाल राष्ट्रिय योजना आयोगले समपुर र विशेष अनुदानको व्यवस्थापन गर्ने गरेको छ।

**तालिका नं. ३० प्रदेशगत बजेट र वित्तीय हस्तान्तरणको विवरण (ऋण र अन्तर्राष्ट्रिय सहायता वाहेक) (रु. लाखमा)**

| आय शीर्षक | प्रदेशको नाम | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | कोशी | मधेश | बाग्मती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदुर पश्चिम |
| आन्तरिक राजस्व | ४५७७८ | ४३७८१ | १९३००९ | ५१६९१ | ६७३५१ | ८३६२ | १५००० |
| राजस्व बाँडफाँट | ११६४८१ | ११३८१९ | १११४११ | ९०५३२ | १३८२०४ | ८८४०३ | ९४११७ |
| बित्तीय समानीकरण अनुदान | ८७८३८ | ७४१५० | ८०१३५ | ७६२२५ | ८१४८३ | १०१६४१ | ८५२०३ |
| सशर्त अनुदान | ५८४३२ | ४५६८५ | ७७६८८ | ४९४१५ | ५८३५९ | ४७५०३ | ४५११६ |
| समपुरक अनुदान | ७३०० | ९८०० | १३००० | ८४०० | ८४०० | ७६१६ | ७७०० |
| विशेष अनुदान | ७६०० | ४९०० | ७३०० | ७००० | ५६०० | ५९७९ | ६२०० |
| बैदेशिक अनुदान | १५०४ | ० | ० | ० | ० | १८६ | ० |
| नगद मौज्दान | ४२५०१ | १२९०११ | १४४५४७ | ३०००० | ३०००० | ७४१०६ | ३८६६७ |
| रोयल्टी आय | ० | ० | ० | ४००० | २९०० | ० | ६५६ |
| न्यून हुन जाने रकम | ० | २०००० | ० | १७००० | १२५०० | ० | ० |
| जम्मा बजेट | ३६७४३४ | ४४११४६ | ६२७०९० | ३३४२६३ | ४०४७९७ | ३३३७९६ | २९२६५९ |
| कुल बजेटमा आन्तरिक आयको योगदान (प्रतिशतमा) | १३ | १० | ३१ | १५ | १७ | ३ | ५ |

नोटः कतिपय प्रदेशमा रोयल्टी रकम आन्तरिक राजस्व शीर्षकमा समायोजित भएको।

स्रोतः प्रदेश सरकारहरूका आ.ब. २०८०/८१ को बजेट

३५२. **प्रदेश तथा स्थानीय तहमा ऋण व्यवस्थापन** तीनै तहले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सिफारिस गरेको सीमा भित्र रही आन्तरिक ऋण लिन सक्ने अधिकार ऐनले दिए पनि प्रदेश र स्थानीय तहले ऋण लिनु अघि के कुन काम गर्न ऋण लिने र त्यसको भुक्तानी कसरी गर्ने भनी विस्तृत विवरण पेश गरी नेपाल सरकारको स्वीकृति लिनु पर्ने व्यवस्था गरेको छ। संघ सरकारले समेत आन्तरिक ऋण लिदा आयोगले तोकेको सीमामा रही ऋण लिने गरेको पाइन्छ। स्थानीय तहको हकमा आन्तरिक ऋणपत्र जारी गरी रकम उठाउने वा बैंक वित्तीय संस्था लगायत खुला बजारबाट ऋण लिने अधिकार प्राप्त भएको देखिदैन। वरू, नेपाल सरकारले नै स्थानीय तहलाई ऋण दिन सक्ने व्यवस्था गरेको छ। नगर विकास कोष मार्फत सीमित स्थानीय तहहरूले उच्च प्रतिफल दिने पूर्वाधार आयोजनाहरूमा ऋण परिचालन गर्ने साविक देखिको अभ्यासलाई निरन्तरता दिएका छन्।विनियोजन कुशलताको अभाव तथा खर्च अनुशासन पालनाको विद्यमान अवस्थामा खुला बजारबाट ऋण लिनु पर्ने अवस्थामा छुट्टै कानुनी प्रवन्ध गरि थप शर्तहरू निर्धारण गर्नु पर्ने आवश्यकता समेत देखिन्छ।

**प्रदेश तहको कर प्रणाली**

३५३. प्रचलित कानुनले प्रदेश तहले लगाउने कर (स्थानीय तहसँग बाँडफाँट हुने समेत), उक्त करहरू परिचालनको समग्र अवस्था समेतको विश्लेषण यस प्रकार रहेको छः

(१) घर-जग्गा रजिष्ट्रेशन शुल्कः प्रदेश र स्थानीय तहहरूको आन्तरिक आयको हिसावले घर—जग्गा रजिष्ट्रेशन शुल्क ठूलो आम्दानीको स्रोतको रूपमा रहेको छ। प्रदेश कानुन बमोजिम दर निर्धारण गरिने र स्थानीय तहले सङ्कलनको अधिकार पाएको यो शुल्क प्रदेश तहले ४० प्रतिशत र स्थानीय तहले ६० प्रतिशतका दरले बाँडफाँट गर्ने कानुनी व्यवस्था छ। राजधानी उपत्यका र प्रमुख आर्थिक केन्द्रहरूमा रहेका पालिकाहरूमा यो नै महत्वपूर्ण आय स्रोत हो तर आर्थिक गतिविधिमा आउने उतार चढावले घर जग्गाको कारोबारमा फरक पार्ने भएकोले यो आयलाई दिगो आय स्रोत मान्न सक्ने अवस्था भने छैन। पछिल्ला वर्षहरूमा नेपाल सरकारले जग्गाको कित्ताकाटमा गरेको कडाइले यो कर सङ्कलनमा उतारचढाव आएको देखिएको छ। खेतीयोग्य जग्गाको घडेरीकरण हुन नदिई संरक्षण गर्नु पर्ने दायित्व निर्वाह गर्दा भविष्यमा यो आयमा थप कमि आउन सक्ने देखिन्छ। प्रदेश कानुन बमोजिम रजिष्ट्रेशन शुल्कको दर हाल ४ प्रतिशतको हाराहारीमा तोकिएको र महिलाको हकमा २५ प्रतिशत छुट दिने गरिएको देखिएको छ। जग्गाको न्यूनतम् मूल्याङ्कनको अवधारणाले एकातर्फ ठूलो परिमाणमा यो करको चुहावट भई रहेको छ भने अर्को तर्फ वास्ताविक कारोबार रकमको प्रतिवेदन नगरिदा यसले अनौपचारिक अर्थतन्त्रलाई नै मलजल गरिरहेको देखिन्छ। करका दरहरूमा व्यवहारिक परिमार्जन गरी वास्तविक कारोबारमा घर जग्गा किनवेच हुने परिपाटि वसाउन सकिएमा केही हद सम्म विकृतिहरूमा नियन्त्रण गर्न सकिनेछ।

(२) सवारी साधन करः प्रदेशले साठी प्रतिशत तथा स्थानीय तहले चालीस प्रतिशत प्राप्त गर्ने गरी सवारी साधन करको अधिकार बाँडफाँट भएको छ। प्रदेशहरूको हकमा यो महत्वपूर्ण करको स्रोत हो तर सघन शहरी वस्ती भएका प्रदेशको तुलनामा अन्य प्रदेशमा यस शीर्षकमा परिचालन हुने राजश्व न्यून देखिन्छ। आयातमा आधारित करहरू उच्च दरमा लगाउने तथा बार्षिक सवारी साधन करको दर न्यून रहने गरेको नेपालको परिप्रेक्ष्यमा क्रमशः भन्सार

बिन्दुमा लाग्ने करका दरहरू कम गर्दै बार्षिक सवारी साधन करका दरहरू समायोजन गरी यसमा अन्तर्राष्ट्रिय अभ्यासको अनुसरण गर्नु आवश्यक देखिन्छ।

(३) मनोज्ञन करः मनोरञ्जन कर प्रदेश र स्थानीय तहबीच बाँडफाँट हुने अर्को कर हो। यस करका दरहरू प्रदेश कानुन बमोजिम तय हुने तथा सङ्कलन र व्यवस्थापन स्थानीय तहबाट हुने व्यवस्था छ। बाँडफाँटको हकमा स्थानीय तहले साठी प्रतिशत तथा प्रदेशले चालीस प्रतिशत आय प्राप्त गर्ने कानुनी प्रवन्ध भएको छ। नियमित रूपमा मनोरञ्जन कर लाग्ने सिनेमा हल, मनोरञ्जन पार्क, खेलकुदका गतिविधि जस्ता क्षेत्रहरूलाई डिजिटल प्रविधिमा लगि कर सङ्कलन गरेमा यसको प्रभावकारी प्रशासन हुनेछ तर जात्रा, महोत्सव, सर्कस, हाटवजार र पर्व जस्ता पटके सन्दर्भहरूमा मनोरञ्जन करको प्रशासन चुनौतिपूर्ण देखिन्छ।

(४) विज्ञापन करः प्रचलित कानुनले विज्ञापन कर स्थानीय तहले प्रदेश संग बाँडफाँट गर्नु पर्ने व्यवस्था गरेको छ र यसको प्रशासन स्थानीय तहबाट हुदै आएको छ। खासगरी होर्डिङ बोर्ड तथा यस्तै पटके विज्ञापनहरूमा विज्ञापन कर लिने गरिएको छ। कर सङ्कलनमा सहजताकोलागि नेपालका पालिकाहरूले ठेक्का बन्दोवस्त गर्ने गरेका छन् तर यसको प्रशासन विवादित समेत रहदै आएको छ। कानुनतः यसरी ठेक्का नगरी, सम्बन्धित जग्गाको जग्गा धनी सँग सम्पत्ति कर सङ्कलन गर्दा नै विज्ञापन कर सङ्कलन गर्न सकिएमा कर प्रशासन विवादरहित हुने देखिन्छ। सार्वजनिक र सरकारी जग्गा तथा सरकारी वनमा लगाइएको होर्डिङ बोर्डहरूको कर सङ्कलनको लागि भने फरक व्यवस्था गर्नु पर्ने देखिन्छ। सार्वजनिक निजी साझेदारीमा, खासगरी, होर्डिङ बोर्ड, डिजिटल डिस्प्ले, सोलार जडित बस प्रतिक्षालय, सडक वत्ति वा यस्तै उपकरणहरू आदिको देशव्यापी रूपमा विज्ञापनको वजार विस्तार भई रहेकोले प्रदेश कानुनबाट दर तथा सङ्कलनको मापदण्ड तैयार गरी पालिकाहरूले सङ्कलनको कार्य गर्ने परिपाटि विकास गरी यसलाई व्यवस्थित वनाउन आवश्यक छ।

(५) कृषि आयमा करः कृषि आयमा कर प्रदेश तहको एकल अधिकार भएको करको रूपमा पाइन्छ तर यो कर प्रणालीको करारोपण कसरी गर्ने भन्ने विषयमा स्पष्टताको सर्वथा अभाव देखिएको छ। कतिपयले यसलाई कृषि क्षेत्रको आयकरको रूपमा व्याख्या गरेका छन् भने कतिपयले कानुनी व्यक्तिले गर्ने कृषि आय संघीय आयकर ऐनको क्षेत्रमा पर्ने भएकोले प्राकृतिक व्यक्तिले गर्ने निश्चित सीमा भन्दा धेरै कृषि आयमा कर लगाउन सक्ने अधिकार हो भनी व्याख्या गरेको पाइन्छ। कृषिको व्यवसायीकरण भई नसकेको, कृषि ज्यादातर निर्वाहमूखी रहेको, साना किसानको वाहुल्यता भएको र कृषि क्षेत्रमा उत्पादकत्व न्यून रहेको वर्तमान अवस्थामा निकट भविष्यमा यस शीर्षकमा प्रदेशहरूले उल्लेख आय गर्न सक्ने देखिंदैन।

**(६) प्रदेश कानुन बमोजिम सङ्कलन हुने अन्य कर तथा गैरकर राजश्वः**

कुनै इजाजत पत्र जारी गर्दा, कुनै सेवा प्रवाह गर्दा प्रदेश कानुन बमोजिम लाग्ने शुल्क वा दस्तुर (गैर कर) तथा प्रदेशको कार्य क्षेत्रमा पर्ने विषयमा प्रदेश कानुन बमोजिम लाग्ने कर समेतलाई उक्त शीर्षकले समेटेको छ तर समितिले अध्ययनको क्रममा यो तहको गहिराइमा

पुगी तथ्याङ्क सङ्कलन तथा विश्लेषण गर्न नसकेको कारणले यसमा थप विश्लेषण गरिएको छैन।

**स्थानीय तहको कर प्रणाली**

३५४. प्रदेश र स्थानीय तहको बीचमा बाँडफाँट हुने करहरूको विषयमा प्रदेश शीर्षकमा नै चर्चा गरिएकोले यहाँ पुनरावृत्ति गरिएको छैन। प्रचलित कानुन बमोजिम स्थानीय तहले लगाउन सक्ने अन्य कर, शुल्क तथा दस्तुरको व्यवस्था देहाय बमोजिम रहेको छः

३५५. **सम्पत्ति करः** स्थानीय तहमा रहेका करदाताको घर र घरले चर्चेको क्षेत्रमा सम्पत्ति कर लगाउने अधिकार स्थानीय तहलाई प्राप्त भएको देखिन्छ। विगतमा एकीकृत सम्पत्ति कर लगाउने व्यवस्था भएकोमा त्यसमा परिवर्तन गरी सम्पत्ति कर तथा भूमिकर वा मालपोत लगाउने गरी कानुनी प्रवन्ध भएको हो। सम्पत्ति कर गणना गर्ने प्रयोजनको लागि घरजग्गाको एकमुष्ट मूल्याङ्कन गरी, प्रगतिशील दरको आधारमा कर लगाउने र निर्मित संरचनाको ह्रासकट्टि गरी मूल्याङ्कन निर्धारण गरिने प्रकृया समेत तर्जुमा गरिएको छ। कर गणना प्रयोजनको लागि सफ्टवयर समेत प्रयोग गरिएको पाइन्छ भने सालवसाली कर नतिर्नेहरूको लागि जरिवानको पनि व्यवस्था गरिएको छ। स्थानीय तहले तर्जुमा गर्ने स्थानीय आर्थिक ऐनले यसको दर तोक्ने तथा जरिवानाको समेत व्यवस्था गरेको छ। कर छुट पाउने निकायहरूको व्यवस्था संघीय कानुनमा नै गरिएको छ।

३५६. संसारभर नै सम्पत्तिमा आधारित कर स्थानीय तहलाई नै परिचालनको अधिकार दिने प्रचलन रहेको छ। सम्पत्तिको यथार्थ जानकारी स्थानीय तहमा रहने, स्थानीय तहमा गरिएको विकास निर्माणको कारणले स्थानीयबासीहरूको सम्पत्ति सिर्जना तथा वढोत्तरीमा योगदान गर्ने, कर प्रशासन महंगो भए पनि स्थानीय तहको प्रशासनिक सहजताले गर्दा यस्तो कर स्थानीय तहलाई दिने प्रचलन रहेको हो। आर्थिक गतिविधि तथा उतार चडाव एवं व्यक्तिको बार्षिक कमाई आदि सूचकले प्रभाव नपार्ने भएकोले यो करलाई दिगो कर मानिएको छ। नेपालका स्थानीय सरकारहरूको पनि यो प्रमुख कर हो।

३५७. अन्तर्राष्ट्रिय अभ्यासको आधारमा नेपालमा लगाइएको सम्पत्ति कर अत्यन्त न्यून दरमा लगाएको देखिएको छ। अन्तर्राष्ट्रिय मुद्रा कोषले गरेको अध्ययनमा, सन् २००० को तथ्याङ्कको आधारमा, कुल गाहस्थ उत्पादनमा सम्पत्ति करको अनुपात शुन्य दशमलव शून्य एक प्रतिशत भन्दा पनि न्यून रहेको देखिएको छ (Simplifying Tax Policy, to Enhance Revenue and Efficiency, IMF, 2023) जवकी, त्यस्तो कर ओइसिडी देशहरूमा (सन् २००० मा), २.१२ प्रतिशत, विकासशील देशहरूमा शून्य दशमलव छ प्रतिशत, तथा ट्रान्जिशनल राष्ट्रहरूमा शूल्य दशमलव ६८ प्रतिशत रहेको देखिन्छ। नेपालको संविधान जारी भई संघीयता कार्यान्वयन भए पश्चात साविकको एकीकृत सम्पत्ति करको सट्टा हाल सम्पत्ति कर र भूमिकर/मालपोत लगाउनुपर्ने कानुनी व्यवस्थाले स्थानीय तहको आन्तिरक आयमा सम्पत्ति करको योगदान झन घट्न गई कुल गार्हस्थ उत्पादनमा समेत यसको अनुपात घटेको देखिन्छ। अन्तर्राष्ट्रिय अनुभवबाट सम्पत्ति कर स्थानीय तह (वा अन्य तहका सरकार) को लागि दीगो आयस्रोतको रूपमा रहेको देखिएको छ। नेपालमा सम्पत्तिको मूल्याङ्कन बैज्ञानिक भई नसकेको, अनौपचारीक अर्थतन्त्रको ठूलो हिस्सा घर जग्गामा लगानी भएको एवं घडेरी

वा जमीनको उत्पादकत्व न्यून रहेकोले हाल सम्पत्ति करको दर परिमार्जन गर्न सुझाव दिइएको छैन।

३५८. **भूमिकर (मालपोत)**: ऐनले स्थानीय तहहरूलाई प्रत्येक करदाताको सम्पत्ति कर लागेको घरजग्गा वाहेकको जग्गामा भूमिकर वा मालपोत लगाउन सक्ने अधिकार दिएको छ। स्थानीय आर्थिक ऐनबाट नै यो करका दरहरू तोक्ने गरिएको छ। साविकमा लिई आएको मालपोतमा पटक पटक दर घटाई न्यून अंक कायम गरिएकोले यस शीर्षकमा ठोस राजस्व परिचालन हुने देखिएन।

३५९. **घर जग्गा वहाल करः** वहाल रकमको आधारमा निश्चित दरमा लाग्ने वहाल कर स्थानीय तहले उठाउने व्यवस्था गरिएको छ। साविकका स्थानीय निकायले २ प्रतिशतको दरमा तथा संघीय कर कार्यालयहरूले १० प्रतिशतको दरले यो कर सङ्कलन गर्ने गरिएको थियो। वित्तीय संघीयता कार्यान्वयनको क्रममा यो कर स्थानीय तहलाई हस्तान्तरण गरिएको छ। तर स्थानीय तहहरूले प्रभावकारी रूपमा वहाल कर परिचालन गर्न सकेका छैनन्। औपचारिक रूपमा सम्झौता गरेका र ब्यवसाय गर्ने फर्म, कम्पनी तथा बैंकहरूले वहाल कर तिर्ने गरेपनि स्थानीय तहहरूले जनस्तरमा वहालकर उठाउन सकेका छैनन्। करको दर समायोजन गर्ने तथा न्यूनतम् वहाल अंक तोकि प्रशासन गरेमा यो स्थानीय तहहरूको सबै भन्दा ठूलो आय स्रोत हुने कुरामा विवाद छैन। साथै संस्थागत वहाल आय आयकर प्रशासन सँग जोडिने भएकोले संघीय तहबाट यसको प्रशासन हुने गरेको र स्थानीय तहहरूले यो आय आफ्नो अधिकार भएको भनी दुई तहका सरकारहरू बीच विवादको विषय वनेको समेत देखिन्छ।

३६०. **ब्यवसाय करः** ब्यापार, ब्यवसाय वा सेवामा पुँजी लगानी र आर्थिक कारोबारको आधारमा लाग्ने कर ब्यवसाय कर हो। स्थानीय तहमा ब्यवसाय गर्ने हरेक व्यक्तिले ब्यवसाय दर्ता गर्नु पर्ने र ब्यवसाय कर तिर्नु पर्ने व्यवस्था हाल विद्यमान छ। ब्यवहारमा, प्यानमा तथा घरेलुमा दर्ता भए पनि नगरपालिकामा दर्ता नगर्ने, अन्य सरकारी निकायहरूले गाउँपालिका वा नगरपालिकाको दर्ताको कागजात अनिवार्य रूपमा नमाग्ने, ब्यवसायको स्वीकृति अन्य निकायबाट लिएपछि गाउँपालिका वा नगरपालिकामा समेत दर्ताको औचित्यता पनि स्थापित नहुने जस्ता कमजोरी विद्यमान थिए।

३६१. स्थानीय तहले दर्ता तथा इजाजत दिने व्यवसाय वाहेक, कम्पनी, फर्म, उद्योग तथा घरेलु उद्योगको रूपमा दर्ता भएका फर्म वा कम्पनीहरूले स्थानीय तहमा समेत दर्ता भई व्यवसाय कर तिर्नु पर्ने विषयले प्रकृयागत झंझट तथा दोहोरो करको भार परेको भनी नेपालमा लगानीको वातावरण सम्वद्ध अध्ययन प्रतिवेदनहरूमा प्रश्न उठ्ने गरेको छ। स्थानीय तहलाई दर्ता, इजाजत, अनुमति र नियमन गर्ने अधिकार नभएको क्षेत्रका व्यवसाय सँग व्यवसाय कर लिँदा व्यवसायको लागत वढ्ने तथा त्यसको भार उपभोक्तालाई नै पर्ने पनि देखिन्छ। कुनै स्थानीय तहमा व्यवसाय विस्तार गर्ने क्रममा कुनै पनि फर्म वा कम्पनी वहाल कर वा सरसफाई शुल्कको लागि स्थानीय तह सँग जोडिने नै हुन्छ, अतः स्थानीय तह स्वयले नै कानुन बमोजिम दर्ता तथा इजाजत दिने एवं नियमन गर्ने व्यवसाय वाहेकका अन्य व्यवासायलाई यो करको दायित्वबाट मुक्त गर्नु पर्ने देखिन्छ।

३६२. **वहाल, विटौरी शुल्कः** आफुले निर्माण, रेखदेख र संचालन गरेको सार्वजनिक सम्पत्तिको उपयोग बापत वाहाल विटौरी शुल्क लगाउन पाउने अधिकार स्थानीय तहलाई छ। पालिकाहरूले सार्वजनिक वा आफ्नो जग्गा वा जग्गामा वनेका संरचनाहरू भाडामा लगाई वहाल तथा विटौरी उठाउन पाउने उक्त कानुनको आशय हो। कर्जा लिएर लगानी गरी दिगो आय मार्फत कर्जा भुक्तानी र आम्दानी गर्ने यो

अवधारणाको उद्देश्य हो। यसको वावजूद, वहालमा लगाएको सम्पत्ति प्रतिस्पर्धात्मक दरमा लगाउन नसक्नु, यसमा विचौलिया समेत सकृय हुने र तोकिएको न्यूनतम् रकम पनि स्थानीय तहले समयमा असुल गर्न नसक्ने जस्ता कमि कमजोरीहरू देखिएका छन्। अतः यो स्थानीय तहहरूको दिगो आय स्रोत भएता पनि प्रशासन वा व्यवस्थापनको हिसावले चुनौतिपूर्ण स्रोत देखिन्छ।

३६३. **पार्किङ शुल्कः** पार्किङ सेवा उपलब्ध गराएबापत यस्तो शुल्क लगाउन सकिने व्यवस्था छ। सामान्यतया स्थानीय तहले आफुले पार्किङ स्थल तैयार गरी यस्तो शुल्क लगाउनु पर्ने मान्यता छ। साना नगरपालिकाहरूमा पार्किङको प्रशासनिक खर्च पनि चर्को पर्ने र आम्दानीले खर्च नै नउठ्ने चुनौति पनि रहेको छ। सरकारी स्तरमा व्यवस्थापन गर्दा चुहावटको समस्या रहने र निजी क्षेत्रबाट व्यवस्थापन गर्दा एकै पालिकामा एकै दिनमा २ स्थानमा पार्किङ शुल्क लाग्ने अवस्था भएमा विवाद र तनावको अवस्था सृजना हुने गरेको छ। त्यसैले, यो शुल्कलाई मुख्य आय स्रोतको रूपमा मान्न सक्न अवस्था छैन।

३६४. **जडीबुटी, कवाडी र जीवजन्तु करः** कानुनले जडीबुटी, कवाडी र मृत जिवजन्तुका अंगहरू सङ्कलन गरी बिक्री गरेमा तोकेबमोजिम कर लाग्ने व्यवस्था गरेको छ। स्थानीय तहको लागि यो नयाँ कर भएको कारणले उक्त शीर्षकमा के कति रकम परिचालन हुने हो भी अनुमान गर्न नसकिएता पनि ठूलो रकम परिचालन हुन सक्ने अवस्था भने देखिदैन।

३६५. **नदीजन्य सामाग्रीको विक्रीः** ढुङ्गा, माटो, वालुवा तथा ग्रावेलको सङ्कलन र बिक्रीबाट हुने आय स्थानीय तहको अर्को महत्वपूर्ण आय स्रोत हो। सबै स्थानीय तहमा भने यस प्रकारको आय स्रोतको उपलब्धता देखिदैन। स्थानीय सरकार संचालन ऐनले यसलाई स्थानीय तहको एकल अधिकारको रूपमा मानेको भएता पनि नेपाल सरकारले स्वीकृत गरेको उक्त राजश्व परिचालन सम्बन्धी मापदण्डले यो आय समेत विभाज्य कोषमा राखी चालीस प्रतिशत सम्बन्धित प्रदेशको संचित कोषमा दाखिला गर्नु पर्ने व्यवस्था गरेको छ र हाल प्रस्तावित निर्माणमुखी सामाग्रीको व्यवस्थापन तथा नियमन सम्बन्धी विधेयकको मस्यौदामा सोही बमोजिम बाँडफाँट प्रस्ताव गरिएको देखिन्छ।

३६६. उक्त आय प्राप्त गर्ने स्थापित पद्धति अर्को चुनौतिको क्षेत्र हो। स्थानीय तहहरूले आफ्ना मेशिन तथा उपकरणहरूको प्रयोग गरी, वातावरण र नदी प्रणालीलाई प्रतिकुल असर नपर्ने गरी सामाग्री सङ्कलन गरी (घाटगद्धि गरी) बिक्री वितरण गर्नु यसको सही व्यवस्थापन हुन्छ तर वातावरणीय अध्ययन गरी हरेक बर्षात पश्चात सामाग्रीको परिमाण एकीन गर्ने र सो परिमाणको सामाग्री वडावडको प्रकृयाबाट पट्टा वन्दोवस्त गरी निजी क्षेत्रलाई सङ्कलन गर्न दिने परिपाटि हाल रहेको छ। वडावडमा लिएको ठेक्काको कारणले गर्दा वातावरणीय अध्ययन प्रतिवेदनले स्वीकृत गरेको भन्दा ठूलो परिमाणमा सामाग्रीको दोहन तथा सङ्कलन गरिने र यसले नदी प्रणाली तथा पर्यावरणमा नकारात्मक असर पर्न गएको तथा कतिपय अवस्थामा दुर्घटनाहरू समेत घटेको हामी पाउदछौं। स्थानीय तहहरूले गर्ने वातावरणीय अध्ययन प्रतिवेदनको गुणस्तरमा पनि प्रश्नहरू नभएका होइनन्। हाल, यस सम्बन्धमा संघीय संसद्मा कानुनको मस्यौदा पेश भएकोले यि व्यवहारिक समस्याहरूको समाधान हुने तथा आयआर्जन र वातावरणको बीचमा सन्तुलन कायम हुने विश्वास गर्न सकिन्छ।

३६७. **नक्सा पास दस्तुरः** नेपालका ठूला नगरपालिकाहरूको आय विश्लेषण गर्दा नक्सा पास दस्तुर मार्फत नै सबै भन्दा धेरै आय हुने गरेको छ। प्रचलित कानुनले सेवा शुल्कहरू निर्धारण गर्दा सेवाको लागत समेतको आधारमा निर्धारण गर्नु पर्ने व्यवस्था गरेको कारणले स्वभाविक रूपमा लागत भन्दा

धेरै आय गर्ने उद्देश्यले यसका दरहरू निर्धारण गर्न सकिदैन। आर्थिक गतिविधिमा आउने उतार चढावले प्रभावित हुने यो आयलाई दिगो आय समेत भन्न मिल्ने देखिदैन। शहरीकरणको चापमा परेको स्थानीय तहहरूको हकमा भने यो महत्वपूर्ण आयस्रोतको रूपमा रहेको देखिन्छ। नक्सा पास गर्ने प्रकृयामा स्थलगत निरिक्षणको लागि पर्याप्त जनशक्ति व्यवस्थापन गरी कतिपय कार्यहरू सेवा प्रदायकको सहयोगमा सम्पन्न गरी कर्मचारी कटौतिजस्ता रणनीति मार्फत दीर्घकालीन दायित्व सिर्जना नगर्ने, र सोही लागतको आधारमा शुल्क तथा दस्तुरको दर निर्धारण गर्ने रणनीति अलवम्वन गर्न आवश्यक देखिन्छ।

३६८. **फोहरमैला व्यवस्थापन शुल्कः** पालिकाहरूले प्रदुषण गर्नेले तिर्नु पर्छ भन्ने मान्यताको आधारमा फोहरमैला व्यवस्थापन शुल्क निर्धारण गर्ने गरेका छन् तर फोहरमैला व्यवस्थापनको लागत यसमा लिइने शुल्कबाट असूल हुन सकेको देखिदैन। खासमा नगरपालिकाहरूको मूख्य कार्य नै फोहरमैलाको व्यवस्थापन गर्ने हो भन्ने आम बुझाई रहनु, तथा विकास वजेट काटेर फोहर व्यवस्थापनमा खर्च गर्नु नेपालका नगरपालिकाहरूको नियति नै हो। नगरपालिकाहरूले स्वयं व्यवस्थापन गरेका स्थानमा वा निजी क्षेत्र परिचालन गरी फोहर व्यवस्थापन गरेका स्थानको सरसफाई र सुन्दरतामा ठूलो भिन्नता देखिदैन। फोहर व्यवस्थापनमा प्रविधिको विकास तथा विस्तार गर्न नसक्नु, फोहर विसर्जन गर्ने स्थानको पहिचान गर्न नसक्नु र यस कार्यमा समुदायको भूमिका खोजी गर्न नसक्नु यस क्षेत्रका चुनौतिहरू हुन्।

३६९. **सिफारिस दस्तुरः** सेवा शुल्कको रूपमा गाउँपालिका वा नरपालिकाहरूको अर्को महत्वपूर्ण आयको क्षेत्र सिफारिस दस्तुर हो। चार किल्ला, घर बाटो, कन्सुलर प्रमाणित, वैदेशिक प्रयोजनको लागि आय प्रमाणित, नाता प्रमाणित, अन्य सिफारिस दस्तुर, निवेदन दस्तुर तथा विविध सिफारिस आय मार्फत पालिकाहरूले ठूलो रकम आय आर्जन गरिरहेका छन् तर सिफारिसको दस्तुर चर्को भएको गुनासो समेत सञ्चार माध्यममा समय समयमा आउने गरेको छ। व्यवहारिक रूपमा स्थानीय तहका वडा कार्यालयहरूको मूख्य कार्यजिम्मेवारी नै यही सिफारिस सेवा उपलब्ध गराउने देखिन्छ। यस कार्यकोलागि प्राविधिक तथा अप्राविधिक ठूलो जनशक्ति आवश्यक पर्ने भएकोले यस शीर्षकबाट हुने आय तोकिएका कर्मचारीहरूको तलव तथा सुविधाको भुक्तानी गर्न पर्याप्त हुने गरेको देखिएको छैन।

३७०. **अन्य सेवा शुल्कः** माथिका शीर्षकको अलावा, कुनै स्थानीय तहले दैवी प्रकोप राहत कोष शुल्क, सडक वत्ति सेवा शुल्क, बालकोष शुल्क जस्ता विविध शुल्कहरू परिचालन गरेको पाइन्छ। खानेपानीको लागि लिइने शुल्क तथा पर्यटन क्षेत्र र सहासिक खेल क्षेत्रमा लगाइने शुल्कबाट समेत आय परिचालन भए पनि यसको अंश कुल आयको अनुपातमा केही प्रतिशत मात्रै रहन जाने अवस्था देखिएकोले यसले नगरपालिकाको आय परिचालन ठूलो असर गर्न सक्ने देखिदैन।

३७१. **पूर्वाधार उपयोग शुल्क (टोल) :** स्थानीय तहहरूलाई स्वलगानीमा पूर्वाधारहरू निर्माण गरी त्यसको उपभोग एवं उपयोगमा सेवा शुल्क लिन सकिने बाटो कानुनले खुला गरेको छ। सडक, पुल तथा खेलमैदान यसका उदाहरण हुन्। यस्ता संरचनाहरू स्थानीय तहले आफ्नो आय स्रोतले व्यहोर्न नसकेमा सार्वजनिक निजी साझेदारीको अवधारणाबाट पनि कार्यान्वयन गर्न सकिने नै हुन्छ। नेपालका केही स्थानीय तहहरूमा भने उल्लेख्य मात्रामा भाडा वा वहाल आय हुने गरेको छ।

**अन्तर सरकार वित्त व्यवस्थापनका सरोकारका विषयहरू**

३७२. वित्तीय संघीयता कार्यान्वयनको छ वर्षको समयमा केहि सममस्या तथा जटीलताहरू पनि देखिएका छन्।आ-आफ्ना अधिकार क्षेत्रभित्रका विषयहरूमा करारोपणको अधिकार प्रयोग गर्दा कतिपय एकल अधिकार र कतिपय साझा अधिकारको विषयमा दोहोरोपना हुन गई समस्याहरू सिर्जना भएका अवस्थाहरू विद्यमान छन्। कानुन विपरित करछुट दिई अस्वस्थ प्रतिस्पर्धा गरेको, विना आधार कर छुट दिने गरेको, करका दरहरू उच्च भएको, अधिकार क्षेत्र बाहिर गएर करारोपण गरेको, एउटै प्रकृतिका कराधारमा पनि करका दरमा फरक फरक हुने गरेको, करका सम्भावना भएका क्षेत्रहरूबाट समेत प्रयाप्त कर नउठेको जस्ता विषयहरू उठान भएका छन्। वित्तीय संघीयताको खाका तर्जुमा भएको छोटो समयमा नै स्थानीय तथा प्रदेश तहहरूले कार्यजिम्मेवारीको तुलनामा आय जिम्मेवारी हस्तान्तरण नभएको भनी आवाज उठाउन थालेका छन् भने वित्तीय संघीयताको तर्जुमा संगै प्रशासनिक संघीयता कार्यान्वयनमा नजाँदा आय जिम्मेवारी हस्तान्तरण भई सकेको तर प्रदेश र स्थानीय तहमा हस्तान्तरण भएका वा हुनु पर्ने खर्च जिम्मेवारीका विषयहरू संघीय सरकारको पटक पटकका निर्णयहरूले संघ मातहत नै कायम गरिदा वित्तीय व्यवस्थापन खल्वलिएको भन्ने विश्लेषण समेत हुन थालेको देखिन्छ।

३७३. अध्ययनको क्रममा समितिका पदाधिकारी एवं सचिवालयका कर्मचारीहरूले विभिन्न प्रदेश तथा स्थानीय तहमा गई गरेको अन्तरकृया र छलफल कार्यक्रमका दौरान भएका छलफल एवं पेश भएका कागजातको अधारमा अन्तरसरकारी वित्त व्यवस्थापनका सरोकारहरू देहाय अनुसार उल्लेख गरिएको छ।

(१) संविधान बमोजिम तीनै तहको खर्चको आवश्यकता र राजस्वको क्षमता पहिचान गर्न नसक्नु। सःशर्त अनुदानका आयोजनाहरू छनौट र बजेट विनियोजनले तहहरूबिचको वित्तीय अन्तर (Fiscal Gap) कम गराउने गरी हस्तान्तरण गर्न नसक्नु। खर्च जिम्मेवारीको अनुपातमा आय जिम्मेवारी हस्तान्तरण नभएको र आन्तरिक ऋण लिन मार्ग प्रसस्त नगरिएको भन्ने नै देखिन्छ।

(२) तहगत सरकारका राजस्व अधिकार कार्यान्वयनका लागि एकीकृत कानुनको अभाव रहनु।प्रदेश र स्थानीय तहमा आन्तरिक ऋण परिचालन गर्ने सम्बन्धमा सार्वजनिक ऋण व्यवस्थापन ऐन, २०७९ जारी भएको तर नियमावली तयार नभएकोले परिचालन गर्न कठिनाइ हुनु।

(३) मूल्य अभिवृद्धि कर तथा अन्तःशुल्कको बाँडफाँटको अनुपात नमिलेकोले यसमा वृद्धि गरिनु पर्ने वा हालको ७०-३० को अनुपातलाई ३०-७० गरिनु पर्ने।

(४) संघले निश्चित विषयहरूमा समयमै मापदण्ड नबनाउँदा स्थानीय तहले आफूखुसी विनियम बनाउने व्यवस्थाले रकमको दुरूपयोग हुने अवस्था रहनु।

(५) खर्च गर्ने क्षमता कमजोर हुँदा वित्तीय हस्तान्तरण भएको रकम प्रदेश र स्थानीय तहमा खर्च नभएर बैंक मौज्दातका रूपमा रहने र संघीय सरकारले आन्तरिक ऋण परिचालन गर्नुपर्ने अवस्था हुनु। यसले गर्दा नगद व्यवस्थापन र कोष व्यवस्थापन कमजोर देखिनु।

(६) कृषिको वैज्ञानिक व्यवस्थापन बिना कृषि आयमा करको व्यवस्था गर्नु। कृषि आयमा कर भन्नाले कृषि सम्वद्ध व्यवसायको आयकरको रूपमा व्याख्या गरिनु पर्ने र प्रदेशलाई सङ्कलनको अधिकार प्राप्त हुनु पर्ने।

(७) बन व्यवस्थापन गरी आय प्राप्त गर्न सहजीकरण गरिनु पर्ने, सवारी साधन करको बक्यौता विवरण उपलब्ध हुनु पर्ने तथा प्रदेश कानुन बमोजिम दण्ड जरिवाना सङ्कलनमा कानुन कार्यान्वयन गर्ने निकायहरूको सहयोग हुनु पर्ने।

(८) रोयल्टी शब्दको परिभाषा र बाँडफाटको स्पष्ट आधार भएको कानुन बन्न नसकेको। रेडियो फ्रिक्वेयन्सी बापतको रोयल्टी रकम पनि बाँडफाँट हुनु पर्ने।

(९) पर्वतारोहण संघले सङ्कलन गरेको हिमालको रोयल्टी रकम राजस्व सञ्चित कोषमा जम्मा हुने नगरेको। अन्नपूर्ण, मनास्लु, कन्चनजंघा लगायतका संरक्षण क्षेत्रहरूले सङ्कलन गरेको राजस्व सञ्चित कोषमा जम्मा हुने नगरेको।

(१०) यातायात तर्फको दण्ड तथा जरिवाना ट्राफिक प्रहरी मार्फत संघीय सञ्चितकोषमा जम्मा हुने गरेको। सवारी साधन दर्ता हुने प्रदेश र सवारी साधन प्रयोग हुने प्रदेश फरक फरक हुँदा सवारी साधन प्रयोग हुने प्रदेश उक्त करबाट लाभान्वित हुन नसकेको। साथै भन्सारमा समेत सवारी दर्ता र अस्थायी पैठारीको राजस्व सङ्कलन हुदै आएकोले यस्तो कर अस्थायी पैठारी (सवारी साधन) कर प्रदेशले लगाउन पाउनु पर्ने।

(११) प्राकृतिक व्यक्ति र कानुनी निकायको घरधनी भएको घरबहाल कर संघीय सञ्चित कोषमा जम्मा हुने वा स्थानीय सञ्चित कोषमा जम्मा हुने भन्ने विषयमा द्विविधा भएकोले सम्बन्धित कानुनबाट प्रष्ट हुनु पर्ने।

(१२) ढुङ्गा, गिट्टी, बालुवा तथा खानीजन्य पदार्थको बिक्रीबाट यथार्थपरक रूपमा राजस्व प्राप्त हुन नसकेको।

(१३) केही प्रदेश र पालिकाहरूले क्षेत्राधिकार भन्दा बाहिर गएर सिमेन्ट उत्पादनमा प्रति बोरा प्राकृतिक स्रोत तथा प्रदुषण शुल्कको नाममा करको दर तोकेर कर उठाउने गरेको।

(१४) केही नगरपालिकाहरूले करमुक्त क्षेत्र घोषणा गरी करका सामान्य सिद्धान्त अवलम्बन नगरेको।

(१५) विज्ञापन कर, मनोरन्जन कर, सवारीसाधन कर, घरजग्गा रजिष्ट्रेसन लगायतका विषयहरूमा रहेको अस्पष्टता तथा आवश्यक व्यवस्थापनको अभावका कारण सम्बन्धित प्रदेश तथा स्थानीय तहले लाभ प्राप्त नगरेको।

(१६) घरजग्गा रजिष्ट्रेशन शुल्क उठाउने प्रयोजनको घर तथा जग्गाको मूल्याङ्कनको दर रेटको निर्धारणमा लागि प्रमुख जिल्ला अधिकारीको अध्यक्षता हुने समितिमा प्रदेश सरकारको प्रतिनिधि नहुनाले वास्तविक रकममा करारोपण हुन नसकेको। साथै, जग्गाको खरिद बिक्रीको मुल्याङ्कनको सन्दर्भमा जग्गाको वर्गीकरण र सोको मुल्याङ्कन व्यवहारिक एवं बजार मूल्यको आधारमा नहुँदा सो बाट प्राप्त हुने राजस्व रकम अत्यन्त न्युन हुनु।

(१७) गुठीको जग्गाको निजी प्रयोगमा सम्पत्ति कर उठाउन नपाउने प्रावधानले सम्बन्धित पालिकाको आम्दानीमा असर परेको।

(१८) नेपाल सरकारबाट प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण भएको वित्तीय समानीकरण अनुदानको रकम समयमै खर्च नहुँदा मौज्दात रहने तर नेपाल सरकारको स्रोत व्यवस्थापनमा चाप पर्ने चुनौती देखिने स्थिति यथावत रहेको।

(१९) तहगत सरकारका राजस्व अधिकार कार्यान्वयनका लागि एकीकृत कानुन नहुनाले राजस्व/करका दरहरू सरकार र तह पिच्छे फरक-फरक हुने गरेको। राजस्व प्रणालीलाई

प्रविधियुक्त बनाई प्रभावकारी बनाउने कार्य नहुनु। स्थानीय तहमा कर लगाउने र कर छुट गर्ने विषयमा अस्वस्थ प्रतिस्पर्धा बढ्दै जानु।

(२०) स्थानीय तहमा राजस्व प्रशासन गर्ने समुह नहुनाले कर्मचारीको क्षमता अभिवृद्धि हुन नसकी राजस्व प्रशासन प्रभावकारी हुन नसकेको।

(२१) निजी क्षेत्रले भने धेरैवटा निकायमा एकै प्रकारको कर तिर्नु पर्ने प्रणालीको अन्त्य गरिनु पर्ने। साथै स्थानीय तहले व्यवसाय कर लगाउदा पुँजी लगानी र बार्षिक कारोबारको आधारमा निर्धारण गर्ने परिपाटि हटाउनु पर्ने।

(२२) स्थानीय तहबाट इजाजत लिनु नपर्ने पेशा व्यवसायमा समेत व्यवसाय कर लगाएर वस्तु तथा सेवाको लागत वढेको तथा सानो कानुनी बाटोबाट प्रवेश गरी दु:ख दिने सरकारी निकायहरू थपिएकोले लगानीको वातावरण झन विग्रीएको भनी गुनासो गरेको देखियो।

(२३) एक पटक तय भई सकेको आय जिम्मेवारी र खर्च जिम्मेवारीको खाकामा समय समयमा गरिएका निर्णयले पर्न गएको प्रभाव तथा संयुक्त अधिकार सूचीमा रहेका अधिकारहरूको बाँडफाँट पछि प्रदेश र स्थानीय तहमा थप हुन जाने खर्च जिम्मेवारीको यथोचित समाधान गरिनु पर्ने।

(२४) प्रधानमन्त्री, संघीय अर्थ मन्त्री तथा विषयगत मन्त्रीहरूको अध्यक्षतामा गठन गरिएका विभिन्न समितिहरूको कानुनद्धारा निर्धारित समयमा बैठकहरू नभएको तथा भएका बैठकहरू अन्तरतहको समस्या निराकरणमा प्रभावकारी नभएको।

(२५) नदीजन्य सामग्रीको बिक्री वितरण सम्बन्धी कानुन मार्फत उक्त सामग्री बिक्री रकमको बाँडफाँट एकिन गर्न नसक्नु। ढुङ्गा, गिट्टी वालुवाको सन्दर्भमा व्यक्तिको जग्गाबाट होस वा जलविद्युत लगायतका अन्य कम्पनीहरूले आफ्नो क्षेत्र भनी उत्खनन् एवं प्रयोग गर्ने गरेका सबैलाई करको दायरामा ल्याउन नसकिनु। नदीजन्य पदार्थबाट प्राप्त आयको बाँडफाँट सम्बन्धी हाल भएको व्यवस्थाले सम्बन्धित स्थानीय तह र प्रदेश मात्र लाभान्वित भएको, आसपासका स्थानीय तह उक्त लाभ प्राप्त गर्नबाट बञ्चित हुनु।

(२६) कृषि आयमा प्रदेशले लगाउने करको विस्तृतिकरण गरी साझा वुझाइको विकास गर्न, व्यवसायिक संस्थाले प्राप्त गरेको वहाल कर सम्बन्धी विवादको निरूपण गर्न, तथा प्राकृतिक स्रोत उपयोग बापतको रोयल्टीका दरहरू समयमा नै परिमार्जन गर्न आवश्यक देखिएको छ।

**वित्तीय संघीयताको प्रभावकारिताका लागि सुझावहरू**

३७४. नेपालमा वित्तीय संघीयताको नयाँ प्रयोग र छोटो अवधिको तयारीमा कार्यान्वयन गर्नु पर्दा पहिलो चरणमा देखिएका जटिलाहरू एक हद सम्म समाधान हुँदै गएका छन। वित्तीय संघीयताको समग्र पक्षमा प्रदेश तथा स्थानीय सरकारहरूले कार्यजिम्मेवारीको तुलनामा आय जिम्मेवारी हस्तान्तरण नभएको भनी आवाज उठाउन थालेका छन्। यो पृष्ठभूमिमा अन्तर्राष्ट्रिय अभ्यासहरूको समेत अनुसरण गर्दै, थप अध्ययन तथा अनुसन्धान आवश्यक पर्ने विषयमा सोही बमोजिम गर्दै तथा व्यवस्थापकीय कमी कमजोरीहरू समयमै निराकरण गरी अन्तरतह सम्बन्ध बलियो वनाई देशको विकासमा सबै तहका सरकारहरू समाहित हुने वातावरण तर्जुमा गरिनु पर्दछ। समिति वित्तीय संघीयताको सन्दर्भमा देहाय बमोजिमको सुझाहरू सिफारिस गर्दछ :

(१) कार्य विस्तृतिकरणको पुनरावलोकनको कार्य प्रदेश र स्थानीय तह समेतको समन्वय र सहकार्यमा समयमै सम्पन्न गर्नु पर्ने छ। नेपाल सरकारको विभिन्न निर्णयहरू मार्फत खर्च जिम्मेवारीमा गरिएको हेरफेर तथा कार्य विस्तृतिकरण प्रतिवेदन मार्फत प्रदेश र स्थानीय सरकारमा बढ्न जाने खर्चको आवश्यकतालाई सम्बोधन गर्ने गरी आय जिम्मेवारीको पुनरावलोकन गरिनु पर्दछ।

(२) प्रधानमन्त्रीको अध्यक्षतामा रहेको अन्तरप्रदेश परिषद् र राष्ट्रिय समन्वय परिषद्, अर्थमन्त्री संयोजक रहेको अन्तरसरकारी वित्त परिषद्, मुख्यमन्त्रीको संयोजकत्वको प्रदेश समन्वय परिषद्, संघीय मन्त्रालयका मन्त्रीहरू संयोजक हुने विषयगत समिति लगायतका अन्तरतह समन्वयकारी संस्थाहरूलाई कृयाशिल वनाई नीतिगत सामञ्जस्यता कायम गर्ने, विवाद हुन नदिने तथा विवाद भए आपसी सहमतिका आधारमा राजनीतिक तहमा व्यवस्थापन गरी वित्तीय संघीयता लगायत संघीयता कार्यान्वयनका अन्यौल र विवादहरू क्रमशः हल गर्दै जाने।

(३) राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग मार्फत प्रदेश तथा स्थानीय तहहरूको खर्च आवश्यकता र वित्तीय संभावनाको पहिचान गरी, साथै राष्ट्रिय योजना आयोग समेतको सहयोगमा स्थानीय तहहरूको प्रतिएकाई लागत समेत विश्लेषण गरी स्रोत परिचालन तथा विनियोजन गरिनु पर्ने। यसको अलावा, क्षेत्रगत शर्त र लक्ष्यहरू तोकी सशर्त अनुदानलाई निरुत्साहित गर्दै समानीकरण अनुदानको वढोत्तरी गर्नु उपयुक्त हुने। सर्शत अनुदान पनि खर्चको मापदण्डको आधारमा हस्तान्तरण गर्ने।

(४) तीनै तहका सरकारहरुको स्वामित्व र सहभागितामा एकिकृत कर प्रशासन सञ्चालन गर्ने र सो को प्रभावकारिताका लागि संघीय सरकारको स्थायी लेखा नम्वर (PAN) लाई तीनै तहका सरकारहरुले करदाता दर्ता र करदाता पहिचानको लागि प्रयोग गर्ने। साथै, एकिकृत करदाता सूचना प्रणाली IT प्रविधि प्रयोग गरी विकास गर्ने र पारस्परिक रुपमा आवश्यकता अनुसार करदाताको सूचना उपलब्ध गराउने।

(५) प्रदेश (निजामती) सेवा तथा प्रदेशगत स्थानीय (निजामती) सेवाको गठन गर्न संघीय निजामती सेवा ऐनको तर्जुमा तत्कालै गर्नु पर्ने देखिन्छ। प्रदेश र स्थानीय निजामती सेवा ऐनहरू तर्जुमा गर्दा पदवर्गीकरण, संगठन संरचनाको चयन, उक्त सेवामा रहने समूह तथा उपसमूहहरू एवं उक्त कर्मचारीतन्त्रको कार्यढाँचा तर्जुमा गर्दा हालको निजामती सेवा ऐन कार्यान्वयनमा देखिएका समस्या, अन्तरनिकाय समन्वयको अभाव तथा वृत्ति विकास प्रणालीमा परेको समूहगत दवाव जस्ता विषयहरूबाट शिक्षा लिई तर्जुमा गर्न सुझाव दिइएको छ। यसैगरी प्रहरी समायोजन लगायत संघीयता कार्यान्वयनका बाँकी काम अविलम्ब सम्पन्न गरिनु पर्दछ।

(६) नेपालको अन्तरसरकारी वित्त व्यवस्थापन सम्बन्धी कानुनमा राजस्व बाँडफाँटको तालिका तोकिएको र समग्रमा प्रत्येक आर्थिक वर्षमा बाँडफाट हुने राजस्व हरेक महिना बाँडफाट गरी आर्थिक वर्षको अन्तिम महिनामा हिसाव मिलान गर्नु पर्ने व्यवस्था गरेको भएतापनि कतिपय अवस्थामा समयमा बाँडफाट नुहेने तथा आर्थिक वर्षको अन्तिम महिनामा हिसाव मिलान नहुने गरेको कुरा अध्ययन तथा आयोगको प्रतिवेदनमा औंल्याएको देखिदा समयमै हिसाव मिलान गर्ने प्रणालीको विकास गर्ने।

(७) रोयल्टीका दरहरूको निर्धारण गर्ने कानुनहरूमा पुनःलेखन तथा परिमार्जन जरुरी देखिएको छ र यसमा अधिकारमा आधारित अवधारणाको अवलम्वन गरिनु पर्ने देखिन्छ।

(८) प्रदेश र स्थानीय तहको लागि राजस्व परिचालन तथा सेवा सञ्चालन गर्ने र दुवै सरकारको कार्यक्षेत्रका राजस्व परिचालनको लागि एकल कर कानुन पनि संघ सरकारले दुबै सरकारको सहमतिमा तर्जुमा गर्नुपर्ने हुन्छ।

(९) प्रदेश र स्थानीय तहहरूको राजस्व परिचालनको लागि संस्थागत संयन्त्र, जनशक्ति व्यवस्थापन तथा तोकिएका कर्मचारीहरूको क्षमता न्यून रहेको कारणले प्रभावकारी रूपमा प्रदेश र स्थानीयतहमा राजस्व परिचालन हुन सकेको देखिदैन।

(१०) संघ सरकारले स्थानीय सरकार सँग करको दायरामा वृद्धि लगायतका कर सङ्कलनमा सहयोग र समझदारी गरी कर सङ्कलनमा दक्षता र कर सहभागिता लागत कम गर्ने गरी साझेदारी कार्यक्रम सञ्चालन गर्नु पर्ने हुन्छ।

(११) अर्थ मन्त्रालयबाट स्वीकृत गरेको संघ, प्रदेश र स्थानीय सरकारको सहलगानीको निर्देशिका खारेज गरी अन्तर सरकार वित्त व्यवस्थापन कानुनका प्रवन्ध बमोजिम स्रोतको हस्तान्तरण गर्नु पर्दछ।

(१२) विशेष अनुदान र समपूरक अनुदान वितरणको कार्य हाल राष्ट्रिय योजना आयोगबाट गरिदै आएको हुँदा यस्तो कार्य अर्थ मन्त्रालयको वित्तीय संघीयता समन्वय महाशाखाबाट प्रणाली व्यवस्था गरी गर्न उपयुक्त देखिन्छ।

(१३) नेपाल सरकारले स्वीकृत गरेको आयोजना कार्यक्रम वर्गीकरण मापदण्डलाई संशोधान गरी प्रदेश र स्थानीय तहका कार्य जिम्वेवारीका कार्यक्रम र आयोजनाको क्षेत्राधिकारको हस्तान्तरण गर्नुपर्ने।

(१४) अन्तर सरकार वित्त व्यवस्थापन कानुन समय सापेक्ष बनाउनु पर्दछ। साथै यसमा अन्तरसरकारी संयुक्त लगानी ढाँचा र सम्झौता तथा प्रदेश र स्थानीय तहले लिन सक्ने आन्तरिक ऋण तथा वैदेशिक सहयोगको सम्वन्धमा थप कानुनी व्यवस्था गर्नुपर्ने।

(१५) एक उच्च स्तरीय समिति बनाई अविशिष्ट कार्य जिम्मेवारी र आयहरू संघ सरकारको मातहतमा रहेकोले अध्ययन गराई क्रमशः प्रदेश तथा स्थानीय सरकारमा हस्तान्तरण गर्नुपर्ने।

(१६) वित्तीय संघीयताको प्रभावकारी कार्यान्वयनको लागि राजस्व र व्ययको एकीकृत वित्तीय प्रतिवेदन प्रणाली व्यवस्थित गर्ने।

(१७) प्रदेश र स्थानीय तहका राजस्व परिचालन गर्न इकाई, शाखा, महाशाखा, निर्देशनालय वा विभागको स्थापना गरी, खटिएका कर्मचारीहरूलाई तालिम तथा क्षमता विकासका कार्यक्रमहरू संचालन गर्न आवश्यक देखिन्छ।

(१८) स्थानीयतहमा करदाताको रूपमा सूचिकृत भई सकेका व्यक्तिहरूको हकमा इ-पेमेन्ट वा डिजिटल भुक्तानी जस्ता सुविधाहरू समावेश गरी सेवा प्रवाहलाई गुनासो रहित बनाउन प्रयास गरिनु पर्दछ। यसैगरी सवारी साधन कर जस्ता प्रदेशले लगाएका करहरूलाई पनि डिजिटल भुक्तानीको माध्यमबाट गुनासो रहित बनाइनु पर्दछ।

## परिच्छेद १८ कर प्रणाली सुधारको मार्गचित्र, नेपालको दीर्घकालीन सोच सहितको राजस्व नीति, आगामी पाँच वर्षको राजस्व प्रक्षेपण र कर प्रणाली सुधारका कार्य योजना

### १८.१ कर प्रणाली सुधारको मार्गचित्र

३७५. अर्थतन्त्रको शिथिलता र कर प्रणालीको अन्तरसम्वन्धमा वर्तमान कर नीति वा कर प्रणालीका कमी कमजोरीका कारणले नेपालको अर्थतन्त्रका आर्थिक परिसूचकहरूमा थप दवाव, शिथिलता, चुनौती, आर्थिक वृद्धि र समष्टिगत आर्थिक स्थायित्वमा (Stresses, slackness in growth) भएका होइनन्। अर्थतन्त्रमा देखा परेको यो शिथिलताको व्यवस्थापनको लागि विवेकशिल आर्थिक नीति उपकरणको समयमै कार्यन्वयन हुन नसक्दा राजस्व सङ्कलनमा खाडल देखिएको हो। विश्व अर्थतन्त्र र कर प्रणालीमा आएका नवीनतम प्रवृत्ति र प्रणालीबाट नेपालको अर्थतन्त्रलाई थप चलायमान गर्न, विगत देखिकै सुस्त आर्थिक वृद्धिमा सुधार गरी उच्च आर्थिक वृद्धि हासिल गर्न, लगानीमैत्री वातावरणमा सुधार गर्न, कराधारको संरक्षण तथा विस्तार गरी सुदृढ वित्त प्रणालीको लागि राजस्व नीति, कर प्रणाली, प्रशासन र पद्धतिमा व्यापक सुधार गर्न जरुरी देखिन्छ।साथै सरकारको वढ्दो खर्च धान्न र अर्थतन्त्रमा थप लगानीको लागि विद्यमान कर प्रणालीलाई थप दक्ष, चुस्त र प्रभावकारी वनाउनु पर्ने हुन्छ।अर्थतन्त्रको वदलिदो संरचना र लगानीमैत्री वातावरणको अनुकूल वातावरण बनाई आन्तरिक स्रोत परिचालन गर्न कर नीति र कर प्रणालीमा निरन्तर सुधारका योजना तर्जुमा गरी कार्यन्वयन गर्दै जानु पर्ने हुन्छ।समितिले गरेको अध्ययन विश्लेषण र सुझाव सङ्कलनका आधारमा नेपालको कर प्रणाली सुधारको यो मार्गचित्र तयार गरिएको छ।

३७६. स्रोत व्यवस्थापनका लागि आन्तरिक वित्त मध्येको राजस्व परिचालन निर्विकल्प माध्यम हो। प्राकृतिक साधन र स्रोतको प्रचुरता भएका देशहरूमा बाहेकका सबैकालागि राजस्वको दिगो र भरपर्दो स्रोत नै कर राजस्व हो। कर राजस्वलाई दिगो, भरपर्दो र अनुमानयोग्य बनाउन समग्र कर प्रणालीको समसामयिक सुधार जरुरी हुन्छ।यसकालागि करको आधार विस्तार गर्नु, विद्युतीय अर्थतन्त्रको विस्तारको समयमा कारोबारको स्रोत सिद्धान्तका आधारमा राष्ट्रिय कराधारको विस्तार गर्नु, आर्थिक क्रियाकलापहरूमा पारदर्शिता ल्याउनु, अनौपचारिक अर्थतन्त्रलाई करको दायरा भित्र ल्याउनु, व्यापार तथा लगानी अभिवृद्धिकालागि सरल एवं विश्वसनीय र अनुमानयोग्य कर प्रणालीको विकास गर्नु, स्वैच्छिक कर अनुपालनामा वृद्धि र कर सहभागिता लागत कम गर्ने प्रमुख चुनौतीका रूपमा रहेका छन्।त्यसैगरी, विगतका केहि वर्ष देखि राजस्व परिचालनमा देखा परेको कमीका कारण वित्तीय असन्तुलन हटाउन, आर्थिक संकटबाट अर्थतन्त्रलाई पुनर्जीवित गर्न, वित्तीय सबलीकरण (Fiscal Consolidation) गर्दै अपेक्षित उच्च आर्थिक वृद्धि हासिल गर्न कर प्रणालीमा सामयिक सुधार अपरिहार्य हुन्छ। यिनै उद्देश्य परिपूर्तिकालागि विश्वका सबै मुलुकहरू आ-आफ्ना कर प्रणालीहरूमा सुधारका लागि सक्रिय रहेको पाइन्छ।नेपालले पनि विश्व कर प्रणालीमा देखापरेका वर्तमान प्रवृत्तिहरूबाट सिक्दै नेपालको कर नीति र प्रणालीमा देहायका विषयगत क्षेत्रमा सुधारको थालनी गर्नु पर्ने हुन्छ।

३७७. **कर प्रणाली सुधारको उद्धेश्यः** उच्च आर्थिक वृद्धि र समानताको लक्ष हासिल गर्न नेपाल सरकारको वढ्दो खर्चका लागि पुग्दो आन्तरिक स्रोत परिचालन गर्नु र सो कार्यमा सबै सरोकारवालाहरूको विश्वास आर्जन गर्नु कर प्रणाली सुधारको उद्देश्य हुनु पर्दछ।

३७८. **कर प्रणाली सुधारको परिवर्तनको सिद्धान्त (Theory of Change)**ः कर नीति र कर प्रशासनको मध्यमकालीन सुधारले सबै सरोकारवालाहरू (करदाता, कर प्रशासक, नीति निर्माता समेत) को मन जित्दै (विश्वास आर्जन गर्दै) कर प्रणालीलाई बढी चुस्त (Efficient), न्यायपूर्ण, समान, प्रभावकारी र सरल वनाउनको लागि कर प्रणालीको सुधार आवश्यक हुन्छ। पहिचान गरिएका कर सुधारको समयबद्ध कार्य योजनाको कार्यान्वयनले तिब्र उच्च आर्थिक वृद्धि र राजस्व सङ्कलनमा दिगो वृद्धि भई सरकारलाई जनकल्याणकारी कार्यहरूका लागि पुग्दो स्रोतको प्रवन्ध हुनेछ।सरोकारवालाहरूको मन जित्नु (विश्वास आर्जन गर्ने) पर्दछ। कर सुधारका नीतिगत उपायहरूको कार्यन्वयन गर्दा नीजिक्षेत्र र करदातालाई करले राज्य निर्माण (Tax as a Sate Building) गर्नको लागि हो भन्ने विश्वाश आर्जन गर्न सकिन्छ।यसका लागि समग्र कर प्रणालीलाई स्वच्छ र समान (Fair and Equitable) वनाउनु पर्दछ।कर नीति, कर प्रणाली तथा कर प्रशासन र कर व्यवहार (Tax Behavior) का यी गुणहरूको आधारमा कर सुधार हुनु पर्दछ।करदातालाई आफुले तिरेको कर रकमको सदुपयोग भएको अनुभूति राज्यले गराउन सक्नु पर्दछ।यसका लागि समग्र शासन प्रणाली र सार्वजनिक खर्च प्रणाली उत्तरदायी र करदातालाई पारस्परिक लाभ दिने प्रकृतिको (Accountable and Reciprocal) बन्नु पर्दछ।साथै कर प्रणाली स्थिर र अनुमानयोग्य हुनु पर्दछ र कर प्रणाली पारदर्शी, सदाचारयुक्त, सेवाग्राहीमैत्री, सरल र कार्यान्वयनयोग्य हुनु पर्दछ।करदाता र सबै सरोकारवालालाई कर प्रणाली र कर सुधारको कार्यक्रम वारे पर्याप्त सञ्चार भएको हुन पर्दछ।

३७९. **कर प्रणाली सुधारका लागि आवश्यक तत्वहरुः** राजनीतिक नेतृत्वको कर प्रणाली सुधार प्रतिको प्रतिवद्धता, सांगठनिक सुधार सहित प्राविधिक क्षमता, मनोवलयुक्त प्रशासन, मानवीय, वित्तीय र प्राविधिक स्रोतको दिगो उपलव्धता, निश्चित समय भित्र कर नीति र प्रशासनमा सुधार ल्याउन कानुनको तर्जुमा तथा विधायन र कार्यान्वयन जस्ता सबै पक्षमा सान्दर्भीक सरोकारवालाहरू सँग निरन्तर सम्वाद र सुधारका वारेमा जानकारी, प्रसार र पृष्ठपोषणका कार्यलाई कर प्रणालीको सुधार गर्दा समेटिनु पर्दछ।

३८०. **कर सुधार हुन नसकेको मुख्य कारणहरू** (Binding Constraints)ः करका दरहरू, कर कानुन (कानुनको संशोधन), कर प्रकृया, कर व्यवहार तथा करारोपण सम्वन्धी निर्णयहरू अनुमानयोग्य (Predictable) बनाउन नसकिएको र कर प्रणालीका अवयवहरू (Elements) अपारदर्शी ढंगले चलाईरहँदा कर सुधारका प्रयासहरू सफल हुन सक्दैनन।करका नीति, कर प्रणालीका प्रक्रिया, करका दरहरू प्रतिस्पर्धी र स्थिर (Stable) हुन नसक्नुका कारणले कर सुधारका योजना सम्पूर्णतामा कार्यान्वयन हुन सक्दैनन्। साथै, कर सुधार कहाँबाट शुरु हुन्छ भन्ने तथ्यमा भन्दा कर छुटका माध्यमबाट कर प्रणाली व्यवस्थित गर्न खोज्दा कर तटस्तथा ( Tax Neutrality) प्रभाव पर्ने हुँदा कर व्यवहार फरक हुन जान्छ।करदाता र कर प्रशासन दुवैको विश्वास कर प्रणालीले हासिल गर्न सकेको छैन। समग्र जनता र करदातामा नेपालको कर प्रणाली विश्वाशिलो र विश्वाशयोग्य भएको स्थापित (Credible source of trust) हुन सकेको छैन। उच्च राजनीतिक तहमा समेत कर प्रणाली सुधारका मध्यमकालीन र दीर्घकालीन योजना कार्यान्वयन गर्न प्रतिवद्धता र तत्परतामा कमी हुँदा कर प्रणालीको सुधारको कार्य कठिन हुन सक्छ। समग्र कर प्रणालीको सञ्चालन र व्यवस्थापन अनुकुलको संगठन संरचनाको कमी देखिएको छ।

३८१. **कर प्रणाली सुधारका अवयवहरुः** विधायिकी कार्यहरू (कानुन संशोधन र कानुन निर्माण), प्रक्रियागत र पद्धतिगत परिवर्तनहरू समय सापेक्षतामा आधारित र व्यवहारिक बनाउनु पर्ने, सूचना प्रविधिको एकीकृत र उच्चतम् प्रयोग गर्ने गरी प्रणालीको विकास गर्ने, व्यवसायिक, कार्यविशिष्टिकरण र गतिशिल हुने गरी संगठनात्मक परिवर्तन, करदातासँग सम्पर्क हुने बिन्दुहरूको अनुमान गरी करदाता सेवालाई अव्यैक्तिक बनाउनु पर्ने (Interface with tax payers) र सरोकारवालाहरूमा कर सुधार सकारात्मक परिवर्तनका लागि हो भनेर आत्मसात गर्न सक्ने बनाउने, प्रत्यक्ष सम्पर्क रहित, कागजद्वारा सम्पर्क रहित र भौतिक सम्पर्क रहित (Faceless, Paperless, Contactless) रूपमा कानुनको कार्यान्वयनमा सबलीकरण कार्यहरू गर्ने, स्वच्छता र समानता (Fairness and Equity) ल्याउने नीतिगत कार्यहरू लाई सुधारको प्राथमिकतामा राख्नु पर्दछ। नीति तथा प्रणाली सुधार र नतिजामा कुशलता अभिवृद्धि ल्याउने कार्यहरू (सार्वजनिक खर्च र राजस्व दुवैतर्फ) गर्ने, सदाचार प्रवर्द्धन, नैतिकता र तटस्थताको अवलम्वन, सहजीकरण र सरलीकरण, करदाता शिक्षा र कर सूचना, कर प्रशासनको समग्र साख अभिवृद्धि गर्नु पर्ने, सरोकारवालाहरू सँग सघन छलफल र विमर्श गर्दै सरकार र करदाताको पारस्परिक विश्वासमा अभिवृद्धि गर्ने र कार्यान्वयन गर्न सहज हुने गरी कर सुधारका अवयवहरूको समयबद्ध कार्य योजना बनाई कार्यान्वयन गर्न राजनैतिक नेतृत्व र प्रशासनिक नेतृत्वको ईच्छाशक्ति र ईमान्दार प्रयास हुनु पर्दछ।

३८२. **कर प्रणाली सुधारको समग्र कार्यक्षेत्रः** कर नीति, करको दर र कर कानुन, कर अनुपालन, व्यक्तिगत र संस्थागत आय कर, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क, भन्सार, सामाजिक सुरक्षा कर, डिजिटल सेवा कर, कार्बन कर, सम्पत्ति कर र प्रदेश तथा स्थानीय सरकारको कार्य क्षेत्र भित्र पर्ने कर र शुल्कहरू, संघ सरकारको गैर कर शुल्कहरू, सम्पत्ति र लगानी व्यवस्थापनका क्षेत्रहरू, सूचना प्रविधिको आन्तरिकरण, कर दर्ता र करदाता सेवा, कर विवरण, कर निर्धारण, कर सङ्कलन, अनुसन्धान र परीक्षण, कर कानुन कार्यान्वयन, कर प्रक्रियाहरूको संहिताकरण र सरलीकरण (Tax Procedures Act), कर विवाद निरूपण र पुनरावलोकन/पुनरावेदन, जरिवाना र शुल्क निर्धारण, अन्तर्राष्ट्रिय कर, व्यापार सहजीकरण, निर्यात प्रवर्द्धन, औद्योगिक प्रवर्द्धन, कर लेखा, कर विवरण र फारामहरू, करदाता सूचना प्रणाली, अनौपचारिक क्षेत्रका व्यवसायको औपचारिक क्षेत्रमा रुपान्तरण, तस्करी नियन्त्रण, कर चुहावट नियन्त्रण, कर छुट र सहुलियतहरू तथा कर खर्च लगायतका कर प्रणालीगत सबै पक्षहरूमा सुधारका योजनाले समेटिनु पर्ने हुन्छ।

३८३. **कर प्रणाली सुधारका लागि अनुपालन गर्नु पर्ने नियमहरूको निर्धारण गर्दा के गर्नु हुन्छ र के गर्न हुँदैनः** करप्रणालीको सरलीकरण, सहजीकरण, अनुमानयोग्य बनाउने तरिकाहरू र नीतिहरू, स्वच्छता र समानता कायम गर्ने वा वृद्धि गर्ने नीतिहरू, करको दायरामा विस्तार, करको समग्र दरमा कटौती, आर्थिक वृद्धि र रोजगारी अभिवृद्धि गर्ने कर नीतिहरू, लगानीमैत्री र करदातामैत्री नीतिहरू, पारस्परिक विश्वास बढाउने नीतिहरू र प्रक्रियात्मक उपायहरू, संगठनात्मक सुधारका उपायहरू र करदाता र जनशक्तिको मनोवल वृद्धिका उपायहरू, कर चुहावट नियन्त्रण गर्ने उपायहरू, सार्वजनिक लगानीको प्रतिफलमा वृद्धि ल्याउने र सरकारको व्यवसायिक आय प्रासिमा वृद्धि ल्याउने तरिकाहरूमा सकारात्मक परिवर्तन गर्ने गरी कर सुधारको योजना बनाउदा ध्यान दिनु पर्ने हुन्छ।

३८४. **कर सुधारको योजना बनाउदा के गर्न हुदैनः** जटिलता र असहजता थप्ने कार्यहरू, दोहोरो अर्थ लाग्ने वा अर्थ नबुझिने (Ambiguity) कानुन वा प्रकृयाहरको तर्जुमा प्रयोग, तजविजी अधिकार थप्ने

कार्यहरू, करदाता र प्रशासनको प्रत्यक्ष सम्पर्क वा भेटघाट बढाउने कार्यहरू, कर छुटहरू वा कर सहुलियत दिने व्यवस्थाहरू, कर खर्च थप्ने र सो वाट विकृति (Distortions) थप्ने कार्यहरू, वजारको सिद्धान्तलाई तटस्थ र प्रतिस्पर्धी रहन नदिने कार्यहरूले कर प्रणाली सुधार गर्दा प्राथमिकता पाउनु हुँदैन।

३८५. समितिले नेपालको कर प्रणालीको समीक्षा गर्दा र कर प्रणालीको सुधारको लागि सुझावको सिफारिस गर्दा समेत माथि उल्लेखित सुधारका क्षेत्र र विषयको आधारमा यो प्रतिवेदन र यसमा दिएका सूझावहरू तयार गरिएको छ।

### १८.२ दीर्घकालीन सोच सहितको राजस्व नीतिको अवधारणा

३८६. आर्थिक नीतिको प्रभावकारी नीति उपकरणको रूपमा वित्त नीति रहेको हुन्छ। सुदृढ वित्त प्रणालीको लागि आन्तरिक वित्त र अन्तर्राष्ट्रिय वित्तको महत्वपूर्ण भूमिका रहन्छ। आन्तरिक वित्तको प्रमुख नीतिको रूपमा राजस्व नीति रहेको हुन्छ। राजस्व नीतिको स्थिरता र लगानीमैत्री नीति भएमा निजी क्षेत्र र प्रत्यक्ष वैदेशिक लगानीका माध्यमबाट दिगो र भरपर्दो वित्तको परिचालन हुन जान्छ। साथै, आर्थिक हितको सम्वर्द्धन गर्दै स्रोत परिचालनको दिगो र मजबुत जगको आधारशिला निर्माण गर्दछ। कर प्रणाली सुधारका लागि आन्तरिक राजस्व विभाग र भन्सार विभागले आ-आफ्ना रणनीतिक योजना र सुधारका साथ विगतमा सुधारका कार्यहरू गर्दै आएका छन्। यी सुधारका योजनाले कर नीतिमा भन्दा प्रक्रिया र प्रणाली व्यवस्थापनको सुधारमा जोड दिएका छन्। नीतिगत स्थीरता तथा अन्तर सरकारका करारोपणमा दोहोरोपना हुन नदिन र अनुमानयोग्य कर प्रणालीका लागि दीर्घकालीन सोच सहितको संघीय राजस्व नीतिको अभाव रहेको छ। यसको अभाव परिपूर्तिका लागि २०७६ सालमा अर्थ मन्त्रालयले एउटा अध्ययन समिति मार्फत नीतिको मस्यौदा पेश गरेको भएता पनि हाल सम्म उक्त नीति स्वीकृत भई कार्यान्वयनमा आएको छैन। वित्तीय संघीयता अन्तर्गतको संघ, प्रदेश र स्थानीय तहको राजस्व तथा कर प्रणालीलाई समन्वय र सहकार्यका माध्यमबाट व्यवस्थित गर्नका लागि नीतिगत मार्गदर्शनको आवश्यकता देखिन्छ। यो नीतिगत मार्गदर्शन यो नीतिबाट हुने छ। यसका आधारमा संघ, प्रदेश र स्थानीय तहले आफ्नो आन्तरिक राजस्व परिचालनको रणनीति र कर प्रणाली सुधारको योजना बनाउन सक्दछन्।

**विगतका कर प्रणाली सुधारका लागि भएको नीतिगत मार्गदर्शन**

३८७. **आवधिक पन्ध्रौ योजना (आर्थिक वर्ष २०७६/७७-२०८०/८१)** मा सुदृढ कर प्रणालीको माध्यमवाट आर्थिक क्षेत्रका सबै गतिविधिहरूमा स्वच्छता, जवाफदेही र प्रतिस्पर्धा कायम गर्दै अर्थतन्त्रको औपचाररकीकरणमा वृद्धि गरिने उल्लेखछ। साथै, आर्थिक वृद्धि र समतामैत्री कर नीतिका माध्यमवाट राष्ट्रिय कराधारको संरक्षण गर्दै करको आधार तथा दायरा फराकिलो बनाईने, राजस्वको आधारलाई क्रमशः प्रत्यक्ष कर र सेवा प्रवाहमा आधारित बनाईने, सामाजिक सुरक्षा कर प्रणालीको शुरुवात गरिने, छिमेकी देशहरूको कर प्रणालीसँग प्रतिस्पर्धी हुने गरी संस्थागत आयकरका दरहरू पुनरावलोकन गरिने, व्यक्तिगत आयकरका दरहरू उर्ध्व तथा क्षैतिजिक समता (Vertical and Horizontal equity) कायम गरिने, भन्सारका दरहरूलाई अर्थतन्त्रको लागत नबढ्ने र राष्ट्रिय उद्योगको संरक्षण गर्ने गरी पुनरावलोकन गर्ने, कर तटस्थताको सिद्धान्त बमोजिम मूल्य अभिवृद्धि करको आधार फराकिलो बनाई कर दक्षतामा सुधार गरिने, संघ, प्रदेश तथा स्थानिय तहले करका दरहरू निर्धारण गर्दा आर्थिक वृद्धिमैत्री कर प्रणालीको अवलम्बन गर्न प्रोत्साहित गरिने उल्लेख छ।

३८८. चालु आर्थिक वर्ष २०८०।८१ को वजेट वक्तव्यले कराधार विस्तार तथा राजस्व चुहावट नियन्त्रण, स्वदेशी उत्पादनलाई संरक्षण, डिजिटल र हरित अर्थतन्त्रको विकास र आर्थिक विस्तार गर्दै समन्यायिक समाजको निर्माण गर्ने नीति लिएको देखिन्छ।

३८९. **आन्तरिक राजस्व विभागको दोस्रो रणनीतिक योजना (२०१८/१९-२०२२/२३)** मा कर प्रणालीलाई र विकास प्रयासलाई सहयोग गर्ने खालको Broad based, transparent and fair Tax System को परिकल्पना गरेको छ। साथै गन्तव्यको रूपमा कर अनुपालन बढाउन उन्नत खालको कर नीतिहरू र उत्कृष्ट सेवाको सुनिश्चितता गरिने उल्लेख छ। मुख्य नीतिगत मार्गनिर्देशनमा लगानी र उत्पादनमूलक क्षेत्रमा करदातामैत्री कर प्रणालीको सिर्जना, कर प्रणालीलाई अझै प्रगतिशिल र समन्यायिक बनाउने, कर प्रशासनलाई सक्षम, ब्यवसायिक र समन्यायिक बनाउने र करको आधार बढाउने र राजस्व छलिको नियन्त्रण गर्ने उल्लेख छ।

३९०. **छैठौं भन्सार सुधार तथा आधुनिकीकरण योजना (२०७८/७९-२०८२/८३)** लागु भएकोछ। यसले नेपालको आर्थिक तथा सामाजिक समुन्नतिका लागि उत्कृष्ट भन्सार सेवा प्रवाह गर्ने दिर्घकालीन सोच राखी उत्तरदायी भन्सार प्रशासनको परिकल्पना गरेकोछ। सूचना प्रबिधिका आधुनिक उपकरणहरूको प्रयोग मार्फत ब्यापार सहजीकरण गर्दै, यथार्थ राजस्व सङ्कलन गर्ने र आपूर्ति श्रृंखलाको अबिच्छिन्नताले एवं सामाजिक सुरक्षा प्रत्यभूतिमा भन्सारको योगदान अभिवृद्धि गर्ने उद्देश्य यस योजनाले राखेको देखिन्छ। उक्त उद्देश्य पुरा गर्न ब्यापार सहजीकरण, यथार्थपरक राजस्व सङ्कलन, समाजको संरक्षण र सुरक्षा र संगठनात्मक विकास र क्षमता अभिवृद्धि समेतका पाँच उपलब्धिहरू निर्धारण गरिएका छन।

३९१. नेपालले हालको न्यून आयको अवस्थाबाट सात वर्ष भित्रमा न्यून मध्यम आय भएको देशमा, त्यस पछिको पाँच वर्षभित्रमा मध्यम आय भएको देशमा र त्यपछिको आठ वर्ष भित्रमा उच्च मध्यम आयभएको देशमा पुग्ने लक्ष्यसहित आर्थिक नीति र सोहि अनुरूपको कर प्रणालीको विकास गर्नु पर्दछ। सोहौं योजनाको अवधारणा पत्रले कुल गार्हस्थ उत्पादन आगामी ५ वर्षमा रू. ८३ खर्ब ३६ अर्ब पुर्‍याउनु पर्ने लक्ष्य लिएको छ। नेपालले त्यसपछिको १५ वर्ष भित्रमा कुल गार्हस्थ उत्पादन करिब रू २०० खर्ब पुर्‍याउन अनुकूल हुने गरी राजस्व नीति तर्जूमा एवम कार्यान्वयन गर्न जरूरी छ। यसका लागि संघको राजस्व सङ्कलनको मूल आधार व्यक्तिगत आयकर. संस्थागत आयकर, सामाजिक सुरक्षा योगदान र मूल्य अभिवृद्धि करलाई बनाउनु पर्दछ। समितिले विगतको राजस्व सङ्कलनको प्रवृति अध्ययन विश्लेषण गर्दा आर्थिक वर्ष २०८४/८५ मा राजस्व सङ्कलन १९ खर्व ८७ अर्ब हुने प्रक्षेपण गरेको छ। समितिले प्रस्ताव गरेका सुधारका नीति तथा कार्यक्रमहरूलाई कार्यान्वयन गरिएमा करिव रू.२ खर्ब ९१ अर्ब थप राजस्व संकलन हुने अनुमान छ।

३९२. आवधिक योजनामा उल्लेख भएका राजस्व नीति, प्रत्येक वर्ष नेपाल सरकारको नीति तथा कार्यक्रम तथा बजेट बक्तव्य मार्फत आउने राजस्व नीति, बिभागीय रूपमा रणनीतिक योजनाहरूमा ब्यक्त भएका राजस्वका नीतिले समग्र कर प्रणालीलाई मार्गनिर्देशन गरेको भए पनि समग्र रूपमा एकीकृत राजस्व नीतिको अभाव रहेको छ। विगतमा समग्र राजस्व नीतिको तर्जुमाको प्रयास नभएको पनि होइन। यसको हालसम्म पनि कार्यान्वयन हुन नसक्दा समग्र राज्यको कर प्रणालीलाई मार्गनिर्देशन गर्ने सक्ने संघीय राजस्व नीतिको तर्जुमा गर्नु आवश्यक छ। यसका लागि दीर्घकालीन सोच सहितको संघीय राजस्व नीतिको (Outliers only) अवधारणा सिफारिस गरिएको छ।

३९३. **दीर्घकालीन सोचः** उच्च आर्थिक वृद्धि र सामाजिक सुरक्षा सहित समतामूलक अर्थतन्त्रको विकास गर्न आवश्यक आन्तरिक स्रोत परिचालनका लागि विस्तृत आधार भएको, दिगो, अनुमानयोग्य, समन्यायिक युक्त, पारदर्शी, तटस्थ र आधुनिक राजस्व प्रणाली उन्नयन गरी सोको प्रभावकारी प्रयोगमा ल्याउने।

३९४. **दीर्घकालीन लक्ष्यः** सबै पक्षको विश्वास आर्जन गरी स्वयं अनुपालनामा अभिवृद्धि ल्याई उपयुक्त कर नीतिहरू र सक्षम कर प्रशासनको विकास गरी कुल गार्हस्थ उत्पादन सँगको कुल संघीय राजस्व तथा अन्य आयहरूको अनुपात विद्यमान १७.८ प्रतिशतबाट १० वर्षमा २३ र २० वर्षमा २७ प्रतिशत पुर्‍याउने। कुल गार्हस्थ उत्पादनमा कर राजस्वको अनुपात विद्यमान १६.१ प्रतिशतबाट १० वर्षमा २१ प्रतिशत र २० वर्षमा २४ प्रतिशत पुर्‍याउने ।

३९५. कुल कर राजस्वमा व्यक्तिगत आयकरको योगदान विद्यमान १४.८ प्रतिशतबाट १० वर्षमा २२ प्रतिशत र २० वर्षमा २९ प्रतिशत पुऱ्याउने र संस्थागत आयकरको योगदान विद्यमान ११.९ प्रतिशतबाट १० वर्षमा १८ प्रतिशत पुऱ्याई २० वर्षसम्ममा सो अनुपात कायम राख्ने। सामाजिक सुरक्षा करको योगदान विद्यमान ०.८ प्रतिशतबाट १० वर्षमा ५ प्रतिशत र २० वर्षमा ६ प्रतिशत पुऱ्याउने। मूल्य अभिवृद्धि करको योगदान विद्यमान ३२.७ प्रतिशतबाट १० बर्षमा ३७ प्रतिशत पुऱ्याई २० वर्षमा ३० प्रतिशत कायम गर्ने। अन्तशुल्क तथा अन्य अप्रत्यक्ष करको योगदान विद्यमान १९.८ प्रतिशतबाट घटाई १० वर्षमा ८ र २० वर्षमा ७ प्रतिशत पुऱ्याउने तथा भन्सार राजस्वको योगदान विद्यमान २० प्रतिशतबाट १० बर्षमा १० प्रतिशतमा घटाई सो अनुपात २० वर्ष सम्म कायम राख्ने।

**राजस्व नीतिका प्रस्तावित उद्देश्यहरुः**

३९६. राजस्व नीतिका उद्देश्यहरू निम्नअनुसार प्रस्तावित गरिएको छः

१ उच्च आर्थिक वृद्धिमैत्री र दिगो आन्तरिक स्रोत परिचालन गर्ने,

२ प्रगतिशीलता र कर तटस्थतालाई प्रवर्द्धन गर्ने करका दरहरू र कर संरचनाको पारदर्शी बनाउने र

३ स्वैच्छिक कर अनुपालनका लागि सबल, सक्षम र सेवामूलक कर प्रणाली विकास गर्ने।

**राजस्व नीतिका प्रस्तावित रणनीतिहरू**

३९७. राजस्व नीतिका निम्न अनुसार रणनीतिहरू प्रस्तावित गरिएका छन्:

१.१ विस्तृत आधार भएको, दिगो, सक्षम, न्यायसगत र अनुमानयोग्य राजस्व प्रणालीको विकास गर्ने।

१.२ उच्च आर्थिक वृद्धि, प्रतिस्पर्धी अर्थतन्त्र, उत्पादन, उत्पादकत्व, रोजगारी, निकासी, वातावरण संरक्षण र राज्यले अवलम्वन गरेका आर्थिक तथा सामाजिक नीतिलाई सहयोग पुऱ्याउने राजस्व नीति अवलम्बन गर्ने।

१.३ हरित तथा डिजिटल अर्थतन्त्रको विकासलाई राजस्व नीतिले प्रोत्साहन गर्ने।

२.१ व्यक्तिगत करका दरहरूलाई न्यायिक र समन्यायिक हुने प्रगतिशिल करका दर कायम गर्ने र उच्च आय भएकालाई एकीकृत आय विवरण लिई करको आधार वृद्धि गर्दै जाने।

२.२ विस्तृत आधार भएको, दिगो, सक्षम, न्यायसंगत र लचक राजस्व प्रणालीको विकास गर्ने।

२.३ मूल्य अभिबृद्ध कर र संस्थागत आयकरको दरहरूलाई न्यूनतम दश वर्षको लागि स्थिर गर्ने र अन्य करको दरहरूलाई अनुमान योग्य बनाउने।

३.१ स्वैच्छिक कर सहभागिता बढाउने, व्यवसाय गर्न सहज हुने वातावरणमा योगदान हुने,

३.२ सूचना प्रविधिको उच्चतम प्रयोगबाट कर अनुपालन लागत कम गर्ने, करदाता मैत्री, सरल, प्रतिस्पर्धी, र विश्वस्तरीय मापदण्ड अनुरूपको कर प्रशासन, कर प्रणाली तथा करका प्रक्रियाहरूको विकास गर्ने।

३.३ स्वायत्त, सक्षम, दक्ष, उच्च मनोबलयुक्त र प्रभावकारी कर संगठनको विकास गर्ने।

३.४ राज्यको संघीय संरचना सुहाँउदो र करदाता मैत्री अन्तरसरकार राजस्व प्रणालीहरू तथा एकीकृत प्रशासनको विकास गर्ने।

**प्रस्तावित राजस्व नीतिका आधार स्तम्भहरू**

३९८. प्रस्तावित राजस्व नीतिका निम्न अनुसार आधारस्तम्भहरू हुनेछन्ः

(१) विकास,समृद्धि र सुशासनका लागि आन्तरिक वित्तको दिगो व्यवस्थापन गर्नका लागि आन्तरिक राजस्वलाई दिगो, स्थिर र भरपर्दो स्रोतको रूपमा विकास गरिनेछ।

(२) आर्थिक वृद्धि मैत्री राजस्व नीतिबाट मुलुकमा काम गर्न, बचत गर्न, तथा लगानी गर्न आकर्षित हुने वातावरण सृजना गरिनेछ।

(३) उद्योग, व्यापार एवं व्यवसाय गर्न अनुकूल वातावरण तयार गरी रोजगारी, उत्पादन, तथा उत्पादकत्व वृद्धि गर्न सहयोग पुऱ्याइनेछ।

(४) आर्थिक दृष्टिकोणले वढी सक्षम कर माथिको निर्भरता बढाई कर प्रणालीबाट सृजना हुने आर्थिक लागत कम गर्दै लगिनेछ।

(५) भन्सार महसुलबाट तुलनात्मक लाभ भएका राष्ट्रिय उद्योगको संरक्षण गर्नका साथै निकासी गरिने वस्तुलाई नेपालको करको भारबाट मुक्त गरी निर्यात प्रर्वद्धन गर्दै बढ्दो व्यापार घाटा न्यूनीकरण गर्न सघाउ पुऱ्याइनेछ।

(६) कृषि र प्रारम्भिक क्षेत्रका उत्पादनहरूको संरक्षण गरिनेछ।

(७) एन्टीडम्पिङ महसुलको प्रयोगद्वारा अस्वस्थ र हानिकारक प्रतिस्पर्धाबाट स्वदेशी उत्पादन र सेवाहरूको संरक्षण गरिनेछ।

(८) विस्तृत आधार भएका र कर अनुपालन तथा सङ्कलन लागत कम भएका करहरू लगाइने छन् अनुत्पादक करहरू लगाईने छैन र त्यस्ता करहरूको खारेजी गरिनेछ।

(९) आर्थिक क्रियाकलापलाई करको दायरा भित्र ल्याउने गरी कर लचकता र राजस्व उत्पादक कर प्रणालीको विकास गरी आर्थिक वृद्धि र राजस्वका बिच सबल अन्तरसम्बन्ध कायम गरिनेछ।

(१०) करको अवधारणा र उद्देश्य स्पष्ट गरी आर्थिक वा सामाजिक उद्देश्य प्रभावकारी रूपमा हासिल गर्न नसकिने करलाई राजस्व सङ्कलनका लागि मात्र प्रयोग गरिनेछ।

(११) आयातमुखी राजस्व माथिको निर्भरतालाई घटाउँदै उत्पादन र लगानीमुखी राजस्व नीति लिइनेछ।

(१२) कर छुटलाई लक्षित, उद्देश्यमूलक, पारदर्शी र प्रभावकारी बनाइनेछ।

(१३) करका दरहरू स्थिरता दिई करको दायरा विस्तार गरी राजस्व परिचालन वृद्धि गर्ने नीति लिइने छ।

(१४) करदातालाई कर परिपालन गर्न आवश्यक सूचना सरल र सहज रूपमा समयमै उपलब्ध गराई स्वैच्छिक कर सहभागिता अभिवृद्धि गरिनेछ। स्वैच्छिक कर अनुपालनको वातावरण निर्माण गरिने छ।

(१५) कर सम्बन्धी प्रावधान कर कानुनबाट लागु हुने गरी कर कानुनलाई स्पष्ट, दोहोरो अर्थ नलाग्ने, सरल तथा पारदर्शी बनाइनेछ।

(१६) साना तथा मध्यम उद्यमीहरूको कर परिपालन लागत कम गर्न सरल, सहज र सक्षिप्त कर प्रणाली लागु गरिनेछ।

(१७) नवीनतम प्रविधिहरूको प्रयोगलाई प्रोत्साहन गरी करदातामैत्री, सरल र पारदर्शी प्रक्रियाहरू अवलम्बन गरिनेछ।

(१८) करको दायरामा आएका तर प्रशासनिक हिसावले कर लगाउन नसकिएका कारोबार, आय, वस्तु तथा सेवाको पैठारी, उत्पादन, बिक्री वितरण र उपभोगमा प्रभावकारी रूपमा कर लगाइनेछ।

(१९) अनौपचारिक क्षेत्रका आर्थिक गतिविधिलाई उपयुक्त आर्थिक, मौद्रिक र प्रशासनिक उपायहरूद्वारा क्रमशः औपचारिकीकरण गरिनेछ।

(२०) गैरकर राजस्वका दरहरूलाई समसामयिक, लागत प्रभावी र पारदर्शी बनाइनेछ।

(२१) सरकारका सम्पूर्ण आयलाई सरकारका सञ्चित कोषहरूमा राजस्व दाखिला गराउने र बजेट प्रणालीका माध्यमबाट खर्च विनियोजन गरिनेछ।

(२२) सार्वजनिक वस्तुको अनुमति दिदा वा एकाधिकार बजार दिदा सरकारले प्राप्त गर्ने राजस्वको आधारहरू बजार मूल्यका आधारमा अध्ययन गरी निर्धारण तथा पुनरावलोकन गरिनेछ।

(२३) अनुमति प्रणालीको समाप्ति भएमा त्यस्ता सम्पत्तिको बजार मूल्यको आधारमा पुर्न मूल्याङ्कन गरी राजस्वका दरहरू निर्धारण गर्नु पर्ने नीति लिइनेछ।

(२४) कर प्रशासनले गर्ने निर्णय वा व्यवहार र सो उपर प्रशासकीय पुनरावलोकन सुन्ने निकायहरूले गर्ने निर्णय न्यायिक पारदर्शी, निष्पक्ष, छिटो, सस्तो र सुलभ तरिकाले उपलब्ध हुने नीति लिइनेछ।

(२५) कर प्रशासनसम्बन्धी नीतिगत सुधारवाट कर कानुनको पूर्ण पालना गराउने वातावरण सृजना गरी कर छली तथा चुहावट नियन्त्रण गरिनेछ।

(२६) खुला सीमाना, चोरी निकासी पैठारी, न्यून बिजकीकरण, विल लिने दिने प्रचलनको कमीजस्ता समस्याहरूलाई राजस्व प्रशासनको सांगठनिक स्वरूप, कर्मचारी व्यवस्था, सूचना प्रविधि तथा प्रक्रियागत सुधारबाट न्यूनीकरण गरी करलाई वास्तविक कारोबारमा आधारित बनाइनेछ।

(२७) राजस्व जोखिमका क्षेत्रहरूको पहिचान गरी त्यसको प्रभावकारी व्यवस्थापन गरिनेछ। साथै यसका आधारमा राजस्व चुहावटका क्षेत्रहरूको पहिचान गरी प्रभावकारी रूपमा नियन्त्रण गरिनेछ।

(२८) राजस्व नीति र कर कानुनको सही तथा प्रभावकारी कार्यान्वयनमा जोड दिइनेछ।

(२९) सुदृढ कर प्रणालीको माध्यमवाट आर्थिक क्षेत्रका सबै गतिविधिहरूमा स्वच्छता, जवाफदेहीता र प्रतिस्पर्धा कायम गर्दै अर्थतन्त्रको औपचारिकीकरणमा वृद्धि गरिनेछ।

(३०) अन्तर्राष्ट्रिय, क्षेत्रीय तथा द्विपक्षीय सम्झौताद्वारा सूचनाको आदानप्रदान गरी अन्तर्राष्ट्रिय करका प्रावधानहरूलाई प्रभावकारी रूपमा लागु गरिनेछ।

(३१) आन्तरिक तथा बाह्य व्यापार र आन्तरिक तथा अन्तर्देशीय यातायात र ढुवानीलाई सहजीकरण गरिनेछ।

(३२) राजस्व प्रशासनको सांगठनिक संरचनामा सुधार गरी यसको कार्यकुशलता तथा प्रभावकारिता अभिवृद्धि गरिनेछ।

(३३) दक्ष, प्रभावकारी, सक्षम, स्वच्छ, सबल, सेवामूलक, विशिष्ट र व्यावसायिक राजस्व प्रशासनको विकास गरिनेछ।

(३४) राजस्व प्रशासनमा आचारसंहिता को प्रभावकारी कार्यान्वयनद्वारा भ्रष्टाचारप्रति शून्य सहनशीलताको नीति लिइनेछ।

(३५) संघीयता अनुकूल राजस्व प्रणाली निर्माण गर्न संघ, प्रदेश र स्थानीय तहको कर प्रणालीको स्वरूपमा सहकार्य र समन्वयका आधारमा विकसित गरी लागु गरिनेछ।

(३६) संघ, प्रदेश तथा स्थानीय तहमा कर लगाउँदा आर्थिक सक्षमता, प्रशासनिक सरलता, वित्तीय उत्तरदायित्व तथा स्वायत्तताबिच सन्तुलन कायम गरिनेछ।

(३७) संघ,प्रदेश र स्थानीय तहको राजस्व अधिकारको प्रयोग गर्दा अन्तर सरकार राजस्व सम्बन्धलाई मुलुकको समग्र अर्थतन्त्रको विकास, उत्पादन, उत्पादकत्व र रोजगारीमा वृद्धि तथा लगानीलाई प्रोत्साहन हुने गरी व्यवस्थित गरिनेछ।

(३८) प्रदेश र स्थानीय तहको राजस्व सङ्कलन, कार्यकुशलता तथा कराधार पहिचान र विस्तारसम्बन्धी क्षमता अभिवृद्धिको लागि संघ सरकारले समन्वयात्मक र सहयोगात्मक भूमिका निर्वाह गरिने छ।

(३९) अन्तर प्रदेश र स्थानीय तह व्यापारलाई करमुक्त गरिनेछ।

३९९. उल्लेखित परिप्रेक्ष्यमा संघीय राजस्व नीति तर्जुमाका लागि संक्षीप्त रूपमा नीतिका (Outliers only) सिफारिस गरिएको छ। माथिका अवधारणाका आधारमा सरकारले एकीकृत संघीय राजस्व नीति बनाउनु पर्दछ। यो नीतिको आधारमा अर्थ मन्त्रालयले समग्र सरकारको (Whole of the Government) अवधारणामा आधारित भई राष्ट्रिय राजस्व परिचालन रणनीति बनाउनु पर्ने हुन्छ।यसबाट कर प्रणालीमा नीतिगत स्थायित्व आउने हुँदा लगानी र कर अनुपालनमा सुधार समेत आउँदछ।

### १८.३ राजस्व प्रक्षेपण

### समस्टीगत प्रक्षेपण ( Aggregate Forecasting)

**कुल राजस्वः**

४००. कर राजस्व र गैरकर राजस्वको योग कुल राजस्व हुन आउँछ। संघीय सरकारको कुल राजस्वको प्रक्षेपण यहाँ ARMA Model सहयोगबाट गरिएको छ। यो प्रक्षेपण मूलत दुई मान्यताहरूको आधारमा गरिएको छ।

(१) नेपालको कुल गार्हस्थ उत्पादन विगतका वर्षहरूमा जस्तै आगामी वर्षहरूमा पनि वृद्धि हुनेछ।(२) नेपालको आयात र आधारभुत मूल्यको कुल गार्हस्थ उत्पादनको अनुपात आर्थिक वर्ष २०७९/८० मा घटेतापनि आर्थिक वर्ष २०८०/८१ मा ३७ प्रतिशत हुदै आर्थिक वर्ष

२०८१/८२ देखि आर्थिक वर्ष २०८४/८५ सम्म ४१ प्रतिशत कायम हुनेछ। (विगतमा यो अनुपात ४५ प्रतिशत सम्म थियो)।

सन् १९७५ देखि २०२३ सम्मको आाकडामा आधारित रहेर निम्न ARMA Model अनुमान गरिएको छ।

**lntotrev =3.326** +0.439**lngdpbp+ 0.085***Time +0.325*** lnmgdp + 1.804***AR(1)**

***St. Error (1.65) (0.173) (0.022) (0.071) (0.108)***

**-0.867***AR(2) -0.999MA(1)+0.0023SIGMASQ**

***(0.095) (2850) (0.167)***

$R^2$ =0.99 F=13633.7*** DW=2.09 JB=2.46(0.29) $X^2$bpg=4.10(0.25)

Where

ln= stands for log totrev= Total revenue gdpbp= GDP at basic prices

Time= Time variable mgdp= Import to GDPbp ratio AR= auto regressive term

MA= Mooving Average term *Significant at ten percent or better level

**Significant at five percent or better level ***Significant at one percent or better level

४०१. यो ARMA को Static मोडेलमा आधारित भएर सङ्घीय सरकारको कुल राजस्वको प्रक्षेपण गरिएको छ। Econometrically यो मोडेल विश्वाशनीय रहेको छ। gdpbp,Time, mgdp, AR(1), AR (2) जस्ता सबै चरहरू Statistically significant देखिन्छन्। यसैका आधारमा आगामी पाँच वर्षको राजस्वको प्रक्षेपण तालिका नं ३१ मा दिइएको छ। अतः आर्थिक वर्ष २०८०/८१ मा नेपालको राजस्व ११ खर्ब १ अर्ब ८३ करोड १० लाखको हुनेछ। आर्थिक वर्ष २०८१/८२ मा नेपालको राजस्व १२ खर्ब ६८ अर्ब ७ करोड ५० लाखको हुनेछ। आर्थिक वर्ष २०८२/८३ मा नेपालको राजस्व १४ खर्ब २७ अर्ब १३ करोड १० लाख पुग्नेछ। आर्थिक वर्ष २०८३/८४ मा नेपालको राजस्व १६ खर्ब २३ अर्ब ४८ करोड ७० लाखको हुनेछ। आर्थिक वर्ष २०८४/८५ मा नेपालको राजस्व १८ खर्ब ६४ अर्ब ९३ करोड हुनेछ। प्रक्षेपित राजस्वले वास्तविक राजस्वको के कति प्रतिनिधित्व गर्छ भन्ने कुराको विश्लेषण गर्न चित्र नं.२३ मा दुवै राजस्वहरूलाई प्रस्तुत गरिएको छ।

**तालिका नं. ३१ वास्तविक र प्रक्षेपित कुल राजस्व**

| आर्थिक वर्ष | यथार्थ (रू. दश लाखमा) | प्रक्षेपण (रू. दश लाखमा) |
|---|---|---|
| २०७९/८० | ९५७१५३.७ | १०४२०३४ |
| २०८०/८१ | | ११०१८३१ |
| २०८१/८२ | | १२६८०७५ |
| २०८२/८३ | | १४२७१३१ |
| २०८३/८४ | | १६२३४८७ |
| २०८४/८५ | | १८६४९३० |

स्रोतः समितिको गणना

नोटः आर्थिक बर्ष २०७९/८० को माथि उल्लेखित यथार्थ राजस्वमा कर तथा गैर कर राजस्व समावेश भएको तर सो वाहेकको सरकारलाई प्राप्त हुने अन्य आम्दानीहरु समावेश भएको छैन।

प्रक्षेपण गुणस्तर मापक तथ्याङ्क तालिका नं.३२ मा प्रस्तुत गरिएको छ।

**तालिका नं. ३२ प्रक्षेपण गुणस्तर मापक तथ्याङ्क**


| Statistics | Value |
|---|---|
| Root Mean Squared Error(RMSE) | 0.0531 |
| Mean Absolute Error(MAE) | 0.0414 |
| Mean Absolute Percentage Error(MAPE) | 0.4181 |
| Theil Inequality Coefficient (U) | 0.0024 |

स्रोतः समितिको गणना

माथि उल्लेखित तथ्याङ्क जस्तै RMSE, MAE, MAPE र U को मान न्यून भएको हुँदा प्रक्षेपणलाई प्रयोग गरिएको प्रारूप उपयुक्त छ भन्ने पुष्टि गर्दछ।

४०२. माथि उल्लेखित Econometric Model आधारमा प्रक्षेपित राजस्वलाई निलो रंगमा देखाइएको छ भने वास्तविक राजस्वलाई रातो रंगमा देखाइएको छ। रातो र निलो रंगका रेखाहरूको बीचमा खासै भिन्नता नभएको हुँदा प्रक्षेपणलाई प्रयोग गरिएको ARMA Model विस्वासनीय छ भन्ने पुष्टि गर्दछ। प्रक्षेपित राजस्वले वास्तविक राजस्वका विभिन्न मोडहरूलाई राम्रो् सँग समेटेको हुनाले प्रक्षेपित राजस्वको विस्वसनियतालाई अझ थप पुष्टि गर्दछ।

चित्र नं. २३: वास्तविक र प्रक्षेपित राजस्व




स्रोतः समितिको गणना

**उपशीर्षकगत प्रक्षेपण ( Disaggregate Forecasting)**

४०३. नीतिगत तथा प्रशासनिक सुधारकालागि राजस्वका उप शीर्षकहरुका आधारमा गरिएको प्रक्षेपण वढी उपयोगि हुन्छ। त्यसेले यहाँ राजस्वका उप शीर्षकहरुका आधारमो प्रक्षेपण गरिएकोछ। दुवै विधि वाट निकालिएको अंक समान भने रहदैन किनकि हरेक मोडेलमा Explanatory Variables समान रहदैनन् तर दुवैको प्रक्षेपणमा ठूलो भिन्नता देखिन हुँदैन।

**कुल आयकर प्रक्षेपण**

४०४. व्यक्तिगत आयकर र संस्थागत आयकरको योगलाई कुल आयकर भनिन्छ।सङ्घीय सरकारको कुल आयकरको प्रक्षेपण यहाँ ARMA Model सहयोगवाट गरिएको छ। यो प्रक्षेपणले मूलतः गैरकृषि क्षेत्रको गार्हस्थ उत्पादन विगतका वर्षहरूमा जस्तै आगामी वर्षहरूमा पनि वृद्धि हुनेछ भन्ने मान्यता राखेको छ। प्रथमत गैर कृषि क्षेत्रको गार्हस्थ उत्पादन आगामी पाँच वर्षका लागि ARMA Model आधारमा गरिएको थियो जसलाई परिच्छेद नं. २ मा देखाइएको छ। तत् पश्च्यात सन् १९७५ देखि २०२३ सम्मको आँकडामा आधारित रहेर निम्न ARMA Model अनुमान गरिएको छ।

**lntotytax = -2.063** + 0.707**lnnagdp + 0.082*Time +0.829***AR(1) - 0.395**AR(2)**

***St. Error* *(2.82)* *(0.323)* *(0.043)* *(0.243)* *(0.171)***

**-0.492**MA(1)+0.012***SIGMASQ**

***(0.231)* *(0.002)***

$R^2$ =0.99 F=3556.2*** DW=2.07 JB=1.08(0.58) $X^2$bpg=2.475(0.28)

Where

ln= Stands for log totytax = Total Income Tax naggdp = Non agricultural GDP

Time= Time variable AR= auto regressive terms MA= Mooving Average term
*Significant at ten percent or better level **Significant at five percent or better level
***Significant at one percent or better level)

४०५. यो Econometric मोडेलमा आधारित भएर सङ्घीय सरकारको कुल आयकरको प्रक्षेपण गरिएको छ। ngdpbp, Time, AR(1), AR(2), MA(1) जस्ता सबै चरहरू Statistically significant देखिन्छन। नेपालमा आयकरको प्रमुख निर्धारक तत्वमा गैर कृषि क्षेत्रको गार्हस्थ उत्पादन देखिन्छ। माथि अनुमान गरिएको ARMA Model अनुसार गैर कृषि क्षेत्रको गार्हस्थ उत्पादनमा एक प्रतिशतले परिवर्तन हुँदा कुल आयकरमा ०.७०७ प्रतिशतल परिवर्तन हुने देखिन्छ। समान्यतया नेपालको कृषि क्षेत्रलाई आयकर छुट दिएको हुँदा कृषि क्षेत्रको गार्हस्थ उत्पादनलाई समावेस नगरिएको हो। अर्को प्रमुख निर्धारक तत्वमा समय चर भएको देखिन्छ जसले आयकरमा धनात्मक प्रभाव पारेको छ।

४०६. यही प्रारूप आधारमा आगामी पाँच वर्षको आय कर राजस्वको प्रक्षेपण तालिका नं ३३ मा दिइएको छ। अतः आर्थिक वर्ष २०८०/८१ मा नेपालको कुल आय कर राजस्व २ खर्ब ६० अर्ब ५९ करोड ८८ लाखको हुनेछ। आर्थिक वर्ष २०८१/८२ मा ३ खर्ब ३९ अर्ब ९६ करोड ६६ लाखको हुनेछ, आर्थिक वर्ष २०८२/८३ मा ४ खर्ब ४७ अर्ब ४६ करोड १४ लाखको हुनेछ, आर्थिक वर्ष २०८३/८४ मा ५ खर्ब ५२ अर्ब २३ करोड ६३ लाखको हुनेछ भने आर्थिक वर्ष २०८४/८५ मा नेपालको कुल आय कर ६ खर्ब ४३ अर्ब २८ करोड ८२ लाख हुनेछ।

**तालिका नं. ३३ वास्तविक र प्रक्षेपित कुल आय कर**

| आर्थिक वर्ष | यथार्थ (रू. दश लाखमा) | प्रक्षेपण (रू. दश लाखमा) |
|---|---|---|
| २०७८/७९ | २५२१८८.६ | २४१७७८.७ |
| २०७९/८० | २४३०६८.९ | २९२२८९.६ |
| २०८०/८१ | | २६०५९८.८ |
| २०८१/८२ | | ३३९९६६.६ |
| २०८२/८३ | | ४४७४६१.४ |
| २०८३/८४ | | ५५२२३६.३ |
| २०८४/८५ | | ६४३२८८.२ |

स्रोतः समितिको गणना


४०७. राजस्व प्रक्षेपण गर्ने प्रारूप कति विस्वासनिय छ भन्ने कुराको विश्लेषण गर्न तालिका नं.३४ केही तथ्याङ्क प्रस्तुत गरिएको छ। तहाँ प्रस्तुत तथ्याङ्क सानो आकारका भएको हुनाले अनुमान गरिएको प्रारूप राम्रो छ भन्ने पुष्टि गर्दछ। प्रक्षेपित राजस्वले वास्तविक राजस्वको के कति प्रतिनिधित्व गर्छ भन्ने कुराको विश्लेषण गर्न चित्र नं. २४ मा प्रस्तुत गरिएको छ।

**तालिका नं. ३४ प्रक्षेपण गुणस्तर मापक तथ्याङ्क**

| Statistics | Value |
|---|---|
| Root Mean Squared Error(RMSE) | 0.1067 |
| Mean Absolute Error(MAE) | 0.0832 |
| Mean Absolute Percentage Error(MAPE) | 1.0781 |
| Theil Inequality Coefficient (U) | 0.0059 |

माथि उल्लेखित तथ्याङ्क जस्तै RMSE, MAE, MAPE र U को मान न्यून भएको हुँदा प्रक्षेपणलाई प्रयोग गरिएको प्रारूप उपयुक्त छ भन्ने पुष्टि गर्दछ।

**चित्र नं. २४: वास्तविक र प्रक्षेपित आयकर**




स्रोत: समितिको रचना

४०८. प्रक्षेपित आय करले वास्तविक राजस्वका विभिन्न मोडहरूलाई राम्रो् सँग समेटेको हुनाले प्रक्षेपित आयकरको विस्वसनियतालाई अझ थप पुष्टि गर्दछ। आर्थिक वर्ष २०२२/२३ मा, विगतको प्रवृत्ती नियाल्दा, आयकर वढेर २ खर्ब ९२ अर्ब हुनुपर्ने हो तर सो हुन सकेन,आय कर राजस्वका लागि यो वर्ष असाधारण वर्ष हुन पुग्यो र धटेर २ खर्ब ४३ अर्ब हुन गुग्यो। यसैले आर्थिक वर्ष २०२२/२३मा प्रक्षेपित राजस्वमा भिन्नता देखिएको हो। आर्थिक वर्ष २०२३/२४ पछि आयकर आफ्नो लयमा फर्कने छ र क्रमश: वृद्धिहुदै जाने छ। आयकरको फड्को अन्यकरहरूको भन्दा तीव्र देखिन्छ, विगतका वर्षहरूमा आयकरको वृद्धि राम्रो भएको हुदा आगामी वर्षहरूमा पनि राम्रै फड्को मार्ने आशा गरिएको हो। सन् १९९२/९३ संम्म चौथो स्थानमा रहेको आयकर हाल आएर दोश्रो ठूलो कर राजस्वको स्रोत वन्न पुगेको छ।

**मूल्य अभिवृद्धि कर**

**परिदृष्य एक**

४०९. मूल्य अभिवृद्धि करको प्रक्षेपण यहाँ ARMA Model को सहयोगवाट गरिएको छ। यो प्रक्षेपणले मूलतः नेपालको कुल उपभोग विगतका वर्षहरूमा जस्तै आगामी वर्षहरूमा पनि वृद्धि हुनेछ भन्ने मान्यता राखेको छ। विगतका ४९ वर्षहरूमा कुल उपभोगमा भएको औसत वृद्धि दरमा आगामी पाँच वर्षहरूमा नेपालको कुल उगभोग वढ्ने छ भन्ने मान्यता राखिएको छ। अर्को नेपालको आयात र आधारभुत मूल्यको कुल गार्हस्थ उत्पादनको अनुपात आर्थिक वर्ष २०२२/२०२३ मा घटेतापनि आर्थिक वर्ष २०२३/२०२४ मा ३७ प्रतिशत हुदै आर्थिक वर्ष २०२४/२०२५ देखि २०२७/२०२८ सम्म ४१ प्रतिशत कायम हुनेछ भन्ने मान्यता राखिएको छ।सन्१९७४- १९७५ देखि २०२२/२०२३ सम्मको आँकडामा आधारित रहेर प्रक्षेपणका लागि निम्न ARMA Model अनुमान गरिएको छ।

**lnvat = -3.524** + 0.986**lntcon +0.811***lnmgdp + 0.062***Time- 0.0005**Time$^2$**

***St. Error (1.141) (0.117) (0.140) (0.019) (0.0002)***

**1.233***AR(1) –0.672***AR(2) – 1.000MA(1)+0.0013 SIGMASQ**

***(0.205) (0.196) (9598) (0.276)***

$R^2$ =0.999 F=2660.8*** DW=2.411 JB=1.445(0.485) $X^2$bpg=3.68(0.45)
Where

ln= Stands for log tcon = Total consumption mgdp= Import to GDP at basic price ratio

Time= Time variable AR= auto regressive terms MA= Mooving Average term
*Significant at ten percent or better level **Significant at five percent or better level
***Significant at one percent or better level

यो Static ARMA मोडेलमा आधारित भएर मूल्य अभिवृद्धि कर राजस्वको प्रक्षेपण गरिएको छ।

४१०. यहां कुल उपभोग (lntcon), आयात कुल गार्हस्थ उत्पादन अनुपात (lnmgdp), Time, Time$^2$, AR(1), AR(2), जस्ता सबै चरहरू Statistically significant देखिन्छन। MA(1) मात्रै Significant छैन। नेपालमा मूल्य अभिवृद्धि कर प्रमुख निर्धारक तत्वमा कुल उपभोग, आयात र गार्हस्थ उत्पादनको अनुपात र समय चर देखिन्छ। माथि अनुमान गरिएको ARMA Model अनुसार कुल उपभोगमा एक प्रतिशतले परिवर्तन हुँदा कुल मूल्य अभिवृद्धि करमा ०.९८६ प्रतिशतले परिवर्तन हुने देखिन्छ। त्यस्तै आयात र जिडिपी अनुपातमा एक प्रतिशतले परिवर्तन हुँदा कुल मूल्य अभिवृद्धि करमा ०.८११ प्रतिशतले परिवर्तन हुने देखिन्छ। अतः नेपालमा मूल्य अभिवृद्धि कर प्रमुख निर्धारक तत्वहरूमा कुल उपभोग र आयात पर्दछन्। अर्को प्रमुख निर्धारक तत्वमा समय चर भएको देखिन्छ जसले मूल्य अभिवृद्धि करमा धनात्मक प्रभाव पारेको छ तर Time को भने न्यूनतम तथा ऋणात्मक प्रभाव परेको देखिन्छ।

४११. Static ARMA Model आधारमा आगामी पाँच वर्षको मूल्य अभिवृद्धि कर राजस्वको प्रक्षेपण तालिका नं. ३५ मा दिइएको छ। अतः आर्थिक वर्ष २०८०/८१ मा नेपालको मूल्य अभिवृद्धि कर राजस्व ३ खर्ब ६० अर्ब २५ करोड ६८ लाखको हुनेछ। आर्थिक वर्ष २०८१/८२ मा ४ खर्ब ६१ अर्ब १५ करोड हुनेछ, आर्थिक वर्ष २०८२/८३ मा ५ खर्ब ३३ अर्ब १० करोड ३७ लाखको हुनेछ, आर्थिक वर्ष २०८३/८४ मा ६ खर्ब ४ अर्ब ३५ करोड ३० लाखको हुनेछ भने आर्थिक वर्ष २०८४/८५ मा नेपालको कुल मूल्य अभिवृद्धि कर ६ खर्ब ७६ अर्ब ८८ करोड ९८ लाख हुनेछ।

**तालिका नं. ३५ वास्तविक र प्रक्षेपित मूल्य अभिवृद्धि कर**

| आर्थिक वर्ष | यथार्थ (रू. दश लाखमा) | प्रक्षेपण (रू. दश लाखमा) |
|---|---|---|
| २०७९/८० | २८६१९७.९ | २८०९९६.७ |
| २०८०/८१ | | ३६०२५६.८ |
| २०८१/८२ | | ४६११५०-० |
| २०८२/८३ | | ५३३१०३.७ |
| २०८३/८४ | | ६०४३५३.० |
| २०८४/८५ | | ६७६८८९.८ |

स्रोतः समितिको गणना

४१२. राजस्व प्रक्षेपण गर्ने प्रारूप विश्वस्नीय छ भन्ने कुराको विश्लेषण गर्न तालिका नं.३६ केही तथ्याङ्क प्रस्तुत गरिएको छ। तहाँ प्रस्तुत तथ्याङ्क सानो आकारका भएको हुनाले अनुमान गरिएको प्रारूप राम्रो छ भन्ने पुष्टि गर्दछ। वास्तविक राजस्वको के कति प्रतिनिधित्व गर्छ भन्ने कुराको विश्लेषण गर्न चित्र नं. २५ मा दुवै राजस्वहरूलाई प्रस्तुत गरिएको छ।

**तालिका नं. ३६ प्रक्षेपण गुणस्तर मापक तथ्याङ्क**

| Statistics | Value |
|---|---|
| Root Mean Squared Error(RMSE) | 0.0392 |
| Mean Absolute Error(MAE) | 0.0323 |
| Mean Absolute Percentage Error(MAPE) | 0.3066 |
| Theil Inequality Coefficient (U) | 0.0017 |

स्रोतः समितिको गणना


माथि उल्लेखित तथ्याङ्क जस्तै RMSE, MAE, MAPE र U को मान न्यून भएको हुँदा प्रक्षेपणलाई प्रयोग गरिएको प्रारूप उपयुक्त छ भन्ने पुष्टि गर्दछ।

रेखाचित्रमा प्रक्षेपित मूल्य अभिवृद्धि करले वास्तविक करराजस्वका विभिन्न मोडहरूलाई राम्रोसँग समेटेको हुनाले प्रक्षेपित आयकरको विस्वसनियतालाई अझ थप पुष्टि गर्दछ।

४१३. आर्थिक वर्ष २०७९/८० मा मूल्य अभिवृद्धि कर राजस्वमा कमि आएको थियो तर आर्थिक वर्ष २०८०/८१ पछि मूल्य अभिवृद्धि कर आफ्नो लयमा फर्कने छ र क्रमशः वृद्धि हुँदै जाने छ। मूल्य अभिवृद्धि कर हाल राजस्वको प्रमुख स्रोत वनेको छ। अतः अर्थतन्त्रले फड्को मार्दा यसले तीव्र गति

लिने देखिन्छ। आगामी पाँच वर्षको प्रक्षेपण हेर्दा यसको औसत वृद्धिदर विगतका वर्षको औसत वृद्धिदर (१५ प्रतिशत) भन्दा केही उच्च देखिन्छ। त्यसैले यहाँ दोश्रो परिदृक्ष्यको आाकलन गरिएको छ।

**चित्र नं. २५ वास्तविक र प्रक्षेपित मूल्य अभिवृद्धि करको रेखाचित्र**




प्रस्तुत रेखाचित्रमा प्रक्षेपित मूल्य अभिवृद्धि करले वास्तविक करराजस्वका विभिन्न मोडहरूलाई राम्रो् सँग समेटेको हुनाले प्रक्षेपित आयकरको विस्वासनियतालाई अझ थप पुष्टि गर्दछ।

## परिदृष्य दुई

४१४. विगतका ४९ वर्षहरूमा कुल उपभोगमा भएको औसत वृद्धि दर भन्दा आगामी पाँच वर्षहरूमा नेपालको कुल उगभोगको वृद्धिदर दुई प्रतिशतले कमी आइ ११ प्रतिशत कायम रहनेछ भन्ने मन्यता लिइएको छ। विगतका वर्षहरुमा जनसंख्या दृद्धि दर उच्च रहेको जस्तै जनगणना सन् १९८१ मा २.६२, १९९१ मा २.०८, २००१ मा २.२५, र २०११ मा १.३५ प्रतिशत थियो। हाल सन् २०२१ को जनगणना अनुसार नेपालको जनसंख्या वृद्धि दर ०.९६ मात्र कायम भएको छ। युवा समुदाय वाहिर जाने क्रम पनि वढ्दो छ यसले पनि केही हद सम्म उपभोगमा कमी आएको छ। यसैले यो मान्यता विस्वासनीय लाग्दछ। यो मान्यताका आधारमा Estimation गरिएको ARMA मोडेल तल प्रस्तुत गरिएको छ। यो मान्यताका आधारमा ARMA मोडेलवाट Dynamic Forecasting गरियो। जसको परिणाम यस्तो आयो।

**तालिका नं. ३७ वास्तविक र प्रक्षेपित मूल्य अभिवृद्धि कर**

| आर्थिक वर्ष | यथार्थ (रू. दश लाखमा) | प्रक्षेपण (रू. दश लाखमा) |
|---|---|---|
| २०७९/८० | २८६१९७.९ | ३०२०६६.३ |
| २०८०/८१ | | ३५९९५७.५ |
| २०८१/८२ | | ४३८१२७.६ |
| २०८२/८३ | | ४९०१४०.६ |
| २०८३/८४ | | ५४७७९१ |
| २०८४/८५ | | ६११६१०.१ |

स्रोतः समितिको गणना

४१५. यो प्रक्षेपणका अनुसार आर्थिक वर्ष २०८०/८१ मा नेपालको मूल्य अभिवृद्धि कर राजस्व ३ खर्ब ५९ अर्ब ९५ करोड ७५ लाखको हुनेछ। आर्थिक वर्ष २०८१/८२ मा ४ खर्ब ३८ अर्ब १२ करोड ७६ लाख हुनेछ, आर्थिक वर्ष २०८२/८३ मा ४ खर्ब ९० अर्ब १४ करोड ६ लाखको हुनेछ, आ. व. २०८३/८४ मा ५ खर्ब ४७ अर्ब ७९ करोड १० लाखको हुनेछ भने आर्थिक वर्ष २०८४/८५ मा नेपालको कुल मूल्य अभिवृद्धि कर ६ खर्ब ११ अर्ब ६१ करोड १ लाख हुनेछ। दोश्रो परिदृष्यको प्रक्षेपण वढी विश्वसनीय देखिन्छ।

४१६. राजस्व प्रक्षेपण गर्ने Model कति विश्वसनीय छ भन्ने कुराको विश्लेषण गर्न तालिका नं.३८ केही तथ्याङ्क प्रस्तुत गरिएको छ। प्रस्तुत तथ्याङ्क सानो आकारका भएको हुनाले अनुमान गरिएको Model राम्रो छ भन्ने पुष्टि गर्दछ। वास्तविक राजस्वको के कति प्रतिनिधित्व गर्छ भन्ने कुराको विश्लेषण गर्न रेखाचित्र नं. २६ मा प्रस्तुत गरिएको छ।


**तालिका नं. ३८ प्रक्षेपण गुणस्तर मापक तथ्याङ्क**

| Statistics | Value |
|---|---|
| Root Mean Squared Error(RMSE) | 0.0575 |
| Mean Absolute Error(MAE) | 0.0496 |
| Mean Absolute Percentage Error(MAPE) | 0.4537 |
| Theil Inequality Coefficient (U) | 0.0026 |

स्रोतः समितिको गणना

माथि उल्लेखित तथ्याङ्क जस्तै RMSE, MAE, MAPE र U को मान प्रथम परिदृष्य भन्दा केही वढे पनि न्यून भएको हुँदा प्रक्षेपणलाई प्रयोग गरिएको Model उपयुक्त छ भन्ने पुष्टि गर्दछ। समान्यतया Dynamic Forecasting यी तत्थ्याङ्कहरू अली उच्च हुने गर्दछन्।

### चित्र नं. २६ वास्तविक र प्रक्षेपित मूल्य अभिवृद्धि करको रेखाचित्र




प्रस्तुत रेखाचित्रमा प्रक्षेपित मूल्य अभिवृद्धि करले वास्तविक करराजस्वका विभिन्न मोडहरूलाई राम्रो् सँग समेटेको हुनाले प्रक्षेपित आयकरको विस्वासनियतालाई अझ थप पुष्टि गर्दछ।

**भन्सार महसुल**

४१७. कुनैवेला नेपालको प्रमुख राजस्वको स्रोत वनेको वर्तमान समयमा तेश्रो स्थानमा पुगेको छ। कुल राजस्वमा यसको योगदान क्रमशः घट्दै गएको छ। आगामी वर्षहरूमा पनि यसको योगदान धट्दे जाने देखिन्छ। खुला व्यापार नीतिमा नेपाल प्रवेश गरिसकेको र यसले अन्तरराष्ट्रिय स्तरमा जारी गरेका प्रतिवध्धताले पनि भन्सार महसुलका दरहरू धटाउदे जानु पर्ने हुन्छ र जसका कारणले पनि भन्सार राजस्वमा कमी आउने छ। सिमावारपारहुने अवेध व्यापार व्यापार पनि धटाउन आवश्यक छ तर यसको आगामी परिवेष अनिस्चित छ। यसैले यसको प्रक्षेपण कठीन छ। Econometric Modeling मा विगतको परिवेषलाई समेटेर सोही परिस्थिती भविश्यमा कायम हुने मान्यतामा प्रक्षेपण गरिएको हुन्छ। नेपालको भन्सार सन्दर्भमा यो त्यति काम गर्दैन। अन्य शीर्षकहरूमा जस्तै यहाँ पनि ARMA model estimation गरिएको छ, जुन यस प्रकार छ।

| | | | | |
|---|---|---|---|---|
| **lncustom =** | **0.701 +** | **0.639***lngdp** | **+0.526***lnmgdp +** | **0.043Time** |
| ***St. Error*** | ***(2.060)*** | ***(0.214)*** | ***(0.157)*** | ***(0.026)*** |

**0.622***AR(1) + 0.032 MA(1)+0.007*** SIGMASQ**

***(0.226)*** ***(0.259)*** ***(0.0014)***

$R^2$ =0.997 F=3362.7*** DW=1.97 JB=0.795(0.671 $X^2$bpg=6.43(0.09)

Where

ln= Stands for log gdp = gdp at basic prices ; mgdp= Import to GDP at basic price ratio

Time= Time variable AR= auto regressive terms MA= Mooving Average term

*Significant at ten percent or better level **Significant at five percent or better level

***Significant at one percent or better level

४१८. कुल गार्हस्थ उत्पादन (GDP), आयात कुल गार्हस्थ उत्पादन अनुपात (mgdp), Time, AR(१), जस्ता सबै चरहरू Statistically significant देखिन्छन। MA(1) मात्रै Significant छैन। अतः नेपालमा भन्सार महसुलको प्रमुख निर्धारक तत्वमा कुल गार्हस्थ उत्पादन (GDP), आयात र गार्हस्थ उत्पादनको अनुपात, र समय चर देखिन्छ। माथि अनुमान गरिएको ARMA Model का अनुसार कुल गार्हस्थ उत्पादनमा एक प्रतिशतले परिवर्तन हुँदा भन्सार महसुलमा ०.६३९ ले प्रतिशतले परिवर्तन हुने देखिन्छ। त्यस्तै आयात र जिडिपी अनुपातमा एक प्रतिशतले परिवर्तन हुँदा भन्सार महसुलमा ०.५२६ प्रतिशतले परिवर्तन हुने देखिन्छ। भन्सार राजस्व र यी दुइ चरहरूका बीचमा धनात्मक सम्बन्ध छ।

४१९. यो मोडेलमा आधारित भएर प्रक्षेपण गर्दा तालिका नं.३९ मा देखाइएको आँकडा प्राप्त भयो। जसका अनुसार आर्थिक वर्ष २०८०/८१ मा नेपालको भन्सार राजस्व २ खर्ब १२ अर्ब ५७ करोड ७४ लाखको हुनेछ। आर्थिक वर्ष २०८१/८२ मा २ खर्ब ४६ अर्ब ६० करोड ३२ लाख हुनेछ, आर्थिक वर्ष २०८२/८३ मा २ खर्ब ७३ अर्ब १० करोड ५४ लाखको हुनेछ, आर्थिक वर्ष २०८३/८४ मा ३ खर्ब ३ अर्ब ८८ करोड ३० लाखको हुनेछ भने आर्थिक वर्ष २०८४/८५ मा भन्सार राजस्व ३ खर्ब ३९ अर्ब ९ करोड २२ लाख हुनेछ।

**तालिका नं. ३९ वास्तविक र प्रक्षेपित भन्सार राजस्व**

| **आर्थिक वर्ष** | **यथार्थ** (रू. दश लाखमा) | **प्रक्षेपण** (रू. दश लाखमा) |
|---|---|---|
| २०७९/८० | १८२५३१.२ | १८१९२०.९ |
| २०८०/८१ | | २१२५७७.४ |
| २०८१/८२ | | २४६६०३.२ |
| २०८२/८३ | | २७३१०५.४ |
| २०८३/८४ | | ३०३८८३ |
| २०८४/८५ | | ३३९०९२.२ |

स्रोतः समितिको गणना

तालिका नं ४० मा प्रस्तुत तथ्याङ्कका अनुसार यो मोडेल Econometrically राम्रो देखिन्छ।


**तालिका नं. ४० प्रक्षेपण गुणस्तर मापक तथ्याङ्क**

| **Statistics** | **Value** |
|---|---|
| Root Mean Squared Error(RMSE) | 0.0879 |
| Mean Absolute Error(MAE) | 0.0660 |
| Mean Absolute Percentage Error(MAPE) | 0.7867 |
| Theil Inequality Coefficient (U) | 0.0047 |

स्रोतः समितिको गणना

Static ARMA मोडेलले गरेको प्रक्षेपणको विश्वासनयिताको लागि वास्तविक तथा प्रक्षेपित भन्सार राजस्व चित्र नं. २७ मा प्रस्तुत गरिएको छ।

चित्र नं. २७ वास्तविक र प्रक्षेपित भन्सार राजस्व




स्रोतः समितिको रचना

प्रस्तुत रेखाचित्रमा प्रक्षेपित भन्सार राजस्व र वास्तविक भन्सार राजस्व सहयात्री जस्तै देखिन्छन्। प्रक्षेपित भन्सार राजस्वले र वास्तविक भन्सार राजस्वका विभिन्न मोडहरूलाई राम्रो सँग समेटेको हुनाले प्रक्षेपण विस्वासनिय देखिन्छ।

**अन्तःशुल्क तथा अन्यकरहरुको प्रक्षेपण**

४२०. अन्त शुल्क राजस्व सामान्य तया कुल गार्हस्थ उत्पादनमा भर पर्दैन। स्वास्थ्यमा प्रतिकुल असर पार्ने वस्तु तथा सेवामा अन्त शुल्क लाग्ने गर्दछ। मुलुकमा सुर्तिजन्य तथा पेय पदार्थ उपभोग गर्ने जनसंख्या कति छ भन्नेकुराको टाइम सिरिज तथ्याङ्क उपलव्ध छैन। त्यसैले अन्यकरहरु जस्तै यसमा पनि इकोनो मेट्रिक मोडेल लगाएर प्रक्षेपण गर्न सकिएन। त्यही परिस्थीती अन्यकरहरुको पनि छ।त्यसैले अन्तशुल्क र अन्यकरहरुलाई एक ठाउमा राखेर यसको प्रक्षेपण गरिएको छ। विगतको एक दशकमा यसको वृद्धिदर १३.२ प्रतिशत रहेको र गएको पाँच वर्षमा ५.६ प्रतिशत रहेको देखिन्छ।यसले अन्तशुल्क र अन्यकरहरुको राजस्वको वृद्धि दरमा कमी आउन थालेको संकेत देखिन्छ। जन स्वास्थ्य प्रतिको संचेतनाको स्तर वढ्दै गएको हुँदा सुर्तिजन्य तथा पेय पदार्थ उपभोग गर्ने उपभोगकर्ताहरुको वृद्धि दरपनि आगामी वर्षमा घट्दैजाने अनुमान लगाउन सकिन्छ। त्यसैले आगामी पाँच वर्षमा अन्त शुल्क तथा अन्य करको कर राजस्वको वृद्धि दर ११ प्रतिशत हुने मान्यता राखिएको छ। यसैका आधारमा अन्त शुल्क तथा अन्यकरहरुको प्रक्षेपण निम्नानुसार गरिएको छ। विगतको एक दशकमा यसको वृद्धिदर १३.२ प्रतिशत रहेको र गएको पाँच वर्षमा ५.६ प्रतिशत रहेको देखिन्छ।यसले अन्तशुल्क र अन्यकरहरुको राजस्वको वृद्धि दरमा कमी आउन थालेको संकेत देखिन्छ। जन स्वास्थ्य प्रतिको संचेतनाको स्तर वढ्दै गएको हुँदा सुर्तिजन्य तथा पेय पदार्थ उपभोग गर्ने उपभोगकर्ताहरुको वृद्धि दरपनि आगामी वर्षमा घट्दैजाने अनुमान लगाउन सकिन्छ। त्यसैले आगामी पाँच वर्षमा अन्त शुल्क तथा अन्य करको कर राजस्वको वृद्धि दर ११

प्रतिशत हुने मान्यता राखिएको छ। यसैका आधारमा अन्त शुल्क तथा अन्यकरहरुको प्रक्षेपण निम्नानुसार गरिएको छ।

**तालिका नं. ४१ वास्तविक र प्रक्षेपित अन्तःशुल्क तथा अन्यकरहरु**

| आर्थिक वर्ष | यथार्थ (रू. दश लाखमा) | प्रक्षेपण (रू. दश लाखमा) |
|---|---|---|
| २०७९/८० | १५३८२१.६ | १५३८२१.६ |
| २०८०/८१ | | १७०७४२ |
| २०८१/८२ | | १८९५२३.६ |
| २०८२/८३ | | २१०३७१.२ |
| २०८३/८४ | | २३३५१२ |
| २०८४/८५ | | २५९१९८.३ |

**गैरकर राजस्वको प्रक्षेपणः**

४२१. गैर कर राजस्वमा ब्याज, लाभांश, भाडा र रोयल्टी, पर्यटन शुल्क, घर जग्गा रजिष्ट्रेसन, वस्तु तथा सेवा बिक्रीवाट प्राप्त रकम, दण्ड जरिवाना र जफत, प्रदुषण नियन्त्रण शुल्क आदि पर्दछन्। विगत ४९ वर्षको गैर कर राजस्वको प्रवृत्ति अध्ययन गर्दा यसको वृद्धिदर अधिकतम ६२.५७ प्रतिशत र न्यूनतम (-) ३१.०९ प्रतिशत रही अस्वाभाविक प्रवृत्ति रहेको देखिन्छ। गैर करलाई पनि अन्य कर राजस्व जस्तैः इकोनोमेट्रिक मोडेल प्रयोग गरेर प्रक्षेपणको प्रयास गरिएकोमा विश्वसनीय परिणाम प्राप्त हुन सकेन। यसरी गैर कर राजस्वको प्रक्षेपणलाई कुल गार्हस्थ उत्पादनमा आधारित गर्न नसकिएकोले विगत पाँच वर्षको औसत वृद्धि दर ८ प्रतिशतलाई नै आगामी पाँच वर्षसम्म कायम रहने मान्यताका आधारमा प्रक्षेपण गरिएको छ।

४२२. आर्थिक वर्ष २०८०/८१ मा नेपालको गैर कर राजस्व ९८ अर्ब ८५ करोड ६८ लाखको हुनेछ। आर्थिक वर्ष २०८१/८२ मा १ खर्ब ६ अर्ब ७६ करोड ५४ लाखको हुनेछ, आर्थिक वर्ष २०८२/८३ मा १ खर्ब १५ अर्ब ३० करोड ६६ लाखको हुनेछ, आर्थिक वर्ष २०८३/८४ मा रु १ खर्ब २४ अर्ब ५३ करोड ११ लाखको हुनेछ भने आर्थिक वर्ष २०८४/८५ मा नेपालको गैर कर राजस्व १ खर्ब ३४ अर्ब ४९ करोड ३६ लाख हुनेछ।

**तालिका नं. ४२ वास्तविक र प्रक्षेपित गैरकर राजस्व**

| आर्थिक वर्ष | यथार्थ (रू. दश लाखमा) | प्रक्षेपण (रू. दश लाखमा) |
|---|---|---|
| २०७९/८० | ९१५३४.१ | ९१५३४.१ |
| २०८०/८१ | | ९८८५६.८३ |
| २०८१/८२ | | १०६७६५.४ |
| २०८२/८३ | | ११५३०६.६ |
| २०८३/८४ | | १२४५३१.१ |
| २०८४/८५ | | १३४४९३.६ |

स्रोतः समितिको गणना

## कुल राजस्वको उप शीर्षकका आधारमा प्रक्षेपण (वैकल्पिक प्रक्षेपण)

४२३. माथि चर्चा गरिएका तथा प्रक्षेपण गरिएका कुल राजस्वका उप शीर्षकका आधारमा यहाँ कुल राजस्वको प्रक्षेपण गरिने छ। नीतिगत परिवर्तन र प्रशासनिक सुधारले कर राजस्वमा पार्ने प्रभावका लागि उप शीर्षकगत राजस्वको आधारमा निकालिएको कुल राजस्वले महत्व राख्दछ। यो विधि Disaggregated विधि भएको हुँदा Aggregate approach वाट निकालिएको राजस्व भन्दा फरक हुन्छ। Aggregate approach वाट निकालिएको राजस्वलाई दिशा निर्देशक राजस्वका रुपमा मात्र लिएको छ। नीतिगत परिवर्तन र प्रशासनिक सुधारका हिसावमा Disaggregated विधि वाट निकालिएको राजस्वलाई मान्यता दिइएको छ र प्रयोग गरिएको छ।

४२४. तलको तालिकामा कुल राजस्वको उप शीर्षकगत प्रक्षेपण गरिएको छ। मूल्य अभिवृद्धि कर, आयकर, तथा भन्सारका Econometric Modeling वाट निकालिएको प्रक्षेपित राजस्व यहाँ राखिएको छ। अन्त शुल्क तथा अन्यकर, र गैरकर राजस्वको रकम माथि उल्लेख गरिएका शीर्षकहरु वाट ल्याइएको हो। यो तालिकामा मूल्य अभिवृद्धि कर, आयकर, भन्सार र अन्त शुल्क तथा अन्यकरको योगफल लाई कर राजस्वमा देखाइएको छ। गैरकर राजस्वको प्रक्षेपित राजस्व माथि उल्लेखित "गैरकर राजस्वको प्रक्षेपण" नामक शीर्षक वाट ल्याइएको हो। कर राजस्व र गैरकर राजस्वको जोडवाट कुल राजस्व निकालिएको छ।

**तालिका नं. ४३ कुल राजस्वको उप शीर्षकगत प्रक्षेपण**

**(दश लाखमा)**

| आर्थिक वर्ष | कर राजस्व | मूल्य अभिवृद्धि कर | आयकर | भन्सार | अन्तःशुल्क तथा अन्य कर | गैर कर राजस्व | कुल राजस्व |
|---|---|---|---|---|---|---|---|
| २०८०/८१ | १००३८७६ | ३५९९५७५ | २६०५९८।८ | २१२५७७।४ | १७०७४२ | ९८८५६।८३ | ११०२७३३ |
| २०८१/८२ | १२१४२२१ | ४३८१२७।६ | ३३९९६६।६ | २४६६०३।२ | १८९५२३।६ | १०६७६५।४ | १३२०९८६ |
| २०८२/८३ | १४२१०७९ | ४९०१४०।६ | ४४७४६१।४ | २७३१०५।४ | २१०३७१।२ | ११५३०६।६ | १५३६३८५ |
| २०८३/८४ | १६३७४२२ | ५४७७९१ | ५५२२३६।३ | ३०३८८३ | २३३५१२ | १२४५३१।१ | १७६१९५३ |
| २०८४/८५ | १८५३१८९ | ६११६१०।१ | ६४३२८८।२ | ३३९०९२।२ | २५९१९८।३ | १३४४९३।६ | १९८७६८२ |

स्रोतः समितिको गणना

४२५. यो प्रक्षेपण अनुसार आर्थिक वर्ष २०८०/८१ मा नेपालको कुल राजस्व ११ खर्ब २ अर्ब ७३ करोड ३० लाखको हुनेछ। आर्थिक वर्ष २०८१/८२ मा १३ खर्ब २० अर्ब ९८ करोड ६० लाखको हुनेछ। आर्थिक वर्ष २०८२/८३ मा १५ खर्ब ३६ अर्ब ३८ करोड ५० लाखको हुनेछ। आर्थिक वर्ष २०८३/८४ मा १७ खर्ब ६१ अर्ब ९५ करोड ३० लाखको हुनेछ भने आर्थिक वर्ष २०८४/८५ मा नेपालको कुल कर राजस्व १९ खर्ब ८७ अर्ब ६८ करोड २० लाख हुनेछ।

४२६. यो प्रक्षेपण अनुसार पाँच वर्ष पछी अर्थात आर्थिक वर्ष २०८४/८५ मा कुल राजस्वमा योगदान गर्ने करहरुमा आयकर प्रथम स्थानमा, मूल्य अभिवृद्धि कर दोश्रो स्थानमा, भन्सार तेश्रो स्थानमा, र अन्त शुल्क तथा अन्यकर चौथो स्थानमा पर्ने देखिन्छ। गैरकर राजस्व पाँचौ स्थानमा पर्ने देखिन्छ। नीतिगत तथा प्रशासनिक सुधार नभइकन हालकै व्यवस्था यथावत रहेमा यो परिदृष्य देखिनेछ। आगामी वर्षमा हुने नीतिगत तथा प्रसासनिक सुधारले यो परिदृष्यलाई बदल्न सक्नेछ।


४२७. कर प्रणालीमा सिफारिस गरिएका सुझावहरूको कार्यान्वयन र कर प्रणाली सुधारको कार्यान्वयन गर्नको लागि कार्ययोजनाको मस्यौदा संलग्न गरिएको छ। कार्ययोजनाको कार्यान्वयन सुनिश्चित गर्न समितिले अर्थमन्त्रालयमा राजस्व सचिवको संयोजकत्वमा एक कार्यान्वयन सहजीकरण तथा अनुगमन इकाई स्थापना गर्ने प्रस्ताव गरेको छ। कार्ययोजनामा उल्लिखित सुधारहरू कार्यान्वयन हुन सकेमा कर प्रणालीमा सुधार भई माथि प्रक्षेपण गरिएको राजस्वमा करीव रू.२ खर्ब ९१ अर्ब राजस्व संकलन हुने अनुमान छ।

**प्रक्षेपण विधि अनुसारका कुल राजस्वहरुको तुलनात्मक अध्ययन**

४२८. कुल राजस्वको प्रक्षेपण Aggregate approach/Disaggregate Approach वाट गरिएको थियो। Aggregate Approach ले समग्र अर्थ व्यवस्थाको कुल राजस्वको मात्रै प्रक्षेपण गर्दछ।यस अन्तर्गतका उप शीर्षकहरु जस्तै मूल्य अभिवृद्धि कर, आयकर, भन्सार, अन्तशुल्क, गैरकरहरुको छुट्टा छुट्टै प्रक्षेपण गर्दैन।अतः यी उप शीर्षकहरुको प्रक्षेपण का लागि Disaggregate Approach प्रयोग गरिएको थियो। Disaggregate Approach वाट निकालिएको कुल राजस्व कति विस्वासनीय छ भन्ने मुल्याङ्कनका लागि चित्र नं. २८ मा दुवै विधिवाट निकालिएको कुल राजस्वको प्रस्तुतीकरण गरिएको छ। निलो रंगको स्तम्भ चित्रले Aggregate Approach र रातो रंगको स्तम्भ चित्रले Disaggregate Approach वाट निकालिएको कुल राजस्वलाई देखाउछ।रातो रंगको स्तम्भ चित्र निलो रंगको स्तम्भ चित्र भन्दा खासै फरक नदेखिएको, दुवैको प्रवृत्ति समान प्रकृतिको रहेको र भिन्नता पनि झिनो मात्र देखिएको हुदा Disaggregate Approach वाट निकालिएको कुल राजस्वलाई विस्वसनीय मान्न सकिन्छ।

**चित्र नं. २८ दुइ विधिहरुका कुल राजस्व प्रक्षेपणको तुलनात्मक प्रस्तुती**

(दश लाखमा)




स्रोतः समितिको रचना

त्यसैले Disaggregate Approach वाट निकालिएको कुल राजस्वलाई प्रक्षेपित राजस्वका रुपमा गणना गरिने छ।

**समितिले दिएका सुझावहरूको कार्यान्वयनबाट प्राप्त हुने अनुमानित राजस्व**

४२९. समितिले दिएको प्रतिवेदनका सुझावहरू, नीतिगत तथा प्रणालीगत सुधारहरू कार्यान्वयन भएमा माथि प्रक्षेपित राजस्वमा करीव रू.२ खर्ब ९१ अर्ब थप राजस्व परिचालन हुने देखिन्छ। यससम्बन्धी थप राजस्व अनुमानको विवरण अनुसूची १०.२ मा समावेस गरिएको छ।

**१८.४ कर प्रणाली सुधार उच्चस्तरीय सुझाव समितिको सुझाव कार्यन्वयनको समयवद्ध कार्य योजना, २०८०**

४३०. कर प्रणाली सुधार सम्बन्धी उच्चस्तरीय सुझाव समितिले अन्तर्राष्ट्रिय कर प्रणालीमा नेपालको कर प्रणाली, नेपालको राजस्व प्रणालीको विद्यमान अवस्था, राजस्व प्रणालीमा देखिएका समस्याहरू र तिनको समाधानका उपायहरू पहिचान गरी सुधारको प्रतिवेदन तयार गरेको छ। यस प्रतिवेदनमा प्रस्तावित सुधारहरूका आधारमा समितिले नेपालको कर प्रणाली सुधारको कार्य योजना समेत तयार गरेको छ। समग्रमा प्रस्तावित कर सुधारको कार्य योजना कार्यान्वयन हुन सकेमा सार्वजनिक वित्तमा करको उत्पादकत्व बढ्ने, स्रोत परिचालन दिगो हुने, स्वैच्छिक कर अनुपालनामा सुधार हुने र नेपालको कर नीति लगानी मैत्री र उत्पादनमुखी हुने देखिन्छ। साथै, यसबाट कर नीति र करका दरहरुमा स्थिरता आउने, कर प्रशासनका संगठन संरचनाहरु थप विशिष्टकृत एवम् कार्यमूलक हुने, राष्ट्रिय कराधारको संरक्षण भई नेपालको वित्त संरचनामा सवलिकरण भई विकास, प्रशासन र समृद्धिको राष्ट्रिय आकाँक्षा हासिल गर्न सघाँउ पुग्न जाने देखिन्छ। यसबाट नेपालको कर नीति विश्वका कर प्रणालीसँग तुलना गर्न योग्य र कर प्रणाली राष्ट्रिय कराधारको संरक्षण गर्न सक्ने गरी सक्षम र प्रतिस्पर्धी बन्ने अपेक्षा गर्न सकिन्छ। तसर्थ, समिति यो कर प्रणाली सुधारको कार्य योजनालाई प्रतिवेदनका परिच्छेदहरूमा समाविष्ट कर प्रणाली सुधारका विस्तृत सिफारिसहरूलाई समेत मध्यनजर गरी ईमान्दारिता एवम् व्यवसायिकताका आधारमा समय तालिका अनुसार कार्यन्वयन गर्न नेपाल सरकार र अर्थ मन्त्रालयलाई सिफारिश गर्दछ। कर प्रणाली सुधारको समयबद्ध कार्ययोजना देहाय अनुसार तालिका नं.४४ मा राखिएको छ।

## प्रतिवेदन कार्यान्वयनको कार्य योजना

*(तत्कालिन=३ महिना, अल्पकालीन=१.५ वर्ष भित्र, मध्यकालिन =४ वर्ष भित्र, दीर्घकालीन = १० वर्ष भित्र)*

**तालिका नं. ४४ प्रतिवेदन कार्यान्वयनको कार्य योजना**

| सि.न. | मुख्य क्रियाकलाप (Prior Action) | गर्नु पर्ने कार्य (Milestone) | समय तालिका | जिम्मेवारी /निकाय |
|---|---|---|---|---|
| १. | कर प्रणाली सुधार उच्चस्तरीय सुझाव समितिको सुझाव कार्यन्वयनको सन्यन्त्र निर्माण गर्ने। | राजस्व सचिवको संयोजकत्वमा मन्त्रालय र विभागको प्रतिनिधित्व रहने गरी ५ सदस्यीय “कर प्रणाली सुधार सुझाव कार्यान्वयन इकाई” गठन गर्ने। | तत्कालिन | अर्थ मन्त्रालय |
| २. | सङ्घिय राजस्व वोर्डको गठन समवन्धी कानून तर्जुमा गर्ने। | प्रस्ताव गरिएको सङ्घिय राजस्व वोर्ड सम्बन्धी विधेयकको अवधारणापत्र नेपाल सरकार, मन्त्री परिषदले स्वीकृत गर्ने। | अल्पकालीन | नेपाल सरकार मन्त्रिपरिषद |
| | | प्रस्तावित गरिएको सङ्घिय राजस्व वोर्ड सम्बन्धी विधेयक परिमार्जन गरी नेपाल सरकार मन्त्री परिषदमा पेश गर्ने। | अल्पकालीन | अर्थ मन्त्रालय |
| | | सङ्घिय राजस्व वोर्ड सम्बन्धी विधेयक नेपाल सरकार मन्त्री परिषदबाट स्वीकृत गर्ने। | अल्पकालीन | नेपाल सरकार मन्त्रिपरिषद |
| | | प्रस्तावित विधेयक सङ्घिय संसदमा दर्ता गर्ने। | मध्यकालिन | अर्थ मन्त्रालय |
| | | प्रस्तावित विधेयक सङ्घिय संसदबाट स्वीकृत गर्ने। | मध्यकालिन | सङ्घिय संसद |
| ३. | राजस्व प्रशासन व्यवस्थापन, सञ्चालन तथा सुशासन कानून तर्जुमा गर्ने। | राजस्व प्रशासन व्यवस्थापन, सञ्चालन तथा सुशासन विधेयकको संलग्न अनुसूची अनुसारको अवधारणा पत्र नेपाल सरकार मन्त्रिपरिषदबाट स्वीकृत गर्ने। | अल्पकालीन | नेपाल सरकार मन्त्रिपरिषद |
| | | राजस्व प्रशासन व्यवस्थापन, सञ्चालन तथा सुशासन विधेयकको तयार गरी नेपाल सरकार मन्त्रिपरिषदमा पेश | अल्पकालीन | अर्थ मन्त्रालय |

| सि.न. | मुख्य क्रियाकलाप (Prior Action) | गर्नु पर्ने कार्य (Milestone) | समय तालिका | जिम्मेवारी /निकाय |
|---|---|---|---|---|
| | | गर्ने। | | |
| | | राजस्व प्रशासन व्यवस्थापन, सञ्चालन तथा सुशासन विद्येयक नेपाल सरकार मन्त्रिपरिषदले स्वीकृत गर्ने। | अल्पकालीन | नेपाल सरकार मन्त्रिपरिषद |
| | | राजस्व प्रशासन व्यवस्थापन, सञ्चालन तथा सुशासन विद्येयक सङ्घिय संसदमा दर्ता गर्ने। | अल्पकालीन | अर्थ मन्त्रालय |
| | | राजस्व प्रशासन व्यवस्थापन, सञ्चालन तथा सुशासन विद्येयक सङ्घिय संसदबाट स्वीकृत गर्ने। | मध्यकालिन | |
| ४. | सङ्घिय राजस्व बोर्डको संगठन संरचना तयार गर्ने। | सलग्न अनुसूची अनुसारको सङ्घिय राजस्व वोर्ड र अन्तर्गतका अवधारणा अनुसारको संगठन संरचनाको विस्तृतरुपमा संगठन सर्भेक्षण गर्ने। | मध्यकालिन | अर्थ मन्त्रालय तथा विभागहरु |
| | | सङ्घिय राजस्व वोर्ड र अन्तर्गतका अवधारण अनुसारको संगठन संरचनाको संगठनात्मक संरचना नेपाल सरकार मन्त्रिपरिषदबाट स्वीकृत गर्ने। | मध्यकालिन | नेपाल सरकार मन्त्रिपरिषद |
| | | सङ्घिय राजस्व वोर्ड र अन्तर्गतका अवधारण अनुसारको संगठन संरचनाको पुनर्संचना हुने। | मध्यकालिन | अर्थ मन्त्रालय तथा विभागहरु |
| ५. | सङ्घिय राजस्व बोर्डको संगठन संरचनाको लागि जनशक्ति व्यवस्थापन गर्ने। | संगठनात्मक व्यवस्थापनको स्वीकृत संगठन संरचना अनुसारको जनशक्ति आंकलन गरी भर्नाको लागि लोक सेवा सँग माग गर्ने। | मध्यकालिन | अर्थ मन्त्रालय |
| | | लोक सेवाले सङ्घिय राजस्व वोर्ड र अन्तर्गत निकायको लागि विशेष माग भएको जनशक्तिको अग्राधिकार दिई भर्ना गर्ने। | मध्यकालिन | लोक सेवा आयोग |
| ६. | राजस्व सेवा/समुहका सदस्यहरुको | कार्यसम्पादन प्रोत्साहन प्रणाली कार्यान्वयन गर्ने। | मध्यकालिन | नेपाल सरकार |

| सि.न. | मुख्य क्रियाकलाप (Prior Action) | गर्नु पर्ने कार्य (Milestone) | समय तालिका | जिम्मेवारी /निकाय |
|---|---|---|---|---|
| | मनोवल उच्च राख्न, वृत्तिविकासका पर्याप्त अवसरहरु सृजना गर्ने | | | |
| | | राजस्व बोर्डलाई राजस्व सेवा/समुहका कर्मचारीहरुको पारिश्रमिक र सुविधा निर्धारण गर्न सामान्य मापदण्ड (Norms) अन्तर्गत रही स्वायत्तता प्रदान गर्ने | दीर्घकालीन | नेपाल सरकार मन्त्रिपरिषद |
| | | नियुक्ति, कार्यप्रारम्भ (induction), दीर्घकालीन सेवाप्रवेश तालीम, सेवाकालीन व्यावसायिक तालीम, बढुवा, सेवाको सुरक्षा, सुनिश्चितता र सम्मान; सेवा अवधि, सरुवा र पदस्थापनको अनुमानयोग्य निश्चितता (ensured career path), बजारबाट सोझै सेवामा प्रवेश गराउन सकिने छड्के सहितको नियुक्ति प्रक्रिया तथा करार (दीर्घकालीन वा अल्पकालीन) मा विज्ञहरुको सेवा लिन सकिने लगायतका कानुनी प्रबन्धहरु गर्ने। | दीर्घकालीन | नेपाल सरकार मन्त्रिपरिषद |
| ७. | भन्सार विद्येयक स्वीकृत गर्ने। | सङ्घिय संसदमा विचाराधिन रहेको भन्सार विद्येयकको स्विकृतिको लागि पहल गर्ने। | अल्पकालीन | नेपाल सरकार मन्त्रिपरिषद |
| ८. | भन्सार महसुल समवन्धी कानूनको तर्जुमा गर्ने। | भन्सार महसुल सम्बन्धी विद्येयक तर्जुमा गरी नेपाल सरकार सरकार मन्त्रिपरिषदबाट स्वीकृतको लागि पेश गर्ने। | अल्पकालीन | अर्थ मन्त्रालय भन्सार विभाग |
| | | भन्सार महसुल सम्बन्धी विद्येयक नेपाल सरकार मन्त्रिपरिषदबाट स्वीकृत गर्ने। | अल्पकालीन | नेपाल सरकार मन्त्रिपरिषद |
| | | भन्सार महसुल सम्बन्धी विद्येयक सङ्घिय संसदमा दर्ता गर्ने। | अल्पकालीन | अर्थ मन्त्रालय |

| सि.न. | मुख्य क्रियाकलाप (Prior Action) | गर्नु पर्ने कार्य (Milestone) | समय तालिका | जिम्मेवारी /निकाय |
|---|---|---|---|---|
| | | भन्सार महसुल समवन्धी विद्येयक सङ्घिय संसदबाट स्वीकृत गर्ने। | मध्यकालिन | सङ्घिय संसद |
| ९. | सङ्घिय राजस्व नीति तर्जुमा गर्ने। | प्रतिवेदनमा प्रस्तावित नेपालको दीर्घकालीन सोच सहितको अवधारणा पत्रको आधारमा सङ्घिय राजस्व नीतिको मस्यौदा तयार गरी नेपाल सरकार मन्त्रिपरिदमा पेश गर्ने। | अल्पकालीन | अर्थ मन्त्रालय |
| | | सङ्घिय राजस्व नीतिको मस्यौदा नेपाल सरकार मन्त्रिपरिदबाट स्वीकृत गर्ने। | अल्पकालीन | नेपाल सरकार मन्त्रिपरिद |
| १०. | राष्ट्रिय राजस्व परिचालन १० वर्षे रणनीति तयार गर्ने। | राष्ट्रिय राजस्व परिचालन रणनीति मस्यौदा तयार गरी मन्त्रिपरिषदमा पेश गर्ने। | अल्पकालीन | अर्थ मन्त्रालय |
| | | राष्ट्रिय राजस्व परिचालन रणनीति स्वीकृत गर्ने। | अल्पकालीन | नेपाल सरकार मन्त्रिपरिषद |
| ११. | मूल्य अभिवृद्धि कर कानूनलाई समय सापेक्ष बनाउने गरी संशोधित कानून तर्जुमा गर्ने। | मूल्य अभिवृद्धि कर कानूनलाई डिजिटल अर्थतन्त्र तथा हरित अर्थतन्त्रको कारणबाट परेको करको आधार क्षेयिकरण कम गर्न तथा कर छुटको अनुसूची पुनरवलोकन गरी कर प्रणालीलाई सक्षम हुने गरी संशोधन गर्ने गरी कानुन संशोधन प्रस्ताव तयार गर्ने। | अल्पकालीन | अर्थ मन्त्रालय आन्तरिक राजस्व विभाग |
| | | मूल्य अभिवृद्धि कर कानूनको कानुन संशोधन प्रस्ताव तयार गरी स्वीकृतको लागि मन्त्रिपरिषदमा प्रस्ताव पेश गर्ने। | अल्पकालीन | अर्थ मन्त्रालय |
| | | मूल्य अभिवृद्धि कर कानूनको कानुनको संशोधन प्रस्ताव मन्त्रिपरिषदबाट स्वीकृत गर्ने। | अल्पकालीन | नेपाल सरकार मन्त्रिपरिषद |
| | | मूल्य अभिवृद्धि कर कानूनको कानुन संशोधन प्रस्ताव सङ्घिय संसदमा दर्ता गर्ने। | मध्यकालिन | अर्थ मन्त्रालय |

| सि.न. | मुख्य क्रियाकलाप (Prior Action) | गर्नु पर्ने कार्य (Milestone) | समय तालिका | जिम्मेवारी /निकाय |
|---|---|---|---|---|
| | | मूल्य अभिवृद्धि कर कानूनको विद्येयक सङ्घिय संसदबाट स्वीकृत गर्ने | मध्यकालिन | सङ्घिय संसद |
| १२. | केहि नेपाल ऐन संशोधनका माध्यमबाट हाल सम्म सालवसाली आर्थिक ऐनबाट आयकर ऐन, २०५८ अन्तशुल्क ऐन, २०५८ भएका संशोधनको तत् तत् कानूनमा संशोधन गर्ने। | आर्थिक ऐनबाट आयकर ऐन, २०५८ तथा अन्तशुल्क ऐन, २०५८ भएका संशोधन भएका विषयको हकमा प्रचलित अभ्यास कराधारको संरक्षण तथा करको आधार फराकिलो बनाउने र सालवसालि कानूनबाट सारभूत परिवर्तन समेत गर्न नपाउने गरी एकिकृत कानून संशोधनको प्रस्ताव तयार गरी नेपाल सरकार मन्त्रिपरिषदमा पेश गर्ने। | अल्पकालीन | अर्थ मन्त्रालय आन्तरिक राजस्व विभाग |
| | | आर्थिक ऐनबाट आयकर ऐन, २०५८ तथा अन्तशुल्क ऐन, २०५८ भएका संशोधन भएका विषयको एकिकृत कानून संशोधनको प्रस्ताव तयार गरी नेपाल सरकार मन्त्रिपरिषदबाट स्वीकृत गर्ने। | अल्पकालीन | नेपाल सरकार मन्त्रिपरिषद |
| | | आर्थिक ऐनबाट आयकर ऐन, २०५८ तथा अन्तशुल्क ऐन, २०५८ एकिकृत कानून संशोधनको विद्येयक सङ्घिय संसदमा दर्ता गर्ने। | अल्पकालीन | अर्थ मन्त्रालय |
| | | आर्थिक ऐनबाट आयकर ऐन, २०५८ तथा अन्तशुल्क ऐन, २०५८ एकिकृत कानून संशोधनको विद्येयक सङ्घिय संसदबाट स्वीकृत गर्ने। | मध्यकालिन | सङ्घिय संसद |
| १३. | गैरकर तथा सम्पत्ती व्यवस्थापन सम्बन्धी नीति र एकिकृत कानून तर्जुमा गर्ने। | गैर करको क्षेत्रका लगानी नीतिमा रोयल्टि, व्याज र लाभांशका वारेमा स्पष्ट भएको छाता नीति तर्जूमा गर्ने। | अल्पकालीन | नेपाल सरकार मन्त्रिपरिषद |

| सि.न. | मुख्य क्रियाकलाप (Prior Action) | गर्नु पर्ने कार्य (Milestone) | समय तालिका | जिम्मेवारी /निकाय |
|---|---|---|---|---|
| | | गैरकर तथा सम्पत्ती व्यवस्थापन सम्बन्धी एकिकृत कानून तर्जुमा गर्नको लागि सैद्धान्तिक अवधारण पत्र नेपाल सरकार मन्त्रिपरिदबाट स्वीकृत गर्ने। | अल्पकालीन | नेपाल सरकार मन्त्रिपरिषद |
| | | गैरकर तथा सम्पत्ती व्यवस्थापन सम्बन्धी एकिकृत कानूनको विधेयक तर्जुमा गरी स्विकृतिको लागि नेपाल सरकार मन्त्रिपरिदमा पेश गर्ने। | अल्पकालीन | अर्थ मन्त्रालय |
| | | गैरकर तथा सम्पत्ती व्यवस्थापन सम्बन्धी एकिकृत कानूनको विधेयक तर्जुमा गरी स्विकृतिको लागि नेपाल सरकार मन्त्रिपरिदबाट स्वीकृत गर्ने। | अल्पकालीन | नेपाल सरकार मन्त्रिपरिषद |
| | | गैरकर तथा सम्पत्ती व्यवस्थापन सम्बन्धी एकिकृत कानूनको विधेयक सङ्घिय संसदमा दर्ता गर्ने। | अल्पकालीन | अर्थ मन्त्रालय |
| | | गैरकर तथा सम्पत्ती व्यवस्थापन सम्बन्धी एकिकृत कानूनको विधेयक सङ्घिय संसदबाट स्वीकृत गर्ने। | मध्यकालिन | सङ्घिय संसद |
| १४. | वित्तीय सङ्घियता कार्यान्वयनको समन्वय र सहकार्यको राष्ट्रिय रणनीति तयार गर्ने। | वित्तीय सङ्घियता कार्यान्वयनको समन्वय र सहकार्यको राष्ट्रिय रणनीतिको मस्यौदा तयार गर्ने। | अल्पकालीन | अर्थमन्त्रालय र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग |
| | | वित्तीय सङ्घियता कार्यान्वयनको समन्वय र सहकार्यको राष्ट्रिय रणनीति स्वीकृत गर्ने। | अल्पकालीन | नेपाल सरकार मन्त्रिपरिषद |
| १५. | अन्तर सरकार वित्त व्यवस्थापन कानूनको पुनरावलोकन गरी संशोधन गर्ने। | अन्तर सरकार वित्त व्यवस्थापन कानूनको पुनरावलोकन गरी संशोधन गर्ने विधेयकको मस्यौदा नेपाल सरकार मन्त्रिपरिदमा पेश गर्ने। | मध्यकालिन | अर्थमन्त्रालय र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग |

| सि.न. | मुख्य क्रियाकलाप (Prior Action) | गर्नु पर्ने कार्य (Milestone) | समय तालिका | जिम्मेवारी /निकाय |
|---|---|---|---|---|
| | | अन्तर सरकार वित्त व्यवस्थापन कानूनको पुनरावलोकन गरी संशोधन गर्ने विधेयक नेपाल सरकार मन्त्रिपरिदबाट स्वीकृत गर्ने। | मध्यकालिन | नेपाल सरकार मन्त्रिपरिषद |
| | | अन्तर सरकार वित्त व्यवस्थापन कानूनको पुनरावलोकन गरी संशोधन गर्ने विधेयक सङ्घिय संसदमा दर्ता गर्ने। | मध्यकालिन | अर्थ मन्त्रालय |
| | | अन्तर सरकार वित्त व्यवस्थापन कानूनको पुनरावलोकन गरी संशोधन गर्ने विधेयक स्वीकृत गर्ने। | मध्यकालिन | सङ्घिय संसद |
| १६. | प्रदेश र स्थानीय तहको लागि एकल कर प्रशासन सम्बन्धी नमुना कानुनको संहिता तयार गर्ने | प्रदेश र स्थानीय तहको लागि एकल कर प्रशासन समवन्धि नमुना कानुनको संहिता तयार गर्ने | मध्यकालिन | अर्थ मन्त्रालय |
| १७. | कर प्रशासन तथा व्यवस्थापनको कुशलता र कर प्रणाली सहजीकरणको एकिकृत कर प्रणाली सहजीकरण निर्देशिका तयार गर्ने। | कर प्रशासन तथा व्यवस्थापनको कुशलता र कर प्रणाली सहजीकरणको एकिकृत कर प्रणाली सहजीकरण निर्देशिकाको मस्यौदा तयार गर्ने। | मध्यकालिन | अर्थ मन्त्रालय तथा आन्तरिक राजस्व विभाग |
| | | कर प्रशासन तथा व्यवस्थापनको कुशलता र कर प्रणाली सहजीकरणको एकिकृत कर प्रणाली सहजीकरण निर्देशिका स्वीकृत गर्ने। | मध्यकालिन | अर्थ मन्त्रालय |
| | साविकका कर छुट दिने व्यवस्था पुनरावलोकन गर्ने। | प्रस्तावित सुझाव अनुसार आर्थिक ऐन र प्रचलित ऐनले दिएका छुटहरुको प्रभाव अध्ययन गरी क्रमिक रुपमा कटौती गरी भन्सार महसुलको आधार विस्तार गर्ने | अल्पकालीन देखि मध्यकालिनसम्म | अर्थ मन्त्रालय |
| | | आयकर ऐन,२०५८ दफा ११ अत्यवश्यक र जन कल्याणका विषय बाहेकका अन्य कर छुटका प्रवन्धहरुमा नीतिगत घोषणा भएका छुटहरु सोहि समय देखि र | मध्यकालिन | नेपाल सरकार मन्त्रिपरिषद र अर्थ मन्त्रालय |

| सि.न. | मुख्य क्रियाकलाप (Prior Action) | गर्नु पर्ने कार्य (Milestone) | समय तालिका | जिम्मेवारी /निकाय |
|---|---|---|---|---|
| | | अन्यको हकमा कर छुट नहुने नीति लिई भविश्यदर्शी कानुनको संशोधन गर्ने। | | |
| | | मूल्य अभिवृद्धि करको कर छुटको सूचिको पुनरावलोकन गरी क्रमश कार्यान्वयन गर्ने। | अल्पकालीन | नेपाल सरकार अर्थ मन्त्रालय |
| | | आयोजना छुटलाई न्यून कर तथा भन्सारका दर कायम गरी कर खर्च प्रणालीबाट हुने गरी कानुन संशोधन गर्ने। | अल्पकालीन | नेपाल सरकार अर्थ मन्त्रालय |
| | | प्राकृतिक विपत्ति, महामारी, कावु बाहिरको परिस्थिति सिर्जना तथा समष्टिगत आर्थिक संकटहरु देखिएको अवस्थामा मात्र सरकारले प्रयोगको मापदण्ड बनाएर आर्थिक ऐनबाट राजस्व छुट दिने व्यवस्था गर्ने। | अल्पकालीन | नेपाल सरकार अर्थ मन्त्रालय |
| | | साफ्टाको प्रावधानहरू पुनरावलोकन गर्ने। | अल्पकालीन | अर्थ मन्त्रालय |
| | | वैंक, वित्त तथा बिमाको Merger and Acquisitions १८ वर्ष देखीको कर छुटको कानुनी व्यवस्था खारेज गर्ने। | अल्पकालीन | अर्थ मन्त्रालय |
| | | मुख्य आर्थिक वृद्धिका सम्वाहक क्षेत्र (Key Growth Sector) र हरित अर्थतन्त्रका विकासका क्षेत्रमा र व्यापक मात्रामा रोजगारी सिर्जना गर्ने व्यवसायमा सहुलियतपूर्ण करको दर, सीमा विहिन खर्चको नोक्सानी सार्न पाउने, ह्रास खर्चको लेखाङ्कन सोही वर्ष नै गर्न पाउने, अनुसन्धान तथा प्रदुषण नियन्त्रणका सवै खर्च सवै सोही वर्ष लेखाङ्कन गर्न दिने | अल्पकालीन | अर्थ मन्त्रालय |
| १८. | आय करका दरहरुको पुनर्संचना गरी घटाउदै जाने। | व्यक्तिगत आयकरको दरलाई १०, २० र २५ गर्ने र वार्षिक रु ४० लाख भन्दा बढी आय हुनेलाई अतिरिक्त | अल्पकालीन | अर्थ मन्त्रालय |

| सि.न. | मुख्य क्रियाकलाप (Prior Action) | गर्नु पर्ने कार्य (Milestone) | समय तालिका | जिम्मेवारी /निकाय |
|---|---|---|---|---|
| | | २० प्रतिशतको सरचार्ज लगाउने। | | |
| | | प्राकृतिक व्यक्तिको रु.५० लाख भन्दा माथिको व्याज, लाभांश र दीर्घकालीन पुँजीगत लाभमा दश बर्षसम्म १० प्रतिशत पुऱ्याउने। | अल्पकाल देखी दीर्घकालसम्म निरन्तर। | अर्थ मन्त्रालय |
| | | धितोपत्र खरिद बिकीमा भएको लाभको ३६५ दिन भन्दा बढीकोमा ७.५ प्रतिशत र ३६५ दिन वा सो भन्दा कम अवधिको हितको निसर्गमा १० प्रतिशतको आयकरको दर कायम गर्ने। | अल्पकालीन | |
| | | कर छुटको सीमा भन्दा बढी रोजगारी, व्यवसाय र लगानी आय हुने प्राकृतिक व्यक्तिलाई अनिवार्यरुपमा आय विवरण पेश गर्ने व्यवस्था कार्यान्वयन गर्ने। | मध्यकालिन | आन्तरिक राजस्व विभाग |
| | | रोजगारी व्यवसाय र लगानी आय हुने प्राकृतिक व्यक्तिलाई अनिवार्यरुपमा आय विबरण लिने र वार्षिक ४० लाख भन्दा बढि आय भएकालाई व्याज आय र लाभांशको आयलाई आय गणनामा आय रकम नै क्रेडिट दिने र अन्य आय हुनेलाई अन्तिम करको स्लाव अनुसार कर गणना गर्ने प्रणाली लागु गर्ने। | दीर्घकालीन | आन्तरिक राजस्व विभाग |
| | | घरजग्गा, शेयर र विभिन्न सम्पत्तिको खरिद बिक्री गरिरहेकोले यस्तो सम्पत्तिको निसर्गवाट प्राप्त बार्षिक कारोबार अंक तथा कारोबारको पटक संख्याको सीमा तोकी त्यस्तो विक्री/निसर्गवाट प्राप्त लाभलाई व्यवसायिक आय मान्ने व्यवस्था गर्ने | अल्पकालीन | अर्थ मन्त्रालय आन्तरिक राजस्व विभाग |

| सि.न. | मुख्य क्रियाकलाप (Prior Action) | गर्नु पर्ने कार्य (Milestone) | समय तालिका | जिम्मेवारी /निकाय |
|---|---|---|---|---|
| | | संस्थागत आयकरको दर घटाउदै जाने क्रममा करको दरलाई प्रत्येक वर्ष १ प्रतिशतले कम गरी हालको २५ प्रतिशतबाट २० प्रतिशतमा ल्याउने। | मध्यकालिन | अर्थ मन्त्रालय |
| | | संस्थागत करको यो दरलाई आगामी १० वर्षको लागि स्थिर राख्ने नीतिगत घोषणा गर्ने। | दीर्घकालसम्म | अर्थ मन्त्रालय |
| | | मदिरा तथा सुर्तिजन्य र बैक तथा वित्तीय संस्थाहरुलाई लागि रहेको ३० प्रतिशतको संस्थागत करको दरलाई यथावत राख्ने। | दीर्घकालसम्म | अर्थ मन्त्रालय |
| | | निर्यातमूलक व्यापार तथा व्यवसायलाई आयकरको दर १० प्रतिशत गर्ने | अल्पकालीन | अर्थ मन्त्रालय |
| | | न्यूनतम् वैकल्पिक कर कुल कारोवारको २ प्रतिशत कर लगाउने व्यवस्था गर्ने। | अल्पकालीन | अर्थ मन्त्रालय |
| | | हाल लागेको एक प्रतिशतको सामाजिक सुरक्षा करलाई खारेज गरी व्यक्तिगत आयको कर योग्य आयमा शुरुको १० वर्षसम्म ३ प्रतिशतको दरबाट सामाजिक सुरक्षा योगदान कर लगाउने। | अल्पकालीन | अर्थ मन्त्रालय |
| | | सामाजिक सुरक्षा योगदान करको दरलाई ५ प्रतिशत पुऱ्याउने। | दीर्घकाल | अर्थ मन्त्रालय |
| १९. | आयकरको दायरा वृद्धि गर्ने | न्यूनतम् वैकल्पिक कर (Minimum Alternative Tax-MAT) को अवधारणा लागु गर्ने, छुट पाएका उद्योगको छुट अवधि सकिए पछि र वाँकी सबै करदातालाई कुल कारोवारको न्यूनतम २ प्रतिशत कर लगाउने। | अल्पकालीनबाट निरन्तर। | अर्थ मन्त्रालय |

| सि.न. | मुख्य क्रियाकलाप (Prior Action) | गर्नु पर्ने कार्य (Milestone) | समय तालिका | जिम्मेवारी /निकाय |
|---|---|---|---|---|
| २०. | मूल्य अभिवृद्धि करको दर तथा अन्य व्यवस्थामा सुधार | मूल्य अभिवृद्धि करको दर विश्व औसत मूल्य अभिवृद्धि करको दर भन्दा निकै कम भएता पनि आगामी पांच वर्ष सम्म स्थिर राख्ने। | मध्यकालसम्म | अर्थ मन्त्रालय |
| | | मूल्य अभिवृद्धि करको दरको समवन्धमा थप अध्ययन गर्ने। | दीर्घकालीन | अर्थ मन्त्रालय |
| | | कर छुटको अनुसूचीमा शुरुको वर्षको तुलनामा कर छुटको वस्तु र सेवा थप हुँदै गएकाले यो अनुसूचीमा पुनरावलोकन गर्ने | अल्पकालीन देखि मध्यकालिनसम्म | अर्थ मन्त्रालय |
| २१. | भन्सार महसुल दरवन्दीलाई आन्तरिक उत्पादनको संरक्षण, अर्थतन्त्रको लागत कम गर्ने, राजस्व जोखिम कम हुने गरी अध्ययन तथा विश्लेषणका आधारमा पुनर्संरचना गर्ने | विद्यमान ११ वटा भन्सार दरका तहहरूलाई बढीमा ६ तहमा सीमित गर्ने। यसरी सीमित गर्दा देहाय अनुसार दरवन्दी सुधार गर्नेः<br>➢ उच्च दरको महसुलबाट हुने संरक्षणले घरेलु उद्योगको प्रतिस्पर्धी क्षमता घटाउने र उद्योगलाई निर्यात उन्मुख हुनबाट हतोत्साहित गर्ने भएकाले निश्चित तयारी वस्तुको उच्च भन्सार दर र कच्चा पदार्थको भन्सार दर बीचको अन्तरलाई साँघुरो बनाउँदै लैजाने।<br>➢ उद्योगले वस्तु उत्पादनको प्रयोग गर्ने कच्चा पदार्थ, माध्यमिक वस्तु तथा प्याकेजिङ्ग सामग्री तथा तयारी वस्तु पैठारी गर्दा उत्पादनको तह अनुसार महसुल दर तोक्ने,<br>➢ विश्व व्यापार संगठनको सदस्यता लिंदा गरिएको प्रतिबद्धताको सीमाभित्र दरवन्दी कायम गर्ने, | अल्पकालीन | अर्थ मन्त्रालय |

| सि.न. | मुख्य क्रियाकलाप (Prior Action) | गर्नु पर्ने कार्य (Milestone) | समय तालिका | जिम्मेवारी /निकाय |
|---|---|---|---|---|
| २२. | भन्सारका दरहरू कम गरी पारदर्शी बनाउने, | भन्सारका दरहरू क्रमशः देहायका चरणहरूमा समायोजन गर्दै जानेः<br>➢ पहिलो चरणमा बढीमा ४० प्रतिशतमा दरबन्दी कायम गर्ने र १ प्रतिशतलाई शून्यमा झार्ने,<br>➢ दोश्रो चरणमा स्ल्याबहरू ०, ५, १०, २०, ३० कायम गर्ने।<br>➢ तेश्रो चरणको ०, १० र २० स्ल्याबको दरबन्दी कायम गर्ने। | मध्यकालिन | अर्थ मन्त्रालय |
| | | निकासी तर्फ राजस्वमा कुनै योगदान नभएका र निकासीमै प्रतिबन्धित वस्तुको भन्सार दर हटाउनु वा घटाउनु पर्ने। | मध्यकालिन | अर्थ मन्त्रालय |
| | | नेपालले उच्च निकासी गरिरहेको निकासीजन्य वस्तुहरू जस्तै चियाको पैठारीमा नेपालले लगाएको पैठारी महसुल दर र सन्दर्भ मूल्य सूचीको प्रयोगले निकासी मुलुकहरूले आफ्ना मालवस्तुको निकासीलाई प्रवर्द्धन गर्न नेपालको पैठारी अवरूद्ध गर्ने सम्भावना भएकोले पुनरावलोकन गर्ने। | | अर्थ मन्त्रालय |
| | | विद्युतीय सवारी साधनको पैठारीको प्रयोगबाट समग्र अर्थतन्त्रमा प्राप्त हुने लाभ, अन्तर्राष्ट्रिय अभ्यास, छिमेकी मुलुकहरूले अवलम्बन गरेको नीतिको अध्ययन विश्लेषण गरी विद्युतीय सवारीसाधन र गैर विद्युतीय सवारीसाधनको दरमा रहेको अत्यधिक फरकलाई समायोजन गर्दै जाने र सबै सवारी साधनमा आधारभूत भन्सारको दर एउटै राखी कार्बन उत्सर्जन गर्ने सवारी साधनमा “हरित कर (Green Tax)” थप लगाउने जस्ता विकल्पहरूमा अध्ययन गरी | अल्पकालीन बाट मध्यकालिनसम्म। | अर्थ मन्त्रालय |

| सि.न. | मुख्य क्रियाकलाप (Prior Action) | गर्नु पर्ने कार्य (Milestone) | समय तालिका | जिम्मेवारी /निकाय |
|---|---|---|---|---|
| | | निष्कर्षमा पुग्ने। | | |
| २३. | अन्तशुल्क दरको समायोजन तथा पुनर्संचना | स्वास्थ्य तथा वातावरणलाई हानी गर्ने र प्रकृतिजन्य वस्तुमा अन्तःशुल्क वृद्धि गर्ने र अन्य वस्तुहरूमा लागेको अन्तःशुल्क हटाउने। | अल्पकालीन | अर्थ मन्त्रालय |
| | | निर्दिष्ट दर बाट शुल्क लगाउनको सट्टामा Advalorem Rate बाट दरहरू क्रमश कायम गर्दै जाने। | अल्पकालीन | अर्थ मन्त्रालय |
| | | पैठारीमा लगाएको अन्तःशुल्क समान घरेलु उत्पादनमा पनि अन्तःशुल्क लगाउने। | अल्पकालीन | अर्थ मन्त्रालय |
| | | हरित करले समेटने वस्तुमा सोही कर लगाई अन्तःशुल्क लागिरहेको वस्तुहरू हटाउने | अल्पकालीन | अर्थ मन्त्रालय |
| २४. | हरित करको अवधारणाको विकास गर्ने | कार्बन उत्सर्जन गर्ने वस्तुहरूमा हरित करको अवधारणा विकास गर्ने र हाल लागेका अन्तशुल्क यस वर्गमा सार्ने। | अल्पकालीन | अर्थ मन्त्रालय |
| | डिजिटल अर्थतन्त्रमा करारोपण गर्ने | नेपालीले कम्पनी तथा फर्मलाई आगामी दश वर्ष सम्मलाई निकासी सरहको आयकरका दर स्थिर राख्ने। अन्तर्राष्ट्रिय भुक्तानी गेट-वे प्रणालीलाई सहज बनाउने। मोवाईल वालेट तथा फोन पेको अधिकतम सीमा बढाउने। | अल्पकालीन | अर्थ मन्त्रालय र आन्तरिक राजस्व विभाग |
| | | विदेशमा नेपालीहरूले विकास गरेका सफ्टवेयर आदिको खरिदमा प्राथमिकता दिने। | अल्पकालीन | सवै मन्त्रालय |
| | | बिद्युतीय माध्यमवाट सिधै वस्तु तथा सेवाको आपूर्ति गर्ने गैर बासिन्दालाई दर्ताको प्रवन्ध गर्ने। | अल्पकालीन | आन्तरिक राजस्व विभाग |
| | | अन्तर्राष्ट्रिय भुक्तानी गेट-वे प्रणालीलाई सहज बनाउने। | अल्पकालीन | नेपाल राष्ट्र वैक |

| सि.न. | मुख्य क्रियाकलाप (Prior Action) | गर्नु पर्ने कार्य (Milestone) | समय तालिका | जिम्मेवारी /निकाय |
|---|---|---|---|---|
| | | मोवाईल वालेट तथा फोन पेको अधिकतम सीमा बढाउने। | अल्पकालीन | नेपाल राष्ट्र वैक |
| | | सूचना प्रविधिको कामको लागि यस क्षेत्रका व्यवशायिक कम्पनि तथा व्यक्तिले विदेशि मुद्रा आर्जन गरेको रकम यो व्यसायको लागि विदेशि मुद्रा विदेशमा भुक्तानी गर्नु पर्ने भएमा निश्चित प्रतिशत विन सिफारिश सम्म निजको खाताबाट विदेशमा भुक्तानी गर्न दिने प्रवन्ध मिलाउने। | अल्पकालीन | नेपाल राष्ट्र वैक |
| २५. | गैरकरका नीतिबाट करको आधार विस्तार र करका दरहरूको पुनर्संचना गर्ने | सार्वजनिक लगानीको प्रतिफल र सम्पत्ति व्यवस्थापनको प्रतिफल वजार सिद्धान्तको आधारमा राज्यले लिनुपर्ने। | अल्पकालीन | अर्थ मन्त्रालय |
| | | सार्वजनिक-निजी साझेदारीका वा निजी क्षेत्र मार्फत सञ्चालन हुने जलविद्युत आयोजनाहरूको सम्झौता हुँदा आयोजना फिर्ता हुन थाले पछि प्राप्त हुने राजस्व र लाभको मूल्याङ्कन गरी नगद प्रवाहलाई सञ्चित कोषमा दाखिला गर्ने गरी नीतिगत प्रवन्ध मिलाउने। | अल्पकालीन | अर्थ मन्त्रालय |
| | | निजी क्षेत्र मार्फत सेवा प्रवाह, संचालन तथा व्यवस्थापन गरिने तर सार्वजनिक सम्पत्तिको बोलकवोलको सूचनाका माध्यमबाट इजाजतपत्र जारी गर्ने नीति लागु गर्ने। | अल्पकालीन | अर्थ मन्त्रालय |
| | | गैर करका दरहरूको आधार तय गर्दा लगानीको आर्थिक दक्षताको आधारमा तय गर्ने। | अल्पकालीन | अर्थ मन्त्रालय |
| | | संस्थाहरूको गर्नु पर्ने वैधानिक कोषको प्रवन्ध बाहेक बाँकी सवै रकम लाभांशको रुपमा सञ्चित कोषमा दाखिला गर्ने। | अल्पकालीन | अर्थ मन्त्रालय |

| सि.न. | मुख्य क्रियाकलाप (Prior Action) | गर्नु पर्ने कार्य (Milestone) | समय तालिका | जिम्मेवारी /निकाय |
|---|---|---|---|---|
| | | सरकारले लगानी गर्ने सस्थाको लाभांश रोयल्टि व्याज समवन्धको लगानी र प्रतिफल प्राप्त गर्ने नीति र प्रतिफल दरको निर्धारण गर्ने। | अल्पकालीन | अर्थ मन्त्रालय |
| | | नियामक निकायको वजेट विनयोजन मार्फत दिने वा न्युनतम रकम सञ्चालन खर्च छुट्टयाई वाँकि रकम राजस्व खातामा दाखिला गराउने। | अल्पकालीन | अर्थ मन्त्रालय |
| | | सरकारी कोषहरू सञ्चालन गर्ने निकायलाई सरकारको दीर्घकालीन वण्ड वा विशेष आयोजनाको लगानी गर्ने गरी नीति लिई कार्यान्वयन गर्ने। | अल्पकालीन | अर्थ मन्त्रालय |
| | | सार्वजनिक निजी साझेदारीका आयोजनाको अनुमति समाप्ति पछि हस्तान्तरण हुने आयोजनाको संचालन तथा व्यवस्थापनको अवधारणा र लाभको वाँडफाँटको नीति र प्रणाली बनाउने। | अल्पकालीन | अर्थ मन्त्रालय लगानी वोर्ड र विषयगत मन्त्रालय |
| | | हस्तान्तरण भएपछिका सार्वजनिक निजी साझेदारीका आयोजना सञ्चालन गर्ने कम्पनीमा निश्चित प्रतिशत शेयर सर्वसाधारणलाई जारी गर्ने व्यवस्था गर्ने। | अल्पकालीन | अर्थ मन्त्रालय |
| २६. | करका प्रक्रियामा सरलीकरण र स्वचालित प्रणाली कार्यान्वयन गर्ने। | करका सवै काममा एकिकृत सूचना प्रविधिको उच्चतम उपयोग गरी कर संकलन वृद्धि गर्न र कर सहभागिता लागत घटाउने गरी कर प्रणाली सुधार गर्ने। । | अल्पकालीन | आन्तरिक राजस्व र भन्सार विभाग |
| | | अनौपचारिक अर्थतन्त्रलाई करको दायरामा ल्याउन भुक्तानी कार्डहरू, विद्युतीय माध्यम र चेकबाट भुक्तानीलाई प्रोत्साहित गर्ने। | अल्पकालीन | अर्थ मन्त्रालय नेपाल राष्ट्र वैक |

| सि.न. | मुख्य क्रियाकलाप (Prior Action) | गर्नु पर्ने कार्य (Milestone) | समय तालिका | जिम्मेवारी /निकाय |
|---|---|---|---|---|
| | | बैंकिङ कारोवारलाई प्रवर्द्धन गर्ने र बैंक खातामा स्थायी लेखा नम्वरमा आवद्ध गर्ने | अल्पकालीन | नेपाल राष्ट्र बैक आन्तरिक राजस्व विभाग |
| | | नेपालको कराधारको क्षयीकरण रोक्न आन्तरिक राजस्व विभागमा जनशक्ति सहितको विशिष्टकृत संरचना बनाउने | अल्पकालीन | आन्तरिक राजस्व विभाग |
| | | आशिकुडा प्रणालीबाट मूल्याङ्कनको यथार्थ डाटाबेस निर्माण गर्दा कम जोखिम युक्त वस्तुको Tariff Specification Code निर्माण गरी आशिकुडा प्राणलीको Selectivity Module लाई भन्सार मूल्याङ्कनको दृष्टिबाट समेत Green, Yellow, Blue, Red Lane मा प्रज्ञापनपत्र छनौट हुने गरी प्रणाली विकास गर्नु | अल्पकालीन | भन्सार विभाग |
| | | भन्सार जाँचपासलाई कागजविहीन, भौतिक सम्पर्क विहीन र अदृश्य कार्यसम्पादन स्तरमा रूपान्तरण गर्ने | अल्पकालीन | भन्सार विभाग |
| | | अर्थ मन्त्रालय अन्तरगत सञ्चालित विभिन्न प्रणालीहरू बीच Interoperability को विकास गर्ने। | अल्पकालीन | अर्थ मन्त्रालय |
| | | अन्तर्राष्ट्रिय तथा राष्ट्रिय अनुभवी संस्थाबाट सूचना प्रणालीको Functional र Technical Audit गरी तदनुरूप प्रणालीलाई परिमार्जन गर्ने। | अल्पकालीन | अर्थ मन्त्रालय |
| २७. | स्वैच्छिक कर परिपालनालाई प्रोत्साहित गर्ने। | भन्सार र आन्तरिक राजस्व विभागको स्वैच्छिक कर अनुपालनको फ्रेमवर्क वनाउने। | अल्पकालीन | आन्तरिक राजस्व र भन्सार विभाग |
| | | कर अनुपालना र कर जोखिम व्यवस्थापन : Taxpayers Information Management System-TIMS विकास गर्ने। | अल्पकालीन | आन्तरिक राजस्व विभाग र भन्सार विभाग |

| सि.न. | मुख्य क्रियाकलाप (Prior Action) | गर्नु पर्ने कार्य (Milestone) | समय तालिका | जिम्मेवारी /निकाय |
|---|---|---|---|---|
| | | एकीकृत कर जोखिम व्यवस्थापन गर्न Artificial Intelligence-AI को प्रयोग गर्ने। | अल्पकालीन | आन्तरिक राजस्व विभाग र भन्सार विभाग |
| | | आन्तरिक राजस्व विभागको केन्द्रीय बीजक अनुगमन प्रणाली र भन्सारको आसिकुडा वर्ल्डबीच API मार्फत स्वचालितरुपमा पैठारी विवरण तथा करदाताका खरिद एवं बिक्री खाताका विवरणहरू आदानप्रदान गर्ने प्रणालीको विकास गर्ने। | अल्पकालीन | आन्तरिक राजस्व विभाग र भन्सार विभाग |
| | | कर परीक्षण एवं अनुसन्धानको माध्यमबाट राजस्व परिचालनमा सुधार गर्ने। Faceless Audit पद्धतिलाई कार्यान्वयनमा ल्याउने। | अल्पकालीन | आन्तरिक राजस्व विभाग |
| | | एकीकृत व्यवसायको दर्ता, खारेजी वा व्यवसायको समापन गर्ने गरी प्रणालीको विकास गर्ने। | अल्पकालीन | अर्थमन्त्रालय र अन्तर्गतका निकाय र उद्योग बाणिज्य तथा आपूर्ति भन्त्रालय |
| | | मूल्य अभिवृद्धि करको वस्तु वर्गिकरण अनुसारको विलिङ्ग प्रणालीमा सुधार गर्ने। | अल्पकालीन | आन्तरिक राजस्व विभाग |
| | | संगठितरुपमा भएका व्यापारिक छली तथा अवैध व्यापारको नियन्त्रण कर अनुसन्धान गर्ने। | निरन्तर | आन्तरिक राजस्व विभाग |
| | | सुर्तिजन्य, मदिरा तथा वियर जस्तामा दुर-नियन्त्रण गर्न प्रविधिको प्रयोग गर्न गराउने। | अल्पकालीन | आन्तरिक राजस्व विभाग |

| सि.न. | मुख्य क्रियाकलाप (Prior Action) | गर्नु पर्ने कार्य (Milestone) | समय तालिका | जिम्मेवारी /निकाय |
|---|---|---|---|---|
| | | निकासी हुने मालवस्तु पनि यथार्थ उत्पादन मूल्य प्रतिविम्बित हुने गरी घोषणाा गराउने | अल्पकालीन | भन्सार विभाग |
| | | नक्कली बिल वीजकलाई नियन्त्रण गर्न भन्सार जाँचपासमा मूल्याङ्कन छल नियन्त्रण गर्ने गरी अलग कार्यविधि बनाई नक्कली बिल वीजकलाई जालसाँजी र व्यापारिक छल अनुसार कारबाही गर्ने परिपाटी विकास गर्ने। | अल्पकालीन | भन्सार विभाग |
| | | भन्सार कार्यालयलाई भन्सार क्षेत्रभित्रको चोरी पैठारी वा चोरी निकासी नियन्त्रणमा जिम्मेवारी बनाउने, सशस्त्र प्रहरीको बोर्डर आउट पोष्ट थप गरी सीमा सुरक्षाको साथै भन्सार क्षेत्र बाहिरबाट सीमामा हुने चोरी निकासी वा चोरी पैठारी नियन्त्रणको लागि जिम्मेवार बनाउने, आन्तरिक परिवहनको अनुगमनमा राजस्व अनुसन्धान विभाग र उपभोक्ता तहको विक्रीको अनुगमनमा आन्तरिक राजस्व विभागलाई कानूननः जिम्मेवार बनाउने। | अल्पकालीन | अर्थ मन्त्रालय |
| | | भन्सार नाकाभित्र र बाहिरबाट असुल हुन सक्ने सम्भाव्य राजस्व क्षतिको आकलन गरी नियन्त्रणको नीति निर्माण गर्न विस्तृत अध्ययन गर्न | अल्पकालीन | |
| २८. | कर विवादको स्थायी तथा न्यायिक निरुपण | करदाता र सरकार दुबैको हित संरक्षण गर्न सक्ने असल अन्तर्राष्ट्रिय अभ्यास समेतका आधारमा नेपालमा सबै प्रकारका कर विवादको स्थायी समाधान गर्ने गरी संघीय राजस्व बोर्ड अन्तर्गत स्थायी संरचना तय गर्ने। | अल्पकालीन | अर्थ मन्त्रालय |
| | | करदाताले कर विवाद उठान भएकै वखत कर विवादको समाधान गर्न चाहेमा विवादित कर रकम पूरै र व्याज तथा | अल्पकालीन | अर्थ मन्त्रालय र आन्तरिक राजस्व |

| सि.न. | मुख्य क्रियाकलाप (Prior Action) | गर्नु पर्ने कार्य (Milestone) | समय तालिका | जिम्मेवारी /निकाय |
|---|---|---|---|---|
| | | न्यूनतम शुल्क लिई कर विवादको समाधानको मौका करदातालाई दिने गरी स्थायी कानुनी प्रवन्ध गर्ने। | | विभाग तथा भन्सार विभाग |
| | | संङ्घिय राजस्व वोर्ड गठन नभए सम्म अन्तर विभागमा रहेका कर विवादका न्यायिक निरुपणका विषयमा सुधार गर्न विभाग र मूल्याङ्कन पुनरावलोकन समितिको निर्णय गर्ने समय ९० दिन भित्र गर्न अनिवार्य गर्ने। | अल्पकालीन | अर्थ मन्त्रालय र विभागहरू |
| | | राजस्व न्यायधिकरणलाई कानुनी तथा संस्थागत क्षमता सहित पुनर्संचना गर्न अध्ययन गरी कानुन तर्जुमा र संगठन पुनर्संचनाको प्रस्ताव तयार गर्ने। | अल्पकालीन | अर्थ मन्त्रालय |
| | | राजस्व न्यायधिकरणलाई कानुनी तथा संस्थागत क्षमता सहित पुनर्संचना गर्न अध्ययन गरी कानुन तर्जुमा र संगठन पुनर्संचनाको प्रस्ताव मन्त्रिपरिषद बाट स्वीकृत गर्ने। | अल्पकालीन | अर्थ मन्त्रालय |
| | | राजस्व न्यायधिकरण समवन्धी कानुनको विद्येयक संघीय संसदमा दर्ता गराउने। | अल्पकालीन | अर्थ मन्त्रालय |
| | | राजस्व न्यायधिकरण समवन्धी कानुनको विद्येयक संघीय संसदमा दर्ता गराउने। | अल्पकालीन | संघीय संसद |
| | | सर्वोच्च अदालतमा राजस्व सम्बन्धी विशिष्टकृत ईजलासको व्यवस्थाको लागि अनुरोध गर्ने। | अल्पकालीन | अर्थ मन्त्रालय |
| | | करदाताले माग गरेका कर तथा भन्सारका करका प्रक्रिया करका दर तथा वस्तु वर्गिकरणका विषयका पूर्वादिशहरू एक महिना भित्र जारी गर्नु पर्ने व्यवस्थाको कार्यान्वयन गर्ने। | अल्पकालीन | आन्तरिक राजस्व र भन्सार विभाग |

| सि.न. | मुख्य क्रियाकलाप (Prior Action) | गर्नु पर्ने कार्य (Milestone) | समय तालिका | जिम्मेवारी /निकाय |
|---|---|---|---|---|
| २९. | बजेट प्रणालीमा सुधार गर्ने | (क) बजेट प्रणालीमा सुधार गर्न देहायका कार्यहरू गर्नेः<br>(ख) बजेटको विश्सनियता (Credibility of Budget) मा बृद्धि गर्ने,<br>(ग) शून्यमा आधारित बजेट प्रणाली अवलम्वन गर्ने,<br>(घ) बजेट क्यालेण्डरको पालना (compliance) गर्ने,<br>(ङ) आयोजना/कार्यक्रमको पुनः प्राथमिकीकरण गर्ने,<br>(च) जग्गाको मुआव्जाको व्यवस्थामा पुनरावलोकन गर्ने,<br>(छ) पूर्व तयारी पूरा भएका आयोजनामा मात्र विनियोजन गर्ने,<br>(ज) सरकारी सम्पत्तिको लेखाङ्कन, संरक्षण र उपयोग गर्ने,<br>(झ) भैपरी शीर्षकमा विनियोजन न्यून गर्नेः<br>(ञ) बजेट सीमा हेरफेर हुँदा सम्वन्धित निकायलाई नै परिमार्जित गर्न दिने,<br>(ट) बजेट प्रणालीमा पनि निरन्तर अध्ययन र सुधार | अल्पकालीन देखि निरन्तर। | अर्थ मन्त्रालय |
| ३०. | खर्च प्रणालीमा सुधार गर्ने | सार्वजनिक खर्च प्रणालीमा सुधार गर्न चालु खर्चलाई नियन्त्रण गर्दै यसको सिमा कुल खर्चमा अधिकतम ६० प्रतिशतमा, पुँजीगत खर्च २५ प्रतिशतमा र वित्तीय व्यवस्था खर्च १५ प्रतिशतमा राख्ने। | अल्पकालीन देखि निरन्तर। | अर्थ मन्त्रालय |
| ३१. | अन्तर सरकारी वित्त व्यवस्थापनको समन्वय र सहजीकरण तथा वित्तीय प्रभावकारीताको अभिवृद्धि गर्ने | अन्तरतह समन्वयकारी संस्थाहरूलाई क्रियाशील बनाई नीतिगत सामञ्जस्यता कायम गर्ने। | निरन्तर | प्रधानमन्त्रि तथा मन्त्रिपरिषदको कार्यालय |

| सि.न. | मुख्य क्रियाकलाप (Prior Action) | गर्नु पर्ने कार्य (Milestone) | समय तालिका | जिम्मेवारी /निकाय |
|---|---|---|---|---|
| | | प्रदेश तथा स्थानीय तहहरूको खर्च आवश्यकता र राजस्वको सम्भावना पहिचान गर्ने। | अल्पकालीन | राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग |
| | | स्थानीय तहहरूको प्रति एकाई लागत समेत विश्लेषण गरी स्रोत परिचालन तथा विनियोजन गरिनु पर्ने। | | राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग र अर्थ मन्त्रालय |
| | | प्रदेश (निजामती) सेवा तथा प्रदेशगत स्थानीय (निजामती) सेवाको गठन गर्न संघीय निजामती सेवा ऐनको तर्जुमा तत्कालै गर्ने। | अल्पकालीन | सङ्घिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय |
| | | रोयल्टीका दरहरूको निर्धारण गर्ने कानुनहरूमा पुनःलेखन तथा परिमार्जन गर्ने। | अल्पकालीन | अर्थ मन्त्रालय |
| | | विशेष अनुदान र समपूरक अनुदान वितरणको कार्य हाल राष्ट्रिय योजना आयोगबाट सम्पादन हुँदै आएकोमा सो कार्य अर्थ मन्त्रालयले गर्ने। | अल्पकालीन | अर्थ मन्त्रालय |
| | | प्रदेश र स्थानीय तहका कार्यक्रम, आयोजना हस्तान्तरण गर्ने। | अल्पकालीन | राष्ट्रिय योजना आयोग |
| | | नेपालको राजश्व र खर्चको एकीकृत प्रतिवेदन प्रणाली व्यवस्थित गर्ने। | अल्पकालीनबाट निरन्तर। | महालेखा नियन्त्रक कार्यालय |
| ३२. | विद्युतीय अर्थतन्त्रलाई प्रोत्साहित गर्ने। | विद्युतीय अर्थतन्त्र प्रोत्साहित गर्न भौतिक पूर्वाधार विकास, न्यून करोपण, सुचना प्रविधिसँग सम्बन्धित सामग्रीहरूको पैठारीमा भन्सार महशुल सहुलियत,<br>विद्युतीय रुपमा भुक्तानी गर्ने ग्राहक/करदातालाई छुट | अल्पकालीन देखि निरन्तर। | अर्थ मन्त्रालय |

| सि.न. | मुख्य क्रियाकलाप (Prior Action) | गर्नु पर्ने कार्य (Milestone) | समय तालिका | जिम्मेवारी /निकाय |
|---|---|---|---|---|
| | | तथा सहुलियत दिने लगायत सुझाव खण्डमा दिइएका सुधारहरू कार्यान्वयन गर्ने। | | |
| ३३. | हरित करको सम्भावना विश्लेषण गरी कार्यान्वयन गर्ने। | कार्वन उत्सर्गन गर्ने उत्पादनमा विद्यमान विभिन्न करहरूलाई समुहकृत गरी हरित कर लगाउने अध्ययन गर्ने। | अल्पकालीन | अर्थ मन्त्रालय |
| | | कार्वन उत्सर्गन गर्ने उत्पादनमा विद्यमान विभिन्न करहरूलाई समुहकृत गरी हरित कर लगाउने | मध्यकालिन | अर्थ मन्त्रालय |
| ३४. | सामाजिक सुरक्षा व्यवस्थालाई दिगो बनाउने | सामाजिक सुरक्षा व्यवस्थालाई दिगो बनाउन सक्षम परिवारको लागि योगदानमा आधारित सामाजिक सुरक्षा व्यवस्था र असक्षमको लागि नगद हस्तान्तरण जस्तो सामाजिक सहायता कार्यक्रम लागु गर्दै जाने। | अल्पकालीन देखि निरन्तर। | अर्थ मन्त्रालय |